प्रदेश सरकार

प्रदेश नं.१

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सहयोग कार्यक्रम

बिराटनगर, मोरङ्ग

प्रदेश १ सरकारको सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी सुचकहरुको स्थीतिसम्बन्धी अध्ययन प्रतिवेदन

अन्तिम मस्यौदा

अध्ययनकर्ता तथा प्रतिवेदक :

सुरेश प्रधान

वरिष्ठ सार्वजनिक वित्तीय व्यवस्थापन विज्ञ

प्रदेश सहयोग कार्यक्रम

२०७९।८।१

प्राक्कथन

वित्तीय संघीयताको सन्दर्भमा प्रदेश सरकारको भूमिका महत्वपूर्ण रहेको छ। नेपालको संविधानले लक्षित गरे अनुसार प्रदेश सरकारको कार्यक्षेत्र भित्रको कार्यहरु सम्पादन गर्नको लागि सार्वजनिक वित्तीय व्यवस्थापनका अवयवहरुको कुशल र प्रभावकारी व्यवस्थापन एवं परिचालन गर्नु आवश्यक छ। वित्तीय व्यवस्थापनका मुख्यतः ६ वटा चक्रहरुको सफल कार्यान्वयन बिना प्रदेश सरकारको नीति योजना कार्यक्रम आयोजना तथा बजेटको लक्ष्य पूरा गर्न कठिन हुन्छ। यस अर्थमा प्रदेश सरकारको वित्तीय व्यवस्थापन खुला, क्रमबद्ध तथा अनुशासित हुनु आवश्यक छ। *सरकारको तोकिएको कार्य तथा कार्यक्रमहरु संचालन गर्न राजस्व, ऋण तथा खर्चको समष्टी रुपमा दिगो व्यवस्थापन गर्न श्रोतहरुको कुशल र सन्तुलन हुने गरी कार्यहरु सम्पादन गर्नु पर्दछ।* सेवाको प्रवाहमा हुने खर्च रकमको अत्युत्तम उपलब्धी र मुल्य हासिल (Value for Money) गर्ने कार्यमा पनि उत्तीकै ध्यान दिनु पर्दछ। सरकारले विषयगत निकायहरु जस्तै शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, कृषि, वन आदिको क्षेत्रगत कानून तर्जुमा र कार्यक्रम बजेट तथा आयोजना कार्यान्वयन गर्नुपर्दछ। तर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली र सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधानहरु पालना नभै लक्षीत उद्देश्य हासिल हुन कठीन हुन्छ। प्रस्तुत कानूनको कार्यान्वयनको साथै सर्वसाधारणलाई वित्तीय सुचनामा पहुँच गर्ने तथा सहभागी गराई वस्तुगत रुपमा कानूनको कार्यान्वयनको लागि परीक्षणको माध्यमबाट प्रजातान्त्रिक जाँच र सन्तुलनको माध्यमबाट जनता प्रति सरकारको जवाफदेहिताको हिसावले महत्वपूर्ण रहेको छ।

यस सम्बन्धमा प्रदेश १ नं. सरकारले पनि आफ्नो कार्यक्षेत्र भित्रको नीति, आवधिक योजना, योजना, आयोजना वा कार्यक्रम, मध्यकालिन खर्च संरचना, बजेट तथा कार्यक्रम तर्जुमा तथा सो कार्यान्वयनको लागि वित्तीय व्यवस्थापनका प्रत्येक चक्रहरुको सुचकहरु विकास गरी परीक्षण गर्नु आवश्यक छ। प्रदेशको विगत चार आर्थिक वर्षहरुको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरुमा प्रदेश १ सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन क्षमता कमजोर रहेको निष्कर्ष निकालेको छ। जसमा मुख्यतः पूँजीगत बजेटको खर्च क्षमता अपर्याप्त रहेको, खरिद व्यवस्थापनमा समस्या रहेको, बजेट तथा योजनाको कमी, कर्मचारीहरुको आपूर्ति र क्षमताको समस्या रहेको तथा कमजोर कर प्रशासन प्रणालीले गर्दा राजस्वको स्तर कम रहेको र आयोजना बैंकको विकाससंगै बजेट र योजनाको आवद्धता गर्ने सीमित अनुभवको कारणले प्रदेश स्तरमा वित्तिय व्यवस्थापनका क्षेत्रमा विभिन्न कठिनाईहरु औल्याएको छ। त्यसैले सरकारले सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा सुधारात्मक उपायहरु अपनाउन आवश्यक छ। यसको लागि सरकारले वित्तीय व्यवस्थापनको अवस्था एकीन गर्न आवश्यक रहेको छ, जस्को लागि सुचकहरु र सो को मापदण्ड अनुसार मापन गरी सुचकहरुको स्थिति र प्रगतिको अवस्था प्रतिवेदन गर्ने प्रावधान रहनु पर्दछ। यसको साथै सुचकहरुको कार्यसम्पादनस्तर विकास तथा व्याख्याको प्रमाणमा आधारीत (Evidence Based) बनाउन यस्तो आधारभूत तहको तथ्याँक संकलन आवश्यक रहेको छ। यसले भविष्यमा सुचकहरुको आधारमा वार्षिक मुल्याँकनको कार्य प्रदेश सरकार स्वयंले गर्ने प्रणाली स्थापना गर्नु आवश्यक छ।

प्रस्तुत कुरालाई मनन गरी प्रदेश १ को मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालयले यस परिक्षण कार्यको अवधारणा तयार गर्न वित्तीय सुचकहरुको अध्ययन प्रतिवेदन तयार गर्नको लागि प्रस्तुत अध्ययन गरिएको छ। अध्ययनको आधार प्रदेश १ को वित्तीय सुचकहरु भएपनि यसको तुलना राष्टिय तथा अन्तरराष्टिय स्तरमा समेत मापन र परीक्षण गर्न सकिनुको साथै एकरुपताको लागि समेत सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (Public Expenditure and Financial Accountability-PEFA) सचिवालय वाशिगटनले तयार गरेको पेफा २०१६ को मार्गदर्शनको सारभूत सुचकहरुलाई मार्गदर्शन मानेर प्रस्तुत अध्ययन गरिएको छ। भविष्यमा नेपालको पेफा सचिवालयले प्रदेश स्तरीय पेफाको परीक्षण गरेको अवस्थामा यस अध्ययनले आधारभूत संरचना तयार गर्ने र सुचकहरुको विकासमा वस्तुगत आधारहरु तयार गर्न सक्षम हुने अपेक्षा गरिएको छ। पेफा सचिवालयले २०१६ मा तयार गरिएको पेफाको वित्तीय व्यवस्थापनसम्बन्धी जम्मा ३१ वटा सुचकहरुको आधारीत भै यस अध्ययन कार्य सम्पन्न गरिएको

छ । यसको अतिरिक्त भविष्यमा प्रदेश १ सरकारले आफैले सरकारको वित्तीय जवाफदेहिताको स्थिति अध्ययन गर्ने र सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा सुधार गर्ने उद्देश्य राखेको अवस्थामा पनि यस अध्ययनको सुचकको अवस्था र परीक्षण गर्ने वस्तुगत क्रियाकलापहरुको प्रामाणिक पक्षहरुले आधारभूत नक्शाँकन उपलब्ध गराउने अपेक्षा रहेको छ ।

यस अध्ययनलाई सफल तुल्याउनको लागि विभिन्न संस्थागत तथा व्यक्तिगत रुपमा पदाधिकारीहरुको महत्वपूर्ण योगदान रहेको छ । सर्वप्रथम, प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख श्री दामोदर खत्रीले प्रदेशको लागि सार्वजनिक वित्तीय व्यवस्थापनका सुचकहरुको स्थिति पत्ता लगाउने र सो आधारमा भविष्यमा सुधारका कार्यहरु तय गर्नको लागि अवधारणा विकास गर्ने मुख्य भूमिका निर्वाह गर्नुका साथै अध्ययनको क्रममा प्रारम्भिक प्रतिवेदन उपर टिप्पणीको साथै प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रकाशित गरेको वित्तीय व्यवस्थापनसम्बन्धी सामाग्रीहरु उपलब्ध गराउन केन्द्रीय भूमिका निर्वाह गर्नु भएकोले प्रस्तुत अध्ययनको मुल धन्यवादको पात्र हुनुहुन्छ । यसको साथै आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री शिव कार्की तथा तत्कालीन सचिव श्री सुमन दाहाल पनि यस सुचकको विषयमा महत्वपूर्ण सुझाव तथा आवश्यक सामाग्री उपलब्ध गराउनु सहयोग गर्नु भएकोमा हार्दिक आधार प्रकट गर्न चाहन्छु । मुख्यमन्त्री तथा मन्त्रीपरिषदका कार्यालयका तत्कालीन प्रमुख सचिव श्री विनोद सिंह, प्रदेश योजना आयोगका माननीय सदस्य श्री ज्ञानेन्द्र बहादुर कार्की र माननीय सदस्य श्री अञ्जु खडकालाई पनि अध्ययनसँग सम्बन्धीत विषयमा राय सुझाव र सामाग्रीहरु उपलब्ध गराई दिनु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । यसैगरी प्रदेश सभा सचिवालय श्री गोपाल पराजुलीलाई पनि प्रदेश सभाको प्रकाशित समितिहरुको प्रतिवेदन लगायत महत्वपूर्ण जानकारी उपलब्ध गराई दिनु भएकोमा हार्दिक आभार प्रकट गर्न चाहन्छु । यसको साथै प्रदेश सहयोग कार्यक्रमका टीम लिडर श्री बिनोद उपाध्याय र खरिद विशेषज्ञ श्री मंकेश्वर सिंह पनि यस अध्ययनको लागि सामाग्री उपलब्ध गराउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको र मस्यौदा उपर टिप्पणी तथा सुझावहरु समेत उपलब्ध गराई अध्ययन कार्य सफलतापूर्वक सम्पन्न गराउन अहम भूमिका निर्वाह गर्नु भएकोमा दुवै जनालाई हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययनको लागि अंकतालिका तथा सुचकहरुको विवरण तयार गर्ने कार्यमा सहयोग गर्ने सुयोग प्रधानलाई पनि धन्यवाद व्यक्त गर्न चाहन्छु । यसको साथै प्रदेश सहयोग कार्यक्रम मार्फत यस कार्यको लागि श्रोत उपलब्ध गराउने प्राईसवाटर कुपर संस्थाको साथै स्वीस सहयोग संस्थालाई पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस अध्ययन कार्यमा छलफल कार्यक्रमको साथै वित्तीय व्यवस्थापनका सुचकहरुको विकास र परीक्षण कार्यको लागि सामाग्रीहरु उपलब्ध गराई दिनुहुने आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, तथा योजना र नीति आयोग लगायत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका पदाधिकारीहरुलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत अध्ययन मुलतः पेफाका सुचकहरुको मुल भावनामा आधारीत भै सम्बन्धीत सुचकहरुको लागि प्रदेश १ सरकारका सम्बन्धीत निकायहरुको कार्यप्रणाली, सुचना प्रणाली, प्रतिवेदन प्रणाली, प्रकाशित तथ्याँक एवं विवरणहरुको आधारमा तयार गरिएकोले यो प्रमाणमा आधारीत अध्ययन हो । स्तरीय कार्य सम्पादनको अवस्थामा पुग्न गर्नुपर्ने कार्यको नक्शाँकन गर्न र हालको अवस्था विश्लेषणको साथै भविष्यमा सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धमा सुधार गर्नको लागि समेत प्रस्तुत अध्ययन प्रतिवेदनले सहयोग पुग्ने अपेक्षा गरिएको छ । भविष्यमा प्रदेश १ सरकारको वित्तीय जवाफदेहिता मापन आफै गर्न सक्ने आधार पनि यस अध्ययनले उपलब्ध गराउन मार्गदर्शन गर्न सहयोग पुग्ने अपेक्षा गरेको छु । यस अध्ययनका सुचकहरुको उच्च स्तरको अंक र मापदण्ड हासिल गर्ने प्रयास सम्बद्ध निकायहरुले गरेमा पेफा सचिवालयले भविष्यमा गर्ने पेफा अध्ययनको लागि समेत यस अध्ययनले महत्वपूर्ण आधार सिर्जना गर्ने विश्वास लिएको छु ।

सुरेश प्रधान
वरिष्ठ सार्वजनिक वित्तीय व्यवस्थापन विज्ञ
प्रदेश सहयोग कार्यक्रम, बिराटनगर

विषय सुची

सि.नं.	विषयवस्तु	पेज नं.
१	**प्राक्कथन**	२
२	**परिच्छेद १: परिचय**	८
३	**परिच्छेद २: अध्ययनको पृष्ठभूमि**	१०
४	**परिच्छेद ३: प्रदेश नं. १ को संक्षिप्त पृष्ठभूमि**	१२
५	**परिच्छेद ४: सार्वजनिक वित्तीय व्यवस्थापनका कार्यसम्पादन सुचकहरुः विश्लेषण र परीक्षण**	१५
६	**परिच्छेद ४.१ : बजेटको भरपर्दोपना (Budget Reliability)**	१५
७	सुचक १: समग्र खर्चको अवस्था	१५
८	सुचक २ : खर्चका संरचनाको खर्च स्थिति	१७
९	सुचक ३. आकष्मिक कोष कार्यहरुको आधारमा खर्चको संरचना रकम	२३
१०	**परिच्छेद ४.२.: सार्वजनिक वित्तको पारदर्शिता**	२५
११	**सुचक ४ : बजेटको वर्गिकरणका आधार**	२५
१२	**सुचक ५ : बजेटको औपचारिक कागजात**	२९
१३	**सुचक ६ : प्रदेश सरकारको वित्तीय प्रतिवेदन बाहिरका कार्यहरु**	३३
१४	सुचक ६.१. वित्तीय प्रतिवेदनहरु बाहिरका खर्चहरु	३३
१५	सुचक ६.२. वित्तीय प्रतिवेदनहरु बाहिरका राजस्वहरु	३५
१६	सुचक ६.३. गैरबजेटरी एकाईहरुको वित्तीय प्रतिवेदनहरु	३६
१७	**सुचक ७ : ७.१. पालिकाहरुका रकम हस्तान्तरण प्रणाली**	३८
१८	**सुचक ७.२. हस्तान्तरण सुचनाको समयबद्धता**	४०
१९	**सुचक ८ : सेवा प्रवाह गर्ने निकायको कार्यसम्पादन सुचना**	४३
२०	सुचक ८.१.सेवा प्रवाहको लागि कार्यसम्पादन योजनाहरु	४३
२१	सुचक ८.२.सेवा प्रवाहको लागि कार्यसम्पादन प्राप्त गरेको	४५
२२	सुचक ८.३.सेवा प्रवाह गर्ने एकाईले प्राप्त गरेको साधनहरु	४८
२३	सुचक ८.४.सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकन	५०
२४	**सुचक ९ : वित्त सुचनामा नागरिकको पहुँच**	५२
२५	परिच्छेद ४.३.: सम्पति र दायित्वहरुको व्यवस्थापन	५७
२६	**सुचक १०. वित्तीय जोखिमको प्रतिवेदन**	५७
२७	सुचक १०.१.:सार्वजनिक संस्थानहरुको अनुगमन	५७
२८	सुचक १०.२.:स्थानीय तहहरुको अनुगमन	५९
२९	सुचक १०.३.:आकष्मिक दायित्वहरु र अन्य वित्तीय जोखिमहरु	६१
३०	**सुचक ११.: सार्वजनिक लगानी व्यवस्थापन**	६३
३१	११.१.लगानी प्रस्तावहरुको आर्थिक विश्लेषण	६३
३२	११.२.लगानी आयोजना छनौट गर्ने	६६
३३	११.३.लगानी आयोजना लागत तयार गर्ने	६८
३४	११.४.लगानी आयोजना अनुगमन	७१
३५	**सुचक १२. सार्वजनिक सम्पति व्यवस्थापन**	७३
३६	१२.१. वित्तीय सम्पति अनुगमन	७३
३७	१२.२. गैरवित्तीय सम्पति अनुगम	७६
३८	१२.३. सम्पति विक्रीको पारदर्शिता	७८

३९	सुचक १३. ऋण व्यवस्थापन आदिको सुचकहरुको स्थिति १३.१. ऋण र जमानतको अभिलेख र प्रतिवेदन	८१
४०	१३.२. ऋण र जमानतको स्वीकृती	८३
४१	१३.३. ऋण व्यवस्थापन रणनीति	८५
४२	**परिच्छेद : ४.४. नीतिमा आधारीत वित्तीय रणनीति र बजेट**	८८
४३	**सुचक १४. प्रदेश स्तरीय समष्टि आर्थिक र वित्त प्रक्षेपणको अवस्था**	८८
४४	सुचक १४.१: समष्टिगत आर्थिक प्रक्षेपण	८८
४५	सुचक १४.२: वित्त प्रक्षेपण	९०
४६	सुचक १४.३: समष्टिवित्त संवेदनशील विश्लेषण	९२
४७	**सुचक १५: वित्त रणनीति**	९४
४८	१५.१. नीति प्रस्तावहरुको वित्त प्रभाव मापदण्ड र आधार	९४
४९	१५.२.वित्त नीतिको पालना	९६
५०	१५.३.वित्त उपलब्धीको प्रतिवेदन	९८
५१	**सुचक १६: बजेट खर्चमा मध्यमकालिन खर्चको सन्दर्भ**	९९
५२	१६.१. मध्यमकालिन खर्च अनुमान	९९
५३	१६.२. मध्यमकालिन खर्च सीमा	१०२
५४	१६.३.रणनीतिक योजनाहरु र मध्यमकालिन बजेटको झुकाव	१०४
५५	१६.४. अघिल्लो वर्षको अनुमानसँग बजेटको तादाम्यता	१०७
५६	**सुचक १७: बजेट तयारी प्रकृया**	११०
५७	१७.१. बजेट क्यालेण्डर	११०
५८	१७.२. बजेट तयारी मार्गदर्शन	११२
५९	१७.३. प्रदेश सभामा बजेटको प्रस्तुतीकरण	११४
६०	**सुचक १८: बजेटको संसदीय छानबीन**	११६
६१	१८.१. बजेट छानबीनको क्षेत्र	११६
६२	१८.२. बजेट छानबीनको लागि व्यवस्थापकीय कार्यविधि	११९
६३	१८.३. बजेट स्वीकृतीको समयावधी	१२१
६४	१८.४.कार्यपालिकाले बजेट समायोजनको नियमहरु	१२३
६५	**परिच्छेद ४.५ : बजेटको कार्यान्वयनमा नियन्त्रण र प्रक्षेपण**	१२६
६६	**सुचक १९ : राजस्व प्रशासन**	१२६
६७	१९.१. राजस्व उपायहरुको लागि अधिकार र दायित्वहरु	१२६
६८	१९.२. राजस्व जोखिम व्यवस्थापन	१२८
६९	१९.३. राजस्व लेखापरीक्षण र अनुसन्धान	१३०
७०	१९.४. राजस्व बक्यौता अनुगमन	१३२
७१	**सुचक २० : राजस्वको लेखा**	१३६
७२	२०.१. राजस्व संकलनसम्बन्धी सुचना	१३६
७३	२०.२. राजस्व संकलनको हस्तान्तरण	१३८
७४	२०.३. राजस्व खाताहरुको समायोजन	१४१
७५	**सुचक २१: आर्थिक वर्षमा श्रोत बाँडफाँटको प्रक्षेपण**	१४४
७६	२१.१. नगद मौज्दातको एकत्रिकरण	१४५
७७	२१.२. नगद प्रक्षेपण तथा अनुगमन	१४७
७८	२१.३. प्रतिबद्धता सीमाहरु बारेमा सुचना	१४९
७९	२१.४. आर्थिक वर्षभित्र बजेट समायोजनको महत्व	१५१

८०	**सुचक २२: खर्च बक्यौता**	१५३
८१	२२.१.खर्च वक्यौताको स्टक	१५३
८२	२२.२.खर्च वक्यौताको अनुगमन	१५५
८३	**सुचक २३: पेरोल नियन्त्रण**	१५७
८४	२३.१. कर्मचारी अभिलेख र पेरोलको एकीकृत विवरण	१५७
८५	२३.२. पेरोल परिवर्तनको व्यवस्थापन	१६०
८६	२३.३. पेरोलको आन्तरिक नियन्त्रण	१६४
८७	२३.४. पेरोल लेखापरीक्षण	१६६
८८	**सुचक २४: खरिद व्यवस्थापन**	१६८
८९	२४.१. खरिद अनुगमन	१६९
९०	२४.२. खरिद विधि	१७१
९१	२४.३. खरिद सुचनामा सर्वसाधारणको पहुँच	१७३
९२	२४.४. खरिद गुनासो व्यवस्थापन	१७६
९३	**सुचक २५: आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रण**	१८०
९४	२५.१. आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रण	१८०
९५	२५.२. खर्चको प्रतिबद्धता नियन्त्रणहरुको प्रभावकारिता	१८२
९६	२५.३. भुक्तानी नियम र कार्यविधिको पालना	१८५
९७	**सुचक २६: आन्तरिक लेखापरीक्षण**	१८७
९८	२६.१. आन्तरिक लेखापरीक्षणको समेटेको क्षेत्र	१८७
९९	२६.२. लेखापरीक्षणको प्रकृति र प्रयोग गरिएको मापदण्ड	१९०
१००	२६.३. आन्तरिक लेखापरीक्षणको कार्यान्वयन र प्रतिवेदन	१९२
१०१	२६.४. आन्तरिक लेखापरीक्षणलाई प्रत्युत्तर	१९५
१०२	**परिच्छेद ४.६. लेखाँकन र प्रतिवेदन**	१९८
१०३	**सुचक २७: वित्तीय तथ्याँकको भरपर्दोपना**	१९८
१०४	२७.१. बैक खाता समायोजन	१९८
१०५	२७.२. उज्राती खाताहरु	२००
१०६	२७.३. पेश्की खाता	२०१
१०७	२७.४. वित्तीय तथ्याँक भरपर्दोपना प्रक्रिया	२०३
१०८	**सुचक २८: आवधिक बजेट प्रतिवेदन**	२०५
१०९	२८.१. प्रतिवेदनहरुको कभरेज र तुलनात्मकता	२०५
११०	२८.२. आवधिक बजेट प्रतिवेदन समय	२०७
१११	२८.३. आवधिक बजेट प्रतिवेदनहरुको शुद्धता	२०८
११२	**सुचक २९: वार्षिक वित्तीय प्रतिवेदनहरु**	२११
११३	२९.१.वार्षिक वित्तीय प्रतिवेदनहरुको पूर्णता	२११
११४	२९.२. बाह्य लेखापरीक्षणको लागि प्रतिवेदनहरुको प्रस्तुती	२१३
११५	२९.३. लेखाँकन मापदण्ड	२१५
११६	**परिच्छेद ४.७ : बाह्य छानबिन र लेखापरीक्षण**	२१८
११७	**सुचक ३० : बाह्य लेखापरीक्षण**	२१८
११८	३०.१. लेखापरीक्षणको क्षेत्र (कभरेज) र मापदण्डहरु	२१८
११९	३०.२. लेखापरीक्षण प्रतिवेदनहरु प्रदेश सभामा प्रस्तुती	२२०
१२०	३०.३. बाह्य लेखापरीक्षण अनुगमन	२२२
१२१	३०.४. सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता	२२४

१२२	**सुचक ३१: लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीन**	२२७
१२३	३१.१.लेखापरीक्षण प्रतिवेदन छानबीनको समय	२२७
१२४	३१.२.लेखापरीक्षण निष्कर्षहरु बारे सुनवाई	२३०
१२५	३१.३.संसदले लेखापरीक्षण सम्बन्धमा गर्ने सिफारिशहरु	२३२
१२६	३१.४.लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीनको पारदर्शिता	२३४
१२७	**परिच्छेद ५** सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको विश्लेषणको निष्कर्ष	२३७
१२८	सुचक ८.१.**सार्वजनिक वित्तीय व्यवस्थापन कार्यसम्पादनको एकीकृत परीक्षण**	२३७
१२९	सुचक ८.२.**आन्तरिक नियन्त्रण संरचनाको प्रभावकारिता**	२४२
१३०	सुचक ८.३.**सार्वजनिक वित्तीय व्यवस्थापनको सबल र दुर्वल पक्षहरु**	२४५
१३१	**परिच्छेद ६ प्रदेश १ सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार प्रकृया**	२५१
१३२	सुचक ६.१.**सार्वजनिक वित्तीय व्यवस्थापन सुधार**	२५१
१३३	सुचक ६.२.**हालसालै र निरन्तर भईरहेको सुधारका कार्यहरुः**	२६१
	अनुसुचीहरु	
१३४	अनुसुची १: कार्यसम्पादन सुचकहरुको सुचकगत अंक गणना तालिका	२६२
१३५	अनुसुची २ : सुचकगत अंक निर्धारणको समष्टिगत तालिका	२६८
१३६	अनुसुची ३: सुचनाको श्रोतहरु (सन्दर्भ सामाग्रीहरु)	२७०

***

अन्तिम मसौदा

परिच्छेद १ : परिचय

१. पृष्ठभूमि : नेपालको संविधान २०७२ मा राज्यको तीन तहको सरकारको शक्ति संरचना रहेको छ । प्रस्तुत संरचना अन्तर्गत तीनै तहको सरकारहरुले आफ्नो कार्यक्षेत्र भित्रका कार्यहरुको लागि कानून बनाउने, बजेट तयार गर्ने र आय श्रोतहरुको परिचालन गर्ने अधिकार रहेको छ । त्यस्तै राजस्वका सम्भाव्य श्रोतहरुको पहिचान गर्ने, राजस्व वाडफाँट गर्ने संयन्त्र निर्माण, प्राकृतिक श्रोतको दीगो उपयोग सम्बन्धमा कार्यविधिहरु स्थापना गर्ने र नयाँ राजस्व परिचालन अधिकारको पूर्ण उपयोगको लागि मानवीय तथा संस्थागत संरचनाको क्षमताको पूर्ण उपयोगको लागि पनि प्रदेशहरुले कानून तथा संयन्त्रको निर्माण गरि कार्यान्वयनमा रहेका छन ।

सरकारको कुनै पनि नीति योजना वा कार्यक्रमको कार्यान्वयनको लागि वित्तीय श्रोतले उर्जाको काम गर्दछ। किनभने जुन हदसम्म वित्तीय श्रोतको कुशल , प्रभावकारी र विवेकपूर्ण रुपमा प्रयोग हुन्छ सो अनुसार सरकारको आवधिक योजना, नीति, योजना, आयोजना वा कार्यक्रमको सफल कार्यान्वयनको आधार तयार गर्न सकिन्छ। त्यसैले सार्वजनिक वित्तीय व्यवस्थापनको समग्र आर्थिक विकास र वृद्धिमा आधारभूत भूमिका रहन्छ । अझ भनौ सरकारको सफलताको आधार सिर्जना गर्ने र गन्तव्यमा पुर्‍याउने कार्य पनि यस क्षेत्रको रहेको छ । सरकारले गर्ने खर्चको उचित प्रयोग गरेमा र नागरिक प्रति उत्तरदायी तथा जवाफदेही भै कार्य गरेमा सरकारको सुशासनको प्रत्याभूति दिलाउन पनि सहज र सम्भव हुनजान्छ। त्यसैले प्रत्येक सरकारले सार्वजनिक वित्तीय व्यवस्थापनको कार्य प्रभावकारी बनाउनु आवश्यक छ। नेपालको संविधानले तीन तहको सरकारको संरचना गरेको र तीनै तहको सरकारको लागि प्रस्तुत कार्य अपरिहार्य रहेको छ । सरकारको कामको प्रकृति, प्रकार र स्तर तथा कार्यक्षेत्र फरक परेपनि सार्वजनिक वित्तीय व्यवस्थापनको कार्य भने एकै प्रकृतिको हुने हुनाले केही अभ्यासहरुको स्थानीयकरण गरिए पनि अन्ततोगत्वा तत्व, प्रणाली, विषयवस्तु, कार्य प्रवाह भने एकै स्वरुपमा रहन्छ ।

यसैले प्रदेश सरकारले पनि आफ्नो वित्तीय व्यवस्थापन चुस्त, दुरुस्त र प्रभावकारी बनाउन आवश्यक छ। असल सार्वजनिक वित्तीय व्यवस्थापनको मुख्य उद्देश्य सरकारको नीतिहरुले राखेको उद्देश्यहरु सरकारले मनसाय राखे अनुसार कार्यान्वयन हुने कुराको विश्वस्त तुल्याउनु रहेको छ । त्यसैले वित्तीय व्यवस्थापन खुला र क्रमबद्धको साथै अनुशासित हुनु आवश्यक छ। यस सम्बन्धमा मुख्यतः सरकारले समग्रमा वित्त अनुशासन कायम गर्नुपर्दछ। यसको लागि सरकारले कुल बजेटको प्रभावकारी नियन्त्रण गर्नुपर्दछ र वित्तीय जोखिमहरुको उचित व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा सरकारको तोकिएको कार्य तथा कार्यक्रमहरु संचालन गर्न राजस्व, ऋण तथा खर्चको समष्टी रुपमा दिगो व्यवस्थापन गर्नु आवश्यक पर्दछ। उपलब्ध श्रोतहरुको आधारमा खर्च गर्ने कार्य सन्तुलन हुने गरी सरकारले कार्यहरु व्यवस्थित गर्नु आवश्यक छ।

त्यस्तै नागरिकहरुको असीमित आवश्यकताहरु भएको अवस्थामा सरकारलाई उपलब्ध हुने श्रोतको रणनीतिक रुपमा बाँडफाँट गर्नुपर्दछ। जस्को लागि सरकारको नीतिगत उद्देश्यहरु हासिल हुने गरी प्राथमिकता तोकी आयोजना र बजेटको कार्यान्वयन गर्नु आवश्यक छ । यस सम्बन्धमा कार्यक्रम वा आयोजनाहरुको प्राथमिकताहरुको आधारमा श्रोतहरुको बाँडफाँड सहमति भएका रणनीतिक प्राथमिकताहरुमा रहने कुरामा विश्वस्त तुल्याउनु पर्दछ। यसै उद्देश्य प्राप्तीको लागि तयार गरिने मध्यकालिन खर्च संरचनाले कार्यक्रम वा आयोजनाहरुको प्रथम र दोश्रो स्तरको प्राथमिकता निर्धारण प्रक्रिया सम्बन्धमा उचित दृष्टिकोण पुर्‍याउनु पर्दछ। तर्जुमा गरिएको आयोजना र कार्यक्रमहरुको कार्यान्वयनको लागि संचालन कार्यकुशलता जोड दिई सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउनु आवश्यक छ । यसको लागि सेवाको प्रवाहमा भएको खर्च रकमको अत्युत्तम उपलब्धी र मुल्य हासिल (ख्वगिभ ायच :यलभथ) गर्ने, यसको लागि बजेट खर्चको प्रकृया र खरिद व्यवस्थापनमा समय, लागत र गुणस्तरीयता प्राप्ती गर्न खर्च कार्यविधि र प्रकृया सम्बन्धमा पनि उचित र पर्याप्त ध्यान दिनु पर्दछ।

उल्लिखित कार्यहरुको सम्पादनको सिलसिलामा सरकार उत्तरदायी र जवाफदेही हुनु आवश्यक छ। यसको आधारमा मात्र सुशासनको अनुभूति जनताले गर्न पाउने छन। यसैले सरकारले जवाफदेहिता वहन गर्न र गराउन आफ्नो कार्यक्षेत्र

अन्तर्गतको विषयगत निकायहरुको विषयगत कानून जस्तै शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, कृषि, वन आदिको साथै क्षेत्रगत कानूनलाई प्रकृयामा ल्याई कार्यान्वयन गर्ने गराउने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली र सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधानहरु पालना गरी गराई मनासिब कानूनी प्रकृया पूरा र पालना गराउने विषय महत्वपूर्ण रहन्छ। यस्ता कार्यहरुको सम्बन्धमा सर्वसाधारणलाई सुचनामा पहुँच गर्ने तथा सहभागी गराउने विषयमा ध्यान दिनुपर्दछ। विषयगत र कार्यविधिसम्बन्धी माथि उल्लिखित तथा अन्य कानूनको कार्यान्वयनको लागि परीक्षणको माध्यमबाट प्रजातान्त्रिक जाँच र सन्तुलनको व्यवस्था हुने प्रणाली स्थापना गर्ने कार्य पनि जवाफदेहिताको हिसावले महत्वपूर्ण रहेको छ।

प्रदेश सरकारले पनि आफ्नो कार्यक्षेत्र भित्रको नीति, आवधिक योजना, योजना, आयोजना वा कार्यक्रमको साथै मध्यकालिन खर्च संरचना लागू गरी बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै रहेकोमा वित्तीय व्यवस्थापनको दृष्टिकोणले संचालनको सुचकहरुको आधारहरु विकास गरी स्थिति अध्ययन गर्दा सरकारले आफ्नो मुल्याँकन आफै गर्न सक्ने र सो आधारमा कार्यान्वयनका पक्षहरुमा आवश्यकतानुसार आन्तरिक रुपमा सुधारका कार्यहरु गर्न सघाउ पुग्न जाने हुँदा प्रस्तुत कार्य अति महत्वपूर्ण रहेको छ।

यसै सम्बन्धमा विगत चार आर्थिक वर्षहरुको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरुले प्रदेश १ सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन क्षमता कमजोर रहेको निष्कर्ष निकालेको छ। जसमा मुख्यतः पूँजीगत बजेटको खर्च क्षमता अपर्याप्त रहेको, खरिद व्यवस्थापनमा समस्या रहेको, बजेट तथा योजनाको कमी, कर्मचारीहरुको आपूर्ति र क्षमताको समस्या रहेको तथा कमजोर कर प्रशासन प्रणालीले गर्दा राजस्वको स्तर कम रहेको र आयोजना बैंकको विकाससंगै बजेट र योजनाको आवद्धता गर्ने सीमित अनुभवको कारणले प्रदेश स्तरमा वित्तिय व्यवस्थापनका क्षेत्रमा विभिन्न कठिनाईहरु औल्याएको छ। यसै सन्दर्भमा प्रदेश सहयोग कार्यक्रम प्रदेश १ को गौरवको कार्यक्रमको रुपमा स्वीस विकास सहयोग नियोगले यस प्रदेशको क्षमता विकासको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मातहत सहयोगको कार्यक्रमहरु संचालनमा रहेको छ।

२. प्रमुख उद्देश्यहरु : यस सहयोग कार्यक्रम अन्तर्गत प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको अनुरोधमा प्रदेश १ को सार्वजनिक वित्तीय व्यवस्थापनको स्थिति अध्ययन र सुचकहरु विकास गरी आधारभूत तहको तथ्याँक संकलन गर्ने र सुचकहरुको आधारमा प्रदेश १ को वित्तीय व्यवस्थापनको प्रणाली मुल्याँकन गर्ने कार्य रहेकोले सो आधारमा प्रस्तुत अध्ययन कार्य गरिएको छ। यस अध्ययन *तथा परीक्षण कार्यको **प्रमुख उद्देश्यहरु** निम्न रहेका छन :*

- प्रदेश १ को सार्वजनिक वित्तीय व्यवस्थापनको तत्वहरुको सुचकहरुको स्थिति र प्रगतिको अध्ययन गर्ने,
- वित्तीय व्यवस्थापनसम्बन्धी सुचकहरुको आधारमा पेफासँग आवद्ध गरी सुचकहरुको कार्यसम्पादनस्तर विकास तथा व्याख्या गर्ने
- प्रदेश १ को वित्तीय व्यवस्थापनका सम्बद्ध पक्षहरुको आधारभूत तहको तथ्याँक संकलन गर्ने
- सुचकहरुको आधारमा प्रदेश १ को वित्तीय व्यवस्थापनको प्रणाली मुल्याँकन गर्ने तथा भविष्यको सुधार तथा विकासको कार्यको लागि क्षेत्रहरु पहिचान गरी संबोधन गर्नुपर्ने कुराहरु एकीन गर्ने
- सुचकहरुको आधारमा वार्षिक मुल्याँकनको कार्य प्रदेश सरकारले गर्ने प्रणाली स्थापना हुने

परिच्छेद २: अध्ययनको पृष्ठभूमि

३. अध्ययनको कार्यक्षेत्र : प्रस्तुत परीक्षणको कार्य मुख्यतः प्रदेश १ को मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बद्ध संस्थाहरुको समन्वय र सहभागितामा तयार गरिएको छ। अध्ययन परीक्षणको कार्य प्रारम्भिक प्रकृतिको भएपनि प्रस्तुत कार्यको परीक्षणको आधार सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालय वाशिगटनले तयार गरेको पेफा २०१६ को मार्गदर्शनको आधारमा तयार गरिएको छ । प्रदेश स्तरीय पेफा नभएकोले प्रदेश सरकारको सक्रियतामा सो सुचकहरुको आधारमा प्रदेश १ सरकारको सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी परीक्षणको कार्य गरिएको छ । यस परीक्षण कार्यको नेतृत्व सार्वजनिक वित्तीय व्यवस्थापनको वरिष्ठ विज्ञबाट गरिएको छ । यसको लागि विज्ञबाट तयार गरिएको सार्वजनिक वित्तीय व्यवस्थापनको प्रदेश १ को वित्तीय व्यवस्थापन सुचकहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, तथा प्रदेश योजना आयोग लगायत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा छलफल गरिएको थियो । सो आधारमा अध्ययन कार्य अघि बढाई परीक्षणको विषयवस्तु र सुचकहरु तयार गरिएको छ ।

४.सुचकहरु परीक्षण प्रकृया : परीक्षणको लागि वित्तीय व्यवस्थापनको सुचकहरु विकासको लागि मुख्य विज्ञले महालेखा नियन्त्रक कार्यालयको पेफा सचिवालयका पदाधिकारीहरु सहीत महालेखा नियन्त्रक कार्यालयका पदाधिकारीहरुसंग छलफल र समन्वय गरी प्रदेश १ को सुचकहरु विकास गरिएको र सो आधारमा अध्ययनको प्रारम्भिक प्रतिवेदन (Inception Report) तयार गरी मुख्यतः आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश सहयोग कार्यक्रममा पठाईएको थियो । सो आधारमा **स्थलगत अध्ययन** समेत गरी सो सुचकहरु अनुसार गरिने सुचकहरु लगायत विषयवस्तुको बारेमा छलफल गरिएकोमा उक्त प्रारम्भिक प्रतिवेदनको आधारमा अध्ययन कार्य अघि बढाउने जानकारी अनुसार सुचकहरुको विषयवस्तुहरु पेफाको सुचकहरुसँग तादाम्यता कायम गरी तथ्याँकको संकलन र विश्लेषण गरिएको छ । अध्ययन कार्यको प्रभावकारिताको लागि पेफाले विकास गरेको २०१६ को सुचकहरुलाई नेपाली भाषामा तयार गरी सारभूत रुपमा सो सुचकहरुको तथ्याँक संकलन विश्लेषण तथा निष्कर्ष निकालिएको छ । यस आधारमा गरिएको परीक्षणको कार्यलाई मस्यौदाको रुपमा तयार गरी सम्बद्ध निकायहरुमा पठाईएको र सो निकायहरुबाट प्राप्त सुझावहरु तथा पृष्ठपोषणको आधारमा अन्तिम रुप दिई अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

५. परीक्षणको क्षेत्र : यस प्रतिवेदनले प्रदेश सरकारहरु मध्ये प्रदेश १ सरकार र सो सरकार अन्तर्गत स्वायत्त निकायहरुको विवरण समावेश गरिएको छ । तर प्रदेश अन्तर्गतको सार्वजनिक संस्थानको रुपमा परिभाषित निकायहरु यसमा समावेश गरिएको छैन । यसमा पेफा सचिवालयले २०१६ मा तयार गरिएको पेफाको वित्तीय व्यवस्थापनसम्बन्धी जम्मा ३१ वटा सुचकहरु समावेश गरिएको छ । जुन सुचकहरु पेफाको सुचकहरुमा समावेश गरिएका छन ।

यसमा समावेश सुचकहरुको लागि मुख्यतः सार्वजनिक वित्तिय व्यवस्थापनसंग सम्बन्धीत नीति कानून तथा प्रतिवेदनहरुको अध्ययन गरी वर्तमान वित्तीय व्यवस्थापन प्रणाली र अभ्यासहरुको मुल्याँकन गर्ने (प्रदेश १ को पेफा सुचकहरु सहित) तथा सुचकहरुमा निहीत जोखिम तथा अनुमान गरिएका पक्षहरु पहिचान गरिएको छ । त्यस्तै प्रत्येक सुचकहरुको लागि पेफाको मुल्याँकन आधार बमोजिम आधाररेखा निश्चित गर्ने र वित्तीय व्यवस्थापनको सुधारको वेन्चमार्किग गरी न्यायसंगत बनाउनुका साथै प्रदेश १ को लागि वित्तीय व्यवस्थापन सुधार र कार्यान्वयनको लागि कार्ययोजना (एक्शन प्लान) सहीत प्रतिवेदन गर्ने कार्यक्षेत्र अनुरुप प्रतिवेदन तयार गरिएको छ । अन्तीम प्रतिवेदन पछि प्रदेश १ को सरकारले वित्तीय कार्यक्षेत्र सुचकहरु अनुसार सुधारका क्षेत्रहरु सम्बन्धीत सुचकहरुमा समावेश गरिएका छन, जुन भविष्यमा सुधारका विषयहरु हुनसक्ने छन ।

६. परीक्षण व्यवस्थापन र गुणस्तरको आश्वस्तता : प्रदेश स्तरमा पेफासम्बन्धी सुचकहरु विकास नभएको भएता पनि प्रदेश स्तरको लागि उपयुक्त हुने गरी पेफाको सुचकहरुको आधारमा विश्वस्तरीय वित्तीय व्यवस्थापनको

तत्वहरुको आधारमा तयार गरिएकोले यस परीक्षणले सो कुरा बिम्बित गर्ने राष्ट्रिय र विश्वस्तरीय सुचकाँक आधारहरुसँग तुलना गर्न सकिने गरि प्रतिवेदनको परीक्षण सुचकाँक विश्वसनीय रुपमा तयार गरिएको छ । प्रदेश १ का सरोकारवाला निकायहरुबाट संकलित तथ्याँक र विवरणहरु अनुसार मस्यौदा प्रतिवेदन तयार गरी उल्लिखित निकायहरुवाट प्राप्त सुझाव सल्लाह र पृष्ठपोषणको आधारमा अन्तिम रुप दिएकोले प्रतिवेदनमा समावेश कुराहरु यथार्थ र गुणस्तरीय रहेको छ ।

गुणस्तरको परीक्षण व्यवस्थापन निम्नानुसार गरिएको हुँदा प्रस्तुत परीक्षणको गुणस्तर वस्तुगत आधारमा तयार गरिएको स्पष्ट गर्न सकिन्छ :

● **कार्यसम्पादन सुचकहरुको परीक्षणको मार्गदर्शन :** सुचकहरु सर्वमान्य बनाउन यस कार्यको लागि अन्तरराष्ट्रिय र राष्ट्रिय रुपमा संघीय सरकारले प्रयोग गरि सम्पन्न गरेको सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) मापन गर्ने सुचकहरुलाई आधार मानी प्रदेश १ को सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रको प्रदेश अनुकुल हुने गरी सुचकहरुको विकास गरिएको छ । यसले गर्दा भविष्यमा प्रदेश स्तरमा पनि पेफाको मुल्याँकन गरिएमा प्रस्तुत सुचकहरुले एक आधारभूत तथ्याँक र व्याख्याको आधारको काम गर्दछ । हालको प्रतिवेदनको कार्य पनि राष्ट्रिय र अन्तरराष्ट्रिय आधारमा मापनयोग्य तथा तुलनायोग्य हुनेछ ।

● **सुचक अंकहरुको वर्गिकरण** : प्रदेश १ को वित्तीय व्यवस्थापनको सुचकहरुको विकास र स्तर निर्धारणको लागि पेफाको वर्गिकरण अनुशरण गरी चार स्तरमा वर्गिकरण गरिएको छ । यसको व्याख्या सम्बन्धीत सुचकहरुमा गरिएको छ । सुचकहरुको लागि "**क", "ख", "ग" र "घ"** मा वर्गिकरण गरिएको छ । जस्मा प्रत्येक वर्गको अंकको लागि सम्बन्धीत सुचकहरुमा नै मुल्याँकन गर्ने आधार (Criteria) उल्लेख गरिएको छ । आधार पूरा गरेमा सो स्तरको अंक प्रदान गरिएको छ । सामान्यतः "**क"** स्तरको अंकले सो कार्यसम्पादन आधारको सर्वोकृष्ट स्तर जनाउँछ । त्यस्तै अन्य स्तरको आधारमा स्तर निर्धारण गरी अंक प्रदान गरिएको छ । सामान्यतः **"ग"** अंकलाई सो आधारको लागि आधारभूत स्तरको कार्यसम्पादन मानिएको छ । सो स्तरको अंक प्राप्त गर्न नसक्नेलाई **"घ"** स्तरको अंक प्रदान गरिएको र यसको मुख्य कारण सो सुचकको आधार निर्धारणको लागि *पर्याप्त कागजात र प्रमाण नभएको वा पुष्टी गर्न सक्ने पर्याप्त कारणहरु पेश नभएको* अवस्था उल्लेख भएको छ । बहुसुचकहरुको सरदर लिंदा पेफाको सुचक अंक निर्धारण तालिका अनुसार मिलान गर्दा सरदर अंकको आधारमा चारवटा अंक निर्धारणको स्तर अनुसार समेत थप गरिन्छ । यसरी निर्धारण गर्दा दुई तीन वा चार पाटाहरुको आधारमा अंक तालिका अनुसार ***ख*+, *ग*+, *घ*+** समेत निर्धारण गर्नुपर्ने हुन्छ । त्यस्तै **सुचकहरु प्रयोग हुन नसक्ने वा प्रयोग नभएको** अवस्थामा सोही व्यहोरा जनाई सुचकहरुको अंक प्रदान न्यूनतम गरिएको छ ।

● **समय सीमा (Time horizon) :** प्रस्तुत अध्ययन परीक्षणको लागि तथ्याँक वा विवरणको प्रयोग प्रत्येक सुचकहरुमा नै उल्लेख गरिएको छ । सो अनुसारको प्रमाण कागजात वा परिस्थितिहरुको आँकलन तथा विश्लेषण गरी सुचकहरुको मुल्याँकन गरिएको र पेफामा उल्लिखित समय सीमा नै यस सम्बन्धमा प्रयोग गरिएको छ । तथ्याँक वा उपलब्ध विवरण उल्लेख भएनुसार प्राप्त हुन नसकेमा वा स्पष्ट नभएको अवस्थामा नजिकमा सघनता कायम हुने अंक स्तर निर्धारण गरिएको छ ।

● **सुचकहरुको समष्टिगत अंक (Aggregation) :** कार्यसम्पादनको लागि विकसित सुचकहरुको समष्टिगत अंक निर्धारण गर्दा पेफामा प्रयोग गरिएको **M1 र** M2 को विधि प्रयोग गरिएको छ । त्यसैले प्रस्तुत कार्यसम्पादन सुचकहरुको मुल्याँकन गर्दा पेफाको समष्टिगत अंक निर्धारण गर्ने तालिकाको आधारलाई सन्दर्भ लिई समष्टिगत अंक निर्धारण गरिएको छ ।

***

परिच्छेद ३: प्रदेश नं. १ को संक्षिप्त पृष्ठभूमि

३.१.प्रदेशको आर्थिक अवस्था :

प्रदेशको आर्थिक र सामाजिक गतिविधिहरु विगत ३ वर्ष देखि कोभिड १९ को कारणले प्रभावित हुन पुगे पनि हालका वर्षहरुमा त्यसको प्रभाव न्यून हुन गै सुधार हुन थालेको देखिन्छ। त्यसैले आर्थिक वर्ष २०७८।७९ देखि प्रदेश १ को आर्थिक वृद्धिदर गत वर्षको तुलनामा बढने अनुमान गरिएको छ। सो आर्थिक वर्षको प्रचलित मुल्यको कुल ग्राहस्थ उत्पादन (उपभोक्ताको मुल्यमा) करीब ४९ खर्ब मध्ये प्रदेश १ को अंश १५.७ प्रतिशत रहने अनुमान गरिएको छ। गत आर्थिक वर्षमा यो अंश १५.८ प्रतिशत रहेको देखिन्छ। नेपालको कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं.१ को कृषि उत्पादनको अँश सबैभन्दा बढी अर्थात २१.८ रहेको छ। प्रदेश नं. १ को कुल मुल्य अभिवृद्धिमा सेवा क्षेत्रको योगदान बढदै गएको छ भने कृषि क्षेत्रको योगदान क्रमशः घटदै गएको देखिन्छ।

चालु आर्थिक वर्षमा कोविड १९ महामारीको प्रभाव क्रमशः घटदै गई प्रायः सबै आर्थिक गतिविधिहरु कोभिड १९ कै पूर्वकै अवस्थामा संचालन भएको हुँदा यस प्रदेशको आर्थिक वृद्धि दर गत आर्थिक वर्षको ४.३४ प्रतिशतबाट बढेर चालु आर्थिक वर्षमा ५.४१ प्रतिशत पुग्ने अनुमान गरिएको देखिन्छ। चालु आर्थिक वर्ष सहित पछिल्लो ४ वर्षमा यस प्रदेशको औषत वार्षिक आर्थिक वृद्धि दर ४.२ प्रतिशत रहेको छ।

प्रदेश नं. १ को प्रतिव्यक्ति कुल ग्राहस्थ्य उत्पादन चालु आर्थिक वर्षमा १२६७ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ। गत आर्थिक वर्षमा यस्तो आय ११४९ अमेरिकी डलर रहेको थियो। पछिल्लो ४ आर्थिक वर्षमा यस प्रदेशको प्रतिव्यक्ति कुल ग्राहस्थ्य उत्पादन राष्ट्रिय औसत भन्दा कम रहेको देखिन्छ।

अन्तिम मसौदा

३.२.वित्त र बजेटको प्रवृत्ति : प्रदेश १ मा प्रादेशिक सरकार स्थापना भए देखि नै वित्त व्यवस्थापनको क्षेत्रमा कानूनी नीतिगत प्रक्रियागत र संस्थागत सुधार हुँदै आएको देखिन्छ। नेपाल सरकारको पन्ध्रौं आवधिक योजनासँग तादाम्यता राख्दै प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७ - २०८०।८१) तर्जुमा भएको छ। वित्तीय संघीयताको संरचना तयार भै संघबाट प्रदेशमा हुने वित्तीय हस्तान्तरण र प्रदेशबाट स्थानीय तहमा हुने समानीकरण, सशर्त, विशेष तथा समपुरक अनुदानहरु हस्तान्तरण हुने प्रणाली स्थापना भएको छ।

प्रदेशको कुल ग्राहस्थ उत्पादनको तुलनामा पछिल्लो तीन आर्थिक वर्षको औसत कुल खर्च ४.१७ प्रतिशत रहेको छ। संघबाट प्राप्त हुने अनुदान घटदोक्रममा रहेको छ तर कर तथा गैरकर राजस्वको अनुपात बढदै गएको देखिन्छ। प्रदेश सरकारको पहिलो दुई वर्ष राजस्व र चालु खर्च बीचको सम्बन्ध नकारात्मक रहेकोमा आर्थिक वर्ष २०७७७८ मा प्रदेश सरकारको चालु खर्च राजस्वले धानेको देखिन्छ। प्रादेशिक कुल ग्राहस्थ्य उत्पादनका अनुपातमा पुँजीगत खर्चको अंश सन्तोषजनक रहेको देखिएको छ। प्रदेशको राजस्वमा पनि क्रमिक रुपमा सुधार हुँदै आएको देखिन्छ। आर्थिक वर्ष २०७५।७६ मा कुल ग्राहस्थ्य उत्पादनको तुलनामा राजस्व प्राप्तीको अनुपात १.५६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७।७८ मा १.९५ प्रतिशत पुगेको देखिन्छ।

प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको वित्तीय तथ्याँक अनुसार प्रदेश खर्चको कुल संरचनामा आर्थिक वर्ष २०७४।७५, २०७५।७६,२०७६।७७,२०७७।७८ र २०७८।७९ मा **चालु खर्च (स्थानीय तहमा हुने हस्तान्तरण समेत) र पूँजीगत खर्च**को अनुपात क्रमशः *६७:३३, ४६:५४, ४०:६०, ४३:५७ र ५८:४२* रहेको छ। यसरी विगत ५ वर्षमा पूँजीगत खर्च सरदर ४९.२ प्रतिशत भएको देखिन्छ। खर्चको अनुपातको

हिसाबले पूँजीगत खर्चको आयतन सरदरमा ठीकै भएको देखिएको छ । त्यस्तै आर्थिक वर्ष २०७५।७६, २०७६।७७ र २०७७।७८ मा कुल खर्चको तुलनामा पूँजीगत खर्चको अनुपात अध्ययन गर्दा समग्र सात प्रदेशको सरदर भन्दा कम नै भएको देखिएकोले प्रदेश १ ले सो खर्च बढाउन उचित कदम चाल्नुपर्ने देखिन्छ ।

३.३.सार्वजनिक वित्तीय व्यवस्थापनको कानून र कानूनी व्यवस्थाहरु : प्रदेश १ सरकारले सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी कानूनको प्रावधान गर्ने कार्यमा तीब्रता दिएको देखिन्छ । प्रदेश सरकारले संघीय सरकारको आर्थिक कार्यविधिसँग तादाम्यता हुने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ तर्जुमा गरी लागू गरी सकेको अवस्था रहेको छ । सो ऐनको कार्यान्वयनको लागि नियमावली बनाउने कार्य भैरहेको बुझिएको छ । त्यस्तै सो ऐन अनुसार योजना र बजेट बीचको तादाम्यताको लागि तयार गरिने मध्यमकालीन खर्च संरचनाको प्रावधान लागू गरिसकिएको देखिन्छ । यसको साथै आयोजना बैंकको अवधारणा व्यवहारमा उतार्ने प्रयास भैरहेको छ । यसै सन्दर्भमा प्रदेश स्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६ लागू गरी आयोजना छनौट प्रणाली प्रभावकारी गर्ने प्रयास पनि भएको देखिन्छ ।

प्रदेशको वित्तीय व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन विद्युतीय प्रणालीहरु विकास र स्थापित गर्ने प्रयास पनि भईरहेको देखिन्छ । बजेट प्रणालीलाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली (PLMBIS) लागू गरी बजेट तयार गर्ने र व्यवस्थापन गर्ने कार्य सहज हुन पुगेको छ । निकासा र खर्चको कार्य व्यवस्थिति गर्न एकल खाता कोष तथा खर्च नियन्त्रण प्रणाली (Treasury Single Account) लागू गरिएको छ भने लेखाँकन प्रणाली व्यवस्थित गर्न कम्प्युटरमा आधारीत सरकारी लेखा प्रणाली (C-GAS) र विद्युतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer) समेत लागू गरी भुक्तानीको कार्य प्रभावकारी बनाउने प्रयास भैरहेको देखिन्छ । वित्तीय व्यवस्थापन क्षेत्रमा लागू रहेका उल्लिखित विद्युतीय सफ्टवेयरहरु स्वचालित अन्तरआबद्धता कायम गर्ने प्रयास पनि भैरहेको देखिन्छ । यसरी सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा कानूनी र व्यवस्थापकीय कार्यहरु भैरहेको छ ।

३.४.सार्वजनिक वित्तीय व्यवस्थापनको संस्थागत प्रावधानहरु : प्रदेश १ सरकारको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको लागि विभिन्न संस्थागत व्यवस्था गरिएको देखिन्छ । योजनाको लागि आवधिक योजना तयारीको लागि प्रदेश योजना आयोग, मध्यमकालीन खर्च संरचना तयार गर्नको लागि समेत सो प्रदेश योजना आयोगले काम गरिरहेको छ । प्रदेश सरकारले प्रदेशको कोष संचालनको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको स्थापना भएको छ । त्यस्तै प्रदेश लेखा नियन्त्रक कार्यालय मातहत हरेक जिल्लाहरुमा प्रदेश स्तरीय लेखा नियन्त्रण प्रणाली स्थापना गरिसकेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयलाई बेरुजु रकम असूल गर्ने लक्ष्यको लागि केन्द्रीय तहसिल कार्यालयको अधिकारक्षेत्र समेत सुम्पिएको प्रदेश नं.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ मा उल्लेख गरिएको छ । यस ऐनले बजेट तर्जुमा, विनियोजन व्यवस्था गर्न विभिन्न कानूनी प्रावधान राखिएको देखिन्छ । आयोजना बैंक, मध्यमकालीन खर्च संरचना, खर्चको मापदण्ड, प्रगति प्रतिवेदन, प्राथमिकता आदि कार्यहरु पनि गर्नुपर्ने प्रावधान गरेको छ ।

३.५.सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी अन्य विशेषताहरु र संचालन हुने वातावरण : सार्वजनिक वित्तीय व्यवस्थापनका अवयवहरु तथा संस्थागत व्यवस्थाको लागि अन्य प्रावधानहरु पनि गरिएको छ । यसमा वित्तीय व्यवस्थापनको लागि अनुकुल हुने वातावरण तयार गरिएको छ । विशेष गरी आन्तरिक नियन्त्रण प्रणाली लागू गरि संस्थाको उद्देश्य हासिल गर्नको लागि संचालन तथा वित्तीय व्यवस्थापनसम्बन्धी कार्यहरु व्यवस्थित गर्ने प्रयास गरिएको छ । प्रत्येक मन्त्रालयमा संस्थागत व्यवस्था गरी बजेट समिति तथा आन्तरिक लेखापरीक्षण र नियन्त्रण समिति स्थापना गरी संगठनको वित्तीय व्यवस्थापन प्रभावकारी बनाउने प्रयास भएको देखिन्छ । त्यस्तै सार्वजनिक लेखा समितिलाई वेरुजुहरुको सम्बन्धमा आवश्यक निर्णय लिने प्रावधानले सरकारको आर्थिक अनुशासन कायम गर्ने कार्यप्रणाली स्थापना भईरहेको छ । यसको साथै आर्थिक मामिला तथा योजना मन्त्रालयले विभिन्न मार्गदर्शन र निर्देशिकाहरु तयार गरी आर्थिक कार्यविधिहरु व्यवस्थित गर्ने प्रयास भईरहेको देखिन्छ ।

***

अन्तिम मसौदा

परिच्छेद : ४

सार्वजनिक वित्तीय व्यवस्थापनका कार्यसम्पादन सुचकहरु तथा सो को विश्लेषण र परीक्षण

यस परिच्छेदमा सार्वजनिक वित्तीय व्यवस्थापनका कार्यसम्पादन सुचकहरुको आधारमा पेफाको सुचकहरुलाई समेत ध्यानमा राखी सो आधारमा मापदण्ड तथा अंक स्तर कायम गरी विश्लेषण तथा परीक्षणबाट आएको नतिजाहरु प्रस्तुत गरिएको छ। पेफाको सुचकहरुको आधार लिईएको हुँदा यस परिच्छेदमा पेफामा समावेश भएको हालसालैको ३१ वटा सुचकहरुलाई समेटिएको छ। बजेटका चक्रहरुको आधारमा कार्यात्मक रुपमा गरिने वित्तीय व्यवस्थापनका पक्षहरु समेटिएर तयार गरिएको हुँदा सुचकहरुको कार्यसम्पादन सुचकहरुको विश्लेषण तथा परीक्षणले प्रदेश १ अन्तर्गतका निकायहरुको नतिजाको प्रस्तुती गरिएको छ । यस परिच्छेदमा ७ वटा प्रमुख सुचकहरु तथा सो अन्तर्गतका अन्य सुचकहरुको उपलब्धी र सुधारका उपायहरु राखिएका छन ।

परिच्छेद : ४.१

बजेटको भरपर्दोपना (Budget Reliability)

यस सुचकमा प्रदेश १ सरकारले बजेटको तुलनामा आफ्नो नीति तथा आयोजनाहरु कार्यान्वयनको मापन गरिन्छ, जस्मा सरकारको सार्वजनिक वित्तीय व्यवस्थापनको प्रभावकारिता मापन गरिएको छ। यसले बजेटमा समावेश गरिएको नियोजित रकम मध्ये भएको खर्च तथा राजस्वको वास्तविक रुपमा खर्च गरियो र राजस्व प्राप्त भयो भनी निर्धारण गरी बजेटको विश्वसनीयता निर्धारण गरिन्छ । यस कार्यको लागि **तीनवटा सुचकहरु** मार्फत नियोजित र वास्तविक कार्यान्वयन स्थितिमा आधारीत भै **बजेटको भरपर्दोपन** मापन गरिएको छ ।

सुचक १: समग्र खर्चको अवस्था (Aggregate Expenditure Outturn) : प्रदेश १ सरकारले आफ्नो कार्यक्षेत्र भित्र सरकारको लक्षित प्रतिफल तथा उपलब्धीहरु सार्वजनिक सेवाहरुको रुपमा उपलब्ध गराउने मनसायको पूर्ति गर्नको लागि सरकारको बजेट कार्यान्वयन क्षमता महत्वपूर्ण रहन्छ। यस सुचकले प्रारम्भिक रुपमा बजेट पुस्तीकामा उल्लिखित बजेट खर्चलाई वास्तविक रुपमा भएको खर्चसंग तुलना गरी सरकारको खर्च गर्ने क्षमताको मापन गर्दछ। यसै तुलनाको आधारमा यस सुचकले सरकारको खर्च गर्ने क्षमताको उपयोगको स्थिति बताउँछ। यस सुचकको लागि बजेट पुस्तिका र वित्तीय प्रतिवेदनहरुमा परिभाषित गरिएको बजेट रकमको आधारमा गरिएको छ। यसको मापन आधार एकल (One Dimension-M1) को आधारमा गरिएको छ। बजेट पुस्तीकाको बजेट रकम समावेश गर्दा निम्न मापनको पद्दति ध्यानमा राखी सुचकको गणना गरिएको छ :

१.एकीकृत खर्च मुख्यतः बजेट पेश गर्दाको अवस्थामा नै नियोजित खर्चहरु (Planned Expenditures) तथा अपवादको अवस्थामा गरिने खर्चहरु जस्तै प्राकृतिक प्रकोप वा विशेष परिस्थितिको रुपमा परिभाषित गरिएको शिर्षकमा गरिएको खर्चहरु पनि समावेश गरिएको छ।

२.बजेट खर्चको लगानी गर्दा अतिरिक्त राजस्व वा अन्य कुनै प्रदेश सरकारको सम्पति बिक्रीबाट प्राप्त भएको आयबाट लगानी भएको अवस्थामा यस्तो खर्चहरु सहायक तालिकामा समावेश गरिएको छ। त्यस्तै ऋण तथा अनुदानबाट लगानी भएको रकम समेत बजेट खर्चमा समावेश गरिएको तर *उज्राती खाता (*Suspense Account*) वा अबण्डा (*Unallocated*) रकम* खर्चमा समावेश गरिएको छैन। आर्थिक वर्षको अन्त्यमा अवण्डाको कारणबाट रकम खर्च नभएको भए पनि अंक प्रदान गर्ने कारण उल्लेख गरी समावेश गरी प्रतिवेदनमा कारण सहीत उल्लेख गरिएको छ।

३.शुरुमा स्वीकृत गरिएको बजेट खर्चको प्रक्षेपण ठीक (Accurate) भए पनि बजेट खर्चसंग असम्बन्धीत कारणहरुले फरक पर्न सक्ने अवस्था जस्तै समष्टिगत आर्थिक विश्रृँखलता (Macroeconomic shock) को कारणबाट असर पर्न सक्ने अवस्थामा पनि सो को असर असर न्यून हुनजाने विश्वास गरी गणना गरिएको छ।

१.१. सुचक मापनको आधार र अंक प्रदान गर्ने तरिका : यस सुचकको मापन आधार र अंक प्रदान गर्ने तरिका निम्न बमोजिम रहेको छ :

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	**समष्टिगत खर्च** रकम स्वीकृत **समष्टिगत बजेट** रकमको खर्च *विगत ३ वर्ष मध्ये कम्तीमा २ वर्षमा **९५ प्रतिशत देखि १०५*** प्रतिशतको बीचमा खर्च गरिएको	प्रदेश स्तरको बजेट	विगतमा सम्पन्न भएको ३ आर्थिक वर्ष
"ख"	समष्टिगत खर्च रकम स्वीकृत समष्टिगत बजेट रकमको खर्च विगत ३ वर्ष मध्ये कम्तीमा २ वर्षमा ***९० प्रतिशत देखि ११०*** प्रतिशतको बीचमा खर्च गरिएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
"ग"	समष्टिगत खर्च रकम स्वीकृत समष्टिगत बजेट रकमको खर्च विगत ३ वर्ष मध्ये कम्तीमा २ वर्षमा ***८५ प्रतिशत देखि ११५*** प्रतिशतको बीचमा खर्च गरिएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
"घ"	खर्चको प्रतिशत अंक **"ग"** भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष

अन्तिम मस्यौदा

१.२.बजेट खर्चको अवस्था तालिका : प्रस्तुत सुचकको अंक र स्तर निर्धारणको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, व्ययको अनुमानित विवरण पुस्तिका (बजेट) मा उल्लिखित बजेट तथा खर्चको निम्न विवरण संकलन गरिएको छ :

	आर्थिक वर्ष (रु हजारमा)		
	२०७५।७६*	**२०७६।७७***	**२०७७।७८***
कुल प्राथमिक खर्चको प्रारम्भिक बजेट	३५,९३,६०,१४	४२,२०,०४,१०	३२,४६,९२,००
वास्तविक खर्च	२१,१६,०२,८१	२९,८३,३१,०३	२७,९४,४५,६०
वास्तविक खर्च र कुल प्राथमिक खर्चको प्रारम्भिक बजेट बीचको फरक	*१४,७७,५७,३३*	**१२,३६,७३,०७**	**४,५२,४६,४०**
कुल प्राथमिक खर्चको प्रारम्भिक बजेटमा फरक (प्रतिशतमा)	**४१.१२**	**२९.३१**	**१३.९३**

श्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, *व्यय अनुमानको विवरण (बजेट) पुस्तिका,

१.३. सुचक १ को अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या

सुचक १ को अंक निर्धारणको साराँश तथा व्याख्या				
सुचक	**प्रयोग गरिएको प्रमाण**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
सुचक १	विगतमा सम्पन्न भएको ३ आर्थिक वर्षको प्रारम्भिक बजेट र यथार्थ खर्च बीचको फरक (प्रतिशतमा)	**"घ"**	समष्टिगत खर्च रकम स्वीकृत समष्टिगत बजेट रकमको खर्च विगत ३ वर्ष मध्ये कम्तीमा २ वर्षमा ***८५ प्रतिशत देखि***	**आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, व्यय अनुमानको विवरण (बजेट)**

			११५ प्रतिशतको बीचमा खर्च गरिएको (**"ग"**) भन्दा कम अंक प्राप्त भएको	
अंक निर्धारण गरिएको आधारको व्याख्या	माथि १.२.बजेट खर्चको अवस्था तालिकामा आर्थिक वर्ष २०७५।७६, २०७६।७७, २०७७।७८ को प्रदेश १ को समग्र प्रारम्भिक बजेट र खर्चको विवरण प्रस्तुत गरिएको छ। जस्मा उल्लिखित आर्थिक वर्षहरुमा क्रमशः शुरुको प्रारम्भिक बजेट मध्येबाट ***५९,७१ र ८६*** प्रतिशत खर्च भएको देखिन्छ। उल्लिखित ३ आर्थिक वर्षहरुमा खर्च गर्ने प्रवृत्तिमा सुधार भएको देखिएता पनि अपेक्षित खर्च हुन सकेको देखिदैन। यस तालिकामा उल्लिखित ३ वर्ष मध्ये आर्थिक वर्ष २०७७।७८ मा अन्य २ वर्षको तुलनामा बढी खर्च भई करिब ८६ प्रतिशत खर्च भएको देखिएको छ। तर यस सुचकको आवश्यकता अनुसार विगत ३ वर्ष मध्ये कम्तीमा २ वर्षको अवधिमा उल्लिखित प्रतिशत भएको भए "ग" स्तर निर्धारण गर्न सकिनेमा अघिल्लो वर्ष करिब ७१ प्रतिशत मात्र खर्च भएको देखिन्छ। विगत ३ वर्षमा २ वर्ष कम्तीमा ८५ प्रतिशत भएको अवस्थामा "ग" स्तर निर्धारण गर्न सकिने भएकोमा सो अवस्था पनि नरहेकोले अंक निर्धारण गर्ने तालिकाको मापदण्ड अनुसार "ग" भन्दा कम प्रतिशतको प्रगति भएको आधारमा यस सुचक १ मा **"घ"** अंक निर्धारण गरिएको छ। यसमा अवण्डाको रकम छुट्याउन नसकिएको हुँदा सो रकमलाई पनि कुल बजेट र खर्चको आधारमा नै अंक निर्धारण गर्ने प्रयोजनको लागि गणना गरिएको छ। यसमा आकष्मिक बजेट र खर्चको पनि छुट्टै प्रतिवेदन हुन सकेको देखिएन त्यसैले कुल बजेट र खर्चको आधारमा नै अंक गणना र स्तर निर्धारण गरिएको छ। उल्लिखित अवस्थाले बजेट तर्जुमा कार्यमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ अनुसार विनियोजन गर्दा खर्च हुन सक्ने अवस्था हेरी प्राथमिकताको आधारमा मध्यकालिन खर्च संरचना तयार गरी आयोजना बैंकको अवधारणा लागू गरी बजेट विनियोजन हुने नगरेको र बजेट तदर्थ रुपमा तयार गरिएको संकेत गरेको देखिन्छ। उल्लिखित ऐन तथा प्रदेश मन्त्रालयस्तरीय बजेट सुचना प्रणाली अनुसार बजेट निर्माण कार्य यथार्थ बनाउनु पर्ने तथा बजेट तर्जुमा दिग्दर्शन बमोजिम मन्त्रालय तथा बजेट एकाईहरुले बजेट प्रस्ताव तथा विनियोजन गर्ने कार्यमा पर्याप्त ध्यान दिनु आवश्यक छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले समष्टिगत आय व्ययको विवरण रातो पुस्तिका अनुसार तयार गरी प्रतिवेदन दिने कार्यमा प्रभावकारिता ल्याउनु आवश्यक देखिएको छ।			

सुचक २ : खर्चका संरचनाको खर्च स्थिति (Expenditure Composition Outturn)

प्रदेश १ सरकारको नीतिले राखेको उद्देश्य हासिल गर्ने कार्य दिगो र स्थीर गर्नको लागि सरकारले प्रस्तुत गरेको शुरुको बजेट कार्यान्वयन गर्दाको समयमा न्यून परिवर्तन भएमा मात्र सम्भव हुन्छ। यसले प्रारम्भिक बजेटको कार्यान्वयन चरणमा प्रशासकीय स्तरमा न्यूनतम परिवर्तन भएको हुनुपर्दछ। जस्ले शुरुमा छुट्याईएको खर्चको संरचनाहरुमा न्यूनतम फरक (Variance) हुन सकेमा सरकारको नीतिहरुले राखेको उद्देश्य हासिल हुने अपेक्षा गरिन्छ। यस सुचकले मुख्यतः दुई पाटाहरु मार्फत मापन गरिन्छ :

(क) बजेट कार्यान्वयनको समयमा बजेट शिर्षकहरु बीचमा पुनःबाँडफाँट (Reallocations) कुन हदसम्म भएको छ ?

(ख) बजेट शीर्षकमा भएको आकष्मिक बजेटको आधार तथा वास्तविक खर्चहरुको स्तरको अवस्था जस्ले आकष्मिक कोष (Reserve) ले बजेटको समयमा प्रक्षेपण गर्न नसकिएको अवस्थामा रकम समावेश गरिएको हुन्छ। तर यसरी रिजर्भमा राखिने बजेटले सम्पूर्ण बजेटको विश्वसनियतालाई नजरअन्दाज (अण्डरमाईन) नहुने गरी ठूलो हुनुहुँदैन।

यस सुचकमा बजेट कार्यान्वयनको समयमा मुख्य बजेट वर्गिकरण (Categories) र बजेटको पुनः वर्गिकरण (Reallocations) ले कुन हदसम्म खर्चको संरचनामा फरक (Variance) ल्याएको छ सो को मापन गरिएको छ । यो सुचक ३ पाटाहरु (Dimensions) समावेश गरेको र एकीकृत अंक प्रदान गर्न M1 (WL) तरिका प्रयोग गरिएको छ ।

२.१. कार्यहरु (Functions) को आधारमा खर्चको संरचना रकम (Outturn)

प्रदेशको समग्र नीतिको उद्देश्यको कार्यान्वयनको उपयोगी आधारहरु कार्यात्मक र कार्यक्रम बीचको तुलना गर्ने आधार प्रदान गर्दछ । बजेट सामान्यतः आर्थिक तथा प्रशासकीय (मन्त्रालय, विभाग वा निर्देशनालय वा निकाय आदि) वर्गिकरणको आधारमा व्यवस्थापन गरिन्छ । यो आधारमा नै विनियोजन र कार्यान्वयन बीचमा तुलना गर्नको लागि प्रयोग गरिन्छ । आर्थिक वर्षको शुरुमा उल्लिखित बजेट भन्दा वास्तविक खर्चको रकम फरक हुन सक्छ । यसरी फरक हुन सक्ने मुख्य कारणहरुमा देशको आर्थिक विश्रृँखलता तथा विशेष परिस्थितिको आधारमा हुन सक्ने भएकोले माथि उल्लिखित ३ वटा पाटो (Dimension) को आधारमा विगत ३ वर्षको तथ्याँकको प्रयोग गरी गर्नुपर्दछ ।

त्यस्तै आर्थिक वर्षको अन्तमा खर्च नभएको रकम (Suspense Accounts) ले अंक तालिकामा फरक पार्ने नपार्ने कुरा पनि ध्यानमा दिनुपर्दछ । उल्लेखनीय रुपमा फरक पार्ने देखिएमा जस्तै अबण्डाबाट भएको खर्च रकम ***कूल वार्षिक खर्चको १० प्रतिशत भन्दा बढी*** भएमा माथि उल्लिखित उप पाटोहरु (३) को मुल्याँकन अंक **"घ" दिनु पर्छ** ।

२.१.१. सुचकको अंक प्रदान गर्ने आधारहरुः

अंक (Score) को स्तर	अंक प्रदान गर्ने आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	खर्चको संरचनामा ठूला ५ मन्त्रालयहरुको कार्यक्रम, प्रशासकीय वा कार्यात्मक वर्गिकरणको फरक (Variance) तीन मध्ये २ वर्ष ५% भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
"ख"	खर्चको संरचनामा ठूला ५ मन्त्रालयहरुको कार्यक्रम, प्रशासकीय वा कार्यात्मक वर्गिकरणको फरक (Variance) तीन मध्ये २ वर्ष १०% भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
"ग"	खर्चको संरचनामा ठूला ५ मन्त्रालयहरुको कार्यक्रम, प्रशासकीय वा कार्यात्मक वर्गिकरणको फरक (Variance) तीन मध्ये २ वर्ष १५% भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
"घ"	कार्यसम्पादन प्रतिशत अंक **"ग"** भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष

२.१.२.बजेट खर्च संरचनाको अवस्था तालिका : प्रस्तुत सुचकको अंक र स्तर निर्धारणको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, रातो पुस्तिका (बजेट) मा उल्लिखित बजेट तथा खर्चको आधारमा प्रदेश १ को बजेट र खर्चको आधारमा ***५ वटा ठूला मन्त्रालयहरुको संकलित*** गरिएको विवरण तपसिल बमोजिम छ :

सुचक २ .१ को लागि तथ्याँक विवरण

२.१.२.बजेट खर्च संरचनाको अवस्था तालिका : प्रस्तुत सुचकको अंक र स्तर निर्धारणको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, रातो पुस्तिका (बजेट) मा उल्लिखित बजेट तथा खर्चको आधारमा प्रदेश १ को बजेट र खर्चको आधारमा ***५ वटा ठूला मन्त्रालयहरुको संकलित*** गरिएको विवरण तपसिल बमोजिम छ :

(क) भौतिक पूर्वाधार विकास मन्त्रालय	आर्थिक वर्ष (रु हजारमा)		
	२०७५।७६*	२०७६।७७*	२०७७।७८

१.कुल प्राथमिक खर्चको प्रारम्भिक बजेट	१६,३०,०१,०८	१९,८५,९९,८१	२०,०५,४१,४९
२.वास्तविक खर्च	८,९३,५३,०४	१६,४८,१८,७१	१४,४८,७९,९७
३.समायोजित बजेट	८,०८,७१,७७	१६,६७,१०,६९	२१,८६,९६,११
४.भिन्नता (Deviation) (२-३)	८४,८१,२७	-१८,९१,९८	-७,३८,१६,१४
५.पूर्ण भिन्नता (Absolute Deviation)	८४,८१,२७	१८,९१,९८	७,३८,१६,१४
६.प्रतिशत	९.४९	१.१५	५०.९५
कन्टिनजेन्सी			

श्रोत: २०७५।७६,२०७६।७७ आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, *व्यय अनुमानको विवरण (३ वर्ष), २०७७।७८ को लागि प्रदेश लेखा नियन्त्रक कार्यालयको उल्लिखित मन्त्रालयको एकीकृत आर्थिक विवरण

(ख) आर्थिक मामिला तथा योजना मन्त्रालय	**आर्थिक वर्ष (रु हजारमा)**		
	२०७५।७६*	**२०७६।७७***	**२०७७।७८**
१.कुल प्राथमिक खर्चको प्रारम्भिक बजेट	७,०३,९४,८५	९१,१३,१७	७,९४,१४,२९
२.वास्तविक खर्च	१८,०७,०९	९,८९,७४	५,८१,५२,०६
३.समायोजित बजेट	७,८३,०४	११,६२,९०	६,२२,९३,२२
४.भिन्नता (Deviation) (२-३)	१०,२४,०५	-१,७३,१६	-४१,४१,१६
५.पूर्ण भिन्नता (Absolute Deviation)	१०,२४,०५	१,७३,१६	४१,४१,१६
६.प्रतिशत	५६.६७	१७.५	७.१२
कन्टिनजेन्सी			

श्रोत: २०७५।७६,२०७६।७७ आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, व्यय अनुमानको विवरण (*२ वर्ष), २०७७।७८ को लागि प्रदेश लेखा नियन्त्रक कार्यालयको उल्लिखित मन्त्रालयको एकीकृत आर्थिक विवरण

(ग) सामाजिक विकास मन्त्रालय	**आर्थिक वर्ष (रु हजारमा)**		
	२०७५।७६*	**२०७६।७७***	**२०७७।७८**
१.कुल प्राथमिक खर्चको प्रारम्भिक बजेट	३,७०,१६,८२	४,१६,६८,७५	५,५८,५३,४३
२.वास्तविक खर्च	३,४७,५२,५०	२,५६,५८,०१	३,२४,०३,४०
३.समायोजित बजेट	८६,५३,५०	२,८८,१८,१४	५,६०,०८,२७
४.भिन्नता (Deviation) (२-३)	२,६०,९९,००	-३१,६०,१३	-२,३६,०४,८७
५.पूर्ण भिन्नता (Absolute Deviation)	२,६०,९९,००	३१,६०,१३	२,३६,०४,८७
६.प्रतिशत	७५.१	१२.३२	७२.८५
कन्टिनजेन्सी			

श्रोत: २०७५।७६,२०७६।७७ आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, व्यय अनुमानको विवरण (बजेट), २०७७।७८ को लागि प्रदेश लेखा नियन्त्रक कार्यालयको उल्लिखित मन्त्रालयको एकीकृत आर्थिक विवरण

(घ) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	**आर्थिक वर्ष (रु हजारमा)**		
	२०७५।७६*	**२०७६।७७***	**२०७७।७८**
१.कुल प्राथमिक खर्चको प्रारम्भिक बजेट	३,७४,५९,००	४,०४,१०,३२	२,५३,०१,५३
२.वास्तविक खर्च	१,४८,४२,३१	१,५६,२२,५३	१,८१,५३,७०
३.समायोजित बजेट	६३,६३,००	१,६६,७८,१३	३,७९,९८,८५

४.भिन्नता (Deviation) (२-३)	८४,७९,३१	-१०,५५,६०	-१,९८,४५,१५
५.पूर्ण भिन्नता (Absolute Deviation)	८४,७९,३१	१०,५५,६०	१,९८,४५,१५
६.प्रतिशत	५७.१३	६.७६	१०९.३२
कन्टिनजेन्सी			

श्रोत: २०७५।७६,२०७६।७७ आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, व्यय अनुमानको विवरण (*२ वर्ष), २०७७।७८ को लागि प्रदेश लेखा नियन्त्रक कार्यालयको उल्लिखित मन्त्रालयको एकीकृत आर्थिक विवरण ।

(ङ) उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	**आर्थिक वर्ष (रु हजारमा)**		
	२०७५।७६	**२०७६।७७**	**२०७७।७८**
१.कुल प्राथमिक खर्चको प्रारम्भिक बजेट	३,१२,८४,२१	३,८३,२७,३८	३,४९,३८,८९
२.वास्तविक खर्च	२,३२,५७,७१	२,००,३६,४८	१,५७,०७,१९
३.समायोजित बजेट	१,५८,०२,८६	२,७७,०२,७८	३,५९,६९,६६
४.भिन्नता (Deviation) (२-३)	७४,५४,८५	-७६,६६,३०	-२,०२,६२,४७
५.पूर्ण भिन्नता (Absolute Deviation)	७४,५४,८५	७६,६६,३०	२,०२,६२,४७
६.प्रतिशत	३२.०५	३८.२६	१२९.००१

श्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, व्यय अनुमानको विवरण (बजेट) आर्थिक वर्ष २०७५।७६,२०७६।७७, प्रदेश लेखा नियन्त्रक कार्यालयको २०७७।७८ को लागि उल्लिखित मन्त्रालयको एकीकृत आर्थिक विवरणहरु ।

अन्तिम मसौदा

समष्टिगत रुपमा ५ मन्त्रालयहरु	**आर्थिक वर्ष (रु हजारमा)**		
	२०७५।७६	**२०७६।७७**	**२०७७।७८**
कुल प्राथमिक खर्चको प्रारम्भिक बजेट	३३,९१,५५,९६	३२,८१,१९,४३	३९,६०,४९,६३
वास्तविक खर्च	१६,४०,१२,६५	२२,७१,२५,४७	२६,९२,९६,३२
समायोजित बजेट	११,२४,७४,१७	२४,१०,७२,६४	४१,०९,६६,११
भिन्नता (Deviation)	५,१५,३८,४८	-१,३९,४७,१७	-१४१६६९७९
पूर्ण भिन्नता (Absolute Deviation)	५,१५,३८,४८	१,३९,४७,१७	१४१६६९७९
प्रतिशत	३१.४२	६.१४	५२.६१
कन्टिनजेन्सी			

श्रोत: २०७५।७६,२०७६।७७ आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, व्यय अनुमानको विवरण (बजेट), प्रदेश लेखा नियन्त्रक कार्यालयको २०७७।७८ को लागि उल्लिखित मन्त्रालयको एकीकृत आर्थिक विवरण ।

२.१.३. सुचक २.१ को अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या

सुचक १ को अंक निर्धारणको साराँश तथा व्याख्या				
सुचक	**प्रयोग गरिएको प्रमाण**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
सुचक २ : खर्चका संरचनाको खर्च स्थिति	विगतमा सम्पन्न भएको ३ आर्थिक वर्षको प्रारम्भिक	**"घ"**	खर्चको संरचनामा ठूला ५ मन्त्रालयहरुको कार्यक्रम, प्रशासकीय वा कार्यात्मक वर्गिकरणको फरक	आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, व्यय अनुमानको विवरण (बजेट)

	बजेट र यथार्थ खर्च बीचको फरक (प्रतिशतमा)		(Variance) तीन मध्ये २ वर्ष १५% भन्दा कम भएको भए अंक **"ग" र** कार्यसम्पादन प्रतिशत अंक **"ग"** भन्दा कम भएकोमा **"घ" ।**	२०७५।७६,२०७६।७७, प्रदेश लेखा नियन्त्रक कार्यालयको २०७७।७८ को लागि उल्लिखित मन्त्रालयहरुको एकीकृत आर्थिक विवरण
अंक निर्धारण गरिएको आधारको व्याख्या	प्रदेश १ को ठूला ५ मन्त्रालयहरुको बजेट र खर्चको विगतका आर्थिक वर्ष २०७५।७६,२०७६।७७ र २०७७।७८ तीन वर्षको वित्तीय तथ्याँक अध्ययन गर्दा उल्लिखित वर्षहरुमा बजेट र खर्च बीचको फरक ३१.४२, ६.१४ र ५२.६१ प्रतिशत रहेको छ । यस फरकले प्रदेश १ का मन्त्रालयहरुको बजेट र खर्च बीचको तादाम्यता रहेको देखिंदैन । यस कार्यले बजेट तर्जुमा कायतदर्थ रुपमा भएको वा खर्च गर्ने कार्यमा मन्त्रालयहरुको प्रतिबद्धता कम रहेको संकेत गरेको देखिन्छ । यस सुचकको मापदण्डको आधारहरुमा खर्चको संरचनामा ५ ठूला मन्त्रालयहरुको कार्यक्रम, प्रशासकीय वा कार्यात्मक वर्गिकरणको बजेट र खर्च बीचको फरक (Variance) तीन मध्ये २ वर्ष ५%,१० % र १५ प्रतिशत भन्दा कम भएको अवस्थामा मापदण्ड अनुसार क्रमश: "क" "ख" "ग" अंक निर्धारण गर्ने भनिएकोमा उल्लिखित ३ वर्षहरुमा आर्थिक वर्ष २०७६।७७ मा बाहेक अन्य दुई वर्षहरुमा बजेट र खर्च बीचको फरक आर्थिक वर्ष २०७५।७६मा ३१.४२ प्रतिशत र आर्थिक वर्ष २०७७।७८ मा ५२.६१ प्रतिशत रहेको देखिन्छ। मापदण्डको आवश्यकता अनुसार कम्तीमा २ वर्ष उल्लिखित प्रतिशत आएको अवस्थामा मापदण्डको अंक प्रदान गर्न सकिने भएकोमा एक आर्थिक वर्ष २०७६।७७ मा ६.१४ प्रतिशत भएकोले मापदण्ड अनुसार मापदण्डको अंक स्तर अनुसार "क" "ख" **र "ग" कुनै पनि प्रदान गर्न सकिने अवस्था नभएकोले यस सुचकको लागि अंक "घ" निर्धारण गरिएको छ ।**			

२.२. आर्थिक वर्गिकरण (Economic Type) को आधारमा खर्चको संरचना रकम (Outturn) : आर्थिक वर्गीकरण (Economic Classification) को प्रावधान महालेखापरीक्षकको कार्यालयले २०७४।७१ मा स्वीकृत गरेको **एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४** मा गरिएको छ। तीनै तहको सरकार (प्रदेश सरकार समेत) को लागि प्रस्तुत वर्गीकरण लागू हुने प्रावधान रहेको छ। २०७४।७५ देखि स्थानीय र प्रदेश तहमा लागू हुने प्रावधान गरिएको हुँदा आर्थिक वर्गीकरण पनि सो आधारमा कानूनी रुपमा लागू भएको छ। यही प्रावधान पनि प्रदेश तहमा लागू भै सकेको छ। सो अनुसार अध्ययन विश्लेषण गर्दा पेफाको सुचकको प्रयोजनको आधारमा तपसिल बमोजिम आर्थिक वर्गीकरणको आधारमा परीक्षणको स्तर कायम भएको छ। सो अनुसार *प्रदेश १ को आर्थिक वर्गीकरण क्षेत्रगत आधारमा चालु वा पूँजीगत वा वित्तीय व्यवस्थामा भएको बजेटमा शुरु र अन्तिम बजेट बीचमा भिन्नता भए नभएको र भएको भए कसरी भएको छ ? कुनै फरक भए नभएको सो को परीक्षण* तपसिल बमोजिम गरिएको छ।

२.२.१. आर्थिक वर्गिकरणको आधारमा अंक र स्तर निर्धारण गर्ने मापदण्ड:

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	खर्चको संरचनामा आर्थिक वर्गिकरणको आधारमा वर्गिकरणको फरक (Variance) ३ मध्ये २ वर्ष ५% भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष

“ख”	खर्चको संरचनामा आर्थिक वर्गिकरणको आधारमा वर्गिकरणको फरक (Variance) ३ मध्ये २ वर्ष १०% भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
“ग”	खर्चको संरचनामा आर्थिक वर्गिकरणको आधारमा वर्गिकरणको फरक (Variance) ३ मध्ये २ वर्ष १५% भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
“घ”	कार्यसम्पादन प्रतिशत अंक **“ग”** भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष

२.२.२. आर्थिक वर्गिकरणका क्षेत्रगत शिर्षकहरुको ३ आर्थिक वर्ष र समग्र बजेट, खर्च र फरकको अवस्था तालिका:

आर्थिक वर्गिकरण खर्च शिर्षकगत अनुमान विवरण:					
			२०७५।७६	**२०७६।७७**	**२०७७।७८**
१	**चालु**	**बजेट**	१४,५५,३५,६२	१८,५४,६४,७६	१८,९३,४९,४३
		खर्च	९,७५,४२,५५	११,९६,६२,९८	१२,०७,७०,०१
		फरक	४,७९,९३,०७	६,५८,०१,७८	६,८५,७९,४२
२	**पूँजीगत**	**बजेट**	१८,८७,७४,५२	२३,५७,३९,३४	२१,९२,५०,०४
		खर्च	११,४०,६०,२६	१७,८६,६८,०५	१५,८६,७५,५९
		फरक	७,४७,१४,२६	५,७०,७१,२९	६,०५,७४,४५
३	**वित्तीय व्यवस्था**	**बजेट**	०.००	८,००,००	०.००
		खर्च	०.००	०.००	०.००
		फरक	०.००	८,००,००	०.००
४. ३ आर्थिक वर्षहरुको कुल		**बजेट**	**३३,४३,१०,१४**	**४२,२०,०४,१०**	**४०,८५,९९,४७**
		खर्च	**२१,१६,०२,८१**	**२९,८३,३१,०३**	**२७,९४,४५,६०**
		फरक	**१२,२७,०७,३३**	**१२,३६,७३,०७**	**१२,९१,५३,८७**
बजेटको तुलनामा खर्चको फरक प्रतिशत %			**३६.७**	**२९.३१**	**३१.६१**

२.२.३. अंक निर्धारण तथा मापनको आधार तथा प्रदान गरिएको अंकको व्याख्या:

यस सुचकको अंक निर्धारणको मापदण्ड खर्चको संरचनामा आर्थिक वर्गिकरणको आधारमा वर्गिकरणको फरक (Variance) ३ मध्ये २ आर्थिक वर्ष ५% वा १० % वा १५ % भन्दा कम भएको भएमा क्रमश: “क” “ख” वा “ग” वर्गिकरण गर्ने मापदण्ड रहेको छ। प्रस्तुत सुचकको आर्थिक वर्गिकरण अनुसार खर्चको प्रकृतिको आधारमा विभिन्न खर्च शीर्षकहरुमा समेत गर्नुपर्ने अवस्था भएकोमा प्रदेश १ को वित्तीय तथ्याँकहरु शीर्षक अनुसार उपलब्ध हुन कठिन रहेको छ। त्यसैले उपलब्ध भए अनुसार त्यस्तो विश्लेषण गर्नु पनि जरुरी रहेको छ। तर त्यस्ता शीर्षकहरुको समग्र स्थितिको लागि चालु, पूँजीगत तथा वित्तीय व्यवस्थाको समग्र विश्लेषणले पनि अपेक्षाकृत बजेट र खर्च बीचको फरकलाई प्रतिविम्बीत गर्दछ । यसलाई आधारमा विश्लेषण गर्दा माथि खण्ड २.२.२ मा आर्थिक वर्ष २०७५।७६,२०७६।७७ र २०७७।७८ को चालु, पूँजीगत र वित्तीय व्यवस्थाको बजेट खर्चको फरक गणना गर्दा उल्लिखित आर्थिक वर्षहरुको क्रमश: ३६.७,२९.३१ र ३१.६१ प्रतिशत देखिन्छ। यसको आधारमा भन्न सकिन्छ कि प्रदेश १ को सरकारले विनियोजित बजेटको खर्च गर्ने क्षमता निकै कम देखिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ मा विनियोजन गर्दा खर्च हुन सक्ने बजेट मात्र समावेश गर्नुपर्ने प्रावधानलाई आत्मसात गरी प्रदेशका सबै बजेटरी निकायहरुले बजेट तयार गर्ने समयमा सो ऐनको प्रावधान पालना गर्नु अपरिहार्य देखिन्छ।

उल्लिखित मापदण्ड अनुसार बजेट र खर्चको तुलना गर्दा तीन आर्थिक वर्षहरुमा नै १५ प्रतिशत भन्दा बढी फरक रहेको देखिएको छ । यसकारणले गर्दा यस सुचकको लागि अंक **“घ”** निर्धारण गरिएको छ ।

२.३. आकष्मिक कोष (Contingency Reserves) कार्यहरुको आधारमा खर्चको संरचना रकम (Outturn)

२.३.१. आकष्मिक कोषको अंक तथा स्तर गणनाको मापदण्ड:

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
“क”	आकष्मिक भोटमा खर्च देखाएको वास्तविक खर्च शुरुको बजेट भन्दा सरदर रुपमा ३ % भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
“ख”	आकष्मिक भोटमा खर्च देखाएको वास्तविक खर्च शुरुको बजेट भन्दा सरदर रुपमा ३ % देखि ६ % भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
“ग”	आकष्मिक भोटमा खर्च देखाएको वास्तविक खर्च शुरुको बजेट भन्दा सरदर रुपमा ६% भन्दा बढी तथा १० % कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
“घ”	कार्य सम्पादन अंक **“ग”** अंक आवश्यक हुने भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष

अन्तिम मस्यौदा

२.३.२. आकष्मिक बजेट र वास्तविक खर्चको तथ्याँक विवरण:

सबै मन्त्रालयहरु	**आर्थिक वर्ष (रु हजारमा)**			**३ वर्षको सरदर**
	२०७५।७६	**२०७६।७७**	**२०७७।७८**	
१.कुल आकष्मिक बजेट				
१.१.मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (उपशिर्षक २७२१२: उद्दार राहत तथा पुनःस्थापना खर्च)	५,००,००	५,००,००	५०,००	१,०५,०००।३: **३,५०,००**
१.२.आर्थिक मामिला तथा योजना मन्त्रालय **२८९११:भैपरी आउने चालु खर्च** **२८९११:भैपरी आउने (साधारण)** **३१५११:भैपरी आउने (पुँजीगत)**	२,५८,८१,४३ ९,४६	१,००,००,०० २५,००,००	१,००,००,०० ५,००,००	४,५८,८१,४३।३: **१५२९३८१** ३०,०९,४६।३: **१००३१५**
१.३.आन्तरिक मामिला तथा कानून मन्त्रालय **२७२१२: उद्दार राहत र पुनःस्थापना**	२,७६,००	२,००,००	१,००,००	५,७६,००।३: **१९२००**
कुल रकम जम्मा	**२,६६,६६,८९**	**१,३२,००,००**	**१,०६,५०,००**	**५०५१६८९।३: १,६८,३८,९६**
२.वास्तविक खर्च				
२.१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय उपशिर्षक २७२१२: उद्दार राहत तथा पुनःस्थापना खर्च	०.००	०.००	०.००	०.००
२.२. आर्थिक मामिला तथा योजना मन्त्रालय **२८९११ : भैपरी आउने चालु खर्च** **२८९११:भैपरी आउने (साधारण)** **३१५११ : भैपरी आउने (पुँजीगत)**	०.०० ०.००	०.०० ०.००	६६,८८,८४	२२,३८२८

			२६,००	
२.३.आन्तरिक मामिला तथा कानून मन्त्रालय २७२१२: उद्दार राहत र पुनःस्थापना	२९,६१	१,१२,१०	२९,६१	**५७,११**
कुल रकम जम्मा	**२९,६१**	**१,१२,१०**	**६७,४४,४५**	**२२,९५,३९**
३.भिन्नता (Deviation) **(१-२)**	**२,६६,३७,२८**	**१,३०,८७,९०**	**३९,०५,५५**	**४३६३०७३।३: १,४५,४३,५८**
४.प्रतिशत (३ /१)	**९९.८८**	**९९.१५**	**३६.६१**	**८६.३७**

२.३.३. परिणामको व्याख्या र आधारः आकष्मिक कोषको अंक तथा स्तर गणनाको मापदण्डको गणनाको लागि आकष्मिक कोषको बजेट विनियोजन भएका मुख्यः तीन निकायहरु देखिएका छन । यसको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (उपशिर्षक २७२१२: उद्दार राहत तथा पुनःस्थापना खर्च), आर्थिक मामिला तथा योजना मन्त्रालय (२८९११:भैपरी आउने चालु खर्च,२८९११:भैपरी आउने (साधारण) ३१५११:भैपरी आउने (पुँजीगत) तथा आन्तरिक मामिला तथा कानून मन्त्रालय (२७२१२: उद्दार राहत र पुनःस्थापना) को उल्लिखित बजेट शीर्षकहरुको विगत ३ आर्थिक वर्षहरु २०७५।७६, २०७६।७७ र २०७७।७८ को बजेट, खर्च तथा सो को ३ वर्षको सरदर बजेट खर्च तथा फरक गणना गर्दा उल्लिखित वर्षहरुको सरदर ८६.३७ प्रतिशत रकमको आधारमा गणना गर्दा **सरदर १३.६३ प्रतिशत** देखिएको छ ।

यस आधारमा गणना गर्दा आकष्मिक भोटमा खर्च देखाएको वास्तविक खर्च शुरुको बजेट भन्दा सरदर रुपमा ३ % वा ६ % वा १० % प्रतिशत भन्दा कम भएको अवस्थामा क्रमशः “क”, “ख” र “ग” अंक प्रदान गर्ने मापदण्ड रहेकोमा उल्लिखित मापदण्डहरु भन्दा बढी नै रहेको देखिंदा यस सुचकको लागि **अंक “घ”** स्तर निर्धारण गरिएको छ ।

***

अन्तिम मस्यौदा

परिच्छेद ४.२.

सार्वजनिक वित्तको पारदर्शिता (Transparency of Public Finance) :

प्रदेश १ सरकारको सार्वजनिक वित्तको पारदर्शिताको मापन गर्नको लागि सुचक ४ देखि ९ सम्मका ६ सुचकहरु मार्फत प्रस्तुत गरिएको छ । यी सुचकहरुको परीक्षण गर्ने मापदण्ड र स्तर निर्धारण गर्ने आधारहरु अनुसार प्रदेश सरकारको समग्र वित्त व्यवस्था पारदर्शी भए नभएको एकीन गर्न सकिन्छ ।

सुचक ४ : बजेटको वर्गिकरणका आधार (Budget Classification) : यस सुचकको आधारमा प्रदेश सरकारले बजेटको वर्गिकरण गर्दा अन्तरराष्ट्रिय संकेत वा सुचकहरुको आधारमा तुलना हुन सक्ने गरी गरिए नगरिएको एकीन गरी परीक्षण गरिन्छ । बजेटसम्बन्धी सुचना सरोकारवालाहरुलाई पहुँचको अवस्थाको साथै कुनै सुचना प्रतिवेदन गर्ने नगर्ने देखि सरकारको तह बीचको वित्त सम्बन्ध पारदर्शी भए नभएको र सर्वसाधारणलाई उपलब्ध भए नभएको पक्षहरुको परीक्षण समेत गरिन्छ ।

सरकारको आर्थिक कारोवारहरुलाई बजेट तर्जुमा, कार्यान्वयन र प्रतिवेदन चक्रको आधारमा पत्ता लगाउने असल प्रणाली भएको हुनुपर्ने र यस्तो वर्गिकरण प्रशासकीय एकाई, आर्थिक वर्गिकरण, कार्य वा उपकार्य, वा कार्यक्रमको आधारमा गरिएको हुनुपर्दछ। यस्तो वर्गिकरण सरकारको खातासुची (Chart of Accounts) अर्थात लेखाँकन वर्गिकरणमा समावेश भएको हुनुपर्दछ। यस्तो खातासुची सरकारी वित्तीय तथ्याँक (GFS) वर्गिकरण प्रणालीले परिभाषित गरे अनुसार कारोवारको आर्थिक र कार्यात्मक वर्गिकरणको लागि मान्यता प्राप्त अन्तरराष्ट्रिय संरचना खाका (Framework) अनुसार तयार भएको हुनुपर्दछ । यस्मा **राजस्व र खर्च**लाई क्रमशः **चार र तीन** वर्गिकरण स्तरमा विभाजन गरिन्छ । सरकारी वित्तीय तथ्याँक *प्रयोग नगरिएको अवस्थामा* वर्गिकरणको स्पष्टता, निरन्तरता, असलपना र समग्रताको विशेषताहरु सो तथ्याँकसंग तुलना हुनसक्ने गुणहरु हुनुपर्दछ। सरकारको वार्षिक बजेटको चालु तथा पूँजीगत आईटमहरु प्रस्तुत सुचकले संबोधन गरेको हुनुपर्दछ । बजेट चक्रमा हुने तत्वहरु जस्तै बजेट निर्माण, कार्यान्वयन, प्रतिवेदन र अभिलेख गर्दा अन्तरराष्ट्रिय मुद्रा कोषको सरकारी वित्त तथ्याँक र संयुक्त राष्ट्र संघको सरकारको कार्यको वर्गिकरण (Classification of Functions of Government (COFOG)) अनुसार तुलना हुन सक्ने गरिनु आवश्यक छ ।

४.१.सुचकको मापदण्ड र स्तर निर्धारण गर्ने आधारहरु : यस सुचकले अन्तरराष्ट्रिय मापदण्ड बमोजिम प्रदेशको बजेट तथा लेखाहरुको वर्गिकरण कुन हदसम्म मिलेको (Consistent) छ भन्ने कुराको मुल्याँकन गर्दछ । यो एक पाटो आधार भएको सुचक हो ।

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	बजेटको तर्जुमा, कार्यान्वयन र प्रतिवेदनहरु GFS/COFOG मापदण्ड प्रयोग गरी प्रत्येक स्तरको प्रशासकीय, आर्थिक र कार्यात्मक वर्गिकरणमा आधारीत रहेको । *अथवा उल्लिखित मापदण्डसंग तुलना हुने गरी कागजातहरु प्राप्त हुने गरी भएको वर्गिकरण ।* कार्यक्रमको यस्तो उपकार्यात्मक वर्गिकरणसँग मिल्ने गरी विस्तृत स्तरको आधारमा प्रयोग गरिएको छ भने वर्गिकरणले उपकार्यात्मक वर्गिकरणलाई प्रतिस्थापन गर्ने व्यवस्था रहेको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको गत आर्थिक वर्ष
"ख"	बजेटको तर्जुमा, कार्यान्वयन र प्रतिवेदनहरु GFS/COFOG मापदण्ड प्रयोग गरी प्रत्येक स्तरको प्रशासकीय, आर्थिक वर्गिकरण (३ डिजिटको GFS मापदण्डको समूह स्तर) मा	प्रदेश स्तरको बजेट	सम्पन्न भएको गत आर्थिक वर्ष

	आधारीत रहेको वा मापदण्डसँग तुलना हुन सक्ने *कागजातहरु प्राप्त हुने गरी भएको वर्गिकरण ।*		
"ग"	***बजेटको तर्जुमा, कार्यान्वियन र प्रतिवेदनहरु*** GFS मापदण्ड (२ डिजिटको स्तर भएको) प्रयोग गरी प्रत्येक स्तरको **प्रशासकीय र आर्थिक** वर्गिकरणमा आधारीत रहेको । *अथवा उल्लिखित मापदण्डसंग तुलना हुने गरी कागजातहरु प्राप्त हुने गरी वर्गिकरण भएको ।*	प्रदेश स्तरको बजेट	सम्पन्न भएको गत आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको गत आर्थिक वर्ष

४.२. बजेट वर्गिकरणको सुचकको अवस्था तथा आधार, प्रमाणहरु :

आर्थिक वर्ष	**बजेटको चक्रका प्रमुख कार्यहरु**	**कार्यान्वियन गर्ने निकाय**	**प्रमाण आधार**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको गत आर्थिक वर्ष २०७७।७८	**बजेट बर्गिकरणको नीति । मार्गदर्शन**	**महालेखा नियन्त्रक कार्यालय**	एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ महालेखापरीक्षकको कार्यालयबाट २०७४।०७।०१ मा स्वीकृत गराई अन्तरराष्ट्रिय मुद्रा कोषको सरकारी वित्त तथ्याँक वर्गिकरण २०१४ अनुसार खातासुची तयार गरी तीनै तहको सरकारलाई लागू हुने व्यवस्था भएको (महालेखा नियन्त्रक कार्यालयको वेवसाईट www.fcgo.gov.np मा उपलब्ध रहेको) साथै *नेपालको सरकारी लेखा फारामहरु २०७६ मा उल्लिखित राजस्व सम्बन्धी फाराम नं.१०१ देखि ११५ सम्मको १५ वटा फारामहरु, खर्च लेखाँकन र प्रतिवेदनका फारामहरु मध्ये खर्च लेखाँकन र प्रतिवेदन २०१ देखी २३२, मुल प्रतिवेदन फारामहरु २७० देखि २७५ तथा बजेट कार्यान्वियनसम्बन्धी फारामहरु ३०१ देखि ३१५ सम्ममा फारामहरु समेत तीनै तहको सरकारको लागि २०७६।२।१९ मा महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरी महालेखा नियन्त्रक कार्यालयले लागू गरेको (फारामहरु www.fcgo.gov.np मा उपलब्ध)*	**अन्तरराष्ट्रिय मुद्रा कोषको सरकारी वित्त तथ्याँक वर्गिकरण २०१४ अनुसार खातासुची तयार भएको**
	बजेट तर्जुमा (प्रशासकीय, आर्थिक र कार्यात्मक)	**आर्थिक मामिला तथा योजना मन्त्रालय**	२०७७।७८ को व्यय अनुमानको विवरण (खर्च शिर्षकगत र श्रोतगत समेत) मा प्रशासकीय संगठनको ८ डिजिट, आर्थिक पक्ष (चालु, पूँजीगत र वित्तीय व्यवस्था) को ९ डिजिट र कार्यात्मकको खर्च शिर्षकको लागि ५ डिजिट मा वर्गीकरण	**पूरा गरेको**

अन्तिम मस्यौदा

			गरिएको , पुस्तीकाको अनुसुची १,२,३ मा यस्तो वर्गिकरण गरिएको र अनुसुची ४ मा लैगिक उत्तरदायी बजेट तथा अनुसुची ५मा जलवायु परिवर्तन बजेट सम्बन्धी व्यवस्था समेत गरिएको (व्यय अनुमानको विवरण p1.gov.np, *moeap.gov.np* मा उपलब्ध)	
	बजेट कार्यान्वयन (प्रशासकीय, आर्थिक र कार्यात्मक)	**आर्थिक मामिला तथा योजना मन्त्रालय,**	२०७७।७८ को व्यय अनुमानको विवरण (खर्च शिर्षकगत र श्रोतगत समेत) मा प्रशासकीय संगठनको ८ डिजिट, आर्थिक पक्ष (चालु, पूँजीगत र वित्तीय व्यवस्था) को ९ डिजिट र कार्यात्मकको खर्च शिर्षकको लागि ५ डिजिट मा वर्गीकरण गरिएको , पुस्तीकाको अनुसुची १,२,३ मा यस्तो वर्गिकरण गरिएको रकमको उक्त विवरणमा प्रत्येक ***कार्यात्मक, प्रशासकीय र आर्थिक वर्गीकरणको आधारमा खर्च समेत उल्लेख गरिएको*** (व्यय अनुमानको विवरण p1.gov.np, *moeap.gov.np* मा उपलब्ध)	**पूरा गरेको**
	बजेट र खर्च प्रतिवेदन (प्रशासकीय, आर्थिक र कार्यात्मक)	**प्रदेश लेखा नियन्त्रक कार्यालय**	प्रदेश १ को प्रदेश लेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०७७।७८ को खर्चको प्रतिवेदन महालेखापरीक्षकको कार्यालयमा पेश गर्ने समयमा प्रशासकीय, आर्थिक र कार्यात्मक आधारमा एकीकृत आर्थिक विवरण तयार गरी बजेट र खर्चको सम्पूर्ण प्रतिवेदन तयार गरेको (महालेखापरीक्षकको कार्यालयमा प्रस्तुत गरेको) *उक्त प्रतिवेदन संघीय संरचनामा आधारीत* ***नेपालको सरकारी लेखा फारामहरु २०७६*** *अनुसार खर्च, लेखाँकन र प्रतिवेदन गरिएको (फारामहरु www.fcgo.gov.np मा उपलब्ध)*	**पूरा गरेको**

४.३. सुचक ४ को अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक ४ को अंक तथा स्तर निर्धारणको साराँश तथा व्याख्या				
सुचक	**प्रयोग गरिएको प्रमाण र अंक प्रदान गर्ने आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
सुचक ४	**सम्पन्न भएको गत आर्थिक वर्ष २०७७।७८ को बजेटको तर्जुमा, कार्यान्वयन र प्रतिवेदनहरु**	**"क"**	बजेटको तर्जुमा, कार्यान्वयन र प्रतिवेदनहरु GFS/COFOG मापदण्ड प्रयोग गरी प्रत्येक स्तरको प्रशासकीय, आर्थिक र कार्यात्मक वर्गिकरणमा आधारीत रहेको। *अथवा उल्लिखित*	**महालेखा नियन्त्रक कार्यालयको *नेपालको सरकारी लेखा फारामहरु २०७६*** *तथा* एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४, **आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर,** २०७७।७८ को व्यय अनुमानको विवरण , **प्रदेश लेखा नियन्त्रक कार्यालय**को एकीकृत आर्थिक विवरण

			मापदण्डसंग तुलना हुने गरी कागजातहरु प्राप्त हुने गरी भएको वर्गिकरण । कार्यक्रमको यस्तो उपकार्यात्मक वर्गिकरणसँग मिल्ने गरी विस्तृत स्तरको आधारमा प्रयोग गरिएको छ भने वर्गिकरणले उपकार्यात्मक वर्गिकरणलाई प्रतिस्थापन गर्ने व्यवस्था रहेको	
अंक र स्तर निर्धारण गरिएको आधारको व्याख्या	**सुचक ४ को लागि अंक र स्तर निर्धारण "क"** गरिएको छ । बजेटको तर्जुमा, कार्यान्वयन र प्रतिवेदनहरु GFS/COFOG मापदण्ड प्रयोग गरी प्रत्येक स्तरको प्रशासकीय, आर्थिक र कार्यात्मक वर्गिकरणमा आधारीत रहेको । कार्यक्रमको यस्तो उपकार्यात्मक वर्गिकरणसँग मिल्ने गरी विस्तृत स्तरको आधारमा प्रयोग गरिएको छ भने वर्गिकरणले उपकार्यात्मक वर्गिकरणलाई प्रतिस्थापन गर्ने व्यवस्था रहेको भएमा सो अंक प्रदान गर्ने भनिएकोमा माथि प्रमाण आधार खण्डमा उल्लिखित एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ महालेखापरीक्षकको कार्यालयबाट २०७४।०७।०१ मा स्वीकृत गराई अन्तरराष्टिय मुद्रा कोषको सरकारी वित्त तथ्याँक वर्गिकरण २०१४ अनुसार खातासुची तयार गरी तीनै तहको सरकारलाई लागू हुने व्यवस्था भएको , नेपालको सरकारी लेखा फारामहरु २०७६ समेत लागू गरी बजेटको तर्जुमा, कार्यान्वयन र प्रतिवेदनहरु तयार गर्ने कार्य लागू भैरहेको देखिएकोले सो अंक यस सुचकको लागि मनासिब रहेको छ । यसको साथै लैगिक उत्तरदायी बजेट तथा जलवायु परिवर्तन बजेट सम्बन्धी व्यवस्था समेत गरिएको छ । यसले गर्दा उल्लिखित अंक र स्तर मनासिब रहेको छ ।			

सुचक ५ : बजेटको औपचारिक कागजात (Budget Documentation)

प्रदेश १ को कार्यपालिकाले संसदमा पेश गरेको सम्पूर्ण कागजातको सेटले सरकारको आर्थिक प्रक्षेपण, बजेट प्रस्ताव, वर्तमान तथा अघिल्लो वर्षको खर्चसम्बन्धी खर्चको सम्पूर्ण तस्वीर प्रदान गरेको हुनुपर्दछ ।

यस सुचकले वार्षिक बजेट पुस्तीकामा उपलब्ध सुचनाको सम्पूर्णता (Comprehensiveness) को मुल्याँकन गरिन्छ । यसको लागि मुल्याँकनको १२ वटा तत्वहरु बजेट प्रस्तुतीको सम्बन्धमा पेश गरेको हुने प्रावधान रहेको छ । यसमा तपसिलका आधारभूत तत्वहरु ४ र अतिरिक्त तत्वहरु ८ रहेका छन , जस्को आधारमा प्रस्तुत सुचकको परीक्षण मुल्याँकन गरिएको छ ।

(क) आधारभूत तत्वहरु (Basic Elements):

१. प्रोदभावी संचालन परिणाम वा वित्तीय घाटा तथा वचतको प्रक्षेपण (Forecast)
२. अघिल्लो वर्षको बजेट खर्च (Outturn), बजेट प्रस्तावमा जस्तै सोही ढाँचामा प्रस्तुत गरेको
३. वर्तमान आर्थिक वर्षको बजेट प्रस्तावको जस्तै ढाँचामा बजेट प्रस्तुत गरिएको । यो कि त परिमार्जित बजेट वा अनुमानित खर्च (Revised budget or the estimated outturn) हुन सक्छ ।
४.वर्गिकरणका मुख्य शिर्षकहरु (Main Heads) अनुसार राजस्व र खर्चको दुवैको लागि एकीकृत बजेट तथ्याँक प्रयोग गरिएको

(ख) अतिरिक्त तत्वहरु (Additional Elements):

५.घाटा वित्त (Deficit Financing), सो को अग्रिम संरचना वर्णन गरेको
६.समष्टिगत अनुमानहरु (Assumptions), जस्मा कम्तीमा कुल ग्राहस्थ्य उत्पादन वृद्धि, मुद्रास्फिति, ब्याजदर र विनिमय दरको अनुमान गरेको हुनुपर्ने
७.ऋण स्टक विवरण प्रस्तुत हुनुपर्ने जुन सरकारी वित्तीय तथ्याँक वा तुलनात्मक मापदण्डको आधारमा वर्तमान आर्थिक वर्षको शुरुमा प्रस्तुत गरेको हुनुपर्ने
८.वित्तीय सम्पतिहरु, ऋण स्टक विवरण प्रस्तुत हुनुपर्ने जुन सरकारी वित्तीय तथ्याँक वा तुलनात्मक मापदण्डको आधारमा वर्तमान आर्थिक वर्षको शुरुमा प्रस्तुत गरेको हुनुपर्ने
९.वित्तीय जोखिमहरु, आकष्मिक दायित्वहरु जस्तै जमानत र आकष्मिक दायित्वहरु (Obligations) जस्मा सार्वजनिक निजी साझेदारी जस्तो करार आदिहरु वित्तीय संरचना साधनमा समावेश भएको हुनुपर्ने
१०.मुख्य सार्वजनिक लगानीहरु र नयाँ नीति अग्रसरता (Initiatives) को बजेटमा पार्ने प्रभावहरुको व्याख्या गरेको हुनुपर्ने जस्मा खर्च कार्यक्रमहरुमा गरिएको मुख्य परिवर्तनहरु वा सम्पूर्ण मुख्य राजस्व नीतिगत परिवर्तनको बजेटमा पर्ने प्रभावको अनुमान गरिएको हुनुपर्ने
११.मध्यकालिन वित्तीय प्रक्षेपण (Medium Term Fiscal forecasts) को कागजात हुनुपर्ने
१२.कर खर्चहरुको परिमाण एकीन हुनुपर्ने

यो सुचक एक पाटोको आधारमा मुल्याँकन गरिन्छ ।

५.१. बजेटको औपचारिक कागजात सुचकको परीक्षण गर्ने तथा अंक प्रदान गर्ने आधारहरु

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	समावेश गर्ने निकायको क्षेत्र **(Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	बजेट पुस्तीकाले १० तत्वहरु पूरा गर्दछ, जस्मा प्रत्येक आधारभूत तत्वहरु (१ देखि ४) पूरा गरेको हुनुपर्ने	प्रदेश स्तरको बजेट	संसदमा प्रस्तुत गरेको अन्तिम बजेट (गत आर्थिक वर्ष)
"ख"	बजेट पुस्तीकाले ७ तत्वहरु पूरा गर्दछ, जस्मा कम्तीमा ३ आधारभूत तत्वहरु (१ देखि ४) पूरा गरेको हुनुपर्ने	प्रदेश स्तरको बजेट	संसदमा प्रस्तुत गरेको अन्तिम बजेट (गत आर्थिक वर्ष)

"ग"	बजेट पुस्तीकाले कम्तीमा ३ आधारभूत तत्वहरु (१ देखि ४) पूरा गरेको हुनुपर्ने	प्रदेश स्तरको बजेट	संसदमा प्रस्तुत गरेको अन्तिम बजेट (गत आर्थिक वर्ष)
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश स्तरको बजेट	संसदमा प्रस्तुत गरेको अन्तिम बजेट *(गत आर्थिक वर्ष)*

५.२. बजेटको औपचारिक कागजातको सुचकको अवस्था तथा आधार, प्रमाणहरु :

आर्थिक वर्ष	बजेटको आधारभूत र अतिरिक्त तत्वहरुको आधारहरु	प्रमाण कागजात र आधार	मापदण्ड पूरा गरे नगरेको
संसदमा प्रस्तुत गरेको अन्तिम बजेट आ ब **२०७९।८०**	**(क) आधारभूत तत्वहरु**		
	१.प्रोदभावी संचालन परिणाम वा वित्तीय घाटा तथा वचतको प्रक्षेपण	आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.ब.२०७९।८० को बजेट बक्तव्यको अनुसुची १ मा यस्तो प्रक्षेपण गर्ने प्रावधान रहेको	गरेको
	२. अघिल्लो वर्षको बजेट खर्च बजेट प्रस्तावमा जस्तै सोही ढाँचामा प्रस्तुत	आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.ब.२०७९।८० को व्यय अनुमानको साराँश लगायत सबै कार्यात्मक बजेट शीर्षकहरुमा व्ययको अनुमानित विवरणमा (पेज २ देखि सबै उपशिर्षकहरुमा) अघिल्लो वर्षको बजेट खर्चलाई बजेट प्रस्ताव कै ढाँचामा प्रस्तुत गरेको	गरेको
	३. वर्तमान आर्थिक वर्षको बजेट प्रस्तावको जस्तै ढाँचामा परिमार्जित बजेट वा अनुमानित खर्च	आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.ब.२०७९।८० को व्यय अनुमानको साराँश लगायत सबै कार्यात्मक बजेट शीर्षकहरुमा व्ययको अनुमानित विवरणमा (पेज २ देखि सबै उपशिर्षकहरुमा) वर्तमान आर्थिक वर्षको बजेट प्रस्तावको जस्तै ढाँचामा परिमार्जित बजेट वा अनुमानित खर्चबजेट प्रस्ताव कै ढाँचामा प्रस्तुत गरेको	गरेको
	४. वर्गिकरणका मुख्य शिर्षक अनुसार राजस्व र खर्चको दुवैको लागि एकीकृत बजेट तथ्याँक प्रयोग	**एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४** महालेखापरीक्षकको कार्यालयबाट २०७४।०७।०१ मा स्वीकृत गराई अन्तरराष्टिय मुद्रा कोषको सरकारी वित्त तथ्याँक वर्गिकरण २०१४ अनुसार खातासुची तयार गरी तीनै तहको सरकारलाई लागू हुने व्यवस्था भएको (महालेखा नियन्त्रक कार्यालयको वेवसाईट www.fcgo.gov.np मा उपलब्ध रहेको) साथै *नेपालको सरकारी लेखा फारामहरु २०७६ मा उल्लिखित राजस्व सम्बन्धी फाराम नं.१०१ देखि ११५ सम्मको १५ वटा फारामहरु, खर्च लेखाँकन र प्रतिवेदनका फारामहरु मध्ये खर्च लेखाँकन र प्रतिवेदन २०१ देखी २३२, मुल प्रतिवेदन फारामहरु २७० देखि २७५ तथा बजेट कार्यान्वियनसम्बन्धी फारामहरु ३०१ देखि ३१५ सम्ममा फारामहरु समेत तीनै तहको सरकारको लागि २०७६।२।१९ मा महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरी **महालेखा नियन्त्रक कार्यालयले लागू गरेको** (फारामहरु www.fcgo.gov.np मा उपलब्ध)*	गरेको
	(ख) अतिरिक्त तत्वहरु		
	५.घाटा वित्तको अग्रिम संरचना वर्णन	**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४** को दफा १४ र १५ मा आन्तरिक ऋण लिनको लागि नेपाल	गरेको

		सरकार तथा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको स्वीकृत नलिई गर्न नसकिने भएको र यसरी ऋण लिंदा विभिन्न पक्ष खुलाउनु पर्ने भएकोले अग्रिम संरचना बजेट प्रस्तावमा घाटा वित्त पेश गर्नुपर्ने बेलामा नै वर्णन गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको	
	६.समष्टिगत अनुमानहरु जस्मा कम्तीमा कुल ग्राहस्थ्य उत्पादन वृद्धि, मुद्रास्फिति, ब्याजदर र विनिमय दरको अनुमान गरेको	आर्थिक मामिला तथा योजना मन्त्रालयले पेश गरेको आ.ब. २०७८।७९ को आर्थिक सर्भेक्षणमा कुल ग्राहस्थ्य उत्पादनमा प्रदेश १ को योगदान १५.७ उल्लेख गरिएको (पेज २),	मुद्रास्फिति, ब्याजदर र विनिमय दरको अनुमान राष्ट्रिय परिप्रेक्ष्यमा गरिने भएको प्रदेश स्तरमा भएको नदेखिएको ***आशिक रुपमा गरेको***
	७. ऋण स्टक विवरण प्रस्तुत हुनुपर्ने जुन सरकारी वित्तीय तथ्याँक वा तुलनात्मक मापदण्डको आधारमा वर्तमान आर्थिक वर्षको शुरुमा प्रस्तुत गरेको हुनुपर्ने	**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४** को दफा १४ र १५ मा आन्तरिक ऋण लिनको लागि नेपाल सरकार तथा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको स्वीकृत नलिई गर्न नसकिने भएको र यसरी ऋण लिंदा विभिन्न पक्ष खुलाउनु पर्ने भएकोले ऋण स्टक विवरण आर्थिक वर्षको शुरुमा बजेट प्रस्ताव पेश गर्नुपर्ने बेलामा नै प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको	गरेको
	८. वित्तीय सम्पतिहरु, ऋण स्टक विवरण प्रस्तुत हुनुपर्ने जुन सरकारी वित्तीय तथ्याँक वा तुलनात्मक मापदण्डको आधारमा वर्तमान आर्थिक वर्षको शुरुमा प्रस्तुत गरेको	वित्तीय सम्पतिहरु प्रस्तुत भएको नदेखिएको तर ऋण स्टक विवरण सि नं. ७ अनुसार गर्नुपर्ने व्यवस्था रहेको	*आशिक रुपमा गरेको*
	९.वित्तीय जोखिमहरु, आकष्मिक दायित्वहरु जस्तै जमानत र आकष्मिक दायित्वहरु जस्मा सार्वजनिक निजी साझेदारी जस्तो करार आदिहरु वित्तीय संरचना साधनमा समावेश भएको	प्रदेश १ ले आर्थिक वर्ष २०७८।७९ को आर्थिक सर्भेक्षण (पेज ५१) मा सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन २०७६ तथा नियमावली २०७७ जारी गरेको तथा सार्वजनिक निजी साझेदारी कार्यक्रम कार्यान्वयन नियमावली २०७६ लागू भएको र प्रदेश लगानी प्राधिकरण गठन गरी कार्य भएको। यस्तो कार्यहरु प्रारम्भिक चरणमा रहेको सम्भाव्यता अध्ययन भैरहेको देखिएकोले वित्तीय जोखिम वा आकष्मिक दायित्वहरु वित्तीय संरचनामा समावेश भएको मान्न सकिने (पेज ५१)	*आशिक रुपमा गरेको*
	१०. मुख्य सार्वजनिक लगानीहरु र नयाँ नीति अग्रसरताको बजेटमा पार्ने प्रभावहरुको व्याख्या गरेको हुनुपर्ने	*आर्थिक मामिला तथा योजना मन्त्रालयले पेश गरेका बजेट वक्तव्य २०७९।८० को बुँदा १९३ मा क्षमता विकास तथा बुँदा नं २१५ देखि २२३ सम्म राजस्व र २३३ मा बजेटको खर्चबाट प्रदेशको ग्राहस्थ्य उत्पादनमा हुने वृद्धिको अनुमान गरिएको छ।*	*आशिक रुपमा गरेको*
	११.मध्यकालिन वित्तीय प्रक्षेपण (Medium Term Fiscal forecasts) को कागजात हुनुपर्ने	*आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ अनुसार मध्यकालिन वित्तीय प्रक्षेपण अनिवार्य गरिएको र आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले प्रकाशन गरेको २०७७।७८ देखि २०७९।८० सम्मको को मध्यमकालिन खर्च संरचना पुस्तीकामा माननीय अर्थमन्त्रीको अध्यक्षतामा ६ सदस्यीय मध्यमकालिन खर्चको लागि संस्थागत व्यवस्था गरी एक समिति रहेको र आर्थिक मामिला तथा योजना मन्त्रालयका मन्त्रीको संयोजकत्वमा श्रोत समिति गठन*	*गरेको*

		हुने र सो समितिले समष्टिगत आर्थिक संरचना तयार गर्ने प्रावधान रहेको छ। यसबाट मध्यमकालिन खर्च संरचना तयार भएको छ (मध्यमकालिन खर्च संरचना पेज २)	
	१२. कर खर्चहरुको परिमाण एकीन	कर खर्चहरुको परिमाण एकीन गर्ने गरेको नदेखिएको	नगरेको

५.३. सुचक ५ को अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक ५ को अंक तथा स्तर निर्धारणको सारााँश तथा व्याख्या				
सुचक	**प्रयोग गरिएको प्रमाण**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
सुचक ५	*संसदमा प्रस्तुत गरेको अन्तिम बजेट (गत आर्थिक वर्ष) २०७९।८० को* ***बजेटको औपचारिक कागजात***	**"क"**	बजेट पुस्तीकाले १० तत्वहरु पूरा गर्दछ, जस्मा प्रत्येक आधारभूत तत्वहरु (१ देखि ४) पूरा गरेको हुनुपर्ने	*अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर, २०७९।८० को व्यय अनुमानको विवरण,२०७९।८० को बजेट वक्तव्य, मध्यमकालिन खर्च संरचना, आर्थिक सर्भेक्षण २०७८।७९, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, २०७७।७८ देखि २०७९।८० सम्मको मध्यमकालिन खर्च संरचना पुस्तीका ।* मुद्रास्फिति, ब्याजदर र विनिमय दरको अनुमान राष्ट्रिय परिप्रेक्ष्यमा गरिने भएको प्रदेश स्तरमा भएको नदेखिएको ***आशिक रुपमा गरेको***
अंक र स्तर निर्धारण गरिएको आधारको व्याख्या	***सुचक ५ को लागि अंक र स्तर निर्धारण "क"*** *गरिएको छ। बजेट कागजातको* ***आधारभूत तत्वहरुको*** *रुपमा रहेको ४ वटा तत्वहरुमा सबै तत्वहरु प्रदेशको बजेट कागजात प्रस्तुत गर्ने समयमा नै उल्लेख र समावेश हुने गरेको देखिन्छ। बजेट पेश भएको अन्तिम आर्थिक वर्ष २०७९।८० को व्यय अनुमानको विवरणमा स्पष्ट रुपमा* प्रोदभावी *संचालन परिणाम वा वित्तीय घाटा तथा वचतको प्रक्षेपण, अघिल्लो वर्षको बजेट खर्च बजेट प्रस्तावमा जस्तै सोही ढाँचामा प्रस्तुत गरिएको छ। त्यस्तै* वर्तमान आर्थिक वर्षको बजेट प्रस्तावको जस्तै ढाँचामा परिमार्जित बजेट वा अनुमानित खर्च उल्लेख गर्नुपर्नेमा उल्लिखित व्यय अनुमानको विवरणमा सो कुराहरु स्पष्ट रुपमा तुलना हुन सक्ने गरी उल्लेख गरेको देखिन्छ । त्यस्तै वर्गिकरणका मुख्य शिर्षक अनुसार राजस्व र खर्चको दुवैको लागि एकीकृत बजेट तथ्याँक प्रयोग *गर्नुपर्ने प्रावधान रहेकोमा महालेखा नियन्त्रक कार्यालयले* **एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४** महालेखापरीक्षकको कार्यालयबाट २०७४।०७।०१ मा स्वीकृत गराई अन्तरराष्ट्रिय मुद्रा कोषको सरकारी वित्त तथ्याँक वर्गिकरण २०१४ अनुसार खातासुची तयार गरी तीनै तहको सरकारलाई लागू हुने व्यवस्था गरेको हुँदा सो आधारभूत तत्व समेत पूरा भएको छ। यस प्रकार प्रदेश १ को बजेट कागजातसम्बन्धी *आधारभूत तत्वहरुका ४ वटा सबै सुचक मापदण्डहरु* पूरा भएको देखिन्छ । **अतिरिक्त तत्वहरु:** बजेटसम्बन्धी कागजातको समयमा आधारभूत तत्वहरुको साथै *८ वटा अतिरिक्त तत्वहरुको समेत परीक्षण* गर्नुपर्ने यस सुचकको विषय अनुसार प्रदेश १ सरकारको वित्तीय व्यवस्थापनको सम्बन्धमा सो पालना गरे नगरेको सम्पुष्टी गर्नुपर्ने प्रावधान पनि रहेको छ । अतिरिक्त तत्वहरु मध्ये *घाटा वित्तको अग्रिम संरचना वर्णन, ऋण स्टक विवरण प्रस्तुत हुनुपर्ने जुन सरकारी वित्तीय तथ्याँक वा तुलनात्मक मापदण्डको आधारमा वर्तमान आर्थिक वर्षको शुरुमा प्रस्तुत गरेको हुनुपर्ने, मध्यकालिन वित्तीय प्रक्षेपणको कागजात हुनुपर्ने सुचकको आवश्यकता* **पालना भएको** देखिन्छ । व्यय अनुमानको विवरण , बजेट वक्तव्य तथा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले संयुक्त			

	रुपमा तयार गरेको मध्यकालिन वित्त प्रक्षेपणले उल्लिखित ३ अतिरिक्त तत्वहरु हालको बजेट कागजातमा समेटिएको देखिन्छ । अन्य अतिरिक्त तत्वहरु मध्ये *मुख्य सार्वजनिक लगानीहरु र नयाँ नीति अग्रसरताको बजेटमा पार्ने प्रभावहरुको व्याख्या गरेको हुनुपर्ने, वित्तीय सम्पतिहरु, ऋण स्टक विवरण प्रस्तुत हुनुपर्ने जुन सरकारी वित्तीय तथ्याँक वा तुलनात्मक मापदण्डको आधारमा वर्तमान आर्थिक वर्षको शुरुमा प्रस्तुत गरेको विवरणहरु पूर्ण रुपमा भएपनि आँशिक रुपमा पूरा गरेको देखिन्छ । संघीय स्तरमा गर्नुपर्ने कामको प्रकृति भएकोले प्रदेश स्तरमा हुबहु कार्यान्वयन नभए पनि प्रदेशको कार्यक्षेत्र अनुसार उल्लिखित अवस्था सुचकको हिसावले संतोषजनक नै मान्नुपर्ने देखिएको छ । तर एक सुचक* कर खर्चहरुको परिमाण एकीन गर्ने कार्य भएको देखिदैन । त्यसैले सो सुचक कार्यान्वयन भएको देखिंदैन । *यसरी १२ वटा सुचक मापदण्ड मध्ये ११ सुचक मापदण्ड पूरा गरेको देखिएको हुँदा १० सुचकहरुको मापदण्ड पूरा गरेमा **"क"** अंक र स्तर कायम गरिने आधार अनुसार यस सुचकमा प्रदेश सरकारको कार्यसम्पादन राम्रो रहेको हुँदा **"क"** अंक र स्तर गणना गरिएको छ ।*

सुचक ६ : प्रदेश सरकारको वित्तीय प्रतिवेदन बाहिरका कार्यहरु

यस सुचकले प्रदेश सरकारको वित्तीय प्रतिवेदनहरु प्रदेश सरकारको राजस्व र खर्चको कुन हदसम्म सरकारी निकाय बाहिरको गैरबजेटरी निकायहरुको विवरण समावेश गरिएको भन्ने कुराको मापन गर्दछ । यस सुचकका ***तीन वटा पाटाहरु*** *(Three Dimensional)* छन र ***एकीकृत पाटाहरुको अंकको लागि M2 (सरदर) पद्धति*** प्रयोग गरिएको छ । सरकारलाई प्राप्त हुने **एक्सपोष्ट वित्तीय प्रतिवेदनहरुले राजस्व र खर्चको** प्रत्येक वर्गिकरण अन्तर्गतको सम्पूर्ण तस्वीर समावेश गर्नको लागि सबै बजेटरी तथा गैरबजेटरी क्रियाकलापहरु प्रदेश सरकारलाई उपलब्ध हुनुपर्दछ । तर यस्को लागि गैरबजेटरी क्रियाकलापहरु भएमा मात्र यस्तो प्रतिवेदन तयार गर्नुपर्दछ ।

सुचक ६.१. वित्तीय प्रतिवेदनहरु बाहिरका खर्चहरु (Expenditure Outside Financial Reports)

६.१.१.यस पाटोले सरकारको वित्तीय प्रतिवेदनहरुमा प्रतिवेदन नगरिएको बजेटरी तथा गैरबजेटरी एकाईहरुको खर्चको हद (Magnitude) को मुल्याँकन गर्दछ । यस प्रकारको खर्चमा फी र चार्जहरुबाट गरिएका खर्चहरु र स्वीकृत बजेट र खर्च भन्दा बाहिरका *बजेटरी तथा गैरबजेटरी एकाईहरुले बाह्य श्रोतबाट र क्रियाकलापहरु सरकारको वित्तीय प्रतिवेदनमा समावेश हुन नसकेको रकमहरु* पर्दछन । यसरी गरिने प्रतिवेदनको **अंक प्रदान गर्ने तालिका र मापदण्ड** तपसिल बमोजिम रहेको छ :

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	सरकारी वित्तीय प्रतिवेदनहरु बाहिरका खर्चहरु प्रदेश सरकारको कुल खर्चको १ % भन्दा कम रहेको	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्ष
"ख"	सरकारी वित्तीय प्रतिवेदनहरु बाहिरका खर्चहरु प्रदेश सरकारको कुल खर्चको ५ % भन्दा कम रहेको	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्ष
"ग"	सरकारी वित्तीय प्रतिवेदनहरु बाहिरका खर्चहरु प्रदेश सरकारको कुल खर्चको १० % भन्दा कम रहेको	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्ष
"घ"	कार्यसम्पादनको लागि **"ग"** प्राप्त गर्न आवश्यक अंक भन्दा कम भएको	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्ष

६.१.२. वित्तीय प्रतिवेदनहरु बाहिरका खर्चहरु सुचकको अवस्था तथा आधार, प्रमाणहरु

प्रदेश १ सरकारको वित्तीय प्रतिवेदन बाहिरका खर्चहरुको लागि बजेटरी र गैरबजेटरी निकायहरुको खर्चको अध्ययन गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत २६४११ समिति र बोर्डहरुलाई निशर्त अनुदान, २६४१३ः अन्य संस्थालाई अनुदान सशर्त र २६४२१ सरकारी निकाय समिति तथा बोर्डलाई निशर्तः पूँजीगत अनुदान आदि शिर्षकहरु भएकोमा अन्य मन्त्रालयहरुमा समेत यस्तो प्रावधान रहेको देखिन्छ । बजेटरी निकायहरुको वित्तीय प्रतिवेदनहरुमा त्यस्तो अनुदान समावेश भएको **व्यय अनुमानको विवरणको खर्च**मा देखाईएको छ भने गैर बजेटरी निकायको रुपमा एक मात्र **प्रदेश लगानी प्राधिकरण** देखिन्छ । सो निकायको पनि महालेखापरीक्षकको प्रदेश १ को चौथो वार्षिक प्रतिवेदन २०७९ को अनुसुची ४ मा आय तथा व्ययको साथै वेरुजुको विवरण समेत समावेश भएको देखिएको छ । यसरी सबै बजेटरी तथा गैरबजेटरी निकायहरुको वित्तीय प्रतिवेदनमा विवरण समावेश भएको देखिएको छ । यसले गर्दा हाल प्रदेश १ को सम्बन्धमा सरकारी प्रतिवेदन बाहिरका खर्चहरु रहेको देखिएन । प्रदेश १ कार्यान्वयनको ४ वर्ष पूरा भएको र स्वायत्त निकायहरु गठन नभएको कारणले सबै खर्चहरु वित्तीय प्रतिवेदनमा समावेश नै भएको देखिएको छ ।

६.१.३.सुचक ६ को अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक ६.१ को अंक तथा स्तर निर्धारणको साराँश तथा व्याख्या				
सुचक	**प्रयोग गरिएको प्रमाण**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
सुचक ६	सम्पन्न भएको गत आर्थिक वर्ष २०७७।७८ वित्तीय प्रतिवेदनहरु	**"क"**	सरकारी वित्तीय प्रतिवेदनहरु बाहिरका खर्चहरु प्रदेश सरकारको कुल खर्चको १ % भन्दा कम रहेको	प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ तथा सोही प्रतिवेदनमा समावेश भएको (पेज १००) प्रदेश लेखा नियन्त्रक कार्यालयको *प्रदेश संचित कोषको वार्षिक* आर्थिक विवरणको लेखा नीतिको व्याख्यात्मक विवरण
अंक र स्तर निर्धारण गरिएको आधार र व्याख्या	***सुचक ६ को लागि अंक र स्तर निर्धारण "क"*** *गरिएको छ ।* सबै बजेटरी तथा गैरबजेटरी निकायहरुको वित्तीय प्रतिवेदनमा विवरण समावेश भएको देखिएको छ । यसले गर्दा हाल प्रदेश १ को सम्बन्धमा सरकारी प्रतिवेदन बाहिरका खर्चहरु रहेको देखिएन । प्रदेश १ कार्यान्वयनको ४ वर्ष पूरा भएको र स्वायत्त निकायहरु धेरै गठन नभएको कारणले खर्चहरु वित्तीय प्रतिवेदनमा समावेश नै भएको देखिएको छ । **प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ तथा सोही प्रतिवेदनमा समावेश भएको (पेज १००) प्रदेश लेखा नियन्त्रक कार्यालयको *प्रदेश संचित कोषको वार्षिक*** आर्थिक विवरणमा गैरबजेटरी निकायहरुको समेत ***निकासालाई खर्च मानी प्रतिवेदन*** गरिएको **प्रदेश संचित कोषको लेखा नीतिमा** स्पष्ट गरिएको देखिएको र महालेखापरीक्षकको उल्लिखित प्रतिवेदनमा समेत प्रतिवेदनमा कुनै कैफियत नदेखिएको हुँदा सरकारी वित्तीय प्रतिवेदनहरु बाहिरका खर्चहरु नभएको देखिएकोले प्रदेश सरकारको कुल खर्चको १ % भन्दा कम रहेको मापदण्डको आधारमा सो अंक प्रदान गरिएको छ ।			

सुचक ६.२. वित्तीय प्रतिवेदनहरु बाहिरका राजस्वहरु (Revenue Outside Financial Reports)

यस सुचकको मुख्य उद्देश्य प्रदेश १ सरकारले तयार गरेको वित्तीय प्रतिवेदनमा राजस्वसम्बन्धी आँकडाहरु शुरु बजेटमा प्रस्तुत गरिएको बजेटमा उल्लिखित राजस्व भन्दा अन्य राजस्व वा प्राप्तीहरु भए त्यस्ता श्रोतहरु पनि लेखाँकन र प्रतिवेदनमा समावेश भए नभएको परीक्षण गर्नु रहेको छ ।

६.२.१. वित्तीय प्रतिवेदनमा गैरबजेटरी हस्तान्तरण वा अन्य श्रोत : यस पाटोले बजेटरी र गैरबजेटरी एकाईहरुले (सामाजिक सुरक्षा कोष सहीत) प्राप्त गरेको राजस्व तर सरकारको वित्तीय प्रतिवेदनहरुमा प्रतिवेदन नभएको हदसम्मको परीक्षण गरिन्छ । यस राजस्वमा गैरबजेटरी एकाईहरुले बजेटरी हस्तान्तरण वा दातृ निकायहरुको श्रोत भएका आयोजनाहरुबाट प्राप्त अन्य राजस्वहरु, स्वीकृत बजेटमा नभएको र बाहिरबाट प्राप्त फी तथा चार्जहरु जुन सरकारको वित्तीय प्रतिवेदनमा समावेश भएको छैन सो राजस्वहरु समावेश गरिन्छ । यस सुचकको **अंक प्रदान गर्ने तालिका र मापदण्ड तपसिल बमोजिम रहेको छ ।**

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	सरकारी वित्तीय प्रतिवेदनहरु बाहिरका राजस्व प्रदेश सरकारको कुल राजस्वको १ % भन्दा कम रहेको	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्ष
"ख"	सरकारी वित्तीय प्रतिवेदनहरु बाहिरका राजस्व प्रदेश सरकारको कुल राजस्वको ५ % भन्दा कम रहेको	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्ष
"ग"	सरकारी वित्तीय प्रतिवेदनहरु बाहिरका राजस्व प्रदेश सरकारको कुल राजस्वको १० % भन्दा कम रहेको	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्ष
"घ"	कार्यसम्पादनको लागि **"ग"** प्राप्त गर्न आवश्यक अंक भन्दा कम भएको	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्ष

६.२.२.सुचकको अवस्था तथा आधार, प्रमाणहरु : गैर बजेटरी निकायको रुपमा एक मात्र प्रदेश लगानी प्राधिकरण रहेको देखिएकोमा सो प्राधिकरणको आ.ब. २०७७।७८ को लागि बिक्री र सेवा शुल्क तथा अनुदान गरी २५४५० हजार रकम आय भएको देखाई लेखापरीक्षण समेत भएको व्यहोरा प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन (पेज ८६) मा उल्लेख भएकोले सो निकायको पनि आय समावेश भएको नै देखिन्छ । यसको साथै प्रदेश १ सरकारले वैदेशिक सहायता लिंदा संघीय सरकारको स्वीकृती लिनुपर्ने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा (१४) मा व्यवस्था गरिएको हुँदा वैदेशिक सहायता प्रदेश १ सरकारले सोझै लिन सक्ने अवस्था नभएकोले यस्तो वैदेशिक श्रोत प्राप्त हुने अवस्था देखिंदैन । दातृ निकायले सयुक्त रुपमा संचालित *प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम* पनि प्रदेश सरकारको मुख्यमन्त्री कार्यालयको बजेट उपशिर्षक अन्तर्गत राखिएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७७।७८ को प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरणमा राजस्व तर्फको लेखाँकन बैंकमा जम्मा भएको रकमलाई आधार मानिएको, प्रदेश एकल खाता कोष प्रणाली र राजस्व सुचना व्यवस्थापन प्रणाली (रिम्स) बाट प्राप्त प्रतिवेदनलाई आधार मानी राजस्वको विवरण तयार गरिएको उल्लेख गरिएको छ । प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ मा समावेश प्रदेश लेखा नियन्त्रक कार्यालयको माथि उल्लिखित प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरणको **लेखा नीतिको बुँदा ६** मा राजस्वसम्बन्धी प्राप्तीको विस्तृत विवरण उल्लेख भएकोमा गैर बजेटरी निकायबाट आय प्राप्ती गरेको देखाईएको छैन । तर महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९ (मुल प्रतिवेदनको पेज ६१०) को प्रतिवेदनले विभाज्य कोषको सम्बन्धमा

सो कोष अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार सवारी साधन कर वापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सो को ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयले **११ करोड ३३ लाख रकम बाँडफाँट नगरी बाँकी राखेको प्रतिवेदन** गरेकोले सो बराबरको रकम प्रदेशको राजस्व आय नभएको हुँदा सो रकम *प्रदेश १ को राजस्व (कर) शीर्षकमा समायोजन गरी (घटाई) राजस्व रकम एकीन गर्नुपर्ने* देखिन्छ ।

६.२.३. सुचकको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या

सुचक ६.२ को अंक तथा स्तर निर्धारणको साराँश तथा व्याख्या				
सुचक	**प्रयोग गरिएको प्रमाण**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
सुचक ६.२	सम्पन्न भएको गत आर्थिक वर्ष २०७७/७८ वित्तीय प्रतिवेदन (राजस्व)	**"क"**	सरकारी वित्तीय प्रतिवेदनहरु बाहिरका राजस्व प्रदेश सरकारको कुल राजस्वको १ % भन्दा कम रहेको	महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ पेज ६१0, प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ (पेज १००) प्रदेश लेखा नियन्त्रक कार्यालयको *प्रदेश संचित कोषको वार्षिक* आर्थिक विवरणको लेखा नीतिको व्याख्यात्मक विवरण लेखा नीतिको बुँदा ६ ।
अंक र स्तर निर्धारण गरिएको आधार र व्याख्या	***सुचक ६.२ को लागि अंक र स्तर निर्धारण "क"*** *गरिएको छ । प्रदेश स्तरको* सबै बजेटरी तथा गैरबजेटरी निकायहरुको वित्तीय प्रतिवेदनमा राजस्वको विवरण समावेश भएको देखिएको छ । **प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ तथा सोही प्रतिवेदनमा समावेश भएको (पेज १००) प्रदेश लेखा नियन्त्रक कार्यालयको** *प्रदेश संचित कोषको वार्षिक* आर्थिक विवरणको लेखा नीतिको व्याख्यात्मक विवरण लेखा नीतिको बुँदा ६ मा राजस्व थप प्राप्ती र लेखाँकनको विषयमा उल्लेख भएको देखिंदैन । त्यस्तै राजस्वको महालेखापरीक्षकको **चौथो वार्षिक प्रतिवेदन २०७९** मा समेत प्रतिवेदनमा कुनै कैफियत नदेखिएको हुँदा सरकारी वित्तीय प्रतिवेदनहरु बाहिरका राजस्वहरु भएको देखिंदैन । यसैले यस सुचकको मापदण्ड बमोजिम प्रदेश सरकारको सरकारी वित्तीय प्रतिवेदनहरु बाहिरका राजस्व प्रदेश सरकारको कुल राजस्वको १ % भन्दा कम रहेको आधारमा सो अंक प्रदान गरिएको छ ।			

अन्तिम मसौदा

सुचक ६.३. गैरबजेटरी एकाईहरुको वित्तीय प्रतिवेदनहरु (Financial reports of extrabudgetary units) :

६.३.१.गैरबजेटरी एकाईहरुले कुन हदसम्म प्रदेश सरकारलाई एक्सपोष्ट वित्तीय प्रतिवेदनहरु पेश गरेको छ सो को जाँच गरिन्छ । वार्षिक वित्तीय प्रतिवेदनहरु समष्टिगत रुपमा हुनुपर्ने र प्रदेश सरकारको केन्द्रीय प्रतिवेदन आवश्यकता (सुचक **२९**) अनुसार समयमा नै उपलब्ध भए नभएको परीक्षण गर्नुपर्दछ । सुचनामा वास्तविक राजस्व र खर्च, सम्पति तथा दायित्वहरु, जमानतहरु त्था दीर्घकालिन दायित्वहरु (Obligations) समावेश भएको हुनुपर्दछ ।

अन्तरराष्टिय मुद्रा कोष GFS Manual 2014 अनुसार **एकल बजेट भएका एकाईहरु** जस्लाई **मुख्य बजेटले पूर्णतया समावेश (Cover) नगरेको भएमा त्यसलाई पनि गैरबजेटरी** भनिन्छ ।

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	आर्थिक वर्ष समाप्त भएको **३ महिना** भित्र **सबै** (All) गैरबजेटरी एकाईहरुले विस्तृत वित्तीय प्रतिवेदनहरु प्रदेश सरकारलाई प्रस्तुत गरेको	प्रदेश स्तर	अन्तिम सम्पन्न आर्थिक वर्ष
"ख"	आर्थिक वर्ष समाप्त भएको **६ महिना** भित्र **धेरै** (Most) गैरबजेटरी एकाईहरुले विस्तृत वित्तीय प्रतिवेदनहरु प्रदेश सरकारलाई प्रस्तुत गरेको	प्रदेश स्तर	अन्तिम सम्पन्न आर्थिक वर्ष
"ग"	आर्थिक वर्ष समाप्त भएको **९ महिना** भित्र **बहुसंख्यक** (Majority) गैरबजेटरी एकाईहरुले विस्तृत वित्तीय प्रतिवेदनहरु प्रदेश सरकारलाई प्रस्तुत गरेको	प्रदेश स्तर	अन्तिम सम्पन्न आर्थिक वर्ष
"घ"	कार्यसम्पादनको लागि **"ग"** प्राप्त गर्न आवश्यक अंक भन्दा कम भएको	प्रदेश स्तर	अन्तिम सम्पन्न आर्थिक वर्ष

६.३.२.सुचकको अवस्था तथा आधार, प्रमाणहरु : गैर बजेटरी निकायको रुपमा एक मात्र प्रदेश लगानी प्राधिकरण रहेको देखिएकोमा **प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** *(पेज ८६)* सो प्राधिकरणको आ.ब. २०७७।७८ को लागि बिक्री र सेवा शुल्क तथा अनुदान गरी २५४५० हजार रकम आय भएको देखाएको छ । खर्च तर्फ प्रत्यक्ष खर्च, संचालन खर्च, कर्मचारी खर्च तथा अन्य खर्च गरी जम्मा रु ११०३३ हजार खर्च भएको देखाएको छ । उल्लिखित राजस्व तथा आय र प्राधिकरणको खर्चको लेखापरीक्षण समेत भएको व्यहोरा सो चौथो वार्षिक प्रतिवेदनमा उल्लेख भएकोले सो निकायको पनि आय र व्यय समावेश भएको नै देखिन्छ ।

गैर बजेटरी संस्था एक मात्र भएको र सो निकायको समेत आय र खर्च विवरण आर्थिक विवरण तोकिएको समय भित्र पेश गर्नुपर्नेमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको प्रदेशको संचित कोषको बार्षिक आर्थिक विवरणको लेखा नीतिको बुँदा २ मा प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ नियम **६ (छ) अनुसार वार्षिक आर्थिक विवरण मंसिर मसान्तमा पेश गर्नुपर्ने व्यवस्था भएपनि २०७७।७८** को सो विवरण कार्तिक महिनामा पेश गरिएको भनी उल्लेख गरिएकोले आर्थिक वर्ष समाप्त भएको ४ महिना पछि पेश गरिएको देखिन्छ (**प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** पेज ९९) । उल्लिखित समयमा गैरबजेटरी निकायको पनि आय र व्यय समावेश गरिएको अनुमान गरिएको छ ।

६.३.३. सुचकको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या

सुचक ६.३ को अंक तथा स्तर निर्धारणको साराँश तथा व्याख्या				
सुचक	**प्रयोग गरिएको प्रमाण**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
सुचक ६.३	सम्पन्न भएको गत आर्थिक वर्ष २०७७।७८ मा गैरबजेटरी निकायले समेत पेश गरेको वित्तीय प्रतिवेदन	**"ख"**	आर्थिक वर्ष समाप्त भएको **६ महिना** भित्र **धेरै** (Most) गैरबजेटरी एकाईहरुले विस्तृत वित्तीय प्रतिवेदनहरु प्रदेश सरकारलाई प्रस्तुत गरेको	प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ (पेज ८६ र ९९) प्रदेश लेखा नियन्त्रक कार्यालयको *प्रदेश संचित कोषको वार्षिक* आर्थिक विवरणको लेखा नीतिको व्याख्यात्मक विवरण लेखा नीतिको बुँदा २ । प्रदेश

				आर्थिक कार्यविधि नियमावली २०७५ नियम ६ **(छ)** ।

अंक र स्तर निर्धारण गरिएको आधार र व्याख्या	***सुचक ६.३ को लागि अंक र स्तर निर्धारण "ख"*** *गरिएको छ । प्रदेश स्तरमा एक मात्र* गैरबजेटरी निकायको रुपमा प्रदेश लगानी प्राधिकरण भएकोमा सो निकायको समेत वित्तीय प्रतिवेदन महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण गरी दिएको प्रतिवेदनमा सो प्राधिकरणको पनि आय र खर्च लेखापरीक्षण गरेको उल्लेख भएको छ । यस अघि **प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ मा समावेश भएको (पेज १००) प्रदेश लेखा नियन्त्रक कार्यालयको** *प्रदेश संचित कोषको वार्षिक* आर्थिक विवरणको लेखा नीतिको व्याख्यात्मक विवरण लेखा नीतिको बुँदा २ मा प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ नियम **६ (छ) अनुसार वार्षिक आर्थिक विवरण मंसिर मसान्तमा पेश गर्नुपर्ने व्यवस्था भएपनि २०७७।७८** को सो विवरण कार्तिक महिनामा पेश गरिएको भनी उल्लेख गरिएकोले आर्थिक वर्ष समाप्त भएको **४ महिना** भित्र पेश गरिएको देखिन्छ (**प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** पेज ९९) । यसैले यस सुचकको मापदण्ड बमोजिम आर्थिक वर्ष समाप्त भएको **६ महिना** भित्र **धेरै** (Most) गैरबजेटरी एकाईहरुले विस्तृत वित्तीय प्रतिवेदनहरु प्रदेश सरकारलाई प्रस्तुत गरेको हुनुपर्नेमा सो अवधि भित्र नै विवरण पेश गरेको देखिंदा यस सुचकको लागि सो अंक प्रदान गरिएको छ ।

सुचक ७ : पालिकाहरुका रकम हस्तान्तरण प्रणाली (Transfer to Sub-National Governments)

यस सुचकले प्रदेश सरकारबाट स्थानीय पालिकाहरुमा सोझै वित्तीय सम्बन्धको आधारमा हस्तान्तरण (Transfers) को समयतालिका र पारदर्शी तरिकाले गरेको कुराको परीक्षण गरिन्छ । यस अन्तर्गत स्थानीय पालिकाहरुको बजेट योजनामा सहजीकरण हुने गरी समयमा नै रकम बाँडफाँट भएको सुचना प्रदान भए नभएको कुरालाई ध्यानमा राखिन्छ । यो विधि दुई पाटोहरु छन र पाटोको अंक एकीकृत गर्नको लागि M2 (सरदर) पद्दति प्रयोग गरिन्छ । प्रदेश तहले पनि स्थानीय तहलाई अनुदान वा सह लगानीमा रकम उपलब्ध गराउने कानूनी प्रावधान भएकोले सो प्रावधान बमोजिम रकम हस्तान्तरण भए नभएको र समयमा नै हस्तान्तरण हुनुपर्ने हुँदा उल्लिखित अवधिमा भए नभएको समेत जाँच गर्नुपर्ने प्रावधान रहेको छ ।

७.१. पालिकाहरुका रकम हस्तान्तरण प्रणाली

७.१.१. पालिकाहरुका रकम हस्तान्तरण प्रणाली हस्तान्तरण बाँडफाँटको सुचक परीक्षण आधार तथा मापदण्ड : शर्त सहीत र शर्त रहीत हस्तान्तरणको बजेट र वास्तविक बाँडफाँटको लागि ***पारदर्शी र कानूनमा आधारीत*** भए नभएको परीक्षण गर्नुपर्नेछ । पालिकाको खर्च व्यहोर्नको लागि शर्तरहीत अनुदान स्वरुपमा गर्न सकिन्छ, जस्मा पालिकाहरुले छनौट गरिएको सेवा प्रवाह र खर्चको जिम्मेवारी पूरा गर्नको लागि बजेटमा समावेश गर्न सजिलो हुन सकोस । पालिकाहरुलाई अनुदान वितरण गर्ने स्पष्ट आधार हुनुपर्दछ । क्षितीजीय बाँडफाँटको लागि सुत्रको आवश्यकता वाडफाँट पारदर्शिता र मध्यकालिन रुपमा कोषको प्रक्षेपणको लागि आवश्यक हुन्छ जुन पालिकाहरुको योजना र खर्चको लागि बजेट तयारीको लागि उपलब्ध हुन सकोस । पालिकालाई प्रदान हुने हरेक वित्तीय हस्तान्तरणको लेखाजोखा जरुरी हुन्छ । यस सुचकको परीक्षण आधार तथा मापदण्ड तपसिल बमोजिम रहेको छ :

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**

"क"	प्रदेश सरकारबाट स्थानीय पालिकाहरुमा क्षितीजिय बाँडफाँट (Horizontal Allocation) अनुसार हस्तान्तरण गरिएको **सबै (All)** रकमहरु कानूनमा आधारीत भै पारदर्शी तरिकाले हस्तान्तरण भएको	प्रदेश स्तरको बजेट	संसदमा प्रस्तुत गरेको अन्तिम बजेट (गत आर्थिक वर्ष)
"ख"	प्रदेश सरकारबाट स्थानीय पालिकाहरुमा क्षितीजिय बाँडफाँट (Horizontal Allocation) अनुसार हस्तान्तरण गरिएको प्रायः स**बैजसो** (Most) रकमहरु कानूनमा आधारीत भै पारदर्शी तरिकाले हस्तान्तरण भएको	प्रदेश स्तरको बजेट	संसदमा प्रस्तुत गरेको अन्तिम बजेट (गत आर्थिक वर्ष)
"ग"	प्रदेश सरकारबाट स्थानीय पालिकाहरुमा क्षितीजिय बाँडफाँट (Horizontal Allocation) अनुसार हस्तान्तरण गरिएको **केही (Some)** रकमहरु कानूनमा आधारीत भै पारदर्शी तरिकाले हस्तान्तरण भएको	प्रदेश स्तरको बजेट	संसदमा प्रस्तुत गरेको अन्तिम बजेट (गत आर्थिक वर्ष)
"घ"	कार्यसम्पादनको लागि **"ग"** प्राप्त गर्न आवश्यक अंक भन्दा कम भएको	प्रदेश स्तरको बजेट	संसदमा प्रस्तुत गरेको अन्तिम बजेट (गत आर्थिक वर्ष)

७.१.२. पालिकाहरुका रकम हस्तान्तरण प्रणाली सुचकको अवस्था तथा आधार, प्रमाणहरु :

प्रदेश सरकारबाट स्थानीय पालिकाहरुमा क्षितीजिय बाँडफाँट (Horizontal Allocation) अनुसार हस्तान्तरण गरिएको प्रायः स**बैजसो** (Most) रकमहरु कानूनमा आधारीत भै पारदर्शी तरिकाले हस्तान्तरण भए नभएको भनी सुचकको परीक्षण गर्दा सो संग सम्बन्धीत **कानूनी व्यवस्थाहरु** प्रस्तुत गरी सो आधारमा **हस्तान्तरणको स्वरुप** हेरिनु पर्ने देखिन्छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ८ (२) अनुसार प्रदेश सरकारले वित्तीय समानीकरण अनुदान, दफा ९(३) बमोजिम सशर्त अनुदान, दफा १० (३) बमोजिम समपूरक अनुदान तथा सोही ऐनको दफा ११(२) बमोजिम विशेष अनुदान दिने व्यवस्था उल्लेख गरिएको छ । यसरी उक्त ऐनले अनुदान हस्तान्तरण गर्ने कानूनी व्यवस्था गरेको देखिन्छ ।

यस व्यवस्थाको कार्यान्वयनको लागि प्रदेश १ सरकारको आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यको बुँदा २३ र २४ मा क्रमशः समानीकरण तथा समपूरक अनुदान दिने गरी रकमको किटान गरिएको देखिन्छ । त्यस्तै प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८ को लागि महालेखापरीक्षकको कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरेको एकीकृत वार्षिक आर्थिक विवरणमा समेत स्थानीय तहलाई अनुदान हस्तान्तरण गरेको देखिन्छ । त्यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालयले उल्लिखित आर्थिक वर्षको लागि प्रदेश सभामा पेश गरेको व्ययको अनुमानित विवरणको प्रदेश संचित कोषबाट विनियोजन हुने व्यय अनुमानको साराँशको ८०१ उपशिर्षकमा समेत स्थानीय तहलाई बजेट विनियोजन र खर्च भएको देखिएको हुँदा कानून बमोजिम पारदर्शी तरिकाले अनुदान हस्तान्तरण गरिएको देखिन्छ ।

७.१.३. पालिकाहरुका रकम हस्तान्तरण प्रणाली सुचकको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या

सुचक ७.१. को अंक तथा स्तर निर्धारणको साराँश तथा व्याख्या				
सुचक	**प्रयोग गरिएको प्रमाण**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**

सुचक ७.१. पालिकाहरुका रकम हस्तान्तरण प्रणाली	सम्पन्न भएको गत आर्थिक वर्ष २०७७।७८ मा हस्तान्तरणको बजेट र वास्तविक बाँडफाँटको लागि ***पारदर्शी र कानूनमा आधारीत*** भए नभएको परीक्षण	**"क"**	प्रदेश सरकारबाट स्थानीय पालिकाहरुमा क्षितीजिय बाँडफाँट (Horizontal Allocation) अनुसार हस्तान्तरण गरिएको **सबै (All)** रकमहरु कानूनमा आधारीत भै पारदर्शी तरिकाले हस्तान्तरण भएको	अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश १ सरकारको आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्य, आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८ को लागि महालेखापरीक्षकको कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरेको एकीकृत वार्षिक आर्थिक विवरण, आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८ को लागि प्रदेश सभामा पेश गरेको व्ययको अनुमानित विवरण
अंक र स्तर निर्धारण गरिएको आधार र व्याख्या	***सुचक ६.३ को लागि अंक र स्तर निर्धारण "क"*** *गरिएको छ । यसको लागि प्रदेश सरकारले स्थानिय तहलाई हस्तान्तरण गरिएको अनुदान*संग सम्बन्धीत **कानूनी व्यवस्थाहरु** र **हस्तान्तरणको स्वरुप** हेर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ८ (२) अनुसार प्रदेश सरकारले वित्तीय समानीकरण अनुदान, दफा ९(३) बमोजिम सशर्त अनुदान, दफा १० (३) बमोजिम समपूरक अनुदान तथा सोही ऐनको दफा ११(२) बमोजिम विशेष अनुदान हस्तान्तरण गर्ने कानूनी व्यवस्था गरेको देखिन्छ । यसको साथै प्रदेश १ सरकारको आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यको बुँदा २३ र २४ मा क्रमशः समानीकरण तथा समपूरक अनुदान दिने गरी रकमको किटान गरिएको देखिन्छ । त्यस्तै प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८ को लागि महालेखापरीक्षकको कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरेको एकीकृत वार्षिक आर्थिक विवरणमा समेत स्थानीय तहलाई अनुदान हस्तान्तरण गरेको देखिन्छ । त्यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालयले उल्लिखित आर्थिक वर्षको लागि प्रदेश सभामा पेश गरेको व्ययको अनुमानित विवरणको प्रदेश संचित कोषबाट विनियोजन हुने व्यय अनुमानको साराँशको ८०१ उपशिर्षकमा समेत स्थानीय तहलाई बजेट विनियोजन र खर्च भएको देखिएको हुँदा कानून बमोजिम पारदर्शी तरिकाले अनुदान हस्तान्तरण गरिएको देखिन्छ । यसरी प्रदेश सरकारबाट स्थानीय पालिकाहरुमा क्षितीजिय बाँडफाँट (Horizontal Allocation) अनुसार हस्तान्तरण गरिएको **सबै (All)** रकमहरु कानूनमा आधारीत भै पारदर्शी तरिकाले हस्तान्तरण भएको देखिएको हुँदा यस सुचकको अंक र स्तर **"क"** निर्धारण गरिएको छ ।			

७.२. हस्तान्तरण सुचनाको समयबद्धता (Timeliness of information on transfers)

आगामी वर्षको लागि प्रदेश सरकारबाट पालिकाहरुलाई बाँडफाँट गर्नको लागि समयमा नै भरपर्दो सुचना उपलब्ध गराए नगराएको मापन यस सुचकमा गरिएको छ । स्थानीय पालिकाहरुको बजेट तयारी प्रक्रिया शुरु हुनु भन्दा वा वाडफाँट हुनु अघि प्रदेश सरकारबाट प्राप्त हुनु भन्दा अघि वार्षिक वाँडफाँटको सुचना प्राप्त गर्न अति आवश्यक हुन्छ । प्रदेशको वार्षिक बजेट तालिकाले पालिकालाई हस्तान्तरण हुने रकमको बाँडफाँटको भरपर्दो सुचना उपलब्ध हुने प्रावधान गरेको हुनुपर्दछ ।

७.२.१. हस्तान्तरण सुचनाको समयबद्धताको सुचक परीक्षण आधार तथा मापदण्ड : यस सुचकको परीक्षण तथा मापदण्डको आधार तपसिल बमोजिम रहेको छ :

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	स्थानीय पालिकाहरुले नियमित बजेट तालिका मार्फत वार्षिक रुपमा हस्तान्तरण हुने रकमको सुचना प्राप्त गर्ने प्रकृया अनुसार समयमा बजेट योजना पूरा गर्न ***कम्तिमा ६ हप्ताको*** समय प्रदान गरि विस्तृत र स्पष्ट सुचना प्रदान हुने कार्य प्रकृया पालना गरिएको	प्रदेश स्तरको बजेट	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ख"	स्थानीय पालिकाहरुले नियमित बजेट तालिका मार्फत वार्षिक रुपमा हस्तान्तरण हुने रकमको सुचना प्राप्त गर्ने प्रकृया अनुसार समयमा बजेट योजना पूरा गर्न ***कम्तिमा ४ हप्ताको*** समय प्रदान गरि विस्तृत र स्पष्ट सुचना प्रदान हुने कार्य प्रकृया पालना गरिएको	प्रदेश स्तरको बजेट	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ग"	बजेट कार्यविधि कार्यान्वयनको लागि सारभूत रुपमा ढिला हुन सक्छ। यस अवस्थामा वार्षिक हस्तान्तरणको सुचना स्थानीय तहलाई आर्थिक वर्ष शुरु हुनुभन्दा अगाडी नै जारी गरेको हुनुपर्ने जुन बजेट योजनाको निर्णय पछि हुन सकोस	प्रदेश स्तरको बजेट	पूरा भएको अन्तिम आर्थिक वर्ष
"घ"	कार्यसम्पादनको लागि **"ग"** प्राप्त गर्न आवश्यक अंक भन्दा कम भएको	प्रदेश स्तरको बजेट	पूरा भएको अन्तिम आर्थिक वर्ष

७.२.२. हस्तान्तरण सुचनाको सुचकको अवस्था, आधार तथा प्रमाणहरु :

प्रदेश सरकारले स्थानीय तहलाई अनुदान उपलब्ध गराउने व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा गरिएको छ। सो ऐनको दफा ८ (२) अनुसार वित्तीय समानीकरण अनुदान, दफा ९(३) बमोजिम सशर्त अनुदान, दफा १० (३) बमोजिम समपूरक अनुदान तथा दफा ११(२) बमोजिम विशेष अनुदान दिने व्यवस्था उल्लेख गरिएको छ । यसरी उक्त ऐनले अनुदान हस्तान्तरण गर्ने कानूनी व्यवस्था गरेको देखिन्छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा १८ बमोजिम प्रदेश र स्थानीय तहले आगामी आर्थिक वर्षको लागि **आय व्ययको प्रक्षेपण पौष मसान्तभित्र** मन्त्रालय समक्ष पेश गर्नुपर्ने भनी समय सीमा तोकिएको छ । त्यस्तै नेपाल सरकारले **राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग**सँग परामर्श गरी **चालु आर्थिक वर्षको फागुन मसान्त भित्र** र आगामी आर्थिक वर्षमा **नेपाल सरकारले** प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने *अनुमानित श्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने* प्रावधान रहेको छ ।

त्यस्तै **प्रदेश सरकारले आयोगसँग** परामर्शगरी चालु **आर्थिक वर्षको चैत्र मसान्त भित्र** स्थानीय तहलाई उपलब्ध गराउने *वित्तीय अनुदानको **अनुमानित** विवरण स्थानीय तहलाई उपलब्ध* गराउनु पर्ने व्यवस्थाले अनुदानको रकम पारदशी गरिएको छ। यसरी प्रदेश सरकारले **आर्थिक वर्ष शुरु हुनु ३ महिना अघि** नै वित्तीय अनुदानको विवरण उपलब्ध गराउने हुँदा स्थानीय तहलाई बजेट तथा आयोजना तर्जुमा गर्न सहयोग पुग्ने देखिन्छ ।

त्यस्तै सोही ऐनको दफा २१ मा प्रदेशको अर्थमन्त्रीले **प्रत्येक वर्ष असार महिनाको एक गते** भित्र आगामी **आर्थिक वर्षको राजस्व र व्ययको अनुमान** प्रदेश सभामा पेश गर्नुपर्ने र **पालिकाहरुले प्रत्येक वर्ष असार महिनाको दश गते भित्र** आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धमा गाउँ वा नगर सभामा पेश गर्नुपर्ने प्रावधान छ। यस प्रावधानले प्रदेशले पेश गरेको बजेटमा स्थानीय तहले प्राप्त गर्ने अनुदान रकम प्रत्येक वर्षको व्यय अनुमान विवरणमा **असार १ गते नै जानकारी** हुने भएकोले चैत्र मसान्तमा उपलब्ध गराएको वित्तीय अनुदान विवरणको आधारमा तयार गरिएको आयोजना, कार्यक्रम र बजेट विनियोजनको रकममा १० दिनको अवधिमा परिमार्जन गर्न पर्याप्त समय हुने भएकोले पालिकाहरुले अनुदान हस्तान्तरणको रकम र त्रैमासिक अनुसारको अनुदान विवरण थाहा हुने भएकोले सो अनुसार पालिकाहरुले बजेट तथा कार्यक्रम समायोजन वा परिवर्तन गर्न सम्भव हुन्छ। यसरी बजेट कार्यक्रम वा आयोजना तयार पूर्व नै प्रदेश सरकारको श्रोत एकीन हुने अवस्था हालको कानूनी प्रावधानले निर्धारण गरेको छ। सो प्रावधान अनुसार प्रदेश १ सरकारले बजेट प्रस्तुत गर्ने प्रावधान पालना गरेकोले पनि पालिकाहरु विश्वस्त हुने अवस्था रहेको छ। प्रदेशको लागि हाल प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली (Provincial Line Ministry Budget Information System) लागू रहेकोले सो प्रणाली अनुसार बजेट पेश गर्नुपूर्व नै बजेटको रकमको बारेमा **पूर्व सुचना हुन सक्ने** अवस्था विद्यमान रहेको छ।

७.२.३. हस्तान्तरण सुचनाका सुचकको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

अन्तिम मस्यौदा

सुचक ७.२. को अंक तथा स्तर निर्धारणको साराँश तथा व्याख्या				
सुचक	**प्रयोग गरिएको प्रमाण**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
सुचक ७.२.	सम्पन्न भएको गत आर्थिक वर्ष २०७७।७८ को अनुदानसम्बन्धी कानूनी व्यवस्था र पारदर्शी हुनुपर्ने।	**"क"**	स्थानीय पालिकाहरुले नियमित बजेट तालिका मार्फत वार्षिक रुपमा हस्तान्तरण हुने रकमको सुचना प्राप्त गर्ने प्रकृया अनुसार समयमा बजेट योजना पूरा गर्न ***कम्तिमा ६ हप्ताको*** समय प्रदान गरि विस्तृत र स्पष्ट सुचना प्रदान हुने कार्य प्रकृया पालना गरिएको	अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, **आर्थिक वर्षको राजस्व र व्ययको अनुमान,** प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली, व्यय अनुमान विवरण २०७७।७८
अंक र स्तर निर्धारण गरिएको आधार र व्याख्या	***सुचक ७.२ को लागि अंक र स्तर निर्धारण "क"*** *गरिएको छ। यसको लागि प्रदेश सरकारले स्थानिय तहलाई हस्तान्तरण गरिएको अनुदान*संग सम्बन्धीत **कानूनी व्यवस्थाहरु** हेरिएको छ। प्रदेश १ सरकारको आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यको बुँदा २३ र २४ मा क्रमश: समानीकरण तथा समपूरक अनुदान दिने गरी रकमको किटान गरिएको देखिन्छ। त्यस्तै प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८ को लागि महालेखापरीक्षकको कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरेको एकीकृत वार्षिक आर्थिक विवरणमा समेत स्थानीय तहलाई अनुदान हस्तान्तरण गरेको देखिन्छ। त्यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालयले उल्लिखित आर्थिक वर्षको लागि प्रदेश सभामा पेश गरेको व्ययको अनुमानित विवरणको प्रदेश संचित कोषबाट विनियोजन हुने व्यय अनुमानको साराँशको ८०१ उपशिर्षकमा समेत			

	स्थानीय तहलाई बजेट विनियोजन र खर्च भएको देखिएको हुँदा कानून बमोजिम पारदर्शी तरिकाले अनुदान हस्तान्तरण गरिएको देखिन्छ । सुचना प्राप्त गर्ने प्रकृया अनुसार समयमा बजेट योजना पूरा गर्न ***कम्तिमा ६ हप्ताको*** समय प्रदान गरि विस्तृत र स्पष्ट सुचना प्रदान हुने कार्य प्रकृया पालना गर्नुपर्ने मापदण्ड रहेकोमा प्रदेश १ सरकारले कानून बमोजिम तोकिएको सो अवधिमा नै सुचना जानकारी हुने र प्रदेश १ को आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट बक्तव्य, व्यय अनुमानमको विवरण वेभसाईट *www.moeap.p1.gov.np* मा प्रकाशन समेत गरिएको छ । स्थानीय तहले यसरी बजेट पूर्व नै प्रदेश १ सरकारबाट प्राप्त हुने अनुदानको रकम सीमा जानकारी हुने भएकोले आधारमा प्रस्तुत सुचकको मापदण्डको आधारमा **"क"** अंक गणना गरिएको छ ।

सुचक ८ : सेवा प्रवाह गर्ने निकायको कार्यसम्पादन सुचना
(Performance information for Service Delivery)

यस सुचकले कार्यपालिकाको बजेट प्रस्ताव वा यसको संलग्न हुने सहायक कागजातहरु र आर्थिक वर्षको अन्त्यमा हुने प्रतिवेदनहरुले *सेवा प्रवाह कार्यसम्पादन सुचना भए नभएको जाँच* गर्दछ । यसको लागि कार्यसम्पादन लेखापरीक्षण वा मुल्याँकन गर्ने गरेको छ छैन भनी निर्धारण गरिन्छ । सेवा प्रवाह गर्ने निकायहरुले श्रोतको बारेमा सुचना संकलन र अभिलेख गर्ने सुचना प्रणालीको बारेमा जाँच गरिन्छ । यस सुचकका ***चार पाटाहरु*** छन र पाटाहरुको अंक एकीकृत गर्नको लागि M2 (AV) प्रयोग गरिन्छ ।

८.१. सेवा प्रवाहको लागि कार्यसम्पादन योजनाहरु (Performance plans for service delivery)

यस सुचकले सेवा प्रवाहको सुपुर्दगीको कार्यसम्पादन सुचनाको उपलब्धता, क्षेत्रगत आयतन (कमरेज) र समयजन्यता (टाईमलिनेस) मा केन्द्रीत गर्दछ । त्यस्तै यसले सेवाहरुको संचालन कार्यकुशलता र कार्यसुधारमा प्रभावकारिताको प्रवर्धनको लागि सुचना उपलब्धताको बारेमा केन्द्रीत रहन्छ । यसले प्रदेश सभा, सरकारी अधिकारीहरु र सामान्य नागरिकहरुलाई योजना गरे बमोजिम सेवा प्रवाह गर्ने एकाईहरुलाई बजेटका श्रोतहरुको जानकारी दिने कार्यको लागि पनि महत्वपूर्ण छ ।

८.१.१. सेवा प्रवाहको लागि कार्यसम्पादन योजनाहरुको परीक्षण गर्ने आधार र मापदण्डः

सेवा प्रवाह गर्ने निकायहरुले संचालन गर्ने कार्यक्रम र क्रियाकलापहरुको सम्बन्धमा कार्यसम्पादन गर्ने सुचनाहरु उपलब्ध हुने सेवाहरुको कार्यकुशलता र प्रभावकारिता बनाउनको लागि मुख्यतः उद्देश्य, प्रमुख कार्यसम्पादन सुचकहरु, प्रतिफल तथा उपलब्धी जस्ता सुचना उपलब्ध हुने अवस्थाको परीक्षण गर्नु आवश्यक छ । यसको लागि स्तर निर्धारण र मापदण्डको लागि तपसिल बमोजिमको योग्यताहरु परीक्षण गर्नु आवश्यक छ :

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	*कार्य वा कार्यक्रमको आधारमा वर्गिकरण* गरी **प्रायः** (**Most**) जसो मन्त्रालयहरुको लागि योजना गरिएको नीति वा कार्यक्रम उद्देश्यहरु, प्रमुख कार्यसम्पादन सुचकहरु र प्रतिफल तथा उपलब्धी (Output and Outcome) को सुचना वार्षिक रुपमा प्रकाशन गरिने ।	प्रदेश स्तरको बजेट	अर्को आर्थिक वर्षको लागि योजना गरिएको प्रतिफल र उपलब्धीहरु तथा कार्यसम्पादन सुचकहरु

"ख"	**प्रायः (Most)** जसो मन्त्रालयहरुको लागि योजना गरिएको नीति वा कार्यक्रम उद्देश्यहरु, प्रमुख कार्यसम्पादन सुचकहरु र प्रतिफल तथा उपलब्धी (Output and Outcome) को सुचना वार्षिक रुपमा प्रकाशन गरिने ।	प्रदेश स्तरको बजेट	अर्को आर्थिक वर्षको लागि योजना गरिएको प्रतिफल र उपलब्धीहरु तथा कार्यसम्पादन सुचकहरु
"ग"	**अधिकाँश (Majority)** मन्त्रालयहरुको लागि नीतिहरु वा कार्यक्रमहरुको लागि गरिने क्रियाकलापहरुको बारेमा वार्षिक रुपमा सुचना प्रकाशन गरिने वा अधिकाँश मन्त्रालयहरुको *प्रतिफल वा उपलब्धी (Output and Outcome)* को कार्यसम्पादन सुचकको संरचना भएको ।	प्रदेश स्तरको बजेट	अर्को आर्थिक वर्षको लागि योजना गरिएको प्रतिफल र उपलब्धीहरु तथा कार्यसम्पादन सुचकहरु
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश स्तरको बजेट	अर्को आर्थिक वर्षको लागि योजना गरिएको प्रतिफल र उपलब्धीहरु तथा कार्यसम्पादन सुचकहरु

८.१.२.सेवा प्रवाहको लागि कार्यसम्पादन योजनाहरु सुचकको अवस्था, आधार तथा प्रमाणहरु :

आर्थिक वर्ष	**सेवा प्रवाहको लागि कार्यसम्पादन सुचकहरु**	**प्रमाण कागजात र आधार**	**मापदण्ड पूरा गरे नगरेको**
२०७७।७८	मन्त्रालयहरुको लागि योजना गरिएको नीति वा कार्यक्रम उद्देश्यहरु, प्रमुख कार्यसम्पादन सुचकहरु र प्रतिफल तथा उपलब्धीको वार्षिक प्रकाशन	आर्थिक वर्ष २०७७।७८ को वार्षिक विकास कार्यक्रम, प्रदेश सरकारको प्रदेश योजना आयोग, विराटनगरले २०७७ मा प्रकाशन गरेको वार्षिक कार्यक्रम । यस कार्यक्रममा सबै मन्त्रालयहरुको नतिजासुचक सहीत बजेट उपशिर्षक नम्बर, संचालन गर्ने कार्यक्रम आयोजना, प्रदेशको समष्टिगत लक्ष्य, संचलन गरिने क्रियाकलापहरु, प्रगति तथा प्रमुख प्रतिफल समेत उल्लेख गरि वार्षिक बजेट (चालु तथा पूँजीगत) समेत उल्लेख गरिएको । यस्तो वार्षिक विकास कार्यक्रम प्रत्येक आर्थिक वर्षमा प्रकाशन हुने गरेको र सो वार्षिक कार्यक्रम प्रदेश योजना आयोगको वेभसाईट (ppc.p1.gov.np) मा प्रकाशन हुने गरेको ।	**पूरा गरेको**

८.१.३.सुचकको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**प्रयोग गरिएको प्रमाण**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
८.१. सेवा प्रवाहको लागि कार्यसम्पादन योजनाहरु	मन्त्रालयहरुको नतिजासुचक सहीत बजेट उपशिर्षक नम्बर, संचालन गर्ने कार्यक्रम आयोजना, प्रदेशको समष्टिगत लक्ष्य, संचलन गरिने क्रियाकलापहरु, प्रगति तथा प्रमुख प्रतिफल , वार्षिक बजेट (चालु तथा पूँजीगत)	**"क"**	*कार्य वा कार्यक्रमको आधारमा वर्गिकरण* गरी **प्रायः (Most)** जसो मन्त्रालयहरुको लागि योजना गरिएको नीति वा कार्यक्रम उद्देश्यहरु, प्रमुख कार्यसम्पादन सुचकहरु र प्रतिफल तथा उपलब्धी (Output and Outcome) को सुचना वार्षिक रुपमा प्रकाशन गरिने ।	२०७७।७८ को वार्षिक विकास कार्यक्रम, प्रदेश योजना आयोग, वेभसाईट (ppc.p1.gov.np)
अंक निर्धारणको व्याख्या	**सेवा प्रवाहको लागि कार्यसम्पादन योजनाहरु सम्बन्धी ८.१.सुचकको अंक स्तर निर्धारण "क" गरिएको छ । यस सुचकको लागि** *कार्य वा कार्यक्रमको आधारमा वर्गिकरण* गरी **प्रायः (Most)** जसो मन्त्रालयहरुको लागि योजना गरिएको नीति वा कार्यक्रम उद्देश्यहरु, प्रमुख कार्यसम्पादन सुचकहरु र प्रतिफल तथा उपलब्धी (Output and Outcome) को सुचना वार्षिक रुपमा प्रकाशन गर्ने आधार मापदण्ड रहेको छ । मापदण्डको आधारमा प्रमाण कागजात अध्ययन गर्दा प्रदेश सरकारको प्रदेश योजना आयोग, विराटनगरले २०७७ मा प्रकाशन गरेको आर्थिक वर्ष २०७७।७८ को वार्षिक विकास कार्यक्रममा सबै मन्त्रालयहरुको नतिजासुचक सहीत बजेट उपशिर्षक नम्बर, संचालन गर्ने कार्यक्रम आयोजना, प्रदेशको समष्टिगत लक्ष्य, संचलन गरिने क्रियाकलापहरु, प्रगति तथा प्रमुख प्रतिफल समेत उल्लेख गरि वार्षिक बजेट (चालु तथा पूँजीगत) समेत उल्लेख गरि प्रत्येक आर्थिक वर्षमा प्रकाशन हुने गरेको देखिएको र सो वार्षिक विकास कार्यक्रम प्रदेश योजना आयोगको वेभसाईट (ppc.p1.gov.np) मा प्रकाशन समेत भएको छ । यस्तो योजना २०७८।७९ समेतको लागि प्रकाशन भै सकेको देखिएकोले *प्रदेश १ सरकारले वार्षिक रुपमा यस्तो विकास कार्यक्रम प्रकाशन गर्ने गरेको पुष्टी भएको हुँदा* यस सुचकको लागि सबै आवश्यक आधारहरु पूरा भएको हुँदा **"क" स्तर निर्धारण गरिएको छ ।**			

८.२.सेवा प्रवाहको लागि कार्यसम्पादन प्राप्त गरेको (Performance Achieved for service delivery):

८.२.१. सुचकको आवश्यक न्यूनतम योग्यता, अंक स्तर र मापदण्डः यस सुचकमा प्रदेश १ सरकारको मन्त्रालयहरुको कार्य वा कार्यक्रमको आधारमा वर्गिकरण गरिएको आधारमा परिमाण, प्रतिफल र उपलब्धीको सुचना मापन गर्ने गरिन्छ । यस सुचकको मापनको लागि तपसिल बमोजिमको अंक प्रदान गर्ने स्तर र मापदण्ड योग्यताको आधारमा परीक्षण तथा मूल्याँकन गरिन्छ :

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	***कार्य वा कार्यक्रमको आधारमा वर्गिकरण*** गरी **प्रायः** (**Most**) जसो मन्त्रालयहरुको लागि *प्रतिफलको उत्पादित परिमाण तथा प्राप्त उपलब्धी (Output and Outcome) को* सुचना वार्षिक रुपमा प्रकाशन गरिने ।	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्षको प्रतिफल र उपलब्धीहरु
"ख"	**प्रायः** (**Most**) जसो मन्त्रालयहरुको लागि *प्रतिफलको उत्पादित परिमाण तथा प्राप्त उपलब्धी (Output and Outcome) को* सुचना वार्षिक रुपमा प्रकाशन गरिने ।	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्षको प्रतिफल र उपलब्धीहरु
"ग"	**अधिकाँश** (**Majority**) मन्त्रालयहरुको लागि सम्पादन गरेको ***क्रियाकलापहरु (Activities)*** बारेको सुचना वार्षिक रुपमा प्रकाशन गरिने ।	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्षको प्रतिफल र उपलब्धीहरु
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश स्तरको बजेट	अन्तिम सम्पन्न आर्थिक वर्षको प्रतिफल र उपलब्धीहरु

८.२.२.सेवा प्रवाहको लागि कार्यसम्पादन प्राप्त परिणाम सुचकको अवस्था, आधार तथा प्रमाणहरु : प्रस्तुत सुचकको अवस्था, सुचकको लागि प्रयोग गरिएको आधार तथा सो पुष्टी गर्ने प्रमाण आधारहरु तपसिल बमोजिमको देखिन्छ :

आर्थिक वर्ष	सेवा प्रवाहको लागि कार्यसम्पादन प्राप्त परिणामको सुचनासम्बन्धी आधार	प्रमाण कागजात र आधार	मापदण्ड पूरा गरे नगरेको
२०७७।७८	***कार्य वा कार्यक्रमको आधारमा वर्गिकरण*** गरी **प्रायः** जसो मन्त्रालयहरुको लागि *प्रतिफलको उत्पादित परिमाण तथा प्राप्त उपलब्धी (Output and Outcome) को* सुचना वार्षिक रुपमा प्रकाशन गरिएको हुनुपर्ने	आर्थिक वर्ष २०७७।७८ को वार्षिक विकास कार्यक्रम, प्रदेश सरकारको प्रदेश योजना आयोग, विराटनगरले २०७७ मा प्रकाशन गरेको वार्षिक विकास कार्यक्रममा सबै मन्त्रालयहरुको नतिजासुचक सहीत कार्य र कार्यक्रम उल्लेख गरिएको छ । यस प्रकाशनमा बजेट उपशिर्षक नम्बर, संचालन गर्ने कार्यक्रम आयोजना, संचलन गरिने क्रियाकलापहरु, प्रगति तथा प्रमुख प्रतिफल समेत उल्लेख गरि वार्षिक बजेट (चालु तथा पूँजीगत) समेत उल्लेख गरिएको छ । यसको साथै मन्त्रालयहरुको कार्यक्रम पिच्छे नतिजा सुचक उल्लेख गरी सुचक, एकाई ,	**गरेको**

		२०७५।७६को वास्तविक उपलब्धी, २०७६।७७ को अनुमानित उपलब्धी र आगामी आर्थिक वर्ष २०७७।७८ को लक्षित नजिता समेत उल्लेख गरी वार्षिक विकास कार्यक्रम प्रकाशित भएको छ। सो पछिको वर्षको समेत वार्षिक विकास कार्यक्रम प्रकाशित भएको देखिएको छ। यस्तो कार्यक्रमहरु प्रदेश योजना आयोगको वेभसाईट (ppc.p1.gov.np) मा प्रकाशित गरिएको छ।	

८.२.३.सुचकको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**सुचकको अंक निर्धारण तथा मापनका लागि प्रयोग गरिएको प्रमाण आधार**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
८.२.सेवा प्रवाहको लागि कार्यसम्पादन प्राप्त गरेको	आर्थिक वर्ष २०७७।७८ को वार्षिक विकास कार्यक्रममा सबै मन्त्रालयहरुको नतिजासुचक सहीतको उपशिर्षक नम्बर, संचालन गर्ने कार्यक्रम आयोजना, संचलन गरिने क्रियाकलापहरु, प्रगति तथा प्रमुख प्रतिफल समेत उल्लेख गरि वार्षिक बजेट (चालु तथा पूँजीगत) । मन्त्रालयहरुको कार्यक्रम पिच्छे नतिजा सुचक उल्लेख गरी सुचक, एकाई , २०७५।७६को वास्तविक उपलब्धी, २०७६।७७ को अनुमानित उपलब्धी र आगामी आर्थिक वर्ष २०७७।७८ को लक्षित नजिता समेत भएको वार्षिक विकास कार्यक्रम	**“क”**	***कार्य वा कार्यक्रमको आधारमा वर्गिकरण*** गरी **प्रायः (Most)** जसो मन्त्रालयहरुको लागि *प्रतिफलको उत्पादित परिमाण तथा प्राप्त उपलब्धी (Output and Outcome) को* सुचना वार्षिक रुपमा प्रकाशन गरिने	प्रदेश सरकारको प्रदेश योजना आयोग, विराटनगरले २०७७ मा प्रकाशन गरेको वार्षिक विकास कार्यक्रम
अंक प्रदान गरिएको	सेवा प्रवाहको लागि कार्यसम्पादन प्राप्त गरेको सम्बन्धी ८.२.सुचकको अंक स्तर निर्धारण **“क”** गरिएको छ। यसको मुख्य मापदण्ड र आधार *कार्य वा कार्यक्रमको आधारमा वर्गिकरण*			

अभिलेख मर्यादा

आधारको व्याख्या	गरी प्रायः (Most) जसो मन्त्रालयहरुको लागि *प्रतिफलको उत्पादित परिमाण तथा प्राप्त उपलब्धी (Output and Outcome) को* सुचना वार्षिक रुपमा प्रकाशन गरिने रहेको छ । मापदण्डको आधारमा प्रमाण कागजात अध्ययन गर्दा आर्थिक वर्ष २०७७।७८ को वार्षिक विकास कार्यक्रममा सबै मन्त्रालयहरुको नतिजासुचक सहीतको उपशिर्षक नम्बर, संचालन गर्ने कार्यक्रम आयोजना, संचलन गरिने क्रियाकलापहरु, प्रगति तथा प्रमुख प्रतिफल समेत उल्लेख गरि वार्षिक बजेट (चालु तथा पूँजीगत) उल्लेख भएको देखिन्छ। मन्त्रालयहरुको कार्यक्रम पिच्छे नतिजा सुचक उल्लेख गरी सुचक, एकाई , २०७५।७६को वास्तविक उपलब्धी, २०७६।७७ को अनुमानित उपलब्धी र आगामी आर्थिक वर्ष २०७७।७८ को लक्षित नजिता समेत भएको वार्षिक विकास कार्यक्रम वार्षिक रुपमा प्रकाशन हुने गरेको देखिएको छ। यस प्रकाशनमा सबै मन्त्रालयहरुको ***प्रगति परिमाण र प्रतिफल उपलब्धीहरु*** समेत उल्लेख भएकोले र यस्तो प्रकाशन *प्रदेश १ सरकारले वार्षिक रुपमा प्रकाशन गर्ने गरेको पुष्टी भएको हुँदा* यस सुचकको लागि सबै आवश्यक आधारहरु पूरा भएको देखिंदा यस सुचकको लागि **"क"** स्तर निर्धारण गरिएको छ ।

८.३.सेवा प्रवाह गर्ने एकाईले प्राप्त गरेको साधनहरु (Resources received by service delivery units)

८.३.१. सुचकको आवश्यक न्यूनतम योग्यता, अंक स्तर र मापदण्डः यस सुचकमा प्रदेश १ सरकारको **सेवा प्रवाह गर्ने एकाईले प्राप्त गरेको साधनहरु** सुचना मापन गर्ने गरिन्छ । यस सुचकको मापनको लागि तपसिल बमोजिमको अंक प्रदान गर्ने स्तर र मापदण्ड योग्यताको आधारमा परीक्षण तथा मूल्याँकन गरिन्छ :

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	रकमको श्रोत अनुसार वर्गिकृत **कम्तीमा दुई ठूला मन्त्रालयहरुको लागि** अग्रस्थान (Frontline) मा रही सेवा प्रवाह गर्ने एकाईले श्रोत प्राप्त गरेको सुचना संकलित र अभिलेख गर्ने गरिएको । यस्तो सुचना संकलित प्रतिवेदन कम्तीमा वार्षिक रुपमा तयार गरिने	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ख"	रकमको श्रोत अनुसार वर्गिकृत **कम्तीमा एक ठूलो मन्त्रालयको लागि** अग्रस्थान (Frontline) मा रही सेवा प्रवाह गर्ने एकाईले श्रोत प्राप्त गरेको सुचना संकलित र अभिलेख गर्ने गरिएको । यस्तो सुचना संकलित प्रतिवेदन कम्तीमा वार्षिक रुपमा तयार गरिने	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ग"	कम्तीमा एक ठूलो मन्त्रालयलको लागि सेवा प्रवाह गर्ने एकाईले श्रोतहरुको अनुमान प्राप्त गरेको आधारमा अन्तिम तीन वर्ष मध्ये एक वर्षमा सर्भेक्षणको कार्य गरिएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

८.३.२.सेवा प्रवाह गर्ने एकाईले प्राप्त गरेको साधनहरु सुचकको अवस्था, आधार तथा प्रमाणहरु : प्रस्तुत सुचकको अवस्था, सुचकको लागि प्रयोग गरिएको आधार तथा सो पुष्टी गर्ने प्रमाण आधारहरु तपसिल बमोजिमको देखिन्छ :

आर्थिक वर्ष	सेवा प्रवाह गर्ने एकाईले प्राप्त गरेको साधनहरुसम्बन्धी सुचना आधार	प्रमाण कागजात र आधार	मापदण्ड पूरा गरे नगरेको
२०७७/७८	रकमको श्रोत अनुसार वर्गिकृत **कम्तीमा दुई ठूला मन्त्रालयहरुको लागि** अग्रस्थान (Frontline) मा रही सेवा प्रवाह गर्ने एकाईले श्रोत प्राप्त गरेको सुचना संकलित र अभिलेख गर्ने गरिएको । यस्तो सुचना संकलित प्रतिवेदन कम्तीमा वार्षिक रुपमा तयार गरिने	अग्रस्थानमा रही सेवा प्रवाह गर्ने एकाईले श्रोत प्राप्त गरेको सुचना संकलन र अभिलेख गर्ने तथा सो को प्रतिवेदन कम्तीमा वार्षिक रुपमा प्रकाशनको कार्यको सम्बन्धमा प्रदेश १ का **सबै मन्त्रालयहरुको** लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले वार्षिक रुपमा प्रकाशन गरिने **व्यय अनुमानको विवरण (खर्च शिर्षकगत र श्रोतगत)** मा मन्त्रालय र मन्त्रालय **मातहतका प्रत्येक कार्यालयहरुको** खर्च शिर्षकगत, श्रोतगत सहीतको खातासुचीगत रुपमा वार्षिक बजेट, सो भन्दा अघिल्ला दुई वर्षहरुको मध्ये पहिलो वर्षको यथार्थ खर्च र प्रस्तावित वार्षिक बजेट भन्दा अघिको आर्थिक वर्षको संशोधित अनुमान सहीतको ३ वर्षको समेत श्रोत र बजेट तथा खर्चको रकम समेत उल्लेख भएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले **वार्षिक आर्थिक विवरणमा** समेत मन्त्रालय र मातहतका प्रत्येक निकायहरुको बजेट, निकासा, खर्च, कायम भएको बजेट, बाँकी रकम समेत उल्लेख गरी वार्षिक विवरण *प्रत्येक वर्ष कार्तिक मसान्तमा पेश गरेको कुरा लेखा नीतिमा समेत उल्लेख* गरिएको हुँदा अग्रस्थानमा रहने प्रत्येक निकायहरुको सुचना उपलब्ध हुने गरेको ।	**पूरा गरेको**

अन्तिम मस्यौदा

८.३.३.सेवा प्रवाह गर्ने एकाईले प्राप्त गरेको साधनहरु सुचकको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**सुचक स्तर कायम गर्न प्रयोग गरिएको प्रमाण**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
८.३.सेवा प्रवाह गर्ने एकाईले प्राप्त गरेको साधनहरु	रकमको श्रोत अनुसार बजेट वर्गिकृत, **कम्तीमा दुई ठूला मन्त्रालयहरु मातहतको अग्रस्थान (Frontline) मा रही सेवा प्रवाह गर्ने एकाईले श्रोत प्राप्त** गरेको सुचना **संकलित र अभिलेख** गर्ने र सोसम्बन्धी संकलित ***प्रतिवेदन कम्तीमा वार्षिक रुपमा*** तयार गरिने	**"क"**	रकमको श्रोत अनुसार वर्गिकृत **कम्तीमा दुई ठूला मन्त्रालयहरुको लागि** अग्रस्थान (Frontline) मा रही सेवा प्रवाह गर्ने एकाईले श्रोत प्राप्त गरेको सुचना संकलित र अभिलेख गर्ने गरिएको । यस्तो सुचना संकलित प्रतिवेदन कम्तीमा वार्षिक रुपमा तयार गरिने	आर्थिक मामिला तथा योजना मन्त्रालयले वार्षिक रुपमा प्रकाशन गरिने **व्यय अनुमानको विवरण (खर्च शिर्षकगत र श्रोतगत),** प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गर्ने गरेको **वार्षिक आर्थिक विवरण**
अंक प्रदान गरिएको आधारको व्याख्या	**सेवा प्रवाह गर्ने एकाईले प्राप्त गरेको साधनहरु प्राप्तीको सुचना सम्बन्धमा** सुचक ८.३ को अंक स्तर निर्धारण **"क"** गरिएको छ । प्रस्तुत सुचकमा उल्लिखित अंक निर्धारणको लागि रकमको श्रोत अनुसार वर्गिकृत **कम्तीमा दुई ठूला मन्त्रालयहरुको लागि** अग्रस्थान (Frontline) मा रही सेवा प्रवाह गर्ने एकाईले श्रोत प्राप्त गरेको सुचना संकलित र अभिलेख गर्ने गरिएको । यस्तो सुचना संकलित प्रतिवेदन कम्तीमा वार्षिक रुपमा तयार गरिने भनी अंक स्तर निर्धारण गर्ने आधार तोकिएको छ । यस सम्बन्धमा प्रदेश १ को सबै मन्त्रालयहरुले अग्रस्थानमा सेवा प्रदान गर्ने एकाईहरु समेतको श्रोतगत, खर्च शिर्षकगत रुपमा विवरण **संकलन र अभिलेख** गरिएको कुराको पुष्टी आर्थिक मामिला तथा योजना मन्त्रालयले वार्षिक बजेट प्रस्तुत गर्ने समयमा प्रकाशन गर्ने व्यय अनुमानको विवरणमा खर्च शिर्षकगत र श्रोतगत रकम उल्लेख भएको कुराले पुष्टी गर्दछ । त्यस्तै प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रत्येक वर्ष तयार गर्ने गरेको **वार्षिक आर्थिक विवरणमा समेत अग्रस्थानका निकायहरुको लागि बजेट, निकासा, श्रोत, खर्च, बाँकी जस्ता विवरण सो प्रतिवेदनमा समावेश गरी महालेखापरीक्षकको कार्यालयमा पेश गरिएको देखिंदा प्रस्तुत सुचकको** लागि सबै आवश्यक आधारहरु पूरा भएको देखिंदा यस सुचकको लागि **"क"** स्तर निर्धारण गरिएको छ ।			

८.४.सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकन (Performance Evaluation for Service Delivery)

८.४.१.सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकन सुचकको आवश्यक न्यूनतम योग्यता, अंक स्तर र मापदण्डः
यस सुचकमा प्रदेश १ सरकारको **सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकनको** सुचना मापन गर्ने गरिन्छ । यस सुचकको मापनको लागि तपसिल बमोजिमको अंक प्रदान गर्ने स्तर र मापदण्ड योग्यताको आधारमा परीक्षण तथा मूल्याँकन गरिन्छ :

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	विगत *तीन वर्ष भित्र कम्तीमा एक पटक* ***अधिकाँश (Most)*** मन्त्रालयहरुको लागि सेवा प्रवाहको कार्यकुशलता र प्रभावकारिताको **स्वतन्त्र मुल्याँकन** *गरिएको र प्रकाशित गरिएको*	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ख"	विगत *तीन वर्ष भित्र कम्तीमा एक पटक* ***बहुसंख्यक (Majority)*** मन्त्रालयहरुको लागि सेवा प्रवाहको कार्यकुशलता र प्रभावकारिताको मुल्याँकन *गरिएको र प्रकाशित गरिएको*	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ग"	विगत *तीन वर्ष भित्र कम्तीमा एक पटक* **केही** (***Some***) मन्त्रालयहरुको लागि सेवा प्रवाहको कार्यकुशलता र प्रभावकारिताको *मुल्याँकन गरिएको*	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

८.४.२.सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकनको सुचकको अवस्था, आधार तथा प्रमाणहरु :

आर्थिक वर्ष	सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकनको सुचक	प्रमाण कागजात र आधार	मापदण्ड पूरा गरे नगरेको
२०७७७८	विगत *तीन वर्ष भित्र कम्तीमा एक पटक* ***अधिकाँश , बहुसंख्यक वा* केही** मन्त्रालयहरुको लागि सेवा प्रवाहको कार्यकुशलता र प्रभावकारिताको **स्वतन्त्र मुल्याँकन** *गरिएको र प्रकाशित गरिएको*	विगत ३ आर्थिक वर्ष (२०७५।७६, २०७६।७७, २०७७।७८) मा कुनै पनि मन्त्रालयहरुको लागि **सेवा प्रवाहको** कार्यकुशलता र प्रभावकारिताको **स्वतन्त्र मुल्याँकन** गरिएको तथा सो मुल्याँकन प्रतिवेदन प्रकाशन गरिएको देखिंदैन । यस सम्बन्धमा स्वतन्त्र मुल्याँकन भनेको सरकारी निकाय बाहेकको **तेश्रो पक्षको मुल्याँकन** हुन्छ । यस सम्बन्धमा सरकारी निकाय बाहेक महालेखापरीक्षकको कार्यालयले विगत ३ वर्षको प्रदेश १ का सबै मन्त्रालयहरुको लागि बजेटमा आधारीत भै सो को कार्यकुशलता र प्रभावकारिताको स्वतन्त्र मुल्याँकन गर्ने गरिएको देखिन्छ । जस्तै **प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** *(२०७७७८)* मा वार्षिक नीति र कार्यक्रमको मन्त्रालयहरुले प्रगति प्रतिवेदन नगरेको (प्रतिवेदनको पेज ७),बजेट कार्यान्वयनको नीति, अनुगमन तथा समीक्षा गरी प्रतिवेदन नगरेको (पेज ९) ,नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन र मुल्याँकन नगरेको (पेज १६) जस्तो समीक्षा गरिएको र प्रतिवेदन	*आँशिक रुपमा गरेको*

		गरेको देखिन्छ तर कार्यक्रम कै कार्यसम्पादनको आधारमा मुल्याँकन गरिएको देखिंदैन ।	

८.४.३.सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकन सुचकको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**प्रयोग गरिएको प्रमाण र मापनको आधार**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
८.४.सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकन	विगत *तीन वर्ष भित्र कम्तीमा एक पटक* ***अधिकाँश , बहुसंख्यक वा*** **केही** मन्त्रालयहरुको लागि सेवा प्रवाहको कार्यकुशलता र प्रभावकारिताको **स्वतन्त्र मुल्याँकन** *गरिएको र प्रकाशित गरिएको*	**"ग"**	विगत *तीन वर्ष भित्र कम्तीमा एक पटक* **केही (*Some*)** मन्त्रालयहरुको लागि सेवा प्रवाहको कार्यकुशलता र प्रभावकारिताको *मुल्याँकन गरिएको*	प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९
अंक प्रदान गरिएको आधारको व्याख्या	**सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकन** सुचक ८.४ को अंक स्तर निर्धारण **"ग"** गरिएको छ । विगत *तीन वर्ष भित्र कम्तीमा एक पटक* ***अधिकाँश , बहुसंख्यक वा*** **केही** मन्त्रालयहरुको लागि सेवा प्रवाहको कार्यकुशलता र प्रभावकारिताको **स्वतन्त्र मुल्याँकन** *गरिएको र प्रकाशित गरिएको* भनी अंक प्रदान गर्ने आधार निर्धारण गरिएको छ । यस सम्बन्धमा प्रदेश १ को सेवा प्रवाह गर्ने निकायहरुको लागि प्रस्तुत सुचकले सेवा प्रवाहको कार्यसम्पादन मुल्याँकन स्वतन्त्र मुल्याँकन हुनुपर्ने भनी उल्लेख गरिएकोमा त्यस्तो मुल्याँकन सरकारी निकाय बाहेकको **तेश्रो पक्षको मुल्याँकन** गरेको र प्रकाशन गरेको देखिंदैन । तर सरकारी निकाय बाहेक स्वतन्त्र निकाय महालेखापरीक्षकको कार्यालयले विगत ३ वर्षको प्रदेश १ का सबै मन्त्रालयहरुको लागि बजेटमा आधारीत भै सो को कार्यकुशलता र प्रभावकारिताको *स्वतन्त्र मुल्याँकन गर्ने गरिएको* देखिन्छ । सेवा प्रवाहको कार्यकुशलता र प्रभावकारिताको *मुल्याँकन गर्ने कार्यको आधार* **"ग" मा स्वतन्त्र मुल्याँकन उल्लेख नभएको हुँदा महालेखापरीक्षकको कार्यालयले गरेको माथि उल्लिखित स्वतन्त्र मुल्याँकन पनि सेवा प्रवाहको बजेटमा आधारीत भै गरेको देखिंदा अप्रत्यक्ष रुपमा भएपनि केही मुल्याँकन गरी कार्यकुशलता र प्रभावकारिताको मुल्याँकन गरिएको आधारमा प्रस्तुत सुचकको** लागि **"ग"** स्तरको अंक प्रदान गरिनु मनासिब नै देखि उक्त अंक प्रदान गरिएको छ ।			

सुचक ९ : वित्त सुचनामा नागरिकको पहुँच (Public Access to fiscal information)

यो सुचकले सार्वजनिक पहुँच कठिन (क्रिटिकल) मानिएको सुचनाको तोकिएको तत्वहरु सामान्य नागरिकलाई तोकिएको वित्तसम्बन्धी सुचनाको समष्टिगत उपलब्धताको पक्षहरु जाँच गर्दछ । यो एक पाटो भएको सुचक हो । सुचकको मुल्याँकनको व्याख्यामा सर्वसाधारणलाई उपलब्ध भएको सुचनाको गुणस्तर (quality of information), सुचनाको संरचना र भाषागत रुपमा पहुँच, ढाँचाको उपयुक्तता, ठूला कागजातहरुको साराँशको उपलब्धता, सर्वसाधारणको पहुँचमा सहजता जस्तै वेवसाईटहरु, प्रेस र सुचना पाटीमा स्थानीय रुपमा सम्बन्धीत सुचनाको गुणस्तरको बारेमा पनि समालोचना गरेको हुनुपर्दछ ।

९.१.वित्त सुचनामा नागरिकको पहुँच सुचकको आवश्यक न्यूनतम योग्यता, अंक स्तर र मापदण्डः

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
“क”	सरकारले सर्वसाधारणलाई **आठ तत्वहरु**, सबै **आधारभूत ५ तत्वहरु** सहीत, तोकिएको समय सीमा (टाईम फ्रेम) मा उपलब्ध गराएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको गत आर्थिक वर्ष
“ख”	सरकारले सर्वसाधारणलाई **६ तत्वहरु,** सबै **आधारभूत ४ तत्वहरु** सहीत, तोकिएको समय सीमा (टाईम फ्रेम) मा उपलब्ध गराएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको गत आर्थिक वर्ष
“ग”	सरकारले सर्वसाधारणलाई ***आधारभूत ४ तत्वहरु तोकिएको समय सीमा (टाईम फ्रेम)*** मा उपलब्ध गराएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको गत आर्थिक वर्ष
“घ”	कार्यसम्पादन अंक **“ग”** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको गत आर्थिक वर्ष

९.२.वित्त सुचनामा नागरिकको पहुँच सुचकको अवस्था, आधार तथा प्रमाणहरु :

अन्तिम मस्यौदा

आर्थिक वर्ष	आधार तथा प्रमाणहरु	प्रमाण कागजात र आधार	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको गत आर्थिक वर्ष २०७७।७८	**(क) आधारभूत तत्वहरु**		
	१.वार्षिक कार्यकारी बजेट प्रस्ताव कागजातः कार्यकारी बजेट प्रस्ताव कागजातहरुको सम्पूर्ण सेट (सुचक ५ अनुसार) प्रदेश सभामा कार्यपालिकाले पेश गरेको १ हप्ताभित्र सर्वसाधारणलाई उपलब्ध हुने गरेको	प्रदेश विनियोजन विधेयकहरु हरेक वर्षको असार १ गते दर्ता हुने व्यवस्था रहेको प्रदेश सभा सचिवालयको website: https//assembly.p1.gov.np/विधेयकहरु मा प्रकाशन हुने गरेको देखिएको तर सर्वसाधारणलाई उपलब्ध हुने कुरा स्पष्ट नभएको	नगरेको
	२. बजेट कानून (Enacted Budget): प्रदेश सभाले स्वीकृत गरेको वार्षिक बजेट कानून पारीत भएको २ हप्ता भित्र प्रकाशित भएको ।	बजेट कानून पारीत भएको २ हप्ताभित्र प्रकाशन भएको नदेखिएको ।	नगरेको
	३. आवधिक बजेट कार्यान्वयन प्रतिवेदनहरु (In-year budget execution reports): प्रतिवेदनहरु जारी भएको एक महिना भित्र नियमित रुपमा सर्वसाधारणलाई उपलब्ध गराएको (**सुचक २८**) ।	आर्थिक वर्ष २०७७।७८ को अर्ध वार्षिक बजेट कार्यान्वयन प्रतिवेदन आर्थिक मामिला तथा योजना मन्त्रालयले 04/05/2021 मा सो मन्त्रालयको वेवसाईट www.moeap.p1.gov.np मा प्रकाशन भएको देखिंदा सर्वसाधारणलाई उपलब्ध भएको देखिन्छ	गरेको

	४.वार्षिक बजेट कार्यान्वयन प्रतिवेदन (Annual budget execution report): यस्तो प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र सर्वसाधारणलाई उपलब्ध भएको ।	आर्थिक वर्ष २०७७।७८ को वार्षिक बजेट कार्यान्वयन प्रतिवेदन आर्थिक मामिला तथा योजना मन्त्रालयले 01/14/2022 मा सो मन्त्रालयको वेवसाईट www.moeap.p1.gov.np मा प्रकाशन भएको देखिंदा सर्वसाधारणलाई आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र उपलब्ध भएको देखिन्छ	गरेको
	५. लेखापरीक्षण भएको वार्षिक वित्तीय प्रतिवेदनमा बाह्य लेखापरीक्षकको प्रतिवेदन पनि समावेश वा सामेल गरिएको (Audited annual financial report, incorporating or accompanied by external auditor's report) : आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र यस्तो प्रतिवेदनहरु सर्वसाधारणलाई उपलब्ध भएको ।	लेखापरीक्षण भएको २०७७।७८ को वार्षिक वित्तीय प्रतिवेदनमा बाह्य लेखापरीक्षकको प्रतिवेदन पनि समावेश वा सामेल गरिएको: **प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** (पेज न ९६ देखि १००) मिति २०७९।३।२९ मा पेश भएको र सो विवरण महालेखापरीक्षकको कार्यालयको वेवसाईट www.oag.gov.np मा प्रकाशित समेत भएकोले आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र नै सर्वसाधारणलाई उपलब्ध भएको देखिन्छ ।	गरेको
	(ख) अतिरिक्त तत्वहरु		
	६. पूर्व बजेट विवरण (Prebudget statement) : आर्थिक वर्ष शुरु हुनुभन्दा कम्तीमा ४ महिना अघि कार्यपालिकाको खर्च, राजस्वको योजना, ऋणसम्बन्धी विवरणहरु (parameters) सर्वसाधारणलाई उपलब्ध गराएको	प्रदेश १ को आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ मा प्रदेश विनियोजन विधेयक प्रदेश सभामा विधेयक पेश गर्नु भन्दा कम्तीमा १५ दिन अगाडी प्रदेश सरकारको बजेट तथा कार्यक्रमको सैद्धान्तिक आधार र प्राथमिकीकरण विवरण प्रदेश सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोले सर्वसाधारणलाई यस्तो विवरण ४ महिना अघि उपलब्ध हुने अवस्था रहेको देखिएन ।	**नगरेको**
	७. अन्य बाह्य लेखापरीक्षण प्रतिवेदनहरु (Other External audit reports): सबै गोपनीय नहुने प्रदेश सरकारका एकीकृत संचालनसम्बन्धी प्रतिवेदनहरु पेश भएको ६ महिना भित्र सर्वसाधारणलाई उपलब्ध गराएको	**प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** मिति २०७९।३।२९ मा पेश भएको देखिंदा पेश भएको ६ महिना भित्र सर्वसाधारणलाई उपलब्ध भएको देखिन्छ । किनभने सो विवरण महालेखापरीक्षकको कार्यालयको वेवसाईट www.oag.gov.np मा प्रकाशित समेत देखिन्छ ।	**गरेको**
	८. बजेट प्रस्तावको साराँश (Budget Proposal Summary) : एक स्पष्ट, कार्यपालिका बजेट प्रस्तावको सामान्य साराँश प्रदेश सभामा पेश भएको २ हप्ता भित्र सर्वसाधारणलाई सार्वजनिक रुपमा उपलब्ध	विनियोजन विधेयकमा बजेट प्रस्तावको सामान्य साराँश प्रदेश सभामा सामान्यत असार १ गते पेश हुने गरेको देखिंदा सो विधेयक सोही मितिमा जारी हुने भएको देखिंदा २ हप्ता भित्र सर्वसाधारणलाई सार्वजनिक रुपमा उपलब्ध	**नगरेको**

	भएको *वा* विनियोजित बजेट (enacted) गैरबजेट विज्ञले बुझ्नसक्ने वा नागरिक बजेटको रुपमा मानिने गरी र जुन उपयुक्त हुन्छ , सामान्यतः धेरैले बोल्ने स्थानीय भाषामा उल्था भएको हुनुपर्ने गरी बजेटको प्रस्तावको एक महिना भित्र सर्वसाधारणको लागि उपलब्ध भएको हुनुपर्ने	भएको देखिन्छ । नेपाली भाषामा भएकोले गैरबजेट विज्ञले बुझ्नसक्ने वा नागरिक बजेटको रुपमा मानिने देखिन्छ । तर सामान्यतः धेरैले बोल्ने स्थानीय भाषामा उल्था भएको हुनुपर्ने गरी बजेटको प्रस्तावको एक महिना भित्र सर्वसाधारणको लागि उपलब्ध भएको हुनुपर्नेमा त्यस्तो उल्था भने भएको देखिंदैन ।	
	` **९.समष्टिगत आर्थिक प्रक्षेपणहरु (Macroeconomic Forecasts)** : यस्तो प्रक्षेपणहरु **पास गरेको १ हप्ताभित्र** उपलब्ध भएको हुनुपर्ने (सुचक १४.१ पनि सम्बन्धीत)	प्रदेश सभा सचिवालयको website: https//assembly.p1.gov.np/विधेयकहरु प्रदेश १ को समष्टिगत आर्थिक प्रक्षेपणहरु प्रदेशको आर्थिक सर्भेक्षण २०७७।७८ (पेज ५) को जेष्ठ २०७८ मा आर्थिक मामिला तथा योजना मन्त्रीले पेश गरेको देखिन्छ । असार १ गते बजेट प्रदेश सभामा पेश गरेको हुँदा यसता प्रक्षेपणहरु पास गरेको १ हप्ता भित्र उपलब्ध भएको मान्नुपर्ने देखिन्छ ।	गरेको

९.३.वित्त सुचनामा नागरिकको पहुँच सुचकको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	प्रयोग गरिएको प्रमाण र मापनको आधार	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
सुचक ९ : वित्त सुचनामा नागरिकको पहुँच	**वित्त सुचनामा नागरिकको पहुँचको मापनको लागि तोकिएको समयमा निम्न विवरणहरु उपलब्ध भएको हुनुपर्ने :** **(क) आधारभूत तत्वहरु** **१.वार्षिक कार्यकारी बजेट प्रस्ताव कागजात:** **२. बजेट कानून (Enacted Budget):** **३. आवधिक बजेट कार्यान्वयन प्रतिवेदनहरु**	"घ"	सरकारले सर्वसाधारणलाई ***आधारभूत ४ तत्वहरु तोकिएको समय सीमा (टाईम फ्रेम)*** मा उपलब्ध गराएको भए **"ग"** प्राप्त गर्नेमा यस सुचकमा कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको देखिएको	• प्रदेश सभा सचिवालयको website: https//assembly.p1.gov.np/विधेयकहरु • आर्थिक मामिला तथा योजना मन्त्रालयको अर्ध वार्षिक तथा वार्षिक बजेट कार्यान्वयन प्रतिवेदन वेवसाईट *www.moeap.p1.gov.np* • प्रदेश १ को महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ • विनियोजन विधेयक २०७८ • प्रदेशको आर्थिक सर्भेक्षण २०७७।७८

	४.वार्षिक बजेट कार्यान्वयन प्रतिवेदन **५. लेखापरीक्षण भएको वार्षिक वित्तीय प्रतिवेदनमा बाह्य लेखापरीक्षकको प्रतिवेदन पनि समावेश वा सामेल गरिएको** **(ख) अतिरिक्त तत्वहरु** **६. पूर्व बजेट विवरण** **७. अन्य बाह्य लेखापरीक्षण प्रतिवेदनहरु** **८. बजेट प्रस्तावको साराँश** **९.समष्टिगत आर्थिक प्रक्षेपणहरु**			
अंक प्रदान गरिएको आधारको व्याख्या	**वित्त सुचनामा नागरिकको पहुँच** सुचक ९ को अंक स्तर निर्धारण **"ग"** गरिएको छ। सरकारले सर्वसाधारणलाई ***आधारभूत ४ तत्वहरु तोकिएको समय सीमा (टाईम फ्रेम)*** मा उपलब्ध गराएकोमा यस सुचकमा कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको देखिएको छ। अर्थात आधारभूत तत्वहरु ३ वटा मात्र पूरा गरेको देखिएकोले न्यूनतम ४ तत्वहरु पूरा नभएको आधारमा **प्रस्तुत सुचकको** लागि **"घ"** स्तरको अंक प्रदान गरिनु मनासिब नै देखि उक्त अंक प्रदान गरिएको छ।			

मस्यौदा

***

परिच्छेद ४.३.

सम्पति र दायित्वहरुको व्यवस्थापन (Management of Assets and liabilities)

प्रदेश सरकारको सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुको समेत वित्तीय व्यवस्थापन गर्दा समष्टिगत रुपमा सम्पति र दायित्वहरुको कारणबाट सरकारलाई हुने जोखिमको आँकलन समयमा नै गर्नुपर्दछ । यसको लागि यस परिच्छेदमा वित्तीय जोखिमसम्बन्धी प्रतिवेदनहरु महत्वपूर्ण रहन्छ । यस सम्बन्धमा सम्पति र दायित्वहरुको व्यवस्थापन सम्बन्धमा सुचक १० देखि १३ सम्मका ४ सुचकहरु तथा सो सुचक अन्तर्गतका **उपसुचकहरुको** समेत अवस्था, आधार तथा परिणामको व्याख्या र प्रस्तुती गरिएको छ ।

सुचक १०. वित्तीय जोखिमको प्रतिवेदन (Fiscal Risk Reporting) : यस सुचकले प्रदेश सरकारलाई हुने जोखिमको बारेमा वित्तसम्बन्धी प्रतिवेदनले स्थिति मापन गर्दछ । वित्त जोखिमहरु समष्टिगत *आर्थिक अवस्थाहरु, पालिकाहरुको वित्तीय अवस्थाहरु वा सार्वजनिक संस्थानहरुको वित्तीय अवस्था, प्रदेश सरकारको आफ्नै कार्यक्रम र क्रियाकलापहरुको साथै गैरबजेटरी एकाई समेतको आकष्मिक दायित्वहरु (Contingent Liabilities) बाट सिर्जना* हुन सक्दछन । यस्तै बजारको असफलता र प्राकृतिक प्रकोपहरुबाट पनि यस्तो जोखिम हुन सक्दछ । यो **सुचकका ३ पाटाहरु** छन र पाटाहरुको अंक **एकीकृत गर्न M2 (AV)** विधि प्रयोग गरिन्छ ।

सुचक १०.१.: सार्वजनिक संस्थानहरुको अनुगमन : यस सुचकको सुचना संकलनको लेखापरीक्षण गरिएको वार्षिक वित्तीय विवरणहरु तथा प्रदेश सरकारले प्रकाशन गरेको सार्वजनिक संस्थानहरुको क्षेत्रको वित्तीय कार्यसम्पादन सम्बन्धमा प्रकाशित एकत्रित प्रतिवेदन (Consolidated Report) को विवरणहरु अध्ययन संकलन गरी अंक प्रदान गर्नुपर्दछ ।

अन्तिम मस्यौदा

१०.१.१. सार्वजनिक संस्थानहरुको अनुगमन गर्ने मापदण्ड तथा आधार : प्रस्तुत सुचकको मापन गर्ने न्यूनतम योग्यता र अंक स्तर आदिको आधारमा मापन गर्दा तपसिल बमोजिमको आधार र मापदण्ड रहेका छन :

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्यांक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	सबै (**All**) सार्वजनिक संस्थानहरुको लागि लेखापरीक्षण गरिएको वार्षिक वित्तीय प्रतिवेदनहरु आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र प्रकाशित हुन्छ । प्रदेश सरकारले सार्वजनिक संस्थान क्षेत्रको वित्तीय कार्यसम्पादनको एकीकृत प्रतिवेदन वार्षिक रुपमा प्रकाशित हुने गरेको छ ।	प्रदेश स्तरबाट नियन्त्रीत सार्वजनिक संस्थानहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ख"	**बहुसंख्यक (Majority)** सार्वजनिक संस्थानहरुको लागि लेखापरीक्षण गरिएको वार्षिक वित्तीय प्रतिवेदनहरु आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र प्रकाशित हुन्छ ।	प्रदेश स्तरबाट नियन्त्रीत सार्वजनिक संस्थानहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ग"	**प्रदेश सरकारले अधिकाँश (Most)** सार्वजनिक संस्थानहरुको वित्तीय प्रतिवेदनहरु आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र प्रकाशित हुन्छ ।	प्रदेश स्तरबाट नियन्त्रीत सार्वजनिक संस्थानहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश स्तरबाट नियन्त्रीत सार्वजनिक संस्थानहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

१०.१.२. सार्वजनिक संस्थानहरुको अनुगमन सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	मापदण्ड पूरा गरे नगरेको
२०७७।७८	प्रदेश सरकारले सार्वजनिक संस्थानहरुको लागि लेखापरीक्षण गरिएको वार्षिक वित्तीय प्रतिवेदनहरु आर्थिक वर्ष समाप्त भएको ६ । ९ महिना भित्र प्रकाशित भएको तथा सार्वजनिक संस्थान क्षेत्रको वित्तीय कार्यसम्पादनको एकीकृत प्रतिवेदन वार्षिक रुपमा प्रकाशित हुने गरेको ।	प्रदेश १ मा संस्थानको रुपमा एउटा मात्र प्रदेश लगानी प्राधिकरण गठन भएको देखिएको र अन्य संस्थानहरु गठन भएको देखिंदैन । उक्त संस्थाको वार्षिक वित्तीय प्रतिवेदन पेश भएको कुराको पुष्टी प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ को पेज ८६ मा प्रस्तुत भएको देखिन्छ। तर प्रतिवेदन २०७९।३।२९ मा पेश भएकोले आर्थिक वर्ष समाप्त भएको ६ महिना र वित्तीय कार्यसम्पादनको वार्षिक प्रतिवेदन प्रकाशित भएको देखिएन ।	आँशिक रुपमा भएको

१०.१.३. सार्वजनिक संस्थानहरुको अनुगमन अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
सुचक १०.१.: सार्वजनिक संस्थानहरुको अनुगमन	प्रदेश सरकारले सार्वजनिक संस्थानहरुको लागि लेखापरीक्षण गरिएको वार्षिक वित्तीय प्रतिवेदनहरु आर्थिक वर्ष समाप्त भएको ६ ।९ महिना भित्र प्रकाशित भएको तथा सार्वजनिक संस्थान क्षेत्रको वित्तीय कार्यसम्पादनको एकीकृत प्रतिवेदन वार्षिक रुपमा प्रकाशित हुने गरेको ।	**"ग"**	**प्रदेश सरकारले अधिकाँश (Most)** सार्वजनिक संस्थानहरुको **वित्तीय प्रतिवेदनहरु** आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र प्रकाशित गरेको हुन्छ ।	प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १० को लागि "ग" अंक र स्तर निर्धारण** गरिएको छ । प्रस्तुत अंक र स्तर अनुसार यस सुचकको पुरा गर्नुपर्ने मापदण्ड र आधारको रुपमा "**प्रदेश सरकारले अधिकाँश (Most)** सार्वजनिक संस्थानहरुको **वित्तीय प्रतिवेदनहरु** आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र प्रकाशित गरेको हुन्छ " भनी स्तर तोकिएको छ । यस सुचकमा अंक निर्धारणको अन्य आधार भए पनि प्रदेश सरकारले सार्वजनिक संस्थानहरुको लागि लेखापरीक्षण गरिएको वार्षिक **वित्तीय प्रतिवेदनहरु** आर्थिक वर्ष समाप्त भएको ६ वा ९ महिना भित्र **प्रकाशित भएको** हुनुपर्ने तथा सार्वजनिक संस्थान क्षेत्रको **वित्तीय कार्यसम्पादनको एकीकृत प्रतिवेदन** वार्षिक रुपमा प्रकाशित हुने गरेको हुनुपर्ने भएकोमा प्रदेश १ को सरकार एउटै मात्र प्रदेश लगानी			

	प्राधिकरण भएकोमा सो प्राधिकरणको वित्तीय प्रतिवेदनहरु उल्लिखित समयमा पेश भएको नदेखिएको र *वित्तीय कार्यसम्पादनको एकीकृत प्रतिवेदन समेत वार्षिक रुपमा प्रकाशित भएको देखिएन*। अंक **"ग" मा उल्लिखित वित्तीय प्रतिवेदनहरु** आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र प्रकाशित गरेको हुनुपर्ने भनी राखिएको मापदण्ड र आधारको नजिक भएकोले सो अंक प्रदान गरिएको छ। यसले गर्दा उल्लिखित अंक र स्तर मनासिब रहेको छ।

सुचक १०.२.: स्थानीय तहहरुको अनुगमन (Monitoring of subnational governments):

यस सुचकमा प्रदेश सरकारको वित्त जोखिमको सम्भावना र वित्तीय कार्यसम्पादनको बारेमा सुचनाको जाँच गरिन्छ। यस्को परीक्षणको लागि स्थानीय सरकारहरुको लेखापरीक्षण गरिएको वित्तीय प्रतिवेदनहरु र प्रदेश सरकारले वार्षिक रुपमा प्रकाशित गरेको स्थानीय तहहरुको वित्तीय कार्यसम्पादनको प्रतिवेदन समेतको आधारमा प्रस्तुत सुचकको परीक्षण गरिन्छ।

१०.२.१. स्थानीय तहहरुको अनुगमन गर्ने तरिका तथा मापदण्ड:

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	सबै (**All**) स्थानीय सरकारहरुको लागि **लेखापरीक्षण गरिएको** वार्षिक वित्तीय प्रतिवेदनहरु आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र प्रकाशित हुन्छ। **सबै** स्थानीय सरकारहरुको वित्तीय स्थितिको एकीकृत प्रतिवेदन कम्तीमा वार्षिक रुपमा प्रकाशित हुन्छ।	प्रदेश सरकारसँग सोझै वित्त सम्बन्ध भएका पालिकाहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ख"	**प्रायः जसो** (**Most**) स्थानीय सरकारहरुको लागि **लेखापरीक्षण गरिएको** वार्षिक वित्तीय प्रतिवेदनहरु आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र कम्तीका वार्षिक रुपमा प्रकाशित हुन्छ।	प्रदेश सरकारसँग सोझै वित्त सम्बन्ध भएका पालिकाहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ग"	बहुसंख्यक (**Majority**) स्थानीय सरकारहरुको लागि **लेखापरीक्षण नगरिएको** (**Unaudited**) ***वार्षिक वित्तीय स्थिति र कार्यसम्पादनको प्रतिवेदनहरु*** आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र कम्तीमा वार्षिक रुपमा प्रकाशित हुन्छ।	प्रदेश सरकारसँग सोझै वित्त सम्बन्ध भएका पालिकाहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश सरकारसँग सोझै वित्त सम्बन्ध भएका पालिकाहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

१०.२.२. स्थानीय तहहरुको अनुगमन सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको अघिल्लो	प्रदेश सरकारले अनुदान उपलब्ध गराउने **सबै** स्थानीय सरकारहरुको लागि लेखापरीक्षण गरिएको ***वार्षिक***	प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको **प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरणको लेखा टिप्पणी (Notes to**	

आर्थिक वर्ष २०७७७८	***वित्तीय प्रतिवेदनहरु*** आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र प्रकाशित हुन्छ । **सबै** स्थानीय सरकारहरुको वित्तीय स्थितिको एकीकृत प्रतिवेदन **कम्तीमा वार्षिक रुपमा प्रकाशित** हुन्छ ।	**Account) को बुँदा नं ४** मा स्थानीय सरकारहरुलाई उपलब्ध गराएको सबै प्रकारका अनुदानको एकमुष्ट रकम विवरण प्रतिवेदन गरिएको छ । त्यस्तै **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ दफा ३०(४)** मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको समेत आर्थिक विवरणको आधारमा **एकीकृत आर्थिक विवरण तयार गरी प्रत्येक वर्षको पुष मसान्त भित्र** सार्वजनिक गर्नुपर्ने प्रावधान भएको र सो अनुसार प्रत्येक वर्ष पुष मसान्तमा महालेखापरीक्षकको कार्यालयमा केन्द्रीय आर्थिक विवरण पेश गरेको देखिएको हुँदा आर्थिक वर्ष समाप्त भएको ६ महिनामा आर्थिक विवरण पेश हुने गरेको देखिएको ।	

१०.२.३. स्थानीय तहहरुको अनुगमन अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
सुचक १०.२. स्थानीय तहहरुको अनुगमन	प्रदेश सरकारले अनुदान उपलब्ध गराउने **सबै** स्थानीय सरकारहरुको लागि लेखापरीक्षण गरिएको ***वार्षिक वित्तीय प्रतिवेदनहरु*** आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र प्रकाशित हुन्छ । **सबै** स्थानीय सरकारहरुको वित्तीय स्थितिको एकीकृत प्रतिवेदन **कम्तीमा वार्षिक रुपमा प्रकाशित** हुन्छ ।	**"ग"**	बहुसंख्यक (**Majority**) स्थानीय सरकारहरुको लागि **लेखापरीक्षण नगरिएको** (**Unaudited**) ***वार्षिक वित्तीय स्थिति र कार्यसम्पादनको प्रतिवेदनहरु*** आर्थिक वर्ष समाप्त भएको ९ महिना भित्र **प्रकाशित हुने र ती सरकारहरुको वित्तीय स्थितिको एकीकृत प्रतिवेदन कम्तीमा वार्षिक रुपमा प्रकाशित** हुनुपर्ने व्यवस्था ।	प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरणको लेखा टिप्पणी (Notes to Account), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १० को लागि "ग" अंक र स्तर निर्धारण** गरिएको छ । प्रस्तुत अंक र स्तर प्राप्त गर्नको लागि बहुसंख्यक (**Majority**) स्थानीय सरकारहरुको लागि **लेखापरीक्षण नगरिएको** (**Unaudited**) ***वार्षिक वित्तीय स्थिति र कार्यसम्पादनको प्रतिवेदनहरु*** आर्थिक वर्ष समाप्त भएको **९ महिना भित्र प्रकाशित हुने र ती सरकारहरुको वित्तीय स्थितिको एकीकृत प्रतिवेदन कम्तीमा वार्षिक रुपमा प्रकाशित** हुनुपर्ने व्यवस्था रहेको छ ।			

	यस सुचकमा अंक निर्धारणको अन्य आधार **"क"** र **"ख"** को लागि स्थानीय तहहरुको **लेखापरीक्षण भएको वित्तीय प्रतिवेदनहरु** ९ महिना भित्र र एकीकृत प्रतिवेदन वार्षिक रुपमा प्रकाशन हुनुपर्ने भनिएको देखिंदा उक्त अवस्थाहरु स्थानीय तहहरुले पूरा गर्ने अवस्था देखिएन । प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गर्ने प्रदेश संचित कोषको वार्षिक विवरण र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा पुष मसान्तसम्म तयार गरिने एकीकृत वार्षिक प्रतिवेदन **लेखापरीक्षण पूर्वको प्रतिवेदन** हुने भएको, प्रदेशले क्षेत्रभित्रको स्थानीय तहहरुको छुट्टै वार्षिक प्रतिवेदन पनि तयार गरेको देखिएन । त्यसैले माथिको तालिकामा अंक प्रदान गर्ने आधार र मापदण्ड अंक **"ग" मा उल्लिखित अवस्थासँग मिल्दा देखिएकोलेको सो अंक** प्रदान गरिएको छ ।

सुचक १०.३.: आकष्मिक दायित्वहरु र अन्य वित्तीय जोखिमहरु (Contingent Liabilities and other fiscal risks):

प्रदेश १ सरकारको विभिन्न दायित्वहरु जस्तैः मोर्टगेज ऋण, विद्यार्थी ऋण, कृषि ऋण, साना व्यवसाय ऋणहरु । त्यस्तै सम्भावित दायित्वहरुः प्रदेश बीमा योजना, डिपोजिट बिमा, निजी निवृत कोष, बालीको बिमा आदि । त्यस्तै सरकार विरुद्ध चालु रहेको अदालती मुद्दा तथा मामिलाहरु, निजीक्षेत्रको लागि सरकारले जमानी बसेको ऋण रकम, सार्वजनिक निजी साझेदारी अन्तर्गतका लगानीमा हुनसक्ने दायित्वहरु इस्तो आकष्मिक दायित्वहरु र अन्य वित्तीय जोखिमहरुको रुपमा रहेका हुन्छन । यस सम्बन्धमा प्रदेश सरकारको बजेटरी कुल खर्चको यस्तो आकष्मिक दायित्वहरु ***सम्भाव्य लागत ०.५ प्रतिशत भन्दा बढी हुन सक्छ*** , यसको लागि प्रदेश सभाको थप विनियोजनको आवश्यकता पर्दछ । यसमा सार्वजनिक संस्थानहरु पर्दछन । GFS 2014 अनुसार सार्वजनिक संस्थान भनेको कानूनी रुपमा संस्थानको रुपमा परिभाषित संस्थागत ईकाईलाई मानिएको छ ।

१०.३.१. आकष्मिक दायित्वहरु र अन्य वित्तीय जोखिमहरुको मापन आधार र मापदण्ड

अंक (Score) को स्तर	**अंक प्रदान गर्ने आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	प्रदेश सरकारले **सबै** (**All**) महत्वपूर्ण **आकष्मिक दायित्वहरु र अन्य वित्त जोखिमहरु**को परिमाण तथा एकत्रित सुचना वार्षिक रुपमा प्रतिवेदन तयार र प्रकाशित हुन्छ ।	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ख"	प्रदेश सरकारका निकाय र एजेन्सीहरुले ***प्राय जसो (Most)*** महत्वपूर्ण **आकष्मिक दायित्वहरु र अन्य वित्त जोखिमहरु**को परिमाण तथा एकत्रित सुचना वित्तीय प्रतिवेदनहरुमा उल्लेख गरेको हुन्छ ।	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ग"	प्रदेश सरकारका निकाय र एजेन्सीहरुले **केही *(Some)*** महत्वपूर्ण **आकष्मिक दायित्वहरु र अन्य वित्त जोखिमहरु**को परिमाण तथा एकत्रित सुचना वित्तीय प्रतिवेदनहरुमा उल्लेख गरेको हुन्छ ।	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

१०.३.२. आकष्मिक दायित्वहरु र अन्य वित्तीय जोखिमहरु सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार**	**मापदण्ड पूरा गरे नगरेको**
२०७७।७८	प्रदेश सरकारले **सबै (All),** ***प्राय: जसो (Most)*** र **केही *(Some)*** महत्वपूर्ण **आकष्मिक दायित्वहरु र अन्य वित्त जोखिमहरु**को परिमाण तथा एकत्रित सुचना वार्षिक रुपमा प्रतिवेदन तयार र प्रकाशित हुन्छ ।	आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रकाशित व्यय अनुमानको विवरणमा (website: moeap. p1. gov.np) प्रदेश १ सरकार अन्तर्गत प्रदेश लगानी प्राधिकरण **एक मात्र संस्था** संस्थानको रुपमा रहेको देखिएको र यो संस्थान प्रारम्भिक अवस्थामा नै रहेको देखिएकोले आकष्मिक दायित्वहरु र अन्य वित्त जोखिमहरुको एकत्रित सुचना वार्षिक रुपमा प्रतिवेदन तयार र प्रकाशित गर्ने अवस्था हालसम्म नदेखिएको ।	**गर्ने अवस्था नरहेको**

१०.३.३. आकष्मिक दायित्वहरु र अन्य वित्तीय जोखिमहरु अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
सुचक १०.३.: आकष्मिक दायित्वहरु र अन्य वित्तीय जोखिमहरु	प्रदेश सरकारले **सबै (All),** ***प्राय: जसो (Most)*** र **केही *(Some)*** महत्वपूर्ण **आकष्मिक दायित्वहरु र अन्य वित्त जोखिमहरु**को परिमाण तथा एकत्रित सुचना वार्षिक रुपमा प्रतिवेदन तयार र प्रकाशित गर्ने गरेको	**"घ"**	प्रदेश सरकारका निकाय र एजेन्सीहरुले **केही *(Some)*** महत्वपूर्ण **आकष्मिक दायित्वहरु र अन्य वित्त जोखिमहरु**को परिमाण तथा एकत्रित सुचना वित्तीय प्रतिवेदनहरुमा उल्लेख गरेको अवस्थामा कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको अवस्थामा **"घ" अंक र स्तर गर्नुपर्ने**	आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रकाशित व्यय अनुमानको विवरणमा (website: moeap. p1. gov.np)
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १०.३ को लागि "घ" अंक र स्तर निर्धारण** गरिएको छ । प्रस्तुत अंक र स्तर प्राप्त गर्नको लागि प्रदेश सरकारले **सबै (All),** ***प्राय: जसो (Most)*** र **केही *(Some)*** महत्वपूर्ण **आकष्मिक दायित्वहरु र अन्य वित्त जोखिमहरु**को परिमाण तथा एकत्रित सुचना वार्षिक रुपमा प्रतिवेदन तयार र प्रकाशित गर्ने गरेको हुनुपर्ने व्यवस्था रहेको छ । यस सुचकमा अंक निर्धारणको अन्य आधार **"क"** र **"ख"** **"ग"** को लागि संस्थानहरुको तर्फबाट उपलब्ध हुनुपर्ने **आकष्मिक दायित्वहरु र अन्य वित्त जोखिमहरु**को परिमाण तथा एकत्रित सुचना वार्षिक रुपमा प्रतिवेदन तयार र प्रकाशित गर्ने गरेको हुनुपर्नेमा **भएको नदेखिएको हुँदा** कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको अवस्थामा **"घ" अंक र स्तर गर्नुपर्ने सुचकको मापदण्ड र आधार भएकोले सो अंक** प्रदान गरिएको छ ।			

सुचक ११.: सार्वजनिक लगानी व्यवस्थापन (Public Investment Management) :

यस सुचकले सरकारले सार्वजनिक लगानीका आयोजनाहरुको आर्थिक मुल्याँकन, छनौट, लागत र अनुगमनको साथै सो को प्रगति प्रतिवेदनको प्रकाशन गर्ने जस्मा सबैभन्दा ठुलो र महत्वपूर्ण आयोजनाहरुमा जोड दिईन्छ । यस सुचकमा चार पाटाहरु छन । पाटाहरुको समग्र अंकहरुको लागि :द्द (ब्ख) उपयोग गरिन्छ ।
यस सुचकको प्रयोजनको लागि **मुख्य लगानी आयोजना** भन्नाले संरचित (**क्तचगअतगचभम**) वित्तीय साधनको रुपमा भएको **सार्वजनिक निजी साझेदारी** जस्ता आयोजना र तपसिल बमोजिमको **आधारहरु पूरा गर्ने** आयोजनाहरु मानिएको छ :

- आयोजनाको कुल लगानी लागत कुल वार्षिक बजेट खर्चको १ प्रतिशत वा सो भन्दा बढी रकमको आयोजना भएको
- कुल लगानी लागतको आधारमा आयोजना सबभन्दा ठूलो १० आयोजना भित्र परेको ।

मुख्य लगानी आयोजनाहरुको परिभाषा सरकारको फरक भएमा पनि ती आयोजनाहरुले माथि उल्लिखित आधारहरु अनुसार सरकारको आयोजनाहरु छनौट गर्नुपर्दछ ।

११.१.लगानी प्रस्तावहरुको आर्थिक विश्लेषण (Economic Analysis of investment proposal)

आयोजनाको पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, गर्ने र विश्लेषणको परिणाम प्रकाशित गरेको हुनुपर्दछ । आर्थिक विश्लेषण गर्दा लागत लाभ विश्लेषण, लागत प्रभावकारिता विश्लेषण, बहुआधार विश्लेषण आदि गरेको हुनुपर्दछ ।

११.१.१. लगानी प्रस्तावहरुको आर्थिक विश्लेषण सम्बन्धी सुचकको मापदण्ड र स्तरः

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
“क”	**सबै (All)** मुख्य लगानी आयोजनाहरुको स्थापित राष्ट्रिय मार्गदर्शन अनुसार *आर्थिक विश्लेषण गरिने र परिणामहरु प्रकाशित* गर्ने गरिएको । यस्तो विश्लेषण स्पोन्सोरिग निकाय भन्दा फरक निकायले पुनरावलोकन गरेको हुनुपर्ने ।	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
“ख”	**प्रायः जसो (Most)** मुख्य लगानी आयोजनाहरुको स्थापित राष्ट्रिय मार्गदर्शन अनुसार *आर्थिक विश्लेषण गरिने र **केही (Some)** परिणामहरु प्रकाशित* गर्ने गरिएको । यस्तो विश्लेषण स्पोन्सोरिग निकाय भन्दा फरक निकायले पुनरावलोकन गरेको हुनुपर्ने ।	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
“ग”	**केही (Some)** मुख्य लगानी आयोजनाहरुको मुल्याँकनको लागि *आर्थिक विश्लेषण गरिएको हुनुपर्ने*	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
“घ”	कार्यसम्पादन अंक **“ग”** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

११.१.२. लगानी प्रस्तावहरुको आर्थिक विश्लेषण सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	मापदण्ड पूरा गरे नगरेको
२०७७।७८	**प्रदेश १ का सबै (All)** मुख्य लगानी आयोजनाहरुको स्थापित राष्ट्रिय मार्गदर्शन अनुसार *आर्थिक विश्लेषण गरिने र परिणामहरु प्रकाशित* गर्ने गरिएको । यस्तो विश्लेषण स्पोन्सोरिग निकाय भन्दा फरक निकायले पुनरावलोकन गरेको हुनुपर्ने ।	**नेपाल सरकार, राष्ट्रिय योजना आयोगले २०२० मा प्रकाशन गरेको National Project Bank** *(Guidelines for Identification, appraisal, Selection and Prioritization of Projects)* **ले** आयोजना बैंक तयार गर्ने मागदर्शन तयार गरेको छ । यसले विकास आयोजनाको विश्वसनीयता बढाउने, आयोजनाको सुशासन सुदृढ गर्ने र सार्वजनिक खर्चमा वित्तीय अनुशासन आश्वस्त गराउने उद्देश्य रहेको छ (पेज ३) । प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले संयुक्त रुपमा तयार गरेको **प्रदेशस्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६** अनुसार कार्यक्रम तथा आयोजना छनौट गर्दा आयोजना विश्लेषण प्रक्रिया अनुसुची १०(पेज ६४) मा उल्लिखित आधारमा आयोजनाको विश्लेषण गरी तयार गरिएको आयोजना प्रस्ताव बमोजिम आयोजना बैंकमा समावेश भएका आयोजना मात्र छनौट गर्नुपर्ने र त्यस्तो आयोजना अनुसुची १२ (पेज ६७ देखी ७१) मा उल्लिखित आधार बमोजिम प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था समेत गरिएको छ। आयोजना बैंक नभएको अवस्थामा आर्थिक मामिला तथा योजना मन्त्रालयले तोके बमोजिम हुने व्यवस्था रहेको छ । प्रदेश १ को सरकारले लगानी गर्ने आयोजनाको लागि **प्रदेश लगानी प्राधिकरणको वेभसाईट https:// invest.p1.gov.np/ project/bank** मा ५२ वटा आयोजनाहरु प्रोजेक्ट बैंकको रुपमा वेभसाईटमा प्रकाशन गरिएको देखिन्छ। यसरी प्रकाशन गरिएको सबै आयोजनाहरुको विशेषता, आयोजना परिचय, आयोजना संरचना । प्रविधि, बजारको मुल्याँकन (माग र आपूर्ति व्यवस्था, बजारको अवसर आदि) को संक्षिप्त विवरण र सुचना राखिएको छ । तर आयोजनाको विस्तृत	**कानूनी र व्यवस्थापकीय व्यवस्था रहेको तर मापदण्ड बमोजिम काम भएको नदेखिएको**

		सम्भाव्यता अध्ययन, सर्भेक्षण, आर्थिक विश्लेषण राखिएको छैन।	

११.१.३. लगानी प्रस्तावहरुको आर्थिक विश्लेषण अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
सुचक ११.: सार्वजनिक लगानी व्यवस्थापन	प्रदेश १ का सबै (All) मुख्य लगानी आयोजनाहरुको स्थापित राष्ट्रिय तथा प्रादेशिक मार्गदर्शन अनुसार *आर्थिक विश्लेषण गरिने र परिणामहरु प्रकाशित* गर्ने गरिएको । यस्तो विश्लेषण स्पोन्सोरिग निकाय भन्दा फरक निकायले पुनरावलोकन गरेको हुनुपर्ने ।	**"घ"**	**केही (Some)** मुख्य लगानी आयोजनाहरुको मुल्याँकनको लागि *आर्थिक विश्लेषण गरिएको हुनुपर्ने,* कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	राष्ट्रिय योजना आयोगले २०२० मा प्रकाशन गरेको National Project Bank, प्रदेशस्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६, प्रदेश लगानी प्राधिकरणको वेभसाईट https://invest.p1.gov.np/project/bank
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक ११.१ को लागि "घ" अंक र स्तर निर्धारण** गरिएको छ । प्रस्तुत अंक र स्तर प्राप्त गर्नको लागि प्रदेश सरकारले सबै (All) मुख्य लगानी आयोजनाहरुको स्थापित राष्ट्रिय तथा प्रादेशिक मार्गदर्शन अनुसार *आर्थिक विश्लेषण गरिने र परिणामहरु प्रकाशित* गर्ने गरिएको । यस्तो विश्लेषण स्पोन्सोरिग निकाय भन्दा फरक निकायले पुनरावलोकन गरेको हुनुपर्ने पूर्ण व्यवस्थाको रुपमा सुचकको आधार रहेको छ । यस सुचकमा अंक निर्धारणको अन्य आधार **"क"** र **"ख"** **"ग"** उल्लेख भएकोमा मुख्य कुरा प्रदेश सरकारले सबै मुख्य लगानी आयोजनाहरुको उल्लिखित मार्गदर्शन अनुसार आर्थिक विशलेषण गर्ने, परिणामहरु प्रकाशित गर्ने तथा फरक निकायले पुनरावलोकन गर्नुपर्ने प्रावधान रहेको छ । यस्ले गर्दा आयोजनाहरुको पूर्ण तयारी गरी सो तयारी सम्पूर्णता र गुणात्मक रहेको कुरा पुनरावलोकनको माध्यमबाट हुने भएकोले त्यस्तो कार्य तेश्रो पक्षले गरेको हुनुपर्ने आधार तथा मापदण्ड रहेको देखिन्छ । प्रदेश १ मा आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग, प्रदेश लगानी प्राधिकरणले माथि ११.१.२ मा उल्लेख गरिए अनुसार केही मार्गदर्शन जारी गरिएको, आर्थिक विश्लेषण लगायत प्राथमिकीकरण आधार प्रकाशन भएको तथा लगानी प्राधिकरणले आयोजनाको सुची समेत तयार गरेको भएता पनि सुचकको मापदण्ड तथा आधारले माग गरे अनुसारको आर्थिक विश्लेषण गर्ने, परिणाम प्रकाशन गर्ने र तेश्रो पक्ष वा फरक निकायले सो कार्यको पुनरावलोकन गर्ने मुख्य तीन सुचक रहेकोमा केही उपलब्धीहरु भएता पनि सो कुरा अवधारणा मात्र तयार गरी वास्तविक सुचकको मापदण्ड वा आधार कुनै पनि पूरा गरेको देखिदैन । त्यसैले यस सुचकको कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको देखिएको हुँदा यस सुचकको लागि **"घ" अंक र स्तर** निर्धारण गरिएको छ ।			

११.२.लगानी आयोजना छनौट गर्ने (Investment Project Selection)

आयोजनाको छनौट प्रक्रियामा लगानी गरिने आयोजनाहरुको प्राथमिकता स्पष्ट परिभाषित आधारहरु अनुसार गरेको हुनुपर्ने छ । प्रदेश सभामा पेश गर्नु अघि मुख्य लगानी आयोजनाहरुको सरकारले केन्द्रीय रुपमा पुनरावलोकन गरेको हुनुपर्दछ । सरकारले आयोजना छनौट गर्ने स्तरीय छनौट आधारहरु प्रकाशित गरेको र पालना गरेको हुनुपर्दछ । स्तरीय छनौट आधार भन्नाले सरकारले लागू गरेको औपचारिक कार्यविधिहरु जुन हरेक आयोजनाको छनौटको लागि साझा विशेषताहरुको रुपमा प्रयोग गरिएको हुन्छ ।

११.२.१. लगानी आयोजना छनौट गर्ने सुचकको मापदण्ड र स्तरः

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	बजेटमा समावेश गर्नु अघि सबै (**ALL**) मुख्य लगानी आयोजनाहरु केन्द्रीय निकाय (योजना आयोग । आर्थिक मामिला मन्त्रालय) ले आयोजना छनौट गर्नको लागि ***प्रकाशित स्तरीय आधार (Standard Criteria)*** अनुसार प्राथमिकता गरेको हुनुपर्ने	**प्रदेश सरकार**	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ख"	बजेटमा समावेश गर्नु अघि प्रायःजसो (**Most**) मुख्य लगानी आयोजनाहरु केन्द्रीय निकाय (योजना आयोग । आर्थिक मामिला मन्त्रालय) ले आयोजना छनौट गर्नको लागि ***प्रकाशित स्तरीय आधार (Standard Criteria)*** अनुसार प्राथमिकता गरेको हुनुपर्ने	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ग"	बजेटमा समावेश गर्नु अघि **केही (Some)** मुख्य लगानी आयोजनाहरु केन्द्रीय निकाय (योजना आयोग । आर्थिक मामिला मन्त्रालय) ले प्राथमिकता गरेको हुनुपर्ने	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

११.२.२. लगानी आयोजना छनौट गर्ने सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	मापदण्ड पूरा गरे नगरेको
२०७७७८	बजेटमा समावेश गर्नु अघि सबै (**ALL**) मुख्य लगानी आयोजनाहरु केन्द्रीय निकाय (योजना आयोग । आर्थिक मामिला मन्त्रालय) ले आयोजना छनौट गर्नको लागि ***प्रकाशित स्तरीय आधार (Standard Criteria)*** अनुसार प्राथमिकता गरेको हुनुपर्ने	प्रदेश सभा सचिवालय प्रदेश नं. १ विराटनगरको **प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन २०७८** को दफा ९ मा बजेट प्रस्ताव र छलफलको प्रावधान गरिएको र यस दफाको प्रावधान अनुसार बजेट प्रस्ताव गर्नु अघि उपदफा २ को (क) (ङ) र (च) मा बजेट प्रस्ताव गरी समावेश गर्नु अघि उल्लिखित मार्गदर्शन पालना गर्नुपर्ने व्यवस्था रहेको छ ।	**सुचकको सबै मापदण्ड पूरा गर्ने गरेको देखिदैन ।**

		आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रकाशन गरेको **व्ययको अनुमानित विवरण २०७७।७८** मा प्रत्येक कार्यक्रम र आयोजनाहरुको प्राथमिकता उल्लेख गरेको देखिन्छ । जस्मा प्राथमिकता १ र २ गरी वर्गिकरण गरिएको देखिन्छ । यसरी वर्गिकरण गर्ने आधार प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले संयुक्त रुपमा तयार गरेको **प्रदेशस्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६** अनुसार कार्यक्रम तथा आयोजना छनौट गर्दा आयोजना विश्लेषण प्रक्रिया अनुसुची १०(पेज ६४) मा उल्लिखित आधारमा आयोजनाको विश्लेषण गरी तयार गरिएको आयोजना प्रस्ताव बमोजिम आयोजना बैंकमा समावेश भएका आयोजना मात्र छनौट गर्नुपर्ने र त्यस्तो आयोजना अनुसुची १२ (पेज ६७ देखी ७१) मा उल्लिखित आधार बमोजिम प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था समेत गरिएको छ। आयोजना बैंक नभएको अवस्थामा आर्थिक मामिला तथा योजना मन्त्रालयले तोके बमोजिम हुने व्यवस्था रहेको छ ।	

११.२.३. लगानी आयोजना छनौट गर्ने अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
११.२. लगानी आयोजना छनौट गर्ने	बजेटमा समावेश गर्नु अघि सबै (**ALL**) मुख्य लगानी आयोजनाहरु केन्द्रीय निकाय (योजना आयोग । आर्थिक मामिला तथा योजना मन्त्रालय) ले आयोजना छनौट गर्नको लागि ***प्रकाशित स्तरीय आधार (Standard Criteria)*** अनुसार प्राथमिकता गरेको हुनुपर्ने व्यवस्था गरेको छ ।	**“ग”**	बजेटमा समावेश गर्नु अघि **केही (Some)** मुख्य लगानी आयोजनाहरु केन्द्रीय निकाय (योजना आयोग । आर्थिक मामिला मन्त्रालय) ले प्राथमिकता गरेको हुनुपर्ने	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन २०७८, प्रदेशस्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६, व्ययको अनुमानित विवरण २०७७।७८,
सुचकको उल्लिखित अंक प्राप्तीको	**सुचक ११.२ को लागि “ग” अंक र स्तर निर्धारण** गरिएको छ । बजेटमा समावेश गर्नु अघि सबै (**ALL**) मुख्य लगानी आयोजनाहरु केन्द्रीय निकाय (योजना आयोग । आर्थिक मामिला मन्त्रालय) ले आयोजना छनौट गर्नको लागि ***प्रकाशित स्तरीय आधार (Standard Criteria)*** अनुसार प्राथमिकता गरेको हुनुपर्ने भनी आयोजनाको पूर्ण तयारीको आधारमा परीक्षण गर्ने सुचक राखिएको देखिन्छ ।			

पुष्टयाई र व्याख्या	सुचकको मुख्य आवश्यकता प्रदेश १ सरकारको सबै मुख्य लगानी आयोजनाहरु योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयले आयोजना छनौट गर्नको लागि प्रकाशित स्तरीय आधार अनुसार प्राथमिकता गरेको हुनुपर्ने मापदण्ड र अंक प्रदान गर्ने आधार उल्लेख गरिएको देखिन्छ । आयोजनाको छनौट गर्नको लागि प्रदेश लगानी प्राधिकरणले तयार गरेको मुख्य लगानी आयोजनाहरुको आयोजना बैंक भनी सुची तयार गरेको (५२ वटा आयोजनाहरु) देखिएता पनि आर्थिक विश्लेषण गरेको, सम्भाव्यता अध्ययन गरेको, लगानी रकम एकीन गर्न नसकेको तथा आयोजना बैंकमा समावेश गर्न राष्टिय योजना आयोगले तयार गरेको ढाँचा बमोजिम आयोजनाको संरचना तथा तत्वहरु समावेश गर्न सकेको देखिंदैन । आर्थिक मामिला तथा योजना मन्त्रालयले २०७७।७८ को लागि प्रकाशित व्ययको अनुमानित विवरणमा सबै निकायहरुको प्राथमिकता तोकिएको देखिएता पनि प्रदेशमा आयोजना बैंकको मार्गदर्शन आन्तरिकीकरण गरेको समेत देखिएन । प्रदेश सरकारले अनुसुची १२ (पेज ६७ देखी ७१) मा उल्लिखित आधार बमोजिम प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था गरिएको आधारमा मात्र प्राथमिकीकरण गरेको देखिएकोले आयोजना बैंकको अवधारणा अनुसार पूर्ण तयारी बिना नै प्राथमिकीकरण गरेको देखिएको हुँदा यस सुचकको **"क"** र **"ख"** मा उल्लिखित आधार पुष्टी हुन सकेको देखिएन । त्यसैले यस सुचकको सम्बन्धमा केही अभ्यास तथा अवधारणात्मक रुपमा तयार गरी बजेट प्रस्ताव गरेको देखिएता पनि आयोजना बेंकका सबै अवयवहरु तयार गरी वास्तविक सुचकको मापदण्ड वा आधारमा प्राथमिकता हुन सकेको देखिंदैन । त्यसैले यस सुचकको कार्यसम्पादन अंक र स्तर **"ग"** निर्धारण गरिएको छ ।

११.३.लगानी आयोजना लागत तयार गर्ने (Investment Project Costing)

बजेटसम्बन्धी कागजातले लगानी आयोजनाको कुल लागतको आधार र चालु तथा पूँजीगत आधारमा पूर्णरुपमा एकत्रित गरेको मध्यककालीन प्रक्षेपण गरेको हुनुपर्दछ । लगानी आयोजनाको अवधिभरको लागि आयोजनाको व्यवसायिक योजना सहीत पूँजीगत र चालु लागतहरु समावेश गरेको हुनुपर्दछ । नगद प्रवाह तथा लागत लाभ विश्लेषणको साथै समष्टिगत वित्तीय विश्लेषण पनि असल बजेटको लागि गरेको हुनुपर्दछ ।

११.३.२. लगानी आयोजना लागत तयारसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	मुख्य लगानी आयोजनाहरुको सम्पूर्ण जीवन चक्र लागत प्रक्षेपणहरु,कम्तीमा आगामी तीन वर्षको लागि चालु तथा पूँजीगत लागत समेतको वर्ष वर्ष छुट्टिने गरी लागतको बाँडफाँट गरी बजेट पुस्तीकामा समावेश गरेको	**प्रदेश सरकार**	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ख"	मुख्य लगानी आयोजनाहरुको कूल पूँजीगत लागतको प्रक्षेपणहरु, आगामी तीन वर्षको लागि चालु लागतको अनुमान तथा पूँजीगत लागतको वर्ष वर्ष छुट्टिने गरी लागतको बाँडफाँट गरी बजेट पुस्तीकामा समावेश गरेको	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

"ग"	मुख्य लगानी आयोजनाहरुको कूल पूँजीगत लागतको प्रक्षेपणहरु, आगामी बजेट वर्षको पूँजीगत लागत समेत बजेट पुस्तीकामा समावेश गरेको	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

११.३.२. लगानी आयोजना छनौट गर्ने सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	मापदण्ड पूरा गरे नगरेको
२०७७७८	मुख्य लगानी आयोजनाहरुको सम्पूर्ण जीवन चक्र लागत प्रक्षेपणहरु,कम्तीमा आगामी तीन वर्षको लागि चालु तथा पूँजीगत लागत समेतको वर्ष वर्ष छुट्टिने गरी लागतको बाँडफाँट गरी बजेट पुस्तीका (व्यय अनुमानको विवरण) मा समावेश गरेको हुनुपर्ने ।	प्रदेश १ सरकारको **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा १० मा बजेट विनियोजन गर्दा चालु तथा पूँजीगत आधार, दफा १३ (घ) बमोजिम तीन वर्षको प्रक्षेपण गर्नुपर्ने तथा दफा १९ मा प्रदेश योजना आयोगले आयोजना वर्गिकरण तथा आयोजना बैंकको सुची तयार गरी बजेट विनियोजन गर्नुपर्ने प्रावधान गरिएको । आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले संयुक्त रुपमा तयार गरेको **मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७७७८ देखि २०७९।८०)** को बुँदा १.२ को अवधारणा तथा उद्देश्यमा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्ने र प्रत्येक आर्थिक वर्षमा परिमार्जन गर्ने व्यवस्था गरिएको छ । यसको साथै आर्थिक मामिला तथा योजना मन्त्रालयको **२०७७७८ मा प्रकाशित व्ययको अनुमानित विवरण सबै आयोजना तथा कार्यालयहरुको** तीन आर्थिक वर्षको विवरण समावेश गरिएको छ । जस्मा २०७५।७६ को यथार्थ खर्च र २०७६।७७ को संशोधित बजेट अनुमान समेतको बजेट अंक समावेश गरी २०७७७८ को बजेट समावेश गरी ३ वर्षको बजेट विनियोजन र खर्चको रकम समावेश गरिएको देखिन्छ । तीन वर्षको लागि छुट्टाछुट्टै लागतको बाँडफाँट भएको र हुनुपर्ने प्रावधान कानून, मध्यमकालीन संरचना र व्यय अनुमानको विवरणमा समावेश भएको प्रमाण कागजात देखिन्छ । तर मुख्य लगानी आयोजनाहरुको सम्पूर्ण जीवन चक्र लागत प्रक्षेपणहरु सम्बन्धी	आँशिक रुपमा पूरा गरेको देखिएको

अन्तिम मस्यौदा

		कागजातहरु देखिएन । आयोजना बैंकसम्बन्धी प्रावधानहरुको आधारमा आयोजनाको चक्र निर्धारण गरिएको देखिएन । त्यसैले बजेट विनियोजनको मुख्य आधारको रुपमा रहेको यस्तो व्यवस्था पालना नहुँदा यथार्थ रुपमा बजेट विनियोजन हुन सक्दैन र सकेको देखिंदैन ।	

११.३.३. अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
११.३.लगानी आयोजना लागत तयार गर्ने	मुख्य लगानी आयोजनाहरुको सम्पूर्ण जीवन चक्र लागत प्रक्षेपणहरु, कम्तीमा आगामी तीन वर्षको लागि चालु तथा पूँजीगत लागत समेतको वर्ष वर्ष छुट्टिने गरी लागतको बाँडफाँट गरी बजेट पुस्तीकामा समावेश गरेको कुरा परीक्षण गर्नुपर्ने *(मुख्य आधार : जीवन चक्र लागत प्रक्षेपण, चालु र पूँजीगत लागत ३ वर्षको लागि, वर्ष वर्ष छुट्टिने गरी लागत बजेट पुस्तीकामा समावेश गरिएको)*	**"ख"**	मुख्य लगानी आयोजनाहरुको कूल पूँजीगत लागतको प्रक्षेपणहरु, आगामी तीन वर्षको लागि चालु लागतको अनुमान तथा पूँजीगत लागतको वर्ष वर्ष छुट्टिने गरी लागतको बाँडफाँट गरी बजेट पुस्तीकामा समावेश गरेको	प्रदेश १ सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८०), २०७७।७८ को व्ययको अनुमानित विवरण
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक ११.३ को लागि "ख" अंक र स्तर निर्धारण** गरिएको छ । यस सुचकोको लागि मुख्य लगानी आयोजनाहरुको कूल पूँजीगत लागतको प्रक्षेपणहरु, आगामी तीन वर्षको लागि चालु लागतको अनुमान तथा पूँजीगत लागतको वर्ष वर्ष छुट्टिने गरी लागतको बाँडफाँट गरी बजेट पुस्तीकामा समावेश गरेको हुनुपर्ने भनी आधार र मापदण्ड निर्धारण गरिएको देखिन्छ । यस सुचकको आधारहरु मध्ये *कम्तीमा आगामी तीन वर्षको लागि चालु तथा पूँजीगत लागत समेतको वर्ष वर्ष छुट्टिने गरी लागतको बाँडफाँट गरी बजेट पुस्तीकामा समावेश गरेको कुरा परीक्षण गर्नुपर्ने* कुराको सम्बन्धमा माथि ११.३.२ मा उल्लिखित सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधारहरुले पुष्टी गरेको हुँदा सो आधार पूरा भएपनि आयोजना जीवन चक्रको लागत प्रक्षेपणको आधार पूरा गर्न सकेको देखिंदैन । प्रदेश १ मा आयोजना बैंकको मार्गदर्शन आन्तरिकीकरण समेत गरेको नदेखिएको हुँदा आयोजना बैंकको सुचीमा समावेश हुने आयोजनाहरुको जीवन चक्र सहीतको विवरण समावेश भएको पुस्तीका प्रकाशन भएको देखिंदैन । आयोजना बैंकको अवधारणा रहेको भएता पनि आयोजनाका सबै अवयवहरु समावेश गरी आयोजना लागत तयार भएको नदेखिएको हुँदा आयोजना चक्रको लागत तयार नभएको हुँदा प्रस्तुत सुचकले आवश्यक ठानेको वास्तविक सुचकको मापदण्ड वा आधारमा प्राथमिकता हुन			

अन्तिम मसौदा

	सकेको देखिंदैन । त्यसैले यस सुचकको कार्यसम्पादन अंक र स्तर **"क"** को आवश्यकता पूरा गर्न नसकेको **तर "ख"** स्तरको योग्यता पूरा गर्न सक्ने देखिंएकोले प्रस्तुत अंक निर्धारण गरिएको छ ।

११.४.लगानी आयोजना अनुगमन (Investment Project Monitoring)

आयोजनाको मौद्रिक मुल्य (लागत कार्यकुशलता) र वित्तीय जोखिमका पक्षहरु प्रतिवेदन र अनुगमनको सन्दर्भमा परीक्षण गर्नुपर्दछ । भौतिक र वित्तीय प्रगति, कामको प्रगतिको अनुमान, आवधिक आयोजना अनुगमन प्रतिवेदनहरु पनि अनुगमनको प्रणालीमा समावेश हुनुपर्नेछ ।

११.४.१. लगानी आयोजना अनुगमन सुचकको परीक्षण गर्ने आधार र मापदण्ड

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	मुख्य लगानी आयोजनाहरुको कुल लागत र भौतिक प्रगति कार्यान्वयन गर्ने सरकारी एकाईले *कार्यान्वयनको चरणमा* अनुगमन गरेको । आयोजना कार्यान्वयनको लागि स्थापित भएको मापदण्ड र नियमहरुको उच्चस्तरको पालना भएको । मुख्य लगानी आयोजनाहरुको *कार्यान्वियन सुचना* बजेट पुस्तीका वा अन्य प्रतिवेदनहरुमा वार्षिक रुपमा प्रकाशित भएको	**प्रदेश सरकार**	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ख"	मुख्य लगानी आयोजनाहरुको कुल लागत र भौतिक प्रगति कार्यान्वयन गर्ने सरकारी एकाईले अनुगमन गरेको । आयोजना कार्यान्वियनको लागि स्थापित भएको मापदण्ड र नियमहरु निर्माण भएको र मुख्य लगानी आयोजनाहरुको कार्यान्वयन सुचना वार्षिक रुपमा प्रकाशित भएको	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ग"	मुख्य लगानी आयोजनाहरुको कुल लागत र भौतिक प्रगति कार्यान्वयन गर्ने सरकारी एकाईले अनुगमन गरेको । मुख्य लगानी आयोजना कार्यान्वयनको सुचना वार्षिक रुपमा तयार भएको ।	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

११.४.२. लगानी आयोजना अनुगमन सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार**	**मापदण्ड पूरा गरे नगरेको**
२०७७।७८	मुख्य लगानी आयोजनाहरुको कुल लागत र भौतिक प्रगति कार्यान्वयन गर्ने सरकारी एकाईले *कार्यान्वयनको चरणमा* अनुगमन गरेको । आयोजना कार्यान्वयनको लागि स्थापित भएको मापदण्ड र नियमहरुको उच्चस्तरको	संघीय सरकारको **राष्ट्रिय योजना आयोगले अनुगमन तथा मुल्याँकन दिग्दर्शन २०७५** जारी गरी सो को अनुशरण प्रदेश सरकारले पनि गर्नुपर्ने प्रावधान रहेको छ । प्रदेश १ सरकारको आवधिक योजनामा यस्तो अनुगमन गर्ने प्रावधान उल्लेख भएको भएता पनि कार्यान्वयन	**आँशिक रुपमा गरेको**

	पालना भएको । मुख्य लगानी आयोजनाहरुको *कार्यान्वयन सुचना* बजेट पुस्तीका वा अन्य प्रतिवेदनहरुमा वार्षिक रुपमा प्रकाशित भएका	चरणमा नै औपचारिक रुपमा लागत तथा भौतिक प्रगतिको अनुगमन गरेको प्रकाशित प्रतिवेदन देखिदैन । प्रदेश योजना आयोगले २०७७।७८ को लागि प्रकाशित वार्षिक विकास कार्यक्रममा सो आर्थिक वर्षमा प्रत्येक आयोजना वा कार्यक्रमको नाम, उद्देश्य, प्रतिफल, हालसम्मको प्रगति र क्रियाकलाप सहीतको विवरण दिने गरेको छ । तर भौतिक र वित्तीय प्रगति मापनको आधार तय गरिएको देखिएन । त्यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले तयार गरेको *मध्यमकालिन खर्च संरचना (२०७६।७७ देखि २०७८।७९)* मा प्रत्येक आयोजना तथा कार्यक्रमहरुको उपलब्धी सुचकहरु, लागत र अवधि आदि हुने भएपनि वास्तविकता आधारीत विवरणहरु प्राप्त हुने देखिएन । माथि उल्लिखित प्रमाण बाहेक आयोजनाको कार्यान्वयनको **मापदण्ड लागि मापदण्ड र नियमहरुको पालनाको स्थिति** जानकारी हुने किसिमको प्रतिवेदन कार्यान्वयनको चरणमा अनुगमन गरी प्रतिवेदन दिएको देखिदैन । तर **व्यय अनुमानको विवरण**मा प्रत्येक आयोजनाहरुको तीन वर्षको विगत २ वर्षको वित्तीय प्रगति अवस्था छैन, यसको मुख्य कारण आयोजनाको चक्र र संरचना तयार पूर्ण रुपमा नगरी बजेटमा राख्ने गरेको देखिदैन । आयोजनाहरुको खर्च शिर्षकगत बजेट र खर्चसम्बन्धी कार्यान्वयन सुचना **प्रदेशको व्यय अनुमान विवरण**मा वार्षिक रुपमा नै प्रकाशित हुने गरेको देखिएको छ । भौतिक प्रगति वार्षिक विकास कार्यक्रममा समावेश गरी प्रकाशन गरेको देखिन्छृद्यएग९ज्ञे ।	

अन्तिम मस्यौदा

११.४.३. लगानी आयोजना अनुगमन अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधारहरु	सुचना श्रोत
११.४.लगानी आयोजना अनुगमन	मुख्य लगानी आयोजनाहरुको कुल लागत र भौतिक प्रगति कार्यान्वयन गर्ने सरकारी एकाईले *कार्यान्वयनको चरणमा* अनुगमन गरेको । आयोजना कार्यान्वयनको लागि स्थापित भएको मापदण्ड र नियमहरुको उच्चस्तरको पालना भएको । मुख्य लगानी	**"ग"**	मुख्य लगानी आयोजनाहरुको कुल लागत र भौतिक प्रगति कार्यान्वयन गर्ने सरकारी एकाईले अनुगमन गरेको । मुख्य लगानी आयोजना कार्यान्वयनको सुचना वार्षिक रुपमा तयार भएको ।	राष्ट्रिय योजना आयोगले अनुगमन तथा मुल्याँकन दिग्दर्शन २०७५,प्रदेशको व्यय अनुमान

	आयोजनाहरुको *कार्यान्वियन सुचना* बजेट पुस्तीका वा अन्य प्रतिवेदनहरुमा वार्षिक रुपमा प्रकाशित भएका			विवरण, *मध्यमकालिन खर्च संरचना (२०७६।७७ देखि २०७८।७९)*
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक ११.३ को लागि "ग" अंक र स्तर निर्धारण** गरिएको छ । यस सुचकको लागि मुख्य लगानी आयोजनाहरुको कुल लागत र भौतिक प्रगति कार्यान्वियन गर्ने सरकारी एकाईले *कार्यान्वियनको चरणमा* अनुगमन गरेको हुनुपर्नेमा त्यस्तो अनुगमन भएको प्रमाण देखिएन । त्यस्तै आयोजना कार्यान्वयनको लागि स्थापित भएको मापदण्ड र नियमहरुको उच्चस्तरको पालना भएको हुनुपर्नेमा आयोजना अनुगमनको प्रतिवेदन नै नदेखिएको हुँदा सो को जाँच गर्ने आधार देखिदैन । त्यस्तै त्यस्ता आयोजनाहरुको कार्यान्वयन सुचना एकमुष्ट रुपमा कार्यान्वयन गर्ने निकायले गरी वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको आधारमा समष्टिमा ती कार्यक्रम र आयोजनाको अनुगमन भएको मान्न सकिने आधार देखिन्छ । यस्ता आयोजनाहरुको कार्यान्वयनको सुचना व्ययको अनुमानित विवरण, मध्यमकालिन खर्च योजना र वार्षिक विकास कार्यक्रममा समावेश भएको देखिन्छ । तर प्रतिवेदन दिने र मापदण्ड पालनाको अवस्था एकीन हुने प्रकाशित प्रतिवेदनहरु देखिदैन । यस सुचकको आधारहरु मध्ये मुख्य लगानीका आयोजनाहरुको स्तर **"क" र "ख"** स्तरको योग्यता पूरा गर्न सक्ने नदेखिंएकोले यस सुचकको लागि अंक **"ग"** निर्धारण गरिएको छ ।			

सुचक १२. सार्वजनिक सम्पति व्यवस्थापन (Public Asset Management)

यस सुचकले सरकारको स्वामित्वमा रहेको सम्पतिको व्यवस्थापन र अनुगमनको साथै सम्पतिको विक्री (Disposal) को सम्बन्धमा परीक्षण गर्दछ । यो सुचकको तीन पाटाहरु छन र पाटोको अंकहरु एकत्रित गर्नको लागि M2(AV) पद्दति प्रयोग गरिन्छ । सार्वजनिक सम्पतिको व्यवस्थापनको सम्बन्धमा सम्पतिको वर्गिकरण गरिनु आवश्यक छ ।यसरी सम्पतिको वर्गिकरण **सरकारी वित्तीय तथ्याँक २०१४** अनुसार गर्नुपर्दछ । यसरी वर्गीकरण गर्दा सम्पतिलाई तपसिल बमोजिम वर्गिकरण गरिएको छ :

- **वित्तीय सम्पति :** सरकारको स्वामित्वमा रहेको नगद, जमानतहरु, ऋण र पाउनुपर्ने हिसाव (रिसीभेवल) पर्दछन । त्यस्तै विदेशी कोष, लामो अवधिको कोष जस्तै सम्पतिसम्बन्धी कोष, संस्थान तथा निजिक्षेत्रको संस्थाहरुमा भएको शेयर
(Equity) ।
- **गैर वित्तीय सम्पति:** वित्तीय सम्पति बाहेकको हरेक आर्थिक सम्पतिलाई गैर वित्तीय सम्पतिको रुपमा वर्गिकरण गरिन्छ । यस्मा सरकारको वित्तीय स्थितिको मुल्याँकन, भविष्यको पूँजीगत लगानीको आवश्यकता निर्धारण, लगानीमा अधिकतम लाभ प्राप्त गर्ने, श्रोतको कुशल उपयोगिता विश्वस्त तुल्याउन पनि यस्तो सम्पतिको पहिचान आवश्यक हुन्छ । ***गैरवित्तीय सम्पतिमा*** तपसिल बमोजिमको सम्पतिहरु वर्गिकृत गरिएको छ :
  - **स्थीर सम्पति:** भवन तथा संरचनाहरु, मेशिनरी र ईक्वीपमेन्ट, अन्य स्थीर सम्पतिहरु ।
  - **उत्पादन नगरिएको सम्पतिहरु :** जग्गा, खनिजजन्य र ईनर्जी श्रोतहरु, अन्य प्राकृतिक रुपमा घटने सम्पतिहरु, इन्टेन्जीबल उत्पादन नगरिएको सम्पतिहरु ।

१२.१. वित्तीय सम्पति अनुगमन (Financial Asset Monitoring) : यस प्रकारको सम्पति अनुगमनमा कार्यसम्पादन भन्नाले लगानी गरिएको पूँजीको लाभ जस्तै लाभाँश, व्याज, र पूँजीगत मुल्यवृद्धि वा नोक्सानी, आदि पर्दछन ।

१२.१.१. वित्तीय सम्पति अनुगमनको मापदण्ड र अंक स्तर कायम गर्ने आधारहरु

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	सरकारले आफ्नो मातहतमा रहेको वित्तीय सम्पतिहरुको सबै वर्गिकरण (All Categories) को आधारमा अभिलेख राखेको जुन बजार मुल्य वा फेयर (Fair) मुल्यमा आधारीत भै *अन्तरराष्ट्रिय लेखा मापदण्डको आधारमा* राखिएको । वित्तीय सम्पतिको लगानी (Portfolio) को कार्यसम्पादन सुचना वार्षिक रुपमा प्रकाशित गरिएको ।	**प्रदेश सरकार**	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ख"	सरकारले आफ्नो मातहतमा रहेको वित्तीय सम्पतिहरुको मुख्य वर्गिकरण (Major Categories) को आधारमा अभिलेख राखेको जुन ***बजार मुल्य वा फेयर (Fair)*** मुल्यमा आधारीत राखिएको । वित्तीय सम्पतिको मुख्य वर्गिकरणको कार्यसम्पादन सुचना वार्षिक रुपमा प्रकाशित गरिएको ।	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ग"	सरकारले आफ्नो मातहतमा रहेको स्थीर सम्पतिको रजिष्टर राखेको र ती सम्पतिहरुको उपयोग र उमेरको सम्बन्धमा आँशिक सुचना संकलन गर्ने गरेको	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

१२.१.२. वित्तीय सम्पति अनुगमन सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्**	**सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधारहरु**	**मापदण्ड पूरा गरे नगरेको**
२०७७/७८	सरकारले आफ्नो मातहतमा रहेको वित्तीय सम्पतिहरुको सबै वर्गिकरण (All Categories) को आधारमा अभिलेख राखेको जुन बजार मुल्य वा फेयर (Fair) मुल्यमा आधारीत भै *अन्तरराष्ट्रिय लेखा मापदण्डको आधारमा* राखिएको । वित्तीय सम्पतिको लगानी (Portfolio) को कार्यसम्पादन सुचना वार्षिक रुपमा प्रकाशित गरिएको ।	वित्तीय सम्पतिहरुको वर्गिकरण सम्बन्धमाा महालेखापरीक्षकको कार्यालयले मिति २०७६।२।१९ मा स्वीकृत गरे अनुसार *महालेखा नियन्त्रक कार्यालयले लेखा ढाँचा* लागू गर्नको लागि **नेपालको सरकारी लेखा फारामहरु** प्रयोगमा रहेको र यी फारामहरु तीनै तहको सरकारको लागि तयार गरिएको छ । यस फारामहरुको विषयवस्तुको रुपमा जिन्सी तथा सम्पति व्यवस्थापनसँग सम्बन्धित फारामहरु (पेज ४, ६ र ७) १८ वटा रहेको देखिन्छ । यस्तो सम्पतिको रुपमा केही सम्पतिहरुको लेखाँकन र प्रतिवेदन हुने भएता पनि ***वित्तीय सम्पतिहरुको*** सबै वर्गिकरणको आधारमा अभिलेख राख्ने र *बजार वा स्वच्छ (फेयर) मुल्यको आधारमा अन्तरराष्ट्रिय मापदण्डको आधारमा अभिलेख* राखिएको हुनुपर्नेमा *वित्तीय सम्पति* भन्नाले सरकारको	**पूरा नगरेको**

		स्वामित्वमा रहेको नगद, जमानतहरु, ऋण र पाउनुपर्ने हिसाव (रिसीभेवल) पर्दछन । त्यस्तै विदेशी कोष, लामो अवधिको कोष जस्तै सम्पतिसम्बन्धी कोष, संस्थान तथा निजिक्षेत्रको संस्थाहरुमा भएको शेयर (Equity) मानिएकोमा यस आधारमा सम्पतिको अभिलेख राखिएको देखिंदैन । *सरकारी क्षेत्रको लागि नेपाल लेखामान (Nepal Public Sector Accounting Standard-NPSAS) अनुसार लेखा राख्दा यस्तो विवरण आउने र प्रस्तुत लेखामान लागू भएको अवस्थामा मात्र बजार वा स्वच्छ मुल्यमा अन्तराष्टिय मापदण्ड पूरा गर्दछ*। नेपाल लेखामान सन २००९ देखी लागू भएको र सो लेखामान प्रदेशमा समेत लागू गर्ने भनी महालेखा नियन्त्रक कार्यालयको निर्देशन भएको छ । तर प्रदेश लेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०७७।७८ को लागि तयार गरेको प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण (प्रदेश १ मलेपको चौथो प्रतिवेदन २०७९ पेज ९६ देखि १०२) तयार गर्दा अपनाईएको आधारहरु तथा लेखा नीति तथा लेखा टिप्पणी (Notes to Account) मा समेत सम्पतिको अभिलेख गरिएको पद्दतिको बारेमा कुनै उल्लेख भएको छैन । यसकारणले प्रदेश १ मा सम्पतिको वर्गिकरण र सो को मुल्याँकन मापदण्ड बमोजिम भएको देखिएन । २०७७ श्रावणमा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (Public Assets Management System) मा पनि वित्तीय सम्पतिको वर्गिकरण यथोचित रुपमा गरिएको देखिंदैन र यस किसिमको प्रावधान अनुसार प्रदेशमा अभिलेख हुने व्यवस्था पनि गरेको देखिएन । त्यस्तै *वित्तीय सम्पतिको लगानीको कार्यसम्पादन सुचना* **वार्षिक रुपमा प्रकाशित** गरिएको हुनुपर्ने मापदण्ड भएकोमा वित्तीय समपति लगानीको *अभिलेख नै नभएको र अन्य कुनै प्रतिवेदनहरु पनि उपलब्ध नभएको हुँदा* सो सम्बन्धी प्रतिवेदन पनि प्रकाशन भएको देखिएन ।	

१२.१.३. वित्तीय सम्पति अनुगमन अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
१२.१. वित्तीय सम्पति अनुगमन	सरकारले आफ्नो मातहतमा रहेको वित्तीय सम्पतिहरुको सबै वर्गिकरण (All Categories) को आधारमा अभिलेख राखेको जुन बजार मुल्य वा फेयर (Fair) मुल्यमा आधारीत भै *अन्तरराष्टिय लेखा मापदण्डको आधारमा* राखिएको । वित्तीय सम्पतिको लगानी (Portfolio) को कार्यसम्पादन सुचना वार्षिक रुपमा प्रकाशित गरिएको ।	**“घ”**	प्रस्तुत सुचकको मापदण्ड र आधार अनुसार प्रदेश सरकारले आफ्नो मातहतमा रहेको स्थीर सम्पतिको रजिष्टर राखेको र ती सम्पतिहरुको उपयोग र उमेरको सम्बन्धमा आँशिक सुचना संकलन गर्ने गरेको अवस्थामा **“ग” अंक र स्तर कायम गर्ने भन्ने भएकोमा कार्यसम्पादन हेर्दा** कार्यसम्पादन अंक **“ग”** प्राप्त गर्ने भन्दा कम भएको देखिएकोले **“घ” अंक निर्धारण गरिएको छ ।**	**नेपालको सरकारी लेखा फारामहरु, वित्तीय सम्पतिको वर्गिकरण**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १२.१ लागि अंक र स्तर “घ” निर्धारण** गरिएको छ । प्रस्तुत सुचकको मापदण्ड र आधार अनुसार प्रदेश सरकारले आफ्नो मातहतमा रहेको स्थीर सम्पतिको रजिष्टर राखेको र ती सम्पतिहरुको उपयोग र उमेरको सम्बन्धमा आँशिक सुचना संकलन गर्ने गरेको अवस्थामा **“ग” अंक र स्तर कायम गर्ने भन्ने भएकोमा प्रदेशमा वित्तीय सम्पतिको वर्गिकरणको नभएको र स्थीर सम्पतिको उपयोग र उमेरको सुचना संकलन समेत भएको नदेखिएको हुँदा** कार्यसम्पादन अंक **“ग”** प्राप्त गर्ने भन्दा कम भएको देखिएकोले **“घ” अंक निर्धारण गरिएको छ ।**			

१२.२. गैरवित्तीय सम्पति अनुगमन (Nonfinancial Asset Monitoring) :

स्थीर सम्पतिको रजिष्टर राख्ने, त्यस्तै खानीजन्य सम्पतिको कुल बजेटरी निकायको सम्पतिमा महत्वपूर्ण अंश रहेको भए मात्र अभिलेख गर्नुपर्दछ । यस्तो सुचकको लागि सम्पतिको मुल्याँकन आवश्यक हुँदैन ।

१२.२.१. गैरवित्तीय सम्पति अनुगमनको अंक प्रदान गर्ने मापदण्ड तथा आधार

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
“क”	सरकारले आफ्नो मातहतमा रहेको स्थीर सम्पतिहरु, *जग्गा र सम्बन्धीत भए खानी (Subsoil) सम्पतिहरु* त्यस्ता सम्पतिहरुको उपयोग र उमेरको सुचना राख्ने रजिष्टर राखेको जुन कम्तीमा वार्षिक रुपमा प्रकाशित गरिन्छ ।	**प्रदेश सरकारको बजेटरी एकाईहरु**	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
“ख”	सरकारले आफ्नो मातहतमा रहेको स्थीर सम्पतिहरु र त्यस्ता सम्पतिहरुको उपयोग र उमेरको सुचना राख्ने रजिष्टर राखेको र प्रकाशित गरेको । *जग्गा र*	प्रदेश सरकारको बजेटरी एकाईहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

	सम्बन्धीत भए खानी (Subsoil) सम्पतिहरु त्यस्ता सम्पतिहरुको पनि रजिष्टर राखेको ।		
"ग"	सरकारले आफ्नो मातहतमा रहेको स्थीर सम्पतिहरु रजिष्टर राखेको र त्यस्ता सम्पतिहरुको उपयोग र उमेरको आँशिक सुचना संकलन गरेको	प्रदेश सरकारको बजेटरी एकाईहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश सरकारको बजेटरी एकाईहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

१२.२.२. गैरवित्तीय सम्पति अनुगमन सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधारहरु	मापदण्ड पूरा गरे नगरेको
२०७७।७८	सरकारले आफ्नो मातहतमा रहेको स्थीर सम्पतिहरु, *जग्गा र सम्बन्धीत भए खानी (Subsoil) सम्पतिहरु* त्यस्ता सम्पतिहरुको उपयोग र उमेरको सुचना राख्ने रजिष्टर राखेको जुन कम्तीमा वार्षिक रुपमा प्रकाशित गरिन्छ ।	महालेखापरीक्षकको कार्यालयले मिति २०७६।२।१९ मा स्वीकृत गरे अनुसार *महालेखा नियन्त्रक कार्यालयले लेखा ढाँचा* लागू गर्नको लागि **नेपालको सरकारी लेखा फारामहरु** प्रयोगमा रहेको र यी फारामहरु तीनै तहको सरकारको लागि तयार गरिएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०७७।७८ को लागि तयार गरेको **प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण (प्रदेश १ मलेपको चौथो प्रतिवेदन २०७९ पेज ९६ देखि १०२)** तयार गर्दा अपनाईएको आधारहरु तथा *लेखा नीति तथा लेखा टिप्पणी (Notes to Account)* मा समेत सम्पतिको अभिलेख गरिएको पद्दतिको बारेमा कुनै उल्लेख भएको छैन । २०७७ श्रावणमा **महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (Public Assets Management System)** मा सम्पतिको वर्गिकरण गरी स्थीर सम्पतिको अभिलेख गर्ने प्रणाली महालेखा नियन्त्रक कार्यालयले वार्षिक रुपमा गर्ने गरेको देखिन्छ। यस प्रणालीमा प्रदेश १ पनि समावेश भएकोमा यस प्रणालीले **स्थीर सम्पतिको** रुपमा घरजग्गा, सवारी साधन, भवन, अन्य भौतिक सम्पति जुन स्थीर सम्पतिको रुपमा वर्गिकरण र व्याख्यामा गरिएकाहरुको अभिलेख र प्रतिवेदन गर्ने प्रणाली पनि भएको हुँदा केही मात्रामा भए पनि यसको शुरुआत भएको देखिएको छ ।	**आँशिक रुपमा पूरा गरेको**

अन्तिम मस्यौदा

१२.२.३. गैरवित्तीय सम्पति अनुगमन अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१२.२. गैरवित्तीय सम्पति अनुगमन	यस सुचकको पूर्ण मापदण्ड पूरा गर्न *सरकारले आफ्नो मातहतमा रहेको स्थीर सम्पतिहरु, जग्गा र सम्बन्धीत भए खानी (Subsoil) सम्पतिहरु त्यस्ता सम्पतिहरुको उपयोग र उमेरको सुचना राख्ने रजिष्टर राखेक जुन कम्तीमा वार्षिक रुपमा प्रकाशित गरिन्छ । भनी आधारहरु तोकिएको*	**"ग"**	सरकारले आफ्नो मातहतमा रहेको स्थीर सम्पतिहरु रजिष्टर राखेको र त्यस्ता सम्पतिहरुको उपयोग र उमेरको आँशिक सुचना संकलन गरेको	*महालेखा नियन्त्रक कार्यालयले लेखा ढाँचा* लागू गर्नको लागि **नेपालको सरकारी लेखा फारामहरु,** प्रदेश लेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०७७।७८ को लागि तयार गरेको **प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण, महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १२.२ लागि अंक र स्तर "ग" निर्धारण** गरिएको छ । प्रस्तुत अंक र स्तर प्राप्त गर्नको लागि *सरकारले आफ्नो मातहतमा रहेको स्थीर सम्पतिहरु रजिष्टर राखेको र त्यस्ता सम्पतिहरुको उपयोग र उमेरको आँशिक सुचना संकलन गरेको भनिएको छ ।* ***खानीजन्य सम्पतिको पनि रजिष्टर राख्नुपर्ने प्रावधान*** *यस सुचकमा* **"क"** *र* **"ख"** *को अंक र स्तर प्राप्त गर्न आवश्यकता पर्ने भएकोमा यस्तो प्रावधान पूरा गर्ने नदेखिएको हुँदा सो प्रदान गर्न सकिने अवस्था रहेको छैन ।* *त्यसपछि अर्को सुचक परीक्षण गर्दा अंक र स्तर* **"ग"** *निर्धारण गर्नको लागि स्थीर सम्पतिहरुको रजिष्टर, सो को उपयोग र उमेरको आँशिक सुचना संकलन हुनुपर्नेमा प्रदेशको पनि यस्तो अवस्था महालेखा नियन्त्रक कार्यालयले व्यवस्थापन र संचालन गरेको सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीले यस्तो सम्पतिको अभिलेख र उपयोगको अवस्था तथा उमेर समेत अभिलेख हुने तथा वार्षिक रुपमा प्रकाशन समेत हुने गरेको देखिएको सो आधार पूरा गरेको देखिन्छ । यसैले गर्दा प्रस्तुत सुचकको लागि* **अंक र स्तर "ग" निर्धारण** गरिएको छ ।			

१२.३. सम्पति विक्रीको पारदर्शिता (Transparency of asset disposal)

सम्पति हस्तान्तरण गर्नको लागि आवश्यक ऐन नियमावली वा स्वीकृत कार्यविधिहरु पनि स्वीकृत भएको हुनुपर्दछ । सरकारको स्वामित्व भएपनि प्रयोग गर्ने अधिकार दिएको अवस्थामा पनि सम्पतिको हस्तान्तरण मानिन्छ ।

१२.३.१. सम्पति विक्रीको पारदर्शिताको मापदण्ड र स्तर निर्धारण आधार

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	वित्तीय र गैर वित्तीय सम्पतिहरुको हस्तान्तरण वा बिक्रीको लागि नियम र कार्यविधि स्थापित गरिएको *साथै यस्तो नियम प्रदेश सभामा सुचना वा स्वीकृतीको लागि पेश गर्ने गरिएको* । हस्तान्तरण र बिक्रीको सुचना बजेट कागजात, वित्तीय प्रतिवेदन वा अन्य प्रतिवेदनहरुमा समावेश भएको ।	**वित्तीय सम्पतिको लागि प्रदेश सरकार र गैरवित्तीय सम्पतिको लागि बजेटरी एकाईहरु**	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ख"	वित्तीय र गैर वित्तीय सम्पतिहरुको हस्तान्तरण वा बिक्रीको लागि नियम र कार्यविधि स्थापित गरिएको । हस्तान्तरण र बिक्रीको सुचना बजेट कागजात, वित्तीय प्रतिवेदन वा अन्य प्रतिवेदनहरुमा समावेश भएको ।	वित्तीय सम्पतिको लागि प्रदेश सरकार र गैरवित्तीय सम्पतिको लागि बजेटरी एकाईहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ग"	वित्तीय र गैर वित्तीय सम्पतिहरुको हस्तान्तरण वा बिक्रीको लागि नियम र कार्यविधि स्थापित गरिएको । हस्तान्तरण र बिक्रीको ***आँशिक*** सुचना बजेट कागजात, वित्तीय प्रतिवेदन वा अन्य प्रतिवेदनहरुमा समावेश भएको ।	वित्तीय सम्पतिको लागि प्रदेश सरकार र गैरवित्तीय सम्पतिको लागि बजेटरी एकाईहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	वित्तीय सम्पतिको लागि प्रदेश सरकार र गैरवित्तीय सम्पतिको लागि बजेटरी एकाईहरु	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

अन्तिम मस्यौदा

१२.३.२. सम्पति बिक्रीको पारदर्शिता सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधारहरु	मापदण्ड पूरा गरे नगरेको
२०७७।७८	यस सुचकको पूर्ण अवस्था प्राप्त गर्नको लागि *वित्तीय र गैर वित्तीय सम्पतिहरुको हस्तान्तरण वा बिक्रीको लागि नियम र कार्यविधि स्थापित गरिएको साथै यस्तो नियम प्रदेश सभामा सुचना वा स्वीकृतीको लागि पेश गर्ने गरिएको ।* हस्तान्तरण र बिक्रीको सुचना बजेट कागजात, वित्तीय प्रतिवेद	सम्पतिको हस्तान्तरण वा बिक्रीको नियम र कार्यविधिको सम्बन्धमा **प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा ४६ मा लिलाम बिक्रीको व्यवस्था तथा दफा ४७ मा मिनाहा गर्ने व्यवस्था गरिएको छ।** *यसरी वित्तीय सम्पतिको लागि सो व्यवस्था गरिएको देखिन्छ । त्यस्तै हस्तान्तरण र बिक्रीको सुचना बजेट कागजात, वित्तीय प्रतिवेदन वा अन्य प्रतिवेदनमा समावेश हुने* सम्बन्धमा महालेखापरीक्षकको कार्यालयले मिति	**आँशिक रुपमा पूरा गरेको**

	वा अन्य प्रतिवेदनहरुमा समावेश भएको	२०७६।२।१९ मा स्वीकृत गरे अनुसार *महालेखा नियन्त्रक कार्यालयले लेखा ढाँचा* लागू गर्नको लागि **नेपालको सरकारी लेखा फारामहरु** प्रयोगमा **ल्याएकोमा सो ढाँचामा जिन्सी तथा प्रतिवेदनसम्बन्धी फारामहरु मध्ये जिन्सी सम्पति हस्तान्तरण फाराम** (मलेप फानं. ४०६) *ले हस्तान्तरण गर्ने कुराको अभिलेख गरिएको र सोही ढाँचामा जिन्सी निसर्ग तथा मिन्हा फाराम (मलेप फा नं. ४१०) मा बिक्री गरिने वा अभिलेखबाट हटाउने सम्पतिको अभिलेख गर्ने व्यवस्था रहेको छ। त्यस्तै भाडामा दिएको वा लिएको प्रतिवेदन (मलेप फा नं. ४१६), घरजग्गाको लगत किताब (मलेप फा नं. ४१७) ,स्थिर सम्पतिको मुल्याँकन फारम (मलेप फा नं. ४१८) प्रतिवेदन फारामहरुले पनि सम्पति सम्बन्धमा अभिलेख र प्रतिवेदन गर्ने व्यवस्था गरिएको छ।*	

१२.३.३. सम्पति विक्रीको पारदर्शिता अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१२.३. सम्पति विक्रीको पारदर्शिता	यस सुचकको पूर्ण अवस्था प्राप्त गर्नको लागि *वित्तीय र गैर वित्तीय सम्पतिहरुको हस्तान्तरण वा बिक्रीको लागि नियम र कार्यविधि स्थापित गरिएको साथै यस्तो नियम प्रदेश सभामा सुचना वा स्वीकृतीको लागि पेश गर्ने गरिएको।* हस्तान्तरण र बिक्रीको सुचना बजेट कागजात, वित्तीय प्रतिवेदन वा अन्य प्रतिवेदनहरुमा समावेश भएका	**"घ"**	वित्तीय र गैर वित्तीय सम्पतिहरुको हस्तान्तरण वा बिक्रीको लागि नियम र कार्यविधि स्थापित गरिएको। हस्तान्तरण र बिक्रीको ***आँशिक*** सुचना बजेट कागजात, वित्तीय प्रतिवेदन वा अन्य प्रतिवेदनहरुमा समावेश भएको अवस्थामा **"ग"** स्तरको अंक प्राप्त गर्ने मापदण्ड भएकोमा सो कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	**प्रदेश आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व ऐन २०७८, नेपालको सरकारी लेखा फारामहरु,**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १२.३ को लागि अंक र स्तर "घ" निर्धारण** गरिएको छ। प्रस्तुत अंक र स्तर प्राप्त गर्नको लागि वित्तीय र गैर वित्तीय सम्पतिहरुको हस्तान्तरण वा बिक्रीको लागि नियम र कार्यविधि स्थापित गरिएको । हस्तान्तरण र बिक्रीको ***आँशिक*** सुचना बजेट कागजात, वित्तीय प्रतिवेदन वा अन्य प्रतिवेदनहरुमा समावेश भएको अवस्थामा **"ग"** स्तरको अंक प्राप्त गर्ने मापदण्ड भएकोमा सो कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको अवस्था देखिएको छ। गैर वित्तीय सम्पति मध्ये **स्थीर सम्पतिको** सम्बन्धमा कानूनी प्रावधान, लेखा ढाँचा तथा फारामहरु स्पष्ट रुपमा भएको भएता पनि **वित्तीय सम्पति र गैर वित्तीय सम्पति** अन्तर्गत **उत्पादन नगरिएका**			

अन्तिम मसौदा

	सम्पतिहरुको सम्बन्धमा कानून तथा लेखा ढाँचामा व्यवस्था गरि हस्तान्तरण तथा बिक्री सम्बन्धी व्यवस्था र प्रतिवेदनको प्रावधान समेत गरेको देखिएन । त्यसैले यस सुचकको लागि **अंक र स्तर "घ" निर्धारण** गरिएको छ ।

सुचक १३. ऋण व्यवस्थापन आदिको सुचकहरुको स्थिति

यस सुचकले आन्तरिक तथा वाह्य ऋण र जमानतहरुको व्यवस्थापनको मुल्याँकन गर्दछ । यसले कार्यकुशल र प्रभावकारी व्यवस्था गर्नको लागि व्यवस्थापन अभ्यास, अभिलेख र नियन्त्रणका पक्षहरु पहिचान गर्ने प्रयास गरिन्छ । यो सुचकको तीन पाटाहरु छन र अंक समष्टिगत गर्न M2 (AV) प्रयोग गरिन्छ ।

१३.१. ऋण र जमानतको अभिलेख र प्रतिवेदन (Recording and reporting of debt and guarantees)

यस सुचकले **ऋण** भन्नाले प्रदेश सरकारको आन्तरिक र बाह्य ऋण जनाउँछ । ऋण तथ्याँकको रणनीति र प्रभावकारी व्यवस्थापन महत्वपूर्ण हुन्छ । जस्तै ऋण सेवाको बजेट शुद्ध विवरण, ऋण सेवा नियमित भुक्तानी, ऋण तिर्ने तालिका विश्वस्त तुल्याउने हुनुपर्ने छ । नियमित प्रतिवेदनले सरकारलाई ऋण व्यवस्थापनको कार्यान्वयन अनुगमन गर्न सघाउ पुर्‍याउनु पर्दछ।

१३.१.१. ऋण र जमानतको अभिलेख र प्रतिवेदनको मापदण्ड र आधार

अन्तिम मसौदा

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	tYofFs lng'kg]{ ;do cjlw (वर्ष)
"क"	आन्तरिक ऋण र जमानतको अभिलेख पूरा, दुरुस्त, अद्यावधिक र *मासिक* रुपमा मिलान गरिन्छ । समष्टि व्यवस्थापन र तथ्याँक प्रतिवेदनहरुले ऋण सेवा, स्टक र संचालनको सम्बन्धमा *त्रैमासिक* रुपमा उत्पादन गरिन्छ ।	**प्रदेश सरकार**	मुल्याँकनको समयमा
"ख"	आन्तरिक ऋण र जमानतको अभिलेख पूरा, दुरुस्त, अद्यावधिक र *त्रैमासिक* रुपमा मिलान गरिन्छ । धेरै जसो (Most) सुचना त्रैमासिक रुपमा मिलान गरिन्छ । समष्टि व्यवस्थापन र तथ्याँक प्रतिवेदनहरुले ऋण सेवा, स्टक र संचालनको सम्बन्धमा *कम्तीमा वार्षिक* रुपमा उत्पादन गरिन्छ ।	**प्रदेश सरकार**	मुल्याँकनको समयमा
"ग"	आन्तरिक ऋण र जमानतको अभिलेख पूरा, दुरुस्त, वार्षिक रुपमा अद्यावधिक गरिन्छ । मिलान आवश्यक भएको क्षेत्रहरुमा अतिरिक्त सुचना अभिलेखको प्रमाण कागजातको रुपमा पूरा गरिने ।	प्रदेश सरकार	मुल्याँकनको समयमा
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	**प्रदेश सरकार**	मुल्याँकनको समयमा

१३.१.२. ऋण र जमानतको अभिलेख र प्रतिवेदन सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधारहरु	मापदण्ड पूरा गरे नगरेको
मुल्याँकनको समयमा **२०७९।८०**	आन्तरिक ऋण र जमानतको अभिलेख पूरा, दुरुस्त, अद्यावधिक र *मासिक* रुपमा मिलान गरिन्छ । समष्टि व्यवस्थापन र तथ्याँक प्रतिवेदनहरुले ऋण सेवा, स्टक र संचालनको सम्बन्धमा *त्रैमासिक* रुपमा उत्पादन गरिन्छ ।	प्रदेश लेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०७७।७८ को लागि तयार गरेको प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण (प्रदेश १ मलेपको चौथो प्रतिवेदन २०७९ पेज ९६ देखि १०२) तयार गर्दा अपनाईएको आधारहरु तथा लेखा नीति तथा लेखा टिप्पणी (Notes to Account) मा समेत आन्तरिक ऋण तथा जमानतको अभिलेख, समष्टि व्यवस्थापन र तथ्याँक प्रतिवेदन स्टक र संचालनको प्रतिवेदन त्रैमासिक रुपमा गर्नुपर्नेमा वार्षिक रुपमा समेत प्रतिवेदन हुन सकेको देखिँदैन । प्रदेश १ सरकारको एक मात्र प्रदेश लगानी प्राधिकरण रहेकोमा सो प्राधिकरण समेत स्थापना भएको केही वर्ष मात्र भएको छ । २०७७।७८ मा प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९ पेज ८६ मा सो प्राधिकरणको बजेट र खर्चमा यस्तो ऋण वा जमानतको श्रोत उल्लेख भएको देखिँदैन । त्यस्तै आन्तरिक ऋण लिन संघीय सरकार तथा राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोगको पुर्व स्वीकृती लिनुपर्ने अवस्था भएकोले पनि ऋण तथा जमानत लिने व्यवस्था भएको देखिदैन । त्यसैले यस सम्बन्धी कारोवार नभएको अवस्थामा प्रदेश १ को सरकार रहेको देखिन्छ ।	**मापदण्डको आधार नै सिर्जना हुन सकेको देखिँदैन**

अन्तिम मस्यौदा

१३.१.३. ऋण र जमानतको अभिलेख र प्रतिवेदन अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१३.१. ऋण जमानतको अभिलेख र प्रतिवेदन	आन्तरिक ऋण र जमानतको अभिलेख पूरा, दुरुस्त, अद्यावधिक र *मासिक* रुपमा मिलान गरिन्छ । समष्टि व्यवस्थापन र तथ्याँक प्रतिवेदनहरुले ऋण सेवा, स्टक र संचालनको सम्बन्धमा *त्रैमासिक* रुपमा उत्पादन गरिन्छ ।	**“घ”**	कार्यसम्पादन अंक **“ग”** प्राप्त गर्ने भन्दा कम भएको । *यस सुचकको सम्बन्धमा कार्यसम्पादनको पुर्वाधार नै सिर्जना नभएको हुँदा अन्य सुचकको मापदण्ड र आधार नभएको हुँदा यस अंक र आधार मानिएको छ*	प्रदेश संचित कोषको वार्षि आर्थिक विवर (प्रदेश १ मलेपको चौथो प्रतिवेदन २०७९)

सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १३.१ को लागि अंक र स्तर "घ" निर्धारण** गरिएको छ। आन्तरिक ऋण र जमानतको अभिलेख पूरा, दुरुस्त, अद्यावधिक र *मासिक* रुपमा मिलान गर्ने, व्यवस्थापन गर्ने र तथ्याँक प्रतिवेदनहरुले ऋण सेवा, स्टक र संचालनको *त्रैमासिक* रुपमा उत्पादन गर्ने भनिएको भएता पनि आन्तरिक ऋण र जमानतसम्बन्धी कार्य *प्रदेशमा भएको नदेखिएको* हुँदा *अन्य सुचकहरुमा वर्गिकरण गर्न सकिने अवस्था नभएकोले* यस सुचकमा समावेश गरिएको छ।

१३.२. ऋण र जमानतको स्वीकृती (Approval of debt and guarantees)

यस सुचक अन्तर्गत ऋण व्यवस्थापन रणनीतिले ऋण स्वीकृती र ऋण जमानतहरुसंग मिल्ने गरी कानून र औपचारिक कार्यविधि तथा नीतिको पालना गरे नगरेको एकीन गर्नुपर्दछ।

१३.२.१. ऋण र जमानतको स्वीकृती मापदण्ड र आधार

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	एकल जिम्मेवार ऋण व्यवस्थापन निकाय प्रदेश सरकारको तर्फबाट गर्नको लागि प्राथमिक कानून (प्राईमरी लेगिस्लेशन) ले ऋण लिन, नयाँ ऋण जारी गर्न र ऋण जमानत जारी गर्न अख्तियारी प्रदान गरेको छ। **एकल ऋण व्यवस्थापन निकायले** ऋण लिन, नयाँ ऋण जारी गर्न र ऋणसम्बन्धी कारोवार संचालन गर्न, ऋण जमानत जारी गर्न र ऋण व्यवस्थापन कारोवारको अनुगमन गर्न लिखित नीतिहरु र कार्यविधिहरुले मार्गदर्शन प्रदान गर्दछ। ***सरकार वा प्रदेश सभाले वार्षिक रुपमा लिने ऋण स्वीकृत गरेको छ***।	**प्रदेश सरकार**	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ख"	प्रदेश सरकारको तर्फबाट कानूनमा उल्लिखित निकायलाई प्राथमिक कानून (प्राईमरी लेगिस्लेशन) ले ऋण लिन, नयाँ ऋण जारी गर्न र ऋण जमानत जारी गर्न अख्तियारी प्रदान गरेको छ। **एक वा विभिन्न निकायलाई** ऋण लिन र ऋणसम्बन्धी कारोवार संचालन गर्न, ऋण जमानत जारी गर्न लिखित नीतिहरु र कार्यविधिहरुले मार्गदर्शन प्रदान गर्दछ ।यी कारोवारहरु एक जिम्मेवार निकायले अनुगमन गर्ने र सो निकायलाई प्रतिवेदन गर्ने गरिन्छ। ***सरकार वा प्रदेश सभाले वार्षिक रुपमा लिने ऋण स्वीकृत गरेको छ।***	**प्रदेश सरकार**	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष
"ग"	प्रदेश सरकारको तर्फबाट कानूनमा उल्लिखित निकायलाई प्राथमिक कानून (प्राईमरी लेगिस्लेशन) ले ऋण लिन, नयाँ ऋण जारी गर्न र ऋण जमानत जारी गर्न अख्तियारी प्रदान गरेको छ। **एक वा विभिन्न निकायलाई** ऋण लिन र ऋणसम्बन्धी कारोवार	प्रदेश सरकार	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

	संचालन गर्न, ऋण जमानत जारी गर्न लिखित नीतिहरु र कार्यविधिहरुले मार्गदर्शन प्रदान गर्दछ ।यी कारोवारहरु एक जिम्मेवार निकायले अनुगमन गर्ने र सो निकायलाई प्रतिवेदन गर्ने गरिन्छ ।		
“घ”	कार्यसम्पादन अंक **“ग”** प्राप्त गर्ने भन्दा कम भएको	**प्रदेश सरकार**	सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष

१३.२.२. ऋण र जमानतको स्वीकृती सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधारहरु	मापदण्ड पूरा गरे नगरेको
२०७९।८०	एकल जिम्मेवार ऋण व्यवस्थापन निकाय प्रदेश सरकारको तर्फबाट गर्नको लागि **प्राथमिक कानून (प्राईमरी लेगिस्लेशन)** ले ऋण लिन, नयाँ ऋण जारी गर्न र ऋण जमानत जारी गर्न अख्तियारी प्रदान गरेको छ। **एकल ऋण व्यवस्थापन निकायले** ऋण लिन, नयाँ ऋण जारी गर्न र ऋणसम्बन्धी कारोवार संचालन गर्न, ऋण जमानत जारी गर्न र ऋण व्यवस्थापन कारोवारको अनुगमन गर्न लिखित नीतिहरु र कार्यविधिहरुले मार्गदर्शन प्रदान गर्दछ । ***सरकार वा प्रदेश सभाले वार्षिक रुपमा लिने ऋण स्वीकृत गरेको छ।***	आर्थिक वर्ष **२०७९।८० को व्ययको अनुमानित विवरण**को अनुसुची ४ (१४०) मा प्रदेश १ सरकारको समग्र अनुदान, वैदेशिक सहायताको विवरणमा ऋणको श्रोत रहेको देखिंदैन । प्रदेश १ को प्रदेश सभाको दशौं अधिवेशनले **प्रदेश विनियोजन ऐन २०७९ र प्रदेश आर्थिक ऐन २०७९** गरी दुईवटा विधेयक मात्र २०७९ असार १ मा प्रस्तुत गरी पारीत समेत भएको वेभसाईट (https// assembly. p1.gov.np/ विधेयकहरु) मा देखिन्छ । तर ऋण तथा जमानतसम्बन्धी कानून भएको देखिंदैन । यसले गर्दा पनि प्रदेश १ मा प्राथमिक कानून नै बनेको देखिएन । त्यस्तै ऋण तथा जमानत कानून नभएको ले ऋणसम्बन्धी व्यवस्थापन गर्ने निकाय पनि तोकिएको देखिएन । यसरी दुवै आधारहरु प्रदेश १ मा विद्यमान भएको देखिएन ।	*मापदण्डसम्बन्धी काम नै नभएको*

१३.२.३. ऋण र जमानतको स्वीकृती अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१३.२. ऋण र जमानतको स्वीकृती	यस सुचकको लागि एकल जिम्मेवार ऋण व्यवस्थापन निकाय प्रदेश सरकारको तर्फबाट गर्नको लागि प्राथमिक कानून (प्राईमरी लेगिस्लेशन) ले ऋण लिन, नयाँ ऋण जारी गर्न र ऋण जमानत जारी गर्न अख्तियारी प्रदान गरेको । **एकल ऋण**	**“घ”**	प्रदेश सरकारको तर्फबाट कानूनमा उल्लिखित निकायलाई प्राथमिक कानून (प्राईमरी लेगिस्लेशन) ले ऋण लिन, नयाँ ऋण जारी गर्न र ऋण जमानत जारी गर्न अख्तियारी प्रदान गरेको छ । **एक वा विभिन्न निकायलाई**	**२०७९।८० को व्ययको अनुमानित विवरणको अनुसुची ४, *प्रदेश सभाको***

	व्यवस्थापन निकायले ऋण लिन, नयाँ ऋण जारी गर्न र ऋणसम्बन्धी कारोवार संचालन गर्न, ऋण जमानत जारी गर्न र ऋण व्यवस्थापन कारोवारको अनुगमन गर्न लिखित नीतिहरु र कार्यविधिहरुले मार्गदर्शन प्रदान गरेको । ***सरकार वा प्रदेश सभाले वार्षिक रुपमा लिने ऋण स्वीकृत गरेको छ।***		ऋण लिन र ऋणसम्बन्धी कारोवार संचालन गर्न, ऋण जमानत जारी गर्न लिखित नीतिहरु र कार्यविधिहरुले मार्गदर्शन प्रदान गर्दछ ।यी कारोवारहरु एक जिम्मेवार निकायले अनुगमन गर्ने र सो निकायलाई प्रतिवेदन गर्ने गरिएमा **"ग"**। **तर** कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको अवस्थामा **"घ" अंक प्रदान गर्ने**	**वेभसाईट** *(https:// assembly. p1.gov.np/* **विधेयकहरु**)
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १३.२ को लागि अंक र स्तर "घ" निर्धारण** गरिएको छ । यस सुचकको टेबल १३.२.२ मा उल्लिखित सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधारहरुमा उल्लिखित व्यहोरा अनुसार प्रदेश १ मा ऋण तथा जमानतसम्ब्न्धी कानून भएको देखिदैन । यसले गर्दा पनि प्रदेश १ मा प्राथमिक कानून नै बनेको देखिएन । त्यस्तै ऋण तथा जमानत कानून नभएकोले ऋणसम्बन्धी व्यवस्थापन गर्ने निकाय पनि तोकिएको देखिएन । यसरी दुवै आधारहरु प्रदेश १ मा विद्यमान भएको नदेखिएको हुँदा प्रस्तुत सुचकको **आवश्यक पूर्वाधारसम्बन्धी काम र आधार नै नभएको** हुँदा अंक र स्तर **"घ" निर्धारण** गरिएको छ ।			

१३.३. ऋण व्यवस्थापन रणनीति (Debt Management Strategy)

सरकारले दीर्घकालिक उदेश्यले ऋण व्यवस्थापन रणनीति लागत र जोखिमको हिसाबले भए नभएको परीक्षण गरिनुपर्दछ । मध्यकालिन (३ देखि ५ वर्ष) अवधि समेतको आधारमा ऋण क्रियाकलाप र समयक्रममा विकास भएको अवस्था पनि यस्तो *ऋण व्यवस्थापन रणनीतिमा* भएको हुनुपर्दछ । यस्तो रणनीतिले जोखिमको मुख्य सुचकहरुको लागि परिमाणात्मक लक्ष्यहरु वा लक्षित निर्देशनको रणनीतिक उद्देश्यहरु संकेत गरेको हुनुपर्दछ ।

१३.३.१. ऋण व्यवस्थापन रणनीतिको मापदण्ड र आधारहरु

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**tYofFs lng'kg]{ ;do cjlw (वर्ष)**
"क"	एक वर्तमान **मध्यकालिन ऋण व्यवस्थापन रणनीति** जस्ले वर्तमान र प्रक्षेपित सरकारी ऋणलाई अंगालेको छ, त्यो सार्वजनिक रुपमा प्रतिवेदन गरिएको छ। त्यस रणनीतिले विदेशी मुद्राको जोखिमहरु, पुनःश्रोत लगानी र व्याजदर जस्ता सुचकहरुको कुरा समावेश गरेको छ । प्रदेश सभालाई ऋण व्यवस्थापन उद्देश्यहरुको विषयमा वार्षिक प्रतिवेदन गरिन्छ । स्वीकृत रणनीतिसंग मिल्ने गरी सरकारको ऋणसम्बन्धी वार्षिक योजना रहेको छ ।	**प्रदेश सरकार**	मुल्याँकनको समयमा सम्पन्न भएको तीन आर्थिक वर्ष
"ख"	एक वर्तमान मध्यकालिन ऋण व्यवस्थापन रणनीति जस्ले वर्तमान र प्रक्षेपित सरकारी ऋणलाई अंगालेको छ, कम्तीमा ३ वर्षको लागि सार्वजनिक रुपमा	**प्रदेश सरकार**	मुल्याँकनको समयमा सम्पन्न भएको तीन आर्थिक वर्ष

	प्रतिवेदन गरिएको छ। त्यस रणनीतिले विदेशी मुद्राको जोखिमहरु, पुनःश्रोत लगानी र व्याजदर जस्ता सुचकहरुको कुरा समावेश गरेको छ।		
"ग"	एक वर्तमान मध्यकालिन ऋण व्यवस्थापन रणनीति जस्ले वर्तमान र प्रक्षेपित सरकारी ऋण सार्वजनिक रुपमा उपलब्ध रहेको छ । त्यस रणनीतिले विदेशी मुद्राको जोखिमहरु, पुनःश्रोत लगानी र व्याजदर जस्ता जोखिम सुचकहरुको कम्तीमा विकासक्रमको प्राथमिकताको कुरा संकेत गर्दछ ।	प्रदेश सरकार	मुल्याँकनको समयमा सम्पन्न भएको तीन आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	**प्रदेश सरकार**	मुल्याँकनको समयमा सम्पन्न भएको तीन आर्थिक वर्ष

१३.३.२. ऋण व्यवस्थापन रणनीति सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधारहरु	मापदण्ड पूरा गरे नगरेको
मुल्याँकनको समयमा सम्पन्न भएको तीन आर्थिक वर्ष **२०७५।७६ २०७६।७७, २०७७।७८**	यस सुचकमा पूर्ण अंक प्राप्त गर्नको लागि एक वर्तमान **मध्यकालिन ऋण व्यवस्थापन रणनीति** जस्ले वर्तमान र प्रक्षेपित सरकारी ऋणलाई अंगालेको छ, त्यो **सार्वजनिक रुपमा प्रतिवेदन** गरिएको छ । त्यस रणनीतिले *विदेशी मुद्राको जोखिमहरु, पुनःश्रोत लगानी र व्याजदर जस्ता सुचकहरुको कुरा समावेश गरेको* छ। प्रदेश सभालाई *ऋण व्यवस्थापन उद्देश्यहरुको विषयमा वार्षिक प्रतिवेदन* गरिन्छ । *स्वीकृत रणनीतिसंग मिल्ने गरी सरकारको ऋणसम्बन्धी वार्षिक योजना रहेको ।*	प्रदेश योजना आयोग, प्रदेश १ को ***प्रथम आवधिक योजना (२०७६।७७ देखि २०८०।८१)*** को तालिका १२ मा सरकारी बजेट (खर्च) र व्यहोर्ने श्रोतहरु प्रस्तुत गरिएको आर्थिक वर्ष *२०७६।७७ देखि २०८०।८१ सम्मको लागि आन्तरिक ऋण* लिने भएकोमा प्रथम योजना अवधिमा आन्तरिक ऋण रु ८६५७ (रु दश लाखमा) श्रोतको रुपमा राख्ने नीति भएको (पेज २६) भएता पनि सो योजनामा ऋण व्यवस्थापन रणनीतिको बारेमा उल्लेख गरेको देखिएन । सो प्रथम आवधिक योजनाको आन्तरिक ऋणको प्रभावकारी परिचालन गर्ने रणनीति अन्तर्गत (क) आन्तरिक ऋण उठाउने कार्यलाई व्यवस्थित गर्न संघीय सरकारसँग समन्वय गरी आवश्यक नीतिगत र कानूनी व्यवस्था गरिनेछ (पेज ३२) भनी उल्लेख भएको देखिन्छ । *तर सुचकको आधारको रुपमा उल्लेख भएको मध्यकालिन ऋण व्यवस्थापन रणनीति तयार गरिएको नदेखिएकोले सार्वजनिक प्रकाशन, प्रदेश सभालाई वार्षिक प्रतिवेदन गर्ने र ऋणसम्बन्धी वार्षिक योजना समेत तयार भएको देखिएन ।*	*मापदण्डसम्बन्धी काम नै नभएको*

१३.३.३. ऋण व्यवस्थापन रणनीति अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१३.३. ऋण व्यवस्थापन रणनीति	यस सुचकमा पूर्ण अंक प्राप्त गर्नको लागि एक वर्तमान **मध्यकालिन ऋण व्यवस्थापन रणनीति** जस्ले वर्तमान र प्रक्षेपित सरकारी ऋणलाई अंगालेको छ, त्यो **सार्वजनिक रुपमा प्रतिवेदन** गरिएको छ। त्यस रणनीतिले *विदेशी मुद्राको जोखिमहरु, पुनःश्रोत लगानी व्याजदर जस्ता सुचकहरुको कुरा समावेश गरेको* छ। प्रदेश सभालाई *ऋण व्यवस्थापन उद्देश्यहरुको विषयमा वार्षिक प्रतिवेदन* गरिन्छ। *स्वीकृत रणनीतिसंग मिल्ने गरी सरकारको ऋणसम्बन्धी वार्षिक योजना रहेको।*	**"घ"**	एक वर्तमान *मध्यकालिन ऋण व्यवस्थापन रणनीति* जस्ले वर्तमान र प्रक्षेपित सरकारी ऋण सार्वजनिक रुपमा उपलब्ध रहेको र त्यस रणनीतिले विदेशी मुद्राको जोखिमहरु, पुनःश्रोत लगानी र व्याजदर जस्ता जोखिम सुचकहरुको कम्तीमा विकासक्रमको प्राथमिकताको कुरा संकेत गरेको भएमा **"ग"** अंक प्रदान गर्ने तर सो कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको अवस्थामा **"घ" अंक प्रदान गर्ने प्रावधान रहको छ।**	प्रदेश योजना आयोग, प्रदेश १ को ***प्रथम आवधिक योजना*** ***(२०७६।७७ देखि २०८०।८१),***
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १३.३ को लागि अंक र स्तर "घ" निर्धारण** गरिएको छ। यस सुचकको टेबल १३.३.२ मा उल्लिखित सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधारहरुमा उल्लिखित व्यहोरा अनुसार प्रदेश १ मा प्रदेश योजना आयोग, प्रदेश १ को ***प्रथम आवधिक योजना*** को तालिका १२ मा सरकारी बजेट (खर्च) र व्यहोर्ने श्रोतहरुमा*आन्तरिक ऋण* लिने भै यस योजना अवधिमा आन्तरिक ऋण रु ८६५७ (रु दश लाखमा) श्रोतको रुपमा राख्ने नीति भएको तर ऋण व्यवस्थापन रणनीति भएको नदेखिएको। तर सुचकको आधारको रुपमा उल्लेख भएको मध्यकालिन ऋण व्यवस्थापन रणनीति तयार नगरिएको तथा सार्वजनिक प्रकाशन, प्रदेश सभालाई वार्षिक प्रतिवेदन गर्ने र ऋणसम्बन्धी वार्षिक योजना समेत तयार भएको देखिएन। यसरी प्रदेश १ मा तीनै आधारहरु विद्यमान भएको नदेखिएको ***"क" "ख" र "ग" सबै सुचकको आधारहरु*** अनुसार प्रस्तुत सुचकको **आवश्यक पूर्वाधारसम्बन्धी काम र आधार नै भएको** नदेखिएको हुँदा अंक र स्तर **"घ" निर्धारण** गरिएको छ।			

***

परिच्छेद : ४.४.

नीतिमा आधारीत वित्तीय रणनीति र बजेट (Policy Based fiscal strategy and budgeting)

प्रदेश १ सरकारले आवधिक योजना तथा वार्षिक कार्यक्रम र बजेटको साथै वित्तसम्बन्धी रणनीतिले परिलक्षित गरेको लक्ष्य उद्देश्यहरु हासिल गर्नको लागि सरकारले बजेटमा गरेको व्यवस्थाले महत्वपूर्ण भुमिका खेल्दछ । कुनै पनि योजना, आयोजना वा कार्यक्रमको सफलता त्यस्को लागि गरिने बजेट व्यवस्था र सो को कार्यान्वयनमा भरपर्दछ । त्यसैले प्रदेशको समष्टिगत वित्त अवस्था र रणनीति अनुसार बजेटको प्रभावकारी कार्यान्वयन गर्न अति जरुरी हुन्छ । यस परिच्छेदमा पेफाका सुचकहरु अनुसार नीतिमा आधारीत भै वित्तीय रणनीति तथा बजेटको अन्तरसम्बन्धको परीक्षण गरी सो आधारमा प्रदेश १ को अवस्थाको विश्लेषण गरिएको छ । यसले भविष्यमा प्रदेश १ सरकारले सुशासन र उत्तरदायी तथा जवाफदेहीमुलक सरकारको भूमिका प्रभावकारी बनाउने अपेक्षा गर्न सकिन्छ ।

सुचक १४. प्रदेश स्तरीय समष्टि आर्थिक र वित्त प्रक्षेपणको अवस्था

प्रस्तुत सुचकले असल (रोबस्ट) समष्टिगत अर्थनीति र वित्तीय प्रक्षेपणको क्षमताको मापन गर्दछ । जुन दीगो वित्त रणनीति र बजेट वाँडफाँटको अधिक प्रक्षेपणीय पक्षहरु विश्वस्त तुल्याउन कठिन हुन्छ । यसले सरकारको आर्थिक परिस्थितिहरुमा सम्भाव्य परिवर्तनहरुको वित्तीय प्रभाव अनुमान गर्ने क्षमता पनि मुल्याँकन गर्दछ । यो ३ पाटा भएको सुचक हो जस्को एकीकृत अंक M2(AV) को आधारमा गरिन्छ ।

सुचक १४.१: समष्टिगत आर्थिक प्रक्षेपण (Macroeconomic Forecasts)

प्रक्षेपणमा कम्तीमा कुल ग्राहस्थ उत्पादन वृद्धिको अनुमान, मुद्रास्फिति, व्याजदर, र विनिमय दर समावेश गरिनुपर्दछ । मुल्याँकनकर्ताले प्रक्षेपण तयारी गर्ने निकाय भन्दा अर्को निकाय (जस्तै वित्त परिषद) ले पुनरावलोकन गरे नगरेको विश्लेषण गर्नुपर्दछ । **"ख"** र **"ग"** अंकको लागि नेपाल राष्ट्र बैंकले समष्टिगत प्रक्षेपणहरु तयार गरेको हुनुपर्दछ ।

१४.१.१: समष्टिगत आर्थिक प्रक्षेपणसम्बन्धी परीक्षण मापदण्ड र आधार:

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	सरकारले प्रदेश सभामा पेश गरेको बजेट पुस्तिका मा **मुख्य समष्टिगत आर्थिक सुचकहरुको प्रक्षेपण** को साथै *अन्तरनिहीत अनुमानहरु* तयार गरेको । यस्तो प्रक्षेपण *कम्तीमा वर्षको एकपल्ट अद्यावधिक* भएको हुनुपर्दछ । प्रक्षेपणले *बजेट वर्ष र त्यसपछिको २ वर्षको अवधि* समावेश गरेको हुनुपर्छ । सो प्रक्षेपणहरु *तयार गर्ने निकाय भन्दा अर्को निकायले पुनरावलोकन* गरेको हुनुपर्छ ।	प्रदेश स्तर अर्थतन्त्र	विगतमा सम्पन्न भएको ३ आर्थिक वर्ष
"ख"	सरकारले प्रदेश सभामा पेश गरेको बजेट पुस्तिका मा **मुख्य समष्टिगत आर्थिक सुचकहरुको प्रक्षेपण** को साथै *अन्तरनिहीत अनुमानहरु* तयार गरेको । प्रक्षेपणले *बजेट वर्ष र त्यसपछिको २ वर्षको अवधि* समावेश गरेको हुनुपर्छ ।	प्रदेश स्तर अर्थतन्त्र	सम्पन्न भएको ३ आर्थिक वर्ष
"ग"	सरकारले **मुख्य समष्टिगत आर्थिक सुचकहरुको प्रक्षेपण** *बजेट वर्ष र त्यसपछिको २ वर्षको अवधि* समावेश गरेको हुनुपर्छ ।	प्रदेश स्तर अर्थतन्त्र	सम्पन्न भएको ३ आर्थिक वर्ष

"घ"	खर्चको प्रतिशत अंक **"ग"** भन्दा कम भएको	प्रदेश स्तर अर्थतन्त्र	सम्पन्न भएको ३ आर्थिक वर्ष

१४.१.२. समष्टिगत आर्थिक प्रक्षेपणसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको ३ आर्थिक वर्ष **२०७६।७७, २०७७।७८ २०७८।७९**	**समष्टिगत आर्थिक प्रक्षेपणसम्बन्धी** *सुचकको पूर्ण अवस्था हुनको लागि* सरकारले प्रदेश सभामा पेश गरेको बजेट पुस्तिका (व्यय अनुमानको विवरण) मा **मुख्य समष्टिगत आर्थिक सुचकहरुको प्रक्षेपण** को साथै *अन्तरनिहीत अनुमानहरु* तयार गरेको । यस्तो प्रक्षेपण *कम्तीमा वर्षको एकपल्ट अद्यावधिक* भएको हुनुपर्दछ । प्रक्षेपणले *बजेट वर्ष र त्यसपछिको २ वर्षको अवधि* समावेश गरेको हुनुपर्छ । सो प्रक्षेपणहरु *तयार गर्ने निकाय भन्दा अर्को निकायले पुनरावलोकन* गरेको हुनुपर्छ ।	आँशिक रुपमा पूरा गरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	प्रदेश १ को प्रदेश योजना आयोगले तयार गरेको **प्रथम आवधिक योजना (२०७६।७७ देखि २०८०।८१)** मा समष्टिगत आर्थिक नीति (पेज २८ देखि ३०) मा प्रस्तुत गरिएको छ । सो नीतिमा प्रदेश १ सरकारको कुल ग्राहस्थ उत्पादन, राजस्व, सार्वजनिक खर्च, आन्तरिक ऋण, वित्तीय हस्तान्तरण, बचत तथा लगानी, स्वदेशी तथा वैदेशिक लगानी आदिको समिक्षा र आँकलन गरिएको छ। समष्टिगत रुपमा प्रस्तुत आवधिक योजनामा समावेश गरिएकोमा **आर्थिक मामिला तथा योजना मन्त्रालयले** वार्षिक रुपमा तयार गरेको आर्थिक सर्भेक्षणहरुले यस्तो समष्टिगत आर्थिक प्रक्षेपणसम्बन्धी विवरणहरुको समिक्षाहरु गर्ने गरेको देखिन्छ । सो मन्त्रालयले आर्थिक वर्ष **२०७६।७७** को आर्थिक सर्भेक्षण (पेज ४ देखि ६ सम्म) मा कुल ग्राहस्थ्य उत्पादनको अवस्था र वृद्धिदरको प्रक्षेपण गरिएको छ। त्यस्तै आर्थिक वर्ष **२०७७।७८** को **आर्थिक सर्भेक्षण** (पेज ३ देखि १० सम्म) मा समग्र प्रादेशिक सामाजिक तथा आर्थिक स्थितिको अवस्था र आगामी आर्थिक वर्षको अनुमान समेत गरिएको छ। आर्थिक वर्ष **२०७८।७९** को आर्थिक सर्भेक्षण (पेज देखि सम्म) राष्ट्रिय अर्थतन्त्र तथा प्रादेशिक आर्थिक स्थितिमा प्रदेशको कुल ग्राहस्थ्य उत्पादन, मुल्य अभिवृद्धिको संरचना, प्रतिव्यक्ति आय जस्ता विषयहरुको समिक्षा गरी अनुमानको विवरणहरु समेत प्रस्तुत गरिएको छ । सो मन्त्रालयले प्रत्येक आर्थिक वर्षमा बजेट प्रस्तुत गर्ने समय अघि आर्थिक सर्भेक्षण पेश गर्ने कानूनी प्रावधान अनुसार पेश हुने गरेको छ । तर यस्तो प्रक्षेपणहरु तयार गर्ने निकाय (आर्थिक मामिला तथा योजना मन्त्रालय) भन्दा अर्को निकायले पुनरावलोकन गर्ने गरेको देखिंदैन ।	

१४.१.३. समष्टिगत आर्थिक प्रक्षेपण अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१४.१: समष्टिगत आर्थिक प्रक्षेपण	**समष्टिगत आर्थिक प्रक्षेपणसम्बन्धी** *सुचकको पूर्ण अवस्था हुनको लागि* सरकारले प्रदेश सभामा पेश गरेको बजेट पुस्तिका (व्यय अनुमानको विवरण) मा **मुख्य समष्टिगत आर्थिक सुचकहरुको प्रक्षेपण** को साथै *अन्तरनिहीत अनुमानहरु* तयार गरेको । यस्तो प्रक्षेपण *कम्तीमा वर्षको एकपल्ट अद्यावधिक* भएको हुनुपर्दछ ।	"ग"	सरकारले **मुख्य समष्टिगत आर्थिक सुचकहरुको प्रक्षेपण** *बजेट वर्ष र त्यसपछिको २ वर्षको अवधि* समावेश गरेको हुनुपर्छ ।	प्रदेश १ को प्रदेश योजना आयोगले तयार गरेको प्रथम आवधिक योजना (२०७६।७७ देखि २०८०।८१), आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रकाशन गरेको आर्थिक वर्ष

	प्रक्षेपणले *बजेट वर्ष र त्यसपछिको २ वर्षको अवधि* समावेश गरेको हुनुपर्छ । सो प्रक्षेपणहरु *तयार गर्ने निकाय भन्दा अर्को निकायले पुनरावलोकन* गरेको हुनुपर्छ ।			२०७६।७७,२०७७।७८ र २०७७।७८ आर्थिक सर्भेक्षणहरु
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक १४.१ को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ । प्रस्तुत अंक प्राप्त गर्नको लागि यस सुचकमा प्रदेश सरकारले मुख्य समष्टिगत आर्थिक सुचकहरुको प्रक्षेपण *बजेट वर्ष र त्यसपछिको २ वर्षको अवधि* समावेश गरेको हुनुपर्छ । यस सुचकमा अंक सो भन्दा माथिल्लो अंक र स्तर "क" र "ख" को लागि हुनुपर्ने प्रदेश सरकारले प्रदेश सभामा पेश गरेको व्यय अनुमानको विवरणमा मुख्य समष्टिगत आर्थिक सुचकहरुको प्रक्षेपण गरिएको र अन्तरनिहीत अनुमानहरु हुनुपर्ने, वर्षको एकपल्ट अद्यावधिक हुनुपर्ने, प्रक्षेपण गर्दा बजेट वर्ष र त्यसपछिका २ वर्षको अवधि हुनुपर्ने आधार रहेको छ भने त्यस्तो प्रक्षेपणलाई तयार गर्ने निकाय भन्दा अर्को निकायले पुनरावलोकन गरेको हुनुपर्ने आधार रहेको छ । प्रदेश १ को सरकारले तयार गरेको आर्थिक सर्भेक्षण तथा आवधिक योजनामा समष्टिगत आर्थिक सुचकहरुको प्रक्षेपण भएको र प्रत्येक बजेट वर्षको लागि अद्यावधिक हुने गरेको छ । तर बजेट वर्ष पछिका २ वर्ष तथा त्यस्तो प्रक्षेपण अर्को निकायले पुनरावलोकन हुनुपर्नेमा त्यस्तो हुन सकेको देखिदैन । त्यसैले "क" र "ख" मापदण्ड स्तर प्राप्त गर्न नसकेको हुँदा माथि उल्लिखित आधार र मापदण्डको आधारमा अंक "ग" मा उल्लिखित अवस्थासँग मिल्दा देखिएकोले सो अंक प्रदान गरिएको छ ।			

सुचक १४.२: वित्त प्रक्षेपण (Fiscal Forecasts)

राजस्वको प्रक्षेपण र अनुमानहरुमा राजस्वका दरहरु, कभरेज र प्रक्षेपित वृद्धि आदि अद्यावधिक भएको हुनुपर्दछ । अद्यावधिक खर्चको अनुमान अघिल्लो वर्षको स्वीकृत बजेट, बजेट समायोजन र बजेट पश्चात खर्च नीति निर्णयहरुको मध्यकालिन वित्तमा परेको असरलाई ध्यान दिनुपर्दछ ।

अन्तिम मसौदा

सुचक १४.२.१ : वित्त प्रक्षेपणसम्बन्धी परीक्षण मापदण्ड र आधारः

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	सरकारले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षको लागि मुख्य वित्त सुचकहरुको प्रक्षेपण जस्मा राजस्वको प्रकार, एकीकृत कृषि र बजेटको मौज्दात समेत प्रक्षेपण तयार गरेको हुनुपर्ने । यस्तो प्रक्षेपणहरुको साथै समावेश भएको अनुमान *र अघिल्लो वर्षको बजेटमा प्रक्षेपण गरिएको मुख्य भिन्नताहरुको व्याख्याहरु* संसदमा पेश गरिएको बजेट पुस्तिका (व्यय अनुमानको विवरण) मा समावेश गरिएको छ ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
"ख"	सरकारले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षको लागि मुख्य वित्त सुचकहरुको प्रक्षेपण जस्मा राजस्वको प्रकार, एकीकृत कृषि र बजेटको मौज्दात समेत प्रक्षेपण तयार गरेको हुनुपर्ने । यस्तो प्रक्षेपणहरुको साथै समावेश भएको अनुमान संसदमा पेश गरिएको बजेट पुस्तिका (व्यय अनुमानको विवरण) मा समावेश गरिएको छ ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष

“ग”	सरकारले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षको लागि राजस्वको प्रकार, एकीकृत कृषि र बजेटको मौज्दात समेत प्रक्षेपण तयार गरेको हुनुपर्ने ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
“घ”	खर्चको प्रतिशत अंक **“ग”** भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष

१४.२.२: वित्त प्रक्षेपणसम्बन्धी परीक्षण सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको ३ आर्थिक वर्ष *२०७५।७६, २०७६।७७ २०७७।७८*	यस सुचकको **पूर्ण अवस्था हुनको** लागि *प्रदेश सरकारले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षको लागि मुख्य वित्त सुचकहरुको प्रक्षेपण जस्मा राजस्वको प्रकार, एकीकृत कृषि र बजेटको मौज्दात समेत प्रक्षेपण तयार गरेको हुनुपर्ने ।* यस्तो प्रक्षेपणहरुको साथै समावेश भएको अनुमान *र अघिल्लो वर्षको बजेटमा प्रक्षेपण गरिएको मुख्य भिन्नताहरुको व्याख्याहरु* संसदमा पेश गरिएको बजेट पुस्तिका (व्यय अनुमानको विवरण) मा समावेश गरिएको छ ।	आँशिक रुपमा पूरा गरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	सम्पन्न भएको ३ आर्थिक वर्ष २०७६।७७,२०७७।७८ र २०७८।७९ को आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको **व्ययको अनुमान विवरण (खर्च शिर्षकगत र श्रोतगत समेत)** मा मुख्य वित्त सुचकहरु राजस्वको प्रकार, एकीकृत कृषि र बजेटको मौज्दात समेत प्रक्षेपण तयार गरेको देखिएन । त्यस्तै अघिल्लो वर्षको बजेटमा प्रक्षेपण गरिएको मुख्य भिन्नताहरुको व्याख्या पनि व्यय अनुमानको विवरणमा समावेश गरेको देखिदैन । तर उल्लिखित आर्थिक वर्षहरुको लागि प्रदेश सभामा पेश भएको आर्थिक सर्भेक्षणहरुमा कर राजस्व, गैर कर राजस्व, संघबाट प्राप्त अनुदान र नगद मौज्दात समेतको तीन आर्थिक वर्षहरुको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ । **२०७८।७९ को आर्थिक सर्भेक्षण (पेज ७ देखि १०) मा** सार्वजनिक वित्तको समग्र अवस्था सहीतको ३ वर्षको प्रक्षेपण समेत राखी फरक परेको विषयहरुमा कारण सहीत सुचना सम्प्रेषण गरिएको देखिन्छ । त्यस्तै **२०७७।७८ को आर्थिक सर्भेक्षण (पेज १७ र १८**) मा २ वर्षको प्रक्षेपण भएको देखिन्छ । प्रदेश सरकारको गठन यस आर्थिक वर्षसम्म ४ वर्ष मात्र पूरा हुन जाने भएकोले सो वर्ष अघिका विवरणहरु उपलब्ध हुन सकेन । *तर प्रस्तुत गरिएका राजस्वका आँकडामा प्रक्षेपण गरिएको र पछिको आर्थिक वर्षमा भएका भिन्नताहरुको विवरण समेत प्रस्तुत गरिएको देखिन्छ ।*	

१४.२.३: वित्त प्रक्षेपणसम्बन्धी परीक्षण अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
१४.२.१ : वित्त प्रक्षेपणसम्बन्धी परीक्षण	यस सुचकको **पूर्ण अवस्था हुनको** लागि *प्रदेश सरकारले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षको लागि मुख्य वित्त सुचकहरुको प्रक्षेपण जस्मा राजस्वको प्रकार, एकीकृत कृषि र बजेटको मौज्दात समेत प्रक्षेपण तयार गरेको हुनुपर्ने ।*	**“ग”**	सरकारले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षको लागि राजस्वको प्रकार, एकीकृत कृषि र बजेटको मौज्दात समेत प्रक्षेपण तयार गरेको हुनुपर्ने ।	आर्थिक वर्ष २०७६।७७,२०७७।७८ र २०७८।७९ को आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको व्ययको अनुमान विवरण (

	यस्तो प्रक्षेपणहरुको साथै समावेश भएको अनुमान *र अघिल्लो वर्षको बजेटमा प्रक्षेपण गरिएको मुख्य भिन्नताहरुको व्याख्याहरु* संसदमा पेश गरिएको बजेट पुस्तिका (व्यय अनुमानको विवरण) मा समावेश गरिएको छ ।			खर्च शिर्षकगत र श्रोतगत समेत), २०७७।७८,२०७८।७९ को आर्थिक सर्भेक्षण
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक १४.२ को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ । प्रस्तुत अंक प्राप्त गर्नको लागि यस सुचकमा सरकारले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षको लागि राजस्वको प्रकार, एकीकृत कृषि र बजेटको मौज्दात समेत प्रक्षेपण तयार गरेको हुनुपर्ने आधार र मापदण्ड निर्धारण गरिएको छ । यस सुचकमा निर्धारण गरिएको अंक भन्दा माथिल्लो अंक र स्तर "क" र "ख" को लागि आवश्यक पर्ने विषयवस्तुहरु *बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षको लागि मुख्य वित्त सुचकहरुको प्रक्षेपण जस्मा राजस्वको प्रकार, एकीकृत कृषि र बजेटको मौज्दात समेत प्रक्षेपण* हुनुपर्ने र खर्च अनुमानको विवरणमा समावेश हुनुपर्नेमा सो समावेश भएको देखिंदैन । त्यसैले प्रस्तुत सुचकको लागि आवश्यक मापदण्ड र आधार मात्र पुरा गरेको प्रमाण आर्थिक सर्भेक्षणमा भएको देखिएकोले सो आधारमा "क" र "ख" स्तर प्राप्त गर्न नसकेको हुँदा माथि उल्लिखित आधार र मापदण्डको आधारमा अंक "ग" मा उल्लिखित अवस्थासँग मिल्दो देखिएकोले सो अंक प्रदान गरिएको छ ।			

सुचक १४.३: समष्टिवित्त संवेदनशील विश्लेषण (Macro fiscal Sensitivity Analysis)

यस सुचकले सरकारको समष्टिगत आर्थिक अवस्थाहरु वा अन्य बाह्य जोखिम तत्त्हरु जस्को राजस्व, खर्च र ऋणमा सम्भाव्य असरको अनपेक्षित परिवर्तनहरुमा आधारीत वैकल्पिक वित्त दृश्यहरु विकास तथा प्रकाशन गर्ने क्षमताको मुल्यांकन गरिन्छ ।

सुचक १४.३.१: समष्टि वित्त संवेदनशील विश्लेषण

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	सरकारले वैकल्पिक *समष्टिगत अनुमानहरुमा आधारीत भै वित्त प्रक्षेपण* दृश्यहरुको दायरा तयार गर्ने र यस्तो दृश्यहरु केन्द्रीय प्रक्षेपणसँगै प्रकाशित भएको हुनुपर्ने ।	प्रदेश सरकार	सम्पन्न भएको ३ आर्थिक वर्ष
"ख"	सरकारले वैकल्पिक समष्टिगत अनुमानहरुमा आधारीत भै वित्त प्रक्षेपण दृश्यहरुको दायरा, आन्तरिक प्रयोगको लागि तयार गर्ने । बजेट पुस्तिकाले प्रक्षेपण सम्बेदनशीलताहरुको छलफल समावेश गरिएको हुनुपर्ने ।	प्रदेश सरकार	सम्पन्न भएको ३ आर्थिक वर्ष
"ग"	सरकारले तयार गरेको समष्टिवित्त प्रक्षेपणले वैकल्पिक समष्टिगत अनुमानहरुको असरको गुणात्मक मुल्यांकन समावेश गरिएको हुनुपर्ने ।	प्रदेश सरकार	सम्पन्न भएको ३ आर्थिक वर्ष

"घ"	कार्यसम्पादन अंक "ग" को लागि आवश्यक भन्दा कम रहेको	प्रदेश सरकार	सम्पन्न भएको ३ आर्थिक वर्ष

१४.३.२. समष्टि वित्त संवेदनशील विश्लेषण सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको ३ आर्थिक वर्ष *२०७५।७६, २०७६।७७ २०७७।७८*	*प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि* सरकारले वैकल्पिक समष्टिगत अनुमानहरुमा आधारीत भै वित्त प्रक्षेपण दृश्यहरुको दायरा तयार गर्ने र यस्तो दृश्यहरु केन्द्रीय प्रक्षेपणसँगै प्रकाशित भएको हुनुपर्ने।	काम नै नभएकोले मापदण्ड पूरा नभएको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	सम्पन्न भएको ३ आर्थिक वर्ष२०७६।७७,२०७७।७८ र २०७८।७९ को आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको **व्ययको अनुमान विवरण (खर्च शिर्षकगत र श्रोतगत समेत)** मा अन्य वित्त प्रक्षेपण समेत नभएको, आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको आर्थिक वर्ष *२०७५।७६, २०७६।७७ र २०७७।७८ को* **आर्थिक सर्भेक्षणहरु** समेत सरकारले वैकल्पिक समष्टिगत अनुमानको वित्त प्रक्षेपण गरिएको देखिदैन र प्रक्षेपण नै नगरेको हुँदा प्रकाशन पनि भएको देखिदैन ।	

१४.३.३. अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
१४.३: समष्टिवित्त संवेदनशील विश्लेषण	प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि सरकारले वैकल्पिक समष्टिगत अनुमानहरुमा आधारीत भै वित्त प्रक्षेपण दृश्यहरुको दायरा तयार गर्ने र यस्तो दृश्यहरु केन्द्रीय प्रक्षेपणसँगै प्रकाशित भएको हुनुपर्ने।	**"घ"**	सरकारले तयार गरेको *समष्टिवित्त प्रक्षेपणले वैकल्पिक समष्टिगत अनुमानहरुको असरको गुणात्मक मुल्याँकन* समावेश गरिएको हुनुपर्ने आधार भए **"ग" अंक प्राप्त गर्ने** र यस स्तरको अंक नभएको अवस्थामा कार्यसम्पादन **अंक "ग"** को लागि *आवश्यक भन्दा कम रहेको भए* **"घ" अंक** प्रदान गर्ने मापदण्ड भएकोले छनौटको आधारमा यो अंक प्रदान गरिएको हो । यथार्थमा यस सुचकको लागि आवश्यक काम नै भएको देखिदैन ।	**श्रोत भएको नदेखिएको**
सुचकको उल्लिखित अंक	**सुचक १४.३ को लागि "घ" अंक र स्तर निर्धारण** गरिएको छ । प्रदेश १ सरकारले तयार गरेको *समष्टिवित्त प्रक्षेपणले वैकल्पिक समष्टिगत अनुमानहरुको असरको गुणात्मक मुल्याँकन* समावेश गरिएको हुनुपर्ने आधार भए **"ग" अंक प्राप्त गर्ने** र यस स्तरको अंक नभएको			

प्राप्तीको पुष्टयाई र व्याख्या	अवस्थामा कार्यसम्पादन **अंक "ग"** को लागि *आवश्यक भन्दा कम रहेको भए* **"घ" अंक** प्रदान गर्ने मापदण्ड भएकोले छनौट गर्नैपर्ने हुँदा सो आधारमा यो अंक प्रदान गरिएको हो । तर यथार्थमा यस सुचकको लागि आवश्यक काम नै भएको देखिंदैन । त्यसैले स्तर निर्धारण प्रयोजनको लागि मात्र प्रस्तुत अंक प्रदान गरिएको छ ।

सुचक १५: वित्त रणनीति (Fiscal Strategy)

यस सुचकले एक स्पष्ट वित्त रणनीति विकास र कार्यान्वयन गर्ने क्षमताको विश्लेषण प्रस्तुत गर्दछ । यस्ले सरकारको वित्त उद्देश्यहरु हासिल गर्न सहयोग हुने गरी राजस्व र खर्च नीति प्रस्तावहरुको वित्त असरको विकास र मुल्याँकन गर्ने क्षमता मापन गर्दछ । यस सुचकमा ३ पाटाहरु छन र पाटाहरुको अंक समष्टिकृत गर्नको लागि M2 (AV) विधि उपयोग गरिन्छ । वित्त रणनीतिले सरकारलाई सरकारी एकाई, प्रदेश सभा र सर्वसाधारणलाई वित्त उद्देश्यहरु र यस्को परिमाणात्मक र गुणात्मक वित्त लक्ष्य र अवरोधहरुको बारेमा स्पष्ट परिभाषा गर्न सक्षम तुल्याउँछ । यस रणनीतिले राजस्व र खर्च नीति प्रस्तावहरुको वित्तमा पार्ने प्रभाव बजेट तयार गर्ने प्रकृयामा मुल्याँकन गर्न सकिने गरी संरचना (Frameworks) प्रदान गर्दछ । यसले बजेटको नीतिगत निर्णयहरु वित्त लक्ष्यहरुसंग तादाम्यता हुने कुराको विश्वस्त गराउँछ ।

१५.१. नीति प्रस्तावहरुको वित्त प्रभाव (Fiscal impact of policy proposals) मापदण्ड र आधारः

नीतिगत प्रस्तावहरुको वित्त प्रभावको कागजात तयार गर्ने कार्य आर्थिक मामिला मन्त्रालय आफै वा क्षेत्रगत बजेटरी निकायहरुले तयार गरेको नीतिहरु एकत्रित (Consolidated) गरी तयार गर्नुपर्दछ । राजस्वको नीतिको सम्बन्धमा मुल्याँकनकर्ताहरुले राजस्वमा उल्लेखनीय र प्रत्यक्ष प्रभाव पार्ने पक्षहरुमा केन्द्रीत गर्नुपर्दछ । जस्तैः कर्पोरेट आयकरको दर र कभरेज, मुल्य अभिवृद्धि कर, व्यक्तिगत आयकर, भन्सार र अन्तशुल्क करहरु, प्राकृतिक श्रोत माथिको करहरुको बारेमा मुल्याँकन गर्नुपर्दछ । राजस्व नीति प्रस्तावहरुले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षमा राजस्वमा पर्ने प्रभावको उल्लेख गरिनुपर्दछ ।

त्यस्तै खर्च नीतिले बजेट वर्ष र त्यसपछिको दुई वर्षहरुको लागि महत्वपूर्ण प्रस्तावहरु पूर्णतया लागत भएको (Fully Costed) हुनुपर्ने र यस्तो लागत चालु लागत तथा पूँजी लगानी आयोजनाहरु समावेश भएको हुनुपर्दछ । सानातिना फी र चार्जहरु वा साना समायोजनहरुको खर्च वा राजस्वमा पार्ने सीमित प्रभावको बारेमा पर्ने कुल वित्त प्रभावको अनुमान आर्थिक मामिला तथा योजना मन्त्रालयले तयार गर्नुपर्दछ । यसको साथै मुल्याँकन गरिंदा बजेट प्रकृया बाहिरबाट लिएको कार्यहरुले उल्लेखनीय वित्त प्रभाव पार्ने भए सो को अनुमान गरिएको, प्रदेश सभामा पेश गरिएको र प्रकाशित गरिएको कुरा समेत उल्लेख गरिनु आवश्यक छ ।

१५.१.१.नीति प्रस्तावहरुको वित्त प्रभावसम्बन्धी मापदण्ड तथा अंक स्तर

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	प्रदेश सरकारले बजेट वर्षको लागि र त्यस पछिको २ आर्थिक वर्षको लागि राजस्व र खर्चको नीतिमा गरिएको **सबै (All)** प्रस्तावित परिवर्तनहरुको वित्त प्रभावको अनुमान तयार गरेको , जुन प्रदेश सभामा पेश गरिएको छ ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष

"ख"	सरकारले बजेट वर्षको लागि र त्यस पछिको २ आर्थिक वर्षको लागि राजस्व र खर्चको नीतिमा गरिएको **सबै** (**All**) प्रस्तावित परिवर्तनहरुको वित्त प्रभावको अनुमान तयार गरेको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
"ग"	सरकारले बजेट वर्षको लागि राजस्व र खर्चको नीतिमा गरिएको **सबै** (**All**) प्रस्तावित परिवर्तनहरुको वित्त प्रभावको अनुमान तयार गरेको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको ३ आर्थिक वर्ष

१५.१.२. नीति प्रस्तावहरुको वित्त प्रभाव सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको ३ आर्थिक वर्ष *२०७६।७७* *२०७७।७८* ***२०७८।७९***	*प्रस्तुत सुचकमा पूर्ण स्तर हासिल गर्नको* लागि प्रदेश सरकारले **बजेट वर्षको** लागि र **त्यस पछिको २ आर्थिक** वर्षको लागि **राजस्व र खर्चको नीतिमा** गरिएको **सबै** (**All**) **प्रस्तावित परिवर्तनहरुको वित्त प्रभावको अनुमान** तयार गरी प्रदेश सभामा पेश गरिएको हुनुपर्ने ।	**यस सम्बन्धी कार्य नै नभएकोले मापदण्ड पूरा नगरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	**राजस्व र खर्चको नीतिमा** गरिएको **सबै** (**All**) **प्रस्तावित परिवर्तनहरुको वित्त प्रभावको अनुमान** तयार भएको हुनुपर्ने र यस्ता परिवर्तन प्रदेश सभामा पेशगर्ने प्रावधान भएकोमा सम्पन्न भएको ३ आर्थिक वर्ष २०७६।७७, २०७७।७८ र २०७८।७९ को आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको ***व्ययको अनुमान विवरण (खर्च शिर्षकगत र श्रोतगत समेत)*** मा प्रदेश सभामा पेश गरिएको भएता पनि **सबै** (**All**) **प्रस्तावित परिवर्तनहरुको वित्त प्रभावको अनुमान** तयार गरिएको देखिंदैन । त्यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको आर्थिक *वर्ष २०७५।७६, २०७६।७७ र २०७७।७८ को* **आर्थिक सर्भेक्षणहरुमा** राजस्व र खर्चको नीति उल्लेख गरिएकोमा सो सम्बन्धी परिवर्तनको प्रभाव अनुमान गरेको देखिंदैन । **उल्लिखित आर्थिक वर्षहरुको बजेट वक्तव्यहरुमा** समेत यस्तो राजस्व र खर्च परिवर्तनको वित्तमा पर्ने प्रभावको बारेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले अनुमान गरिएको देखिएन ।	

१५.१.३. नीति प्रस्तावहरुको वित्त प्रभाव अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
१५.१. नीति प्रस्तावहरुको वित्त प्रभाव	*प्रस्तुत सुचकमा पूर्ण स्तर हासिल गर्नको* लागि प्रदेश सरकारले **बजेट वर्षको** लागि र **त्यस पछिको २ आर्थिक** वर्षको लागि **राजस्व र खर्चको नीतिमा** गरिएको **सबै** (**All**) **प्रस्तावित परिवर्तनहरुको वित्त**	**"घ"**	सरकारले बजेट वर्षको लागि राजस्व र खर्चको नीतिमा गरिएको **सबै** (**All**) प्रस्तावित परिवर्तनहरुको वित्त प्रभावको अनुमान तयार गरेको हुनुपर्ने आधार भए **"ग" अंक प्राप्त गर्ने** र यस स्तरको अंक नभएको	आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको ***व्ययको अनुमान विवरण (खर्च***

	प्रभावको अनुमान तयार गरी प्रदेश सभामा पेश गरिएको हुनुपर्ने ।		अवस्थामा कार्यसम्पादन **अंक "ग"** को लागि *आवश्यक भन्दा कम रहेको भए* **"घ" अंक** प्रदान गर्ने मापदण्ड भएकोले छनौटको आधारमा यो अंक प्रदान गरिएको हो । यथार्थमा यस सुचकको लागि आवश्यक काम **प्रस्तावित परिवर्तनहरुको वित्त प्रभावको अनुमान** तयार नै भएको देखिँदैन ।	***शिर्षकगत र श्रोतगत समेत),*** आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष *२०७५।७६, २०७६।७७ र २०७७।७८ को* **आर्थिक सर्भेक्षणहरु**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १५.१ को लागि "घ" अंक र स्तर निर्धारण** गरिएको छ । सरकारले बजेट वर्षको लागि राजस्व र खर्चको नीतिमा गरिएको **सबै (All)** प्रस्तावित परिवर्तनहरुको वित्त प्रभावको अनुमान तयार गरेको हुनुपर्ने आधार भए **"ग" अंक प्राप्त गर्ने** र यस स्तरको अंक नभएको अवस्थामा कार्यसम्पादन **अंक "ग"** को लागि *आवश्यक भन्दा कम रहेको भए* **"घ" अंक** प्रदान गर्ने मापदण्ड भएकोमा यथार्थमा यस सुचकको लागि आवश्यक काम **प्रस्तावित परिवर्तनहरुको वित्त प्रभावको अनुमान** तयार नै भएको देखिँदैन । त्यसैले स्तर निर्धारण प्रयोजनको लागि मात्र प्रस्तुत अंक **"घ"** प्रदान गरिएको छ ।			

१५.२.वित्त नीतिको पालना (Fiscal Strategy Adoption)

बजेट वर्ष र सो पछिको २ वर्षको लागि वित्त नीति तयार गरिएको हुनुपर्ने र यस्तो नीतिमा परिमाणात्मक उद्देश्यहरु, लक्ष्यहरु व नीतिगत सुचक (पारामिटर) जस्तै वित्त सन्तुलन, सरकारको समष्टिगत खर्च वा राजस्वहरु वा वित्तीय सम्पति र दायित्वहरुको स्टक आदि हुनुपर्दछ । यस्तो नीति औपचारिक विवरण वा योजना, वार्षिक बजेट पुस्तीका वा कागजात वा ऐन मार्फत स्थापित वित्त नियमहरु तोकिएको हुनुपर्दछ ।

१५.२.१.वित्त नीतिको पालनाको मापदण्ड र आधारहरु

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	सरकारले वर्तमान वित्त रणनीति जस्मा स्पष्ट समयमा आधारीत परिमाणात्मक वित्त उद्देश्यहरु र लक्षहरु गुणात्मक उद्देश्यहरु सहीत कम्तीमा बजेट वर्ष र पछिका २ आर्थिक वर्षहरुको लागि अंगालेको, प्रदेश सभामा पेश गरेको र प्रकाशित गरेको ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ख"	सरकारले *वर्तमान वित्त रणनीति* जस्मा परिमाणात्मक वा गुणात्मक वित्त उद्देश्यहरु कम्तीमा बजेट वर्ष र पछिका २ आर्थिक वर्षहरुको लागि अंगालेको र प्रदेश सभामा पेश गरेको ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष

"ग"	सरकारले *वर्तमान वित्त रणनीति* जस्मा वित्त नीतिको गुणात्मक उद्देश्यहरु आन्तरिक प्रयोजनको लागि तयार गरेको छ ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष

१५.२.२. वित्त नीतिको पालना सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष २०७७।७८	सरकारले **वर्तमान वित्त रणनीति** जस्मा स्पष्ट समयमा आधारीत परिमाणात्मक वित्त उद्देश्यहरु र लक्षहरु गुणात्मक उद्देश्यहरु सहीत कम्तीमा बजेट वर्ष र पछिका २ आर्थिक वर्षहरुको लागि *अंगालेको, प्रदेश सभामा पेश गरेको र प्रकाशित गरेको*	**यस सम्बन्धी कार्य नै नभएकोले मापदण्ड पूरा नगरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	**वित्त रणनीतिमा** गरिएको **सबै** समयमा आधारीत परिमाणात्मक वित्त उद्देश्यहरु र लक्षहरु गुणात्मक उद्देश्यहरुको सम्बन्धमा प्रदेश सभामा पेश गरेको र प्रकाशन गरेको कुरा हुनुपर्नेमा आर्थिक वर्ष २०७७।७८ को आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको ***व्ययको अनुमान विवरण (खर्च शिर्षकगत र श्रोतगत समेत)*** मा प्रदेश सभामा पेश गरिएको भएता पनि यस्तो रणनीति पेश भएको नदेखिएको । त्यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको आर्थिक वर्ष *२०७५।७६, २०७६।७७ र २०७७।७८ को* **आर्थिक सर्भेक्षणहरुमा** पनि वित्त रणनीतिको पक्ष समावेश भएको देखिंदैन । **उल्लिखित आर्थिक वर्षहरुको बजेट वक्तव्यहरुमा** समेत वित्त रणनीतिको बारेमा उल्लेख भएको देखिएन ।	

१५.२.३. नीति प्रस्तावहरुको वित्त प्रभाव अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
सुचक १५.२. स्थानीय तहहरुको अनुगमन	सरकारले **वर्तमान वित्त रणनीति** जस्मा स्पष्ट समयमा आधारीत परिमाणात्मक वित्त उद्देश्यहरु र लक्षहरु गुणात्मक उद्देश्यहरु सहीत कम्तीमा बजेट वर्ष र पछिका २ आर्थिक वर्षहरुको लागि *अंगालेको, प्रदेश सभामा पेश गरेको र प्रकाशित गरेको*	**"घ"**	सरकारले *वर्तमान वित्त रणनीति* तयार गरी वित्त नीतिको गुणात्मक उद्देश्यहरु आन्तरिक प्रयोजनको लागि तयार गरेको छ । अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको ***व्ययको अनुमान विवरण (खर्च शिर्षकगत र श्रोतगत समेत)*** वर्ष *२०७५।७६, २०७६।७७ र २०७७।७८ को* **आर्थिक सर्भेक्षणहरु र बजेट वक्तव्यहरु**
सुचकको उल्लिखित अंक प्राप्तीको	**सुचक १५.२ को लागि "घ" अंक र स्तर निर्धारण** गरिएको छ । सरकारले *वर्तमान वित्त रणनीति* तयार गरी वित्त नीतिको गुणात्मक उद्देश्यहरु आन्तरिक प्रयोजनको लागि तयार गरेकोमा अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको देखिएकोले अंक र			

पुष्टयाई र व्याख्या	स्तर **"घ" अंक** प्रदान गर्ने मापदण्ड रहेको छ । यथार्थमा यस सुचकको लागि आवश्यक कार्य भएको देखिंदैन । त्यसैले स्तर निर्धारण प्रयोजनको लागि मात्र प्रस्तुत अंक **"घ"** प्रदान गरिएको छ ।

१५.३.वित्त उपलब्धीको प्रतिवेदन (Reporting on Fiscal Outcomes) :

वार्षिक बजेट पुस्तीका वा कागजात साथमा ***वित्त नीतिको वित्त उद्देश्यहरु र लक्ष्यहरुको उपलब्धीहरु***को बारेमा पनि उल्लेख भएको र प्रदेश सभामा पेश गरेको हुनुपर्नेछ । यस्तो स्वीकृत उद्देश्यहरुमा **फरक परेमा सो उल्लेख गर्नुपर्ने** र सो को लागि **प्रस्तावित सुधारको कार्ययोजना** पनि समावेश भएको हुनुपर्ने छ । कार्ययोजनाले *वित्त उपलब्धीहरुमा सुधार हुने प्रत्यक्ष सम्बन्ध हुने खास सक्रियता पनि उल्लेख* हुनुपर्नेछ ।

१५.३.१. वित्त उपलब्धीको प्रतिवेदनसम्बन्धी मापदण्ड र आधार

अंक (Score) को स्तर	**अंक प्रदान गर्ने आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	सरकारले वार्षिक **बजेटसंगै वित्त रणनीतिमा** भएको प्रगति प्रतिवेदन र सो रणनीतिको तोकिएको उदेश्यहरु र लक्ष्यहरुको प्रगति तथा त्यसमा कुनै **विचलन भएको भए सो को कारण** सहीतको व्याख्या प्रदेश सभामा पेश गरेको र प्रकाशन गरेको । *प्रतिवेदनले यसरी फरक परेको विषयलाई संबोधन गर्नको लागि* ***कानून बमोजिम कार्ययोजना*** *समेत तयार गरी पेश गरेको ।*	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ख"	सरकारले वार्षिक बजेटसंगै वित्त रणनीतिमा भएको प्रगति प्रतिवेदन र सो रणनीतिको तोकिएको उदेश्यहरु र लक्ष्यहरुको प्रगति तथा त्यसमा कुनै विचलन भएको भए सो को कारण सहीतको व्याख्या प्रदेश सभामा पेश गरेको र प्रकाशन गरेको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ग"	सरकारले वित्त रणनीतिको विषयमा गरिएको प्रगतिको बारेमा आन्तरिक प्रतिवेदन तयार गरेको । यस्तो प्रतिवेदन कम्तीमा अन्तिम सम्पन्न आर्थिक वर्षमा तयार गरिएको ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष

१५.३.२. वित्त उपलब्धीको प्रतिवेदन सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको अघिल्लो आर्थिक वर्ष २०७८।७९	सरकारले वार्षिक ***बजेटसंगै वित्त रणनीतिमा*** *भएको प्रगति प्रतिवेदन* र सो रणनीतिको तोकिएको उदेश्यहरु र लक्ष्यहरुको प्रगति तथा त्यसमा कुनै **विचलन भएको भए सो को कारण** सहीतको व्याख्या प्रदेश सभामा पेश गरेको र प्रकाशन गरेको । *प्रतिवेदनले यसरी फरक परेको विषयलाई संबोधन गर्नको लागि* ***कानून बमोजिम कार्ययोजना*** *समेत तयार गरी पेश गरेको ।*	**यस सम्बन्धी कार्य नै नभएकोले मापदण्ड पूरा नगरेको**

सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा पेश गरेको **आर्थिक वर्ष २०७८।७९ को बजेट बक्तव्यको** बुँदा १४५ मा राजस्वसम्बन्धी विषयमा उल्लेख गरी राजस्व अभिवृद्धि गर्नको लागि *विज्ञ सहीतको कार्यदलबाट सुझाव सहीत प्रतिवेदन लिने नीति* समेत राखिएको हुँदा नीति तथा रणनीति नै नभएको अवस्थामा सो को प्रगति प्रतिवेदन आउने कुरा भएन । त्यस्तै रणनीति समेत नभएको हुँदा उद्देश्यहरु, लक्ष्यको प्रगति तथा सो मा कुनै विचलन भएमा कारण सहीतको व्याख्या हुने कुरा पनि हुने अवस्था रहेन । त्यस्तै कार्ययोजना पनि तयार हुने अवस्था रहेन ।

१५.३.३. वित्त उपलब्धीको प्रतिवेदन अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१५.३. वित्त उपलब्धीको प्रतिवेदन	सरकारले **वर्तमान वित्त रणनीति** जस्मा स्पष्ट समयमा आधारीत परिमाणात्मक वित्त उद्देश्यहरु र लक्षहरु गुणात्मक उद्देश्यहरु सहीत कम्तीमा बजेट वर्ष र पछिका २ आर्थिक वर्षहरुको लागि *अंगालेको, प्रदेश सभामा पेश गरेको र प्रकाशित गरेको*	**"घ"**	सरकारले *वर्तमान वित्त रणनीति* तयार गरी वित्त नीतिको गुणात्मक उद्देश्यहरु आन्तरिक प्रयोजनको लागि तयार गरेको भए अंक **"ग"** प्रदान गर्ने र अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको अवस्थामा अंक **"घ"** प्रदान गर्ने	**आर्थिक वर्ष २०७८।७९ को बजेट बक्तव्य**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १५. ३. को लागि "घ" अंक र स्तर निर्धारण** गरिएको छ । प्रदेश १ को आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा पेश गरेको **आर्थिक वर्ष २०७८।७९ को बजेट बक्तव्यमा** राजस्व अभिवृद्धि गर्नको लागि विज्ञ सहीतको कार्यदलबाट सुझाव सहीत प्रतिवेदन लिने नीति राखिएकोले सरकारको आन्तरिक वित्त रणनीति नै बनी नसकेको अवस्थामा रणनीतिका उद्देश्यहरु, लक्ष्यको प्रगति तथा सो मा कुनै विचलन भएमा कारण सहीतको व्याख्या हुने कुरा हुने अवस्था देखिंदैन । त्यसैले मापदण्डको आधार अनुसार प्रदेश सरकारले *वित्त रणनीति* तयार गरी वित्त नीतिको गुणात्मक उद्देश्यहरु आन्तरिक प्रयोजनको लागि तयार गरेको देखिंदैन । त्यसैले अंक **"ग"** दिने मापदण्ड हुने अवस्था नरहेकोले *आन्तरिक वित्त रणनीति नै बनी नसकेको अवस्था* भएकोले **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको देखिएकोले अंक र स्तर **"घ" अंक** प्रदान गर्नुपर्ने अवस्था रहेको छ ।			

सुचक १६: बजेट खर्चमा मध्यमकालिन खर्चको सन्दर्भ

(Medium-term perspective in expenditure budgeting)

यस सुचकले कुन हदसम्म खर्च बजेटहरु स्पष्ट रुपले मध्यकालिन बजेट खर्चको सीमा भित्र मध्यकालिन अवधिको लागि विकास गरिन्छ भन्ने कुरा परीक्षण गर्दछ । यस सुचकले कुन हदसम्म वार्षिक बजेटहरु मध्यकालिन अनुमान र रणनीतिक योजना तथा मध्यकालिन बजेट अनुमानको बीचबाट बनाईएको छ सो को परीक्षण गरिन्छ । यस सुचकको चार पाटाहरु छन र यसको लागि M2 (AV) विधि पाटाको अंक एकीकृत गर्न प्रयोग गरिन्छ ।

१६.१. मध्यमकालिन खर्च अनुमान (Medium-term expenditure estimates) **: तपसिलका कुराहरु ध्यानमा दिनुपर्ने :**

- वार्षिक बजेट प्रक्रियाको अंशको रुपमा मध्यकालिन खर्च अनुमान तयार र अद्यावधिक गर्नुपर्ने
- मध्यकालिन अनुमानले वित्त अनुशासन र बजेट बाँडफाँटको प्रक्षेपणीय सुधार गर्ने

- मध्यमकालिन अनुमानले उच्चस्तर प्रशासकीय (मन्त्रालय वा विभाग, आर्थिक र कार्यक्रम वा कार्यात्मक वर्गिकरणको आधारमा वर्गिकृत (aggregated) भएको हुनुपर्ने
- बजेट दबावलाई व्यवस्था गर्न र मिलान गर्न खर्चको सीमा भित्र आर्थिक वर्गिकरण **GFS २** डिजिट (अंक) मा वर्गिकृत गर्नुपर्दछ ।

१६.१.१. मध्यमकालिन खर्च अनुमानसम्बन्धी मापदण्ड र आधार :

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	प्रस्तुत गरिएको वार्षिक बजेटले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षहरुको लागि *प्रशासकीय, आर्थिक र कार्यक्रम (कार्यात्मक) वर्गिकरण* विभाजन गरिएको कुराको खर्चको अनुमान प्रस्तुत गर्दछ ।	प्रदेश स्तरको बजेट	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"ख"	प्रस्तुत गरिएको वार्षिक बजेटले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षहरुको लागि *प्रशासकीय र आर्थिक वर्गिकरण* विभाजन गरिएको कुराको खर्चको अनुमान प्रस्तुत गर्दछ ।	प्रदेश स्तरको बजेट	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"ग"	प्रस्तुत गरिएको वार्षिक बजेटले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षहरुको लागि *प्रशासकीय वा आर्थिक वर्गिकरणको आधारमा* विभाजन गरिएको कुराको खर्चको अनुमान प्रस्तुत गर्दछ ।	प्रदेश स्तरको बजेट	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तरको बजेट	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट

अन्तिम मस्यौदा

१६.१.२. मध्यमकालिन खर्च अनुमान सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
प्रदेश सभामा पेश गरेको अन्तिम बजेट आर्थिक वर्ष २०७९।८०	प्रस्तुत गरिएको वार्षिक बजेटले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षहरुको लागि *प्रशासकीय, आर्थिक र कार्यक्रम (कार्यात्मक) वर्गिकरण* विभाजन गरिएको कुराको खर्चको अनुमान प्रस्तुत गर्दछ ।	**मापदण्ड पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट आर्थिक वर्ष २०७९।८० को आधारमा सुचकको सम्पुष्टी गर्नुपर्ने प्रावधान रहेकोछ । **अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४** को दफा १७ (१) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षको खर्चको प्रक्षेपण सहीतको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । सोही कानूनको कार्यान्वयनको लागि **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा ६ मा पनि प्रत्येक आर्थिक वर्षको लागि बजेट विनियोजन गर्दा आर्थिक मामिला	

	तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगको सिफारिशमा आवधिक योजनाको आधारमा आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचनाको खाका तयार गर्नुपर्ने र प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यनीतिको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगमा पेश गर्नुपर्ने प्रावधान रहेको देखिन्छ । यस सम्बन्धमा प्रदेश १ को **आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७९।८० को लागि पेश गरेको बजेट बक्तव्य**मा २०७७।७८ को यथार्थ खर्च, २०७८।७९ को संशोधित बजेट र २०७९।८० को बजेट प्रस्ताव गरिएको छ । सो आर्थिक वर्षको लागि पेश गरिएको बजेटमा *प्रशासकीय, आर्थिक र कार्यक्रम (कार्यात्मक) वर्गिकरण समेत गरिएको ।* यस सम्बन्धमा उल्लिखित वर्षको बजेट पेश गर्ने क्रममा प्रदेश १ को आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले संयुक्त रुपमा तयार र प्रकाशित गरिएको मध्यमकालीन खर्च संरचना (**२०७७।७८ देखी २०७९।८०**) मा उल्लिखित ३ आर्थिक वर्षको खर्चको अनुमान समावेश गरिएको छ भने आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र,सुशासन शान्ति सुरक्षा, सुव्यवस्था र अन्तरसम्बन्धीत क्षेत्रहरु आदिको मन्त्रालयगत आधारमा कार्य कार्यक्रम लक्ष्य सहीत उल्लिखित अवधिको ३ वर्षको बजेट अनुमान प्रस्तुत गरिएको छ । यसरी सुचकले उल्लेख गरे अनुसारको सम्पूर्ण विवरण तथा आधारहरु पूरा गरेको देखिन्छ ।

१६.१.३. मध्यमकालिन खर्च अनुमान अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
१६.१. मध्यमकालिन खर्च अनुमान	प्रस्तुत गरिएको वार्षिक बजेटले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षहरुको लागि *प्रशासकीय, आर्थिक र कार्यक्रम (कार्यात्मक) वर्गिकरण* विभाजन गरिएको कुराको खर्चको अनुमान प्रस्तुत गर्दछ । *यस सम्बन्धमा सम्बन्धित आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा त्यसपछिको दुई आर्थिक वर्षको हुनुपर्ने, यस्तो वर्गिकरण प्रशासकीय, आर्थिक र कार्यात्मक रुपमा गरी बजेट अनुमान प्रस्तुत हुनुपर्ने*	**"क"**	प्रस्तुत गरिएको वार्षिक बजेटले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षहरुको लागि *प्रशासकीय, आर्थिक र कार्यक्रम (कार्यात्मक) वर्गिकरण* विभाजन गरिएको कुराको खर्चको अनुमान प्रस्तुत गर्दछ ।	अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८,आर्थिक वर्ष २०७९।८० को लागि पेश गरेको बजेट बक्तव्य, मध्यमकालीन खर्च संरचना (**२०७७।७८ देखी २०७९।८०**)
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १६.१ को लागि "क" अंक र स्तर निर्धारण** गरिएको छ । प्रस्तुत अंक र स्तर प्राप्त गर्नको लागि प्रस्तुत गरिएको वार्षिक बजेटले बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षहरुको लागि *प्रशासकीय, आर्थिक र कार्यक्रम (कार्यात्मक) वर्गिकरण* विभाजन गरिएको कुराको खर्चको अनुमान प्रस्तुत गरेको हुनुपर्ने व्यवस्था रहेको छ । सो प्रावधान अनुसार परीक्षण गर्दा प्रस्तुत आधारले माग गरे अनुसारको बजेट तथा कार्यक्रमहरुको वर्गिकरण गरी मध्यकालिन खर्च संरचना व्यवहासमा समेत कार्यान्वयन भईसकेको हुँदा यस सुचकको लागि स्तरीय मापदण्ड पूर्ण रुपमा पालना भएको देखिंदा यस सुचकको लागि **"क" अंक र स्तर निर्धारण गर्न उपयुक्त रहेकोले सो अंक र स्तर निर्धारण गरिएको छ ।**			

१६.२. मध्यमकालिन खर्च सीमा (Medium-term expenditure ceilings):

सरकारको वित्त नीति र बजेटरी उद्देश्यहरुसंग मिल्ने गरी बजेट वर्ष पछि खर्च विश्वस्त गर्न मन्त्रालयले गरेको अनुमानित मध्यकालिन खर्च सीमा प्रयोग गरिए नगरिएको हेर्नुपर्ने हुन्छ। यस्तो खर्च सीमा वार्षिक बजेट तयारी चक्रको शुरुमा नै वितरण भए नभएको समेत ध्यान दिनुपर्दछ। यसको साथै मध्यकालिन बजेट सीमालाई समेत ध्यानमा राख्नु आवश्यक छ।

१६.२.१. मध्यमकालिन खर्च सीमाको मापदण्ड र आधार

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	प्रथम बजेट परिपत्र जारी गर्नु भन्दा अघि सरकारले **बजेट वर्ष र सो भन्दापछिको दुई वर्षको** लागि **समष्टि र मन्त्रालय स्तरको खर्चको सीमा** सरकारले स्वीकृत गरेको	प्रदेश स्तरको बजेट	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"ख"	प्रथम बजेट परिपत्र जारी गर्नु भन्दा अघि सरकारले बजेट वर्ष र सो भन्दापछिको दुई वर्षको लागि **समष्टिगत खर्च** सीमा र बजेट वर्षको लागि मन्त्रालय स्तरको खर्चको सीमा सरकारले स्वीकृत गरेको	प्रदेश स्तरको बजेट	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"ग"	प्रथम बजेट सीमा परिपत्र जारी गर्नु भन्दा अघि सरकारले बजेट वर्ष र सो भन्दापछिको दुई आर्थिक वर्षको **समष्टिगत** खर्च सीमा सरकारले स्वीकृत गरेको	प्रदेश स्तरको बजेट	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तरको बजेट	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट

अन्तिम मस्यौदा

१६.२.२. मध्यमकालिन खर्च सीमा सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
प्रदेश सभामा पेश गरेको अन्तिम बजेट आर्थिक वर्ष २०७९।८०	प्रथम बजेट परिपत्र जारी गर्नु भन्दा अघि सरकारले **बजेट वर्ष र सो भन्दापछिको दुई वर्षको** लागि **समष्टि र मन्त्रालय स्तरको खर्चको सीमा** सरकारले स्वीकृत गरेको	**मापदण्ड पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	**अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४** को दफा १७ (१) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ***तीन आर्थिक वर्षको खर्चको प्रक्षेपण*** सहीतको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने अनिवार्य गरेको छ। त्यस्तै प्रदेश १ को आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले संयुक्त रुपमा तयार र प्रकाशित गरिएको मध्यमकालीन खर्च संरचना (२०७७।७८ देखी २०७९।८०) मा उल्लिखित ३ आर्थिक वर्षको खर्चको अनुमान समावेश गरिएको छ भने आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र,सुशासन	

	शान्ति सुरक्षा, सुव्यवस्था र अन्तरसम्बन्धीत क्षेत्रहरु आदिको मन्त्रालयगत आधारमा कार्य कार्यक्रम लक्ष्य सहीत उल्लिखित अवधिको ३ वर्षको बजेट अनुमान प्रस्तुत गरिएको छ । **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा ६ मा पनि प्रत्येक आर्थिक वर्षको लागि बजेट विनियोजन गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगको सिफारिशमा आवधिक योजनाको आधारमा ***आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण*** सहितको **मध्यमकालिन खर्च संरचनाको खाका** तयार गर्नुपर्ने र प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यनीतिको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगमा पेश गर्नुपर्ने प्रावधान रहेको देखिन्छ । सोही ऐनको दफा ७ (१) मा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि ***आगामी तीन वर्षमा उपलब्ध हुने श्रोत तथा गर्न सक्ने खर्चको*** सीमाको पूर्वानुमान **चालु आर्थिक वर्षको चैत १५ गते भित्र** गरिसक्नुपर्ने प्रावधान गरिएको छ । यसको साथै आर्थिक वर्ष २०७९।८० बजेट सीमा र मार्गदर्शन सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले प.सं. ७९।८० र च.नं.८४८ को मिति **०७९।१।२५ मा प्रथम बजेट परिपत्र** जारी भएको देखिन्छ । प्रदेश सरकारले **असार १ गते आय व्ययको अनुमान** प्रदेश सभामा पेश गर्नुपर्ने प्रावधानको आधारमा गणना गर्दा आर्थिक वर्ष २०७९।८० को लागि प्रदेश १ सरकारले **चैत्र १५** मा नै खर्चको सीमा उपलब्ध गराईसक्ने हुँदा सो आधारमा उल्लिखित आर्थिक वर्षको लागि मन्त्रालयको उक्त **परिपत्र भन्दा अघि नै खर्चको सीमा उपलब्ध गराईसक्ने** देखिन्छ । यस आधारमा प्रस्तुत सुचकको प्रावधान प्रदेश १ सरकारले पूर्ण पालना गरेको देखिन्छ ।

१६.२.३. मध्यमकालिन खर्च सीमा अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
१६.२. मध्यमकालिन खर्च सीमा	प्रथम बजेट परिपत्र जारी गर्नु भन्दा अघि सरकारले **बजेट वर्ष र सो भन्दापछिको दुई वर्षको** लागि **समष्टि र मन्त्रालय स्तरको खर्चको सीमा** सरकारले स्वीकृत गरेको	**"क"**	प्रथम बजेट परिपत्र जारी गर्नु भन्दा अघि सरकारले **बजेट वर्ष र सो भन्दापछिको दुई वर्षको** लागि **समष्टि र मन्त्रालय स्तरको खर्चको सीमा** सरकारले स्वीकृत गरेको	अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, मध्यमकालीन खर्च संरचना **(२०७७।७८ देखी २०७९।८०)** आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. ७९।८० र च.नं.८४८ को मिति **०७९।१।२५ मा प्रथम बजेट परिपत्र**

अन्तिम मसौदा

सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १६.२ को लागि "क" अंक र स्तर निर्धारण** गरिएको छ । ऐनको दफा ७ (१) मा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि ***आगामी तीन वर्षमा उपलब्ध हुने श्रोत तथा गर्न सक्ने खर्चको*** सीमाको पूर्वानुमान **चालु आर्थिक वर्षको चैत १५ गते भित्र** गरिसक्नुपर्ने प्रावधान गरिएको छ । यस सम्बन्धमा **आर्थिक वर्ष २०७९।८० बजेट सीमा र मार्गदर्शन सम्बन्धमा** आर्थिक मामिला तथा योजना मन्त्रालयले प.सं. ७९।८० र च.नं.८४८ को मिति **०७९.!.@% मा प्रथम बजेट परिपत्र** जारी गरेको देखिंन्छ । प्रदेश सरकारले **असार १ गते आय व्ययको अनुमान** प्रदेश सभामा पेश गरेको हुँदा आर्थिक वर्ष २०७९।८० को लागि प्रदेश १ सरकारले **चैत्र १५** मा नै खर्चको सीमा उपलब्ध गराईसक्ने हुँदा सो आधारमा उल्लिखित आर्थिक वर्षको लागि मन्त्रालयको उक्त **परिपत्र भन्दा अघि नै खर्चको सीमा उपलब्ध गराईसकेको** देखिन्छ । यस आधारमा प्रस्तुत सुचकको प्रावधान प्रदेश १ सरकारले पूर्ण पालना गरेको देखिएको हुँदा **सुचक १६.२ को लागि "क" अंक र स्तर निर्धारण** गरिएको छ ।

१६.३.रणनीतिक योजनाहरु र मध्यमकालिन बजेटको झुकाव (Alignment of Strategic Plans and Medium Term Budgets) :

रणनीतिक योजना र मध्यमकालीन बजेट बीचको तादाम्यता भएको अवस्थामा मात्र प्रदेश १ को सरकारले लक्षीत उद्देश्य तथा प्रतिफल र उपलब्धी प्राप्तीको आधार तय गर्दछ । यसर्थ रणनीतिक योजनाहरुले मध्यम देखि दीर्घकालिन उद्देश्यहरु र नियोजित प्रतिफल तथा उपलब्धीहरुको प्राप्तीको लागि आवश्यक पर्ने साधन श्रोतको पहिचान गर्नुपर्दछ । यस्ले सेवा प्रवाहको लागि कार्यसम्पादन सुचनाले प्रतिफल र उपलब्धीहरुलाई संबोधन गर्दछ । लागत सुचनाले चालु खर्चहरु, पूँजी लागत, भविष्यको चालु खर्चको लगानी प्रतिबद्धता र श्रोतको कोष पर्ने प्रभावहरुको बारेमा उल्लेख हुनुपर्नेछ । रणनीतिक योजना र बजेट अनुमान बीचको झुकाव (Alignment) भन्नाले उपयोग गरिने साधनले एकै वा त्यस्तै प्रकार (Same or similar) नीतिगत उद्देश्यहरु, क्रियाशिलता, क्रियाकलापहरु वा कार्यक्रमहरु समावेश गरिएको हुन्छ ।

१६.३.१. रणनीतिक योजनाहरु र मध्यमकालिन बजेटको झुकावको मापदण्ड र आधारहरु :

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	प्रायः **सबै (All)** मन्त्रालयहरुको लागि रणनीतिक योजनाहरु तयार गरिएको र लागत तयार भएको छ । प्रायः (Most) स्वीकृत मध्यमकालिन बजेट अनुमानहरुमा खर्च नीति प्रस्तावहरु रणनीतिक योजनाहरुसंग तादाम्य (align) रहेको छ ।	प्रदेशको बजेटरी एकाई	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"ख"	**बहुसंख्यक** (Majority) मन्त्रालयहरुको लागि रणनीतिक योजनाहरु तयार गरिएको र लागत सुचना समावेश भएको छ । स्वीकृत मध्यमकालिन बजेट अनुमानहरुमा समावेश **बहुसंख्यक** (Majority) खर्च नीति प्रस्तावहरु रणनीतिक योजनाहरुसंग तादाम्य (align) रहेको छ ।	प्रदेशको बजेटरी एकाइ	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"ग"	**केही** (Some) मन्त्रालयहरुको लागि मध्यमकालिन रणनीतिक योजनाहरु तयार गरिएका छन । वार्षिक बजेट	प्रदेशको बजेटरी एकाइ	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट

	अनुमानमा समावेश भएका **केही** (Some) खर्च नीति प्रस्तावहरु रणनीतिक योजनाहरुसंग तादाम्य (align) रहेको छ ।		
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेशको बजेटरी एकाइ	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट

१६.३.२. रणनीतिक योजनाहरु र मध्यमकालिन बजेटको झुकाव सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
प्रदेश सभामा पेश गरेको अन्तिम बजेट आर्थिक वर्ष २०७९।८०	प्रायः **सबै (Most)** मन्त्रालयहरुको लागि रणनीतिक योजनाहरु तयार गरिएको र लागत तयार भएको छ । प्रायः (Most) स्वीकृत मध्यमकालिन बजेट अनुमानहरुमा खर्च नीति प्रस्तावहरु रणनीतिक योजनाहरुसंग तादाम्य (align) रहेको छ ।	**मापदण्ड पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	**प्रदेश १ को प्रथम आवधिक योजना (२०७६।७७ - २०८०।८१)** ले स्वच्छ सुखी र समुन्नत प्रदेशको दीर्घकालिन सोचको लागि योजना तथा कार्यक्रमको तर्जुमा गरेको देखिन्छ । सो आवधिक योजनामा लक्षित उद्देश्य हासिल गर्नको लागि समष्टिगत रणनीति (सो योजनाको पेज १०) तय गरेको छ । सो रणनीतिको अतिरिक्त मन्त्रालयगत रुपमा भौतिक र लागत समेत तयार गरी ५ वर्षको (२०७६।७७ देखि २०८०।८१) सम्मको प्रत्येक विषयगत मन्त्रालयहरुको समेत नतिजा सुचक, कार्यक्रमको साथै कार्यक्रम लागतको रुपमा बजेटको प्रक्षेपण गरिएको देखिन्छ (आवधिक योजनाको नतिजा खाका पेज ११९ देखि १९१ सम्म) । यस नतिजा खाकाले विषयगत मन्त्रालयहरुको काम कार्यक्रम, उद्देश्य, नतिजा सुचक र सो आधारमा बजेटको अनुमान प्रस्तुत गरेको छ । आवधिक योजनाका विषयगत मन्त्रालयहरुको कार्यक्रमहरु कार्यान्वयनको लागि बजेटमा समावेश गर्दा मध्यमकालीन खर्च संरचना अनिवार्य रुपमा तयार गर्नुपर्ने कानूनी तथा व्यवस्थापकीय प्रावधान राखिएको छ । प्रदेश १ सरकारले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी व्यवस्था **अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४** को दफा १७ (१) मा गरिएको छ । जस्मा प्रदेशले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी *तीन आर्थिक वर्षको खर्चको प्रक्षेपण* सहीतको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेको छ । त्यस्तै **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा ६ मा पनि प्रत्येक आर्थिक वर्षको लागि बजेट विनियोजन गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगको सिफारिशमा आवधिक योजनाको आधारमा *आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण* सहितको मध्यमकालिन खर्च संरचनाको खाका तयार गर्नुपर्ने र प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यनीतिको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगमा पेश गर्नुपर्ने प्रावधान रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाको आधारमा प्रदेश १ सरकारले मध्यमकालीन खर्च संरचना तयार गरेको छ । प्रदेश सरकारले तयार गरेको सो संरचनामा दीर्घकालीन सोच, आवधिक योजना, वार्षिक विकास कार्यक्रम, नीति तथा कार्यक्रम, प्रदेश स्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६, र वार्षिक बजेट बीचको तादाम्यता र सामञ्जस्यता कायम गर्नको लागि सो संरचना तयार भएको र सोही आधारमा सबै मन्त्रालय तथा निकायले नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ (पेज १) । त्यस्तै प्रदेशको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, प्रादेशिक आवधिक योजना, मध्यमकालीन खर्च संरचना, राजस्व तथा करको लचकता आदिको आधारमा आगामी आर्थिक वर्षको कुल बजेटको आकारर सीमा निर्धारण गर्ने प्रावधान रहेको छ (पेज ३) । यसको आधारमा मध्यमकालीन खर्च संरचना तयार गर्दा सो संरचनामा मन्त्रालयगत खर्चको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण गरिएको छ (पेज १३५) । यस प्रक्षेपणमा रणनीतिक स्तम्भ, प्रादेशिक लक्ष्य संकेत, राष्ट्यि लक्ष्य संकेत, गरिबी संकेत, जलवायु संकेत, दिगो विकास लक्ष्य संकेतको समेत	

	आबद्धता रहेको सुचकहरु समेत समावेश गरिएको छ (पेज १३६) । मन्त्रालयगत आधारमा ती सबै सुचकहरु सहीत बजेट (चालु, पूँजीगत) त्रिवर्षिय बजेट तयार गरिएको देखिन्छ (पेज १४४ देखि २३० सम्म) । यसरी प्रदेश १ को आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले संयुक्त रुपमा तयार र प्रकाशित गरिएको **मध्यमकालीन खर्च संरचना** (२०७७।७८ **देखी २०७९।८०)** मा उल्लिखित ३ आर्थिक वर्षको खर्चको अनुमान समावेश गरिएको छ । उल्लिखित प्रमाण र विवरणहरुले प्रदेश १ सरकारको सबै (All) मन्त्रालयहरुको लागि रणनीतिक योजनाहरु तयार गरिएको र लागत तयार भएको देखिन्छ। सबै मन्त्रालय तथा निकायहरुको स्वीकृत मध्यमकालिन बजेट अनुमानहरुमा खर्च नीति प्रस्तावहरु रणनीतिक योजनाहरुसंग तादाम्य (align) रहेको समेत रहेको देखिएकोले प्रस्तुत मापदण्ड र आधार पूरा गर्नको लागि प्रदेश १ को सरकार सफल भएको देखिन्छ ।

१६.३.३. रणनीतिक योजनाहरु र मध्यमकालिन बजेटको झुकाव अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१६.३. रणनीतिक योजनाहरु र मध्यमकालिन बजेटको झुकाव	**सुचकको सम्पूर्ण आधारहरु पूरा गर्न सबै (All)** मन्त्रालयहरुको लागि रणनीतिक योजनाहरु तयार गरिएको र लागत तयार भएको छ । प्रायः (Most) स्वीकृत मध्यमकालिन बजेट अनुमानहरुमा खर्च नीति प्रस्तावहरु रणनीतिक योजनाहरुसंग तादाम्य (align) रहेको छ ।	**"क"**	**सबै (All)** मन्त्रालयहरुको लागि रणनीतिक योजनाहरु तयार गरिएको र लागत तयार भएको छ । प्रायः (Most) स्वीकृत मध्यमकालिन बजेट अनुमानहरुमा खर्च नीति प्रस्तावहरु रणनीतिक योजनाहरुसंग तादाम्य (align) रहेको छ ।	प्रदेश १ को प्रथम आवधिक योजना (२०७६।७७ (२०८०।८१) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, मध्यमकालीन खर्च संरचना **(२०७७।७८ देखी २०७९।८०)**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १६.३ को लागि "क" अंक र स्तर निर्धारण** गरिएको छ । सुचकको आवश्यकता अनुसार सबै (र्बी) मन्त्रालयहरुको लागि रणनीतिक योजनाहरु तयार गरिएको र लागत तयार भएको छ। प्रायः (:यकत) स्वीकृत मध्यमकालिन बजेट अनुमानहरुमा खर्च नीति प्रस्तावहरु रणनीतिक योजनाहरुसंग तादाम्य (बष्निल) रहेको हुनुपर्नेमा माथि प्रकरण १६.३.२ मा उल्लिखित सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार खण्डमा प्रदेश १ को आवधिक योजना (२०७६।७७ (२०८०।८१), अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ र मध्यमकालीन खर्च संरचना (२०७७।७८ देखी २०७९।८०) मा उल्लिखित रणनीति र लागत, मध्यमकालीन बजेट अनुमानहरु सबै मन्त्रालयहरुको रणनीतिक स्तम्भहरुसँग मिल्ने गरी तयार भएको देखिएकोले सबै आधार तथा मापदण्ड पूरा भएको देखिन्छ। *त्यसैले सो आधारमा प्रस्तुत सुचकको प्रावधान प्रदेश १ सरकारले पूर्ण पालना गरेको देखिएको हुँदा सुचक १६.३ को लागि "क" अंक र स्तर निर्धारण गरिएको छ ।*			

अन्तिम मसौदा

१६.४. अघिल्लो वर्षको अनुमानसँग बजेटको तादाम्यता (Consistency of budgets with previous year's estimates)

मध्यकालीन योजनाले बजेट तयारीमा समावेश भएको र एक वर्षपछि पनि वित्त अनुशासन सुदृढ गर्ने माध्यम प्रदान गर्नु पर्दछ । **अघिल्लो वर्षको** मध्यमकालिन बजेटबाट भएका परिवर्तनको व्याख्याले समष्टि आर्थिक अवस्थाहरुमा आएको परिवर्तन, प्रमुख सुचक (Variables) हरुको परिमार्जन र गुणाँक तथा सरकारी नीति र खर्च प्राथमिकतामा हुने परिवर्तन जस्ता पक्षहरुसंग सम्बन्धित हुनसक्छ । बजेटको निरन्तरताको लागि मध्यकालीन योजनाको अघिल्लो वर्षको अनुमानसँग आगामी बजेटसँग तादाम्यता कायम गरिनु आवश्यक हुन्छ । यससम्बन्धी सुचकहरु ५,९ र १८ मा पनि मध्यकालिन संरचनाको खुलासा र स्वीकृतीसंग सम्बन्धीत रहेको छ ।

१६.४.१. अघिल्लो वर्षको अनुमानसँग बजेटको तादाम्यताको मापदण्ड र आधार

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	बजेट पुस्तीकाले (budget documents) मन्त्रालयगत स्तरमा गत *मध्यमकालिन बजेट र वर्तमान मध्यमकालिन बजेट* बीच भएका **सबै (All)** परिवर्तन भएका खर्च लागतहरुको लागि व्याख्या (Explanation) प्रदान गरेको छ।	प्रदेशको बजेटरी एकाई	*अन्तिम मध्यकालिन बजेट र वर्तमान मध्यमकालिन बजेट भन्नाले प्रदेश सभाले गत वर्ष र चालु वर्ष स्वीकृत गरेको बजेट*
"ख"	बजेट पुस्तीकाले मन्त्रालयगत स्तरमा गत *मध्यमकालिन बजेटको दोश्रो वर्ष र वर्तमान मध्यमकालिन बजेटको प्रथम वर्ष* बीच भएका **प्राय:सबै (Most)** परिवर्तनहरुको लागि व्याख्या प्रदान गरिएको छ ।	प्रदेशको बजेटरी एकाइ	*अन्तिम मध्यकालिन बजेट र वर्तमान मध्यमकालिन बजेट भन्नाले प्रदेश सभाले गत वर्ष र चालु वर्ष स्वीकृत गरेको बजेट*
"ग"	बजेट पुस्तीकाले समष्टिगत स्तर (Aggregate Level) मा गत *मध्यमकालिन बजेटको दोश्रो वर्ष र वर्तमान मध्यमकालिन बजेटको प्रथम वर्ष* बीच भएका **केही (Some)** परिवर्तनहरुको लागि व्याख्या प्रदान गरिएको छ ।	प्रदेशको बजेटरी एकाइ	*अन्तिम मध्यकालिन बजेट र वर्तमान मध्यमकालिन बजेट भन्नाले प्रदेश सभाले गत वर्ष र चालु वर्ष स्वीकृत गरेको बजेट*
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेशको बजेटरी एकाइ	*अन्तिम मध्यकालिन बजेट र वर्तमान मध्यमकालिन बजेट भन्नाले प्रदेश सभाले गत वर्ष र चालु वर्ष स्वीकृत गरेको बजेट*

१६.४.२. अघिल्लो वर्षको अनुमानसँग बजेटको तादाम्यताका सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
प्रदेश सभाले स्वीकृत गरेको	बजेट पुस्तीकाले (budget documents) मन्त्रालयगत स्तरमा गत *मध्यमकालिन बजेट र वर्तमान मध्यमकालिन बजेट* बीच भएका **सबै (All)**	मापदण्ड पूरा नगरेको

अन्तिम (२०७८।७९) र वर्तमान (२०७९।८०) मध्यकालिन बजेट	परिवर्तन भएका खर्च लागतहरुको लागि व्याख्या (Explanation) प्रदान गरेको छ।	
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	**प्रदेश १ को प्रथम आवधिक योजना (२०७६।७७ - २०८०।८१)** ले विषयगत मन्त्रालयहरुको कार्यक्रमहरु कार्यान्वयनको लागि बजेटमा समावेश गर्दा मध्यमकालीन खर्च संरचना अनिवार्य रुपमा तयार गर्नुपर्ने कानूनी तथा व्यवस्थापकीय प्रावधान राखिएको छ । **अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४** को दफा १७ (१) मा प्रदेशले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी *तीन आर्थिक वर्षको खर्चको प्रक्षेपण* सहीतको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेको छ । त्यस्तै **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा ६ मा पनि प्रत्येक आर्थिक वर्षको लागि बजेट विनियोजन गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगको सिफारिशमा आवधिक योजनाको आधारमा *आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण* सहितको मध्यमकालिन खर्च संरचनाको खाका तयार गर्नुपर्ने र प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यनीतिको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगमा पेश गर्नुपर्ने प्रावधान रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाको आधारमा प्रदेश १ सरकारले मध्यमकालीन खर्च संरचना तयार गरेको छ । प्रदेश सरकारले तयार गरेको सो संरचनामा दीर्घकालीन सोच, आवधिक योजना, वार्षिक विकास कार्यक्रम, नीति तथा कार्यक्रम, प्रदेश स्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६, र वार्षिक बजेट बीचको तादाम्यता र सामञ्जस्यता कायम गर्नको लागि सो संरचना तयार भएको र सोही आधारमा सबै मन्त्रालय तथा निकायले नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ (पेज १) । यसको आधारमा मध्यमकालीन खर्च संरचना तयार गर्दा सो संरचनामा मन्त्रालयगत खर्चको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण गरिएको छ (पेज १३५) । यस प्रक्षेपणमा रणनीतिक स्तम्भ, प्रादेशिक लक्ष्य संकेत, राष्टिय लक्ष्य संकेत, गरिबी संकेत, जलवायु संकेत, दिगो विकास लक्ष्य संकेतको समेत आबद्धता रहेको सुचकहरु समेत समावेश गरिएको छ (पेज १३६) । मन्त्रालयगत आधारमा ती सबै सुचकहरु सहीत बजेट (चालु, पूँजीगत) त्रिवर्षिय बजेट तयार गरिएको देखिन्छ (पेज १४४ देखि २३० सम्म) । यसरी प्रदेश १ को आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले संयुक्त रुपमा तयार र प्रकाशित गरिएको **मध्यमकालीन खर्च संरचना** (२०७७।७८ **देखी २०७९।८०)** मा उल्लिखित ३ आर्थिक वर्षको खर्चको अनुमान समावेश गरिएको छ । उल्लिखित प्रमाण र विवरणहरुले प्रदेश १ सरकारको सबै (All) मन्त्रालयहरुको लागि रणनीतिक योजनाहरु तयार गरिएको र लागत तयार भएको देखिएको भएता पनि सुचकको माग अनुसार बजेट पुस्तीकाले मन्त्रालयगत स्तरमा गत *मध्यमकालिन बजेट र वर्तमान मध्यमकालिन बजेट* बीच भएका **सबै** परिवर्तन भएका खर्च लागतहरुको लागि व्याख्या प्रदान गर्नुपर्नेमा एकमुष्ट रुपमा मध्यमकालिन खर्च संरचना तयार गरेको देखिएता पनि मन्त्रालयहरुले गत वर्ष भन्दा चालु वर्षमा बजेट खर्च नभएको वा रकमान्तर आदिको कारणले मध्यमकालीन खर्च संरचनामा परिवर्तन गर्नुपर्ने अवस्था भए पनि चालु आर्थिक वर्ष २०७९।८० को बजेटमा गत वर्षको मध्यकालीन खर्च संरचनामा गरिएको परिवर्तनको कारण र व्याख्या सार्वजनिक रुपमा गरिएको जानकारी प्रदेश १ सरकारले प्रदान गरेको देखिदैन ।	

१६.४.३. अघिल्लो वर्षको अनुमानसँग बजेटको तादाम्यता अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१६.४. अघिल्लो वर्षको अनुमानसँग बजेटको तादाम्यता	**यस सुचकको लागि उच्चस्तरको मापदण्ड र आधार पुरा गर्न** बजेट पुस्तीकाले (budget documents) मन्त्रालयगत स्तरमा गत *मध्यमकालिन बजेट र वर्तमान मध्यमकालिन बजेट* बीच भएका **सबै (All)** परिवर्तन भएका खर्च लागतहरुको लागि व्याख्या (Explanation) प्रदान गरेको हुनुपर्नेछ।	**"घ"**	बजेट पुस्तीकाले समष्टिगत स्तर (Aggregate Level) मा गत *मध्यमकालिन बजेटको दोश्रो वर्ष र वर्तमान मध्यमकालिन बजेटको प्रथम वर्ष* बीच भएका **केही (Some)** परिवर्तनहरुको लागि व्याख्या प्रदान गरिएको भए अंक **"ग"** प्रदान गर्ने तथा अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको भए अंक **"घ"** प्रदान गर्ने ।	प्रदेश १ को प्रथम आवधिक योजना (२०७६।७७ (२०८०।८१) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, मध्यमकालीन खर्च संरचना **(२०७७।७८ देखी २०७९।८०)**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १६.४ को लागि "घ" अंक र स्तर निर्धारण** गरिएको छ । माथि प्रकरण १६.४.२ मा उल्लिखित प्रमाण र विवरणहरुले प्रदेश १ सरकारको सबै (र्बी) मन्त्रालयहरुले प्रदेश १ को प्रथम आवधिक योजना (२०७६।७७ (२०८०।८१) अनुसार बजेट तथा कार्यक्रम तयार गर्दा मध्यमकालीन खर्च संरचना तयार गर्ने व्यवस्था गरेको छ । यस्तै सो संरचना तयार गर्न अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ ले पनि अनिवार्य व्यवस्था गरेको छ । सो अनुसार प्रदेश सरकारले सबै मन्त्रालयहरु र मातहतका निकायहरुको लागि मध्यमकालीन खर्च संरचना (२०७७।७८ देखी २०७९।८०) तयार गरेको देखिन्छ । तर गत वर्षको यस्तो संरचना तथा चालु वर्ष २०७९।८० मा प्रस्तुत गरिएको मध्यमकालिन संरचना एकमुष्ट तयार गरिएपनि बार्षिक बजेटहरु बीचमा परिवर्तन भएको देखिएता पनि बजेट पुस्तीका र सो संग सम्बन्धीत मध्यकालीन खर्च संरचनाले मन्त्रालयगत स्तरमा गत *मध्यमकालिन बजेट र वर्तमान मध्यमकालिन बजेट* बीच भएका कुनै पनि परिवर्तन भएका खर्च लागतहरुको लागि व्याख्या प्रदान गर्नुपर्नेमा गरिएको देखिंदैन । यस सम्बन्धमा एकमुष्ट रुपमा मध्यमकालिन खर्च संरचना तयार गरेको देखिएको तर मन्त्रालयहरुले गत वर्ष भन्दा चालु वर्षमा बजेट खर्च नभएको वा रकमान्तर आदिको कारणले मध्यमकालीन खर्च संरचनामा परिवर्तन गर्नुपर्ने अवस्था भए पनि चालु आर्थिक वर्ष २०७९।८० को बजेटमा गत वर्षको मध्यकालीन खर्च संरचनामा गरिएको परिवर्तनको कारण र व्याख्या सार्वजनिक रुपमा गरिएको जानकारी प्रदेश १ सरकारले प्रदान गरेको देखिंदैन । यस कारणले प्रस्तुत सुचकको लागि "घ" अंक निर्धारण गरिएको छ ।			

सुचक १७: बजेट तयारी प्रकृया (Budget Preparation Process)

यो सुचकले बजेट तयारी प्रक्रियामा सम्बन्धीत सरोकारवालाहरुले गरेको सहभागिताको प्रभावकारिता मापन गर्दछ । जस्मा राजनीतिक नेतृत्वसँगको सहभागिता समयमा र क्रमबद्धता अनुसार भए नभएको पनि पुष्टी गरिन्छ । यस सुचकका ३ पाटाहरु छन र यस्को लागि **M2(AV)** पद्धति समष्टिगत अंकको गणनाको लागि प्रयोग गरिन्छ ।

१७.१. बजेट क्यालेण्डर (Budget Calender) : बजेट तयारीको लागि बजेट क्यालेण्डर महत्वपूर्ण समय हो । प्रदेश १ को लागि अर्थपूर्ण तरिकाले बजेट अनुमानहरु तयार गर्न सो सरकार अन्तर्गतका मन्त्रालय तथा मातहतका निकायहरुलाई पर्याप्त समय दिनु पर्दछ । यसको लागि स्तरीय मापदण्ड र आधारहरु तय गरिएको छ । सो आधारमा प्रदेश १ सरकारले बजेटको लागि बजेटरी निकायहरुलाई उपलब्ध गराएको समयको आधारमा प्रस्तुत मापदण्डको परीक्षण गरिएको छ । यसको मापदण्ड र आधार १७.१.१. मा प्रस्तुत गरिएको छ ।

१७.१.१. बजेट क्यालेण्डरसम्बन्धी मापदण्ड र स्तरः

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	एक स्पष्ट **बजेट क्यालेण्डर** रहेको छ र सो तालिका सामान्यत पालना गरिन्छ । यसले **सबै (All)** बजेटरी एकाईहरुलाई बजेट परिपत्र प्राप्त भएको मितिले ***कम्तीमा ६ हप्तामा*** विस्तृत अनुमानहरु अर्थपूर्ण तरिकाले पूरा गर्ने समय प्रदान गर्दछ ।	प्रदेशको बजेटरी एकाई	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"ख"	एक स्पष्ट **बजेट क्यालेण्डर** रहेको छ र सो तालिका *सामान्यतः पालना* गरिन्छ । सो क्यालेण्डरले बजेटरी एकाईहरुलाई बजेट परिपत्र प्राप्त भएको मितिले ***कम्तीमा ४ हप्ता प्रदान गर्दछ । प्रायःजसो (Most)*** *बजेटरी एकाईहरुले सो समयमा विस्तृत* अनुमानहरु समयमा नै पूरा गर्न सक्षम हुनेछन ।	प्रदेशको बजेटरी एकाइ	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"ग"	एक वार्षिक बजेट क्यालेण्डर अस्तित्वमा छ र ***केही (Some)*** बजेटरी एकाईहरुले यसको पालना गर्छन र लागत अनुमान पूरा गर्ने अन्तिम मिति (*Deadlines*) मा पूरा गर्दछन ।	प्रदेशको बजेटरी एकाइ	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेशको बजेटरी एकाइ	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट

१७.१.२. बजेट क्यालेण्डर सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
प्रदेश सभामा पेश गरेको अन्तिम बजेट (२०७९।८०)	प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार : एक स्पष्ट **बजेट क्यालेण्डर** रहेको छ र सो तालिका सामान्यत पालना गरिन्छ । यसले **सबै (All)** बजेटरी एकाईहरुलाई बजेट परिपत्र प्राप्त भएको मितिले ***कम्तीमा ६ हप्तामा*** विस्तृत अनुमानहरु अर्थपूर्ण तरिकाले पूरा गर्ने समय प्रदान गर्दछ ।	मापदण्ड आँशिक रुपमा पूरा नगरेको

सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	प्रदेश सरकारको नियमित तथा विकाससम्बन्धी कार्य र खर्चहरुको उपलब्धता गर्न र निरन्तरता दिनको लागि तोकिएको बजेट क्यालेण्डर तालिका अनुसार बजेट पेश गर्नुपर्ने हुन्छ । यसको लागि बजेट क्यालेण्डरको स्पष्ट तालिकाको प्रावधान राखिनु अति आवश्यक छ। बजेट क्यालेण्डरको सम्बन्धमा विभिन्न कानूनहरुमा व्यवस्था रहेको देखिन्छ। **अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४** को दफा २१ (२) मा प्रदेश १ सरकारले प्रदेश सभामा राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने प्रावधान अनुसार प्रदेशको अर्थमन्त्रीले ***प्रत्येक वर्ष असार महिनाको एक गते भित्र*** आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नुपर्ने *समय सीमा तोकेको* देखिन्छ। यसको साथै **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा ८ मा ***बजेट सीमा र मार्गदर्शन पठाउने*** सन्दर्भमा आर्थिक मामिला तथा योजना मन्त्रालयले श्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिबाट निर्धारीत श्रोत तथा खर्चको सीमाको अधीनमा रही *आगानी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा तथा मध्यकालीन खर्च संरचनाको खाका* समेत उल्लेख गरी **बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा** चालु आर्थिक वर्षको **चैत बाईस गते भित्र** सम्बन्धीत मन्त्रालय, अन्य निकायमा पठाउनु पर्ने प्रावधान गरेको देखिन्छ। यसको साथै आर्थिक वर्ष २०७९।८० बजेट सीमा र मार्गदर्शन सम्बन्धमा **आर्थिक मामिला तथा योजना मन्त्रालयले प.सं. ७९।८० र च.नं.८४८ को मिति ०७९।१।२५** (www.moeap.p1.gov.np **मा प्रकाशित) मा प्रथम बजेट परिपत्र** जारी भएको देखिन्छ। यसरी प्रदेश सरकारले **असार १ गते आय व्ययको अनुमान** प्रदेश सभामा पेश गर्नुपर्ने प्रावधानको आधारमा गणना गर्दा सम्बन्धीत मन्त्रालय तथा अन्य निकाय जस्ता बजेटरी एकाईहरुलाई बजेट परिपत्र प्राप्त भएको मितिले **करीब ५ हप्ताको समय** विस्तृत अनुमानहरु अर्थपूर्ण तरिकाले पूरा गर्ने समय प्रदान गराएको देखिन्छ। यससम्बन्धमा अंक **"क"** प्राप्त गर्नको लागि कम्तीमा ६ हप्ता उपलब्ध भएको नदेखिएको हुँदा सो मापदण्ड र आधार पूरा गरेको देखिंदैन । त्यसैले सो भन्दा अर्को स्तर कायम गर्नुपर्ने देखिन्छ, जुन मापदण्ड र आधारको दृष्टिकोणले **"ख"** स्तर कायम हुने देखिन्छ।

१७.१.३. बजेट क्यालेण्डर अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१७.१. बजेट क्यालेण्डर	प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार : एक स्पष्ट **बजेट क्यालेण्डर** रहेको छ र सो तालिका सामान्यत पालना गरिन्छ । यसले **सबै (All)** बजेटरी एकाईहरुलाई बजेट परिपत्र प्राप्त भएको मितिले ***कम्तीमा ६ हप्तामा*** विस्तृत अनुमानहरु अर्थपूर्ण तरिकाले पूरा गर्ने समय प्रदान गर्दछ ।	**"ख"**	एक स्पष्ट **बजेट क्यालेण्डर** रहेको छ र सो तालिका *सामान्यतः पालना* गरिन्छ । सो क्यालेण्डरले बजेटरी एकाईहरुलाई बजेट परिपत्र प्राप्त भएको मितिले ***कम्तीमा ४ हप्ता प्रदान गर्दछ । प्रायःजसो*** *(Most) बजेटरी एकाईहरुले सो समयमा विस्तृत* अनुमानहरु समयमा नै पूरा गर्न सक्षम हुनेछन ।	*अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. ७९।८० र च.नं.८४८ को मिति ०७९।१।२५ को वेभसाईटमा प्रकाशित* प्रथम बजेट परिपत्र (www.moeap.p1.gov.np)
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १७.१ को लागि "ख" अंक र स्तर निर्धारण** गरिएको छ। माथि प्रकरण १७.२ मा उल्लिखित प्रमाण र विवरणहरुले प्रदेश १ सरकारले आर्थिक वर्ष २०७९।८० बजेट सीमा र मार्गदर्शन सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले **प.सं. ७९।८० र च.नं.८४८ को मिति ०७९।१।२५ मा प्रथम बजेट परिपत्र** जारी गरेकोमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा प्रदेश सरकारले **असार १ गते आय व्ययको अनुमान** प्रदेश सभामा पेश गर्नुपर्ने प्रावधान भएकोले वैशाख २५ गते र असार १ गतेको अवधि गणना गर्दा सम्बन्धीत मन्त्रालय तथा अन्य निकाय जस्ता बजेटरी			

	एकाईहरुलाई बजेट परिपत्र प्राप्त भएको मितिले **करीब ५ हप्ताको समय** विस्तृत अनुमानहरु अर्थपूर्ण तरिकाले पूरा गर्ने समय प्रदान गराएको देखिन्छ । प्रदेश १ सरकारले बजेट असार १ गते नै पेश गर्ने गरेको देखिएकोले बजेटरी निकायहरुले बजेट अनुमानहरु सो अवधि भित्रमा नै आर्थिक मामिला तथा योजना मन्त्रालयका पेश गरेको अनुमान गर्न सकिन्छ । त्यसैले अंक **"क"** प्राप्त गर्नको लागि कम्तीमा ६ हप्ता उपलब्ध भएको नदेखिएको हुँदा सो भन्दा अर्को स्तर कायम गर्नुपर्ने देखिन्छ, जुन मापदण्ड र आधारको दृष्टिकोणले **"ख"** स्तर कायम हुने देखिन्छ ।

१७.२. बजेट तयारी मार्गदर्शन (Guidance on budget preparation)

१७.२.१. बजेट तयारी मार्गदर्शनसम्बन्धी मापदण्ड र आधारहरु :

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	पूरा आर्थिक वर्षको लागि कूल बजेट खर्च समेटने गरी एक समष्टि र स्पष्ट बजेट परिपत्र वा परिपत्रहरु जारी गरिन्छ । सो बजेटले बजेटरी एकाईहरुमा परिपत्र वितरण गर्नु अघि मन्त्रिपरिषद (वा सो सरह) ले मन्त्रालयको बजेटको अधिकतम सीमा प्रतिबिम्बित हुन्छ ।	प्रदेशको बजेटरी एकाई	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"ख"	पूरा आर्थिक वर्षको लागि कूल बजेट खर्च समेटने गरी एक समष्टि र स्पष्ट बजेट परिपत्र वा परिपत्रहरु जारी गरिन्छ । बजेटले मन्त्रिपरिषदमा पेश गरेको मन्त्रालयको बजेट रकम सीमा प्रतिबिम्बित गर्दछ । मन्त्रिपरिषदले स्वीकृत गरेको बजेट सीमा बजेटरी एकाईहरुलाई परिपत्र वितरण गरेपछि हुनसक्छ तर बजेट प्रस्तुती पूरा गर्नु अघि हुनुपर्दछ ।	प्रदेशको बजेटरी एकाइ	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"ग"	प्रशासकीय वा कार्यात्मक क्षेत्रको समेत बजेट सीमाको लागि बजेटरी एकाईहरुलाई बजेट परिपत्र वा परिपत्रहरु जारी गरिएको , *कूल बजेट खर्चले पूरा आर्थिक वर्षको लागि समेटेको हुन्छ*। बजेटरी एकाईहरुले प्रत्येक विषयको विस्तृत कुराहरु पूरा गरेपछि मन्त्रिपरिषदले बजेट अनुमानहरु पुनरावलोकन र स्वीकृत गरेको छ ।	प्रदेशको बजेटरी एकाइ	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेशको बजेटरी एकाइ	प्रदेश सभामा पेश गरेको अन्तिम बजेट

१७.२.२. बजेट तयारी मार्गदर्शन सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
प्रदेश सभामा पेश गरेको अन्तिम बजेट (२०७९।८०)	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : पूरा आर्थिक वर्षको लागि कूल बजेट खर्च समेटने गरी एक समष्टि र स्पष्ट बजेट परिपत्र वा परिपत्रहरु जारी गरिन्छ। सो बजेटले बजेटरी एकाईहरुमा परिपत्र वितरण गर्नु अघि मन्त्रिपरिषद (वा सो सरह) ले मन्त्रालयको बजेटको अधिकतम सीमा प्रतिबिम्बित हुन्छ।	मापदण्ड आँशिक रुपमा पूरा नगरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	**अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४** को दफा २१ (२) मा प्रदेश १ सरकारले प्रदेश सभामा राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने प्रावधान अनुसार प्रदेशको अर्थमन्त्रीले ***प्रत्येक वर्ष असार महिनाको एक गते भित्र*** आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नुपर्ने *समय सीमा तोकेको* देखिन्छ। यसको साथै **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा ८ मा ***बजेट सीमा र मार्गदर्शन पठाउने*** सन्दर्भमा आर्थिक मामिला तथा योजना मन्त्रालयले श्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिबाट निर्धारीत श्रोत तथा खर्चको सीमाको अधीनमा रही *आगानी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा तथा मध्यकालीन खर्च संरचनाको खाका* समेत उल्लेख गरी **बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा** चालु आर्थिक वर्षको **चैत बाईस गते भित्र** सम्बन्धीत मन्त्रालय, अन्य निकायमा पठाउनु पर्ने प्रावधान गरेको देखिन्छ।	

अन्तिम मस्यौदा

१७.२.३. बजेट तयारी मार्गदर्शन अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्य ाख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१७.२. बजेट तयारी मार्गदर्शन बजेट क्यालेण्डर	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : पूरा आर्थिक वर्षको लागि कूल बजेट खर्च समेटने गरी एक समष्टि र स्पष्ट बजेट परिपत्र वा परिपत्रहरु जारी गरिन्छ। सो बजेटले बजेटरी एकाईहरुमा परिपत्र वितरण गर्नु अघि मन्त्रिपरिषद (वा सो सरह) ले मन्त्रालयको बजेटको अधिकतम सीमा प्रतिबिम्बित हुन्छ।	**“क”**	पूरा आर्थिक वर्षको लागि कूल बजेट खर्च समेटने गरी एक समष्टि र स्पष्ट बजेट परिपत्र वा परिपत्रहरु जारी गरिन्छ। सो बजेटले बजेटरी एकाईहरुमा परिपत्र वितरण गर्नु अघि मन्त्रिपरिषद (वा सो सरह) ले मन्त्रालयको बजेटको अधिकतम सीमा प्रतिबिम्बित हुन्छ।	*प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८,* (www.moeap.p1.gov.np)
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १७.२. को लागि “क” अंक र स्तर निर्धारण** गरिएको छ। माथि प्रकरण १७.२.२ मा उल्लिखित प्रमाण र विवरणहरुले प्रदेश १ सरकारले **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा ८ अनुसार ***बजेट सीमा र मार्गदर्शन पठाउने*** प्रावधान पालना गरेको देखिएको र सो कुराको पुष्टी आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७९।८० बजेट सीमा र मार्गदर्शन सम्बन्धमा **प.सं. ७९।८० र च.नं.८४८ को मिति ०७९.!.@% मा**			

	जारी गरेको **प्रथम बजेट परिपत्रमा समेत स्पष्ट गरिएको छ ।** यसरी बजेटको सीमा र बजेट तयारी मार्गदर्शन परिपत्र समयमा नै जारी भएको देखिएकोले प्रस्तुत सुचकको पूर्ण आधारहरु प्रदेश १ सरकारले पालना गरको देखिएकोले प्रस्तुत सुचकले अंक **"क"** को मापदण्ड र आधार पूरा गरेको देखिन्छ । त्यसैले यस सुचकको लागि **"क" अंक र स्तर निर्धारण गरिएको** छ ।

१७.३. प्रदेश सभामा बजेटको प्रस्तुतीकरण (Budget submission to the legislature)

१७.३.१. प्रदेश सभामा बजेटको प्रस्तुतीकरणसम्बन्धी मापदण्ड र आधारः

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	विगतमा ३ वर्षमा प्रत्येक वर्षमा आर्थिक वर्ष शुरु हुन कम्तीमा २ महिना अघि वार्षिक बजेट प्रस्ताव प्रदेश सभामा कार्यपालिकाले पेश गरेको छ ।	प्रदेशको बजेटरी एकाई	विगतमा सम्पन्न भएको ३ आर्थिक वर्ष
"ख"	विगत ३ वर्ष मध्ये २ वर्षमा प्रत्येक वर्षमा आर्थिक वर्ष शुरु हुन कम्तीमा २ महिना अघि वार्षिक बजेट प्रस्ताव प्रदेश सभामा कार्यपालिकाले *तेश्रो आर्थिक वर्ष शुरु हुन अघि पेश गरेको ।*	प्रदेशको बजेटरी एकाइ	विगतमा सम्पन्न भएको ३ आर्थिक वर्ष
"ग"	विगत ३ वर्ष मध्ये २ वर्षमा आर्थिक वर्ष शुरु हुन कम्तीमा १ महिना अघि वार्षिक बजेट प्रस्ताव कार्यपालिकाले प्रदेश सभामा *पेश गरेको ।*	प्रदेशको बजेटरी एकाइ	विगतमा सम्पन्न भएको ३ आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेशको बजेटरी एकाइ	विगतमा सम्पन्न भएको ३ आर्थिक वर्ष

१७.३.२. प्रदेश सभामा बजेटको प्रस्तुतीकरण सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको ३ आर्थिक वर्ष **२०७६।७७ २०७७।७८ २०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : *विगतमा ३ वर्षमा प्रत्येक वर्षमा आर्थिक वर्ष शुरु हुन कम्तीमा २ महिना अघि वार्षिक बजेट प्रस्ताव प्रदेश सभामा कार्यपालिकाले पेश गरेको छ ।*	आँशिक मापदण्ड पूरा गरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	प्रदेश १ सरकारको बजेटरी इकाईहरुको कार्य र कार्यक्रम संचालन तथा कार्यान्वयन गर्नको लागि बजेट पेश गर्ने सुनिश्चितताको लागि कानूनको प्रावधान अनुसार आर्थिक वर्ष शुरु हुनु अघि वार्षिक बजेट पेश हुने व्यवस्थाले बजेटको सुनिश्चितता गराउने हुँदा यस्तो समय सीमा एकीन गरिनु आवश्यक हुन्छ । प्रस्तुत सुचकले प्रदेश १ को कार्यपालिकाले प्रदेश सभामा पेश गरेको बजेटको समयावधिको परीक्षण गर्नुपर्ने आधार तोकिएको छ । **अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४** को दफा २१ (२) मा प्रदेश १ सरकारले प्रदेश सभामा राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने प्रावधान अनुसार प्रदेशको अर्थमन्त्रीले ***प्रत्येक वर्ष असार महिनाको एक गते भित्र*** आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नुपर्ने *समय सीमा तोकेको* देखिन्छ ।	

	प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा १५(१) मा प्रदेश सरकारको आगामी आर्थिक वर्षको लागि राजस्व र व्ययको अनुमान र विधेयक आर्थिक मामिला तथा योजना मन्त्रीले प्रत्येक वर्षको असार महिनाको एक गते प्रदेश सभामा पेश गर्नुपर्नेछ । उल्लिखित व्यवस्थालाई कार्यरुप दिन आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७९।८० बजेट सीमा र मार्गदर्शन सम्बन्धमा **प.सं. ७९।८० र च.नं.८४८ को मिति ०७९.!.@% मा प्रथम बजेट परिपत्र** जारी गरेको देखिन्छ । सो परिपत्र सबै बजेटरी एकाईहरुलाई जारी भएकोमा सो पत्रको निर्देशनको प्रथम हरफमा " मन्त्रालय । निकायको कार्यक्षेत्र भित्र आगामी आर्थिक वर्ष २०७९।८० मा संचालन गरिने कार्यक्रमहरु र सो को लागि आवश्यक पर्ने रकम त्यस मन्त्रालयलाई उपलब्ध गराईएको सीमा भित्र रही बजेट प्रस्ताव गर्नुहुन **र मन्त्रालय तथा मातहतको निकायको लागि मन्त्रालयगत रकमको सीमा प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली** (*Provincial Line Ministry Budget Information System*) **मा उपलब्ध गराएको "** भनी परिपत्र जारी गरी निर्देशन दिएको देखिन्छ । सो आधारमा प्रदेश सरकारले **असार १ गते आय व्ययको अनुमान** प्रदेश सभामा पेश गर्ने भनी बजेट सीमा भित्र रही रकम प्रस्ताव गर्न निर्देशन दिएको देखिन्छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको विधेयकहरु प्रदेश सभाको प्रदेश सभाको सचिवालयले प्रकाशित गरेको विधेयकहरु शीर्षकमा २०७९।८० को प्रदेश विनियोजन विधेयक, २०७९ र प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७९ दुवै विधेयकहरु मिति २०७९ असार १ मा दशौं अधिवेशनले पारीत गरेको देखिन्छ (*https://assembly.p1.gov.np* (विधेयकहरु) । यसरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ मा भएको कानूनी व्यवस्थामा असार १ गते पेश गर्ने प्रावधान रहेको छ । सो प्रावधान अनुसार प्रदेश १ सरकारले कार्यान्वयनमा उतारेको कुरा आर्थिक मामिला तथा योजना मन्त्रालयको माथि उल्लिखित परिपत्र तथा प्रदेश सभा सचिवालयको वेभसाईटमा असार १ गते नै बजेट पारीत भएको विषय प्रकाशित गरेको प्रमाण समेत उपलब्ध रहेको छ । यस अवस्थामा प्रदेश १ सरकारको आर्थिक वर्ष शुरु हुनु १ (एक) महिना अघि मात्र बजेट पारीत हुने गरेको छ । यस आधारमा प्रस्तुत सुचकले अंक "क" को मापदण्ड र आधार पूरा गर्न सकेको देखिदैन । यस आधारमा प्रस्तुत सुचकले अंक "ख" को मापदण्ड र आधार पूरा गरेको देखिन्छ ।

१७.३.३. प्रदेश सभामा बजेटको प्रस्तुतीकरणसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
१७.३. प्रदेश सभामा बजेटको प्रस्तुतीकरण	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : *विगतमा ३ वर्षमा प्रत्येक वर्षमा आर्थिक वर्ष शुरु हुन कम्तीमा २ महिना अघि वार्षिक बजेट प्रस्ताव प्रदेश सभामा कार्यपालिकाले पेश गरेको छ ।*	**"ग"**	विगत ३ वर्ष मध्ये २ वर्षमा आर्थिक वर्ष शुरु हुन **कम्तीमा १ महिना अघि** वार्षिक बजेट प्रस्ताव कार्यपालिकाले प्रदेश सभामा *पेश गरेको ।*	अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, *प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८,* आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. ७९।८० र च.नं.८४८ को मिति ०७९.!.@% मा प्रथम बजेट परिपत्र प्रदेश सभाको सचिवालयको वेभसाईट*https://assembly.p1.gov.np* (विधेयकहरु)

सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक १७.३. को लागि "ग" अंक र स्तर निर्धारण** गरिएको छ । *अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८* मा भएको कानूनी व्यवस्थामा **असार १ गते पेश गर्ने प्रावधान** रहेको छ । सो प्रावधान अनुसार प्रदेश १ सरकारले कार्यान्वयनमा उतारेको कुरा **आर्थिक मामिला तथा योजना मन्त्रालयको** माथि उल्लिखित परिपत्र तथा प्रदेश सभा सचिवालयको वेभसाईटमा असार १ गते नै बजेट पारीत भएको विषय प्रदेश सभाको सचिवालयको वेभसाईट *https://assembly.p1.gov.np* (विधेयकहरु) मा प्रकाशित गरेको प्रमाण समेत उपलब्ध रहेको छ । यस अवस्थामा प्रदेश १ सरकारको आर्थिक वर्ष शुरु हुनु १ (एक) महिना अघि मात्र बजेट पारीत हुने गरेको देखिन्छ । यस आधारमा प्रस्तुत सुचकले अंक "क" र "ख" को मापदण्ड र आधार पूरा गर्न सकेको देखिंदैन । यस आधारमा आर्थिक वर्ष शुरु हुन १ महिना अघि मात्र बजेट पेश भएको देखिएकोले यस आधारमा प्रस्तुत सुचकले अंक **"ग"** को मापदण्ड र आधार पूरा गरेको देखिन्छ ।

सुचक १८: बजेटको संसदीय छानबीन (Legislative scrutiny of budgets)

प्राय: जसो देशहरुमा व्यवस्थापिकाले सरकारलाई वार्षिक बजेट कानून स्वीकृती मार्फत खर्च गर्ने अख्तियारी प्रदान गरेको छ । यदी व्यवस्थापिकाले बजेट कानूनमा छलफल र गम्भीरतापूर्वक जाँच नगरेमा र सो को शक्ति प्रभावकारीरुपमा अभ्यास गरिएन भने सरकारको जवाफदेहिता निर्वाचक नागरिक प्रति नजरअन्दाज (Undermined) गरिएको मानिन्छ । वार्षिक बजेट कानूनको व्यवस्थापकीय छलफल र छानबीनको मुल्याँकनका धैरै पक्षहरु हुन सक्छन जस्तै: छानबीनको कार्यक्षेत्र, छानबीन र छलफलको लागि आन्तरिक कार्यविधि र कार्यप्रकृयामा प्रदान गरिएको समय आदि ।

यस सुचकले वार्षिक बजेटको प्रदेश सभाले गर्ने छानबीन (scrutiny) को प्रकृति र सीमा (हद) को बारेमा परीक्षण गर्दछ । प्रदेश सभाले कुन हदसम्म वार्षिक बजेटको छानबीन, छलफल र स्वीकृत गर्दछ भन्ने कुरा ध्यानमा राखिएको हुन्छ, जस्मा व्यवस्थापिकाको छानबीन गर्ने कार्यविधिहरु राम्रो स्थापित र पालना भएको छ । यो सुचकले संसदको अग्रिम स्वीकृती (*Ex-ante approval*) बिना पनि वर्षको बीचमा परिवर्तन गर्न सकिने गरी नियमावलीमा भएको व्यवस्थाको परीक्षण गरिन्छ । यस सुचकको चार पाटाहरु छन र पाटाको अंक एकीकृत गर्दा M1(WL) विधि प्रयोग गरिएको छ ।

१८.१. बजेट छानबीनको क्षेत्र (Scope of budget scrutiny)

यस छानबीन अन्तर्गत वित्तीय नीतिहरु,मध्यकालिन वित्त प्रक्षेपण, मध्यकालिन प्राथमिकताहरु राजस्व अनुमान र खर्चको विशेष विस्तृत विवरण समेटनु पर्दछ । कहिलेकाही पुनरावलोकनको कार्य दुई वा सो भन्दा चरणहरुमा गर्नुपर्ने हुनसक्छ । मध्यकालिन खाका र अर्को वर्षको लागि लागतको विस्तृत विवरण गर्नुपर्ने हुनसक्छ । व्यवस्थापिकामा यस्तो प्रावधानको अभावमा यसको अंक **घ** हुन्छ .

१८.१.१.बजेट छानबीनको क्षेत्रको मापदण्ड र आधार

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	प्रदेश सभाको पुनरावलोकनले वित्त नीतिहरु, मध्यमकालिन वित्त प्रक्षेपण र मध्यमकालिन प्राथमिकताहरको साथै खर्च र राजस्वको विस्तृत कुरा समेटछ ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ख"	प्रदेश सभाको पुनरावलोकनले वित्त नीतिहरु र आगामी वर्षको समष्टिगत पक्षहरुको साथै राजस्व र खर्चको विस्तृत विवरण समेत समेटदछ ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ग"	प्रदेश सभाको पुनरावलोकनले राजस्व र खर्चको विस्तृत विवरण समेटदछ ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष

१८.१.२. प्रदेश सभामा बजेटको प्रस्तुतीकरण सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको अन्तिम आर्थिक वर्ष **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : प्रदेश सभाको पुनरावलोकनले वित्त नीतिहरु, मध्यमकालिन वित्त प्रक्षेपण र मध्यमकालिन प्राथमिकताहरुको साथै खर्च र राजस्वको विस्तृत कुरा समेटछ।	मापदण्ड पूरा नगरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गरेको विधेयकहरु प्रदेश सभाको प्रदेश सभाको सचिवालयले प्रकाशित गरेको विधेयकहरु शीर्षकमा आर्थिक वर्ष २०७८।७९ को प्रदेश विनियोजन विधेयक, २०७८ र प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७८ दुवै विधेयकहरु मिति २०७९ असार १ मा दशौं अधिवेशनले पारीत गरेको र प्रकाशित गरेको देखिन्छ (*https://assembly.p1.gov.np* (विधेयकहरु । समितिहरु) । त्यस्तै बजेट पेश गर्ने समयमा प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ अनुसार **आर्थिक सर्भेक्षण २०७८।७९** प्रदेश सभामा पेश गरेको देखिन्छ। खर्च तथा राजस्वसम्बन्धी प्रावधानहरु पनि आर्थिक वर्ष **२०७८।७९ को बजेट वक्तव्यमा** समावेश गरी असार १ गते नै आर्थिक योजना तथा योजना मन्त्रीले प्रदेश सभामा पेश गरेको देखिन्छ। प्रदेश १ सरकारले **मध्यमकालीन खर्च संरचना** पनि आर्थिक वर्ष पिच्छे (मध्यमकालिन खर्च संरचना २०७६।७७ - २०७८।७९ र २०७७।७८ - २०७९।८०) नै तयार गरि विषय मन्त्रालय तथा निकायहरुलाई सो अनुसार बजेट तथा विनियोजनको कामको लागि निर्देशन गरेको छ। मध्यमकालीन खर्च संरचना प्रदेश सभामा पेश गरेको देखिंदैन। प्रदेश १ सरकारको बजेटरी इकाईहरुको कार्य र कार्यक्रम संचालन तथा कार्यान्वयन गर्नको लागि प्रदेश स्तरको बजेट पेश गर्ने गरेको छ। यस्तो आयव्यय सहीतको बजेट प्रदेश सभामा पेश गरेको भएता पनि बजेट छलफलसम्बन्धी प्रदेश सभा, विधायन समिति तथा बजेटसँग सम्बन्ध राख्ने अर्थ समितिमा छलफल भएको भनिएता पनि ती समितिहरुको बजेट प्रस्तावको सम्बन्धमा छलफल गरी प्रदेश सभाको वित्त नीतिहरु, मध्यमकालिन वित्त प्रक्षेपण र मध्यमकालिन प्राथमिकताहरुको साथै खर्च र राजस्वको विस्तृत कुरा पुनरावलोकन गरिएको र सो सम्बन्धमा कुनै प्रतिवेदन गरेको देखिंदैन । अर्थ समितिले *https://assembly.p1.gov.np* (विधेयकहरु । समितिहरु) वेभसाईटमा राखेको सुचना अनुसार सो समितिले गरेको विभिन्न काम मध्ये **प्रदेश सभा मार्फत प्रदेश सरकारलाई सुझाव** भनी *बजेट निर्माण तथा कार्यान्वयन, विकासको मोडलिटी तयार गरी प्रदेश सभामा पेश गर्ने जस्ता सुझावहरु गरेको प्रतिवेदन गरेपनि* बजेट प्रस्ताव, विनियोजन लगायत वित्त नीतिहरु, मध्यमकालिन वित्त प्रक्षेपण र मध्यमकालिन प्राथमिकताहरुको साथै खर्च र राजस्वको विस्तृत कुराहरुमा प्रदेश सभामा खासै पुनरावलोकन गरिएको देखिंदैन।	

१८.१.३. प्रदेश सभामा बजेटको प्रस्तुतीकरणसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
१८.१. बजेट छानबीनको क्षेत्र	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : *प्रदेश सभाको पुनरावलोकनले वित्त नीतिहरु, मध्यमकालिन वित्त प्रक्षेपण र मध्यमकालिन प्राथमिकताहरको साथै खर्च र राजस्वको विस्तृत कुरा समेटछ ।*	**“घ”**	प्रदेश सभाको पुनरावलोकनले राजस्व र खर्चको विस्तृत विवरण समेटने अवस्थामा अंक **“ग”** निर्धारण गर्ने र कार्यसम्पादन अंक **“ग”** प्राप्त गर्ने भन्दा कम भएको अवस्थामा अंक **“घ”** निर्धारण गर्ने	प्रदेश सभाको सचिवालयको वेभसाईट*https://assembly.p1.gov.np* (विधेयकहरु । समितिहरु), प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, **२०७८।७९ को बजेट वक्तव्य, मध्यमकालीन खर्च संरचना** २०७७।७८-७९।८०,
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक १८.१. को लागि **“घ” अंक र स्तर निर्धारण** गरिएको छ । यस सुचकको माथि प्रकरण १८.१.२. प्रदेश सभामा बजेटको प्रस्तुतीकरण सुचकको अवस्था तथा आधार, प्रमाणहरुमा प्रस्तुत सुचकको आधार प्रमाण प्रस्तुत गरिएको छ । सो आधारमा प्रदेश १ सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशस्तरको बजेटको लागि आयव्यय सहीतको बजेट प्रदेश सभामा पेश गरेको देखिएको र यसको साथै विनियोजन लगायत *वित्त नीतिहरु, मध्यमकालिन वित्त प्रक्षेपण र मध्यमकालिन प्राथमिकताहरुको साथै खर्च र राजस्वको विस्तृत कुराहरु* समेत सो मन्त्रालयले तयार गरी प्रदेश सभामा पेश गरेको देखिन्छ । बजेट सम्बन्धमा छलफल भएता पनि प्रदेश सभा, विधायन समिति तथा बजेटसँग सम्बन्ध राख्ने अर्थ समितिले *वित्त नीतिहरु, मध्यमकालिन वित्त प्रक्षेपण र मध्यमकालिन प्राथमिकताहरुको साथै खर्च र राजस्वको विस्तृत कुराहरु*मा छलफल भएको र पुनरावलोकन गरिएको सम्बन्धमा कुनै प्रतिवेदन गरेको देखिंदैन । अर्थ समितिले *https://assembly.p1.gov.np* (विधेयकहरु । समितिहरु) वेभसाईटमा राखेको सुचना अनुसार सो समितिले गरेको विभिन्न काम मध्ये प्रदेश सभा मार्फत प्रदेश सरकारलाई सुझाव भनी *बजेट निर्माण तथा कार्यान्वयन, विकासको मोडलिटी तयार गरी प्रदेश सभामा पेश गर्ने जस्ता सुझावहरु गरेको प्रतिवेदन गरेको* प्रदेश सभाको सचिवालयको वेभसाईट *https://assembly.p1.gov.np* (विधेयकहरु । समितिहरु) मा देख्न सकिन्छ । तर यस सुचकले माग गरे बमोजिम बजेट प्रस्ताव, विनियोजन लगायत *वित्त नीतिहरु, मध्यमकालिन वित्त प्रक्षेपण र मध्यमकालिन प्राथमिकताहरुको साथै खर्च र राजस्वको विस्तृत कुराहरुमा* प्रदेश सभाले पुनरावलोकन गरेको प्रमाण कागजात देखिंदैन । यस सुचकको लागि प्रदेश सभाको पुनरावलोकनले राजस्व र खर्चको विस्तृत विवरण समेटने अवस्थामा अंक **“ग”** निर्धारण गर्ने अवस्था हुनेमा पनि यस्तो पुनरावलोकन समेत भएको नदेखिंदा यस सुचकको लागि प्रदेश १ सरकारको कार्यसम्पादन अंक **“ग”** प्राप्त गर्ने भन्दा कम भएको अवस्था देखिएकोले अंक **“घ”** निर्धारण गरिएको छ ।			

१८.२. बजेट छानबीनको लागि व्यवस्थापकीय कार्यविधि (Legislative procedures for budget scrutiny)

यस अन्तर्गत सर्वसाधारणसँगको परामर्श व्यवस्था र आन्तरिक संगठनात्मक व्यवस्थाहरु जस्तै संसदीय समिति, प्राविधिक सहयोग, वार्ता कार्यविधिहरु आदि । कार्यविधिहरुको पुष्टी व्यवस्थापकीय सत्र र निर्णयहरुको आधारमा गर्नुपर्दछ ।

१८.२.१.बजेट छानबीनको लागि व्यवस्थापकीय कार्यविधिको मापदण्ड र आधार :

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	व्यवस्थापिकाको बजेट प्रस्तावहरु पुनरावलोकन गर्ने कार्यविधिहरु बजेटको सुनवाई (Hearings) हुनु अघि नै स्वीकृत भएको र पालना भएको हुनुपर्ने । *यस्तो कार्यविधिमा सर्वसाधारणसँग छलफल (Consultation) को लागि प्रावधान राखेको हुनुपर्नेछ* । यस्मा आन्तरिक संगठनात्मक प्रावधानहरु जस्तै संसदीय समितिहरु, प्राविधिक सहयोग र वार्ताको कार्यविधिसम्बन्धी पक्षहरु समावेश भएको हुनुपर्ने ।	प्रदेश स्तरको बजेट तर स्थानीय पालिकाहरु	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ख"	व्यवस्थापिकाको बजेट प्रस्तावहरु पुनरावलोकन गर्ने कार्यविधिहरु बजेटको सुनवाई (Hearings) हुनु अघि नै स्वीकृत भएको र पालना भएको हुनुपर्ने । कार्यविधिमा आन्तरिक संगठनात्मक प्रावधानहरु जस्तै संसदीय समितिहरु, प्राविधिक सहयोग र वार्ता कार्यविधिको पक्षहरु समावेश भएको हुनुपर्ने ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ग"	व्यवस्थापिकाको बजेट प्रस्तावहरु पुनरावलोकन गर्ने कार्यविधिहरु बजेटको सुनवाई (Hearings) हुनु अघि नै स्वीकृत भएको र पालना भएको हुनुपर्ने ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष

१८.२.२. प्रदेश सभामा बजेटको प्रस्तुतीकरण सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचक परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको अन्तिम आर्थिक वर्ष **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : *व्यवस्थापिकाको बजेट प्रस्तावहरु पुनरावलोकन गर्ने कार्यविधिहरु बजेटको सुनवाई (Hearings) हुनु अघि नै स्वीकृत भएको र पालना भएको हुनुपर्ने । यस्तो कार्यविधिमा सर्वसाधारणसँग छलफल (Consultation) को लागि प्रावधान राखेको हुनुपर्नेछ । यस्मा आन्तरिक संगठनात्मक प्रावधानहरु जस्तै संसदीय समितिहरु, प्राविधिक सहयोग र वार्ताको कार्यविधिसम्बन्धी पक्षहरु समावेश भएको हुनुपर्ने ।*	मापदण्ड आँशिक रुपमा पूरा गरेको

सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	प्रदेश १ को प्रदेश सभाको सचिवालयले आर्थिक मामिला तथा योजना मन्त्रालयले विनियोजन र आर्थिक प्रस्तावहरु प्रदेश सभामा पेश गरेको विधेयक र अन्य प्रस्तावहरु प्रकाशित गरेको विधेयकहरु प्रकाशित गरेको देखिन्छ (***https://assembly.p1.gov.np*** **(विधेयकहरु । समितिहरु)** । व्यवस्थापिकाको बजेट प्रस्तावहरु पुनरावलोकन गर्ने कार्यविधिहरु बजेट सुनवाई हुनु अघि नै स्वीकृत भएको र सो को पालना हुनुपर्ने मापदण्ड रहेको छ । सो सम्बन्धमा **प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५।१२।१)_** को परिच्छेद १७ को **विनियोजन तथा अर्थ विधेयक सम्बन्धी कार्यविधि** शीर्षक अन्तर्गत **नियम ११८** मा विनियोजन विधेयक सम्बन्धी कार्यविधिमा विनियोजन विधेयकमा बजेट तयारीका पक्षहरु, वार्षिक अनुमानमाथि छलफल समाप्त भएपछि अर्थमन्त्रीले विनियोजन विधेयक प्रस्तुत गर्ने र उपनियम (७) मा विनियोजन विधेयकमा निर्दिष्ट गरी राखिएको प्रत्येक शीर्षकमाथि छुट्टाछुट्टै वा समूहीकृत रुपमा छलफल (सुनवाई) हुने व्यवस्था गरिएको छ । प्रस्तुत नियमावलीको आधारमा हाल प्रदेश सभामा प्रदेश सरकारले विगत ५ आर्थिक वर्षमा पेश गरेको बजेट प्रस्तावको छलफल र सुनवाईको लागि गरिएकोले सुनवाई अघि नै यस नियमावलीले कार्यविधि स्वीकृत भएको र पालना समेत भएको देखिन्छ । सोही नियमावलीको **नियम ११९ मा खर्च कटौतीको प्रस्ताव** गरिएको हुँदा *वार्ताको कुराहरु पनि* यस नियमावलीमा समावेश गरिएको छ । त्यस्तै सो नियमावलीको नियम १३१ मा विषयगत समितिहरु र नियम १३७ मा विशेष समितिको गठन गरी संसदीय समितिहरु तथा प्राविधिक सहयोग (नियम १३६ (ठ) तथा नियम १८९ (२) बमोजिम राय सल्लाह सम्बन्धी व्यवस्था) मा समेत प्राविधकहरुको सहयोग लिने विषय समावेश भएको छ) हुने गरी सो नियमावलीले व्यवस्था गरेको देखिन्छ । प्रदेश सभाको वेवसाईठ ***https://assembly.p1.gov.np*** **(विधेयकहरु । समितिहरु) मा** नियम १३१ बमोजिमका विषयगत समितिहरु (पेज ५६) गठन भएको देखिन्छ । यसरी प्रदेश सभाले पारीत गरेको उल्लिखित नियमावलीमा *कार्यविधिमा सर्वसाधारणसँग छलफल (Consultation) को लागि प्रावधान राखेको हुनुपर्ने कुरा समावेश गरिएको देखिएन । सो बाहेक पूर्ण अंक प्राप्त गर्न आवश्यक आधारहरु पूरा गरेको देखिन्छ ।*

१८.२.३. प्रदेश सभामा बजेटको प्रस्तुतीकरणसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१८.२. बजेट छानबीनको लागि व्यवस्थापकीय कार्यविधि	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : *व्यवस्थापिकाको बजेट प्रस्तावहरु पुनरावलोकन गर्ने कार्यविधिहरु बजेटको सुनवाई (Hearings) हुनु अघि नै स्वीकृत भएको र पालना भएको हुनुपर्ने । यस्तो कार्यविधिमा सर्वसाधारणसँग छलफल (Consultation) को लागि प्रावधान राखेको हुनुपर्नेछ । यस्मा आन्तरिक संगठनात्मक प्रावधानहरु जस्तै संसदीय समितिहरु,*	**"ख"**	व्यवस्थापिकाको बजेट प्रस्तावहरु पुनरावलोकन गर्ने कार्यविधिहरु बजेटको सुनवाई (Hearings) हुनु अघि नै स्वीकृत भएको र पालना भएको हुनुपर्ने । कार्यविधिमा आन्तरिक संगठनात्मक प्रावधानहरु जस्तै संसदीय समितिहरु, प्राविधिक सहयोग र वार्ता कार्यविधिको पक्षहरु समावेश भएको हुनुपर्ने ।	*प्रदेश सभाको सचिवालयको वेभसाईट https://assembly.p1.gov.np (विधेयकहरु । समितिहरु), प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५।१२।१)_*

	प्राविधिक सहयोग र वार्ताको कार्यविधिसम्बन्धी पक्षहरु समावेश भएको हुनुपर्ने ।			
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक १८.२. को लागि **"ख" अंक र स्तर निर्धारण** गरिएको छ । यस सुचकको माथि प्रकरण १८.२.२. प्रदेश सभामा बजेटको प्रस्तुतीकरण सुचकको अवस्था तथा आधार, प्रमाणहरुमा प्रस्तुत सुचकको आधार प्रमाण प्रस्तुत गरिएको छ । **प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५।१२।१)_** को परिच्छेद १७ को **विनियोजन तथा अर्थ विधेयक सम्बन्धी कार्यविधि** शीर्षक अन्तर्गत **नियम ११८** मा विनियोजन विधेयक सम्बन्धी कार्यविधिमा विनियोजन विधेयकमा बजेट तयारीका पक्षहरु, वार्षिक अनुमानमाथि छलफल समाप्त भएपछि अर्थमन्त्रीले विनियोजन विधेयक प्रस्तुत गर्ने र उपनियम (७) मा विनियोजन विधेयकमा निर्दिष्ट गरी राखिएको प्रत्येक शीर्षकमाथि छुट्टाछुट्टै वा समूहीकृत रुपमा छलफल (सुनवाई) हुने व्यवस्था गरिएको छ । सोही नियमावलीको **नियम ११९ मा खर्च कटौतीको प्रस्ताव** गरिएको हुँदा *वार्ताको कुराहरु पनि* यस कार्यविधिमा समावेश गरिएको र नियम १३१ मा विषयगत समितिहरु र नियम १३७ मा विशेष समितिको गठन गरी संसदीय समितिहरु तथा प्राविधिक सहयोग (नियम १३६ (ठ) तथा नियम १८९ (२) बमोजिम राय सल्लाह सम्बन्धी व्यवस्था) मा समेत प्राविधकहरुको सहयोग लिने विषय समावेश भएको छ) हुने गरी सो नियमावलीले व्यवस्था गरेको देखिन्छ । प्रदेश सभाको वेवसाईट ***https://assembly.p1.gov.np*** **(विधेयकहरु । समितिहरु) मा** नियम १३१ बमोजिमका विषयगत समितिहरु (पेज ५६) गठन भएको देखिन्छ । यसरी प्रदेश सभाले पारीत गरेको उल्लिखित नियमावलीमा *कार्यविधिमा सर्वसाधारणसँग छलफल (Consultation) को लागि प्रावधान राखेको हुनुपर्ने प्रावधान बाहेक सुचकको लागि आवश्यक सम्पूर्ण आधार आपदण्डहरु पालना भएको नदेखिएकोले अंक* ***"क"*** *को मापदण्ड पूरा नभएको र* ***सर्वसाधारणसँग छलफल गर्ने बाहेकका अन्य आधारहरु पूरा*** *गरेको देखिंदा प्रस्तुत सुचकको लागि अंक* ***"ख"*** *निर्धारण गर्न उपयुक्त देखिएको छ ।*			

अन्तिम मस्यौदा

१८.३. बजेट स्वीकृतीको समयावधी (Timing of budget approval)

बजेट पेश गर्ने अन्तिम समय बजेटरी एकाईलाई सेवा प्रवाहको लाीग उपलब्ध हुने श्रोत आर्थिक वर्षको शुरुमा नै थाहा भएको हुनुपर्दछ । छानबीनको लागि उपलब्ध समय मुख्य रुपमा कार्यपालिकालो बजेट प्रस्ताव पेश गरेको समयको आधारमा तय गर्न सकिन्छ । मुल्याँकनगर्दा व्याख्यामा व्यवस्थापिकाले बजेट प्रस्ताव पुनरावलोकन गर्न खर्चेको वास्तविक समय उल्लेख गर्नुपर्दछ ।

१८.३.१. बजेट स्वीकृतीको समयावधीसम्बन्धी मापदण्ड तथा आधार

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि(वर्ष)
"क"	गत ३ प्रत्येक आर्थिक वर्षहरुमा व्यवस्थापिकाले वर्ष शुरु हुनुभन्दा अघि नै वार्षिक बजेट स्वीकृत गरेको ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ख"	गत ३ मध्ये २ वटा प्रत्येक आर्थिक वर्षमा व्यवस्थापिकाले वर्ष शुरु हुनुभन्दा अघि नै वार्षिक बजेट स्वीकृत गरेको । यसरी स्वीकृत गर्दा तेश्रो वर्षमा एक महिनासम्म ढिलाई भएको ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

"ग"	विगत ३ आर्थिक वर्षमा दुई वा तीन व्यवस्थापिकाले वर्ष शुरु हुनुभन्दा अघि नै वार्षिक बजेट स्वीकृत गरेको । यसरी स्वीकृत गर्दा तेश्रो वर्षमा *एक महिनासम्म* ढिलाई भएको ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"घ"	कार्यसम्पादन अंक **"ग"** प्राप्त गर्ने भन्दा कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

१८.३.२. बजेट स्वीकृतीको समयावधी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष **२०७६।७७ २०७७।७८ २०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : गत ३ प्रत्येक आर्थिक वर्षहरुमा व्यवस्थापिकाले वर्ष शुरु हुनुभन्दा अघि नै वार्षिक बजेट स्वीकृत गरेको ।	मापदण्ड पूरा गरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	प्रदेश १ को प्रदेश सभाको सचिवालयले आर्थिक मामिला तथा योजना मन्त्रालयले विनियोजन र आर्थिक प्रस्तावहरु प्रदेश सभामा पेश गरेको र पारीत गरेको विधेयक र अन्य प्रस्तावहरु सो सचिवालयको वेवसाईट (***https://assembly.p1.gov.np***) प्रकाशित गरेको छ । सो वेवसाईटको **विधेयकहरु** शीर्षक अन्तर्गत आर्थिक वर्ष २०७९।८० को लागि **प्रदेश विनियोजन विधेयक २०७९,** २०७९ असार १ गते पेश गरेको र सो विधेयक प्रदेश सभाले पारीत र प्रमाणित समेत गरेको छ । आर्थिक वर्ष २०७८।७९ को लागि प्रदेश विनियोजन विधेयक २०७८, २०७८ असार १ गते पेश गरेको र सो विधेयक प्रदेश सभाले पारीत र प्रमाणित समेत गरेको छ । आर्थिक वर्ष २०७७।७८ को लागि प्रदेश विनियोजन विधेयक २०७७, २०७७ असार १ गते पेश गरेको र सो विधेयक प्रदेश सभाले पारीत र प्रमाणित समेत गरेको देखिन्छ । २०७४ वैशाख ४ देखि हालसम्मको दशौं महाधिवेशनसम्ममा पेश भएका र पारीत भएको विधेयकहरुमा पेश्की विधेयक पारीत भएको देखिएन । सो आधारमा पनि आर्थिक वर्ष शुरु हुनु अघि नै व्यवस्थापिकाले वार्षिक बजेट स्वीकृत गरेको देखिन्छ ।	

१८.३.३. बजेट स्वीकृतीको समयावधीसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
१८.३. बजेट स्वीकृतीको समयावधी	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : गत ३ प्रत्येक आर्थिक वर्षहरुमा व्यवस्थापिकाले वर्ष शुरु हुनुभन्दा अघि नै वार्षिक बजेट स्वीकृत गरेको ।	**"क"**	गत ३ प्रत्येक आर्थिक वर्षहरुमा व्यवस्थापिकाले वर्ष शुरु हुनुभन्दा अघि नै वार्षिक बजेट स्वीकृत गरेको ।	*प्रदेश सभाको सचिवालयको वेभसाईट https://assembly.p1.gov.np (विधेयकहरु । समितिहरु),* **प्रदेश विनियोजन विधेयक २०७९,**

सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक १८.३. को लागि **"क" अंक र स्तर निर्धारण** गरिएको छ । यस सुचकको माथि प्रकरण १८.३.२. मा प्रदेश सभामा बजेटको प्रस्तुतीकरण सुचकको अवस्था तथा आधार, प्रमाणहरुमा प्रस्तुत सुचकको आधार प्रमाण प्रस्तुत गरिएको छ । **प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन २०७५।१२।१)_** मा संसदीय समितिहरुको व्यवस्था गरेको र यस्तो समितिहरु गठन समेत भएको देखिन्छ । सो वेवसाईट *https://assembly.p1.gov.np* मा **विधेयकहरु** शीर्षक अन्तर्गत आर्थिक वर्ष २०७९।८० को लागि **प्रदेश विनियोजन विधेयक २०७९,** २०७९ असार १ गते पेश गरेको र सो विधेयक प्रदेश सभाले पारीत र प्रमाणित समेत गरेको छ। *आर्थिक वर्ष २०७८।७९ को लागि प्रदेश विनियोजन विधेयक २०७८, २०७८ असार १ गते पेश गरेको र सो विधेयक प्रदेश सभाले पारीत र प्रमाणित समेत गरेको छ । आर्थिक वर्ष २०७७।७८ को लागि प्रदेश विनियोजन विधेयक २०७७, २०७७ असार १ गते पेश गरेको र सो विधेयक प्रदेश सभाले पारीत र प्रमाणित समेत गरेको* देखिन्छ । यसरी सुचकले उल्लेख गरे अनुसार सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्षको बजेट आर्थिक वर्ष शुरु हुनुभन्दा अघि नै पारित भएको देखिन्छ । त्यस्तै २०७४ वैशाख ४ शुरुदेखि हालसम्मको दशौं महाधिवेशनसम्ममा पेश भएका र पारीत भएको विधेयकहरुमा पेश्की विधेयक पारीत भएको देखिएन । प्रदेश सभाले विनियोजना विधेयकहरु परीत र प्रमाणित गरिसकेको तथा हालसम्म प्रदेश सभा व्यवस्थापिकाले पेश्की खर्च विधेयक पारीत समेत गरको नदेखिएको हुँदा सो आधारमा पनि आर्थिक वर्ष शुरु हुनु अघि नै व्यवस्थापिकाले वार्षिक बजेट स्वीकृत गरेको देखिन्छ । यसकारणले प्रस्तुत *सुचकको लागि आवश्यक सम्पूर्ण आधार मापदण्डहरु पालना भएको देखिएकोले अंक* **"क"** *को मापदण्ड र आधार पूरा भएकोले प्रस्तुत सुचकको लागि अंक* **"क"** *निर्धारण गरिएको छ ।*			

१८.४.कार्यपालिकाले बजेट समायोजनको नियमहरु (Rules for budget adjustments by the executive)

एक आर्थिक वर्षको अवधि भित्र बजेट संशोधन गर्न व्यवस्थापिकाको पूर्व स्वीकृती (Ex-ante Approval) आवश्यक नहुने व्यवस्था ध्यान दिनुपर्नेछ । यस्तो संशोधन वार्षिक बजेट प्रक्रियाको सामान्य विशेषता हुन्छ । प्रारम्भिक बजेटको विश्वसनीयता नजरअन्दाज (अण्डरमाईन) नगर्नको लागि कार्यपालिका (प्रदेश सरकार) ले संशोधनको अख्तियारी दिएको कुरा नियम बमोजिम पालना भए नभएको स्पष्टसंग परिभाषित गरिएको हुनुपर्दछ ।

१८.४.१.कार्यपालिकाले बजेट समायोजनको नियमहरुसम्बन्धी मापदण्ड र आधार :

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	कार्यपालिका (प्रदेश सरकार) ले वर्ष भित्र (In Year) बजेट समायोजन गर्ने स्पष्ट नियम रहेको छ । त्यस्तो नियमले संशोधनहरुको प्रकृति र हदको शख्त (Strict) सीमा तोकेको छ र सबै (All) अवस्थाहरुमा सो को पालना गरिएको छ ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ख"	कार्यपालिका (प्रदेश सरकार) ले वर्ष भित्र (In Year) बजेट समायोजन गर्ने स्पष्ट नियम रहेको छ । **प्रायः जसो (Most)** अवस्थाहरुमा सो को पालना गरिएको छ। विस्तारीत प्रशासकीय बाँडफाँटहरुको अनुमति प्रदान गरिएको छ ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष

"ग"	वर्ष भित्र (In Year) बजेट समायोजन गर्ने स्पष्ट नियम रहेको र केही (Some) अवस्थाहरुमा सो को पालना गरिएको वा यसले विस्तारीत प्रशासकीय बाँडफाँटहरुको साथै कूल खर्चको विस्तार गर्ने अनुमति प्रदान गरिएको छ ।	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** प्राप्त गर्ने भन्दा कार्यसम्पादन कम भएको	प्रदेश स्तरको बजेट	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष

१८.४.२. बजेट स्वीकृतीको समयावधी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचक परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको अन्तिम आर्थिक वर्ष **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : कार्यपालिका (प्रदेश सरकार) ले वर्ष भित्र (In Year) बजेट समायोजन गर्ने स्पष्ट नियम रहेको छ । त्यस्तो नियमले संशोधनहरुको प्रकृति र हदको शख्त (Strict) सीमा तोकेको छ र सबै (All) अवस्थाहरुमा सो को पालना गरिएको छ ।	मापदण्ड पूरा गरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	विनियोजन ऐन २०७९ को दफा ३ को उपदफा (३) मा **रकमान्तर गर्दा जम्मा रकमको दश प्रतिशतमा नबढने गरी** कुनै एक वा एक भन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एक भन्दा बढी अनुदान संख्यामा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकमान्तर गर्न सकिने प्रावधान रहेको छ । तर एउटै अनुदान संख्या भित्रको बजेट शीर्षक तथा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिने, पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न नसकिने प्रावधान गरेको छ । त्यस्तै वित्तीय समानीकरणमा रहेको रकम अन्य अनुदान संख्यामा रकमान्तर नहुने प्रावधान रहेको छ । यस प्रावधानले गर्दा खर्चको प्रकृति, रकमान्तरको रकम सीमा, अनुदान संख्याको आधारमा रकमान्तर गर्न शख्त सीमा तोकिएको देखिन्छ । रकमान्तरसम्बन्धी कार्यविधि र थप व्यवस्था **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा २२ को रकमान्तर तथा श्रोतान्तर प्रावधानमा गरिएको छ । जस्मा प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था रहेको, चालु बजेटबाट तोकिएको शिर्षकहरु बाहेक चालु खर्च तर्फ प्रदेश सचिवले रकमान्तर गर्न सक्ने, पूँजीगत र वित्तीय व्यवस्था तथा ऋण भुक्तानीको रकमान्तर र श्रोतान्तर गर्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको छ । रकमान्तरको सीमाको पालनाको सम्बन्धमा **प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** (पेज १) मा २०७७।७८ मा चालु तथा पूँजीगत खर्च बजेट विनियोजनको तुलनामा क्रमशः ४३.२४ प्रतिशत र ५६.७६ प्रतिशत गरेको उल्लेख गरेकोमा बजेट अनुमानमा परिवर्तन गर्नुपर्ने अवस्था रहेको देखिएन । सो प्रतिवेदनले पनि रकमान्तरको सीमा नाघेको कैफियत नदेखिएको तथा सोही प्रतिवेदनमा **प्रदेश लेखा नियन्त्रक कार्यालयको आर्थिक विवरण २०७७।७८** मा पनि यस्तो रकमान्तरको सीमा नाघेको देखिंदैन (पेज ९७) । सो आर्थिक विवरणको लेखा नीतिमा समेत रकमान्तरसम्बन्धी सीमा नाघेको अवस्था उल्लेख गरिएको नदेखिंदा रकमान्तरको सीमाको सबै अवस्थामा पालना भएको नै देखिन्छ ।	

१८.४.३. बजेट स्वीकृतीको समयावधीसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१८.४. कार्यपालिकाले बजेट समायोजनको नियमहरु	**प्रस्तुत सुचकको पूर्ण कार्यान्वयनको लागि निर्धारण गरिएको आधार** : *कार्यपालिका (प्रदेश सरकार) ले वर्ष भित्र (In Year) बजेट समायोजन गर्ने स्पष्ट नियम रहेको छ । त्यस्तो नियमले संशोधनहरुको प्रकृति र हदको शख्त (Strict) सीमा तोकेको छ र सबै (All) अवस्थाहरुमा सो को पालना गरिएको छ ।*	**"क"**	*कार्यपालिका (प्रदेश सरकार) ले वर्ष भित्र (In Year) बजेट समायोजन गर्ने स्पष्ट नियम रहेको छ । त्यस्तो नियमले संशोधनहरुको प्रकृति र हदको शख्त (Strict) सीमा तोकेको छ र सबै (All) अवस्थाहरुमा सो को पालना गरिएको छ ।*	प्रदेश विनियोजन ऐन २०७९, प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९, प्रदेश लेखा नियन्त्रक कार्यालयको आर्थिक विवरण२ ०७७।७८
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक १८.४. को लागि **"क" अंक र स्तर निर्धारण** गरिएको छ । यस सुचकको माथि प्रकरण १८.४.२. मा कार्यपालिकाले बजेट समायोजनको नियमहरु सम्बन्धी **सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार प्रस्तुत गरिएको छ । प्रदेश १ सरकारको** विनियोजन ऐन २०७९ ले रकमान्तरको लागि विनियोजित रकम भित्र **दश प्रतिशतमा नबढने गरी** रकमको सीमा तोकेका देखिन्छ । रकमको साथै एक अनुदान संख्याबाट अर्को अनुदान संख्यामा रकमान्तर गर्ने, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकमान्तर गर्न सकिने प्रावधानले खर्चको प्रकृति, श्रोत व्यवस्था तथा अनुदान संख्या समेतको आधारमा रकमान्तर गर्ने सीमा रेखा कोरेको देखिन्छ छ। त्यस्ते एउटै अनुदान संख्या भित्रको बजेट शीर्षक तथा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिने, पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न नसकिने प्रावधानले रकमान्तरको अर्को सीमा निर्धारण गरेको छ । विनियोजन ऐनको प्रावधानलाई **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा २२ ले रकमान्तर तथा श्रोतान्तर गर्दा प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था रहेको, चालु बजेटबाट तोकिएको शिर्षकहरु बाहेक चालु खर्च तर्फ प्रदेश सचिवले रकमान्तर गर्न सक्ने, पूँजीगत र वित्तीय व्यवस्था तथा ऋण भुक्तानीको रकमान्तर र श्रोतान्तर गर्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको सीमा समेत तोकिएको देखिन्छ। रकमान्तर तथा श्रोतान्तर गर्दा कुनै कैफियत रहेमा महालेखापरीक्षकको अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा औल्याउने गरिन्छ । तर **प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** (पेज १) मा २०७७।७८ मा चालु तथा पूँजीगत खर्च बजेट विनियोजनको तुलनामा क्रमश: ४३.२४ प्रतिशत र ५६.७६ प्रतिशत गरेको उल्लेख गरेकोमा बजेट अनुमानमा परिवर्तन गर्नुपर्ने अवस्था रहेको देखिएन । सो प्रतिवेदनले पनि रकमान्तरको सीमा नाघेको कैफियत नदेखिएको तथा सोही प्रतिवेदनमा **प्रदेश लेखा नियन्त्रक कार्यालयको आर्थिक विवरण २०७७।७८** मा तथा सो विवरणको लेखा नीतिमा पनि कुनै कैफियत राखेको नदेखिएकोले प्रदेश १ सरकारले विनियोजन रकमको लागि रकमान्तरको सीमा नाघेको देखिंदैन (पेज ९७) । यसरी रकमको सीमा पालनाको कानूनमा शख्त व्यवस्था रहेको तथा सो रकमको सीमा सबै अवस्थामा पालना भएको			

	नै देखिएकोले प्रस्तुत *सुचकको लागि अंक* ***"क"*** *को लागि आवश्यक सम्पूर्ण आधार तथा मापदण्डहरु पालना भएको देखिएकोले अंक* ***"क"*** *निर्धारण गरिएको छ ।*

***

परिच्छेद ४.५

बजेटको कार्यान्वयनमा नियन्त्रण र प्रक्षेपण (Predictability and control in budget execution)

सुचक १९ : राजस्व प्रशासन (Revenue Administration)

यस सुचकले मुख्यतः केन्द्रीय सरकारको राजस्वहरु जस्तै कर प्रशासन, भन्सार प्रशासन, सामाजिक सुरक्षा प्रशासन जस्ता कुराहरु समेटने भएको तर प्रदेशको सन्दर्भमा लागु नहुने भएकोले **प्राकृतिक श्रोतबाट प्राप्त हुने राजस्व यस सुचकमा समावेश हुने भएकोले सो श्रोत प्रदेश सरकारको लागि पनि सुचक हुनसक्छ** । यस्को लागि सार्वजनिक संस्थानहरुले नियामक निकायको रुपमा र प्रदेश सरकारको हीतको लागि भएको होल्डिगं कम्पनीको रुपमा पनि हुन सक्दछन । यस अवस्थामा सरकारी निकाय बाहिर पनि तथ्याँक संकलन गर्नुपर्ने हुन्छ । यस सुचकले केन्द्रीय सरकारको राजस्वको संकलनको कार्यविधि र अनुगमन गर्ने कुराको मुल्याँकन गर्ने भएकोले सो राजस्वको श्रोतहरुको बारेमा यस सुचकहरुमा उल्लेख गरिएको छैन । त्यसैले राजस्वको सन्दर्भमा **प्रदेश सरकारको सम्बन्धमा लागू हुने राजस्वहरुको सुचकको** (जस्तै ***प्राकृतिक श्रोतको विषय) बारेमा केन्द्रीत भै सुचकहरु प्रस्तुत*** गरिएको छ । *राजस्व संकलन गर्ने सरकारको क्षमता कुनैपनि सार्वजनिक वित्तीय व्यवस्थापनको अति आवश्यक तत्व हो । यसमा सरकार तथा व्यक्ति र उद्यमीहरु बीचको प्रत्यक्ष सम्पर्क रहन्छ । सरकारले राजस्व तिर्नेहरुलाई उनीहरुको अधिकार र दायित्वहरुको बारेमा स्पष्ट जानकारी गराउनु पर्दछ । विशेष गरी राजस्व संकलन कार्यविधि, गुनासो व्यवस्थापन तथा कानूनको परिपालना संयन्त्रको बारेमा विश्वस्त तुल्याउनु पर्दछ ।*

अन्तिम मस्यौदा

१९.१. राजस्व उपायहरुको लागि अधिकार र दायित्वहरु (Rights and obligations for revenue measures)

व्यक्तिहरु तथा ईन्टरप्राईजेजहरुलाई कुन हदसम्म आफ्नो अधिकार र दायित्वहरुको बारेमा सुचनाको पहुँच रहेको भन्ने कुरा यस सुचकमा परीक्षण गरिन्छ । गुनासो व्यवस्थापनको प्रशासकीय कार्यविधि र प्रक्रियाको लागि स्वच्छ र स्वतन्त्र रुपमा पुनरावलोकन गर्न सक्ने कानूनी संस्था (जस्तै करसम्बन्धी अदालत वा राजस्व न्यायाधिकरण आदि) जुन सामान्य कानून प्रणाली भन्दा बाहिर रहेको छ सो को परीक्षण ।

१९.१.१. राजस्व उपायहरुको लागि अधिकार र दायित्वहरुको मापन मापदण्ड र आधारहरु

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता र आधारहरु**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	**प्रायः जसो** (Most) राजस्व संकलन गर्ने निकायहरुले भुक्तानीकर्ता (Payers) को लागि समष्टिगत र अद्यावधिक सुचना प्राप्त गर्ने बहु माध्यम (Multiple Channels) सजिलो पहुँचको साथै गुनासो प्रकृया र कार्यविधिहरुको अधिकार प्रदान गरेको छ ।	प्रदेश स्तर	मुल्याँकनको समय

“ख”	**अधिकाँश** (Majority) राजस्व संकलन गर्ने निकायहरुले भुक्तानीकर्ता (Payers) को लागि समष्टिगत र अद्यावधिक सुचना प्राप्त गर्ने सजिलो पहुँचको साथै गुनासो प्रकृया र कार्यविधिहरुको अधिकार प्रदान गरेको छ ।	प्रदेश स्तर	मुल्याँकनको समय
“ग”	**अधिकाँश** (Majority) राजस्व संकलन गर्ने निकायहरुले भुक्तानीकर्ता (Payers) को सुचना प्राप्त गर्ने सजिलो पहुँचको साथै गुनासो प्रकृया र कार्यविधिहरुको अधिकार प्रदान गरेको छ ।	प्रदेश स्तर	मुल्याँकनको समय
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकनको समय

१९.१.२. राजस्व उपायहरुको लागि अधिकार र दायित्वहरुसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
मुल्याँकनको समय २०७९।८०	**प्रस्तुत सुचकको पूर्ण अंक** प्राप्तीको लागि **प्रायः जसो** (Most) राजस्व संकलन गर्ने निकायहरुले भुक्तानीकर्ता (Payers) को लागि समष्टिगत र अद्यावधिक सुचना प्राप्त गर्ने बहु माध्यम (Multiple Channels) सजिलो पहुँचको साथै गुनासो प्रकृया र कार्यविधिहरुको अधिकार प्रदान गरेको छ ।	पूरा नगरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	आर्थिक मामिला तथा योजना मन्त्रालयको मुख्य कामहरु मध्ये प्रदेशको राजस्वसम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन गर्ने, घरजग्गा रजिष्टेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर र दण्ड जरिवानना संकलन, बाँडफाँट र उपयोगसम्बन्धी नीति तथा कानून निर्माण, कार्यान्वयन र नियमन, करको दरलाई कम तथा दायरामा वृद्धि गर्दै संघ तथा स्थानीय तहसँग समन्वय गरी कर प्रणालीलाई सरल र अनुमानयोग्य बनाउने आदि हुन (धधधप्रयभबउउज्ञानयखालउ)। राजस्वसम्बन्धी अरु कुनै नियम कार्यविधि करदाताहरुको लागि तयार गरी सार्वजनिक गरेको देखिंदैन । सोही मन्त्रालयले आफ्नो वेवसाईटमा राखेको जानकारी अनुसार आर्थिक वष २०७८।७९ को वैशाख, जेष्ठ र असार महिनामा गरेको कार्यसम्पादन उल्लेख गर्दा राजस्व परामर्शको बैठक, बजेट निर्माण तथा श्रोत अनुमान समितिको गठन, राजस्व परामर्श समिति गठन एवं प्रतिवेदन प्राप्ती, मालपोत तथा यातायात कार्यालयहरुसंग आर्थिक विधेयकको तर्जुमा एवं राजस्वसम्बन्धी छलफल गरी सुझाव संकलन गरिएको आदि कार्यहरु उल्लेख गरिएको छ । यसरी सो मन्त्रालयले राजस्वसम्बन्धी कार्यको लागि जिम्मेवार निकाय भएता पनि भुक्तानीकर्ता (एबथभचक) करदाताहरुको लागि समष्टिगत र अद्यावधिक सुचना प्राप्त गर्ने बहु माध्यम (:गतिष्उभि ऋजबललभकि) सजिलो पहुँचको साथै गुनासो प्रकृया र कार्यविधिहरुको अधिकार प्रदान गरिएको देखिएन । यस सम्बन्धमा कुनै नीति नियम तथा मार्गदर्शन जारी समेत भएको देखिंदैन ।	

१९.१.३.राजस्व उपायहरुको लागि अधिकार र दायित्वहरुको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१९.१. राजस्व उपायहरुको लागि अधिकार र दायित्वहरु	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि प्रायः जसो** (Most) राजस्व संकलन गर्ने निकायहरुले भुक्तानीकर्ता (Payers) को लागि समष्टिगत र अद्यावधिक सुचना प्राप्त गर्ने बहु माध्यम (Multiple Channels) सजिलो पहुँचको साथै गुनासो प्रकृया र कार्यविधिहरुको अधिकार प्रदान गरेको छ ।	**"घ"**	**अधिकाँश** (Majority) राजस्व संकलन गर्ने निकायहरुले भुक्तानीकर्ता (Payers) को सुचना प्राप्त गर्ने सजिलो पहुँचको साथै गुनासो प्रकृया र कार्यविधिहरुको अधिकार प्रदान गरेको भए अंक **"ग"** प्रदान गर्ने, *तर अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको अवस्थामा अंक **"घ"** प्रदान गर्ने,*	*आर्थिक मामिला तथा योजना मन्त्रालयको* www.moeapp1.gov.np
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक १९.१ को लागि **"घ"** अंक र स्तर निर्धारण गरिएको छ । यस सम्बन्धमा माथि प्रकरण १९.१.२ मा उल्लिखित प्रमाण तथा कागजात विवरण अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालय राजस्वसम्बन्धी कार्यको लागि जिम्मेवार निकाय भएता पनि भुक्तानीकर्ता (Payers) करदाताहरुको लागि समष्टिगत र अद्यावधिक सुचना प्राप्त गर्ने बहु माध्यम (Multiple Channels) सजिलो पहुँचको साथै गुनासो प्रकृया र कार्यविधिहरुको अधिकार प्रदान गरिएको देखिएन । यस सम्बन्धमा कुनै नीति नियम तथा मार्गदर्शन जारी समेत भएको देखिंदैन । त्यसैले माथि उल्लिखित मापदण्ड अनुसार "क","ख" र "ग" स्तर प्राप्त गर्न नसकेको हुँदा माथि उल्लिखित आधार र मापदण्डको आधारमा अंक **"घ"** मा उल्लिखित अवस्थासँग मिल्दा देखिएकोले सो अंक प्रदान गरिएको छ ।			

१९.२. राजस्व जोखिम व्यवस्थापन (Revenue risk Management) :

- पालनाको जोखिमहरुको प्राथमिकीकरण र मुल्याँकन , स्वयँ कर निर्धारण र जोखिममा आधारीत पालना प्रकृया
- कार्यकुशलन जोखिम व्यवस्थापन प्रक्रियाको आधारमा राजस्व प्रशासनमा बेरुजु । कैफियतहरु त्था अवरोध (Evasion)
- राजस्व संकलन गर्ने लागत र कर तिर्नेहरुको लागि पालनाको लागत (Cost of Compliance)
- मुल्याँकन गर्दा दर्ता गर्ने समयको जोखिम व्यवस्थापन प्रक्रिया, फाईलिंग, भुक्तानी, कर फिर्ता (Refund), आदि कुरा ध्यान दिनुपर्दछ । यस प्रकृयामा कुशलता भए नभएको परीक्षण गर्ने र सुधार वा पूरा गर्ने (Mitigation Measures) जस्तै राजस्वको लेखापरीक्षण, संचार तथा पहुँचको अवस्था (Outreach) आदि ।

१९.२.१. राजस्व जोखिम व्यवस्थापनसम्बन्धी मापदण्ड तथा आधार

अंक (Score) को स्तर	अंक प्रदान गर्ने आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	**प्रायःजसो (Most)** राजस्व संकलन गर्ने निकायहरुले प्राकृतिक श्रोत तथा अन्य श्रोतबाट प्राप्त हुने राजस्वको लागि मुल्याँकन र पालना गर्ने जोखिमहरुको प्राथमिकताको लागि समष्टिगत, संरचनात्मक र क्रमबद्ध एप्रोचहरु प्रयोग गरेको छ।	प्रदेश स्तर	मुल्याँकनको समय
"ख"	**अधिकाँश (Majority)** राजस्व संकलन गर्ने निकायहरुले प्राकृतिक श्रोत र अन्य श्रोतबाट प्राप्त हुने राजस्वको लागि मुल्याँकन र पालना गर्ने जोखिमहरुको प्राथमिकताको लागि समष्टिगत, संरचनात्मक र क्रमबद्ध एप्रोचहरु प्रयोग गरेको छ।	प्रदेश स्तर	मुल्याँकनको समय
"ग"	**अधिकाँश (Majority)** राजस्व संकलन गर्ने निकायहरुले प्राकृतिक श्रोत र अन्य श्रोतबाट प्राप्त हुने राजस्वको लागि मुल्याँकन र जोखिमहरुको प्राथमिकता गर्न **आँशिक** संरचनात्मक र क्रमबद्ध एप्रोचहरु प्रयोग गरेको छ।	प्रदेश स्तर	मुल्याँकनको समय
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकनको समय

१९.२.२. राजस्व जोखिम व्यवस्थापन सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
मुल्याँकनको समय २०७९।८०	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि** प्रायःजसो (Most) राजस्व संकलन गर्ने निकायहरुले प्राकृतिक श्रोत तथा अन्य श्रोतबाट प्राप्त हुने राजस्वको लागि मुल्याँकन र पालना गर्ने जोखिमहरुको प्राथमिकताको लागि समष्टिगत, संरचनात्मक र क्रमबद्ध एप्रोचहरु प्रयोग गरेको छ।	पूरा नगरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण आधार	आर्थिक मामिला तथा योजना मन्त्रालयको मुख्य कामहरु मध्ये प्रदेशको राजस्वसम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन गर्ने, घरजग्गा रजिष्टेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर र दण्ड जरिवानना संकलन, बाँडफाँट र उपयोगसम्बन्धी नीति तथा कानून निर्माण, कार्यान्वयन र नियमन, करको दरलाई कम तथा दायरामा वृद्धि गर्दै संघ तथा स्थानीय तहसँग समन्वय गरी कर प्रणालीलाई सरल र अनुमानयोग्य बनाउने आदि हुन (धधधाpयभबउउज्ञानयख।लउ)। राजस्वसम्बन्धी अरु कुनै नियम कार्यविधि करदाताहरुको लागि तयार गरी सार्वजनिक गरेको देखिंदैन। सोही मन्त्रालयले आफ्नो वेवसाईटमा राखेको जानकारी अनुसार आर्थिक वष २०७८।७९ को वैशाख, जेष्ठ र असार महिनामा गरेको कार्यसम्पादन उल्लेख गर्दा राजस्व परामर्शको बैठक, बजेट निर्माण तथा श्रोत अनुमान समितिको गठन, राजस्व परामर्श समिति गठन एवं प्रतिवेदन प्राप्ती, मालपोत तथा यातायात कार्यालयहरुसंग आर्थिक विधेयकको तर्जुमा एवं राजस्वसम्बन्धी छलफल गरी सुझाव संकलन गरिएको आदि कार्यहरु उल्लेख गरिएको छ। यसरी सो मन्त्रालयले राजस्वसम्बन्धी कार्यको लागि जिम्मेवार निकाय भएता पनि *राजस्व संकलन गर्ने निकायहरुले प्राकृतिक श्रोत तथा अन्य श्रोतबाट प्राप्त हुने राजस्वको लागि मुल्याँकन र पालना गर्ने जोखिमहरुको प्राथमिकताको लागि समष्टिगत, संरचनात्मक र क्रमबद्ध एप्रोचहरु प्रयोग गरेको* देखिने गरी कुनै कार्यविधि वा मार्गदर्शन आदि उपलब्ध हुन सकेन।	

१९.२.३. राजस्व जोखिम व्यवस्थापन मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१९.२. राजस्व जोखिम व्यवस्थापन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि प्रायः जसो (Most)** *राजस्व संकलन गर्ने निकायहरुले प्राकृतिक श्रोत तथा अन्य श्रोतबाट प्राप्त हुने राजस्वको लागि मुल्याँकन र पालना गर्ने जोखिमहरुको प्राथमिकताको लागि समष्टिगत, संरचनात्मक र क्रमबद्ध एप्रोचहरु प्रयोग गरेको छ ।*	**"घ"**	**अधिकाँश (Majority)** राजस्व संकलन गर्ने निकायहरुले प्राकृतिक श्रोत र अन्य श्रोतबाट प्राप्त हुने राजस्वको लागि मुल्याँकन र जोखिमहरुको प्राथमिकता गर्न **आँशिक** संरचनात्मक र क्रमबद्ध एप्रोचहरु प्रयोग गरेको भए अंक **"ग"** प्रदान गर्ने र अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको अवस्थामा अंक **"घ"** प्रदान गर्ने	*आर्थिक मामिला तथा योजना मन्त्रालयको* www.moeapp1.gov.np
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक १९.२ को लागि **"घ"** अंक र स्तर निर्धारिण गरिएको छ । यस सम्बन्धमा माथि प्रकरण १९.२.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालय राजस्वसम्बन्धी कार्यको लागि जिम्मेवार निकाय भएता पनि *राजस्व संकलन गर्ने निकायहरुले प्राकृतिक श्रोत तथा अन्य श्रोतबाट प्राप्त हुने राजस्वको लागि मुल्याँकन र पालना गर्ने जोखिमहरुको प्राथमिकताको लागि समष्टिगत, संरचनात्मक र क्रमबद्ध एप्रोचहरु प्रयोग गरेको देखिदैंन । सो* सम्बन्धमा कुनै नीति नियम तथा मार्गदर्शन जारी समेत भएको देखिदैन । त्यसैले माथि उल्लिखित मापदण्ड अनुसार "क","ख" र "ग" स्तर प्राप्त गर्न नसकेको हुँदा माथि उल्लिखित आधार र मापदण्डको आधारमा अंक **"घ"** मा उल्लिखित अवस्थासँग मिल्दा देखिएकोले सो अंक प्रदान गरिएको छ ।			

१९.३. राजस्व लेखापरीक्षण र अनुसन्धान (Revenue Audit and Investigation)

- राजस्व संकलनमा भएको अवरोध पत्ता लगाउने र पालना नगर्नेहरुको लागि पत्ता लगाउने पर्याप्त नियन्त्रण व्यवस्था भए नभएको परीक्षण गर्नुपर्ने
- लिखित परिपालना सुधार योजना भएको र सो आधारमा असल परीक्षण र छलकपट अनुसन्धान प्रणाली व्यवस्थित भए नभएको परीक्षण गर्नुपर्ने
- राजस्व छुट वा लिकेजको लागि अनुगमन र फोलोअप संयन्त्र तथा कार्यविधि
- राजस्व प्रशासनको अनुसन्धान गर्ने, मुद्दा चलाउने, जरिवाना लगाउने र कर छली गर्ने अवस्थाहरुको नियमित रुपमा पत्ता लगाउने क्षमता जस्ले गर्दा करदाताहरुले आफ्नो दायित्वहरु पूरा गर्न विश्वस्त हुन सकियोस ।

१९.३.१. राजस्व लेखापरीक्षण र अनुसन्धानसम्बन्धी मापदण्ड र आधार :

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)

“क”	**प्रायः जसो (Most)** राजस्व संकलन गर्ने निकायहरुले लेखापरीक्षण र अनुसन्धानको कार्यहरु प्रकाशित कागजात (Documented) अनुसारको परिपालना (Compliance) सुधार योजना अनुसार व्यवस्थित गरेको र प्रतिवेदन गर्ने कुराको पालना गरेको र योजना गरिएको सबै लेखापरीक्षण र अनुसन्धानहरुको सबै (**All**) कामहरु पूरा भएको ।	**प्रदेश स्तर**	मुल्याँकनको समय
“ख”	अधिकाँश **(Majority)** राजस्व संकलन गर्ने निकायहरुले लेखापरीक्षण र अनुसन्धानको कार्यहरु प्रकाशित कागजात (Documented) अनुसारको परिपालना (Compliance) सुधार योजना अनुसार व्यवस्थित गरेको र प्रतिवेदन गर्ने कुराको पालना गरेको र योजना गरिएको सबै लेखापरीक्षण र अनुसन्धानहरुको सबै (**All**) कामहरु पूरा भएको ।	प्रदेश स्तर	मुल्याँकनको समय
“ग”	**अधिकाँश (Majority)** राजस्व संकलन गर्ने निकायहरुले लेखापरीक्षण र अनुसन्धानको कार्यहरु प्रकाशित कागजात (Documented) अनुसारको परिपालना (Compliance) सुधार योजना अनुसार व्यवस्थित गरेको र प्रतिवेदन गर्ने कुराको पालना गरेको र योजना गरिएको सबै लेखापरीक्षण र अनुसन्धानहरुको **अधिकाँश (Majority)** कामहरु पूरा भएको ।	प्रदेश स्तर	मुल्याँकनको समय
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकनको समय

१९.३.२. राजस्व लेखापरीक्षण र अनुसन्धानसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
मुल्याँकनको समय २०७९।८०	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि** *प्रायः जसो (Most) राजस्व संकलन गर्ने निकायहरुले लेखापरीक्षण र अनुसन्धानको कार्यहरु प्रकाशित कागजात (Documented) अनुसारको परिपालना (Compliance) सुधार योजना अनुसार व्यवस्थित गरेको र प्रतिवेदन गर्ने कुराको पालना गरेको र योजना गरिएको सबै लेखापरीक्षण र अनुसन्धानहरुको सबै (All) कामहरु पूरा भएको ।*	पूरा नगरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	आर्थिक मामिला तथा योजना मन्त्रालयको मुख्य कामहरु मध्ये प्रदेशको राजस्वसम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन गर्ने, घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर र दण्ड जरिवानना संकलन, बाँडफाँट र उपयोगसम्बन्धी नीति तथा कानून निर्माण, कार्यान्वयन र नियमन, करको दरलाई कम तथा दायरामा वृद्धि गर्दै संघ तथा स्थानीय तहसँग समन्वय गरी कर प्रणालीलाई सरल र अनुमानयोग्य बनाउने आदि हुन (धधधmयभबउउज्ञानयखालउ)। राजस्वसम्बन्धी अरु कुनै नियम कार्यविधि करदाताहरुको लागि तयार गरी सार्वजनिक गरेको देखिदैन । सोही मन्त्रालयले आफ्नो वेवसाईटमा राखेको जानकारी अनुसार आर्थिक वष २०७८।७९ को वैशाख, जेष्ठ र असार महिनामा गरेको कार्यसम्पादन उल्लेख गर्दा राजस्व परामर्शको बैठक, बजेट निर्माण तथा श्रोत अनुमान समितिको गठन, राजस्व परामर्श समिति गठन एवं प्रतिवेदन प्राप्ती, मालपोत तथा यातायात कार्यालयहरुसंग आर्थिक विधेयकको तर्जुमा एवं राजस्वसम्बन्धी छलफल गरी सुझाव संकलन गरिएको आदि कार्यहरु उल्लेख गरिएको छ । यसरी सो मन्त्रालयले राजस्वसम्बन्धी कार्यको लागि जिम्मेवार निकाय भएता पनि *प्रायः जसो (:यकत) राजस्व संकलन गर्ने निकायहरुले लेखापरीक्षण र अनुसन्धानको कार्यहरु प्रकाशित कागजात*	

	(म्यअफभलतभम) अनुसारको परिपालना (Compliance) सुधार योजना अनुसार व्यवस्थित गरेको र प्रतिवेदन गर्ने कुराको पालना गरेको र योजना गरिएको सबै लेखापरीक्षण र अनुसन्धानहरुको सबै (बीं) कामहरु पूरा भएको देखिने गरी कुनै कार्यविधि वा मार्गदर्शन आदि उपलब्ध हुन सकेन ।

१९.३.३. राजस्व लेखापरीक्षण र अनुसन्धानको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
१९.३. राजस्व लेखापरीक्षण र अनुसन्धान	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि** *प्रायः जसो (Most) राजस्व संकलन गर्ने निकायहरुले लेखापरीक्षण र अनुसन्धानको कार्यहरु प्रकाशित कागजात (Documented) अनुसारको परिपालना (Compliance) सुधार योजना अनुसार व्यवस्थित गरेको र प्रतिवेदन गर्ने कुराको पालना गरेको र योजना गरिएको सबै लेखापरीक्षण र अनुसन्धानहरुको सबै (All) कामहरु पूरा भएको ।*	**“घ”**	**अधिकाँश (Majority)** राजस्व संकलन गर्ने निकायहरुले प्राकृतिक श्रोत र अन्य श्रोतबाट प्राप्त हुने राजस्वको लागि मुल्याँकन र जोखिमहरुको प्राथमिकता गर्न **आँशिक** संरचनात्मक र क्रमबद्ध एप्रोचहरु प्रयोग गरेको भए अंक **“ग”** प्रदान गर्ने र अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको अवस्थामा अंक **“घ”** प्रदान गर्ने	*आर्थिक मामिला तथा योजना मन्त्रालयको* www.moeapp1.gov.np
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक १९.२ को लागि **“घ”** अंक र स्तर निर्धारण गरिएको छ । यस सम्बन्धमा माथि प्रकरण १९.३.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालय राजस्वसम्बन्धी कार्यको लागि जिम्मेवार निकाय भएता पनि *राजस्व संकलन गर्ने निकायहरुले लेखापरीक्षण र अनुसन्धानको कार्यहरु प्रकाशित कागजात (Documented) अनुसारको परिपालना (Compliance) सुधार योजना अनुसार व्यवस्थित गरेको र प्रतिवेदन गर्ने कुराको पालना गरेको र योजना गरिएको सबै लेखापरीक्षण र अनुसन्धानहरुको सबै (All) कामहरु पूरा भएको देखिदैंन । मन्त्रालयले सो* सम्बन्धमा कुनै नीति नियम तथा मार्गदर्शन जारी समेत भएको देखिदैन । त्यसैले माथि उल्लिखित मापदण्ड अनुसार “क”,“ख” र “ग” स्तर प्राप्त गर्न नसकेको हुँदा माथि उल्लिखित आधार र मापदण्डको आधारमा अंक **“घ”** मा उल्लिखित अवस्थासँग मिल्दा देखिएकोले सो अंक प्रदान गरिएको छ ।			

१९.४. राजस्व बक्यौता अनुगमन (Revenue arrears monitoring)

प्रदेश सरकारको राजस्वको बक्यौताको अवधि (Age) र स्तरमा केन्द्रीत भै बक्यौता व्यवस्थापन भए नभएको एकीन गरी राजस्व प्रशासनको बक्यौता केन्द्रीत प्रयासहरु गरिएको हुनुपर्दछ । सरकारलाई तिर्नुपर्ने राजस्व बक्यौता ऋणको व्यवस्थापन (Debt Management) गरी संकलन योग्य ऋणको भुक्तानीको लागि शीघ्र कार्य व्यवस्था गर्नु आवश्यक

अन्तिम मस्यौदा

हुन्छ । संकलन अयोग्य हुनु अघि राजस्व बक्यौता संकलन गर्ने राजस्व प्रशासनको अधिकतम प्रयास हुनु पर्दछ । बक्यौता संकलन समष्टिगत रुपमा हेरी बक्यौता सुचना प्राप्त गर्ने र जुन वर्षको राजस्व हो सो वर्षमा नै संकलन गर्न गरिएको सहजीकरण हुनु आवश्यक छ ।

१९.४.१. राजस्व बक्यौता अनुगमनसम्बन्धी मापदण्ड र आधार

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	**पूरा भएको अन्तिम आर्थिक वर्षको** अन्तमा राजस्व उठती हुन बाँकी स्टक आर्थिक वर्षको कुल राजस्व संकलनको ***१० प्रतिशत भन्दा कम*** रहेको र *१२ महिना भन्दा पुरानो* राजस्व वक्यौता उक्त आर्थिक वर्षको कुल राजस्व वक्यौताको २५ प्रतिशत भन्दा कम रहेको	**प्रदेश स्तर**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ख"	**पूरा भएको अन्तिम आर्थिक वर्षको** अन्तमा राजस्व उठती हुन बाँकी स्टक आर्थिक वर्षको कुल राजस्व संकलनको ***२० प्रतिशत भन्दा कम*** रहेको र १२ महिना भन्दा पुरानो राजस्व वक्यौता उक्त आर्थिक वर्षको कुल राजस्व वक्यौताको ***५० प्रतिशत भन्दा कम*** रहेका	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ग"	**पूरा भएको अन्तिम आर्थिक वर्षको** अन्तमा राजस्व उठती हुन बाँकी स्टक आर्थिक वर्षको कुल राजस्व संकलनको ***४० प्रतिशत भन्दा कम*** रहेको र १२ महिना भन्दा पुरानो राजस्व वक्यौता उक्त आर्थिक वर्षको कुल राजस्व वक्यौताको ***७५ प्रतिशत भन्दा कम*** रहेका	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष

१९.४.२. राजस्व बक्यौता अनुगमनसम्बन्धी मापदण्ड र आधारसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
मुल्याँकनको समय सम्पन्न भएको अन्तिम आर्थिक वर्ष २०७७।७८	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि** *पूरा भएको अन्तिम आर्थिक वर्षको अन्तमा राजस्व उठती हुन बाँकी स्टक आर्थिक वर्षको कुल राजस्व संकलनको* ***१० प्रतिशत भन्दा कम*** *रहेको र १२ महिना भन्दा पुरानो राजस्व वक्यौता उक्त आर्थिक वर्षको कुल राजस्व वक्यौताको २५ प्रतिशत भन्दा कम रहेको*	पूरा गरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ को दफा ७ मा राजस्व असूलीसम्बन्धी विवरण उल्लेख गरिएको छ। सो प्रतिवेदन (प्रतिवेदनको पेज ३)**	

२०७७।७८ को कुल राजस्व (रु हजारमा)	राजस्व उठन बाँकी रकम (रु हजारमा)	कुल राजस्वको प्रतिशत	१२ महिना भन्दा पुरानो २०७६।७७ को राजस्व अनुमान	१२ महिना भन्दा पुरानो राजस्व वक्यौता	आर्थिक वर्ष २०७६।७७ को कुल राजस्वमा

					बक्यौताको प्रतिशत
१	२	३=२/ १*१००		४	५
१३,१५,४८,८८	११,३३,०७ **#**	०.८६ प्रतिशत	अनुमान ३०,९७,६७,८१ यथार्थ राजस्व रकम २९,८३,९९,०७	१,१३,६८,७४	३.८१ प्रतिशत

***#**प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदनमा उल्लिखित विवरण अनुसार **सवारी साधनको कर** बापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सो को ६० प्रतिशत प्रदेश संचित कोष र ४० प्रतिशत स्थानीय सरकारको कोषमा दाखिला गर्नुपर्नेमा गरेको छैन । सो रकमको बाँडफाँट नगरेको हुँदा सो रकमलाई उठन बाँकी राजस्वमा जनाईएको छ । वास्तवमा सो रकम सरकारी खातामा जम्मा भईसकेको तर सम्बन्धीत राजस्व खातामा जम्मा भईनसकेको हुँदा लेखाँकनको हिसावले सो वर्गिकरण गरिएको छ ।*

आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७७।७८ को वजेट बक्तव्य अनुसार सो आर्थिक वर्षको राजस्व प्राप्ती १३,१५,४८,८८ (रु हजारमा) भएको र सो आर्थिक वर्षको राजस्व उठन बाँकी रकम प्रदेश १ महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९ (पेज ७) अनुसार ११,३३,०७ (रु हजारमा) देखिन्छ । उक्त राजस्व रकमको आधारमा वक्यौता राजस्व रकमसँग उठेको राजस्व रकमको गणना गर्दा ०.८६ प्रतिशत हुन आउने देखिन्छ ।

त्यस्तै १२ महिना भन्दा पुरानो (२०७६।७७) को राजस्व अनुमान तथा १२ महिना भन्दा पुरानो राजस्व वक्यौता रकम एकीन गर्न *आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्य*मा प्रस्तुत राजस्व र अनुदान रकमको एकमुष्ट रकम लिईएको छ । सो बजेट बक्तव्यको **अनुसुची १** मा २०७६।७७ को राजस्व र अनुदानको अनुमानित रकम ३०९७६७८१ (हजार) मध्ये यथार्थमा प्राप्त रकम भनी रु २९८३९९०७ (हजार) भएको उल्लेख छ। अन्य बक्यौता रकमको विवरणको अभावमा सो अनुमानित र यथार्थ रकम बीचको फरकलाई बक्यौताको रुपमा गणना गरी २०७६।७७ को कुल राजस्वमा बक्यौताको प्रतिशत ३.८१ प्रतिशत हुन आउने देखिन्छ । प्रदेश सरकारको राजस्व र अनुदान पनि राजस्वमा परिभाषित भएको आधारमा गणना गरिएको छ। प्रदेश सरकारको राजस्व रकम पटके प्रकृतिको रहेको हुँदा सो को बक्यौता आयकर तथा मुल्य अभिवृद्धि करको जस्तो रहने देखिंदैन । राजस्व व्यवस्थापन सुचना प्रणाली (Revenue Management Information Suystem) लागू रहेकोले राजस्व जम्मा तत्कालै प्रदेश लेखा नियन्त्रक कार्यालयको सम्बन्धीत राजस्व खातामा तत्कालै जम्मा हुने भएकोले पनि वक्यौता रहने स्थिति रहने देखिंदैन । त्यसैले अनुमानित र यथार्थ रकमलाई आधार मानी बक्यौताको गणना गरी अंक गणनाको आधार तयार गरिएको छ ।

१९.३.३. राजस्व बक्यौता अनुगमनको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
१९.३. राजस्व लेखापरीक्षण	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि** ***पूरा भएको अन्तिम आर्थिक*** *वर्षको अन्तमा राजस्व*	**“क”**	*पूरा भएको अन्तिम आर्थिक वर्षको अन्तमा राजस्व उठती हुन बाँकी स्टक आर्थिक वर्षको कुल*	आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७७।७८ को वजेट बक्तव्य

र अनुसन्धान	*उठती हुन बाँकी स्टक आर्थिक वर्षको कुल राजस्व संकलनको **१० प्रतिशत भन्दा कम** रहेको र १२ महिना भन्दा पुरानो राजस्व वक्यौता उक्त आर्थिक वर्षको कुल राजस्व वक्यौताको २५ प्रतिशत भन्दा कम रहेको*		*राजस्व संकलनको **१० प्रतिशत भन्दा कम** रहेको र १२ महिना भन्दा पुरानो राजस्व वक्यौता उक्त आर्थिक वर्षको कुल राजस्व वक्यौताको २५ प्रतिशत भन्दा कम रहेको*	www.moeapp1.gov.np, प्रदेश १ महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक १९.३ को लागि "क" अंक र स्तर निर्धारण गरिएको छ । यस सम्बन्धमा माथि प्रकरण १९.३.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार "*पूरा भएको अन्तिम आर्थिक वर्षको अन्तमा राजस्व उठती हुन बाँकी स्टक आर्थिक वर्षको कुल राजस्व संकलनको १० प्रतिशत भन्दा कम रहेको र १२ महिना भन्दा पुरानो राजस्व वक्यौता उक्त आर्थिक वर्षको कुल राजस्व वक्यौताको २५ प्रतिशत भन्दा कम रहेको* " कुराको परीक्षण गर्नुपर्ने देखिन्छ । सो सम्बन्धमा सुचकको सो अंक हासिल गर्नको लागि पूरा भएको अन्तिम आर्थिक वर्ष २०७७।७८ को आधारमा सो आर्थिक वर्षको आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट बक्तव्य (२०७७।७८) तथा प्रदेश १ महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९ को अध्ययन गरी सुचकको आवश्यक योग्यता परीक्षण गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७७।७८ को वजेट बक्तव्य अनुसार सो आर्थिक वर्षको राजस्व प्राप्ती १३,१५,४८,८८ (रु हजारमा) भएको र सो आर्थिक वर्षको राजस्व उठन बाँकी रकम प्रदेश १ महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९ (पेज ७) अनुसार ११,३३,०७ (रु हजारमा) देखिन्छ । *उक्त राजस्व रकमको आधारमा वक्यौता राजस्व रकमसँग उठेको राजस्व रकमको गणना गर्दा ०.८६ प्रतिशत हुन आउने देखिन्छ* । त्यस्तै १२ महिना भन्दा पुरानो (२०७६।७७) को राजस्व अनुमान तथा १२ महिना भन्दा पुरानो राजस्व वक्यौता रकम एकीन गर्न *आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७८।७९ को बजेट* बक्तव्यको **अनुसुची १** मा २०७६।७७ को राजस्व र अनुदानको अनुमानित रकम ३०९७६७८१ (हजार) मध्ये यथार्थमा प्राप्त रकम भनी रु २९८३९९०७ (हजार) भएको उल्लेख छ । अन्य बक्यौता रकमको विवरणको उपलब्ध हुन नसकेकोले तथ्याँकको अभावमा सो **अनुमानित र यथार्थ रकम बीचको फरकलाई बक्यौताको रुपमा गणना** गरी २०७६।७७ को कुल राजस्वमा बक्यौताको प्रतिशत ३.८१ प्रतिशत हुन आउने देखिन्छ । प्रदेश सरकारको राजस्व र अनुदान पनि राजस्वमा परिभाषित भएको आधारमा गणना गरिएको छ । प्रदेश सरकारको राजस्व रकम पटके प्रकृतिको रहेको हुँदा सो को बक्यौता आयकर तथा मुल्य अभिवृद्धि करको जस्तो रहने देखिंदैन । राजस्व व्यवस्थापन सुचना प्रणाली (Revenue Management Information System) लागू रहेकोले राजस्व जम्मा तत्कालै प्रदेश लेखा नियन्त्रक कार्यालयको सम्बन्धीत राजस्व खातामा तत्काले जम्मा हुने भएकोले पनि वक्यौता रहने स्थिति रहने देखिंदैन । *त्यसैले **आर्थिक** वर्षको अन्तमा राजस्व उठती हुन बाँकी स्टक आर्थिक वर्षको कुल राजस्व संकलनको **१० प्रतिशत भन्दा कम** रहेको हुनुपर्नेमा यस्तो रकमको गणना ०.८६ प्रतिशत मात्र रहेकोले १० प्रतिशत भन्दा धेरै कम रहेको र १२ महिना भन्दा पुरानो राजस्व वक्यौता उक्त आर्थिक वर्षको कुल राजस्व वक्यौताको २५ प्रतिशत भन्दा कम रहेको हुनुपर्नेमा माथि प्रस्तुत गणना अनुसार ३.८१ प्रतिशत मात्र भई वक्यौता प्रतिशत निकै कम रहेकोले तोकिएको सीमा भित्र नै रहेको देखिन्छ । यसरी सुचकमा उल्लिखित **"क"** अंक प्राप्त गर्ने मापदण्ड र आधार पूरा गरेकोले यस सुचकको अंक **"क"** निर्धारण गरिएको छ ।*			

सुचक २० : राजस्वको लेखा (Accounting for Revenue)

यस सुचकले संकलित राजस्वको संकलनको अभिलेख र प्रतिवेदन, संकलित राजस्व एकत्रित गर्ने र राजस्व लेखाहरु समायोजन गर्ने प्रकृयाहरुको मुल्याँकन गर्दछ । यसले प्रदेश सरकारले संकलन गर्ने कर तथा गैरकर दुवै कुरा समेटदछ । यो सुचकमा ३ पाटाहरु छन र एकीकृत अंक कायम गर्न **M1 (WL)** विधि प्रयोगमा ल्याईन्छ ।

२०.१. राजस्व संकलनसम्बन्धी सुचना (Information on Revenue Collections)

यस सुचकले प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले कुन हदसम्म राजस्व प्रशासनका क्रियाकलापहरु र संकलन कार्यमा समन्वय गरेको छ भनी मुल्याँकन गर्दछ । संकलित राजस्वको समयमा नै सुचना गर्दछ र लेखा राख्ने कार्य गरिन्छ ।

२०.१.१. राजस्व संकलनसम्बन्धी सुचनासम्बन्धी मापदण्ड र आधार :

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
“क”	आर्थिक मामिला तथा योजना मन्त्रालय । प्रदेश लेखा नियन्त्रक कार्यालयले राजस्व संकलन गर्ने सबै (All) प्रदेश राजस्व एकाईहरुबाट कम्तीमा मासिक रुपमा राजस्व आँकडा (Data) प्राप्त गर्दछ । यस्तो सुचना राजस्वको प्रकार अनुसारको वर्गिकरण भएको र प्रतिवेदनमा एकत्रित गरिएको छ ।	**प्रदेश स्तर**	मुल्याँकनको समय
“ख”	आर्थिक मामिला तथा योजना मन्त्रालय । प्रदेश लेखा नियन्त्रक कार्यालयले राजस्व संकलन गर्ने **प्रायजसो** (**Most**) प्रदेश राजस्व एकाईहरुबाट कम्तीमा मासिक रुपमा राजस्व आँकडा (Data) प्राप्त गर्दछ । यस्तो सुचना राजस्वको प्रकार अनुसारको वर्गिकरण भएको र प्रतिवेदनमा एकत्रित गरिएको छ ।	प्रदेश स्तर	मुल्याँकनको समय
“ग”	आर्थिक मामिला तथा योजना मन्त्रालय । प्रदेश लेखा नियन्त्रक कार्यालयले राजस्व संकलन गर्ने **अधिकाँश** (**Majority**) प्रदेश राजस्व एकाईहरुबाट कम्तीमा मासिक रुपमा राजस्व आँकडा (Data) प्राप्त गर्दछ । आँकडा एकत्रित गरिएको छ ।	प्रदेश स्तर	मुल्याँकनको समय
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकनको समय

२०.१.२.राजस्व संकलनसम्बन्धी सुचना सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

<table>
<tr><th>आर्थिक वर्ष</th><th>सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड</th><th>मापदण्ड पूरा गरे नगरेको</th></tr>
<tr><td>मुल्याँकनको समय २०७९।८०</td><td>प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय । प्रदेश लेखा नियन्त्रक कार्यालयले राजस्व संकलन गर्ने सबै (All) प्रदेश राजस्व एकाईहरुबाट कम्तीमा मासिक रुपमा राजस्व आँकडा (Data) प्राप्त गर्दछ । यस्तो सुचना राजस्वको प्रकार अनुसारको वर्गिकरण भएको र प्रतिवेदनमा एकत्रित गरिएको छ ।</td><td>पूरा गरेको</td></tr>
<tr><td>सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार</td><td colspan="2">राजस्व संकलन गर्ने निकायहरुले महालेखा नियन्त्रक कार्यालय (मलेनिका) ले तयार गरेको राजस्व व्यवस्थापन सुचना प्रणाली (Revenue Management Information System) मार्फत नै राजस्व रकम जम्मा गर्ने व्यवस्था गरेको छ ।
मलेनिकाको राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार) ले सबै सरकारी कारोवार गर्ने बैंक तथा राजस्व संकलक निकायहरुले राजस्वसम्बन्धी सफ्टवेयरको माध्यमबाट दैनिक तथा मासिक रुपमा राजस्वको भौचर जम्मा तथा जाँच गर्ने लगायत प्रतिवेदनहरु पनि पठाउने व्यवस्था गरिएको छ । सो पुस्तिकाको पेज २३ (३.१.३.२)मा शिर्षकगत राजस्व संकलनको मासिक विवरण (१०२), स.का.फा.नं.२ (२०६),स.का.फा.नं.७ (२०९) र भौचरको दैनिक विस्तृत विवरण (४०१.२) रहेको छ । सो पुस्तीकाको पेज २३ देखि २५ सम्म संचालन विधि र प्रकृया निर्धारण गरिएको छ र त्यस्तो विवरण मासिक रुपमा सम्बन्धीत कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनलाईन पठाउन सकिने वा प्रदेश लेखा नियन्त्रक कार्यालयले आफैपनि हेर्न सकिने व्यवस्था रहेको छ ।
राजस्वको वर्गिकरण मलेनिकाले प्रकाशन गरेको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४, जुन प्रदेशलाई पनि लागू हुन्छ, अनुसार अन्तरराष्टिय मुद्रा कोषको सरकारी वित्त तथ्याँक सन २०१४ अनुसार वर्गिकरण गरिने र यस्तो राजस्व शिर्षक आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट वक्तव्य जारी गर्दा शीर्षक तोकेर नै राजस्वको अनुमान गर्ने हुँदा सो शिर्षक अनुसार नै राजस्व बैंकमा जम्मा गरिने भएकोले वर्गिकरणमा समस्या देखिंदैन । त्यस्तै अनलाईन नै राजस्वको कारोवार भएको र सो को प्रतिवेदन पनि अनलाईन मार्फत गर्ने प्रणाली भएकोले प्रतिवेदनमा एकत्रित हुने गरको देखिन्छ ।
प्रदेश १ को प्रदेश लेखा नियन्त्रक कार्यालयले राजस्वको मासिक तथा वार्षिक विवरण पनि चक्ष्क को अनलाईन मार्फत नै तयार गर्ने हुँदा सोको मासिक प्रतिवेदन एकत्रित रुपमा नै तयार हुने गरेको देखिन्छ । सो विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयले मासिक रुपमा नै आर्थिक मामिला तथा योजना मन्त्रालयमा उपलब्ध गराउने कानूनी व्यवस्था नै रहेकोले सो अनुसार उक्त मन्त्रालयले राजस्वको शिर्षक अनुसारको एकत्रित विवरण प्राप्त गर्ने गरेको देखिन्छ ।</td></tr>
</table>

२०.१.३. राजस्व संकलनसम्बन्धी सुचनाको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धार (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२०.१. राजस्व संकलनसम्बन्धी सुचना	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि** *आर्थिक मामिला तथा योजना मन्त्रालय । प्रदेश*	**"क"**	*आर्थिक मामिला तथा योजना मन्त्रालय । प्रदेश लेखा नियन्त्रक कार्यालयले राजस्व*	आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७७।७८ को वजेट बक्तव्य www.moeapp1.gov.np,

<table>
<tr>
<td></td>
<td>लेखा नियन्त्रक कार्यालयले राजस्व संकलन गर्ने सबै (All) प्रदेश राजस्व एकाईहरुबाट कम्तीमा मासिक रुपमा राजस्व आँकडा (Data) प्राप्त गर्दछ । यस्तो सुचना राजस्वको प्रकार अनुसारको वर्गिकरण भएको र प्रतिवेदनमा एकत्रित गरिएको छ ।</td>
<td></td>
<td>संकलन गर्ने सबै (All) प्रदेश राजस्व एकाईहरुबाट कम्तीमा मासिक रुपमा राजस्व आँकडा (Data) प्राप्त गर्दछ । यस्तो सुचना राजस्वको प्रकार अनुसारको वर्गिकरण भएको र प्रतिवेदनमा एकत्रित गरिएको छ ।</td>
<td>मलेनिकाले प्रकाशन गरेको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४, राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार)</td>
</tr>
<tr>
<td>सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या</td>
<td colspan="4">सुचक २०.१. को लागि “क” अंक र स्तर निर्धारण गरिएको छ ।
यस सम्बन्धमा माथि प्रकरण २०.१.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार “आर्थिक मामिला तथा योजना मन्त्रालय । प्रदेश लेखा नियन्त्रक कार्यालयले राजस्व संकलन गर्ने सबै (All) प्रदेश राजस्व एकाईहरुबाट कम्तीमा मासिक रुपमा राजस्व आँकडा (Data) प्राप्त गर्दछ । यस्तो सुचना राजस्वको प्रकार अनुसारको वर्गिकरण भएको र प्रतिवेदनमा एकत्रित गरिएको ” कुराको परीक्षण गर्नुपर्ने देखिन्छ ।
मलेनिकाको राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार) ले सबै सरकारी कारोवार गर्ने बैंक तथा राजस्व संकलक निकायहरुले राजस्वसम्बन्धी सफ्टवेयरको माध्यमबाट राजस्वको कारोवार बैंकहरुले गरी सो तथ्याँकमा राजस्व संकलन गर्ने निकाय तथा प्रलेनिकालाई हुने व्यवस्था रहेको छ । सो पुस्तिकाको पेज २३ (३.१.३.२)मा शिर्षकगत राजस्व संकलनको मासिक विवरण (१०२), स.का.फा.नं.२ (२०६),स.का.फा.नं.७ (२०९) र भौचरको दैनिक विस्तृत विवरण (४०१.२) रहेको छ । सो पुस्तीकाको पेज २३ देखि २५ सम्म संचालन विधि र प्रकृया निर्धारण गरिएको छ र त्यस्तो विवरण मासिक रुपमा सम्बन्धीत कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनलाईन पठाउन सकिने वा प्रदेश लेखा नियन्त्रक कार्यालयले आफैपनि हेर्न सकिने व्यवस्था रहेको छ ।
त्यस्तै राजस्वको वर्गिकरण मलेनिकाले प्रकाशन गरेको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार वर्गिकरण गरिने र यस्तो राजस्व शिर्षक आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट वक्तव्य जारी गर्दा शीर्षक तोकेर नै राजस्वको अनुमान गर्ने हुँदा सो शिर्षक अनुसार नै राजस्व बैंकमा जम्मा गरिने भएकोले वर्गिकरणमा समस्या देखिंदैन । त्यस्तै अनलाईन नै राजस्वको कारोवार भएको र सो को प्रतिवेदन पनि अनलाईन मार्फत गर्ने प्रणाली भएकोले प्रतिवेदनमा एकत्रित हुने गरको देखिन्छ ।
यसरी सुचकमा उल्लिखित मासिक रुपमा राजस्व आँकडा उपलब्ध हुने व्यवस्था रहेको र राजस्वको प्रकार अनुसारको वर्गिकरण भएको र प्रतिवेदनमा एकत्रित गरिएको अवस्था रहेकोले “क” अंक प्राप्त गर्ने मापदण्ड र आधार पूरा गरेकोले यस सुचकको अंक “क” निर्धारण गरिएको छ ।</td>
</tr>
</table>

२०.२. राजस्व संकलनको हस्तान्तरण (Transfer of Revenue Collections)

प्रदेश १ को लागि संकलन भएको राजस्व संकलन गरेको रकम यथाशीघ्र संचित कोषमा जम्मा हुने व्यवस्था गरि सरकारको कोषमा हस्तान्तरणको प्रावधान गरिनु पर्दछ । यस सम्बन्धमा प्रस्तुत सुचकले प्रदेश सरकारको ट्रेजरी वा अन्य तोकिएको निकायमा संकलित राजस्व चाँडै (Prompt) जम्मा गरिए नगरिएको हेर्नुपर्दछ । राजस्व रकम समयमा नगद व्यवस्थापनलाई सहयोग गर्नको लागि उपलब्ध हुने व्यवस्थाको मुल्याँकन गरी संचित कोष (ट्रेजरी) मा राजस्व रकम जम्मा हुने कुरा प्रभावकारी बनाउनु आवश्यक छ ।

२०.२.१. राजस्व संकलनको हस्तान्तरणसम्बन्धी मापदण्ड र आधार

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	राजस्व संकलन गर्ने **प्रायःसबै** (Most) प्रदेश राजस्व एकाईहरुबाट *प्रदेश लेखा नियन्त्रक कार्यालयले* नियन्त्रण गरेको खाताहरुमा संकलित राजस्वहरु सोझै हस्तान्तरण (Transfer) गर्दछन वा प्रलेनिका र अन्य तोकिएको निकायहरुमा संकलित रकम *दैनिक रुपमा हस्तान्तरण* गर्दछन ।	**प्रदेश स्तर**	मुल्याँकनको समय
"ख"	राजस्व संकलन गर्ने **प्रायःसबै** (Most) प्रदेश राजस्व एकाईहरुबाट *प्रदेश लेखा नियन्त्रक कार्यालयले* नियन्त्रण गरेको खाताहरुमा संकलित राजस्वहरु प्रलेनिका र अन्य तोकिएको निकायहरुमा संकलित रकम **कम्तीमा प्रत्येक हप्ता*मा*** *हस्तान्तरण* गर्दछन ।	प्रदेश स्तर	मुल्याँकनको समय
"ग"	राजस्व संकलन गर्ने **प्रायःसबै** (Most) प्रदेश राजस्व एकाईहरुबाट *प्रदेश लेखा नियन्त्रक कार्यालयले* नियन्त्रण गरेको खाताहरुमा संकलित राजस्वहरु प्रलेनिका र अन्य तोकिएको निकायहरुमा संकलित रकम **कम्तीमा प्रत्येक दुई हप्ता*मा*** *हस्तान्तरण* गर्दछन ।	प्रदेश स्तर	मुल्याँकनको समय
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकनको समय

२०.२.२. राजस्व संकलन हस्तान्तरण सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
मुल्याँकनको समय २०७९।८०	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि** *राजस्व संकलन गर्ने **प्रायः सबै** (Most) प्रदेश राजस्व एकाईहरुबाट प्रदेश लेखा नियन्त्रक कार्यालयले नियन्त्रण गरेको खाताहरुमा संकलित राजस्वहरु सोझै हस्तान्तरण (Transfer) गर्दछन वा प्रलेनिका र अन्य तोकिएको निकायहरुमा संकलित रकम दैनिक रुपमा हस्तान्तरण गर्दछन*	**पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २९** मा राजस्व दाखिता र राजस्वको लेखासम्बन्धी प्रावधान रहेको छ। सो दफाले प्रादेशिक सरकारलाई प्राप्त हुने राजस्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र **सोही दिन** सम्भव नभए सो को **भोलिपल्ट बैंकमा जम्मा गर्नुपर्ने** व्यवस्था रहेको छ । सरकारी कारोवार गर्न *स्वीकृत बैंकमा जम्मा हुन आएको रकम सोही दिन संचित कोषमा दाखिला गर्नुपर्ने* व्यवस्था गरिएको छ । सोही दफामा सरकारी कारोवार गर्ने स्वीकृती प्राप्त बैंकले संचित कोषमा राजस्व दाखिला गर्दा *तीन दिन भन्दा बढी अवधि ढिलो गरेमा* त्यस्तो बैंकलाई ढिलो गरेको *रकमको १० प्रतिशत जरिवाना र बैकको ईजाजत समेत रद्द* गर्न सकिने प्रावधान गरिएको छ ।	

	राजस्व संकलन गर्ने प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालय (मलेनिका) ले तयार गरेको राजस्व व्यवस्थापन सुचना प्रणाली (Revenue Management Information System) मार्फत राजस्व रकम जम्मा गर्ने व्यवस्था गरेको छ । *मलेनिकाले सो सुचना प्रणाली संचालन र व्यवस्थापन गर्नको लागि **राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार)** जारी गरेको छ । प्रस्तुत पुस्तिका मलेनिकाको www.fcgo.gov.np मा प्रकाशित गरिएको छ । सो पुस्तिकाले सबै सरकारी कारोवार गर्ने बैक तथा राजस्व संकलन गर्ने निकायहरुले राजस्वसम्बन्धी सुचना प्रणालीको सफ्टवेयरको माध्यमबाट दैनिक तथा मासिक रुपमा राजस्वको भौचर जम्मा तथा जाँच गर्ने लगायत प्रतिवेदनहरु पनि पठाउने व्यवस्था गरिएको छ । रकम जम्मा गर्ने शिर्षक कार्यालयको प्रकृति अनुसार फरक फरक भएपनि यस्तो रकम प्रदेश तथा लेखा नियन्त्रक कार्यालयको नाममा खोलिने खातामा नै रकम जम्मा गरिने भएकोले हस्तान्तरणको समस्या रहेको देखिँदैन । यस सम्बन्धमा **RMIS संचालन पुस्तिकामा रकम जम्मा गर्ने र प्रतिवेदन गर्ने व्यवस्था गरिएको देखिन्छ । यस** पुस्तिकाको पेज २३ (३.१.३.२)मा शिर्षकगत राजस्व संकलनको मासिक विवरण (१०२), स.का.फा.नं.२ (२०६),स.का.फा.नं.७ (२०९) र भौचरको दैनिक विस्तृत विवरण (४०१.२) रहेको छ । सो पुस्तीकाको पेज २३ देखि २५ सम्म संचालन विधि र प्रकृया निर्धारण गरिएको छ र त्यस्तो विवरण मासिक रुपमा सम्बन्धीत कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनलाईन पठाउन सकिने वा प्रदेश लेखा नियन्त्रक कार्यालयले आफैपनि हेर्न सकिने व्यवस्था रहेको छ ।* प्रदेश १ को प्रदेश लेखा नियन्त्रक कार्यालयको खातामा नै रकम जम्मा हुने भएको सो कार्यालयले राजस्व रकमको हस्तान्तरणको स्थिति पनि दैनिक रुपमा हेर्न सकिने र डाउनलोड गर्न सकिने भएकोले हालको RMIS प्रणालीले अद्यावधिक राजस्वको विवरण एकत्रित रुपमा नै तयार गर्न सकिन्छ ।

२०.२.३. राजस्व संकलन हस्तान्तरणसम्बन्धी सुचनाको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२०.२. राजस्व संकलनको हस्तान्तरण	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि** *राजस्व संकलन गर्ने **प्रायःसबै (** Most) प्रदेश राजस्व एकाईहरुबाट प्रदेश लेखा नियन्त्रक कार्यालयले नियन्त्रण गरेको खाताहरुमा संकलित राजस्वहरु सोझै हस्तान्तरण (Transfer) गर्दछन वा प्रलेनिका र अन्य तोकिएको निकायहरुमा संकलित रकम दैनिक रुपमा हस्तान्तरण गर्दछन ।*	"क"	राजस्व संकलन गर्ने **प्रायःसबै** (Most) प्रदेश राजस्व एकाईहरुबाट *प्रदेश लेखा नियन्त्रक कार्यालयले* नियन्त्रण गरेको खाताहरुमा संकलित राजस्वहरु सोझै हस्तान्तरण (Transfer) गर्दछन वा प्रलेनिका र अन्य तोकिएको निकायहरुमा संकलित रकम *दैनिक*	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७७।७८ को वजेट बक्तव्य www.moeapp1.gov.np, *मलेनिकाले प्रकाशन गरेको **एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४,***

<table>
<tr><td></td><td></td><td></td><td>रुपमा हस्तान्तरण गर्दछन ।</td><td>राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार)</td></tr>
<tr><td>सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या</td><td colspan="4">सुचक २०.१. को लागि “क” अंक र स्तर निर्धारण गरिएको छ ।
यस सम्बन्धमा माथि प्रकरण २०.२.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार “आर्थिक मामिला तथा योजना मन्त्रालय । प्रदेश लेखा नियन्त्रक कार्यालयले राजस्व संकलन गर्ने सबै (All) प्रदेश राजस्व एकाईहरुबाट कम्तीमा मासिक रुपमा राजस्व आँकडा (Data) प्राप्त गर्दछ । यस्तो सुचना राजस्वको प्रकार अनुसारको वर्गिकरण भएको र प्रतिवेदनमा एकत्रित गरिएको ” कुराको परीक्षण गर्नुपर्ने देखिन्छ ।
प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २९ मा प्रादेशिक सरकारलाई प्राप्त हुने राजस्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सो को भोलिपल्ट बैंकमा जम्मा गर्नुपर्ने तथा सरकारी कारोवार गर्न स्वीकृत बैंकमा जम्मा हुन आएको रकम सोही दिन संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरिएको छ ।
त्यस्तै मलेनिकाको राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार) ले सबै सरकारी कारोवार गर्ने बैक तथा राजस्व संकलक निकायहरुले राजस्वसम्बन्धी सफ्टवेयरको माध्यमबाट राजस्वको कारोवार बैकहरुले गरी सो तथ्याँकमा राजस्व संकलन गर्ने निकाय तथा प्रलेनिकालाई हुने व्यवस्था रहेको छ । सो पुस्तिकाको पेज २३ (३.१.३.२)मा शिर्षकगत राजस्व संकलनको मासिक विवरण (१०२), स.का.फा.नं.२ (२०६),स.का.फा.नं.७ (२०९) र भौचरको दैनिक विस्तृत विवरण (४०१.२) रहेको छ । सो पुस्तीकाको पेज २३ देखि २५ सम्म संचालन विधि र प्रकृया निर्धारण गरिएको छ र त्यस्तो विवरण मासिक रुपमा सम्बन्धीत कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनलाईन पठाउन सकिने वा प्रदेश लेखा नियन्त्रक कार्यालयले आफैपनि हेर्न सकिने व्यवस्था रहेको छ ।
यसरी सुचकमा उल्लिखित प्रदेश १ को प्रदेश लेखा नियन्त्रक कार्यालयको खातामा नै रकम जम्मा हुने भएको सो कार्यालयले राजस्व रकमको हस्तान्तरणको स्थिति पनि दैनिक रुपमा हेर्न सकिने र डाउनलोड गर्न सकिने भएकोले हालको RMIS प्रणालीले अद्यावधिक राजस्वको विवरण एकत्रित रुपमा नै तयार गर्न सकिने अवस्था रहेको छ । साथै प्रदेश लेखा नियन्त्रक कार्यालयले नियन्त्रण गरेको खाताहरुमा संकलित राजस्वहरु सोझै हस्तान्तरण (Transfer) हुने गरेको तथा प्रलेनिका र अन्य तोकिएको निकायहरुमा संकलित रकम दैनिक रुपमा हस्तान्तरण मासिक रुपमा राजस्व आँकडा उपलब्ध हुने व्यवस्था रहेकोले यस सुचकको मापदण्ड पालना भएको नै देखिंदा सो अवस्थाले “क” अंक प्राप्त गर्ने मापदण्ड र आधार पूरा गरेकोले यस सुचकको अंक “क” निर्धारण गरिएको छ ।</td></tr>
</table>

२०.३. राजस्व खाताहरुको समायोजन (Revenue Accounts Reconciliation)

राजस्व संकलन र हस्तान्तरण प्रणाली अपेक्षा अनुसार गर्न र बक्यौता कम गर्नको लागि न्यूनीकरण तथा अनुगमन गरिनु आवश्यक छ । एक जिम्मेवार निकायले लेखा प्रणालीमा अभिलेख गरेको कुरा निश्चित हुनुपर्ने, कर निर्धारण गरिएको र सरकारी कोष (ट्रेजरी) मा राखिएको कुरा पुष्टी गरिनुपर्दछ । जिम्मेवार निकाय विभिन्न सुचनाहरु एकत्रित गरेको हुनुपर्दछ , जस्मा बाँकी नभएको, बक्यौता भएको रकम संकलन भएको तर ट्रेजरीमा हस्तान्तरण नभएको अवस्थामा रहेको स्थितिको एकत्रित सुचना राख्नु आवश्यक छ ।

२०.३.१.राजस्व खाताहरुको समायोजनसम्बन्धी मापदण्ड र आधारः

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	राजस्व संकलन गर्ने **प्रायः सबै (Most)** प्रदेश राजस्व एकाईहरुले राजस्व निर्धारण, संकलनहरु, बक्यौता र सरकारी कोष (Treasury) र अन्य तोकिएको निकायहरुमा हस्तान्तरण गरेको रकमको त्रैमासिक समाप्त भएको ***कम्तीमा चार हप्ता भित्र त्रैमासिक रुपमा*** समायोजन गर्ने काम गरेको ।	**प्रदेश स्तर**	मुल्याँकनको समय
"ख"	राजस्व संकलन गर्ने **प्रायःसबै (Most)** प्रदेश राजस्व एकाईहरुले राजस्व निर्धारण, संकलनहरु, बक्यौता र सरकारी कोष (**Treasury**) र अन्य तोकिएको निकायहरुमा हस्तान्तरण गरेको रकमको अर्ध वार्षिक समाप्त भएको आठ हप्ता भित्र *कम्तीमा अर्ध वार्षिक रुपमा* समायोजन गर्ने काम गरेको ।	प्रदेश स्तर	मुल्याँकनको समय
"ग"	राजस्व संकलन गर्ने **प्रायःसबै (Most)** प्रदेश राजस्व एकाईहरुले राजस्व निर्धारण, संकलनहरु, बक्यौता र सरकारी कोष (**Treasury**) र अन्य तोकिएको निकायहरुमा हस्तान्तरण गरेको रकमको **आर्थिक वर्ष समाप्त** भएको **दुई महिना भित्र *कम्तीमा वार्षिक रुपमा*** समायोजन गर्ने काम गरेको ।	प्रदेश स्तर	मुल्याँकनको समय
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकनको समय

२०.३.२.राजस्व खाताहरुको समायोजन सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
मुल्याँकनको समय २०७९।८०	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि** *राजस्व संकलन गर्ने **प्रायःसबै** (**Most**) प्रदेश राजस्व एकाईहरुले राजस्व निर्धारण, संकलनहरु, बक्यौता र सरकारी कोष (Treasury) र अन्य तोकिएको निकायहरुमा हस्तान्तरण गरेको रकमको त्रैमासिक समाप्त भएको **कम्तीमा चार हप्ता भित्र त्रैमासिक रुपमा** समायोजन गर्ने काम गरेको*	**पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २९** मा राजस्व दाखिता र राजस्वको लेखासम्बन्धी प्रावधान रहेको छ । सो दफाले प्रादेशिक सरकारलाई प्राप्त हुने राजस्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र **सोही दिन** सम्भव नभए सो को **भोलिपल्ट बैंकमा जम्मा गर्नुपर्ने** व्यवस्था रहेको छ। सरकारी कारोवार गर्न *स्वीकृत बैंकमा जम्मा हुन आएको रकम सोही दिन संचित कोषमा दाखिला गर्नुपर्ने* व्यवस्था गरिएको छ । सोही दफामा सरकारी कारोवार गर्ने स्वीकृती प्राप्त बैंकले संचित कोषमा राजस्व दाखिला गर्दा *तीन दिन भन्दा बढी अवधि ढिलो गरेमा* त्यस्तो बैंकलाई ढिलो गरेको *रकमको १०*	

	प्रतिशत जरिवाना र बैंकको ईजाजत समेत रद्द गर्न सकिने प्रावधान गरिएको छ । सोही ऐनको दफा २९(६) राजस्वको दाखिला, राजस्वको लेखा राख्ने, जिम्मेवार निकाय र राजस्व कारोवार गर्ने बैंक बीचको हिसाब मिलानसम्बन्धी तोकिए बमोजिम हुने उल्लेख भएकोमा प्रदेश १ को लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा भई नसकेको हुँदा हिसाब मिलनासम्बन्धी कार्य कानूनी रुपमा स्पष्ट भएको देखिएन । तर महालेखा नियन्त्रक कार्यालय (मलेनिका) ले तयार गरेको राजस्व व्यवस्थापन सुचना प्रणाली (Revenue Management Information System) मार्फत राजस्व रकम जम्मा गर्ने व्यवस्था गरेको छ । त्यसको लागि *मलेनिकाले सो सुचना प्रणाली संचालन र व्यवस्थापन गर्नको लागि* ***राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार)*** *जारी गरेको (www.fcgo.gov.np) छ । सो पुस्तिकाले सबै सरकारी कारोवार गर्ने बैंक तथा राजस्व संकलन गर्ने निकायहरुले राजस्वसम्बन्धी सुचना प्रणालीको सफ्टवेयरको माध्यमबाट दैनिक तथा मासिक रुपमा राजस्वको भौचर जम्मा तथा जाँच गर्ने लगायत प्रतिवेदनहरु पनि पठाउने व्यवस्था गरिएको छ । रकम जम्मा गर्ने शिर्षक कार्यालयको प्रकृति अनुसार फरक फरक भएपनि यस्तो रकम प्रदेश तथा लेखा नियन्त्रक कार्यालयको नाममा खोलिने खातामा नै रकम जम्मा गरिने भएकोले हस्तान्तरणको समस्या रहेको देखिंदैन । यस सम्बन्धमा* ***RMIS संचालन पुस्तिकामा रकम जम्मा गर्ने र प्रतिवेदन गर्ने व्यवस्था गरिएको देखिन्छ । यस*** *पुस्तिकाको पेज २३ (३.१.३.२)मा शिर्षकगत राजस्व संकलनको मासिक विवरण (१०२), स.का.फा.नं.२ (२०६),स.का.फा.नं.७ (२०९) र भौचरको दैनिक विस्तृत विवरण (४०१.२) रहेको छ । सो पुस्तीकाको पेज २३ देखि २५ सम्म संचालन विधि र प्रकृया निर्धारण गरिएको छ र त्यस्तो विवरण मासिक रुपमा सम्बन्धीत कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनलाईन पठाउन सकिने वा प्रदेश लेखा नियन्त्रक कार्यालयले आफैपनि हेर्न सकिने व्यवस्था रहेको छ ।* प्रदेश १ को प्रदेश लेखा नियन्त्रक कार्यालयको खातामा नै रकम जम्मा हुने भएको सो कार्यालयले राजस्व रकमको हस्तान्तरणको स्थिति पनि दैनिक रुपमा हेर्न सकिने र डाउनलोड गर्न सकिने भएकोले हालको RMIS प्रणालीले अद्यावधिक राजस्वको विवरण एकत्रित रुपमा नै तयार गर्न सकिन्छ । तर प्रदेश लेखा नियन्त्रक कार्यालयले **त्रैमासिक रुपमा राजस्वको समायोजन भने गरेको देखिंदैन ।**

२०.३.३.राजस्व खाताहरुको समायोजनको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२०.३. **राजस्व खाताहरुको समायोजन**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि** *राजस्व संकलन गर्ने* ***प्रायःसबै (Most)*** *प्रदेश राजस्व एकाईहरुले राजस्व निर्धारण, संकलनहरु, बक्यौता र सरकारी कोष (Treasury) र अन्य तोकिएको निकायहरुमा हस्तान्तरण गरेको रकमको त्रैमासिक समाप्त भएको*	**"घ"**	प्रस्तुत सुचकको लागि राजस्व संकलन गर्ने **प्रायःसबै (Most)** प्रदेश राजस्व एकाईहरुले राजस्व निर्धारण, संकलनहरु, बक्यौता र सरकारी कोष (**Treasury**) र अन्य तोकिएको निकायहरुमा हस्तान्तरण गरेको रकमको **आर्थिक वर्ष**	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७७।७८ को वजेट बक्तव्य www.moeapp1.gov.np,

	कम्तीमा चार हप्ता भित्र त्रैमासिक रुपमा *समायोजन गर्ने काम गरेको ।*		**समाप्त** भएको **दुई महिना भित्र *कम्तीमा वार्षिक रुपमा*** समायोजन गर्ने काम गरेको भए **“ग” अंक प्रदान गर्न सकिने तर यस सुचकको सम्बन्धमा** अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएकोले **“घ” अंक कायम गर्नुपर्ने अवस्था रहेको ।**	*मलेनिकाले प्रकाशन गरेको **राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार)*** *(www.fcgo.gov.np)*
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २०.३. को लागि “घ” अंक र स्तर निर्धारण गरिएको छ ।** यस सम्बन्धमा माथि प्रकरण २०.२.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार पूर्ण अंक प्राप्त गर्नको लागि *“ राजस्व संकलन गर्ने **प्रायःसबै (Most)** प्रदेश राजस्व एकाईहरुले राजस्व निर्धारण, संकलनहरु, बक्यौता र सरकारी कोष (Treasury) र अन्य तोकिएको निकायहरुमा हस्तान्तरण गरेको रकमको त्रैमासिक समाप्त भएको **कम्तीमा चार हप्ता भित्र त्रैमासिक रुपमा** समायोजन गर्ने काम गरेको ”* कुराको परीक्षण गर्नुपर्ने देखिन्छ । **उल्लिखित स्तरको मापदण्ड एकीन गर्न प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २९** मा प्रादेशिक सरकारलाई प्राप्त हुने राजस्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि **सोही दिन** र **सोही दिन** सम्भव नभए सो को **भोलिपल्ट बैंकमा जम्मा गर्नुपर्ने** व्यवस्था र सो*ही दिन संचित कोषमा दाखिला गर्नुपर्ने* व्यवस्था गरिएको छ । यस कानूनी व्यवस्थालाई व्यवस्थापन र संचालनको लागि *मलेनिकाको **राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार)** ले राजस्वको कारोवार बैंकहरुले गरी सो तथ्याँकमा राजस्व संकलन गर्ने निकाय तथा प्रलेनिकालाई हुने व्यवस्था रहेको छ । सो पुस्तिकामा)मा शिर्षकगत राजस्व संकलनको मासिक विवरण र भौचरको दैनिक विस्तृत विवरण तयार गर्ने तथा त्यस्तो विवरण मासिक रुपमा सम्बन्धीत कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनलाईन पठाउन सकिने वा प्रदेश लेखा नियन्त्रक कार्यालयले आफैपनि हेर्न सकिने व्यवस्था रहेको छ । राजस्व रकम* प्रदेश १ को प्रदेश लेखा नियन्त्रक कार्यालयको खातामा नै रकम जम्मा हुने भएको सो कार्यालयले राजस्व रकमको हस्तान्तरणको स्थिति पनि दैनिक रुपमा हेर्न सकिने र डाउनलोड गर्न सकिने भएकोले हालको RMIS प्रणालीले अद्यावधिक राजस्वको विवरण एकत्रित रुपमा नै तयार गर्न सकिने अवस्था रहेको छ । प्रदेश १ को प्रदेश लेखा नियन्त्रक कार्यालयको खातामा नै रकम जम्मा हुने भएकोले सो कार्यालयले राजस्व रकमको हस्तान्तरणको स्थिति पनि दैनिक रुपमा हेर्न सकिने र डाउनलोड गर्न सकिने भएकोले हालको RMIS प्रणालीले अद्यावधिक राजस्वको विवरण एकत्रित रुपमा नै तयार गर्न सकिन्छ । तर *प्रदेश लेखा नियन्त्रक कार्यालयले त्रैमासिक रुपमा राजस्वको समायोजन भने गरेको देखिंदैन*। त्यसैले *यस सुचकको मापदण्ड पालना भएको नदेखिंदा यस सुचकको अंक* **“घ”** स्तर *निर्धारण गरिएको छ ।*			

सुचक २१: आर्थिक वर्षमा श्रोत बाँडफाँटको प्रक्षेपण (Predictability of in-year resource allocation)

प्रभावकारी सेवा प्रवाहको लागि र कार्य योजनाहरु अनुसार बजेट कार्यान्वयनको लागि बजेटरी एकाईहरुले बजेट रकम उपलब्धताको बारेमा भरपर्दो सुचना प्राप्त गर्नु आवश्यक छ। यसबाट गैरवित्तीय सम्पति मालसामान र सेवाहरुको लागि प्रतिबद्धताहरुको नियन्त्रण र भुक्तानी गर्न सकियोस । त्यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालयले सेवा प्रवाह गर्ने बजेटरी एकाईहरुलाई रकमको उपलब्धतासम्बन्धी भरपर्दो सुचना प्रदान गर्ने तथा

नगद प्रतिबद्धता र आवश्यकताको प्रक्षेपण गर्न सक्षम रहेको कुराको मापन यस सुचकले गर्दछ। यस सुचकमा चार पाटाहरु रहेका छन र अंकहरु एकीकृत गर्नको लागि M2 (AV) पद्दति प्रयोग गरिन्छ।

२१.१. नगद मौज्दातको एकत्रिकरण (Consolidation of cash balances)

कोषको निकासाको लागि नगद मौज्दातको पहिचान र एकत्रित गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयको गरेको कार्यहरु, एक बैंकबाट केन्द्रीकृत रुपमा वा एकल खाता कोष (Treasury Single Account) ले बैंक खाता एकत्रित गर्न सहयोग पुर्‍याउँछ। व्यक्तिगत कारोवारहरुको नियन्त्रण र प्रतिवेदनको कार्यहरु लेखाँकन प्रणालीले गर्नुपर्दछ । सुचकको व्याख्या गर्दा परीक्षण गरिएको क्षेत्रमा प्रयोग गरिएको व्यवस्थाहरुको बारेमा छलफल समेतको व्यवस्था गर्नुपर्छ।

२१.१.१. नगद मौज्दातको एकत्रिकरणसम्बन्धी मापदण्ड र आधार

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	**सबै (All)** बैंक र नगद मौज्दातहरु *दैनिक* रुपमा एकत्रित गरिन्छ	**प्रदेश स्तर**	मुल्याँकनको समय
"ख"	सबै (**All**) बैंक र नगद मौज्दातहरु *साप्ताहिक* रुपमा एकत्रित गरिन्छ	प्रदेश स्तर	मुल्याँकनको समय
"ग"	**प्रायजसो (Most)** नगद मौज्दातहरु *मासिक* रुपमा एकत्रित गरिन्छ	प्रदेश स्तर	मुल्याँकनको समय
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकनको समय

२१.१.२. नगद मौज्दातको एकत्रिकरण सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
मुल्याँकनको समय २०७९।८०	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि *सबै (All)*** *बैंक र नगद मौज्दातहरु* ***दैनिक रुपमा*** *एकत्रित गरिन्छ*	**पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २९** मा राजस्व दाखिता र राजस्वको लेखासम्बन्धी प्रावधान रहेको छ। सो दफाले प्रादेशिक सरकारलाई प्राप्त हुने राजस्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र **सोही दिन** सम्भव नभए सो को **भोलिपल्ट बैंकमा जम्मा गर्नुपर्ने** व्यवस्था रहेको छ । सरकारी कारोवार गर्न *स्वीकृत बैंकमा जम्मा हुन आएको रकम सोही दिन संचित कोषमा दाखिला गर्नुपर्ने* व्यवस्था गरिएको छ । सोही दफामा सरकारी कारोवार गर्ने स्वीकृती प्राप्त बैंकले संचित कोषमा राजस्व दाखिला गर्दा *तीन दिन भन्दा बढी अवधि ढिलो गरेमा* त्यस्तो बैंकलाई ढिलो गरेको *रकमको १० प्रतिशत जरिवाना र बैंकको ईजाजत समेत रद्द* गर्न सकिने प्रावधान गरिएको छ। महालेखा नियन्त्रक कार्यालय (मलेनिका) ले तयार गरेको राजस्व व्यवस्थापन सुचना प्रणाली (Revenue Management Information System) मार्फत राजस्व रकम जम्मा गर्ने व्यवस्था गरेको छ। जुन कुरा *मलेनिकाले जारी गरेको* ***राजस्व व्यवस्थापन सुचना***	

	प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार) *जारी गरेको (www.fcgo.gov.np) देखिन्छ । सो पुस्तिकाले सबै सरकारी कारोवार गर्ने बैक तथा राजस्व संकलन गर्ने निकायहरुले राजस्वसम्बन्धी सुचना प्रणालीको सफ्टवेयरको माध्यमबाट दैनिक तथा मासिक रुपमा राजस्वको भौचर जम्मा तथा जाँच गर्ने लगायत प्रतिवेदनहरु पनि पठाउने व्यवस्था गरिएको छ । प्रदेश तथा लेखा नियन्त्रक कार्यालयको नाममा खोलिने खातामा नै रकम जम्मा गरिने भएकोले हस्तान्तरणको समस्या रहेको देखिंदैन । यस सम्बन्धमा* ***RMIS संचालन पुस्तिकामा रकम जम्मा गर्ने र प्रतिवेदन गर्ने व्यवस्था गरिएको देखिन्छ । यस*** *पुस्तिकाको पेज २३ (३.१.३.२)मा शिर्षकगत राजस्व संकलनको मासिक विवरण (१०२), स.का.फा.नं.२ (२०६),स.का.फा.नं.७ (२०९) र भौचरको दैनिक विस्तृत विवरण (४०१.२) रहेको छ । सो पुस्तीकाको पेज २३ देखि २५ सम्म संचालन विधि र प्रकृया निर्धारण गरिएको छ र त्यस्तो विवरण मासिक रुपमा सम्बन्धीत कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनलाईन पठाउन सकिने वा प्रदेश लेखा नियन्त्रक कार्यालयले आफैपनि हेर्न सकिने व्यवस्था रहेको छ ।* प्रदेश १ को प्रदेश लेखा नियन्त्रक कार्यालयको खातामा नै रकम जम्मा हुने भएको सो कार्यालयले राजस्व रकमको हस्तान्तरणको स्थिति पनि दैनिक रुपमा हेर्न सकिने र डाउनलोड गर्न सकिने भएकोले हालको RMIS प्रणालीले अद्यावधिक राजस्वको विवरण एकत्रित रुपमा नै तयार गर्न सकिन्छ । सरकारी कारोवार गर्ने बैंकहरुले बैंकमा सोझै राजस्व जम्मा गर्दा प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा जम्मा हुने हुँदा एकत्रीकरण गर्न सकिने अवस्था रहेको तर आय प्राप्त गर्ने निकायहरुले लिएको *नगद रकम जम्मा समेतको दैनिक एकत्रीकरण हुनुपर्ने व्यवस्था* भएको भएता पनि प्रदेश लेखा नियन्त्रक कार्यालयले *एकत्रीकरण* दैनिक रुपमा गरेको देखिंदैन । तर मासिक विवरण तयार गर्नुपर्ने र तीन दिन भित्र जम्मा नगरेमा जरिवाना पनि हुन सक्ने अवस्था रहेकोले नगद पनि जम्मा हुन सक्ने व्यवस्था भएकोले हालसम्म प्रदेश १ मा बैंकहरु र कर्मचारीहरुलाई नगद रकम संचित कोषमा दाखिला नगरेको आधारमा मासिक रुपमा बैकमा जम्मा भएको तथा आय प्राप्त गर्ने निकायले **तोकिएको अवधि भित्र जम्मा गरेको मान्न सकिने भएकोले मासिक रुपमा नगद प्राप्ती रकम एकत्रीकरण भएको** मान्न सकिन्छ ।

२१.१.३. नगद मौज्दातको एकत्रिकरणसम्बन्धी सुचनाको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२०.३. राजस्व खाताहरुको समायोजन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *सबै (All) बैंक र नगद मौज्दातहरु दैनिक रुपमा एकत्रित गरिन्छ*	**"ग"**	**प्रायजसो (Most)** नगद मौज्दातहरु *मासिक* रुपमा एकत्रित गरिएको भए **"ग"**	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** www.moeap.p1.gov.np, *मलेनिकाले प्रकाशन गरेको* ***राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार)*** *(www.fcgo.gov.np)*

सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २१.३. को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ।** यस सम्बन्धमा माथि प्रकरण २१.१.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार **पूर्ण अंक प्राप्त** गर्नको लागि *" सबै (All) बैंक र नगद मौज्दातहरु दैनिक रुपमा एकत्रित गरिन्छ "* कुराको परीक्षण गर्नुपर्ने देखिन्छ। **उल्लिखित स्तरको मापदण्ड एकीन गर्न प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २९** मा प्रादेशिक सरकारलाई प्राप्त हुने राजस्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि **सोही दिन** र **सोही दिन** सम्भव नभए सो को **भोलिपल्ट बैंकमा जम्मा गर्नुपर्ने** व्यवस्था र *सोही दिन संचित कोषमा दाखिला गर्नुपर्ने* व्यवस्था गरिएको छ । यस कानूनी व्यवस्थालाई व्यवस्थापन र संचालनको लागि *मलेनिकाको **राजस्व व्यवस्थापन सुचना प्रणाली (RMIS) संचालन पुस्तिका (२०७५ असार)** ले राजस्वको कारोवार बैकहरुले गरी सो तथ्याँकमा राजस्व संकलन गर्ने निकाय तथा प्रलेनिकालाई हुने व्यवस्था रहेको छ । सो पुस्तिकामा)मा शिर्षकगत राजस्व संकलनको मासिक विवरण र भौचरको दैनिक विस्तृत विवरण तयार गर्ने तथा त्यस्तो विवरण मासिक रुपमा सम्बन्धीत कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनलाईन पठाउन सकिने वा प्रदेश लेखा नियन्त्रक कार्यालयले आफैपनि हेर्न सकिने व्यवस्था रहेको छ ।* प्रदेश १ को प्रदेश लेखा नियन्त्रक कार्यालयको खातामा नै रकम जम्मा हुने भएकोले सो कार्यालयले राजस्व रकमको हस्तान्तरणको स्थिति पनि बैकबाट **दैनिक रुपमा हेर्न सकिने र डाउनलोड गर्न सकिने** भएको भएता पनि राजस्व प्राप्त गर्ने निकायहरुले *कार्यालयमा नगद प्राप्त गरेको रकम* सोही दिन जम्मा हुन नसक्ने अवस्था भएमा दैनिक रुपमा एकत्रीकरण सम्भव देखिदैन । प्रदेश ले हालको RMIS प्रणालीले अद्यावधिक राजस्वको विवरण एकत्रित रुपमा नै तयार गर्न सकिन्छ । तर मासिक विवरण तयार गर्नुपर्ने र तीन दिन भित्र जम्मा नगरेमा जरिवाना पनि हुन सक्ने अवस्था रहेकोले नगद पनि जम्मा हुन सक्ने व्यवस्था भएकोले हालसम्म प्रदेश १ मा बैंकहरु र कर्मचारीहरुलाई नगद रकम संचित कोषमा दाखिला नगरेको आधारमा दण्डात्मक कार्य भएको समेत नबुझिएकोले *मासिक रुपमा बैंकमा जम्मा भएको तथा आय प्राप्त गर्ने निकायले तोकिएको अवधि भित्र जम्मा गरेको मान्न सकिने* भएकोले सो आधारमा यस सुचकको लागि अंक **"ग"** निर्धारण गरिएको छ।

२१.२. नगद प्रक्षेपण तथा अनुगमन (Cash Forecasting and Monitoring)

आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेटरी एकाईको प्रतिबद्धता र नगद प्रवाहको प्रक्षेपण र अनुगमन गरेको हदसम्मको परीक्षण गर्नुपर्दछ। यसको लागि कोष (Treasury) ले प्रभावकारी नगद प्रवाह योजना, अनुगमन र व्यवस्थापन गरेको अवस्थामा बजेटरी एकाईलाई उपलब्ध हुने कोषको प्रक्षेपण गर्न सहज हुन्छ। भरपर्दो प्रक्षेपण गर्दा नगद प्राप्ती प्रवाह र नगद बहिर्गमन प्रवाहको नियमित र अनियमित (Routine / Nonroutine) अवस्था पहिचान गरी बजेटरी निकायहरुको प्रतिबद्धता योजना र बजेटको कार्यान्वयनमा सहजीकरण हुन्छ। यसको साथै अनियमित नगद बहिर्गमन नियमित रुपमा मासिक वा वार्षिक रुपमा नभै समय समयमा आउने खर्च जस्तै *निर्वाचन खर्च वा पूँजीगत लगानी सम्बन्धी लागत* पर्दछन।

२१.२.१. नगद प्रक्षेपण तथा अनुगमनसम्बन्धी मापदण्ड र स्तरः

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	आर्थिक वर्षको लागि नगद प्रवाह प्रक्षेपण तयार गरिएको र वास्तविक नगद आन्तरिक प्रवाह र बाह्य प्रवाहको आधारमा *मासिक रुपमा* अद्यावधिक गरिन्छ	**प्रदेश स्तर**	पूरा भएको अन्तिम आर्थिक वर्ष

“ख”	आर्थिक वर्षको लागि नगद प्रवाह प्रक्षेपण तयार गरिएको र वास्तविक नगद आन्तरिक प्रवाह र बाह्य प्रवाहको आधारमा *त्रैमासिक रुपमा* अद्यावधिक गरिन्छ	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष
“ग”	आर्थिक वर्षको लागि नगद प्रवाह प्रक्षेपण तयार गरिएको	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष

२१.२.२. नगद मौज्दातको एकत्रिकरण सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
पूरा भएको अन्तिम आर्थिक वर्ष २०७८।७९	**पूर्ण अंक प्राप्तीको लागि आधार र मापदण्डः** आर्थिक वर्षको लागि नगद प्रवाह प्रक्षेपण तयार गरिएको र वास्तविक नगद आन्तरिक प्रवाह र बाह्य प्रवाहको आधारमा *मासिक रुपमा* अद्यावधिक गरिन्छ ।	**पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा ९(४) मा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले **बजेट प्रस्तावको लागि छलफलको** आधार तयार गर्दा **नगद प्रवाह योजना** समेतको छलफल गर्ने प्रावधान रहेको छ । यस्तै सोही ऐनको दफा २१ मा स्वीकृत **बजेट तथा कार्यक्रम कार्यान्वयन** गर्ने सम्बन्धमा उपदफा ४ अनुसार बजेट कार्यान्वयन कार्ययोजना तयार गर्दा वार्षिक खरिद योजना, **मासिक नगद प्रवाह विवरण,** उपलब्धिमापन सुचक र कार्यान्वयनको समय तालिका समावेश गर्ने *प्रावधान राखेको* छ । सो मासिक नगद प्रवाह विवरण महालेखा नियन्त्रक कार्यालयले प्रकाशित गरेको संघीय संरचनामा आधारीत **नेपालको सरकारी लेखा फारामहरु २०७६** ***(www.fcgo.gov.np)*** मा खर्चको मासिक बाँडफाँट तथा नगद योजनाको ढाँचा मलेप फा नं. ३०३ तर्जुमा गरिएको छ । **प्रदेश एकल खाता कोष प्रणाली संचालन पुस्तिका २०७५** ***(www.fcgo.gov.np)*** ले पनि **मासिक नगद प्रवाह** विवरण अनुगमनको प्रावधान राखेको छ । यसरी बजेट प्रस्ताव गर्दाको अवस्था र बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि समेत मासिक नगद प्रवाह विवरण तयार गर्नुपर्ने र त्यसपछि एकल खाता कोष प्रणाली अनुसार निकासा खर्च गर्दा पनि मासिक प्रवाह विवरण पेश गर्नुपर्ने प्रावधानले नगद प्रवाह प्रक्षेपणको कानूनी प्रकृयात्मक र लेखाँकन आधारहरु समेत तयार गरिएको छ । तर प्रदेश लेखा नियन्त्रक कार्यालयले एकल खाता कोष मार्फत निकासा खर्च गर्दा खर्च गर्ने बजेटरी निकायहरुको वास्तविक नगद *आन्तरिक र बाह्य प्रवाहको रुपमा मासिक रुपमा अद्यावधिक रुपमा तयार गरिएको देखिएन* ।	

२१.२.३. नगद मौज्दातको एकत्रिकरणसम्बन्धी सुचनाको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२१.२. नगद प्रक्षेपण	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** आर्थिक वर्षको लागि नगद प्रवाह प्रक्षेपण	**“ग”**	आर्थिक वर्षको लागि नगद प्रवाह प्रक्षेपण तयार गरिएको ।	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८**

तथा अनुगमन	तयार गरिएको र वास्तविक नगद आन्तरिक प्रवाह र बाह्य प्रवाहको आधारमा *मासिक रुपमा* अद्यावधिक गरिन्छ ।			www.moeap.p1.gov.np, *मलेनिकाले प्रकाशन गरेको* **नेपालको सरकारी लेखा फारामहरु २०७६ र प्रदेश एकल खाता कोष प्रणाली संचालन पुस्तिका २०७५** *(www.fcgo.gov.np)*
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २१.२. को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।** यस सम्बन्धमा माथि प्रकरण २१.२.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार पूर्ण अंक प्राप्त गर्नको लागि *" आर्थिक वर्षको लागि नगद प्रवाह प्रक्षेपण तयार गरिएको "* कुराको परीक्षण गर्नुपर्ने देखिन्छ । **उल्लिखित स्तरको मापदण्ड एकीन गर्न प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ मा बजेट प्रस्तावको लागि छलफलको** आधार तयार गर्दा **नगद प्रवाह योजना** समेतको छलफल गर्ने प्रावधान रहेको र स्वीकृत **बजेट तथा कार्यक्रम कार्यान्वयन** गर्ने सम्बन्धमा **मासिक नगद प्रवाह विवरण समेत तयार गर्नुपर्ने प्रावधान राखिएको र सो को तयारीको लागि नेपालको सरकारी लेखा फारामहरु २०७६ *(www.fcgo.gov.np)*** मा खर्चको मासिक बाँडफाँट तथा नगद योजनाको ढाँचा मलेप फा नं. ३०३ तर्जुमा समेत गरिएको छ । **प्रदेश एकल खाता कोष प्रणाली संचालन पुस्तिका २०७५*(www.fcgo.gov.np)*** ले पनि मासिक नगद प्रवाह विवरण अनुगमनको प्रावधान **राखिएको छ ।** यसरी बजेट प्रस्ताव गर्दाको अवस्था र बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि समेत मासिक नगद प्रवाह विवरण तयार गर्नुपर्ने र त्यसपछि एकल खाता कोष प्रणाली अनुसार निकासा खर्च गर्दा पनि मासिक प्रवाह विवरण पेश गर्नुपर्ने प्रावधानले नगद प्रवाह प्रक्षेपणको कानूनी प्रकृयात्मक र लेखाँकन आधारहरु समेत तयार गरिएको छ । तर प्रदेश लेखा नियन्त्रक कार्यालयले एकल खाता कोष मार्फत निकासा खर्च गर्दा खर्च गर्ने बजेटरी निकायहरुको वास्तविक नगद आन्तरिक र बाह्य प्रवाहको रुपमा मासिक रुपमा अद्यावधिक रुपमा तयार गरिएको नदेखिएको हुँदा *यस सुचकको पूर्ण आधार र मापदण्ड पालना भएको नदेखिंदा उपलब्ध प्रमाण कागजाताको आधारमा यस सुचकको अंक* **"ग"** स्तर *निर्धारण गरिएको छ ।*			

२१.३. प्रतिबद्धता सीमाहरु बारेमा सुचना (Information on commitment ceilings)

आर्थिक मामिला तथा योजना मन्त्रालयले रकम निकासा वर्षभरि नै गरिरहने तथा वार्षिक बजेट कानून पारित गरेपछि वर्षको शुरु देखि नै खर्च गर्ने र प्रतिवद्धता गर्ने पूरा अधिकार बजेटरी निकायहरुमा रहन्छ । कतिपय अवस्थामा मन्त्रालय वा ट्रेजरीले बजेटरी इकाईहरुलाई नयाँ प्रतिबद्धता गर्न वा नगद प्रवाहमा समस्या भएको समयमा सम्बन्धीत भुक्तानी गर्न पनि रोक लगाउने गरिन्छ ।तर बजेटरी निकायहरुलाई प्रतिबद्धता गर्न र खास समय अवधिसम्म खर्च गर्न पाउने कुरामा कटौती गर्न हुँदैन (जस्तै फागुन मसान्तपछि बजेट समर्पण आदि) ।

२१.३.१. प्रतिबद्धता सीमाहरु बारेमा सुचनासम्बन्धी मापदण्ड र आधार :

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	बजेटरी एकाईहरु बजेट विनियोजन र नगद वा प्रतिबद्धता जारी गरिएको आधारमा ***कम्तीमा ६ महिना*** अघि खर्चको योजना र प्रतिबद्ध गर्न सक्षम रहेको	**प्रदेश स्तर बजेटरी एकाईहरु**	पूरा भएको अन्तिम आर्थिक वर्ष

“ख”	बजेटरी एकाईहरुलाई *कम्तीमा* ***त्रैमासिक*** *रुपमा अग्रिम मा* प्रतिबद्धता सीमाको बारेमा भरपर्दो सुचना उपलब्ध गराईएको ।	प्रदेश स्तर बजेटरी एकाईहरु	पूरा भएको अन्तिम आर्थिक वर्ष
“ग”	बजेटरी एकाईहरुलाई *कम्तीमा* ***मासिक रुपमा*** *अग्रिम मा* प्रतिबद्धता सीमाको बारेमा भरपर्दो सुचना उपलब्ध गराईएको ।	प्रदेश स्तर बजेटरी एकाईहरु	पूरा भएको अन्तिम आर्थिक वर्ष
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर बजेटरी एकाईहरु	पूरा भएको अन्तिम आर्थिक वर्ष

२१.३.२. प्रतिबद्धता सीमाहरु बारेमा सुचनासम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
पूरा भएको अन्तिम आर्थिक वर्ष २०७८।७९	**पूर्ण अंक प्राप्तीको लागि आधार र मापदण्डः** *बजेटरी एकाईहरु बजेट विनियोजन र नगद वा प्रतिबद्धता जारी गरिएको आधारमा* ***कम्तीमा ६ महिना*** *अघि खर्चको योजना र प्रतिबद्ध गर्न सक्षम रहेको*	**पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा ९(४) अनुसार प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले **बजेट प्रस्तावको लागि छलफलको** एक आधार **नगद प्रवाह योजना** रहेको र सोही ऐनको दफा २१ मा स्वीकृत **बजेट तथा कार्यक्रम कार्यान्वयन** कार्ययोजना तयार गर्दा वार्षिक खरिद योजना र **मासिक नगद प्रवाह विवरण पनि** कार्यान्वयनको समय तालिकामा समावेश गर्ने *प्रावधान राखेको* छ । बजेट निकासा खर्च गर्ने समयमा महालेखा नियन्त्रक कार्यालयले प्रकाशित गरेको *संघीय संरचनामा आधारीत* **नेपालको सरकारी लेखा फारामहरु २०७६** ***(www.fcgo.gov.np)*** मा खर्चको मासिक बाँडफाँट तथा नगद योजनाको ढाँचा मलेप फा नं. ३०३ तर्जुमा गरिएको छ । **प्रदेश एकल खाता कोष प्रणाली संचालन पुस्तिका २०७५*(www.fcgo.gov.np)*** ले पनि **मासिक नगद प्रवाह** विवरण अनुगमनको प्रावधान राखेको छ । यसरी बजेट प्रस्ताव गर्दाको अवस्था र बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि समेत मासिक नगद प्रवाह विवरण तयार गर्नुपर्ने र त्यसपछि एकल खाता कोष प्रणाली अनुसार निकासा खर्च गर्दा पनि *मासिक प्रवाह विवरण पेश गर्नुपर्ने प्रावधानले* नगद प्रवाह प्रक्षेपणको कानूनी प्रकृयात्मक र लेखाँकन आधारहरु समेत तयार गरिएको छ । तर प्रदेश लेखा नियन्त्रक कार्यालयले एकल खाता कोष मार्फत निकासा खर्च गर्दा खर्च गर्ने बजेटरी निकायहरुको वास्तविक नगद *आन्तरिक र बाह्य प्रवाहको रुपमा मासिक रुपमा अद्यावधिक रुपमा तयार गरिएको* देखिएन ।	

२१.३.३. प्रतिबद्धता सीमाहरु बारेमा सुचनासम्बन्धी सुचनाको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२१.३. प्रतिबद्धता सीमाहरु	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *बजेटरी एकाईहरु बजेट विनियोजन र*	**“ग”**	आर्थिक वर्षको लागि नगद प्रवाह प्रक्षेपण तयार गरिएको ।	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८**

बारेमा सुचना	*नगद वा प्रतिबद्धता जारी गरिएको आधारमा* ***कम्तीमा ६ महिना*** *अघि खर्चको योजना र प्रतिबद्ध गर्न सक्षम रहेको*			www.moeap.p1.gov.np, *मलेनिकाले प्रकाशन गरेको* **नेपालको सरकारी लेखा फारामहरु २०७६ र प्रदेश एकल खाता कोष प्रणाली संचालन पुस्तिका २०७५** *(www.fcgo.gov.np)*
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २१.३. को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।** यस सम्बन्धमा माथि प्रकरण २१.२.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार पूर्ण अंक प्राप्त गर्नको लागि *" आर्थिक वर्षको लागि नगद प्रवाह प्रक्षेपण तयार गरिएको "* कुराको परीक्षण गर्नुपर्ने देखिन्छ । **उल्लिखित स्तरको मापदण्ड एकीन गर्न प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ मा बजेट प्रस्तावको लागि छलफलको** आधार तयार गर्दा **नगद प्रवाह योजना** समेतको छलफल गर्ने प्रावधान रहेको र स्वीकृत **बजेट तथा कार्यक्रम कार्यान्वयन** गर्ने सम्बन्धमा **मासिक नगद प्रवाह विवरण समेत तयार गर्नुपर्ने प्रावधान राखिएको र सो को तयारीको लागि नेपालको सरकारी लेखा फारामहरु २०७६ *(www.fcgo.gov.np)*** मा खर्चको मासिक बाँडफाँट तथा नगद योजनाको ढाँचा मलेप फा नं. ३०३ तर्जुमा समेत गरिएको छ । **प्रदेश एकल खाता कोष प्रणाली संचालन पुस्तिका २०७५ *(www.fcgo.gov.np)*** ले पनि मासिक नगद प्रवाह विवरण अनुगमनको प्रावधान **राखिएको छ ।** यसरी *बजेट प्रस्ताव गर्दाको अवस्था र बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि समेत मासिक नगद प्रवाह विवरण तयार* गर्नुपर्ने र त्यसपछि एकल खाता कोष प्रणाली अनुसार *निकासा खर्च गर्दा पनि मासिक प्रवाह विवरण* पेश गर्नुपर्ने प्रावधानले *नगद प्रवाह प्रक्षेपणको कानूनी प्रकृयात्मक र लेखाँकन आधारहरु* रहेका छन । महालेखा नियन्त्रक कार्यालयले ***नेपालको सरकारी लेखा फारामहरु***मा खर्चको **मासिक बाँडफाँट तथा नगद योजनाको ढाँचा मलेप फा नं. ३०३** को ढाँचा तोकी बजेट प्रस्ताव, बजेट तथा कार्यक्रम कार्यान्वयन योजनाको साथै मासिक नगद प्रवाह विवरण तयार गर्नुपर्ने हुँदा आर्थिक वर्षको लागि शुरुमा अख्तियारी र कार्यक्रम तथा कार्यक्रम स्वीकृती पश्चात निकासा खर्चको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्ने अनिवार्य व्यवस्था रहेकोले सुचक **"क"** र **"ख"** को *पूर्ण आधार र मापदण्ड पालना भएको नदेखिंएको तर आर्थिक वर्षको लागि नगद प्रवाह प्रक्षेपण तयार गरिएको हुनुपर्ने अवस्थाको माथिका प्रकरणहरुको आधारमा उपलब्ध प्रमाण कागजातको आधारमा यस सुचकको अंक* **"ग"** स्तर *निर्धारण गरिएको छ ।*			

२१.४. आर्थिक वर्षभित्र बजेट समायोजनको महत्व (Significance of in-year budget adjustments)

२१.४.१.आर्थिक वर्षभित्र बजेट समायोजनको महत्वसम्बन्धी मापदण्ड र स्तर:

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	आर्थिक वर्षभित्र बजेट बाँडफाँट बारेमा एक वर्षमा *दुईपल्ट भन्दा बढी नगरिएको* र *पारदर्शी तथा प्रक्षेपण गर्ने* तरिकाले गरिएको ।	**प्रदेश स्तर बजेटरी एकाईहरु**	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ख"	आर्थिक वर्षभित्र बजेट बाँडफाँट बारेमा एक वर्षमा *दुईपल्ट भन्दा बढी नगरिएको* र *पारदर्शी* तरिकाले गरिएको ।	प्रदेश स्तर बजेटरी एकाईहरु	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ग"	बजेट बाँडफाँटको आर्थिक वर्षभित्र बजेट समायोजन *बारम्बार* गरिएको र आँशिक रुपमा *पारदर्शी* रहेको ।	प्रदेश स्तर बजेटरी एकाईहरु	पूरा भएको अन्तिम आर्थिक वर्ष

"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर बजेटरी एकाईहरु	पूरा भएको अन्तिम आर्थिक वर्ष

२१.४.२.आर्थिक वर्षभित्र बजेट समायोजनसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
पूरा भएको अन्तिम आर्थिक वर्ष २०७८।७९	**पूर्ण अंक प्राप्तीको लागि आधार र मापदण्डः** आर्थिक वर्षभित्र बजेट बाँडफाँट बारेमा एक वर्षमा *दुईपल्ट भन्दा बढी नगरिएको* र *पारदर्शी तथा प्रक्षेपण गर्ने* तरिकाले गरिएको ।	**आँशिक पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा २३ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश संचितको कोष माथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित रकममा आवश्यकतानुसार पूर्ण वा आँशिक रुपमा रोक्न वा नियन्त्रण गर्न सक्ने प्रावधान रहेको छ । यसको लागि प्रथम चौमासिकसम्म बाँडफाँट नभएको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले रोक्का गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक वर्षको दोश्रौ चौमासिक (फागुन मसान्त) सम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम चैत्र १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने प्रावधान छ। समर्पण नगरिएको तर खर्च पनि नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा उल्लिखित मन्त्रालयले रकम रोक्का राखी समर्पण गराउने छ । समर्पण भई आएको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले अन्य स्वीकृत आयोजना तथा कार्यक्रममा रकमान्तर वा बजेट रोक्का राख्न सकिने तथा समर्पण गरिएको रकम सम्बन्धीत निकायलाई पुन माग भएमा फुकुवा गरिदिन सक्ने प्रावधान समेत राखिएको छ । उल्लिखित कानूनी प्रावधानले प्रत्येक आर्थिक वर्षको फागुन मसान्त पछि शुरुमा राखिएको बजेट खर्च नभएको अवस्थामा समर्पण गराउने र आवश्यकतानुसार अन्य आयोजनामा रकमान्तर गरी पुनः बजेट बाँडफाँट गर्ने व्यवस्था भएकोले कानूनी आधारमा दुईपल्ट भन्दा बढी नहुने कानूनी व्यवस्था गरिएको छ । यस्तो व्यवस्था महिना तोकेर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा नै राखिएको हुँदा पारदर्शी तरिका नै रहेको देखिन्छ । तर प्रक्षेपण गर्ने प्रावधान रहेको देखिंदैन देखिएन ।	

२१.४.३. आर्थिक वर्षभित्र बजेट समायोजन सम्बन्धी सुचनाको अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२१.४. आर्थिक वर्षभित्र बजेट समायोजन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** आर्थिक वर्षभित्र बजेट बाँडफाँट बारेमा एक वर्षमा *दुईपल्ट भन्दा बढी नगरिएको* र *पारदर्शी तथा प्रक्षेपण गर्ने* तरिकाले गरिएको ।	**"ख"**	आर्थिक वर्षभित्र बजेट बाँडफाँट बारेमा एक वर्षमा *दुईपल्ट भन्दा बढी नगरिएको* र *पारदर्शी* तरिकाले गरिएको ।	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** www.moeap.p1.gov.np,

सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २१.३. को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ।** यस सम्बन्धमा माथि प्रकरण २१.२.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार पूर्ण अंक प्राप्त गर्नको लागि ***" आर्थिक वर्षभित्र बजेट बाँडफाँट बारेमा एक वर्षमा*** ***दुईपल्ट भन्दा बढी नगरिएको र पारदर्शी*** **तरिकाले गरिएको "** कुराको परीक्षण गर्नुपर्ने देखिन्छ। **उल्लिखित स्तरको मापदण्ड एकीन गर्न प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा २३ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश संचितको कोष माथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित रकममा आवश्यकतानुसार पूर्ण वा आँशिक रुपमा रोक्न वा नियन्त्रण गर्न सक्ने, प्रथम चौमासिकसम्म बाँडफाँट नभएको रकम सो मन्त्रालयले रोक्का गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै चैत्र १५ गतेभित्र सो मन्त्रालयमा समर्पण गर्नुपर्ने प्रावधान रहेको र त्यस्तो समर्पण भई आएको रकम सो मन्त्रालयले *रकमान्तर वा बजेट रोक्का राख्न* सकिने तथा सम्बन्धीत निकायलाई पुन माग भएमा फुकुवा गरिदिन सक्ने प्रावधान समेत राखिएको छ। उल्लिखित कानूनी प्रावधानले प्रत्येक आर्थिक वर्षको फागुन मसान्त पछि शुरुमा राखिएको बजेट खर्च नभएको अवस्थामा समर्पण गराउने र आवश्यकतानुसार अन्य आयोजनामा रकमान्तर गरी पुनः बजेट बाँडफाँट गर्ने व्यवस्था भएकोले **कानूनी आधारमा** दुईपल्ट भन्दा बढी नहुने कानूनी व्यवस्था गरिएको छ। यस्तो व्यवस्था **महिना तोकेर** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा नै राखिएको हुँदा पारदर्शी तरिका नै रहेको देखिन्छ। तर प्रक्षेपण गर्ने प्रावधान रहेको देखिँदैन। यसैले यस सुचकमा सुचक **"क"** र **"ख"** को *पूर्ण आधार र मापदण्ड पालना हुन नसकेको हुँदा सो भन्दा कम अंक भएको श्रेणी हेर्दा सुचक* ***"ग"*** *संग मिल्ने भएको देखिंएकाले सो आधारमा यस सुचकको अंक* **"ग"** स्तर *निर्धारण गरिएको छ।*

सुचक २२: खर्च बक्यौता (Expenditure Arrears)
यस सुचकले बक्यौताको स्टक रहेको हदको बारेमा मापन गर्दछ र कुन हदसम्म प्रणालीगत समस्यालाई संबोधन र नियन्त्रणमा ल्याईएको छ सो को मापन गरिन्छ। यसमा दुई पाटाहरु छन र समष्टिगत अंकको लागि M1(AV) प्रयोग गरिन्छ।

२२.१.खर्च वक्यौताको स्टक (Stock of Expenditure Arrears)

२२.१.१. खर्च वक्यौताको स्टकसम्बन्धी मापदण्ड र स्तर :

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	खर्च बक्यौताको स्टक गत सम्पन्न भएको तीन आर्थिक वर्षहरु मध्ये कम्तीमा दुई वर्षमा सम्पूर्ण **खर्चको २ प्रतिशत** भन्दा बढी नभएको।	**प्रदेश स्तर बजेटरी एकाईहरु**	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ख"	खर्च बक्यौताको स्टक गत सम्पन्न भएको तीन आर्थिक वर्षहरु मध्ये कम्तीमा दुई वर्षमा सम्पूर्ण **खर्चको ६ प्रतिशत** भन्दा बढी नभएको।	प्रदेश स्तर बजेटरी एकाईहरु	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ग"	खर्च बक्यौताको स्टक गत सम्पन्न भएको तीन आर्थिक वर्षहरु मध्ये कम्तीमा दुई वर्षमा सम्पूर्ण **खर्चको १० प्रतिशत** भन्दा बढी नभएको।	प्रदेश स्तर बजेटरी एकाईहरु	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर बजेटरी एकाईहरु	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

अन्तिम मस्यौदा

२२.१.२. खर्च वक्यौताको स्टकसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
पूरा भएको अन्तिम आर्थिक वर्ष २०७८।७९	**पूर्ण अंक प्राप्तीको लागि आधार र मापदण्डः** *खर्च बक्यौताको स्टक गत सम्पन्न भएको तीन आर्थिक वर्षहरु मध्ये कम्तीमा दुई वर्षमा सम्पूर्ण* ***खर्चको २ प्रतिशत*** *भन्दा बढी नभएको ।*	**आँशिक पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** नियमावली तर्जुमा भईनसकेको अवस्थामा **संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७** लागू गर्नुपर्ने हुन्छ । प्रस्तुत नियमावलीको **नियम ३९** सरकारी रकम खर्च गर्ने कार्यविधिको **उपनियम १३** बमोजिम *चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा* सम्बन्धीत कार्यालयले संलग्न बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालय (प्रदेश लेखा नियन्त्रक कार्यालय) मा पठाउनु पर्ने व्यवस्था रहेको छ । सो को लागि **महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको नेपालको सरकारी लेखा फारामहरु २०७६** मा **भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (मलेप फानं.२२१)** को व्यवस्था गरी खर्च हुन बाँकीको रकमको अभिलेख गर्ने व्यवस्था रहेको छ । यस सुचकको सम्बन्धमा तपसिल बमोजिमको विवरण देखिन्छ :	

आर्थिक वर्ष	कुल खर्च (हजारमा)	**%** भुक्तानी हुन बाँकी खर्चको बक्यौता(हजारमा)	प्रतिशत
१	**२**	**३**	**४=३ / २*१००**
२०७५।७६	२१, १६,०२,८१ *	१९६२४	०.०९
२०७६।७७	२९, ८३,३१,०३ *	९१५६१०	३.०७
२०७७।७८	२७, ९४,४५,६० *	२९६४७	०.११

***** आर्थिक वर्ष २०७५।७६,२०७६।७७,२०७७।७८ व्ययको अनुमानित विवरण

% भुक्तानी हुन बाँकी खर्चको बक्यौता (हजारमा): प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण **(प्रदेश लेखा नियन्त्रकको कार्यालय)** आर्थिक वर्ष *२०७५।७६ (पेज १०), २०७६।७७ (पेज १०), २०७७।७८ र २०७८।७९ (पेज ९) ।*

अन्तिम मस्यौदा

२२.१.३. खर्च वक्यौताको स्टकसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२२.१. खर्च	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *खर्च*	**“क”**	खर्च बक्यौताको स्टक गत सम्पन्न भएको तीन	**प्रदेश लेखा नियन्त्रकको कार्यालय,** प्रदेश संचित

वक्यौताको स्टक	*बक्यौताको स्टक गत सम्पन्न भएको तीन आर्थिक वर्षहरु मध्ये कम्तीमा दुई वर्षमा सम्पूर्ण **खर्चको २ प्रतिशत** भन्दा बढी नभएको ।*		आर्थिक वर्षहरु मध्ये कम्तीमा दुई वर्षमा सम्पूर्ण **खर्चको २ प्रतिशत** भन्दा बढी नभएको ।	कोषको वार्षिक आर्थिक विवरण (**भुक्तानी हुन बाँकी खर्चको बक्यौता**), व्ययको अनुमानित विवरण आर्थिक वर्ष २०७५।७६, २०७६।७७,२०७७।७८
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २२.१.को लागि "क" अंक र स्तर निर्धारण गरिएको छ ।** यस सम्बन्धमा माथि प्रकरण २२.१.२.मा उल्लिखित प्रमाण तथा विवरण अनुसार पूर्ण अंक प्राप्त गर्नको लागि *"* खर्च बक्यौताको स्टक गत सम्पन्न भएको तीन आर्थिक वर्षहरु मध्ये कम्तीमा दुई वर्षमा सम्पूर्ण **खर्चको २ प्रतिशत** भन्दा बढी नभएको *" भन्ने आधार*को परीक्षण गर्नुपर्ने देखिन्छ । **उल्लिखित स्तरको मापदण्ड अनुसार यस अघि सम्पन्न भएको तीन आर्थिक वर्षहरु** २०७५।७६, २०७६।७७ र २०७७।७८ **को कुल खर्चको आधारमा गणना गर्दा भुक्तानी हुन बाँकीको विवरण उल्लिखित आर्थिक वर्षहरुमा क्रमशः** ०.०९, ३.०७ र ०.११ **प्रतिशत देखिन्छ ।** यस सुचकको लागि ३ आर्थिक वर्षहरु मध्ये २ आर्थिक वर्षमा सम्पूर्ण खर्चको २ प्रतिशत भन्दा बढी हुन नहुनेमा आर्थिक वर्ष २०७५।७६ र २०७७।७८ मा क्रमशः ०.०९ र ०.११ प्रतिशत भएकोले उक्त दुई आर्थिक वर्षहरुमा कुल खर्चको ***खर्चको २ प्रतिशत** भन्दा बढी नभएको हुँदा* प्रस्तुत सुचकको मापदण्ड अनुसार यस सुचकमा अंक **"क"** निर्धारण *गरिएको छ ।*			

२२.२.खर्च वक्यौताको अनुगमन (Expenditure Arrears Monitoring)

२२.२.१.खर्च वक्यौताको अनुगमनसम्बन्धी मापदण्ड र स्तर

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	खर्च वक्यौताको *संरचना, स्टक र अवधि (Age) को तथ्याँक* प्रत्येक चौमासिकको ***चार हप्ता*** भित्र चौमासिक रुपमा जारी गरिन्छ ।	**प्रदेश स्तर बजेटरी एकाईहरु**	मुल्याँकनको समयमा
"ख"	खर्च वक्यौताको *संरचना र स्टकको तथ्याँक* प्रत्येक चौमासिकको ***आठ हप्ता*** भित्र चौमासिक रुपमा जारी गरिन्छ ।	प्रदेश स्तर बजेटरी एकाईहरु	मुल्याँकनको समयमा
"ग"	खर्च वक्यौताको *संरचना र स्टकको तथ्याँक* प्रत्येक आर्थिक वर्षको अन्त्यमा प्र*त्येक आर्थिक वर्षमा वार्षिक रुपमा* जारी गरिन्छ ।	प्रदेश स्तर बजेटरी एकाईहरु	मुल्याँकनको समयमा
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर बजेटरी एकाईहरु	मुल्याँकनको समयमा

२२.२.२. खर्च वक्यौताको अनुगमनसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
मुल्याँकनको समयमा २०७९।८०	**पूर्ण अंक प्राप्तीको लागि आधार र मापदण्डः** खर्च वक्यौताको *संरचना, स्टक र अवधि (Age) को तथ्याँक* प्रत्येक चौमासिकको ***चार हप्ता*** भित्र चौमासिक रुपमा जारी गरिन्छ ।	**पूरा नगरेको**

सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** नियमावली तर्जुमा भईनसकेको अवस्थामा **संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७** लागू गर्नुपर्ने अवस्था रहेको छ । प्रस्तुत नियमावलीको **नियम ३९** सरकारी रकम खर्च गर्ने कार्यविधिको **उपनियम १३** बमोजिम *चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा* सम्बन्धीत कार्यालयले संलग्न बिल भरपाई बमोजिमको रकम *आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकीको विवरण तयार* गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालय (प्रदेश लेखा नियन्त्रक कार्यालय) मा पठाउनु पर्ने व्यवस्था रहेको छ । सो को लागि **महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको नेपालको सरकारी लेखा फारामहरु २०७६** मा **भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (मलेप फानं.२२१)** को व्यवस्था गरी खर्च हुन बाँकीको रकमको अभिलेख गर्ने व्यवस्था रहेको छ । यस सुचकको आवश्यकता बमोजिम खर्च वक्यौताको *संरचना, स्टक र अवधि (Age) को तथ्याँक* तोकिएको समयमा जारी गरिनु पर्ने मान्यता राखेको छ। यसको मुख्य कारण खर्च बक्यौताको अनुगमन तथा भुक्तानी दिन बाँकी रहेको खर्च रकमहरुले बजेट खर्चमा प्राथमिकता पाए नपाएको एकीन गर्न पनि सकिन्छ । आर्थिक कार्यविधि कानूनको दुई प्रावधानहरु यस सम्बन्धमा महत्वपूर्ण रहेको छ । एक, खर्च हुने रकमहरु मात्र विनियोजन गर्ने र अर्को, खर्च बक्यौता रकमहरुलाई प्राथमिकता दिने । माथि उल्लिखित खर्च बक्यौता प्रमाणित गर्ने कानूनी व्यवस्था र लेखाँकन गर्ने प्रणाली भएपनि *आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकीको विवरण तयार गर्ने प्रावधान भएपनि प्रस्तुत सुचकले माग गरे अनुसार आर्थिक वर्षभित्र तोकिएको समयमा खर्च बक्यौता सम्बन्धी तथ्याँक जारी गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिंदैन । यसैले बजेट भएमा आगामी आर्थिक वर्षमा* भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (मलेप फानं.२२१) प्रमाणित भए अनुसार भुक्तानी दिन सकिने व्यवस्था सम्म भएको देखिन्छ । तर तथ्याँक जानकारीको लागि तयार गर्ने र अनुगमन गर्ने प्रणाली विकास भएको देखिंदैन । यसैले प्रस्तुत सुचक अनुसारको आवश्यक पर्ने आवधिक तथ्याँक जारी गरिने अवस्था रहेको छैन ।

२२.२.३. खर्च वक्यौताको अनुगमनसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२२.२.खर्च वक्यौताको अनुगमन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** खर्च वक्यौताको *संरचना, स्टक र अवधि (Age) को तथ्याँक* प्रत्येक चौमासिकको ***चार हप्ता*** भित्र चौमासिक रुपमा जारी गरिन्छ ।	**"घ"**	खर्च वक्यौताको *संरचना र स्टकको तथ्याँक* प्रत्येक आर्थिक वर्षको अन्त्यमा *प्रत्येक आर्थिक वर्षमा वार्षिक रुपमा* जारी गरिएमा **"ग" अंक प्रदान गरिने तर** अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको भए **"घ" ।**	*प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८* *www.moeap.p1.gov.np*, *संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, महालेखा नियन्त्रक कार्यालयको* ***सरकारी लेखा फारामहरु २०७६*** *मा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी*

				(मलेप फानं. २२१)

सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २२.२. को लागि "घ" अंक र स्तर निर्धारण गरिएको छ ।** यस सम्बन्धमा माथि प्रकरण २२.२.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार पूर्ण अंक प्राप्त गर्नको लागि *"* खर्च वक्यौताको *संरचना, स्टक र अवधि (Age) को तथ्याँक* प्रत्येक चौमासिकको ***चार हप्ता*** भित्र चौमासिक रुपमा जारी गरिने *"* कुराको परीक्षण गर्नुपर्ने देखिन्छ । उल्लिखित स्तरको मापदण्ड एकीन गर्न प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ भए पनि खर्च बक्यौता सम्बन्धमा प्रस्तुत प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली जारी भै नसकेको हुँदा *संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को प्रावधान अनुसार परीक्षण गरिएको छ । अन्य व्यवस्था नभएमा संघीय कानून लागू गर्नुपर्ने अवस्था पनि भएकोले प्रस्तुत नियमावलीको प्रावधान अनुसार* **भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (मलेप फानं.२२१)** प्रमाणित भए अनुसार *आगामी वर्षमा भुक्तानी दिने सकिने प्रावधान सम्म भएको देखिएको तर प्रस्तुत सुचकको मापदण्ड बमोजिम आर्थिक वर्षभित्र तोकिएको समयमा खर्च बक्यौता सम्बन्धी तथ्याँक जारी गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिंदैन । यसको साथै खर्च बक्यौतासम्बन्धी* तथ्याँक जारी गर्ने र अनुगमन गर्ने प्रणाली विकास भएको देखिएन । मापदण्ड **"ग" अनुसारको स्तर** खर्च वक्यौताको *संरचना र स्टकको तथ्याँक* प्रत्येक आर्थिक वर्षको अन्त्यमा प्र*त्येक आर्थिक वर्षमा वार्षिक रुपमा* जारी गरिएमा प्रदान गर्ने भन्ने प्रावधानको नजिकको कार्य भएपनि भुक्तानी दिन बाँकी विवरण कार्यालयहरुको लागि प्रमाणित गरिने भएपनि सबै निकायहरुको एकमुष्ट रुपमा प्रतिवेदन तयार गरी सो को अनुगमन हुने गरी तथ्याँकको रुपमा जारी हुने गरेको देखिंदैन । यसैले यस सुचकमा सुचक **"क"** **"ख"** र **"ग"** को *पूर्ण आधार र मापदण्ड पालना हुन सक्ने अवस्था नरहेको र मुख्यतः सो सम्बन्धी काम नै नभएको अवस्था रहेकोले यस सुचकको लागि* **"घ"** स्तर *निर्धारण गरिएको छ ।*

सुचक २३: पेरोल नियन्त्रण (Payroll Controls)

सरकारी खर्चको एक सबभन्दा ठूलो आईटमहरु मध्ये एक तलब बिल हो । त्यसैले यस्को नियन्त्रणमा पर्याप्त ध्यान दिनुपर्दछ । मुल्याँकनकर्ताले प्रत्येक महत्वपूर्ण पेरोल व्याख्यामा उल्लेख गर्नुपर्दछ र सुचकको अंक मुल्याँकन गर्नुपर्दछ ।

२३.१. कर्मचारी अभिलेख र पेरोलको एकीकृत विवरण (Integration of payroll and personnel records)

- बजेट डाटा, पेरोल र कर्मचारीको एकीकृत रुपमा परीक्षण गर्नुपर्ने
- भुक्तानी गरेको प्रत्येक अवधिको कर्मचारीको सुची कर्मचारी डाटावेशमा भएको
- यस्तो सुची स्थापना भएको सुची, बजेट बाँडफाँटको आधारसँग स्वीकृत कर्मचारी सुची, व्यक्तिगत अभिलेख वा कर्मचारी फाईल ।
- नियन्त्रणले कर्मचारी रोजगार र प्रबर्द्धनको कार्य कर्मचारीको बजेट बाँडफाँट अनुसार गरिएको विश्वस्त तुल्याउनु पर्ने

२३.१.१. कर्मचारी अभिलेख र पेरोलको एकीकृत विवरणसम्बन्धी मापदण्ड र स्तर :

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	स्वीकृत कर्मचारी सुची, व्यक्तिगत डाटावेश र पेरोलसम्बन्धी कार्य बजेट नियन्त्रण, डाटा एकरुपता (Consistency) र मासिक समायोजन विश्वस्त तुल्याउन प्रत्यक्ष जोडिएका छन ।	**प्रदेश सरकार**	मुल्याँकनको समयमा
"ख"	प्रत्येक महिना कर्मचारी अभिलेखमा गरिएको सबै (All) परिवर्तनहरुको लागि पेरोल पूर्ण डकुमेन्टेशनले सहयोग गरेको र अघिल्लो महिनाको पेरोल डाटासँग पुष्टी गरिएको छ। कर्मचारी भर्ना र बढुवा कर्मचारीको स्वीकृत पदहरुको सुचीले नियन्त्रण गरेको छ ।	**प्रदेश सरकार**	मुल्याँकनको समयमा
"ग"	कर्मचारीको अभिलेखहरुसँग पेरोलको समायोजन कम्तीमा प्रत्येक ६ महिनामा हुने गरेको छ। कर्मचारी नियुक्ती र बढुवाको अख्तियारी प्रदान गर्नु अघि स्वीकृत बजेटसँग जाँच गरिएको छ ।	प्रदेश सरकार	मुल्याँकनको समयमा
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश सरकार	मुल्याँकनको समयमा

अन्तिम मस्यौदा

२३.१.२. कर्मचारी अभिलेख र पेरोलको एकीकृत विवरण सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
मुल्याँकनको समयमा २०७९।८०	**पूर्ण अंक प्राप्तीको लागि आधार र मापदण्डः** *स्वीकृत कर्मचारी सुची, व्यक्तिगत डाटावेश र पेरोलसम्बन्धी कार्य बजेट नियन्त्रण, डाटा एकरुपता (Consistency) र मासिक समायोजन विश्वस्त तुल्याउन प्रत्यक्ष जोडिएका छन*।	**आँशिक पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २६ मा** खर्च गर्ने कार्यविधि र मापदण्ड अनुसार अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध श्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था रहेको र सो दफाको उपदफा (४) मा लेखा राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालयले तर्जुमा गर्ने लेखा ढाँचा र आर्थिक संकेत तथा वर्गिकरण लागू गर्नुपर्ने प्रावधान रहेकोछ। यसको लागि **निजामती सेवा नियमावली २०५०** को नियम ९१ अनुसार निर्धारीत तलबमान निर्धारीत तलबमान अनुसार तलब पाउँछ । **महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको नेपाल सरकारको लेखा निर्देशिका २०७३** मा तलब खर्च लेख्ने सम्बन्धी प्रमाण कागजात तथा कार्यविधि निर्धारण गरिएको छ । जस अनुसार तलबको भुक्तानी गर्दा पारीत तलबी प्रतिवेदन, पारिश्रमिक सुविधाको तलबी	

	भरपाई, कर्मचारी तथा पदाधिकारीहरुको मासिक हाजिरी रिकर्ड तथा नयाँ नियुक्ती सरुवा बढुवा भई आउने कर्मचारीहरुको पहिलो पटक तलब भुक्तानी दिंदा नियुक्ती सरुवा बढुवा र रमाना पत्रको प्रतिलिपि राख्ने व्यवस्था गरिएको छ । यसको मुख्य प्रमाण कागजातको रुपमा तलबी प्रतिवेदन प्रशासन शाखाबाट *हाजिरी रेकर्ड प्राप्त गर्ने, तलबी विवरणको भरपाई भिडान गर्ने, विद्युतीय हाजिरी अभिलेख आन्तरिक नियन्त्रण व्यवस्था, स्थायी लेखा नम्बरको प्रयोग, भुक्तानी गरेको रकमको दस्तखत वा बैंक खातामा भुक्तानी भएको बैंकमा जम्मा गरिएको प्रमाण* संलग्न गरिएको अभिलेख भिडान जस्ता कार्यहरु गर्नुपर्ने प्रावधान राखिएको छ । उल्लिखित प्रावधान भएको भएता पनि *स्वीकृत कर्मचारी सुची, व्यक्तिगत डाटावेश र पेरोलसम्बन्धी कार्य बजेट नियन्त्रण, डाटा एकरुपता (Consistency) र मासिक समायोजन विश्वस्त तुल्याउन प्रत्यक्ष जोडिएको हुनुपर्नेमा कर्मचारीको सुची, व्यक्तिगत डाटावेश र पेरोलसम्बन्धी कार्य केही स्वरुपमा भएता पनि डाटा एकरुपता र मासिक समायोजनको कार्य प्रत्यक्ष रुपमा जोडन सकिएको देखिँदैन ।*

२३.१.३. कर्मचारी अभिलेख र पेरोलको एकीकृत विवरणसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२३.१. कर्मचारी अभिलेख र पेरोलको एकीकृत विवरण	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *स्वीकृत कर्मचारी सुची, व्यक्तिगत डाटावेश र पेरोलसम्बन्धी कार्य बजेट नियन्त्रण, डाटा एकरुपता (Consistency) र मासिक समायोजन विश्वस्त तुल्याउन प्रत्यक्ष जोडिएका छन* ।	**"घ"**	कर्मचारीको अभिलेखहरुसँग पेरोलको समायोजन कम्तीमा प्रत्येक ६ महिनामा हुने गरेको छ । कर्मचारी नियुक्ती र बढुवाको अख्तियारी प्रदान गर्नु अघि स्वीकृत बजेटसँग जाँच गरिएमा **"ग" अंक प्रदान गरिने तर** अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको भए **"घ" ।**	*प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ www.moeap.p1.gov.np,* **निजामती सेवा नियमावली २०५०, महालेखा नियन्त्रक कार्यालयको नेपाल सरकारको लेखा निर्देशिका २०७३**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २३.१. को लागि "घ" अंक र स्तर निर्धारण गरिएको छ ।** यस सम्बन्धमा माथि प्रकरण २३.१.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार पूर्ण अंक प्राप्त गर्नको लागि *"स्वीकृत कर्मचारी सुची, व्यक्तिगत डाटावेश र पेरोलसम्बन्धी कार्य बजेट नियन्त्रण, डाटा एकरुपता (Consistency) र मासिक समायोजन विश्वस्त तुल्याउन प्रत्यक्ष जोडिएका "* कुराको परीक्षण गर्नुपर्ने देखिन्छ । उल्लिखित स्तरको मापदण्ड एकीन गर्न **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ ले** खर्च गर्ने कार्यविधि र मापदण्ड अनुसार अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध श्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था छ । यसको साथै **निजामती सेवा नियमावली २०५०** को नियम ९१ अनुसार निर्धारीत तलबमान अनुसार तलब पाउँने प्रावधान रहेकोछ। तलबको सम्बन्धमा उपयुर्क्त कानूनी प्रावधान गरिएको छ। यस सम्बन्धमा			

	नेपाल सरकारको लेखा निर्देशिका २०७३ ले तलब खर्च लेख्ने सम्बन्धी प्रमाण कागजात तथा कार्यविधि निर्धारण गरी तलबी प्रतिवेदन, तलबी भरपाई, मासिक हाजिरी रिकर्ड तथा नयाँ नियुक्ती सरुवा बढुवा भई आउने कर्मचारीहरुको पहिलो पटक तलब भुक्तानी दिंदा नियुक्ती सरुवा बढुवा र रमाना पत्रको प्रतिलिपि राख्ने व्यवस्था गरिएको छ । *हाजिरी रेकर्ड प्राप्त गर्ने, तलबी विवरणको भरपाई भिडान गर्ने, विद्युतीय हाजिरी अभिलेख आन्तरिक नियन्त्रण व्यवस्था, स्थायी लेखा नम्बरको प्रयोग, भुक्तानी गरेको रकमको दस्तखत वा बैंक खातामा भुक्तानी भएको बैंकमा जम्मा गरिएको प्रमाण* संलग्न गर्ने प्रावधान राखेको पनि देखिन्छ । तर यस सुचकको मापदण्ड र आधारमा अध्ययन गर्दा कर्मचारीको सुची, व्यक्तिगत डाटावेश पेरोलको बजेट नियन्त्रण छुट्टाछुट्टै रुपमा गरिएको भएता पनि डाटा एकरुपता र मासिक समायोजनको कार्यसँग प्रत्यक्ष रुपमा जोडिएको हुनुपर्नेमा सो अनुसार प्रत्यक्ष समायोजन हुने प्रावधान रहेको देखिँदैन । सुचक **"क"** र **"ख"** को आधार र मापदण्ड पनि पूरा गर्न सकेको नदेखिएको र कर्मचारीको अभिलेखहरुसँग पेरोलको समायोजन कम्तीमा प्रत्येक ६ महिनामा हुने गरेको छ । कर्मचारी नियुक्ती र बढुवाको अख्तियारी प्रदान गर्नु अघि स्वीकृत बजेटसँग जाँच गरिनु पर्ने प्रावधान पालना हुन सकेको नदेखिंदा सुचक **"ग"** को स्तर र मापदण्ड पनि पूरा गरेको नदेखिंदा यस सुचकको लागि स्तर **"घ"** निर्धारण गरिएको छ ।

२३.२. पेरोल परिवर्तनको व्यवस्थापन (Management of payroll changes)

- पेरोल डाटा र कर्मचारी परिवर्तनको समयको मुल्याँकन गर्नुपर्ने
- परिवर्तन भएकोमा परिवर्तनसम्बन्धी प्रतिवेदन अनुसार समयमा नै गरिएको हुनुपर्ने
- अडिट ट्रायलमा हुनुपर्ने

२३.२.१ पेरोल परिवर्तनको व्यवस्थापनसम्बन्धी मापदण्ड र स्तरः

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	पेरोल र कर्मचारी अभिलेखहरुमा आवश्यक परिवर्तन सामान्यतः पछिल्लो महिनाको भुक्तानीको समयमा कम्तीमा मासिक रुपमा अद्यावधिक गरिन्छ । रेट्रोएक्टीभ समायोजन दुर्लभ रुपमा गरिन्छ । भरपर्दो तथ्याँक भएको अवस्थामा यस्ले तलब भुक्तानीको अधिकतम ३% सम्म सुधार (Corrections) गर्न सकिने ।	**प्रदेश सरकार**	मुल्याँकनको समयमा
"ख"	कर्मचारीका अभिलेखहरु र पेरोल कम्तीमा त्रैमासिक रुपमा अद्यावधिक गरिएको र ***केही (A Few)*** रेट्रोएक्टीभ समायोजनहरु आवश्यक भएको ।	**प्रदेश सरकार**	मुल्याँकनको समयमा
"ग"	कर्मचारीका अभिलेखहरु र पेरोल कम्तीमा त्रैमासिक रुपमा अद्यावधिक गरिएको र ***केही (Some)*** रेट्रोएक्टीभ समायोजनहरु आवश्यक भएको ।	प्रदेश सरकार	मुल्याँकनको समयमा
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश सरकार	मुल्याँकनको समयमा

२३.२.२. पेरोल परिवर्तनको व्यवस्थापन सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

आर्थिक वर्ष	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**

<table>
<tr>
<td>मुल्याँकनको समयमा २०७९।८०</td>
<td>पूर्ण अंक प्राप्तीको लागि आधार र मापदण्डः पेरोल र कर्मचारी अभिलेखहरुमा आवश्यक परिवर्तन सामान्यतः पछिल्लो महिनाको भुक्तानीको समयमा कम्तीमा मासिक रुपमा अद्यावधिक गरिन्छ । रेट्रोएक्टीभ समायोजन दुर्लभ रुपमा गरिन्छ । भरपर्दो तथ्याँक भएको अवस्थामा यस्ले तलब भुक्तानीको अधिकतम ३% सम्म सुधार (Corrections) गर्न सकिने ।</td>
<td>आँशिक पूरा गरेको</td>
</tr>
<tr>
<td>सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार</td>
<td colspan="2">
निजामती सेवा नियमावली २०५० को नियम ९१ अनुसार निर्धारीत तलबमान निर्धारीत तलबमान अनुसार तलब पाउँने व्यवस्था रहेको छ ।
महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको नेपाल सरकारको लेखा निर्देशिका २०७३ मा तलब खर्च लेख्ने सम्बन्धी प्रमाण कागजात तथा कार्यविधि निर्धारण गरिएको छ । जस अनुसार तलबको भुक्तानी गर्दा पारीत तलबी प्रतिवेदन, पारिश्रमिक सुविधाको तलबी भरपाई, कर्मचारी तथा पदाधिकारीहरुको मासिक हाजिरी रिकर्ड तथा नयाँ नियुक्ती सरुवा बढुवा भई आउने कर्मचारीहरुको पहिलो पटक तलब भुक्तानी दिंदा नियुक्ती सरुवा बढुवा र रमाना पत्रको प्रतिलिपि राख्ने व्यवस्था गरिएको छ ।
यसको मुख्य प्रमाण कागजातको रुपमा तलबी प्रतिवेदन प्रशासन शाखाबाट हाजिरी रेकर्ड प्राप्त गर्ने, तलबी विवरणको भरपाई भिडान गर्ने, विद्युतीय हाजिरी अभिलेख आन्तरिक नियन्त्रण व्यवस्था, स्थायी लेखा नम्बरको प्रयोग, भुक्तानी गरेको रकमको दस्तखत वा बैंक खातामा भुक्तानी भएको बैंकमा जम्मा गरिएको प्रमाण संलग्न गरिएको अभिलेख भिडान जस्ता कार्यहरु गर्नुपर्ने प्रावधान राखिएको छ । कर्मचारी समायोजन ऐन २०७५ को दफा १५ मा प्रदेश तथा स्थानीय सेवाको लागि कानूनको व्यवस्था नभएसम्म संघीय निजामती सेवकको सेवा शर्त लागू हुने तथा सोही ऐनको दफा ७ (४) अनुसार सरकारी सेवाको कर्मचारी समायोजन हुँदा थप ग्रेडको व्यवस्था भएता पनि तलबी प्रतिवेदन पास गर्ने समयमा सो को परीक्षण गर्ने गरेको देखिएन । अन्यथा वर्षैपिच्छै एउटै बेरुजु कायम हुनुपर्ने अवस्था आउने थिएन ।
महालेखापरीक्षकको प्रदेश १ महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९ मा २०७७।७८ को समिक्षा गर्दा ७ वटा मन्त्रालय र प्रदेश सभाको लेखापरीक्षण गर्दा पारिश्रमिक र सुविधा तथा ईन्धनको गरेकोमा बढी भुक्तानी भनी असूल उपर गर्न बेरुजु उठाएको देखिन्छ ।
<table>
<tr><th>निकायको नाम</th><th>पदाधिकारीहरु</th><th>खर्च शिर्षक</th><th>समायोजन नभएको रकम (हजारमा)</th></tr>
<tr><td rowspan="3">प्रदेश सभा सचिवालय</td><td>सभामुख र उपसभामुख, प्रदेश सभा सदस्य</td><td>पारिश्रमिक र सुविधा, ईन्धन</td><td>१२२,१६</td></tr>
<tr><td>संसदीय दल उपनेता (सत्तापक्ष)</td><td>पारिश्रमिक र ईन्धन</td><td>६,७२</td></tr>
<tr><td>राजपत्र अनं दितीय देखि राप द्धितीय सम्मको पदाधिकारीहरु</td><td>समायोजन ग्रेड थप</td><td>६,४५</td></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय</td><td>राजपत्र अनं दितीय देखि राप द्धितीय सम्मको पदाधिकारीहरु</td><td>(१७) समायोजन ग्रेड थप</td><td>६,९१</td></tr>
</table>
</td>
</tr>
</table>

आर्थिक मामिला तथा योजना मन्त्रालय	राजपत्र अनं दितीय देखि राप द्धितीय सम्मको पदाधिकारीहरु	(१४)समायोजन ग्रेड थप	१३,१०
प्रदेश लेखा नियन्त्रक कार्यालय	-	-	भएको नदेखिएको
आन्तरिक मामिला तथा कानून मन्त्रालय	-	-	भएको नदेखिएको
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	राजपत्र अनं दितीय देखि राप द्धितीय सम्मको पदाधिकारीहरु	(१६)समायोजन ग्रेड थप	२०,७८
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	राजपत्र अनं दितीय देखि राप द्धितीय सम्मको पदाधिकारीहरु	(१३)समायोजन ग्रेड थप	२६,७९
भौतिक पूर्वाधार विकास मन्त्रालय	राजपत्र अनं दितीय देखि राप द्धितीय सम्मको पदाधिकारीहरु	(१५)समायोजन ग्रेड थप	५०,८८
सामाजिक विकास मन्त्रालय	राजपत्र अनं दितीय देखि राप द्धितीय सम्मको पदाधिकारीहरु	(१५)समायोजन ग्रेड थप	१५,४८
प्रदेश लोक सेवा आयोग	राजपत्र अनं दितीय देखि राप द्धितीय सम्मको पदाधिकारीहरु	(४)समायोजन ग्रेड थप	३,८४
मुख्य न्यायाधिवक्ताको कार्यालय	राजपत्र अनं दितीय देखि राप द्धितीय सम्मको पदाधिकारीहरु	(६)समायोजन ग्रेड थप	७३
प्रदेश योजना आयोग	राजपत्र अनं दितीय देखि राप द्धितीय सम्मको पदाधिकारीहरु	(६)समायोजन ग्रेड थप	२,३२

प्रदेश लेखा नियन्त्रक कार्यालयको २०७५।७६, २०७६।७७ र २०७७।७८ को आर्थिक वर्षहरुको आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरुको साराँशमा *बढी तलब भुक्तानी भएको र पारिश्रमिक कर दाखिला नगरेको तथा भत्तामा अपुग रकम तलबबाट खर्च लेखिएको* भनी बेरुजु औल्याईएको देखिन्छ । *यस्ता अवस्थाले गर्दा पेरोल र कर्मचारी अभिलेखहरुमा आवश्यक परिवर्तन सामान्यत: पछिल्लो महिनाको भुक्तानीको समयमा कम्तीमा मासिक रुपमा अद्यावधिक गरिनु पर्नेमा गरिएको देखिदैन । त्यस्तै सालबसाली एकै प्रकारको कैफियतहरु औल्याएको देखिएको हुँदा यस सम्बन्धी समस्या समायोजन नभएको पुष्टी हुन्छ । यसरी तलब भुक्तानीमा सुधार भएको पनि देखिदैन ।*

२३.२.३. पेरोल परिवर्तनको व्यवस्थापन सम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२३.२. पेरोल परिवर्तनको व्यवस्थापन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *पेरोल र कर्मचारी अभिलेखहरुमा आवश्यक परिवर्तन सामान्यतः पछिल्लो महिनाको भुक्तानीको समयमा कम्तीमा मासिक रुपमा अद्यावधिक गरिन्छ । रेट्रोएक्टीभ समायोजन दुर्लभ रुपमा गरिन्छ । भरपर्दो तथ्याँक भएको अवस्थामा यस्ले तलब भुक्तानीको अधिकतम ३% सम्म सुधार (Corrections) गर्न सकिने ।*	**"घ"**	कर्मचारीको अभिलेखहरुसँग पेरोलको समायोजन कम्तीमा प्रत्येक ६ महिनामा हुने गरेको छ । कर्मचारी नियुक्ती र बढुवाको अख्तियारी प्रदान गर्नु अघि स्वीकृत बजेटसँग जाँच गरिएमा **"ग" अंक प्रदान गरिने तर** अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको भए **"घ" ।**	*प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८* *www.moeap.p1.gov.np*, निजामती सेवा नियमावली २०५०, महालेखा नियन्त्रक कार्यालयको नेपाल सरकारको लेखा निर्देशिका २०७३
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २३.२. को लागि "घ" अंक र स्तर निर्धारण गरिएको छ ।** यस सम्बन्धमा माथि प्रकरण २३.२.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार पूर्ण अंक प्राप्त गर्नको लागि *"स्वीकृत कर्मचारी सुची, व्यक्तिगत डाटावेश र पेरोलसम्बन्धी कार्य बजेट नियन्त्रण, डाटा एकरुपता (Consistency) र मासिक समायोजन विश्वस्त तुल्याउन प्रत्यक्ष जोडिएका "* कुराको परीक्षण गर्नुपर्ने देखिन्छ । उल्लिखित स्तरको मापदण्ड एकीन गर्न **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ ले** खर्च गर्ने कार्यविधि र मापदण्ड अनुसार स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध श्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था भएकोले तलब शीर्षकबाट हुने भुक्तानीमा पनि यस्तो कुरा लागु हुने गरेको छ । **निजामती सेवा नियमावली २०५०** को नियम ९१ अनुसार निर्धारीत तलबमान अनुसार तलब पाउँने प्रावधान रहेकोले तलब भुक्तानी नियमित हुने व्यवस्था हो र तलबी प्रतिवेदन पास गरेपछि मात्र तलब खर्च भुक्तानी हुनुपर्ने निजामती कानूनको व्यवस्था रहेको छ । प्रदेश तहमा निजामती कानून बनी नसकेकोले पनि निजामती सेवाको प्रावधान लागू गर्नु पर्ने अवस्था रहेको छ । प्रदेश तहमा कर्मचारी समायोजन गर्दा **कर्मचारी समायोजन ऐन २०७५** अनुसारको ग्रेडको रकम समायोजन गर्ने प्रावधान भएकोले सो अनुसार प्रदेशमा पनि रकम समायोजन गर्दा उपयुक्त नभएको भन्ने महालेखापरीक्षक कार्यालयको टिप्पणी रहेको र प्रदेश लेखा नियन्त्रक कार्यालयले पनि तलबी भरपाईमा कैफियत देखेको छ । खर्चलाई कानूनी र प्रमाणमा आधारीत भै व्यवस्थित गर्न **नेपाल सरकारको लेखा निर्देशिका २०७३** ले तलब खर्च लेख्ने सम्बन्धी प्रमाण कागजात तथा कार्यविधि निर्धारण गरेको भएता पनि सो निर्देशिकाको आधारमा तलबी प्रतिवेदन र तलबी भरपाईको परीक्षण पर्याप्त हुनसकेको देखिंदैन । त्यसैले सुचक **"क"** र **"ख"** को आधार र मापदण्ड अनुसार सुचकको माग अनुसार ***सबै पक्षहरु प्रत्यक्ष जोडिएको*** प्रमाण देखिएन । त्यस्तै कर्मचारीको अभिलेखहरुसँग पेरोलको समायोजन कम्तीमा प्रत्येक ६ महिनामा हुने कर्मचारी नियुक्ती र बढुवाको अख्तियारी प्रदान गर्नु अघि स्वीकृत बजेटसँग जाँच गरिनु पर्ने प्रावधान पनि पालना हुन सकेको नदेखिंदा सुचक **"ग"** को स्तर र मापदण्ड पनि पूरा गरेको देखिंएन । त्यसैले यस सुचकको लागि स्तर **"घ"** निर्धारण गरिएको छ ।			

२३.३. पेरोलको आन्तरिक नियन्त्रण (Internal control of payroll)

पेरोलको आन्तरिक नियन्त्रण प्रणाली आवश्यक रहन्छ । खर्चको ठूलो अँश पेरोलको माध्यमबाट खर्च हुने भएकोले यसको नियन्त्रण उपयुक्त हुन आवश्यक छ । त्यसैले पेरोल डाटा र कर्मचारी परिवर्तनको सम्बन्धमा आन्तरिक नियन्त्रण प्रणालीको मुल्याँकन गरिनु पर्दछ । यसको लागि पेरोल र अभिलेख परिवर्तन गर्ने अख्तियारी, छुट्टै पुष्टी गर्ने आधार स्पष्ट गर्ने, अडिट टायलको उत्पादन गर्ने जस्को लागि कारोवारको स्थायी ईतिहास र अख्तियारी दिएको पदाधिकारीहरुको विवरण पनि हुनु आवश्यक हुन्छ ।

२३.३.१.पेरोलको आन्तरिक नियन्त्रणसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यतामा	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
“क”	अभिलेख र पेरोल परिवर्तन गर्ने अख्तियारी निषेध गरिएको, अडिट टायलमा परिणाम, डाटाको ***पूर्ण एकीकृत गर्ने कार्य विश्वस्त*** तुल्याउन पर्याप्त रहेको	**प्रदेश सरकार**	मुल्याँकनको समयमा
“ख”	अभिलेख र पेरोल परिवर्तन गर्ने अख्तियारी र आधारहरु डाटालाई उच्च एकीकृत गर्ने कार्य गर्न स्पष्ट र पर्याप्त रहेको	**प्रदेश सरकार**	मुल्याँकनको समयमा
“ग”	उच्च महत्वको पेरोल डाटाको इन्टीग्रीटी विश्वस्त तुल्याउन पर्याप्त नियन्त्रण रहेको छ ।	प्रदेश सरकार	मुल्याँकनको समयमा
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश सरकार	मुल्याँकनको समयमा

२३.३.२.पेरोलको आन्तरिक नियन्त्रणसम्बन्धी सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
मुल्याँकनको समयमा **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *अभिलेख र पेरोल परिवर्तन गर्ने अख्तियारी निषेध गरिएको, अडिट टायलमा परिणाम, डाटाको **पूर्ण एकीकृत गर्ने कार्य** विश्वस्त तुल्याउन पर्याप्त रहेको*	**आँशिक रुपमा पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**निजामती सेवा ऐन २०४९** को नियम ६(क) मा दरबन्दी सिर्जना गर्दा संगठन संरचना र दरबन्दी हेरफेर गर्दा प्रदेशको सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा आर्थिक मामिला र योजना मन्त्रालयको स्वीकृती गर्नुपर्ने प्रावधान रहेको हुँदा यसले दरबन्दीको अभिलेख र पेरोल परिवर्तन गर्ने कार्यमा नियन्त्रण गरिएको छ । यसरी कर्मचारीको दरबन्दी स्वीकृतको आधारमा मात्र गरिने हुँदा अन्य निकायहरुलाई यस्को अख्तियारी प्रदान गरिएको छैन । उक्त स्वीकृती बिना सिर्जना गरिएको दरबन्दी स्वतः खारेज हुने व्यवस्था सोही दफामा गरिएकाले परिवर्तन गर्ने कार्यपूर्ण निषेध गरिएको छ ।त्यस्तै प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण मार्फत पेरोलको लेखापरीक्षण गर्ने काम गर्ने तथा अडिट टायल प्रतिवेदनको परीक्षणको आधारमा कुनै कैफियत भए सोको परिणाम प्रतिवेदनमा उल्लेख गर्ने प्रावधान रहेको छ । स्वीकृत दरबन्दी अनुसार तलबी प्रतिवेदन पास गरिने र सो प्रतिवेदन अनुसार लेखापरीक्षण गरिने हुँदा फरक	

	परेमा कैफियत आउने हुँदा सोही ऐनको दफा ७ ख (२) र (३) अनुसार स्वीकृत दरबन्दी अनुसार तलबी प्रतिवेदन पारीत नगरी भुक्तानी भएमा भुक्तानी दिने अधिकारीबाट सो रकम असूल उपर गरिने कानूनी व्यवस्था भएकोले दरबन्दी सिर्जना र भुक्तानी खर्च पनि कडाई गरिएको छ । त्यस्तै **निजामती सेवा नियमावली २०५० को** *नियम ४ मा पनि स्थायी दरबन्दीको पदमा संगठन संरचना वा दरबन्दीमा हेरफेर गर्नुपरेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृती र सो को बजेट व्यवस्थापनको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृती लिनुपर्ने प्रावधानले पनि अभिलेख र पेरोल परिवर्तनको कार्यमा कडाई गरिएको देखिन्छ ।* **प्रदेश लेखा नियन्त्रक कार्यालयले** विगत २ वर्षहरुको ***आन्तरिक लेखापरीक्षण प्रतिवेदन***मा "बढी तलब भुक्तानी गरेको " कैफियत देखिएकोले कर्मचारीको दरबन्दी अनुसारको तलबी प्रतिवेदन पारीत गराउने तथा सो अनुसार भुक्तानी हुने कार्य भएको नदेखिंएको र यसरी बढी भुक्तानी गर्ने पदाधिकारीहरुलाई कारवाही भएको प्रमाण समेत नदेखिएको हुँदा आन्तरिक नियन्त्रण प्रणालीमा कमजोरी देखिएको छ । अभिलेख एकीकृत गर्ने कार्य पनि पर्याप्त रहेको देखिएन ।

२३.३.३. पेरोल परिवर्तनको व्यवस्थापन सम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२३.३. पेरोलको आन्तरिक नियन्त्रण	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *अभिलेख र पेरोल परिवर्तन गर्ने अख्तियारी निषेध गरिएको, अडिट टायलमा परिणाम, डाटाको पूर्ण एकीकृत गर्ने कार्य विश्वस्त तुल्याउन पर्याप्त रहेको*	**"घ"**	उच्च महत्वको पेरोल डाटाको इन्टीग्रीटी विश्वस्त तुल्याउन पर्याप्त नियन्त्रण रहेको भए ग अन्यथा अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको भए **"घ"**	निजामती सेवा ऐन २०४९, निजामती सेवा नियमावली २०५०, प्रदेश लेखा नियन्त्रकको कार्यालयको आर्थिक वर्ष २०७५।७६,७६।७७ को आन्तरिक लेखा परिक्षण प्रतिवेदनहरु
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २३.३. को लागि "घ" अंक र स्तर निर्धारण गरिएको छ ।** यस सम्बन्धमा माथि प्रकरण २३.३.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार पूर्ण अंक प्राप्त गर्नको लागि *" अभिलेख र पेरोल परिवर्तन गर्ने अख्तियारी निषेध गरिएको, अडिट टायलमा परिणाम, डाटाको पूर्ण एकीकृत गर्ने कार्य विश्वस्त तुल्याउन पर्याप्त रहेको "* कुराको परीक्षण गर्नुपर्ने देखिन्छ । उल्लिखित मापदण्ड अनुसार उपलब्ध प्रमाण तथा आधारहरु अध्ययन गर्दा प्रदेश १ को निजामती सेवासम्बन्धी कानून नबनेको हुँदा सो सम्बन्धमा संघीय सरकारको निजामती कानूनको सन्दर्भ लिनुपर्ने हुन्छ। संघीय सरकारले तयार गरेको प्रावधान अनुसार प्रदेश सरकारले पनि पालना गर्नुपर्ने हुन्छ । संघीय सरकारको **निजामती सेवा ऐन २०४९** को नियम ६(क) मा दरबन्दी सिर्जना गर्दा संगठन संरचना र दरबन्दी हेरफेर गर्दा प्रदेशको सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा आर्थिक मामिला र योजना मन्त्रालयको स्वीकृती गर्नुपर्ने प्रावधान रहेको र उक्त स्वीकृती बिना सिर्जना गरिएको दरबन्दी स्वतः खारेज हुने व्यवस्था सोही दफामा गरिएकाले परिवर्तन गर्ने कार्यपूर्ण निषेध गरिएको देखिन्छ । त्यस्तै सोही ऐनको दफा ७ ख (२) र (३) अनुसार स्वीकृत दरबन्दी			

	अनुसार तलबी प्रतिवेदन पारीत नगरी भुक्तानी भएमा भुक्तानी दिने अधिकारीबाट सो रकम असूल उपर गरिने तथा **निजामती सेवा नियमावली २०५० को** *नियम ४ मा पनि स्थायी दरबन्दीको पदमा संगठन संरचना वा दरबन्दीमा हेरफेर गर्नुपरेमा प्रदेशस्तरीय निजामती सेवा संचालन गर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको स्वीकृती र सो को बजेट व्यवस्थापनको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृती लिनुपर्ने प्रावधानले पनि अभिलेख र पेरोल परिवर्तनको कार्यमा कडाई गरिएको देखिन्छ ।* त्यस्तै माथि २३.३.२ प्रकरणमा उल्लिखित प्रावधान र आधार प्रमाण अनुसारको दरबन्दीको सिर्जना र अभिलेखमा नियन्त्रण र **प्रदेश लेखा नियन्त्रक कार्यालयले** विगत २ वर्षहरुको ***आन्तरिक लेखापरीक्षण प्रतिवेदन***मा "बढी तलब भुक्तानी गरेको **" भनी कैफियत देखाए पनि** निजामती कानून विपरीत बढी भुक्तानी गर्ने पदाधिकारीहरुलाई कारवाही भएको प्रमाण समेत नदेखिएको र अभिलेख एकीकृत गर्ने कार्य पनि पर्याप्त रहेको मान्न सकिने देखिएन । यसले गर्दा पेरोल परिवर्तनको कार्यमा आन्तरिक नियन्त्रण प्रणालीमा कमजोरी रहेको देखिएको छ । त्यसैले *अभिलेख र पेरोल परिवर्तन गर्ने अख्तियारी र आधारहरु डाटालाई उच्च एकीकृत गर्ने कार्य गर्न स्पष्ट र पर्याप्त रहेको* कानूनी व्यवस्था रहेको देखिएको भएता पनि सुचकको माग अनुसार *डाटाको पूर्ण एकीकृत गर्ने कार्य विश्वस्त तुल्याउन पर्याप्त रहेको आधार पर्याप्त नदेखिएको* र सो अनुसार लेखापरीक्षणको कार्य पनि भैरहेको भए पनि कैफियतहरु देखिएकोले उपलब्ध आधार प्रमाण र अवस्था अनुसार यस सुचकको लागि स्तर **"घ"** निर्धारण गरिएको छ **।**

अन्तिम मस्यौदा

२३.४. पेरोल लेखापरीक्षण (Payroll Audit)

पेरोलको एकीकृत स्तरको परिक्षण गरेको हुनुपर्ने र घोष्ट वर्कर पत्ता लगाउन नियमित परीक्षण, डाटा ग्याप र नियन्त्रणका कमजोरीहरु पत्ता लगाउन सक्ने प्रणाली हुनुपर्दछ ।

२३.४.१.पेरोल लेखापरीक्षणसम्बन्धी मापदण्ड र स्तरः

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	नियन्त्रण कमजोरी बाहिर ल्याउन पेरोलको वार्षिक लेखापरीक्षणको सुदृढ प्रणाली रहेको र यसले घोष्ट वर्कर पहिचान गर्न सक्षम रहेको ।	**प्रदेश सरकार**	सम्पन्न भएको गत ३ आर्थिक वर्षहरु
"ख"	एक चरण वा चरण चरणमा गरी पूरा भएको गत तीन आर्थिक वर्षमा प्रदेश सरकारका सबै निकायहरु समावेश हुने गरी *कम्तीमा एक पटक* पेरोल लेखापरीक्षण गरिएको ।	**प्रदेश सरकार**	सम्पन्न भएको गत ३ आर्थिक वर्षहरु
"ग"	सम्पन्न भएको गत तीन आर्थिक वर्ष भित्र आँशिक पेरोल लेखापरीक्षण वा कर्मचारी सर्भेक्षणहरु सम्पन्न गरिएको ।	प्रदेश सरकार	सम्पन्न भएको गत ३ आर्थिक वर्षहरु
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश सरकार	सम्पन्न भएको गत ३ आर्थिक वर्षहरु

२३.४.२. पेरोल लेखापरीक्षण सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको गत ३ आर्थिक वर्षहरु २०७५।७६, २०७६।७७, २०७७।७८	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *नियन्त्रण कमजोरी बाहिर ल्याउन पेरोलको वार्षिक लेखापरीक्षणको सुदृढ प्रणाली रहेको र यसले घोष्ट वर्कर पहिचान गर्न सक्षम रहेको ।*	**पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**निजामती सेवा ऐन २०४९** को नियम ६(क) मा दरबन्दी सिर्जना गर्दा संगठन संरचना र दरबन्दी हेरफेर गर्दा प्रदेशको सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा आर्थिक मामिला र योजना मन्त्रालयको स्वीकृती गर्नुपर्ने प्रावधान, स्वीकृती बिना सिर्जना गरिएको दरबन्दी स्वतः खारेज हुने व्यवस्था गरिएकाले परिवर्तन गर्ने कार्यपूर्ण निषेध छ। त्यस्तै स्वीकृत दरबन्दी अनुसार तलबी प्रतिवेदन पास गरिने र सो प्रतिवेदन अनुसार लेखापरीक्षण गरिने हुँदा फरक परेमा कैफियत आउने हुँदा सोही ऐनको दफा ७ ख (२) र (३) अनुसार स्वीकृत दरबन्दी अनुसार तलबी प्रतिवेदन पारीत नगरी भुक्तानी भएमा भुक्तानी दिने अधिकारीबाट सो रकम असूल उपर गरिने कानूनी व्यवस्था भएकोले दरबन्दी सिर्जना र भुक्तानी खर्च पनि कडाई गरिएको छ । प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा ३५ को उपदफा (४) मा आन्तरिक लेखापरीक्षण (आलेप) प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षण गर्ने र आलेप सम्पन्न भएको एक महिना भित्र सम्बन्धीत कार्यालय वा निकाय र तालुक निकायमा आलेप प्रतिवेदन पठाउने भएकोले पेरोलको लेखापरीक्षण निरन्तर भै रहेको छ । **प्रदेश लेखा नियन्त्रक कार्यालयले** विगत २ (२०७५।७६,२०७६।७७) वर्षहरुको वार्षिक ***आन्तरिक लेखापरीक्षण प्रतिवेदन***मा "बढी तलब भुक्तानी गरेको " कैफियत देखिएकोले पेरोलको परीक्षण भएको स्वतः देखिन्छ । प्रदेश लेखा नियन्त्रक कार्यालयको सो प्रतिवेदन तथा **प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९** मा समेत तलबी प्रतिवेदनको सम्बन्धमा हालको कर्मचारीको दरबन्दी अनुसार तलब भुक्तानीका कैफियत देखिएको तर घोष्ट वर्कर भएको कैफियत नदेखिएको हुँदा पेरोलको वार्षिक परीक्षण सुदृढ नै भएको देखिन्छ ।	

२३.४.३. पेरोल लेखापरीक्षण सम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२३.४. पेरोल लेखापरीक्षण	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *नियन्त्रण कमजोरी बाहिर ल्याउन पेरोलको वार्षिक लेखापरीक्षणको सुदृढ प्रणाली रहेको र यसले घोष्ट वर्कर पहिचान गर्न सक्षम रहेको ।*	**"क"**	*नियन्त्रण कमजोरी बाहिर ल्याउन पेरोलको वार्षिक लेखापरीक्षणको सुदृढ प्रणाली रहेको र यसले घोष्ट वर्कर पहिचान गर्न सक्षम रहेको ।*	निजामती सेवा ऐन २०४९, निजामती सेवा नियमावली २०५०, प्रदेश लेखा नियन्त्रकको कार्यालयको आर्थिक वर्ष २०७५।७६,७६।७७ को आन्तरिक लेखा परिक्षण प्रतिवेदनहरु

सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २३.४. को लागि "क" अंक र स्तर निर्धारण गरिएको छ ।** यस सम्बन्धमा माथि प्रकरण २३.४.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार पूर्ण अंक प्राप्त गर्नको लागि *" अभिलेख र पेरोल परिवर्तन गर्ने अख्तियारी निषेध गरिएको, अडिट ट्रायलमा परिणाम, डाटाको पूर्ण एकीकृत गर्ने कार्य विश्वस्त तुल्याउन पर्याप्त रहेको "* कुराको परीक्षण उपलब्ध प्रमाण र कानूनी व्यवस्थाको आधारमा गरिएको छ । उल्लिखित मापदण्ड अनुसार उपलब्ध प्रमाण तथा आधारहरु अध्ययन गर्दा प्रदेश १ को निजामती सेवासम्बन्धी कानून नबनेको हुँदा संघीय सरकारको **निजामती सेवा ऐन २०४९** को प्रावधान अनुसार परीक्षण गर्नुपर्ने देखिन्छ । सो ऐनको दफा ६(क) मा दरबन्दी सिर्जना गर्दा संगठन संरचना र दरबन्दी हेरफेर गर्दा प्रदेशको सम्बन्धमा *मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा आर्थिक मामिला र योजना मन्त्रालय* (संघको समान स्तरको प्रदेशका निकाय) को स्वीकृती गर्नुपर्ने प्रावधान रहेको र उक्त स्वीकृती बिना सिर्जना गरिएको दरबन्दी स्वतः खारेज हुने व्यवस्था सोही दफामा गरिएकाले कार्यालय वा निकायले परिवर्तन गर्ने कार्य कठिन देखिन्छ । त्यस्तै **सोही ऐनको दफा ७ ख (२) र (३)** अनुसार स्वीकृत दरबन्दी अनुसार *तलबी प्रतिवेदन पारीत नगरी भुक्तानी भएमा भुक्तानी दिने अधिकारीबाट सो रकम असूल उपर गरिने व्यवस्था* रहेको छ । त्यस्तै माथि २३.३.२ प्रकरणमा उल्लिखित प्रावधान र आधार प्रमाण अनुसारको दरबन्दीको सिर्जना र अभिलेखमा नियन्त्रण र **प्रदेश लेखा नियन्त्रक कार्यालयले** विगत २ आर्थिक वर्षहरुको ***आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरुको वार्षिक प्रतिवेदन***मा "बढी तलब भुक्तानी गरेको **" भनी कैफियत देखाए पनि** निजामती कानून विपरीत बढी भुक्तानी गर्ने पदाधिकारीहरुलाई कारवाही भएको प्रमाण समेत देखिएको छैन । यसको साथै **प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९** मा समेत तलबी प्रतिवेदनको सम्बन्धमा हालको कर्मचारीको दरबन्दी अनुसार तलब भुक्तानीका कैफियत देखिएको तर घोष्ट वर्कर भएको कैफियत नदेखिएको हुँदा पेरोलको वार्षिक परीक्षण सुदृढ नै भएको देखिन्छ । त्यसैले यस सुचकको लागि **"क"** निर्धारण गरिएको छ ।

सुचक २४: खरिद व्यवस्थापन

यस सुचकले प्रदेश सरकारको खरिद व्यवस्थापनको मुख्य पक्षहरुको परीक्षण गर्दछ । यस्मा पारदर्शिताको प्रावधान, खुला र प्रतिस्पर्धात्मक कार्यविधि , खरिद परिणामको अनुगमन र गुनासो तथा पुनरावलोकनको पहुँच आदिमा केन्द्रीत गरिन्छ । यस सुचकका चार पाटाहरु छन र अंक एकत्रित गर्नको लागि **M2(V)** पद्दति प्रयोग गरिन्छ । खरिद व्यवस्थापनको असल कार्य गर्ने प्रणालीमा पूर्ण परिभाषित र पारदर्शी कानूनी संरचना हुनुपर्ने जस्मा सार्वजनिक खरिदसम्बन्धी उपयुक्त नीति, कार्यविधिहरु, जवाफदेहिता र नियन्त्रणका प्रणालीहरु स्थापना गर्दछ । सार्वजनिक खरिदको मुख्य सिद्धान्तहरुमा पारदर्शिता र प्रतिस्पर्धाको माध्यमबाट स्वच्छ र मनासिब मुल्यमा समग्रमा मौद्रिक मुल्यको फाईदा प्राप्त हुने गरी प्रदेश सरकारले खरिदसम्बन्धी कार्यहरु गरेको छ छैन भन्ने कुराको परीक्षण गरिन्छ ।

चालु वा पूँजीगत लगानीका खर्चहरुबाट समेटिने मालसामान, सेवाहरु, निर्माण कार्य र मुख्य ईक्वीपमेन्ट लगानीको कार्यहरु यस सुचकले समेटछ । यसले गोपनियता रहनुपर्ने रक्षा क्षेत्र समेटदैन । बजेटरी एकाई छनौट गर्दा लिनुपर्ने आधारहरु : ५ यस्ता एकाईहरु जस्ले अन्तिम सम्पन्न भएको आर्थिक वर्षमा खरिदमा उच्चतम मुल्यको खरिद गरेको छान्नुपर्ने, यस्तो नमिलेमा सबैभन्दा धेरै वार्षिक खर्च गर्ने निकाय छानी अधिकतम रकमको खरिद गर्ने निकाय छान्नुपर्दछ । यस्तो आधार मुल्याँकनकर्ताले परीक्षणको सन्दर्भमा उल्लेख गर्नुपर्नेछ ।

२४.१. खरिद अनुगमन (Procurement Monitoring)

खरिद कार्यमा वित्तीय ईमान्दारिताको प्रबर्द्धन गर्नको लागि असल अनुगमन र प्रतिवेदन प्रणाली हुनुपर्दछ। यसको लागि करार सम्झौताको पूर्ण सुचना गर्नुपर्दछ। लेखापरीक्षणको प्रतिवेदनको आधारमा यस्को शुद्धता र सुचनाको पूर्णताबाट मुल्याँकन गरिनु पर्दछ।

२४.१.१. खरिद अनुगमनसम्बन्धी मापदण्ड र स्तर :

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	खरिद गरिने खरिद कार्य, खरिदको मुल्य र करार प्राप्त गर्नेको परिचय सहीत करार सम्झौताको डाटावेश वा अभिलेखहरु कायम गरिएको छ। मालसामान, निर्माण कार्य र सेवासम्बन्धी ***सबै (All)*** खरिद विधिको डाटा शुद्ध र पूर्ण रहेका छन।	**प्रदेश स्तर**	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ख"	खरिद गरिने खरिद कार्य, खरिदको मुल्य र करार प्राप्त गर्नेको परिचय सहीत करार सम्झौताको डाटावेश वा अभिलेखहरु कायम गरिएको छ। मालसामान, निर्माण कार्य र सेवासम्बन्धी ***प्रायःजसो (Most)*** खरिद विधिको डाटा शुद्ध र पूर्ण रहेका छन।	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ग"	खरिद गरिने खरिद कार्य, खरिदको मुल्य र करार प्राप्त गर्नेको परिचय सहीत करार सम्झौताको डाटावेश वा अभिलेखहरु कायम गरिएको छ। मालसामान, निर्माण कार्य र सेवासम्बन्धी ***अधिकाँश (Majority)*** खरिद विधिको डाटा शुद्ध र पूर्ण रहेका छन।	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष

२४.१.२. खरिद अनुगमनसम्बन्धी सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
पूरा भएको अन्तिम आर्थिक वर्ष २०७८।७९	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *खरिद गरिने खरिद कार्य, खरिदको मुल्य र करार प्राप्त गर्नेको परिचय सहीत करार सम्झौताको डाटावेश वा अभिलेखहरु कायम गरिएको छ। मालसामान, निर्माण कार्य र सेवासम्बन्धी* ***सबै (All)*** *खरिद विधिको* ***डाटा शुद्ध र पूर्ण*** *रहेका छन।*	**आशिंक रुपमा पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने	**सार्वजनिक खरिद नियमावली २०६४ को दफा १४९** अनुसार **खरिद कारवाहीको अभिलेख** प्रत्येक प्याकेजको छुट्टाछुट्टै राख्नुपर्ने व्यवस्था गरेको छ। यस अभिलेखमा प्याकेज अनुसार करार सम्झौता पिच्छे अभिलेखहरु राख्नु पर्दछ। जस्मा खरिद कार्यको प्रकार (मालसामान, निर्माण कार्य, र सेवासम्बन्धी) सबै खरिद विधि सहीत ती प्रत्येक खरिद कार्यको खरिद तयारीसम्बन्धी कारवाही, करार	

प्रमाण र आधार	प्रशासन तथा अन्तिममा कार्यसम्पादन प्रतिवेदन र भुक्तानी समेतको अभिलेख राख्नुपर्ने व्यवस्था गरिएको देखिन्छ । प्याकेज अनुसार अभिलेख राख्दा खरिद कार्यको प्रकृति जस्तै मालसामान, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवाको खरिद मुल्य र करार प्राप्त गर्नेको अभिलेख राखिने भएतापनि एकीकृत रुपमा राखिनुपर्ने अभिलेख छुट्टाछुट्टै राखिएको र सबै खरिद विधिको तथ्याँक अभिलेखको डाटावेश तयार गरेको नदेखिएको हुँदा खरिदसम्बन्धी एकीकृत तथ्याँक एकीन गर्न नसकिएको हुँदा खरिदको अभिलेख शुद्ध र पूर्ण रहेको भन्न सकिने अवस्था देखिँदैन । *यसको साथै **महालेखा नियन्त्रक कार्यालयको नेपालको सरकारी लेखा फारामहरु २०७६** अनुसार सार्वजनिक निर्माणसम्बन्धी लेखा फारामहरु निर्माण कार्य खरिद गर्ने निकायहरुले निकायगत रुपमा ठेक्कागत अभिलेख खाता (मलेप फानं. ५०६) तथा ठेक्कासम्बन्धी गोश्वारा अभिलेख (मलेप फानं. ५०७) राखी निर्माण कार्यको सम्पूर्ण अभिलेख राख्ने व्यवस्था गरिएको छ ।* *खरिदसम्बन्धी कार्यहरु बढी गर्ने भौतिक पूर्वाधार विकास मन्त्रालय लगायत अन्य **मन्त्रालयहरुको वेभसाईट (www.p1.gov.np)** मा उपलब्ध जानकारी अनुसार खरिद कार्यको विधि अनुसारको विवरण, सुचना आदि भएपनि यस सुचकले माग गरे अनुसारको पूर्ण र शुद्ध खरिद विधिको विवरण उपलब्ध हुन सक्ने देखिएन ।*

२४.१.३. खरिद अनुगमनसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२४.१. खरिद अनुगमन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *खरिद गरिने खरिद कार्य, खरिदको मुल्य र करार प्राप्त गर्नेको परिचय सहीत करार सम्झौताको डाटावेश वा अभिलेखहरु कायम गरिएको छ । मालसामान, निर्माण कार्य र सेवासम्बन्धी **सबै (All)** खरिद विधिको डाटा शुद्ध र पूर्ण रहेका छन ।*	**"ग"**	खरिद गरिने खरिद कार्य, खरिदको मुल्य र करार प्राप्त गर्नेको परिचय सहीत करार सम्झौताको डाटावेश वा अभिलेखहरु कायम गरिएको छ । मालसामान, निर्माण कार्य र सेवासम्बन्धी ***अधिकाँश (Majority)*** खरिद विधिको डाटा शुद्ध र पूर्ण रहेका छन ।	**सार्वजनिक खरिद नियमावली २०६४, *नेपालको सरकारी लेखा फारामहरु २०७६, प्रदेश १ सरकारको मन्त्रालयहरुको वेभसाईट (www.p1.gov.np)***
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २४.१. को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।** यस सम्बन्धमा माथि प्रकरण २४.१.२ मा उल्लिखित प्रमाण तथा विवरण अनुसार पूर्ण अंक प्राप्त गर्नको लागि *"* खरिद गरिने खरिद कार्य, खरिदको मुल्य र करार प्राप्त गर्नेको परिचय सहीत करार सम्झौताको डाटावेश वा अभिलेखहरु कायम गरिएको छ । मालसामान, निर्माण कार्य र सेवासम्बन्धी ***अधिकाँश (Majority)*** खरिद विधिको डाटा शुद्ध र पूर्ण रहेका छन ।*"* कुराको परीक्षण उपलब्ध प्रमाण र कानूनी व्यवस्थाको आधारमा गरिएको छ । **खरिदसम्बन्धी कार्यको अभिलेख खरिद व्यवस्थापनको लागि महत्वपूर्ण छ । खरिद कार्यलाई प्रभावकारी बनाउन खरिदसम्बन्धी अभिलेखहरु पूर्ण र यथार्थ हुनु आवश्यक छ । अभिलेख**			

	सम्बन्धमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा **खरिद कारवाहीको अभिलेख** राखी कारवाही सकिएको ७ वर्षसम्म सुरक्षित राख्नुपर्ने प्रावधान गरेको छ । यस्तो अभिलेखमा खरिद कार्यको प्रारम्भ देखि अन्त्यसम्मको विवरण र सुचना राखिने भएकोले खरिद कार्यको प्रकृति, खरिद मुल्य र करार प्राप्त गर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी लगायतका खरिद कार्यको सम्पूर्ण विवरण तथा सुचनाहरु राख्नुपर्ने व्यवस्था रहेको छ । अभिलेखाको लागि ***महालेखा नियन्त्रक कार्यालयको नेपालको सरकारी लेखा फारामहरु २०७६ को*** *सार्वजनिक निर्माणसम्बन्धी लेखा फारामहरु निर्माण कार्य खरिद गर्ने निकायहरुले निकायगत रुपमा ठेक्कागत अभिलेख। खाता (मलेप फानं. ५०६) तथा ठेक्कासम्बन्धी गोश्वारा अभिलेख (मलेप फानं. ५०७) राख्नुपर्ने प्रावधानले खरिद कार्यगर्ने निकायहरुले लगतको रुपमा निर्माण कार्यको सम्पूर्ण अभिलेख राख्ने व्यवस्था प्रावधान पनि रहेको छ । माथि उल्लिखित सबै तथ्याँक तथा विवरणहरु राख्नै पर्ने भएको र लेखापरीक्षण हुँदा यस्तो विवरणको आधारमा परीक्षण समेत गरिने भए पनि प्रदेश सरकारको लागि डाटावेश नै तयार गरिएको देखिएन । त्यस्तै खरिदसम्बन्धी कार्यहरु बढी गर्ने भौतिक पूर्वाधार विकास मन्त्रालय लगायत अन्य* ***मन्त्रालयहरुको वेभसाईट (www.p1.gov.np)*** *मा उपलब्ध जानकारी अनुसार खरिद कार्यको विधि अनुसारको विवरण, सुचना आदि भएपनि यस सुचकले माग गरे अनुसारको पूर्ण र शुद्ध खरिद विधिको उविवरण उपलब्ध हुन सक्ने देखिएन । यसैले गर्दा आँशिक रुपमा अभिलेखहरु छुट्टाछुट्टै रहेको तर पूर्ण स्वरुप हुने गरि नदेखिएको र डाटावेश तयार नै भएको नदेखिएकोले यस सुचकमा उल्लिखित मापदण्डहरु मध्ये सुचक* ***"ग"*** *को आधारहरु कुनै रुपमा पूरा गर्न सक्ने देखिएकोले* ***"ग"*** *अंक निर्धारण गरिएको छ ।*

२४.२. खरिद विधि (Procurement Methods)

सार्वजनिक खरिदको कार्यमा खरिद विधि प्रतिस्पर्धात्मक हुनुपर्ने सार्वजनिक खरिद कानूनको प्रावधान रहेको छ । त्यसैले प्रदेश १ सरकारले खरिद विधि प्रयोग गर्दा खरिद कार्य प्रतिस्पर्धा सहीत र रहीतको करार सम्झौता प्रदान गरिएको करारको मुल्यको प्रतिशतको आधारमा विश्लेषण गर्नुपर्दछ । यसको मुख्य आधार भनेको न्यून मुल्यको खरिद र रकमको सीमाको आधारमा बाहेक खरिद कार्यमा प्रतिस्पर्धात्मक विधि नै प्रयोग हुनुपर्दछ । तर अन्य विधिहरुको प्रयोगमा खरिद कानूनले निषेध गरेको वा अन्य विधि मात्र प्रयोग गर्न सकिने अवस्था ध्यानमा राख्नुपर्दछ (जस्तै प्रोपाईटरी, टर्नकी, लिमिटेड बिड्डीग आदि) ।

२४.२.१.खरिद विधि सुचकसम्बन्धी मापदण्ड र सुधार :

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
पूरा भएको अन्तिम आर्थिक वर्षमा ***प्रतिस्पर्धात्मक विधिहरु*** मार्फत प्रदान गरिएको करारहरुको कुल मुल्य :			
"क"	करारको कुल मुल्यको ८० % वा सो भन्दा बढी	**प्रदेश स्तर**	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ख"	करारको कुल मुल्यको ७० % वा सो भन्दा बढी	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष

"ग"	करारको कुल मुल्यको ६० % वा सो भन्दा बढी	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम भएको	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष

२४.२.२. खरिद विधिसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
पूरा भएको अन्तिम आर्थिक वर्ष २०७७।७८	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *"करारको कुल मुल्यको ८० % वा सो भन्दा बढी हुनुपर्ने "*	आँशिक रुपमा पूरा गरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	प्रदेश १ को आर्थिक विवरण तथा सो कोपरीक्षण आर्थिक वर्ष २०७७।७८ सम्मको भएकोले सो आर्थिक वर्षलाई पूरा भएको अन्तिम आर्थिक वर्षको रुपमा मानिएको छ। प्रस्तुत सुचकको लागि खरिद विधिहरु प्रतिपर्धात्मक भए नभएको भनी परीक्षण गर्नुपर्ने अवस्था छ। **सार्वजनिक खरिद नियमावली २०६४** ले सोफै खरिद ५ लाखसम्म, दरभाउपत्र २० लाख सम्म र सो रकम भन्दा माथि बोलपत्र गर्नुपर्ने कानूनी प्रावधान गरेको छ । यस्को खरिद योजना पनि बनाई बजेट तथा कार्यक्रमका साथै पेश गर्नुपर्ने प्रावधान गरिएको छ । यसको साथै **सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय कारोवार निर्देशिका २०७५** ले ६० लाखसम्मको मालसामान, २० लाख माथिको परामर्श सेवा र २ करोड भन्दा माथिको निर्माण कार्यमा विद्युतीय खरिद गर्नुपर्ने प्रावधान रहेकोले पारदर्शिताको पर्याप्त व्यवस्था गरिएको देखिन्छ । अप्रतिस्पर्धात्मक विधिको रुपमा सामान्यतः सोफै खरिद तथा उपभोक्ता समिति तथा एकल खरिद वा विशेष परिस्थितिमा गरिने खरिदको साथै सार्वजनिक निकायले सार्वजनिक निकाय बीचमा गरिने खरिद पनि यस्तो विधि मानिन्छ। यस्तो व्यवस्था भए पनि प्रतिस्पर्धात्मक विधि र अप्रतिस्पर्धात्मक विधिहरुको अभिलेख प्रदेश मन्त्रालयहरुले तयार गर्ने गरेको देखिंदैन। **प्रदेश १ महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९** मा पनि प्रदेश मन्त्रालयहरुले सोफै खरिद गरेको र उपभोक्ता समिति मार्फत पनि खरिद गर्ने गरेको भनी प्रतिस्पर्धात्मक खरिद विधि नभएको टिप्पणी गरिएको देखिन्छ । तर पनि प्रदेश १ का मन्त्रालयहरुले दरभाउपत्र तथा बोलपत्र मार्फत सुचना निकाल्ने गरेको **प्रदेश मन्त्रालयहरुको वेवसाईट** *www.p1.gov.np* मा देख्न सकिन्छ । समग्रमा प्रदेश १ ले पारदर्शी विधि अपनाउने कार्य गरेको भएतापनि करार सम्फौताको प्रतिशतको रुपमा छुट्याउन सकिने गरी अभिलेख तथा विवरण उपलब्ध हुन सकेको अवस्था छैन । यसको लागि प्रणाली विकास भएको नदेखिएको हुँदा माथि उल्लिखित स्थापित प्रणालीहरुको आधारमा प्रदेश १ का निकायहरुको कुल खरिद कार्यको करिब ६० प्रतिशत कार्यहरु प्रतिस्पर्धात्मक विधिको रुपमा रहेको मान्न सकिने अवस्था रहेको देखिन्छ ।	

२४.२.३. खरिद विधिसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२४.२. खरिद अनुगमन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *" करारको कुल मुल्यको ८० % वा सो भन्दा बढी हुनुपर्ने "*	**"ग"**	करारको कुल मुल्यको ६० % वा सो भन्दा बढी	*सार्वजनिक खरिद नियमावली २०६४, सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय कारोवार निर्देशिका २०७५, प्रदेश १ महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९, प्रदेश १ सरकारको मन्त्रालयहरुको वेभसाईट (www.p1.gov.np)*
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक २४.२. को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ । २४.२.२. खरिद विधिसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरुमा उल्लिखित सार्वजनिक खरिद नियमावली २०६४ को खरिद विधि तथा वार्षिक खरिद योजनासम्बन्धी प्रावधानहरु, सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय कारोवार निर्देशिका २०७५ ले खरिद कार्य अनुसार विद्युतीय खरिद गर्नुपर्ने प्रावधानले प्रतिस्पर्धात्मक विधिहरुको अभिलेख हुने व्यवस्था गरेको छ । प्रदेश १ महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९ मा पनि प्रदेश मन्त्रालयहरुले सोभै खरिद गरेको र उपभोक्ता समिति मार्फत पनि खरिद गर्ने गरेको भनी प्रतिस्पर्धात्मक खरिद विधि हुनुपर्ने भनी टिप्पणी गरिएको देखिन्छ । तर पनि प्रदेश १ का मन्त्रालयहरुले दरभाउपत्र तथा बोलपत्र मार्फत सुचना निकाल्ने गरेको प्रदेश मन्त्रालयहरुको वेवसाईट *www.p1.gov.np* मा देखिएको र विद्युतीय खरिद गर्ने कार्य गरिरहेको देखिँदा करार सम्भौताको प्रतिशतको रुपमा छुट्याउन सकिने गरी अभिलेख तथा विवरण उपलब्ध हुन नसकेको अवस्था भएपनि यस्तो विद्युतीय खरिद नगरेको भनी महालेखापरीक्षको प्रतिवेदनमा समेत औल्याएको नदेखिंदा प्रदेश १ को निकायहरुले करार गरी खरिद गरेको देखिन्छ र यस्तो करारको अंक करिब ६० प्रतिशत भन्दा बढी खरिद कार्यहरु प्रतिस्पर्धात्मक विधिको रुपमा गरिएको मान्न सकिने अवस्था रहेको देखिन्छ । यसैले सो विवरणको आधारमा सुचक २४.२. को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।			

२४.३. खरिद सुचनामा सर्वसाधारणको पहुँच (Public access to procurement information)

खरिद विधि पारदर्शी हुनुपर्ने व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ को प्रस्तावनामा गरिएको छ । पारदर्शिताको लागि सुचनाहरुको उपलब्धता र पहुँच आवश्यक हुन्छ । त्यसैले पारदर्शिताको लागि पूर्ण, भरपर्दो र समयमा नै खरिदसम्बन्धी सुचनामा पहुँचको स्तर ध्यान दिनुपर्ने हुन्छ । यसको लागि सुचनामा कुनै निषेध वा रोक, दर्ता गर्ने आवश्यकता नपर्ने र रकम तिर्नु नपर्ने गरी पहुँच हुनुपर्ने जस्ता कुराहरुमा ध्यान दिनु आवश्यक छ । यसको लागि सर्वसाधारणको पहुँच भन्नाले *सुचनाहरु सरकारी वेभसाईटमा* प्रविष्टि गरेको हुनुपर्ने प्रावधानले पनि महत्वपूर्ण भुमिका खेल्दछ ।

२४.३.१.खरिद सुचनामा सर्वसाधारणको पहुँचसम्बन्धी मापदण्ड र आधारहरु :

यस सुचकको लागि सर्वसाधारणलाई उपलब्ध गराईनु पर्ने खरिदसम्बन्धी सुचनामा तपसिलका विषयहरु समावेश हुनुपर्ने र सो आधारमा नै यसको परीक्षण गरिने व्यवस्था गरिएको छ :

- खरिदको लागि कानून र कानूनी संरचना

- सरकारी खरिद योजनाहरु
- बोलपत्रसम्बन्धी अवसरहरु
- करार प्रदान (उद्देश्य, निर्माण व्यवसायी र मुल्य)
- खरिद गुनासोको समाधानको डाटा
- राष्ट्रिय खरिद तथ्याँक

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	**प्रत्येक खरिदका प्रमुख सुचना तत्वहरु** सरकारी निकायहरुको ***सबै (All)*** खरिद कारवाहीहरु पूर्ण र भरपर्दो छ र सर्वसाधारणलाई समयमा नै उपलब्ध गराईएको छ।	**प्रदेश स्तर**	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ख"	खरिदका प्रमुख सुचना तत्वहरु मध्ये **कम्तीमा *चार तत्वहरु*** सरकारी निकायहरुको ***अधिकाँश (Most)*** *खरिद कारवाहीहरु* पूर्ण र भरपर्दो छ र सर्वसाधारणलाई समयमा नै उपलब्ध गराईएको छ।	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ग"	खरिदका प्रमुख सुचना तत्वहरु मध्ये ***कम्तीमा तीन*** *तत्वहरु* सरकारी निकायहरुको बहुसंख्यक ***(Majority)*** *खरिद कारवाहीहरु* पूर्ण र भरपर्दो छ र सर्वसाधारणलाई समयमा नै उपलब्ध गराईएको छ।	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष

२४.३.२.खरिद सुचनामा सर्वसाधारणको पहुँचसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

<table>
<tr><th>अवधि</th><th>सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड</th><th>मापदण्ड पूरा गरे नगरेको</th></tr>
<tr><td>पूरा भएको अन्तिम आर्थिक वर्ष २०७७।७८</td><td>प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि : " प्रत्येक खरिदका प्रमुख सुचना तत्वहरु सरकारी निकायहरुको सबै (All) खरिद कारवाहीहरु पूर्ण र भरपर्दो छ र सर्वसाधारणलाई समयमा नै उपलब्ध गराईएको छ "</td><td>आँशिक रुपमा पूरा गरेको</td></tr>
<tr><td>सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार</td><td colspan="2">प्रदेश १ को आर्थिक विवरण तथा सो कोपरीक्षण आर्थिक वर्ष २०७७।७८ सम्मको भएकोले सो आर्थिक वर्षलाई पूरा भएको अन्तिम आर्थिक वर्षको रुपमा मानिएको छ। प्रस्तुत सुचकको लागि खरिद विधिहरु प्रतिपर्धात्मक भए नभएको भनी परीक्षण गर्नुपर्ने अवस्था छ।
<table>
<tr><th>सुचनाको विषय र पहुँच</th><th>उपलब्ध भए / नभएको</th><th>उपलब्धताको अवस्था वा उपलब्ध नभएको भए सो को अवस्था</th></tr>
<tr><td>खरिदको लागि कानून र कानूनी संरचना</td><td>भएको</td><td>सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ कार्यान्वयनमा रहेको र खरिदसम्बन्धी मार्गदर्शनहरु (मुल्य समायोजन तथा विद्युतीय खरिद) वेभसाईटमा उपलब्ध रहेको र सो कानून सर्वसाधारणको पहुँचमा रहेको (www.ppmo.gov.np)।</td></tr>
</table>
</td></tr>
</table>

	सरकारी खरिद योजनाहरु	**भएको**	बर्षिक बजेट तथा कार्यक्रमसाथै अनिवार्य रुपमा पेश गर्नुपर्ने कानूनी प्रावधान रहेको । आवश्यकतानुसार खरिद गुरु र वार्षिक खरिद योजना तयार गर्ने व्यवस्था रहेको छ । सर्वसाधारणहरुको लागि उपलब्ध हुने व्यवस्था देखिंदैन तर सुचना कानून बमोजिम पहुँच हुने व्यवस्था गर्न सकिने ।
	बोलपत्रसम्बन्धी अवसरहरु	**भएको**	सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार २० लाख भन्दा बढी लागत अनुमान भएको लागत अनुमानको अनिवार्य बोलपत्र गर्नुपर्ने भएकोले पत्रपत्रिकाहरुमा प्रकाशन हुने गरेको र सार्वजनिक निकाय तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट *www.ppmo.gov.np* मा उपलब्ध रहेको र पहुँच जतिखेर पनि गर्न सकिने अवस्था रहेको ।
	करार प्रदान (उद्देश्य, निर्माण व्यवसायी र मुल्य)	**नभएको**	सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३७ बमोजिम खरिद सम्झौताको सार्वजनिक सुचना गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । करार प्रदान गरेपछि खरिदको प्रकृति, सम्झौता मुल्य, निर्माण व्यवसायीको नाम आदि उल्लेख गरी हरेक सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयमा सम्झौता भएको ३ (तीन) दिन भित्र पठाउनु पर्ने व्यवस्था रहेको तर प्रायःजसो सार्वजनिक निकायहरुमले पठाउने कार्य नगरेको र सार्वजनिक खरिद अनुगमन कार्यालयले पनि अद्यावधिक नगरेको तथा अनुगमन कार्य प्रभावकारी नभएको, वेभसाईटमा समेत नराखेको ।
	खरिद गुनासोको समाधानको (तथ्याँक) डाटा	**भएको**	**सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४** मा सार्वजनिक निकायहरुले लागत अनुमानको २ करोड भन्दा बढीको खरिद कार्य भएको अवस्थामा पुनरावलोकन समितिमा गुनासो गर्न सकिने प्रावधान भएनुसार गुनासो सुन्ने प्रावधान रहेको छ। प्रदेशस्तरमा प्रत्येक सार्वजनिक निकायले २ करोड भन्दा कम रकमको पुनरावलोकन गरेको अवस्थामा अभिलेख राख्नुपर्ने व्यवस्था खरिद कानूनमा गरिएको भएतापनि प्रदेश स्तरमा यस्तो तथ्याँक राखिएको देखिएन । सो समितिले गुनासो सम्बन्धमा दिएको निर्णयको सारसंग्रह सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट *www.ppmo.gov.np* मा गुनासोको विवरण तथा पुनरावलोकन समितिले गरेको निर्णय समेत उपलब्ध रहेको र सार्वजनिक रुपमा पहुँच गर्न सकिने अवस्थामा रहेको छ ।

अन्तिम मसौदा

	राष्ट्रिय । प्रदेश खरिद तथ्याँक	**नभएको**	राष्ट्रिय तथ्याँक सार्वजनिक खरिद अनुगमन कार्यालयले राख्ने व्यवस्था भएता पनि सो कार्यालयले यस्तो तथ्याँक राखेको देखिंदैन र प्रकाशन पनि गरेको देखिंदैन । प्रदेशस्तरमा यस्तो तथ्याँक राख्ने व्यवस्था भएको नदेखिएको ।
	प्रस्तुत सुचकको लागि तोकिएको ६ वटा मापदण्ड अनुसार परीक्षण गर्दा ४ वटा मापदण्ड पूरा गरेको देखिन्छ ।		

२४.३.३. खरिद सुचनामा सर्वसाधारणको पहुँचसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२४.३. खरिद सुचनामा सर्वसाधारणको पहुँच	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *प्रत्येक खरिदका प्रमुख सुचना तत्वहरु सरकारी निकायहरुको सबै (All) खरिद कारवाहीहरु पूर्ण र भरपर्दो छ र सर्वसाधारणलाई समयमा नै उपलब्ध गराईएको छ ।*	**"ख"**	खरिदका प्रमुख सुचना तत्वहरु मध्ये **कम्तीमा *चार तत्वहरु*** सरकारी निकायहरुको ***अधिकाँश (Most)*** *खरिद कारवाहीहरु* पूर्ण र भरपर्दो छ र सर्वसाधारणलाई समयमा नै उपलब्ध गराईएको छ ।	*सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४, सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय कारोवार निर्देशिका २०७५,* सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट *www.ppmo.gov.np, प्रदेश १ सरकारको मन्त्रालयहरुको वेभसाईट (www.p1.gov.np)*
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	सुचक २४.३. को लागि "ख" अंक र स्तर निर्धारण गरिएको छ । माथि खण्ड २४.३.२. खरिद विधिसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरुमा प्रस्तुत सुचकको लागि ६ वटा आधार पूरा गर्नुपर्नेमा सो खण्डमा उल्लिखित प्रमाण आधार तथा विवरण अनुसार प्रदेश १ ले ४ (चार) वटा मापदण्ड मात्र पूरा गरेको देखिएकोले सो आधारमा मापदण्ड अनुसार "ख" को आधार र मापदण्ड मात्र पूरा गरेकोले पूरा भएको अन्तिम आर्थिक वर्ष २०७७।७८ मा यस सुचकको लागि "ख" अंक र स्तर निर्धारण गरिएको छ			

अन्तिम मसौदा

२४.४. खरिद गुनासो व्यवस्थापन (Procurement complaints management)

सार्वजनिक खरिदमा सरोकारवालाहरुलाई गुनासो गर्ने प्रावधान गरिनु आवश्यक छ । यसको लागि सामान्य अदालत प्रणालीको अतिरिक्त सरोकारवालावर्गलाई प्रशासकीय गुनासो समाधान संयन्त्रको स्वतन्त्रताको अस्तित्व र प्रभावकारिताको मुल्याँकन गर्ने कार्य पहुँचको व्यवस्था गर्नु पर्दछ । गुनासो व्यवस्थापन गर्दा गुनासो पेश गर्ने र समाधानको लागि आवश्यकताको समयमा करार निर्णय उल्टाएर भएपनि करार प्रदान गर्न सकिने स्पष्ट, पारदर्शी, स्वतन्त्र र समयमा आधारीत व्यवस्था हुनुपर्नेछ । यसको लागि असल प्रकृया पुनरावलोकनको लागि बाह्य उच्च अधिकारीलाई समाधानको लागि गुनासो (निवेदन) दिन सकिने प्रकृया हो । यसको साथै गुनासो गर्ने संयन्त्रको स्वतन्त्रता र उजूरीकर्तालाई प्रदान गरिएको संरक्षण व्यवस्था भएको हुनुपर्नेछ ।

२४.४.१. खरिद गुनासो व्यवस्थापनसम्बन्धी मापदण्ड र आधार :

खरिद गुनासो पुनरावलोकन गर्ने निकायको व्यवस्थापन निम्न आधारमा भएको हुनुपर्नेछः

१. खरिद कारोवारमा कुनै हैसियत (ऋबउबअष्तथ) को आधारमा संलग्न नरहेको वा खरिद प्रकृयामा जस्बाट करार प्रदान गर्ने निर्णयहरु हुन्छ ।
२. कुनै **शुल्क फी** लगाउदैन जस्ले सम्बन्धीत पक्षहरुलाई पहुँच गर्न रोक लगाउँछ ।
३. गुनासोहरुको प्रस्तुती र समाधानको लागि अवलम्बन गरेको प्रक्रियाहरु स्पष्ट परिभाषित गरिएको र सार्वजनिक रुपमा उपलब्ध भएको
४. खरिद प्रकृया सस्पेण्ड गर्न अधिकार अभ्यास गर्दछ
५. नियममा तोकिएको समयसीमा भित्र निर्णयहरु जारी गर्दछ
६. जारी गरेको निर्णयहरु प्रत्येक पक्षलाई बाध्यात्मक भएको (बाह्य उच्च अधिकारीको पहुँचले असर नपार्ने)

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	खरिद गुनासो प्रणालीले *प्रत्येक आधारहरु* पूरा गर्दछ	**प्रदेश स्तर**	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ख"	खरिद गुनासो प्रणालीले आधार (१) र *आधारहरु* मध्ये अन्य ३ आधारहरु पूरा गर्दछ	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ग"	खरिद गुनासो प्रणालीले आधार (१) र *आधारहरु* मध्ये **अन्य १** आधार पूरा गर्दछ	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष

अन्तिम मस्यौदा

२४.४.२. खरिद गुनासो व्यवस्थापनसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

<table>
<tr><th>अवधि</th><th>सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड</th><th>मापदण्ड पूरा गरे नगरेको</th></tr>
<tr><td>पूरा भएको अन्तिम आर्थिक वर्ष २०७७।७८</td><td>प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि : " खरिद गुनासो प्रणालीले प्रत्येक आधारहरु पूरा गर्दछ"</td><td>मापदण्ड पूरा गरेको</td></tr>
<tr><td>सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार</td><td colspan="2">खरिद गुनासोको व्यवस्थापनको लागि ६ वटा आधारहरु गुनासो प्रणालीले पूरा गर्नुपर्ने प्रावधान राखिएको छ । तपसिलमा उल्लिखित गुनासो व्यवस्थापनका आधारहरुको उपलब्धता वा प्रणाली व्यवस्थापनको आधारमा परीक्षण गरिएको छ :
<table><tr><td>गुनासो व्यवस्थापनका आधारहरु</td><td>आधार पूरा भए नभएको</td><td>सम्पुष्टीका आधार तथा प्रमाणहरु</td></tr></table></td></tr>
</table>

		१. खरिद कारोवारमा कुनै हैसियत (Capacity) को आधारमा संलग्न नरहेको वा खरिद प्रकृयामा जस्बाट करार प्रदान गर्ने निर्णयहरु हुन्छ	पूरा हुने देखिएको	सार्वजनिक खरिद ऐन २०६३ को दफा ४८ अनुसार खरिद प्रकृयामा संलग्न नहुने कर्मचारीहरु समावेश भएको छुट्टै पुनरावलोकन समितिको व्यवस्था गरी २ करोड भन्दा माथिको बोलपत्रहरुको गुनासो सुन्ने कानूनी प्रावधान रहेकोले एक स्वतन्त्र पुनरावलोकन समितिको व्यवस्था रहेको छ ।	
		२.कुनै **शुल्क फी** लगाउदैन जस्ले सम्बन्धीत पक्षहरुलाई पहुँच गर्न रोक लगाउँछ	आँशिक आधार पूरा हुने	सार्वजनिक निकायको खरिद रकम २ करोडसम्म भएमा खरिद गुनासो पुनरावलोकन गर्ने निकाय प्रमुखकोमा गुनासो गर्दा सार्वजनिक खरिद ऐनको दफा ४७ अनुसार शुल्क फी लगाउने प्रावधान रहेको छैन । तर सामान्य गुनासो निवेदन दर्ता गर्न फी वा शुल्क लाग्ने गरेको देखिंदैन । तर २ करोड भन्दा माथिको खरिद कार्यको लागि गुनासो गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०४ मा कबोल गरेको रकमको १ प्रतिशतका दरले जमानत राख्नुपर्ने प्रावधान राखिएको छ । बोलपत्रदाता वा प्रस्तावदाताहरुको लागि मात्र यस्तो प्रावधान गरिएको छ ।	
		३. गुनासोहरुको प्रस्तुती र समाधानको लागि अवलम्बन गरेको प्रक्रियाहरु स्पष्ट परिभाषित गरिएको र सार्वजनिक रुपमा उपलब्ध भएको	आधार पूरा गरेको	सार्वजनिक खरिद ऐन २०६३ को दफा ५० मा पुनरावलोकनको तरिकामा गुनासो गर्ने तरिका स्पष्ट गरिएको र सार्वजनिक खिर नियमावली २०६४ को नियम ५० मा पुनरावलोकनको तरिका र प्रकृया स्पष्ट गरिएको छ । सार्वजनिक खरिद ऐन र नियमावली सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट *www.ppmo.gov.np मा सो कानूनहरु सर्वसाधारणले हेर्न सक्ने गरी व्यवस्था गरिएको छ ।*	
		४.खरिद प्रकृया सस्पेण्ड गर्न अधिकार अभ्यास गर्दछ	आधार पूरा गरेको	सार्वजनिक खरिद ऐन २०६३ को दफा ५०(५)मा पुनरावलोकन समितिलाई सार्वजनिक निकायको अनधिकृत कार्य वा निर्णयलाई पूर्ण वा आँशिक रुपमा रद्द गर्ने प्रावधान रहेको छ र सो समितिको सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट *www.ppmo.gov.np* मा भएको निर्णय संग्रहले पनि रद्द गर्ने आदेश दिएको कुरा पुष्टी गर्दछ ।	

अन्तिम मसौदा

		५.नियममा तोकिएको समयसीमा भित्र निर्णयहरु जारी गर्दछ	आधार पूरा गरेको	सार्वजनिक खरिद ऐन २०६३ को दफा ५० को पुनरावलोकनको तरिकाको उपदफा (४)मा निवेदन परेको ३० दिन भित्र पुनरावलोकन समितिले निर्णय दिईसक्नुपर्ने तथा निकाय प्रमुख समक्ष दिएको निवेदनको सम्बन्धमा सो ऐनको दफा ४७ (६) बमोजिम ५ दिन भित्र निर्णय दिनुपर्ने बाध्यात्मक व्यवस्था रहेको छ । निकाय प्रमुखले निर्णय नदिएमा पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने व्यवस्थाले समयसीमा भित्र निर्णय दिनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ ।	
		६. जारी गरेको निर्णयहरु प्रत्येक पक्षलाई बाध्यात्मक भएको *(बाह्य उच्च अधिकारीको पहुँचले असर नपार्ने)*	आधार पूरा गरेको	पुनरावलोकन समिति स्वतन्त्र रहेको र सो समितिले दिएको निर्णय अनुसार खरिद प्रकृया अन्तरिम अवधिको लागि रोक्का गर्नुपर्ने र कागजात उपलब्ध गराउनु पर्ने र दिएको निर्णय बमोजिम दुवै पक्षलाई बाध्यात्मक नै रहेको देखिन्छ ।	

अन्तिम मसौदा

२४.४.३. खरिद गुनासो व्यवस्थापनसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२४.४. खरिद गुनासो व्यवस्थापन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** खरिद गुनासो प्रणालीले *प्रत्येक आधारहरु* पूरा गर्दछ *(६ वटा आधारहरु)*	**"क"**	खरिद गुनासो प्रणालीले *प्रत्येक आधारहरु* पूरा गर्दछ *(६ वटा आधारहरु)*	*सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४,* सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट *www.ppmo.gov.np,*
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २४.४ गुनासो व्यवस्थापनको लागि "क" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २४.४.२. मा प्रदेशको खरिद गुनासो प्रणालीले *प्रत्येक आधारहरु* पूरा गर्नुपर्नेमा प्रदेश १ ले पनि सार्वजनिक खरिद ऐन २०६३ र सो अन्तर्गतको नियमावली २०६४ का आधारभूत प्रावधानहरु पालना गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । माथि उल्लिखित खण्ड २४.४.२ मा उल्लिखित यस सुचकको खरिद गुनासो प्रणालीमा उल्लिखित *६ वटा आधारहरु नै सारभूत रुपमा पूरा गरेको देखिएकोले सो खण्डको प्रत्येक आधारहरुमा उल्लिखित प्रमाणहरुको आधारमा यस सुचकमा प्रदेश १ ले* पूरा भएको अन्तिम आर्थिक वर्ष २०७७।७८ मा यस सुचकमा तोकिएको सबै मापदण्ड र आधारहरु पूरा गरेको देखिंदा **"क"** अंक प्रदान गरिएको छ ।			

सुचक २५: आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रण

आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सरकारी वित्तीय नियन्त्रकहरु र वरिष्ठ व्यवस्थापकहरुसँगको छलफलबाट वा लेखापरीक्षण समितिको निर्णय लगायत आन्तरिक तथा बाह्य लेखापरीक्षकहरुले तयार गरेको प्रतिवेदनहरुको आधारमा कार्यान्वयन गरिन्छ । त्यस्तै व्यवस्थापनले तयार गरेको नियमित वित्तीय प्रतिवेदनहरु र व्यवस्थाकीय बैठकहरुबाट तयार भएको निर्णय प्रस्तावहरु पनि यसका प्रमुख आधारहरु हुन । संभव भएसम्म यस्ता कार्यहरुको कार्यविधि मार्गदर्शन र निर्देशनहरु पनि अध्ययन गरी विवरण पुष्टी गर्नुपर्दछ । त्यस्तै बिल विजकहरुको भुक्तानी भएको र बाँकी रहेको प्रतिवेदनहरु, वित्तीय कार्यविधिको अस्वीकार गर्ने अवस्थाले पनि नियन्त्रणको संकेत गर्दछ ।

यस सुचकले तलब बाहेकका खर्चहरुको लागि सामान्य आन्तरिक नियन्त्रणहरुको प्रभावकारितालाई मापन गर्दछ । प्रस्तुत सुचकका तीन पाटाहरु छन र एकीकृत अंकको लागि M2 (AV) प्रयोग गरिन्छ ।

२५.१. आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रण

आन्तरिक नियन्त्रणको आधारभूत तत्व भनेको कर्मचारी वा कर्मचारीको समूहलाई ***कामको दौरानमा*** छलकपट वा गल्तीहरु लुकाउन र अपराध (perpetrate) गर्नबाट रोकथाम गर्दछ । बाँडफाँटको मुख्य जिम्मेवारीहरु विशेष गरी अख्तियारी, अभिलेख, सम्पतिको अधिन र समायोजन वा लेखापरीक्षणलाई जनाउँछ ।

२५.१.१. आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रण (कामको बाँडफाँट) सम्बन्धी मापदण्ड र आधार :

अंक (Score) **को स्तर**	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र** (Coverage)	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
“क”	खर्च प्रक्रियाको सम्पूर्ण कामको लागि *उपयुक्त* बाँडफाँट (Segregate) सिफारिश गरिएको छ । जिम्मेवारीहरु स्पष्ट तोकिएको छ ।	**प्रदेश स्तर**	मुल्याँकन हुने समय
“ख”	खर्च प्रक्रियाको सम्पूर्ण कामको लागि बाँडफाँट (Segregate) सिफारिश गरिएको छ । अधिकाँश मुख्य चरणहरुको लागि जिम्मेवारीहरु तयार गरिएको केही क्षेत्रहरुमा थप विस्तृततीकरण आवश्यकता पर्न सक्छ ।	प्रदेश स्तर	मुल्याँकन हुने समय
“ग”	खर्च प्रक्रियाको सम्पूर्ण कामको लागि बाँडफाँट (Segregate) सिफारिश गरिएको छ । महत्वपूर्ण जिम्मेवारीहरुको लागि अझ स्पष्ट परिभाषा आवश्यकता पर्न सक्छ ।	प्रदेश स्तर	मुल्याँकन हुने समय
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकन हुने समय

२५.१.२. आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रणसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
मुल्याँकन हुने समय २०७८।७९	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** “ खर्च प्रक्रियाको सम्पूर्ण कामको लागि *उपयुक्त* बाँडफाँट (Segregate) सिफारिश गरिएको छ । जिम्मेवारीहरु स्पष्ट तोकिएको छ ।”	**मापदण्ड पूरा गरेको**

सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	आन्तरिक नियन्त्रण प्रणालीको सम्बन्धमा खर्च र संचालन दुवै पक्षमा कर्मचारीहरुको कार्यप्रवाहमा हुने सम्पूर्ण कामको बाँडफाँट गरिनु पर्दछ । यसको लागि कर्मचारीहरुको प्रत्येक कार्यप्रवाहमा जिम्मेवारीहरु स्पष्ट गर्नु आवश्यक हुन्छ । यस सम्बन्धमा खर्च प्रक्रियाको लागि ***प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८*** मा व्यवस्था गरिएको छ । यस ऐनमा लेखा उत्तरदायी अधिकृत, जिम्मेवार व्यक्ति, आर्थिक प्रशासन प्रमुख, भण्डार प्रमुख आदि पदमा कार्यरत पदाधिकारीहरुको काम कर्तव्य र जिम्मेवारीहरु उल्लेख गरिएको छ । यसले गर्दा मन्त्रालयस्तरको प्रमुख पदाधिकारीहरु देखि कार्यसंचालनसम्म जिम्मेवारी तोकिएको छ । यस ऐनको दफा ९ र १० मा बजेट प्रस्ताव र छलफल तथा विनियोजन कानून पेश गर्न शाखा महाशाखागत रुपमा कार्य विभाजन गरिएको छ । त्यस्तै दफा २० मा बजेट निकासा, दफा २१ बजेट तथा कार्यक्रम कार्यान्वयन, दफा २२ मा रकमान्तर तथा श्रोतान्तर, दफा २५ मा बजेट तथा कार्यक्रमको अनुगमन र मुल्याँकन, दफा २६ मा खर्च गर्ने कार्यविधि र मापदण्ड, दफा २८ कारोवारको लेखा, दफा ३० मा नगद जिन्सी दाखिला र लेखा, ३१ लेखा तथा वित्तीय विवरण पेश गर्ने, दफा ३३ मा आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी प्रावधान गरिएको छ । त्यस्तै दफा ५३ बमोजिम लेखा तयार गर्ने जिम्मेवारी, दफा ५४ मा आर्थिक प्रशासन संचालन गर्ने जिम्मेवारी, दफा ५६ मा सरकारी नगदी जिन्सी दुरुपयोग वा मस्यौट भएमा कारवाही गरिने भनी सो काममा संलग्न पदाधिकारीहरुलाई कारवाही गरिने उल्लेख भएको छ । प्रदेश १ को **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली** तर्जुमा भै सकेको नदेखिंदा संघीय सरकारको सोसम्बन्धी नियमावली **२०७७** पनि प्रदेशको लागि मार्गदर्शन र पालना गर्नुपर्ने विषय भएकोले सो नियमावलीको **परिच्छेद ४ मा बजेट निकासा खर्च तथा नियन्त्रण**को विषयमा स्पष्ट रुपमा खर्च र सोसम्बन्धी विषयगत कार्यको विवरण तथा जिम्मेवार पदाधिकारीहरु उल्लेख गरिएको देखिन्छ । यस नियमावलीले कार्यविधि स्पष्ट समेत गरेको छ । यसरी माथि उल्लिखित सबै कार्यहरुमा मुख्यतः लेखा उत्तरदायी अधिकृत, जिम्मेवार व्यक्ति, आर्थिक प्रशासन प्रमुख, भण्डार प्रमुख आदि पदमा कार्यरत पदाधिकारीहरुको कामको स्पष्ट वाँडफाँट गरिएको छ भने ती पदहरुको काम कर्तव्य र जिम्मेवारीहरु पनि उल्लेख गरिएको छ । उल्लिखित पदाधिकारीहरुले जिम्मेवारी पूरा नगरेमा आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणको माध्यमबाट जाँच परीक्षण गरी आवश्यक कारवाही गरिने प्रावधान समेत रहेको छ ।

२५.१.३. आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रणसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२५.१. आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रण	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** खर्च प्रक्रियाको सम्पूर्ण कामको लागि *उपयुक्त* बाँडफाँट (Segregate) सिफारिश गरिएको छ । जिम्मेवारीहरु स्पष्ट तोकिएको छ ।	**"क"**	खर्च प्रक्रियाको सम्पूर्ण कामको लागि *उपयुक्त* बाँडफाँट (Segregate) सिफारिश गरिएको छ । जिम्मेवारीहरु स्पष्ट तोकिएको छ ।	प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७
सुचकको उल्लिखित अंक प्राप्तीको	**सुचक २५.१. को लागि "क" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २५.१.२ मा *उल्लिखित खर्च प्रक्रियमा संलग्न हुने प्रत्येक पदाधिकारीहरुको कामको प्रकृति र खर्च गर्ने प्रत्येक प्रक्रियामा जिम्मेवारी निश्चित गरिएको*			

पुष्टयाई र व्याख्या	*हुँदा खर्च प्रक्रियाको सम्पूर्ण कामको बाँडफाँट स्पष्ट तोकी जिम्मेवारीहरु पनि स्पष्ट गरिएको देखिन्छ । यसैले उल्लिखित कानूनी प्रावधानहरुको आधारमा यस सुचकमा प्रदेश १ ले* मुल्याँकन हुने समय आर्थिक वर्ष २०७९।८० मा यस सुचकमा तोकिएको सबै मापदण्ड र आधारहरु पूरा गरेको देखिंदा "क" अंक निर्धारण गरिएको छ ।

२५.२. खर्चको प्रतिबद्धता नियन्त्रणहरुको प्रभावकारिता (Effectiveness of expenditure commitment controls)

सरकारले पूरा गर्नुपर्ने भुक्तानी प्रतिबद्धताहरु वार्षिक बजेट बाँडफाँट (पुनरावलोकन समेत) र प्रक्षेपणको आधारमा उपलब्ध हुने नगद प्रवाहबाट आवश्यक उपायहरु एकीन गरी सो को भुक्तानी गरी बक्यौता नरहोस भनी सजग रहनुपर्दछ । यसले सरकारको समष्टिगत वित्त नियम र राम्रो विकसित ऋण बजारमा पहुँच भएमा नगद प्रवाहमा उतारचढाव भए पनि फरक पर्दैन । तर विभिन्न वातावरणहरुमा काम गर्ने सरकारले प्रतिबद्धता सीमा जारी गर्नुपर्ने अवस्था आउँछ । त्यसैले खर्चको प्रतिबद्धता नियन्त्रणको कार्य प्रभावकारी बनाउनु आवश्यक छ ।

२५.२.१. खर्चको प्रतिबद्धता नियन्त्रणहरुको प्रभावकारितासम्बन्धी मापदण्ड र स्तर निर्धारण

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	*समष्टिगत* खर्च प्रतिबद्धता नियन्त्रणहरु यथास्थान (in place) मा छ र स्वीकृत बजेट बाँडफाँटहरु र प्रक्षेपित नगद उपलब्धतालाई गरिएको प्रतिबद्धताहरु प्रभावकारीरुपमा सीमित गर्दछ ।	**प्रदेश स्तर**	मुल्याँकन हुने समय
"ख"	खर्च प्रतिबद्धता नियन्त्रणहरु यथास्थान (in place) मा छ र अधिकाँश खर्चको प्रकारको लागि स्वीकृत *बजेट बाँडफाँटहरु र प्रक्षेपित* नगद उपलब्धतालाई गरिएको प्रतिबद्धताहरु प्रभावकारीरुपमा सीमित गर्दछ ।	प्रदेश स्तर	मुल्याँकन हुने समय
"ग"	खर्च प्रतिबद्धता नियन्त्रण कार्यविधि अस्तित्वमा रहेको तर आँशिक रुपमा समेटेको र आँशिक रुपमा प्रभावकारी रहेको छ ।	प्रदेश स्तर	मुल्याँकन हुने समय
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकन हुने समय

२५.२.२. खर्चको प्रतिबद्धता नियन्त्रणसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
मुल्याँकन हुने समय २०७८।७९	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** "*समष्टिगत* खर्च प्रतिबद्धता नियन्त्रणहरु यथास्थान (in place) मा छ र स्वीकृत बजेट बाँडफाँटहरु र	**मापदण्ड आँशिक रुपमा पूरा गरेको**

	प्रक्षेपित नगद उपलब्धतालाई गरिएको प्रतिबद्धताहरु प्रभावकारीरुपमा सीमित गर्दछ ।"	
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा १२ मा **सम्भावित दायित्व तथा प्रतिबद्धताको व्यवस्थापनको** प्रावधान गरिएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रचलित कानून बमोजिम सिर्जीत आर्थिक दायित्व, नेपाल सरकार, प्रदेश सरकारको विभिन्न सम्झौता निर्णय वा अदालतको निर्णय तथा आदेशबाट व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व वा राजस्वमा छुट दिन प्रतिबद्धता जनाईएको भए सो को आधारमा सिर्जना भएको दायित्व वापतको रकमको स्पष्ट अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । प्रदेश १ को सो ऐनको कार्यान्वयनको लागि नियमावली नबनेको हुँदा संघीय **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७** को प्रावधानलाई ध्यानमा राख्नु आवश्यक छ। सो नियमावलीको **नियम २० मा सम्भावित दायित्वको अभिलेख** राख्नुपर्ने व्यवस्था रहेको जस्मा प्रदेश कानून बमोजिम सिर्जित दायित्व वा प्रदेश सरकारको विभिन्न सम्झौता निर्णय वा अदालतको निर्णय तथा आदेशबाट व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्वको अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष समाप्त भएको पैतीस दिन भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । त्यस्तै **नियम २१ मा प्रतिबद्धता रकमको विवरण** अन्तर्गत ठेक्का सम्झौता अन्तर्गतको प्रतिबद्धता (कन्टाक्चुअल अब्लिगेशन) केन्द्रीय निकाय र बजेट छलफलको क्रममा अर्थ मन्त्रालयमा पेश गर्नुपर्ने प्रावधान राखिएको छ । आगामी आर्थिक वर्षको बजेट पेश गर्दा सो प्रतिबद्धतालाई रकम छुट्याएर मात्र बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै यस्तो विवरण पेश नगरेको अवस्थामा आर्थिक मामिला तथा योजना मन्त्रालयले बाँकी बजेट वा थप बजेट रोक्का गर्न सक्ने प्रावधान (नियम २१(७)) गरिएको छ । **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २३ मा** *बजेट रोक्का वा समर्पण गर्न लगाउने व्यवस्था गरी बाँडफाँट नभएको रकम चालु आर्थिक वर्षको चौमासिक भित्र विभाजन नभएमा तथा आर्थिक वर्षको दोश्रो चौमासिक सम्म खर्च नभएको विनियोजन ऐन बमोजिमको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो निकायहरुको बजेट रोक्का गरी समर्पण गर्न लगाउने व्यवस्था समेत सो दफामा गरिएको देखिन्छ ।* उल्लिखित कानूनी व्यवस्था भएपनि अधिकाँश प्रदेश १ का मन्त्रालयहरुको आर्थिक वर्ष २०७७।७८ मा बजेट अनुसार खर्च हुन सकेको देखिंदैन । यसको अतिरिक्त अघिल्लो आर्थिक वर्षहरुमा यस्तो लेखाँकनसम्बन्धी प्रतिबद्धता नभए पनि बजेट तथा कार्यक्रमसम्बन्धी श्रोत सुनिश्चितता गरेको कारणले प्रतिबद्धता गरेको रकमको व्यवस्थापनमा कठिन हुने गरेको जानकारीमा आएको छ । यस्तो कार्यले प्रतिबद्धता अनुसार बजेट विनियोजनमा समस्या हुने गरेको देखिएकोले यस्तो कार्यलाई **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** मा नै आवश्यक व्यवस्था गर्ने र माथि उल्लिखित सम्झौता प्रतिबद्धताको माध्यमबाट नियन्त्रण गर्नु आवश्यक छ ।	

२५.२.३. खर्चको प्रतिबद्धता नियन्त्रणसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२५.२. खर्चको प्रतिबद्धता	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *समष्टिगत*	**"ग"**	खर्च प्रतिबद्धता नियन्त्रण कार्यविधि	प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय

नियन्त्रणहरुको प्रभावकारिता	खर्च प्रतिबद्धता नियन्त्रणहरु यथास्थान (in place) मा छ र स्वीकृत बजेट बाँडफाँटहरु र प्रक्षेपित नगद उपलब्धतालाई गरिएको प्रतिबद्धताहरु प्रभावकारीरुपमा सीमित गर्दछ		अस्तित्वमा रहेको तर आँशिक रुपमा समेटेको र आँशिक रुपमा प्रभावकारी रहेको छ ।	उत्तरदायित्व ऐन २०७८, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २५.२. को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २५.२.२ मा *उल्लिखित* **खर्चको प्रतिबद्धता नियन्त्रणहरुको प्रभावकारिताको सम्बन्धमा प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा १२ मा **सम्भावित दायित्व तथा प्रतिबद्धताको व्यवस्थापनको सम्बन्धमा सो** आधारमा सिर्जना भएको दायित्व वापतको रकमको स्पष्ट अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ। संघीय **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७** को **नियम २० मा सम्भावित दायित्वको अभिलेख** राख्नुपर्ने व्यवस्था रहेको तथा **नियम २१ मा प्रतिबद्धता रकमको विवरण** अन्तर्गत ठेक्का सम्झौता अन्तर्गतको प्रतिबद्धता (कन्टाक्चुअल अब्लिगेशन) आगामी आर्थिक वर्षको बजेट पेश गर्दा सो प्रतिबद्धतालाई रकम छुट्याएर मात्र बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै यस्तो विवरण पेश नगरेको अवस्थामा आर्थिक मामिला तथा योजना मन्त्रालयले बाँकी बजेट वा थप बजेट रोक्का गर्न सक्ने प्रावधान (नियम २१(७)) गरिएको छ । त्यस्तै **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २३ मा** *चालु आर्थिक वर्षको चौमासिक भित्र विभाजन नभएमा तथा आर्थिक वर्षको दोश्रो चौमासिक सम्म खर्च नभएको विनियोजन ऐन बमोजिमको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो निकायहरुको बजेट रोक्का गरी समर्पण गर्न लगाउने व्यवस्था समेत गरिएकोले प्रतिबद्धता नभएको रकमहरु नियन्त्रण गर्ने प्रणाली रहेको देखिन्छ ।* उल्लिखित कानूनी व्यवस्था भएपनि प्रदेश १ का अधिकाँश मन्त्रालयहरुको आर्थिक वर्ष २०७७।७८ मा बजेट अनुसार खर्च गर्न नसकेको देखिंदैन । प्रतिबद्धता रकमको विवरण पनि प्रदेश लेखानियन्त्रक कार्यालयको वार्षिक आर्थिक विवरणमा देखिंदैन । यसको अतिरिक्त प्रतिबद्धताको सम्बन्धमा **प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ को कैफियत गम्भीर प्रकृतिको देखिन्छ । सो प्रतिवेदनको दफा १२ (पेज २४) मा** *उल्लिखित वेरुजुले प्रतिबद्धताको कार्यमा उत्तरदायी भएको देखिंदैन । सो प्रतिवेदनमा प्रदेश सरकारको गठन पश्चात संघबाट हस्तान्तरण भएका आयोजनाहरु र प्रदेश सरकारबाट श्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयबाट संचालित वहुवर्षिय आयोजनाहरुको कुल लागत अनुमान ५९ अर्ब ८८ करोड ९ लाख भएकोमा खरिद प्रक्रियामा गएर सम्झौता भई दायित्व सिर्जना भएको ४४ अर्ब ३१ करोड ५२ लखा रहेकोमा सो दायित्व रकम २०७७।७ को कुल बजेटभन्दा बढी देखिएकोले प्रदेश सरकारको योजना छनौट तथा श्रोत व्यवस्थापनमा तालमेलको स्थिति नदेखिएको भनी कैफियत देखिएको छ ।* यसरी बजेट रकमको प्रतिबद्धताको सम्बन्धमा मापदण्ड क र ख अनुसारको अवस्था विद्यमान हुने अवस्था देखिंदैन । त्यसैले मुल्याँकन हुने समय आर्थिक वर्ष २०७९।८० मा यस सुचकको लागि प्रदेश १ को लागि कानूनी व्यवस्था अनुसार कार्यविधि स्पष्ट गरिएको तर आँशिक रुपमा मात्र कार्य सम्पन्न भएको आधार देखिएकोले **"ग"** अंक र स्तर निर्धारण गरिएको छ ।			

२५.३. भुक्तानी नियम र कार्यविधिको पालना (Compliance with payment rules and procedures)

भुक्तानी नियन्त्रण गर्ने नियम र कार्यविधिहरुको उपलब्ध प्रमाणको आधारमा पालनाको हदको मुल्याँकन गर्नुपर्दछ । यसको सुचना व्यवस्थापन प्रणाली, कोषको अभिलेखहरु, कार्यकारी मन्त्रालय वा आर्थिक मामिला तथा योजना मन्त्रालयको अन्य अभिलेखहरु अध्ययन गर्नुपर्दछ । ५ वटा मुख्य बजेटरी निकायहरु छनौट गरी अन्तिम सम्पन्न आर्थिक वर्षको कुल खर्च (**Gross Expenditure**) नमूना छनौट गरी मुल्याँकन गर्न सकिन्छ । तथ्याँक उपलब्ध नभएमा वा विकेन्द्रीत भएकोमा मुल्याँकनकर्ताले आन्तरिक वा बाह्य लेखापरीक्षण प्रतिवेदन वा अन्य कुनै अध्ययनहरु जस्ले अत्युत्तम अनुमान उपलब्ध गराउँछ सो कुरामा भर गर्नुपर्दछ ।

२५.३.१. भुक्तानी नियम र कार्यविधिको पालनासम्बन्धी मापदण्ड र स्तर

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	**सबै (All)** भुक्तानीहरुमा नियमित भुक्तानी कार्यविधिहरु पालना गरिएका छन । सबै अपवादहरु अग्रिम रुपमा र न्यायसंगत तरिकाले उपयुक्त रुपमा अख्तियारी प्रदान गरिएको छ ।	**प्रदेश स्तर**	मुल्याँकन हुने समय
"ख"	**अधिकाँश (Most)** भुक्तानीहरुमा नियमित भुक्तानी कार्यविधिहरु पालना गरिएका छन । **बहुसँख्यक (Majority)** अपवादहरु अग्रिम रुपमा र न्यायसंगत तरिकाले उपयुक्त रुपमा अख्तियारी प्रदान गरिएको छ ।	प्रदेश स्तर	मुल्याँकन हुने समय
"ग"	**बहुसँख्यक (Majority)** भुक्तानीहरुमा नियमित भुक्तानी कार्यविधिहरु पालना गरिएका छन । **बहुसँख्यक (Majority)** अपवादहरु अग्रिम रुपमा र न्यायसंगत तरिकाले उपयुक्त रुपमा अख्तियारी प्रदान गरिएको छ	प्रदेश स्तर	मुल्याँकन हुने समय
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकन हुने समय

२५.३.२. भुक्तानी नियम र कार्यविधिको पालनासम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
मुल्याँकन हुने समय २०७७।७८	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *"सबै (All) भुक्तानीहरुमा नियमित भुक्तानी कार्यविधिहरु पालना गरिएका छन । सबै अपवादहरु अग्रिम रुपमा र न्यायसंगत तरिकाले उपयुक्त रुपमा अख्तियारी प्रदान गरिएको छ "*	**मापदण्ड आँशिक रुपमा पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	भुक्तानीसम्बन्धी कार्यविधि प्रदेश सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानूनको आधारमा निर्धारीत गरिन्छ । त्यसैले सो कानूनको प्रावधान अनुसार यस सुचकको परीक्षण गर्नु आवश्यक छ । **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा २१ मा स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नगरेमा लेखाउत्तरदायी अधिकृत जिम्मेवार हुने व्यवस्था गरेको हुँदा विनियोजनको कार्यविधि पूरा गरी कार्यान्वयन गर्ने गराउने जिम्मेवारी निजको रहेको छ । सो ऐनको दफा २० मा बजेट निकासाको अख्तियारी दिनुपर्ने, दफा २६ मा खर्च गर्ने कार्यविधि र मापदण्ड अनुसार खर्च गर्नुपर्ने कार्यविधि स्पष्ट गरिएको छ । यसको साथै सोही ऐनको दफा २५ (२) बमोजिम बजेट तथा कार्यक्रमको	

	समिक्षा गर्दा सम्बन्धीत कार्यक्रम र बजेटको कार्ययोजना, खरिद योजना, नगद प्रवाह योजना समेतको आधारमा भौतिक तथा वित्तीय प्रगतिको समिक्षा गर्दा कार्यान्वयनको सन्दर्भमा अग्रिम स्थिति जानकारी हुने व्यवस्था गरिएको छ । यसरी कानूनी रुपमा सो ऐन तथा संघीय **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७** मा समेत खर्च तथा भुक्तानी कार्यविधिहरु स्पष्ट गरिएको छ । प्रस्तुत कानूनी व्यवस्था अनुसार खर्च गर्नुपर्नेमा सो अनुसार गरे नगरेको कुरा प्रदेश लेखा नियन्त्रक कार्यालयको आन्तरिक लेखापरीक्षण (आलेप) तथा अन्तिम लेखापरीक्षणको कैफियतहरु अध्ययन गर्दा भुक्तानी कार्यविधिहरुको पालना उपयुक्त रुपमा गरिएको देखिंदैन । **प्रदेश लेखा नियन्त्रक कार्यालयको आर्थिक वर्ष २०७६।७७ को आलेप प्रतिवेदन**को वेरुजुहरु हेर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले उपभोग खर्च, खरिद कार्यमा पनि कार्यविधि पालना नगरेको, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयमा पनि भुक्तानीको सामान्य नियमहरु पनि पालना भएको देखिंदैन जस्तै बढी भ्रमण खर्च भुक्तानी, उपभोक्ता समितिलाई सम्झौता भन्दा बढी खर्च भुक्तानी गरेको, दरभाउपत्र नगरी सोझै भुक्तानी गरेको तलब ग्रेड बढी भुक्तानी बिल भरपाई भन्दा बढी भुक्तानी आदि वेरुजुहरु देखिएको छ । त्यस्तै भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको पनि बढी तलब भत्ता भुक्तानी, भ्रमण खर्च लगायत खरिद कार्यमा लागत अनुमान, खरिदका चरणहरु पूरा नगरेको,सोझै खरिदमा समस्या देखिएको छ । सामाजिक विकास मन्त्रालयमा समेत निर्माण कार्य टुक्रा गरि गरेको, बील भन्दा बढी भुक्तानी खरिद कार्यको सुचना प्रकाशनमा समस्या, तलब भत्ता भुक्तानीमा कैफियत आदि देखिएको छ । त्यस्तै भौतिक पूर्वाधार विकास मन्त्रालयको पनि तलब भत्ता भुक्तानी, खरिद कार्यमा उपभोक्ता समितिको प्रयोग कानून बमोजिम नगरेको,निर्माणसम्बन्धी अभिलेख फारामहरु प्रयोगमा नल्याएको, बजेट तथा बिल भरपाई भन्दा बढी भुक्तानी जस्ता कैफियतहरु देखिएको छ । **प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** मा पनि प्रलेनिकाले औल्याएको जस्तै कैफियतहरु उठाएको देखिन्छ । सो प्रतिवेदनको पेज २२ देखि ७१ सम्म उल्लिखित २०७७।७८ को आर्थिक कारोवारहरुको सम्बन्धमा सबै मन्त्रालयहरु तथा निकायहरुमा प्रशासनिक खर्च, कार्यक्रम खर्च तथा खरिद कार्यमा कैफियत र वेरुजुहरु देखिएको छ । यसरी प्रदेश १ का सबैजसो मन्त्रालयहरुको *भुक्तानीहरुमा नियमित भुक्तानी कार्यविधिहरुको कानूनी व्यवस्था गरिएको भएता पनि सो को पर्याप्त पालना गरिएको देखिएन । त्यस्तै सबै अपवादहरु अग्रिम रुपमा र न्यायसंगत तरिकाले उपयुक्त रुपमा गर्ने अख्तियारी समेत पालना गरिएको देखिंदैन ।*

२५.३.३. आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रणसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२५.३. भुक्तानी नियम र कार्यविधिको पालना	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :**	**"ग"**	**बहुसँख्यक (Majority)** भुक्तानीहरुमा नियमित भुक्तानी कार्यविधिहरु पालना गरिएका छन । **बहुसँख्यक (Majority)** अपवादहरु अग्रिम रुपमा र न्यायसंगत तरिकाले	प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, प्रदेश १ महालेखापरीक्षकको

			उपयुक्त रुपमा अख्तियारी प्रदान गरिएको छ	चौथो वार्षिक प्रतिवेदन २०७९, प्रदेश लेखा नियन्त्रक कार्यालयको आर्थिक वर्ष २०७६।७७ को आलेप प्रतिवेदन
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २५.३. को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २५.३.२ मा उल्लिखित आधार प्रमाणहरुको आधारमा अध्ययन गर्दा **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा २१, दफा २० मा बजेट निकासाको अख्तियारी दिनुपर्ने, दफा २६ मा खर्च गर्ने कार्यविधि र मापदण्ड अनुसार खर्च गर्नुपर्ने कार्यविधि स्पष्ट गरिएको छ । सोही ऐनको दफा २५ (२) बमोजिम बजेट तथा कार्यक्रमको समिक्षा गर्दा कार्ययोजना, खरिद योजना, नगद प्रवाह योजना समेतको आधारमा भौतिक तथा वित्तीय प्रगतिको समिक्षा गरी अग्रिम स्थिति जानकारी हुने व्यवस्था गरिएको छ । यसको विस्तृत प्रावधान संघीय **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७** मा समेत खर्च तथा भुक्तानी कार्यविधिहरु स्पष्ट गरिएको छ । उल्लिखित कानूनी व्यवस्था भएता पनि **प्रदेश लेखा नियन्त्रक कार्यालयको आर्थिक वर्ष २०७६।७७ को आलेप प्रतिवेदन**को वेरुजुहरु तथा **प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** को पेज २२ देखि ७१ सम्म उल्लिखित २०७७।७८ को आर्थिक कारोवारहरुको सम्बन्धमा सबै मन्त्रालयहरु तथा निकायहरुमा प्रशासनिक खर्च, कार्यक्रम खर्च तथा खरिद कार्यमा कैफियत र वेरुजुहरु देखिएको छ । यसरी प्रदेश १ का सबैजसो मन्त्रालयहरुको *भुक्तानीहरुमा नियमित भुक्तानी कार्यविधिहरुको कानूनी व्यवस्था गरिएको भएता पनि सो को पर्याप्त पालना गरिएको देखिएन । त्यस्तै सबै अपवादहरु अग्रिम रुपमा र न्यायसंगत तरिकाले उपयुक्त रुपमा गर्ने अख्तियारी समेत पालना गरिएको देखिंएन ।* त्यसैले मुल्याँकन हुने समय आर्थिक वर्ष २०७९।८० मा यस सुचकको लागि प्रदेश १ को लागि कानूनी व्यवस्था अनुसार कार्यविधि स्पष्ट गरिएको तर आँशिक रुपमा मात्र कार्य सम्पन्न भएको आधार देखिएकोले **"ग"** अंक र स्तर निर्धारण गरिएको छ ।			

सुचक २६: आन्तरिक लेखापरीक्षण

यस सुचकले आन्तरिक लेखापरीक्षणमा प्रयोग गरिएको मापदण्ड र कार्यविधिहरुको मुल्याँकन गर्दछ । सुचकको एकीकृत अंकको लागि **M1(WL)** पद्दति प्रयोग गरिन्छ । यस पाटाहरुको मुल्याँकनको लागि सबै अधिकाँश र बहुसंख्यक शब्दहरु प्रयोग गरिएकोमा यस अवस्थामा पूर्ण सुचना प्राप्त भएकोमा सो बमोजिम र त्यसो हुन नसकेमा नमुना छनौट गरी काम गर्नुपर्नेछ । यस सम्बन्धमा ५ बजेटरी एकाई वा संस्थागत एकाईहरुको छनौट गरी सो एकाईहरुको लागि *अन्तिम सम्पन्न आर्थिक वर्षमा* भएको कुल खर्च (**Gross Expenditure**) लाई आधार मानी मुल्याँकन गर्नुपर्दछ । यसको आधार लिंदा **५ वटा निकायहरु** मध्ये सबै निकायहरुले आवश्यकता पूरा गर्ने अवस्था भए **"क", त्यस्तै "ख" र "ग" अंकको लागि ५ मध्ये क्रमशः ४ र ३ निकायहरुले सो आधार पूरा गर्नुपर्नेछ ।**

२६.१. आन्तरिक लेखापरीक्षणको समेटेको क्षेत्र (Coverage of Internal Audit)

आन्तरिक लेखापरीक्षणको कार्यले कुल योजना गरिएको खर्च वा राजस्व संकलनको अनुपातको मापन गरिन्छ जुन वार्षिक लेखापरीक्षण क्रियाकलापहरु सारभूत लेखापरीक्षण कार्य संचालनको आधार पनि लिनुपर्दछ । लेखापरीक्षण कार्यको विशेष विशेषताहरु कार्यसंचालन लेखापरीक्षण कार्यहरु जस्तै *कानुनको अस्तित्व, कार्यविधि*

वा नियमावली, लेखापरीक्षण कार्य योजनाहरु, लेखापरीक्षण कागजात, प्रतिवेदन र अनुगमनको क्रियाकलापहरुले अन्तरराष्टिय मापदण्डमा उल्लिखित आन्तरिक लेखा परीक्षणको उद्देश्यहरु प्राप्त गर्ने तर्फ उन्मुख हुन्छ । मुल्याँकनकर्ताले संचालन लेखापरीक्षणको पर्याप्त प्रमाणको आधारमा क्रियाकलापहरु र व्यवस्थाहरुको सम्बन्धमा मुल्याँकन गर्नुपर्दछ ।

२६.१.१.आन्तरिक लेखापरीक्षणको समेटेको क्षेत्रसम्बन्धी मापदण्ड र स्तर :

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
“क”	प्रदेश सरकारका **सबै (All)** निकायहरुको लागि आन्तरिक लेखापरीक्षण संचालनमा रहेको छ ।	**प्रदेश स्तर**	परीक्षण गरिएको समयमा
“ख”	प्रदेश सरकारका **अधिकाँश (Most)** सबै बजेटेड खर्चहरु गर्ने प्रतिनिधिमुलक निकायहरु र **अधिकाँश (Most)** बजेटेड सरकारी राजस्व संकलन गर्ने प्रदेश सरकारको निकायहरुको लागि आन्तरिक लेखापरीक्षण संचालनमा रहेको ।	प्रदेश स्तर	परीक्षण गरिएको समयमा
“ग”	प्रदेश सरकारका **अधिकाँश (Majority)** सबै बजेटेड खर्चहरु गर्ने प्रतिनिधिमुलक निकायहरु र **अधिकाँश (Majority)** बजेटेड सरकारी राजस्व संकलन गर्ने प्रदेश सरकारको निकायहरुको लागि आन्तरिक लेखापरीक्षण संचालनमा रहेको ।	प्रदेश स्तर	परीक्षण गरिएको समयमा
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	परीक्षण गरिएको समयमा

२६.१.२. आन्तरिक लेखापरीक्षणको समेटेको क्षेत्रसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
परीक्षण गरिएको समयमा **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** “ प्रदेश सरकारका **सबै (All)** निकायहरुको लागि आन्तरिक लेखापरीक्षण संचालनमा रहेको छ ”	**मापदण्ड पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	प्रदेश सरकारका सबै निकायहरुको कार्यसंचालन कोष, विनियोजन, राजस्व र धरौटीको आन्तरिक लेखापरीक्षण गरी वित्तीय नियमितता र हिनामिना तथा फर्स्यौट आदिको स्थिति प्रतिवेदन गरी वित्तीय अनुशासनको पालना भए नभएको एकीन गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा ३५ मा आन्तरिक लेखापरीक्षणसम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ । यस दफामा प्रदेश सरकारका प्रत्येक कार्यालयको कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय (प्रलेनिका) वा सो कार्यालयले तोकेको प्रदेश लेखा इकाई कार्यालयबाट हुने व्यवस्था रहेको छ । विगत वर्षहरुको आन्तरिक लेखापरीक्षण प्रलेनिकाले गरिरहेको देखिन्छ । सो कार्यालयको आर्थिक वर्ष २०७६।७७ को आलेप प्रतिवेदनमा प्रदेश सरकारका सबै निकायहरुको आन्तरिक लेखापरीक्षण सो कार्यालयले गरेको देखिन्छ । सो प्रतिवेदनको अनुसुची १ र २ मा क्रमशः निकायहरुको सुची अनुसार र जिल्लागत वेरुजुको विवरण प्रस्तुत गरेको देखिन्छ ।	

	प्रदेशको मन्त्रालय तथा केन्द्रीय निकायहरु समेत गरी १२ वटा निकायहरु र मातहतका निकायको लेखापरीक्षण गरेको व्यहोर अनुसुची १ मा देखिन्छ । यसरी *प्रलेनिकाले प्रदेशका सबै निकायहरुको लागि आन्तरिक लेखापरीक्षण संचालन गरेको देखिएको* छ । प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ को प्रतिवेदनको प्रकरणमा समेत खर्चको स्थिति उल्लेख गर्दा सबै १३ निकायहरुको लेखापरीक्षण गरेको देखिन्छ ।

२६.१.३. आन्तरिक लेखापरीक्षणको समेटेको क्षेत्रसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
आन्तरिक लेखापरीक्षणको समेटेको क्षेत्र	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *“* प्रदेश सरकारका **सबै (All)** निकायहरुको लागि आन्तरिक लेखापरीक्षण संचालनमा रहेको छ *”*	**“क”**	प्रदेश सरकारका **सबै (All)** निकायहरुको लागि आन्तरिक लेखापरीक्षण संचालनमा रहेको छ	प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९, प्रदेश लेखा नियन्त्रक कार्यालयको आर्थिक वर्ष २०७६।७७ को आलेप प्रतिवेदन
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २६.३.३. को लागि “क” अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २५.३.२ मा उल्लिखित आधार प्रमाणहरुको आधारमा अध्ययन गर्दा प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा ३५ मा भएको व्यवस्था अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण गर्ने स्पष्ट व्यवस्था गरिएको छ । यस्तो आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय (प्रलेनिका) वा सो कार्यालयले तोकेको प्रदेश लेखा इकाई कार्यालयबाट हुने व्यवस्था रहेको छ । विगत वर्षहरुको आन्तरिक लेखापरीक्षण प्रलेनिकाले गरिरहेको देखिन्छ । सो कार्यालयको आर्थिक वर्ष २०७६।७७ को आलेप प्रतिवेदनमा प्रदेशको मन्त्रालय तथा केन्द्रीय निकायहरु समेत गरी १२ वटा निकायहरु र मातहतका निकायको लेखापरीक्षण गरेको व्यहोर अनुसुची १ मा देखिन्छ । यसरी *प्रलेनिकाले प्रदेशका सबै निकायहरुको लागि आन्तरिक लेखापरीक्षण संचालन गरेको देखिएको* छ । **प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** को प्रतिवेदन (पेज २) को प्रकरणमा समेत खर्चको स्थिति उल्लेख गर्दा सबै १३ निकायहरुको लेखापरीक्षण गरेको देखिन्छ । *यसरी प्रलेनिकाले प्रदेश सरकारको सबै निकायहरुको आन्तरिक लेखापरीक्षण गरेको देखिएको छ ।*			

अन्तिम मसौदा

	त्यसैले मुल्याँकन हुने समय आर्थिक वर्ष २०७९।८० मा यस सुचकको लागि प्रदेश १ को सबै १३ निकायहरुको लेखापरीक्षण गरेको देखिएको हुँदा सो आधारमा यस सुचकको लागि **"क"** अंक र स्तर निर्धारण गरिएको छ ।

२६.२. लेखापरीक्षणको प्रकृति र प्रयोग गरिएको मापदण्ड (Nature of audits and standards applied)

पेशागत मापदण्ड पालनाको हद र सम्पादन गरिएको लेखापरीक्षणको प्रकृतिको मुल्याँकन ।
वित्तीय पालनामा केन्द्रीत लेखापरीक्षण क्रियाकलापहरु भएका (वित्तीय र संचालन सुचनाको भरपर्दोपना र ईमान्दारिता, कानून र कार्यविधिहरुको पालना आदि) अवस्थामा आन्तरिक लेखापरीक्षणले आन्तरिक नियन्त्रणहरुको पर्याप्तता र प्रभावकारिताको सीमित विश्वस्तता मात्र गर्दछ । पेशागत मापदण्डको पालनाको आधारमा विस्तृत दृष्टिकोण राखी गुणात्मक विश्वस्त प्रक्रियाको प्रमाण देखाउनु पर्दछ ।

२६.२.१. लेखापरीक्षणको प्रकृति र प्रयोग गरिएको मापदण्डसम्बन्धी मापदण्ड र स्तर

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	आन्तरिक लेखापरीक्षण क्रियाकलापहरु आन्तरिक नियन्त्रणहरुको पर्याप्तता र प्रभावकारिताको मुल्याँकनमा केन्द्रीत रहेको छ । गुणस्तर विश्वस्तता प्रक्रिया आन्तरिक लेखापरीक्षण कार्यभित्र प्रयोगमा रहेको **(In Place)** र लेखापरीक्षण क्रियाकलापहरुले पेशागत मापदण्ड पूरा गर्दछन, उच्च जोखिमका क्षेत्रहरुमा केन्द्रीत रहेको समेत समावेश गरिएको ।	**प्रदेश स्तर**	परीक्षण गरिएको समयमा
"ख"	आन्तरिक लेखापरीक्षण क्रियाकलापहरु आन्तरिक नियन्त्रणहरुको पर्याप्तता र प्रभावकारिताको मुल्याँकनमा केन्द्रीत रहेको छ ।	प्रदेश स्तर	परीक्षण गरिएको समयमा
"ग"	आन्तरिक लेखापरीक्षण क्रियाकलापहरु प्राथमिक रुपमा वित्तीय परिपालनामा केन्द्रीत रहेको छ ।	प्रदेश स्तर	परीक्षण गरिएको समयमा
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	परीक्षण गरिएको समयमा

२६.२.२.लेखापरीक्षणको प्रकृति र प्रयोग गरिएको मापदण्डसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
परीक्षण गरिएको समयमा **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *" आन्तरिक लेखापरीक्षण क्रियाकलापहरु आन्तरिक नियन्त्रणहरुको पर्याप्तता र प्रभावकारिताको मुल्याँकनमा केन्द्रीत रहेको छ । गुणस्तर विश्वस्तता प्रक्रिया आन्तरिक लेखापरीक्षण कार्यभित्र प्रयोगमा रहेको* ***(In Place)*** *र लेखापरीक्षण क्रियाकलापहरुले पेशागत मापदण्ड पूरा गर्दछन, उच्च जोखिमका क्षेत्रहरुमा केन्द्रीत रहेको समेत समावेश गरिएको । "*	**मापदण्ड आँशिक रुपमा पूरा गरेको**

सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	प्रदेश सरकारका सबै निकायहरुको लागि आन्तरिक नियन्त्रण प्रणाली लागू गरी प्रभावकारी बनाउने र सो को पर्याप्तता र प्रभावकारिताको मुल्याँकन आन्तरिक लेखापरीक्षणको माध्यमबाट मुल्याँकन गर्नुपर्दछ । यस सम्बन्धमा **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को **दफा ३३** मा प्रदेशका सबै सरकारी कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने व्यवस्था गरेको छ । यस सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालयले **आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन २०७६** जारी गरी लागू गरेको छ । सो ऐनको **दफा ३५** मा आन्तरिक लेखापरीक्षणसम्बन्धी प्रावधान राखी प्रदेश सरकारका प्रत्येक कार्यालयको कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्ने प्रावधान राखिएको छ । यसको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृती (२०७६।१२।०२) मा **प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरिक्षण निर्देशिका २०७६** जारी गरी आलेपको कार्यक्षेत्र तथा संभावित जोखिमको पूर्वानुमान र अभिलेख समेतको विवरण एकीन गर्ने उल्लेख गरिएको छ । तर **प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** को दफा १४ (पेज ९) मा प्रदेश सरकारका निकायहरुले आन्तरिक नियन्त्रण प्रणाली पूर्ण रुपमा लागू नगरेको भनी टिप्पणी गरेको हुँदा सो नियन्त्रण प्रणालीको प्रभावकारी परीक्षण गर्ने कार्य आलेपबाट हुन नसक्ने कुरा स्वतः सिद्ध छ । त्यसकारणले पेशागत मापदण्ड पूरा गर्ने र उच्च जोखिमका क्षेत्रहरुमा आलेप केन्द्रीत गर्ने कार्य हुन सकेको देखिंदैन । प्रलेनिकाको **आर्थिक वर्ष २०७६।७७ को आलेप प्रतिवेदनमा** पनि सामान्य प्रकारको कैफियतहरु बाहेक अन्य खास प्रकृतिको वेरुजुहरु औल्याईएको देखिएन । त्यसैले लेखापरीक्षणको गुणस्तरको विश्वसनियतामा कमी देखिन्छ ।

२६.२.३. लेखापरीक्षणको प्रकृति र प्रयोग गरिएको मापदण्डसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२६.२. लेखापरीक्षणको प्रकृति र प्रयोग गरिएको मापदण्ड	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *" आन्तरिक लेखापरीक्षण क्रियाकलापहरु आन्तरिक नियन्त्रणहरुको पर्याप्तता र प्रभावकारिताको मुल्याँकनमा केन्द्रीत रहेको छ । गुणस्तर विश्वस्तता प्रक्रिया आन्तरिक लेखापरीक्षण कार्यभित्र प्रयोगमा रहेको* ***(In Place)*** *र लेखापरीक्षण क्रियाकलापहरुले पेशागत मापदण्ड पूरा गर्दछन, उच्च जोखिमका क्षेत्रहरुमा केन्द्रीत रहेको समेत समावेश गरिएको । "*	**"ग"**	आन्तरिक लेखापरीक्षण क्रियाकलापहरु प्राथमिक रुपमा वित्तीय परिपालनामा केन्द्रीत रहेको छ ।	प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९, आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन २०७६, प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरिक्षण निर्देशिका २०७६,

				प्रदेश लेखा नियन्त्रक कार्यालयको आर्थिक वर्ष २०७६।७७ को आलेप प्रतिवेदन
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २६.२. को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २६.२.२ मा उल्लिखित आधार र प्रमाणहरुको आधारमा अध्ययन गर्दा **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ मा उल्लिखित कानूनी व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखापरीक्षण हुने व्यवस्था भएनुसार आलेप हुने गरेको पनि देखिन्छ ।** प्रदेश लेखा नियन्त्रक कार्यालयले **आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन २०७६** र **प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरिक्षण निर्देशिका २०७६** जारी गरी आलेपको कार्य व्यवस्थित गर्ने प्रयास गरेको देखिन्छ । सो निर्देशिकामा आलेपको कार्यक्षेत्र तथा संभावित जोखिमको पूर्वानुमान र अभिलेख समेतको विवरण एकीन गर्ने उल्लेख गरिएको छ । तर **प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** को दफा १४ (पेज ९) मा प्रदेश सरकारका निकायहरुले आन्तरिक नियन्त्रण प्रणाली पूर्ण रुपमा लागू नगरेको भनी टिप्पणी गरेको हुँदा सो नियन्त्रण प्रणाली लागू हुन नसकेको अवस्थमा आलेपको माध्यमबाट आर्थिक कारोवारहरुको प्रभावकारी परीक्षण गर्ने कार्य हुन सक्ने कुरा आश्वस्त हुन सकिने अवस्था देखिदैन । त्यसकारणले पेशागत मापदण्ड पूरा गर्ने र उच्च जोखिमका क्षेत्रहरुमा आलेप केन्द्रीत गर्ने कार्य हुन सकेको देखिँदैन । प्रलेनिकाको **आर्थिक वर्ष २०७६।७७ को आलेप प्रतिवेदनमा** पनि सामान्य प्रकारको कैफियतहरु बाहेक अन्य खास प्रकृतिको वेरुजुहरु औल्याईएको देखिएन । त्यसैले लेखापरीक्षणको गुणस्तरको विश्वसनियतामा कमी देखिन्छ । यस आधारमा आन्तरिक लेखापरीक्षण क्रियाकलापहरु प्राथमिक रुपमा वित्तीय परिपालनामा केन्द्रीत रहेको देखिएको हुँदा मुल्याँकन हुने समय आर्थिक वर्ष २०७९।८० मा यस सुचकको मापदण्ड "क" र "ख" को मापदण्ड पूरा गर्ने अवस्था नदेखिएकोले **"ग"** अंक र स्तर निर्धारण गरिएको छ ।			

२६.३. आन्तरिक लेखापरीक्षणको कार्यान्वयन र प्रतिवेदन (Implementation of internal audits and reporting)

प्रभावकारी आन्तरिक लेखापरीक्षण (वा प्रणाली अनुगमन) को लागि वार्षिक लेखापरीक्षण कार्यक्रमहरुको तयारीले खास प्रमाणको मुल्याँकन गर्नुपर्नेछ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरुको उपलब्धता गर्ने र योजनाको वास्तविक कार्यान्वयनको पक्षहरु हेरिनु पर्दछ ।

२६.३.१.आन्तरिक लेखापरीक्षणको कार्यान्वयन र प्रतिवेदनसम्बन्धी मापदण्ड र स्तर

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	वार्षिक लेखापरीक्षण कार्यक्रम अस्तित्वमा रहेको छ । **सबै (All)** कार्यक्रम गरिएको लेखापरीक्षणहरु पूरा भएका छन, उपयुक्त पक्षहरुलाई प्रतिवेदन वितरण गरिएको प्रमाणले पुष्टी गरेको ।	**प्रदेश स्तर**	पूरा भएको अन्तिम आर्थिक वर्ष

"ख"	वर्षिक लेखापरीक्षण कार्यक्रम अस्तित्वमा रहेको छ । **अधिकाँश (Most)** कार्यक्रम गरिएको लेखापरीक्षणहरु पूरा भएका छन, उपयुक्त पक्षहरुलाई प्रतिवेदन वितरण गरिएको प्रमाणले पुष्टी गरेको ।	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ग"	वार्षिक लेखापरीक्षण कार्यक्रम अस्तित्वमा रहेको छ । **बहुसंख्यक (Majority)** कार्यक्रम गरिएको लेखापरीक्षणहरु पूरा भएका छन, उपयुक्त पक्षहरुलाई प्रतिवेदन वितरण गरिएको प्रमाणले पुष्टी गरेको ।	प्रदेश स्तर	पूरा भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	**प्रदेश स्तर**	पूरा भएको अन्तिम आर्थिक वर्ष

२६.३.२. आन्तरिक लेखापरीक्षणको कार्यान्वयन र प्रतिवेदनसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
पूरा भएको अन्तिम वर्ष **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** "वार्षिक लेखापरीक्षण कार्यक्रम अस्तित्वमा रहेको छ । **सबै (All)** कार्यक्रम गरिएको लेखापरीक्षणहरु पूरा भएका छन, उपयुक्त पक्षहरुलाई प्रतिवेदन वितरण गरिएको प्रमाणले पुष्टी गरेको ।"	**मापदण्ड आँशिक रुपमा पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	प्रदेश सरकारका सबै निकायहरुको आर्थिक कारोवारहरु आन्तरिक लेखापरीक्षणको माध्यमबाट मुल्याँकन गर्नुपर्दछ । यस सम्बन्धमा **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को **दफा ३५** मा आन्तरिक लेखापरीक्षणसम्बन्धी प्रावधान राखी प्रदेश सरकारका प्रत्येक कार्यालयको कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्ने प्रावधान राखिएको छ । यसको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृती -२०७६।१२।०२) मा **प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरिक्षण निर्देशिका २०७६** जारी गरी आलेपको कार्यक्षेत्र तथा संभावित जोखिमको पूर्वानुमान र अभिलेख समेतको विवरण एकीन गर्ने उल्लेख गरिएको छ । सो सम्बन्धमा **प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** को दफा १४ (पेज ९) मा प्रदेश सरकारका निकायहरुले आन्तरिक नियन्त्रण प्रणाली पूर्ण रुपमा लागू नगरेको भनी टिप्पणी गरेको हुँदा सो नियन्त्रण प्रणालीको प्रभावकारी परीक्षण गर्ने कार्य आलेपबाट हुन नसकेको कुरा स्वत: सिद्ध हुन्छ । प्रलेनिकाको **आर्थिक वर्ष २०७६।७७ को आलेप बेरुजुको एकीकृत वार्षिक प्रतिवेदन** तयार गरी वार्षिक रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्ने गरेको देखिन्छ । यस्तो वेरुजुहरु एकल खाता कोषमा प्रविष्टी गर्ने गरेको व्यहोरा पनि सो प्रतिवेदनको पेज २ मा उल्लेख गरिएको छ । तर सो प्रतिवेदनमा आलेप गरिएका कार्यालयहरुको आलेप बेरुजुहरुको सम्बन्धमा राय प्रतिक्रिया तथा सो आधारमा असूल वा नियमित भएको विवरण समावेश भएको देखिंदैन । यसले गर्दा आलेप गरिएका निकायहरुबाट आलेप बेरुजुहरुको सम्बन्धमा प्रत्युत्तर दिने प्रणाली स्थापित भएको देखिंदैन ।	

२६.३.३. आन्तरिक लेखापरीक्षणको कार्यान्वयन र प्रतिवेदनसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२६.३. आन्तरिक लेखापरीक्षणको कार्यान्वयन र प्रतिवेदन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि : "** वार्षिक लेखापरीक्षण कार्यक्रम अस्तित्वमा रहेको छ । **सबै (All)** कार्यक्रम गरिएको लेखापरीक्षणहरु पूरा भएका छन, उपयुक्त पक्षहरुलाई प्रतिवेदन वितरण गरिएको प्रमाणले पुष्टी गरेको **"**	**"ग"**	वार्षिक लेखापरीक्षण कार्यक्रम अस्तित्वमा रहेको छ । **बहुसंख्यक (Majority)** कार्यक्रम गरिएको लेखापरीक्षणहरु पूरा भएका छन, उपयुक्त पक्षहरुलाई प्रतिवेदन वितरण गरिएको प्रमाणले पुष्टी गरेको ।	प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन २०७६, प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरिक्षण निर्देशिका २०७६, प्रदेश लेखा नियन्त्रक कार्यालयको आर्थिक वर्ष २०७६।७७ को आलेप प्रतिवेदन
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २६.३. को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २६.३.२ मा उल्लिखित आधार र प्रमाणहरुको आधारमा अध्ययन गर्दा **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ मा उल्लिखित कानूनी व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखापरीक्षण हुने व्यवस्था भएनुसार आलेप हुने गरेको पनि देखिन्छ ।** प्रदेश लेखा नियन्त्रक कार्यालयले **आन्तरिक लेखापरिक्षण निर्देशिका २०७६** जारी गरी आलेपको कार्य व्यवस्थित गर्ने प्रयास गरेको देखिन्छ । प्रलेनिकाको **आर्थिक वर्ष २०७६।७७ को आलेप बेरुजुको एकीकृत वार्षिक प्रतिवेदन** तयार गरी वार्षिक रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्ने गरेको देखिएको तर आलेप गरिएका कार्यालयहरुको आलेप बेरुजुहरुको सम्बन्धमा राय प्रतिक्रिया तथा सो आधारमा असूल वा नियमित भएको विवरण समावेश भएको देखिंदैन । यसले गर्दा आलेप गरिएका निकायहरुले आलेप बेरुजुहरुको सम्बन्धमा प्रत्युत्तर दिने प्रणाली स्थापित भएको नदेखिंदा प्रतिवेदन दिएको कुराको सम्पूर्ण पक्ष समावेश भएको देखिंदैन । यस आधारमा आन्तरिक लेखापरीक्षण क्रियाकलापहरु वर्षिक रुपमा हुने गरेको देखिएता पनि सम्पूर्ण निकायहरुको प्रतिवेदनमा प्रत्युत्तर भएको जानकारीमा नआएको हुँदा प्रतिवेदनको कार्य पूर्णता मान्न सकिने अवस्था रहेको देखिएन । अतः मुल्याँकन हुने समय आर्थिक वर्ष २०७९।८० मा यस सुचकको मापदण्ड **"क"** र **"ख"** को मापदण्ड पूरा गर्ने अवस्था नदेखिएकोले **"ग"** अंक र स्तर निर्धारण गरिएको छ ।			

२६.४. आन्तरिक लेखापरीक्षणलाई प्रत्युत्तर (Response to Internal Audits)

आन्तरिक लेखापरीक्षणको कैफियतहरुमा व्यवस्थापनले गरेको कारवाहीको हदको बारेमा परीक्षण गरिन्छ । आन्तरिक लेखापरीक्षणको निष्कर्षहरुको सम्बन्धमा व्यवस्थापनले कुनै कारवाही नगरेमा यस कार्यको उपलब्धीहरु नजरअन्दाज (**अण्डरमाईन**) गर्दछ । व्यवस्थापनले लेखापरीक्षकको सिफारिशहरुको विषयमा भनाई वा जवाफ उपलब्ध गराउनु पर्ने र सुझावहरु कार्यान्वयनको लागि आवश्यकतानुसार उपयुक्त कारवाही लिनु पर्दछ । आन्तरिक लेखापरीक्षणले यस्तो प्रत्युत्तर उपयुक्त भए नभएको कुराको मान्यता प्रदान गर्दछ । कुनै लेखापरीक्षण कार्य नभएमा पाटा २६.१ को अंक **"घ"** हुनेछ । अन्य पाटाहरु २६.२,२६.३ र २६.४ मा **उपलब्ध नभएको** भनी उल्लेख गर्नुपर्दछ । समष्टिगत अंक यस सम्बन्धमा **"घ"** हुनेछ ।

२६.४.१ आन्तरिक लेखापरीक्षणलाई प्रत्युत्तरसम्बन्धी मापदण्ड र आधारः

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	प्रतिवेदन उत्पादन गरिरहेको १२ महिना भित्र लेखापरीक्षण गरिएको **सबै (All)** निकायहरुको लागि गरिएको लेखापरीक्षण सिफारिशहरुलाई व्यवस्थापनले **पूर्ण जवाफ** उपलब्ध गराउँछ ।	**प्रदेश स्तर**	मुल्याँकनको लागि प्रयोग गरिएको लेखापरीक्षण प्रतिवेदनहरु विगत ३ आर्थिक वर्षहरुमा जारी गरिएको
"ख"	प्रतिवेदन उत्पादन गरिरहेको १२ महिना भित्र लेखापरीक्षण गरिएको **अधिकाँश (Most)** निकायहरुको लागि गरिएको लेखापरीक्षण सिफारिशहरुलाइ व्यवस्थापनले **आँशिक जवाफ** उपलब्ध गराउँछ	प्रदेश स्तर	मुल्याँकनको लागि प्रयोग गरिएको लेखापरीक्षण प्रतिवेदनहरु विगत ३ आर्थिक वर्षहरुमा जारी गरिएको
"ग"	लेखापरीक्षण गरिएको बहुसंख्यक **(Majority)** निकायहरुको लागि लेखापरीक्षण सिफारिशहरुलाई व्यवस्थापनले **आँशिक जवाफ** उपलब्ध गराउँछ ।	प्रदेश स्तर	मुल्याँकनको लागि प्रयोग गरिएको लेखापरीक्षण प्रतिवेदनहरु विगत ३ आर्थिक वर्षहरुमा जारी गरिएको
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकनको लागि प्रयोग गरिएको लेखापरीक्षण प्रतिवेदनहरु विगत ३ आर्थिक वर्षहरुमा जारी गरिएको

२६.४.२. आन्तरिक लेखापरीक्षणलाई प्रत्युत्तरसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
मुल्याँकनकोलागि प्रयोग गरिएको लेखापरीक्षण प्रतिवेदनहरु विगत ३ आर्थिक	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** "प्रतिवेदन उत्पादन गरिरहेको १२ महिना भित्र लेखापरीक्षण गरिएको **सबै (All)** निकायहरुको लागि गरिएको लेखापरीक्षण सिफारिशहरुलाई व्यवस्थापनले **पूर्ण जवाफ** उपलब्ध गराउँछ ।"	**मापदण्ड पूरा नगरेको**

वर्षहरुमा जारी गरिएको		
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	प्रदेश सरकारका सबै निकायहरुको आर्थिक कारोवारहरु आन्तरिक लेखापरीक्षणको माध्यमबाट मुल्याँकन गरिए पछि आलेप गरिएका निकायहरुबाट सो सम्बन्धी कैफियत वा वेरुजुहरु भएका राय प्रतिक्रिया वा फर्स्यौट गर्नुपर्दछ । **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को **दफा ३५** मा आन्तरिक लेखापरीक्षणसम्बन्धी प्रावधान राखी प्रदेश सरकारका प्रत्येक कार्यालयको कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्ने प्रावधान राखिएको छ । यसको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृती (२०७६।१२।०२) मा **प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरिक्षण निर्देशिका २०७६** जारी गरी आलेपको कार्यक्षेत्र तथा संभावित जोखिमको पूर्वानुमान र अभिलेख समेतको विवरण एकीन गर्ने उल्लेख गरिएको छ । तर **प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** को दफा १४ (पेज ९) मा प्रदेश सरकारका निकायहरुले हालसम्म आन्तरिक नियन्त्रण प्रणाली पूर्ण रुपमा लागू नगरेको भनी टिप्पणी गरेको हुँदा सो नियन्त्रण प्रणालीको प्रभावकारी परीक्षण गर्ने कार्य आलेपबाट हुन नसकेको कुरा स्वतः सिद्ध हुन्छ । प्रलेनिकाको **आर्थिक वर्ष २०७६।७७ को आलेप बेरुजुको एकीकृत वार्षिक प्रतिवेदन** तयार गरी वार्षिक रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्ने गरेको देखिएको भएता पनि तर सो प्रतिवेदनमा आलेप गरिएका कार्यालयहरुको आलेप बेरुजुहरुको सम्बन्धमा राय प्रतिक्रिया तथा सो आधारमा असूल वा नियमित भएको विवरण समावेश भएको देखिंदैन । यसले गर्दा आलेप गरिएका निकायहरुबाट आलेप बेरुजुहरुको सम्बन्धमा प्रत्युत्तर दिने प्रणाली स्थापित भएको देखिंदैन ।	

२६.४.३. आन्तरिक लेखापरीक्षणलाई प्रत्युत्तरसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२६.४. आन्तरिक लेखापरीक्षणलाई प्रत्युत्तर	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** " प्रतिवेदन उत्पादन गरिरहेको १२ महिना भित्र लेखापरीक्षण गरिएको **सबै (All)** निकायहरुको लागि गरिएको लेखापरीक्षण सिफारिशहरुलाई व्यवस्थापनले **पूर्ण जवाफ** उपलब्ध गराउँछ । "	**"घ"**	लेखापरीक्षण गरिएको बहुसंख्यक **(Majority)** निकायहरुको लागि लेखापरीक्षण सिफारिशहरुलाई व्यवस्थापनले **आँशिक जवाफ** उपलब्ध गराएको भए **"ग" तथा यस सुचकको** अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको अवस्थामा **"घ"**	प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन २०७६, प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरिक्षण निर्देशिका २०७६, प्रदेश लेखा नियन्त्रक कार्यालयको आर्थिक वर्ष २०७६।७७ को आलेप प्रतिवेदन

सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २६.४. को लागि "घ" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २६.४.२ मा उल्लिखित आधार र प्रमाणहरुको आधारमा अध्ययन गर्दा **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** मा उल्लिखित कानूनी व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखापरीक्षण हुने व्यवस्था भएनुसार आलेप हुने गरेको पनि देखिन्छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले **आन्तरिक लेखापरिक्षण निर्देशिका २०७६** जारी गरी आलेपको कार्य व्यवस्थित गर्ने प्रयास गरेको देखिन्छ । प्रलेनिकाको **आर्थिक वर्ष २०७६।७७ को आलेप बेरुजुको एकीकृत वार्षिक प्रतिवेदन** तयार गरी वार्षिक रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्ने गरेको देखिएको तर आलेप गरिएका कार्यालयहरुको आलेप बेरुजुहरुको सम्बन्धमा राय प्रतिक्रिया तथा सो आधारमा असूल वा नियमित भएको विवरण समावेश भएको देखिंदैन । यसले गर्दा आलेप गरिएका निकायहरुले आलेप बेरुजुहरुको सम्बन्धमा प्रत्युत्तर दिने प्रणाली स्थापित भएको देखिंदैन । यसरी आलेप सम्पन्न गरिएका निकायहरुले प्रलेनिकाको आलेप प्रतिवेदनमा उल्लिखित वेरुजुहरु तथा कैफियतहरुको सम्बन्धमा राय प्रतिक्रिया समेत दिएको जानकारी नआएको र प्रतिवेदनमा प्रत्युत्तर भएको कुराको पनि सुचना समावेश भएको नदेखिंदा आलेप गरिएका निकायहरुको प्रत्युत्तर आएको मान्न मिलेन । यसैले मुल्याँकनकोलागि प्रयोग गरिएको लेखापरीक्षण प्रतिवेदनहरु विगत ३ आर्थिक वर्षहरुमा जारी गरिएकोमा प्रत्युत्तर नआएको देखिंदा यस सुचकको मापदण्ड "क","ख" र "ग" को मापदण्ड पूरा गर्ने अवस्था नदेखिएकोले "घ" अंक र स्तर निर्धारण गरिएको छ ।

***

अन्तिम मसौदा

परिच्छेद ४.६.

लेखाँकन र प्रतिवेदन (Accounting and Reporting)

सुचक २७: वित्तीय तथ्याँकको भरपर्दोपना (Financial data integrity)

वित्तीय कारोवारहरुको अर्थपूर्ण निष्कर्ष निकाल्न र सो आधारमा गरिने बजेट कार्यक्रम तथा योजनाको तर्जुमा कार्यमा यसको भूमिका आधारस्तम्भको रुपमा लेखाँकन तथा प्रतिवेदनले कार्य गर्दछ । त्यसैले वित्तीय तथ्याँक शुद्ध र पूर्णताको साथै भरपर्दो प्रणाली पनि हुनु आवश्यक हुन्छ । यस सम्बन्धमा प्रस्तुत सुचकले कोष बैंक खाताहरु, उज्राती (Suspense) खाताहरु र पेश्की खाताहरु कुन हदसम्म नियमित रुपमा हिसाव मिलान गरिन्छ र वित्तीय तथ्याँकको भरपर्दोपनालाई सहयोग गर्ने प्रक्रियाहरु स्थापित रहे नरहेको कुराको परीक्षण र मुल्याँकन गरिन्छ ।

२७.१. बैंक खाता समायोजन (Bank Account Reconciliation)

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	प्रदेश सरकारका **सबै (All)** सक्रिय बैंक खाताहरुको समष्टिगत र विस्तृत रुपमा कम्तीमा साप्ताहिक रुपमा बैंक समायोजन गरिन्छ। जुन प्रत्येक हप्ताको समाप्तीबाट सामान्यतः एक हप्ता भित्र गरिन्छ।	**प्रदेश स्तर**	मुल्याँकन हुने समय, अघिल्लो आर्थिक वर्ष समेटेको
"ख"	प्रदेश सरकारका **सबै (All)** सक्रिय बैंक खाताहरुको समष्टिगत र विस्तृत रुपमा कम्तीमा **मासिक रुपमा** बैंक समायोजन गरिन्छ । जुन **प्रत्येक महिनाको** समाप्तीबाट सामान्यतः ***चार हप्ता*** भित्र गरिन्छ ।	प्रदेश स्तर	मुल्याँकन हुने समय, अघिल्लो आर्थिक वर्ष समेटेको
"ग"	प्रदेश सरकारका **सबै (All)** सक्रिय बैंक खाताहरुको समष्टिगत र विस्तृत रुपमा कम्तीमा **त्रैमासिक रुपमा** बैंक समायोजन गरिन्छ । जुन **प्रत्येक त्रैमासिकको** समाप्तीबाट सामान्यतः **आठ *हप्ता*** भित्र गरिन्छ ।	प्रदेश स्तर	मुल्याँकन हुने समय, अघिल्लो आर्थिक वर्ष समेटेको
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	मुल्याँकन हुने समय, अघिल्लो आर्थिक वर्ष समेटेको

२७.१.२. बैंक खाता समायोजनसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
मुल्याँकन हुने समय, अघिल्लो आर्थिक वर्ष समेटेको **२०७७/७८**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *" प्रदेश सरकारका **सबै (All)** सक्रिय बैंक खाताहरुको समष्टिगत र विस्तृत रुपमा कम्तीमा साप्ताहिक रुपमा बैंक समायोजन गरिन्छ । जुन प्रत्येक हप्ताको समाप्तीबाट सामान्यतः एक हप्ता भित्र गरिन्छ।"*	**मापदण्ड आँशिक रुपमा पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	महालेखा नियन्त्रक कार्यालयले प्रदेशको लागि तयार गरेको **प्रदेश एकल खाता कोष मार्गदर्शन २०७५** को प्रकरण १३ मा बैंक स्टेटमेन्ट सो कोषमा प्रविष्टि गर्ने तरिका उल्लेख गरिएको छ । **प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५** को नियम ८४(१) अनुसार प्रत्येक कार्यालयले महिना समाप्त भएको ७ दिन भित्र बैंक हिसावको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने प्रावधान गरिएको देखिन्छ । यस्तो बैंक हिसावको विवरण महालेखा नियन्त्रकको कार्यालयले लागू गरेको **नेपालको सरकारी लेखा फारामहरु २०७६** मा बैंक हिसाव मिलान विवरण	

	(मलेप फानं.२१२) को ढाँचा समावेश गरिएको छ। जुन मासिक रुपमा तयार गर्ने प्रावधान गरिएको छ। एकल खाता कोष प्रणाली लागू भएपछि प्रत्येक कारोवार सम्पन्न भएपछि दैनिक रुपमा बैंकको हिसाव भिडान गरिने प्रणाली भएपनि मासिक रुपमा मात्र बैक समायोजन विवरण तयार गर्ने कानूनी व्यवस्था अनुसार प्रदेश सरकारका खर्च गर्ने निकायहरुले गर्ने गरेको देखिन्छ।

२७.१.३. बैक खाता समायोजनसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२७.१. बैक खाता समायोजन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *" प्रदेश सरकारका* ***सबै (All)*** *सक्रिय वैंक खाताहरुको समष्टिगत र विस्तृत रुपमा कम्तीमा साप्ताहिक रुपमा बैंक समायोजन गरिन्छ । जुन प्रत्येक हप्ताको समाप्तीबाट सामान्यतः एक हप्ता भित्र गरिन्छ।"*	**"ख"**	प्रदेश सरकारका **सबै (All)** सक्रिय वैंक खाताहरुको समष्टिगत र विस्तृत रुपमा कम्तीमा **मासिक रुपमा** बैंक समायोजन गरिन्छ । जुन **प्रत्येक महिनाको** समाप्तीबाट सामान्यतः ***चार हप्ता*** भित्र गरिन्छ।	प्रदेश एकल खाता कोष मार्गदर्शन २०७५, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, **नेपालको सरकारी लेखा फारामहरु २०७६**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २७.१.३. को लागि "ख" अंक र स्तर निर्धारण गरिएको छ।** माथि खण्ड २७.१.२ मा यस सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ। **प्रदेश एकल खाता कोष मार्गदर्शन २०७५** मा कारोवारको आधारमा बैक स्टेटमेन्ट एकल खाता कोषमा प्रविष्टि गर्ने तरिका उल्लेख गरिएको छ। **प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५** मा प्रत्येक कार्यालयले महिना समाप्त भएको ७ दिन भित्र बैंक हिसावको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने तथा **नेपालको सरकारी लेखा फारामहरु २०७६** मा बैंक हिसाव मिलान विवरण (मलेप फानं.२१२) को ढाँचामा मासिक रुपमा तयार गर्ने प्रावधान गरिएको छ। यसरी हालको कानूनी तथा लेखा ढाँचामा बैंक खाताहरुको समष्टिगत र विस्तृत विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने प्रावधान अनुसार गर्ने गरेको देखिएकोले सुचक **"क"** अनुसार साप्ताहिक रुपमा बैंक समायोजन नहुने भएको र मासिक रुपमा मात्र बैक समायोजन विवरण तयार गर्ने गरेको देखिएकोले मुल्याँकन हुने समय अघिल्लो आर्थिक वर्ष (**२०७७।७८**) समेटेको **आधारमा** यस सुचकको लागि **"ख"** अंक र स्तर निर्धारण गरिएको छ।			

२७.२. उज्राती खाताहरु (Suspense Accounts)

२७.२.१. उज्राती खाताहरुसम्बन्धी मापदण्ड र स्तरः

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	उज्राती खाताहरुको समायोजन कम्तीमा **मासिक** रुपमा गरिन्छ, जुन **प्रत्येक महिनाको** समाप्तीबाट ***एक महिना भित्र*** गरिन्छ। उज्राती खाताहरु समयमा नै फर्स्यौट गरिन्छ जुन मनासिब कारण (Duly justified) भएमा बाहेक आर्थिक वर्षको अन्त भन्दा ढिलो हुँदैन ।	**प्रदेशका बजेटरी एकाईहरु**	मुल्याँकन हुने समय, अघिल्लो आर्थिक वर्ष समेटेको
"ख"	उज्राती खाताहरुको समायोजन कम्तीमा **त्रैमासिक** रुपमा गरिन्छ, जुन **प्रत्येक त्रैमासिकको** समाप्तीबाट दुई ***महिना भित्र*** गरिन्छ। उज्राती खाताहरु समयमा नै फर्स्यौट गरिन्छ जुन मनासिब कारण (Duly justified) भएमा बाहेक आर्थिक वर्षको अन्त भन्दा ढिलो हुँदैन ।	प्रदेशका बजेटरी एकाईहरु	मुल्याँकन हुने समय , अघिल्लो आर्थिक वर्ष समेटेको
"ग"	उज्राती खाताहरुको समायोजन **वार्षिक** रुपमा गरिन्छ, जुन **वर्षको** समाप्तीबाट दुई ***महिना भित्र*** गरिन्छ । उज्राती खाताहरु समयमा नै फर्स्यौट गरिन्छ, जुन मनासिब कारण (Duly justified) भएमा बाहेक आर्थिक वर्षको अन्त भन्दा ढिलो हुँदैन ।	प्रदेशका बजेटरी एकाईहरु	मुल्याँकन हुने समय , अघिल्लो आर्थिक वर्ष समेटेको
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेशका बजेटरी एकाईहरु	मुल्याँकन हुने समय , अघिल्लो आर्थिक वर्ष समेटेको

२७.२.२. उज्राती खाताहरुसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
मुल्याँकन हुने समय, अघिल्लो आर्थिक वर्ष समेटेको **२०७७।७८**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *"* उज्राती खाताहरुको समायोजन कम्तीमा **मासिक** रुपमा गरिन्छ, जुन **प्रत्येक महिनाको** समाप्तीबाट ***एक महिना भित्र*** गरिन्छ । उज्राती खाताहरु समयमा नै फर्स्यौट गरिन्छ जुन मनासिब कारण (Duly justified) भएमा बाहेक आर्थिक वर्षको अन्त भन्दा ढिलो हुँदैन ।*"*	**मापदण्ड पूरा नगरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** मा समावेश गरिएको प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रदेश संचित कोषको वार्षिक प्रतिवेदन २०७७।७८ मा संघीय सरकारबाट प्राप्त अनुदान रकम खर्च नभई बाँकी रहेको करिब १ अर्ब नब्बे करोड रकम आर्थिक वर्ष २०७८।७९ मा मिलान गर्ने व्यहोरा उल्लेख गरी प्रतिवेदन तयार गरिएको देखिन्छ । सो बाहेक अन्य रकम समायोजन गर्न बाँकी देखिदैन ।	

२७.२.३. उज्राती खाताहरुसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२७.२. उज्राती खाताहरु	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *"* उज्राती खाताहरुको समायोजन कम्तीमा **मासिक** रुपमा गरिन्छ, जुन **प्रत्येक महिनाको** समाप्तीबाट ***एक महिना भित्र*** गरिन्छ । उज्राती खाताहरु समयमा नै फर्स्यौट गरिन्छ जुन मनासिब कारण (Duly justified) भएमा बाहेक आर्थिक वर्षको अन्त भन्दा ढिलो हुँदैन ।*"*	**"ग"**	उज्राती खाताहरुको समायोजन **वार्षिक** रुपमा गरिन्छ, जुन **वर्षको** समाप्तीबाट दुई ***महिना भित्र*** गरिन्छ । उज्राती खाताहरु समयमा नै फर्स्यौट गरिन्छ, जुन मनासिब कारण (Duly justified) भएमा बाहेक आर्थिक वर्षको अन्त भन्दा ढिलो हुँदैन ।	**प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २७.२ को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २७.२.२ मा यस सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । **प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** मा समावेश गरिएको प्रदेश लेखा नियन्त्रक कार्यालयको **प्रदेश संचित कोषको वार्षिक प्रतिवेदन २०७७।७८** मा संघीय सरकारबाट प्राप्त अनुदान रकम खर्च नभई बाँकी रहेको करिब **१ अर्ब नब्बे करोड** रकम आर्थिक वर्ष २०७८।७९ मा मिलान गर्ने व्यहोरा उल्लेख गरिएको र सो बाहेक अन्य रकम समायोजन गर्न बाँकी देखिदैन । यस अवस्थामा सो हिसाव वार्षिक रुपमा मात्र मिलान हुने देखिएको छ । यस आधारमा यस सुचकको **"क"** तथा **"ख"** मापदण्ड र स्तर पूरा गर्ने नदेखिएको हुँदा यस सुचकको लागि **"ग"** अंक र स्तर निर्धारण गरिएको छ ।			

२७.३. पेश्की खाता (Advance Accounts)

२७.३.१.पेश्की खातासम्बन्धी मापदण्ड र स्तर

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	पेश्की खाताको समायोजन कम्तीमा **मासिक** रुपमा गरिन्छ , जुन **हरेक महिनाको** समाप्तीको **एक** महिना भित्र गरिन्छ। **सबै (All)** पेश्की खाताहरु समयमा नै फर्स्यौट गरिन्छ	**प्रदेशका बजेटरी एकाईहरु**	मुल्याँकन हुने समय, अघिल्लो आर्थिक वर्ष समेटेको
"ख"	पेश्की खाताको समायोजन कम्तीमा **त्रैमासिक** रुपमा गरिन्छ , जुन **त्रैमासिक** समाप्तीको **दुई महिना** भित्र गरिन्छ । अधिकाँश **(Most)** पेश्की खाताहरु समयमा नै फर्स्यौट गरिन्छ ।	प्रदेशका बजेटरी एकाईहरु	मुल्याँकन हुने समय ,अघिल्लो आर्थिक वर्ष समेटेको

"ग"	पेश्की खाताको समायोजन **वार्षिक** रुपमा गरिन्छ , जुन **वर्ष** समाप्तीको **दुई महिना** भित्र गरिन्छ । पेश्की खाताहरु *ढिलो गरी बारम्बार* फर्स्यौट गरिन्छ	प्रदेशका बजेटरी एकाईहरु	मुल्याँकन हुने समय , अघिल्लो आर्थिक वर्ष समेटेको
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेशका बजेटरी एकाईहरु	मुल्याँकन हुने समय , अघिल्लो आर्थिक वर्ष समेटेको

२७.३.२. पेश्की खातासम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
मुल्याँकन हुने समय, अघिल्लो आर्थिक वर्ष समेटेको **२०७७।७८**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** " पेश्की खाताको समायोजन कम्तीमा **मासिक** रुपमा गरिन्छ , जुन **हरेक महिनाको** समाप्तीको **एक** महिना भित्र गरिन्छ । **सबै (All)** पेश्की खाताहरु समयमा नै फर्स्यौट गरिन्छ "	**मापदण्ड पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**नेपालको सरकारी लेखा फारामहरु २०७६** मा फर्स्यौट गर्न बाँकी पेश्कीको मास्केवारी (मलेप फा नं.२११) पेश्कीको विवरण मासिक रुपमा पेश गर्ने विवरण तथा ढाँचा तोकिएको छ। सो ढाँचाको विवरण अनुसार **प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५** को नियम ३ अनुसार प्रत्येक महिनाको ७ गते भित्र पेश्कीको विवरण माथि आर्थिक प्रशासन प्रमुख र निकाय प्रमुखले समिक्षा गर्नुपर्ने र प्रलेनिकाले आलेप गर्दा फर्स्यौटको व्यहोरा परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको देखिन्छ । यसरी मासिक रुपमा पेश्कीको फर्स्यौट गर्ने कानूनी प्रावधान गरिएकोमा पेश्की विवरण खर्च गर्ने निकायहरुले पेश गर्ने कुरा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरणमा देखिएको छ । **तर प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ मा** प्रदेश १ को कर्मचारी तथा संस्थागत पेस्की तथा मोबिलाईजेसन पेस्की गरी जम्मा १४०८८ हजार पेश्की फर्स्यौट नभै बाँकी देखिएको छ। पेश्कीको खाताहरु समयमा नै फर्स्यौटगर्ने कुरा विश्वस्त हुने अवस्था देखिएन । मलेपको उल्लिखित प्रतिवेदनको प्रकरण २३ मा मोबिलाईजेशन पेश्की सम्झौता अनुसार २० प्रतिशत दिनु पर्नेमा सम्झौतामा उल्लिखित प्रतिशत भन्दा बढी रकम पेश्की दिएको भनी सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार बनाई असूल उपर गर्नुपर्ने भनी वार्षिक प्रतिवेदनमा औंल्याएको हुँदा मासिक रुपमा समायोजन र फर्स्यौट गर्ने कार्य प्रभावकारी भएको देखिंदैन । उल्लिखित विवरणको आधारमा पेश्कीको आर्थिक वर्षमा मात्र समायोजन गर्ने गरेको देखिन्छ ।	

२७.३.३. पेश्की खातासम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२७.३. पेश्की खाता	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** " पेश्की खाताको समायोजन कम्तीमा **मासिक** रुपमा गरिन्छ , जुन **हरेक महिनाको** समाप्तीको **एक** महिना भित्र गरिन्छ। **सबै**	**"ग"**	पेश्की खाताको समायोजन **वार्षिक** रुपमा गरिन्छ , जुन **वर्ष** समाप्तीको **दुई महिना** भित्र गरिन्छ । पेश्की खाताहरु *ढिलो गरी बारम्बार* फर्स्यौट गरिन्छ	*नेपालको सरकारी लेखा फारामहरु २०७६ प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ प्रदेश १ महालेखापरीक्षकको*

	(**All**) पेश्की खाताहरु समयमा नै फर्स्यौट गरिन्छ ”			*चौथो वार्षिक प्रतिवेदन २०७९*
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २७.३ को लागि “ग” अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २७.३.२ मा यस सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । **नेपालको सरकारी लेखा फारामहरु २०७६** मा फर्स्यौट गर्न बाँकी पेश्कीको मास्केवारी (मलेप फा नं.२११) को ढाँचा ताकी मासिक रुपमा पेश गर्नुपर्ने व्यवस्था गरेको र **प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५** अनुसार प्रत्येक महिनाको ७ गते भित्र पेश्कीको विवरण माथि आर्थिक प्रशासन प्रमुख र निकाय प्रमुखले समिक्षा गरी फर्स्यौटको कारवाही गर्नुपर्ने व्यवस्था गरिएको देखिन्छ । **तर प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ मा २०७७।७८ को अन्त्यमा** प्रदेश १ को कर्मचारी तथा संस्थागत पेस्की तथा मोबिलाईजेसन पेस्की गरी जम्मा १४०८८ हजार पेश्की फर्स्यौट नभै बाँकी देखिएको र सो प्रतिवेदनको प्रकरण २३ मा मोबिलाईजेशन पेश्की सम्झौतामा उल्लिखित प्रतिशत भन्दा बढी रकम दिएकोले असूल उपर गर्नुपर्ने भनी औल्याएको देखिन्छ । यस अवस्थामा प्रदेश १ मा मासिक रुपमा पेस्की समायोजन र फर्स्यौट गर्ने कार्य प्रभावकारी भएको नदेखिएको र पेस्कीको आर्थिक वर्षको आधारमा मात्र समायोजन गर्ने गरेको देखिन्छ। यस आधारमा यस सुचकको **“क”** तथा **“ख”** मापदण्ड र स्तर पूरा गर्ने नदेखिएको हुँदा यस सुचकको लागि **“ग”** अंक र स्तर निर्धारण गरिएको छ ।			

२७.४. वित्तीय तथ्याँक भरपर्दोपना प्रक्रिया (Financial data integrity processes)

२७.४.१.वित्तीय तथ्याँक भरपर्दोपना प्रक्रियासम्बन्धी मापदण्ड र आधार

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
“क”	अभिलेखहरु पहुँच र परिवर्तन गर्न निषेध र अभिलेखित गरिन्छ, अडीट ट्रायलमा यस्को परिणाम देखिन्छ । वित्तीय तथ्याँक भरपर्दोपना पुष्टी गर्नको लागि संचालन गर्ने निकाय, एकाई वा टीम छ ।	**प्रदेशका बजेटरी एकाईहरु**	मुल्याँकन हुने समय
“ख”	अभिलेखहरु पहुँच र परिवर्तन गर्न निषेध र अभिलेखित गरिन्छ, अडीट ट्रायलमा यस्को परिणाम देखिन्छ ।	प्रदेशका बजेटरी एकाईहरु	मुल्याँकन हुने समय
“ग”	अभिलेखहरु पहुँच र परिवर्तन गर्न निषेध र अभिलेखित गरिन्छ ।	प्रदेशका बजेटरी एकाईहरु	मुल्याँकन हुने समय
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेशका बजेटरी एकाईहरु	मुल्याँकन हुने समय

२७.४.२. वित्तीय तथ्याँक भरपर्दोपना प्रक्रियासम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
मुल्याँकन हुने समय, **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** "अभिलेखहरु पहुँच र परिवर्तन गर्न निषेध र अभिलेखित गरिन्छ, अडीट ट्रायलमा यस्को परिणाम देखिन्छ । वित्तीय तथ्याँक भरपर्दोपना पुष्टी गर्नको लागि संचालन गर्ने निकाय, एकाई वा टीम छ "	**मापदण्ड आँशिक रुपमा पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**एकल खाता कोष प्रणाली मार्गदर्शन २०७५** (परिमार्जित) अनुसार बजेट निकासा तथा खर्चको लागि एकल खाता कोष खर्च नियन्त्रण प्रणाली मार्फत काम हुने भएकोले यस कार्यप्रकृयामा तोकिएको कर्मचारीहरुलाई दिएको पासवर्ड बाहेक अन्य कर्मचारीहरुलाई अभिलेखहरुमा पहुँच हुँदैन र कुनै अभिलेखहरु परिवर्तन गर्न सकिने अवस्था छैन । महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय सर्भरबाट सोझै काम हुने भएकोले प्रदेशस्तरमा यस्तो व्यवस्था हुन सकेको देखिंदैन । मलेनिकाले एक छुट्टै एकाई राखी वित्तीय व्यवस्थापन सुचना प्रणाली (FMIS) मार्फत केन्द्रीय तथ्याँक संचालन गरिरहेको छ । प्रदेश स्तरमा यस्तो तथ्याँक बैंकको स्थापना गरिएको देखिंदैन ।	

२७.४.३.वित्तीय तथ्याँक भरपर्दोपना प्रक्रियासम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२७.४. वित्तीय तथ्याँक भरपर्दोपना प्रक्रिया	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** "अभिलेखहरु पहुँच र परिवर्तन गर्न निषेध र अभिलेखित गरिन्छ, अडीट ट्रायलमा यस्को परिणाम देखिन्छ । वित्तीय तथ्याँक भरपर्दोपना पुष्टी गर्नको लागि संचालन गर्ने निकाय, एकाई वा टीम छ ।"	**"घ"**	अभिलेखहरु पहुँच र परिवर्तन गर्न निषेध र अभिलेखित गरिएमा **"ग"** र अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको अवस्थामा अंक **"घ"** प्रदान गर्ने ।	**एकल खाता कोष प्रणाली मार्गदर्शन २०७५**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २७.३ को लागि "घ" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २७.३.२ मा यस सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । जस्मा **एकल खाता कोष प्रणाली मार्गदर्शन २०७५** (परिमार्जित) अनुसार महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय सर्भरबाट सोझै काम हुने भएको भएता पनि प्रदेशस्तरमा यस्तो व्यवस्था हुन सकेको देखिंदैन । मलेनिकाले एक छुट्टै एकाई राखी वित्तीय व्यवस्थापन सुचना प्रणाली (FMIS) मार्फत केन्द्रीय तथ्याँक संचालन गरिरहेको छ । प्रदेश स्तरमा यस्तो तथ्याँक बैंकको स्थापना गरिएको देखिंदैन । यस सुचकमा काम भएको नदेखिएको हुँदा काम नभएको अवस्थामा अंक प्रदान गर्ने मापदण्ड अनुसार यस सुचकको लागि अंक **"घ"** निर्धारण गरिएको छ ।			

सुचक २८: आवधिक बजेट प्रतिवेदन (In-year budget reports)

यस सुचकले बजेट कार्यान्वयनसम्बन्धी सुचनाको समष्टिगत, शुद्धता र समयजन्य कुराहरुको आधारमा मुल्याँकन गर्दछ। बजेट प्रतिवेदनले आवधिक रुपमा बजेटको कभरेज र वर्गिकरणहरुसँग मिलेको (ऋयलकष्कतभलत) हुनुपर्दछ जस्ले बजेट कार्यसम्पादनको अनुगमन गर्न सकियोस र आवश्यक भएमा सुधारात्मक उपायहरुको सामयिक उपयोग गर्न सकियोस ।

२८.१. प्रतिवेदनहरुको कभरेज र तुलनात्मकता (Coverage and Comparability of reports)

२८.१.१. प्रतिवेदनहरुको कभरेज र तुलनात्मकतासम्बन्धी मापदण्ड र स्तर

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	तथ्याँकको वर्गिकरण र कभरेजले प्रारम्भिक बजेटसँग **प्रत्यक्ष तुलना** गर्न सकिने छ । बजेट अनुमानको **सबै** (All) आईटमहरु सुचनामा समावेश भएको छ । प्रदेश सरकार भित्र विकेन्द्रीत **(**Deconcentrated**)** एकाईले हस्तान्तरणबाट गरिएको खर्च बजेट प्रतिवेदनमा समावेश गरिएको छ ।	**प्रदेश स्तर, बजेटरी एकाई**	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ख"	तथ्याँकको वर्गिकरण र कभरेजले प्रारम्भिक बजेटसँग आँशिक रुपमा एकीकृत (Aggregation) गरिएको तथ्याँक प्रत्यक्ष तुलना गर्न सकिने छ । प्रदेश सरकार भित्र विकेन्द्रीत (Deconcentrated) एकाईले हस्तान्तरणबाट गरिएको खर्च बजेट प्रतिवेदनमा समावेश गरिएको छ ।	प्रदेश स्तर बजेटरी एकाई	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ग"	तथ्याँकको वर्गिकरण र कभरेजले प्रारम्भिक बजेटसँग मुख्य प्रशासकीय शीर्षकहरुको लागि प्रत्यक्ष तुलना गर्न सकिने भएको छ ।	प्रदेश स्तर बजेटरी एकाई	पूरा भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर बजेटरी एकाई	पूरा भएको अन्तिम आर्थिक वर्ष

२८.१.२. प्रतिवेदनहरुको कभरेज र तुलनात्मकता सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
पूरा भएको अन्तिम आर्थिक वर्ष **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** " तथ्याँकको वर्गिकरण र कभरेजले प्रारम्भिक बजेटसँग **प्रत्यक्ष तुलना** गर्न सकिने छ । बजेट अनुमानको **सबै (All)** आईटमहरु सुचनामा समावेश भएको छ । प्रदेश सरकार भित्र विकेन्द्रीत **(Deconcentrated)** एकाईले हस्तान्तरणबाट गरिएको खर्च बजेट प्रतिवेदनमा समावेश गरिएको छ "	**मापदण्ड आँशिक रुपमा पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८** को बजेटको अर्ध वार्षिक समीक्षा प्रतिवेदन मन्त्रालयको वेबसाईट *moeap.p1.gov.np* मा प्रकाशित गरेको छ। त्यस्तै सो मन्त्रालयले **आर्थिक वर्ष २०७८।७९ को बजेटको वार्षिक प्रतिवेदन,** श्रावण २०७९ समेत सोही	

	वेवसाईमा प्रकाशन गरेको छ । अर्ध वार्षिक समीक्षा प्रतिवेदनमा दुई आर्थिक वर्षको तुलनात्मक तथ्याँकहरु समावेश गरी प्रारम्भिक बजेटसंग खर्चको तुलना सबै मन्त्रालयहरु तथा निकायहरुको गरिएको छ । सो आधारमा बजेट र खर्चको तथ्याँक २ वर्षको प्रत्यक्ष रुपमा तुलना गर्न सकिने अवस्था रहेको छ । यसको साथै स्थानीय तहहरुमा हस्तान्तरण गरिएको बजेटको पनि स्थिति देखाईएको छ (प्रतिवेदनको पेज ७) । मन्त्रालयले **आर्थिक वर्ष २०७८।७९ को बजेटको वार्षिक प्रतिवेदन तयार गर्दा प्रदेश १ को मन्त्रालयगत शुरु विनियोजन र कायम भएको बजेट समेत तुलना गर्न सकिने गरि तालिकामा प्रस्तुत गरिएको छ (पेज २२) । तर** प्रदेश सरकार भित्र विकेन्द्रीत एकाईले हस्तान्तरणबाट गरिएको खर्च बजेट प्रतिवेदनमा समावेश गरिएको कुरा स्पष्ट गरेको देखिंदैन । साथै बजेट अनुमानको **सबै (All)** आईटमहरु सुचनामा समावेश भएको पनि देखिंदैन ।

२८.१.३. प्रतिवेदनहरुको कभरेज र तुलनात्मकतासम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२८.१. प्रतिवेदनहरुको कभरेज र तुलनात्मकता	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *" तथ्याँकको वर्गिकरण र कभरेजले प्रारम्भिक बजेटसँग* ***प्रत्यक्ष तुलना*** *गर्न सकिने छ । बजेट अनुमानको* ***सबै (All)*** *आईटमहरु सुचनामा समावेश भएको छ । प्रदेश सरकार भित्र विकेन्द्रीत* ***(Deconcentrated)*** *एकाईले हस्तान्तरणबाट गरिएको खर्च बजेट प्रतिवेदनमा समावेश गरिएको छ "*	**"ग"**	तथ्याँकको वर्गिकरण र कभरेजले प्रारम्भिक बजेटसँग मुख्य प्रशासकीय शीर्षकहरुको लागि प्रत्यक्ष तुलना गर्न सकिने भएको छ ।	**प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८** को बजेटको अर्ध वार्षिक समीक्षा प्रतिवेदन र **आर्थिक वर्ष २०७८।७९ को बजेटको वार्षिक प्रतिवेदन**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २८.१ को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २८.१.२ मा यस सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । **प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८** को बजेटको अर्ध वार्षिक समीक्षा प्रतिवेदन र **आर्थिक वर्ष २०७८।७९ को बजेटको वार्षिक प्रतिवेदन तयार गरी सो** मन्त्रालयको वेबसाईट *moeap.p1.gov.np* मा प्रकाशित गरेको छ । प्रतिवेदनहरुले समष्टिमा दुई आर्थिक वर्षको तुलनात्मक तथ्याँकहरु समावेश गरी प्रारम्भिक बजेटसंग खर्चको तुलना गरेको देखाएको भएता पनि प्रदेश सरकार भित्र विकेन्द्रीत एकाईले हस्तान्तरणबाट गरिएको खर्च तथा बजेट अनुमानको **सबै (All)** आईटमहरु सुचनामा समावेश भएको पनि देखिंदैन । त्यसैले यस सुचकको लागि तथ्याँकको वर्गिकरण र कभरेजले प्रारम्भिक बजेटसँग मुख्य प्रशासकीय शीर्षकहरुको लागि प्रत्यक्ष तुलना गर्न सकिने अवस्थाको मात्र भएको देखिएकोले यस सुचकको अंक प्रदान गर्ने मापदण्ड अनुसार अंक **"ग"** निर्धारण गरिएको छ ।			

अन्तिम मसौदा

२८.२. आवधिक बजेट प्रतिवेदन समय (Timing of in-year budget reports)

२८.२.१. आवधिक बजेट प्रतिवेदन समयको मापदण्ड र स्तर

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
“क”	बजेट कार्यान्वयन प्रतिवेदनहरु **मासिक** रुपमा तयार गरिन्छ र **प्रत्येक महिनाको** अन्तबाट **दुई हप्ता** भित्र जारी गरिएको छ ।	**प्रदेश स्तर** बजेटरी एकाई	पूरा भएको अन्तिम आर्थिक वर्ष
“ख”	बजेट कार्यान्वयन प्रतिवेदनहरु त्रै**मासिक** रुपमा तयार गरिन्छ र **प्रत्येक त्रैमासिक** अन्त भएको **चार हप्ता** भित्र जारी गरिएको छ ।	प्रदेश स्तर बजेटरी एकाई	पूरा भएको अन्तिम आर्थिक वर्ष
“ग”	बजेट कार्यान्वयन प्रतिवेदनहरु त्रै**मासिक** रुपमा तयार गरिन्छ (सम्भावित रुपमा पहिलो त्रैमासिक बाहेक) र **प्रत्येक त्रैमासिक** अन्त भएको **आठ हप्ता** भित्र जारी गरिएको छ ।	प्रदेश स्तर, बजेटरी एकाई	पूरा भएको अन्तिम आर्थिक वर्ष
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर बजेटरी एकाई	पूरा भएको अन्तिम आर्थिक वर्ष

२८.२.२. आवधिक बजेट प्रतिवेदन समय प्रतिवेदनहरुको कभरेज र तुलनात्मकता सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
पूरा भएको अन्तिम आर्थिक वर्ष **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *“* बजेट कार्यान्वयन प्रतिवेदनहरु **मासिक** रुपमा तयार गरिन्छ र **प्रत्येक महिनाको** अन्तबाट **दुई हप्ता** भित्र जारी गरिएको छ । *”*	**मापदण्ड पूरा नगरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८** को बजेटको अर्ध वार्षिक समीक्षा प्रतिवेदन मन्त्रालयको वेबसाईट *moeap.p1.gov.np* मा प्रकाशित गरेको छ । त्यस्तै सो मन्त्रालयले **आर्थिक वर्ष २०७८।७९ को बजेटको वार्षिक प्रतिवेदन,** श्रावण २०७९ समेत सोही वेवसाईमा प्रकाशन गरेको छ । **अर्ध वार्षिक** समीक्षा प्रतिवेदनमा दुई आर्थिक वर्षको तुलनात्मक तथ्याँकहरु समावेश गरी प्रारम्भिक बजेटसंग खर्चको तुलना सबै मन्त्रालयहरु तथा निकायहरुको गरिएको छ । सो आधारमा बजेट र खर्चको तथ्याँक २ वर्षको प्रत्यक्ष रुपमा तुलना गर्न सकिने अवस्था रहेको छ । यसको साथै स्थानीय तहहरुमा हस्तान्तरण गरिएको बजेटको पनि स्थिति देखाईएको छ (प्रतिवेदनको पेज ७) । माथि उल्लिखित व्यहोरा अनुसार बजेट अनुमानको **सबै (All)** आईटमहरु सुचनामा समावेश भएको पनि देखिंदैन ।	

अन्तिम मस्यौदा

२८.२.३. आवधिक बजेट प्रतिवेदन समय सम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२८.२.आवधिक बजेट प्रतिवेदन समय	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** " बजेट कार्यान्वयन प्रतिवेदनहरु **मासिक** रुपमा तयार गरिन्छ र **प्रत्येक महिनाको** अन्तबाट **दुई हप्ता** भित्र जारी गरिएको छ। "	**"घ"**	बजेट कार्यान्वयन प्रतिवेदनहरु त्रै**मासिक** रुपमा तयार गरिन्छ (सम्भावित रुपमा पहिलो त्रैमासिक बाहेक) र **प्रत्येक त्रैमासिक** अन्त भएको **आठ हप्ता** भित्र जारी गरिएको भए अंक **"ग"** । तर अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको भए "घ" ।	**प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८** को बजेटको अर्ध वार्षिक समीक्षा प्रतिवेदन र **आर्थिक वर्ष २०७८।७९ को बजेटको वार्षिक प्रतिवेदन**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २८.२ को लागि "घ" अंक र स्तर निर्धारण गरिएको छ।** माथि खण्ड २८.२.२ मा यस सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । सो खण्डमा उल्लिखित प्रमाण तथा आधार अनुसार **प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८ को बजेटको अर्ध वार्षिक समीक्षा प्रतिवेदन र आर्थिक वर्ष २०७८।७९ को बजेटको वार्षिक प्रतिवेदन** तयार गरेको देखिए पनि यस्तो प्रतिवेदनहरुले सुचकको मापदण्ड अनुसार *मासिक र त्रैमासिक रुपमा बजेट कार्यान्वयन प्रतिवेदन* तयार गर्ने आधार तथा प्रतिवेदन तयार गर्ने समयको आधार पूरा गरेको देखिएन । सुचकले उल्लेख गरे अनुसारको अन्तरिम अवधिमा प्रतिवेदन तयार गरिएमा मात्र वास्तविक रुपमा बजेट कार्यान्वयनको अवस्था जानकारी हुने र सो आधारमा बजेट तथा कार्यक्रमको आँकलन गर्न सकिने आधार सिर्जना हुने भएकोले सो आधारमा बजेटको सदुपयोग तथा कार्यक्रमको वैकल्पिक कार्यान्वयन गर्न सहज हुन्छ। त्यसैले सुचक "क" ,"ख" र "ग" को माथि उल्लिखित मापदण्ड पूरा गर्न सकेको देखिएन । यस आधारमा प्रदेश १ को लागि प्रस्तुत सुचकको अंक **"घ"** निर्धारण गरिएको छ।			

२८.३. आवधिक बजेट प्रतिवेदनहरुको शुद्धता (Accuracy of in-year reports)

२८.३.१.आवधिक बजेट प्रतिवेदनहरुको शुद्धतासम्बन्धी मापदण्ड र स्तर

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	तथ्याँक शुद्धताको सम्बन्धमा कुनै गम्भीर चासो (Material concerns) रहेको छैन । बजेट कार्यान्वयनको विश्लेषण कम्तीमा *अर्धवार्षिक* आधारमा उपलब्ध गराईएको छ। खर्च बारेको सुचना भुक्तानी हुने र प्रतिबद्धताको चरणहरु दुवैमा समेटिएको छ।	**प्रदेश स्तर** बजेटरी एकाई	पूरा भएको अन्तिम आर्थिक वर्ष

"ख"	तथ्याँक शुद्धताको सम्बन्धमा चासो हुन सक्छ । तथ्याँकसम्बन्धी मामिलाहरु प्रतिवेदनमा उजागर गरिएको र बजेट कार्यान्वयनको विश्लेषणको लागि उपयोगी र नियमित तथ्याँक रहेको छ । बजेट कार्यान्वयनको विश्लेषण कम्तीमा *अर्धवार्षिक* आधारमा उपलब्ध गराईएको छ । खर्च अधीनस्थ (Captured) हुने कार्य *कम्तीमा भुक्तानी हुने समयमा* गरिएको छ ।	प्रदेश स्तर बजेटरी एकाई	पूरा भएको अन्तिम आर्थिक वर्ष
"ग"	तथ्याँक शुद्धताको सम्बन्धमा चासो हुन सक्छ । बजेट कार्यान्वयनको विश्लेषणको तथ्याँक उपयोगी रहेको छ। बजेट कार्यान्वयनको विश्लेषण कम्तीमा *अर्धवार्षिक* आधारमा उपलब्ध गराईएको छ । खर्च अधीनस्थ (Captured) हुने कार्य *कम्तीमा भुक्तानी हुने समयमा* गरिएको छ ।	प्रदेश स्तर बजेटरी एकाई	पूरा भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर बजेटरी एकाई	पूरा भएको अन्तिम आर्थिक वर्ष

२८.३.२. आवधिक बजेट प्रतिवेदन समय प्रतिवेदनहरुको कभरेज र तुलनात्मकता सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
पूरा भएको अन्तिम आर्थिक वर्ष **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि मुख्य आधारः** " तथ्याँक शुद्धताको सम्बन्धमा कुनै गम्भीर चासो (Material concerns) रहेको छैन । बजेट कार्यान्वयनको विश्लेषण कम्तीमा *अर्धवार्षिक* आधारमा उपलब्ध गराईएको छ । खर्च बारेको सुचना भुक्तानी हुने र प्रतिबद्धताको चरणहरु दुवैमा समेटिएको छ ।"	**मापदण्ड आँशिक रुपमा पूरा नगरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८** को बजेटको अर्ध वार्षिक समीक्षा प्रतिवेदन मन्त्रालयको वेबसाईट *moeap.p1.gov.np* मा प्रकाशित गरेको छ । **अर्ध वार्षिक** समीक्षा प्रतिवेदनमा दुई आर्थिक वर्षको तुलनात्मक तथ्याँकहरु समावेश गरी प्रारम्भिक बजेटसंग खर्चको तुलना सबै मन्त्रालयहरु तथा निकायहरुको गरिएको छ । सो आधारमा बजेट र खर्चको तथ्याँक २ वर्षको प्रत्यक्ष रुपमा तुलना गर्न सकिने अवस्था रहेको छ । यसको साथै स्थानीय तहहरुमा हस्तान्तरण गरिएको बजेटको पनि स्थिति देखाईएको छ (प्रतिवेदनको पेज ७) । प्रस्तुत अर्थवार्षिक प्रतिवेदनको विषयवस्तुहरु विस्तृत रुपमा खर्च तथा राजस्वको बारेमा प्रस्तुत गरेको देखिन्छ । सो प्रतिवेदनमा मुख्यतः मन्त्रालयगत खर्च अवस्था, श्रोतगत खर्च विश्लेषण, विकास साझेदारको श्रोतको आधारमा खचृ व्यवस्था, गत आर्थिक वर्ष २०७६।७७ को भुक्तानी बाँकी आदि खर्च सम्बन्धी विषयहरुको समिक्षा र सुधारका उपायहरु उल्लेख गरिएको छ । त्यस्तै प्रदेश संचित कोषको अवस्था, संघीय अनुदानको परिचालन र सहायता परिचालनमा देखिएका समस्या र गर्नुपर्ने सुधार तथा मन्त्रालय तथा निकायहरुबाट समीक्षा अवधिमा हासिल भएका क्षेत्रगत उपलब्धीहरु आदि विवरणहरुको विस्तृत प्रस्तुती र प्रतिवेदन गरिएको छ । यसरी खर्च बारेको सुचना भुक्तानी हुने र प्रतिबद्धताको चरणहरु दुवैमा समेटिएको अवस्था देखिन्छ ।	

२८.३.३. आवधिक बजेट प्रतिवेदन समय सम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२८.३. आवधिक बजेट प्रतिवेदनहरुको शुद्धता	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *" तथ्याँक शुद्धताको सम्बन्धमा कुनै गम्भीर चासो (Material concerns) रहेको छैन । बजेट कार्यान्वयनको विश्लेषण कम्तीमा अर्धवार्षिक आधारमा उपलब्ध गराईएको छ । खर्च बारेको सुचना भुक्तानी हुने र प्रतिबद्धताको चरणहरु दुवैमा समेटिएको छ ।"*	"ग"	तथ्याँक शुद्धताको सम्बन्धमा चासो हुन सक्छ । बजेट कार्यान्वयनको विश्लेषणको तथ्याँक उपयोगी रहेको छ। बजेट कार्यान्वयनको विश्लेषण कम्तीमा *अर्धवार्षिक* आधारमा उपलब्ध गराईएको छ । खर्च अधीनस्थ (Captured) हुने कार्य *कम्तीमा भुक्तानी हुने समयमा* गरिएको छ ।	**प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८** को बजेटको अर्ध वार्षिक समीक्षा प्रतिवेदन र **आर्थिक वर्ष २०७८।७९ को बजेटको वार्षिक प्रतिवेदन**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २८.३ को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २८.३.२ मा यस सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । सो खण्डमा उल्लिखित प्रमाण तथा आधार अनुसार **आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७७।७८** को बजेटको अर्ध वार्षिक समीक्षा प्रतिवेदन मन्त्रालयको वेबसाईट *moeap.p1.gov.np* मा प्रकाशित गरेको छ । **अर्ध वार्षिक** समीक्षा प्रतिवेदनमा दुई आर्थिक वर्षको तुलनात्मक तथ्याँकहरु समावेश गरी प्रारम्भिक बजेटसंग खर्चको तुलना सबै मन्त्रालयहरु तथा निकायहरुको गरिएको छ। सो आधारमा बजेट र खर्चको तथ्याँक २ वर्षको प्रत्यक्ष रुपमा तुलना गर्न सकिने अवस्था रहेको छ। प्रस्तुत प्रतिवेदनमा मुख्यतः मन्त्रालयगत खर्च अवस्था, श्रोतगत खर्च विश्लेषण, गत आर्थिक वर्ष २०७६।७७ को भुक्तानी बाँकी आदि खर्च सम्बन्धी विषयहरुको समिक्षा र सुधारका उपायहरु आदि उल्लेख गरिएको छ। मन्त्रालय तथा निकायहरुबाट समीक्षा अवधिमा हासिल भएका क्षेत्रगत उपलब्धीहरु आदि विवरणहरुको विस्तृत प्रस्तुती र प्रतिवेदन गरिएको र खर्च बारेको सुचना भुक्तानी हुने र प्रतिबद्धताको चरणहरु दुवैमा समेटिएको अवस्था देखिन्छ। यसरी बजेट कार्यान्वयनको विश्लेषण *अर्धवार्षिक* आधारमा गरिएको र खर्च अधीनस्थ हुने कार्य *कम्तीमा भुक्तानी हुने समयमा* गरिएको देखिएको छ । तर यसको लागि सुचक "क" र "ख" को लागि माथि उल्लिखित मापदण्ड पूरा गर्न सकेको देखिएन । तर यस आधारमा प्रदेश १ को लागि प्रस्तुत सुचकको अंक " "ग" निर्धारण गरिएको छ ।			

सुचक २९: वार्षिक वित्तीय प्रतिवेदनहरु (Annual financial reports)

यस सुचकले वार्षिक वित्तीय विवरणहरु कुन हदसम्म पूर्ण, सामयिक र सामान्यत स्वीकार गरिएको लेखाँकन सिद्धान्तहरु र मापदण्डसँग मिल्दो रहेको छ, सो को मुल्यॉंकन गर्दछ । सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमा जवाफदेहिता र पारदर्शिताको लागि महत्वपूर्ण छ । यसमा तीन पाटाहरु रहेका छन र समष्टिगत अंकको लागि **M1(WL)** पद्दति प्रयोग गरिन्छ ।

२९.१.वार्षिक वित्तीय प्रतिवेदनहरुको पूर्णता (Completeness of annual financial reports)

२९.१.१.वार्षिक वित्तीय प्रतिवेदनहरुको पूर्णतासम्बन्धी मापदण्ड र स्तर :

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
“क”	प्रदेश सरकारको लागि बजेटरी वित्तीय प्रतिवेदनहरु वार्षिक रुपमा तयार गरिन्छ र स्वीकृत बजेटसँग तुलनायोग्य रहेका छन । यसमा राजस्व, खर्च, वित्तीय र *दृश्यात्मक* ***(Tangible)*** सम्पतिहरु, वित्तीय दायित्वहरु, जमानतहरु र दीर्घकालिन दायित्वहरुसम्बन्धी पूर्ण सुचना समावेश भएको छ र समायोजित नगद प्रवाह विवरणले सहयोग गरेको छ ।	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
“ख”	प्रदेश सरकारको लागि बजेटरी वित्तीय प्रतिवेदनहरु वार्षिक रुपमा तयार गरिन्छ र स्वीकृत बजेटसँग तुलनायोग्य रहेका छन । यसमा *कम्तीमा* राजस्व, खर्च, वित्तीय सम्पतिहरु, वित्तीय दायित्वहरु, जमानतहरु र दीर्घकालिन दायित्वहरुसम्बन्धी सुचना समावेश भएको छ ।	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
“ग”	प्रदेश सरकारको लागि बजेटरी वित्तीय प्रतिवेदनहरु वार्षिक रुपमा तयार गरिन्छ र स्वीकृत बजेटसँग तुलनायोग्य रहेका छन । यसमा राजस्व, खर्च, र नगद मौज्दातहरुसम्बन्धी सुचना समावेश छ ।	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष

२९.१.२.वार्षिक वित्तीय प्रतिवेदनहरुको पूर्णता प्रतिवेदनहरुको कभरेज र तुलनात्मकता सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको अन्तिम आर्थिक वर्ष **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि मुख्य आधारः** “ प्रदेश सरकारको लागि बजेटरी वित्तीय प्रतिवेदनहरु वार्षिक रुपमा तयार गरिन्छ र स्वीकृत बजेटसँग तुलनायोग्य रहेका छन । यसमा राजस्व, खर्च, वित्तीय र *दृश्यात्मक* ***(Tangible)*** सम्पतिहरु, वित्तीय दायित्वहरु, जमानतहरु र दीर्घकालिन	**मापदण्ड आँशिक रुपमा पूरा गरेको**

	दायित्वहरुसम्बन्धी पूर्ण सुचना समावेश भएको छ र समायोजित नगद प्रवाह विवरणले सहयोग गरेको छ । *"*	
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९** मा प्रदेश लेखा नियन्त्रक कार्यालयले **प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण** (आर्थिक वर्ष २०७७।७८) समावेश गरेको छ (पेज ९६) । सो आर्थिक विवरण वार्षिक रुपमा तयार भएको र यस प्रतिवेदनमा राजस्व अनुदान र वित्तीय व्यवस्थाको साथै चालु तथा पूँजीगत खर्च ऋण तथा शेयर लगानी जस्ता खर्चको विवरणहरु समेत समावेश भएको देखिन्छ । तर प्रदेश स्थापनाको कम अवधि भएकोले *दृश्यात्मक* ***(Tangible)*** सम्पतिहरु, वित्तीय दायित्वहरु, जमानतहरु र दीर्घकालिन दायित्वहरुसम्बन्धी पूर्ण सुचना प्रतिवेदनमा समावेश भएको नदेखिएता पनि सो वार्षिक आर्थिक विवरणमा समावेश गर्न सकिने देखिन्छ । तर यस वार्षिक विवरणमा *समायोजित नगद प्रवाह विवरण सम्बन्धमा कुनै कुरा उल्लेख गरिएको देखिएन ।*	

२९.१.३. वार्षिक वित्तीय प्रतिवेदनहरुको पूर्णतासम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्ने प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
२९.१.वार्षिक वित्तीय प्रतिवेदनहरुको पूर्णता	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *" प्रदेश सरकारको लागि बजेटरी वित्तीय प्रतिवेदनहरु वार्षिक रुपमा तयार गरिन्छ र स्वीकृत बजेटसँग तुलनायोग्य रहेका छन । यसमा राजस्व, खर्च, वित्तीय र दृश्यात्मक (* ***Tangible)*** *सम्पतिहरु, वित्तीय दायित्वहरु, जमानतहरु र दीर्घकालिन दायित्वहरुसम्बन्धी पूर्ण सुचना समावेश भएको छ र समायोजित नगद प्रवाह विवरणले सहयोग गरेको छ ।"*	"ख"	प्रदेश सरकारको लागि बजेटरी वित्तीय प्रतिवेदनहरु वार्षिक रुपमा तयार गरिन्छ र स्वीकृत बजेटसँग तुलनायोग्य रहेका छन । यसमा *कम्तीमा* राजस्व, खर्च, वित्तीय सम्पतिहरु, वित्तीय दायित्वहरु, जमानतहरु र दीर्घकालिन दायित्वहरुसम्बन्धी सुचना समावेश भएको छ ।	**प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९** ***वेवसाईट*** *www.oag.gov.np*
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २९.१ को लागि "ख" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २९.१.२ मा यस सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । सो खण्डमा उल्लिखित प्रमाण तथा आधार अनुसार **प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९** मा प्रदेश लेखा नियन्त्रक कार्यालयले **प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण** (आर्थिक वर्ष २०७७।७८) समावेश गरेको छ (पेज ९६ देखि ९८) । यसरी वार्षिक रुपमा वित्तीय विवरणहरु तयार गरिएको देखिन्छ । सो प्रतिवेदनमा राजस्व अनुदान र वित्तीय व्यवस्थाको साथै चालु तथा पूँजीगत खर्च ऋण तथा शेयर लगानी जस्ता खर्चको विवरणहरु समेत समावेश भएको देखिन्छ । *त्यस्तै दृश्यात्मक* सम्पतिहरु, वित्तीय दायित्वहरु, जमानतहरु र दीर्घकालिन दायित्वहरुसम्बन्धी पूर्ण सुचना प्रतिवेदनमा समावेश भएको छैन तर वार्षिक आर्थिक विवरणको ढाँचामा समावेश			

	गर्न सकिने देखिन्छ । तर प्रस्तुत वार्षिक विवरणमा **"क"** मापदण्डको लागि आवश्यक *समायोजित नगद प्रवाह विवरण सम्बन्धमा कुनै कुरा उल्लेख गरिएको देखिएन ।* तर "क" मापदण्डको लागि आवश्यक नगद प्रवाहको विवरण बाहेक अन्य विषयवस्तुहरु सो आर्थिक विवरणमा समावेश भएको देखिएको हुँदा यस सुचकको लागि मापदण्ड र स्तर अनुसार अंक **"ख"** निर्धारण गरिएको छ ।

२९.२. बाह्य लेखापरीक्षणको लागि प्रतिवेदनहरुको प्रस्तुती (Submission of reports for external audit)

२९.२.१. बाह्य लेखापरीक्षणको लागि प्रतिवेदनहरुको प्रस्तुतीसम्बन्धी मापदण्ड र स्तरः

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	प्रदेश सरकार स्तरीय बजेटरी एकाईहरुको लागि वित्तीय प्रतिवेदनहरु बाह्य लेखापरीक्षणको लागि आर्थिक वर्ष सम्पन्न भएको **३ महिना भित्र** प्रस्तुत गरिएको ।	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ख"	प्रदेश सरकार स्तरीय बजेटरी एकाईहरुको लागि वित्तीय प्रतिवेदनहरु बाह्य लेखापरीक्षणको लागि आर्थिक वर्ष सम्पन्न भएको **६ महिना भित्र** प्रस्तुत गरिएको ।	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ग"	प्रदेश सरकार स्तरीय बजेटरी एकाईहरुको लागि वित्तीय प्रतिवेदनहरु बाह्य लेखापरीक्षणको लागि आर्थिक वर्ष सम्पन्न भएको **९ महिना भित्र** प्रस्तुत गरिएको ।	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष

२९.२.२. बाह्य लेखापरीक्षणको लागि प्रतिवेदनहरुको प्रस्तुती सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको अन्तिम आर्थिक वर्ष **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि मुख्य आधारः** *"* प्रदेश सरकार स्तरीय बजेटरी एकाईहरुको लागि वित्तीय प्रतिवेदनहरु बाह्य लेखापरीक्षणको लागि आर्थिक वर्ष सम्पन्न भएको **३ महिना भित्र** प्रस्तुत गरिएको । *"*	**मापदण्ड आँशिक रुपमा पूरा नगरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५** को नियम ६ (च) मा प्रदेश सरकारको मन्त्रालयले एकीकृत आर्थिक विवरण तयार गरी कार्तिक मसान्तसम्म महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा पेश गर्नुपर्ने कानूनी प्रावधान गरेको छ । तर **प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९** को प्रकरण १३ मा यस्तो एकीकृत आर्थिक विवरण प्रदेशका अधिकाँश मन्त्रालयहरुले तोकिएको अवधिभित्र महालेखापरीक्षकको कार्यालयमा पेश	

	नगरेकोले तोकिएको समयभित्र आर्थिक विवरण पेश गर्न सुझाव दिएको छ । यसरी एकीकृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र पेश गरेको देखिएन । **सोही प्रतिवेदनको पेज ९६ मा प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण (२०७७/७८**) को लेखानीति (२) मा **कार्तिकमा प्रारम्भिक प्रतिवेदन पेश गरेको भनी उल्लेख** गरिएको देखिन्छ । उल्लिखित प्रमाण व्यहोराको आधारमा प्रदेश १ सरकारको वित्तीय प्रतिवेदनहरु बाह्य लेखापरीक्षणको लागि आर्थिक वर्ष सम्पन्न भएको **६ महिना भित्र** प्रस्तुत गरिएको देखिन्छ ।

२९.२.३. बाह्य लेखापरीक्षणको लागि प्रतिवेदनहरुको प्रस्तुतीसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२९.२. बाह्य लेखापरीक्षणको लागि प्रतिवेदनहरुको प्रस्तुती	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको आधार मापदण्ड : "** प्रदेश सरकार स्तरीय बजेटरी एकाईहरुको लागि वित्तीय प्रतिवेदनहरु बाह्य लेखापरीक्षणको लागि आर्थिक वर्ष सम्पन्न भएको **३ महिना भित्र** प्रस्तुत गरिएको "	**"ख"**	प्रदेश सरकार स्तरीय बजेटरी एकाईहरुको लागि वित्तीय प्रतिवेदनहरु बाह्य लेखापरीक्षणको लागि आर्थिक वर्ष सम्पन्न भएको **६ महिना भित्र** प्रस्तुत गरिएको ।	**प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९,** ***वेवसाईट*** *www.oag.gov.np*
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २९.२ को लागि "ख" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २९.२.२ मा यस सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । सो खण्डमा उल्लिखित प्रमाण तथा आधार अनुसार प्रदेश सरकारको मन्त्रालयले *एकीकृत आर्थिक विवरण तयार गरी कार्तिक मसान्तसम्म पेश गर्नुपर्ने कानूनी प्रावधान* भएपनि **प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९** उल्लेख भएनुसार सो अवधिभित्र महालेखापरीक्षकको कार्यालयमा पेश गरेको देखिएन । यस आधारमा एकीकृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र पेश गरेको देखिएन । तर प्रदेश लेखा नियन्त्रक कार्यालयले यस्तो प्रारम्भिक प्रतिवेदन कार्तिकमा पेश गरेको उल्लेख गरिएको देखिन्छ । यसरी प्रदेश १ को एकीकृत वित्तीय प्रतिवेदनहरु बाह्य लेखापरीक्षणको लागि आर्थिक वर्ष सम्पन्न भएको **६ महिना भित्र प्रस्तुत** गरिएको देखिन्छ । *यसरी मापदण्ड अनुसार ३ महिना भित्र पेश नगरेको हुँदा* "क" स्तरको मापदण्ड पूरा गर्न सकेको देखिएन । तर ६ महिनाभित्र पेश गरको देखिंदा सुचकको लागि मापदण्ड र स्तर परीक्षण गर्दा मापदण्ड अनुसार अंक **"ख"** निर्धारण गरिएको छ ।			

२९.३. लेखाँकन मापदण्ड (Accounting Standards)

२९.३.१. लेखाँकन मापदण्डसम्बन्धी मापदण्ड र स्तर

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	लेखाँकन मापदण्डहरु अन्तरराष्ट्रिय मापदण्डहरु अनुसार मिल्ने गरी **सबै (All)** वित्तीय प्रतिवेदनहरुमा प्रयोग गरिएको छ । **अधिकाँश (Most)** अन्तरराष्ट्रिय मापदण्डहरु राष्ट्रिय मापदण्डहरुमा समाहित (Consolidated) गरिएको छ । अन्तरराष्ट्रिय र राष्ट्रिय मापदण्डहरु बीचको भिन्नताहरुको खुलासा गरिएको छ र भएका भिन्नता (**Gaps**) व्याख्या गरिएको छ । वार्षिक वित्तीय प्रतिवेदनहरु तयार गर्न मापदण्डहरु प्रयोग गरिएको र प्रतिवेदनमा **नोटस (Notes)** मा खुलासा गरिएका छन ।	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ख"	लेखाँकन मापदण्डहरु **सबै (All)** वित्तीय प्रतिवेदनहरुमा प्रयोग गरिएको र देशको कानूनी संरचनासँग मिलेको छ । **बहुसँख्यक (Majority)** अन्तरराष्ट्रिय मापदण्डहरु राष्ट्रिय मापदण्डहरुमा समाहित (**Consolidated**) गरिएको छ । अन्तरराष्ट्रिय र राष्ट्रिय मापदण्डहरु बीचको भिन्नताहरुको खुलासा गरिएको छ र भएका भिन्नता (**Gaps**) व्याख्या गरिएको छ। मापदण्डहरु वार्षिक वित्तीय प्रतिवेदनहरु तयार गर्न प्रयोग गरिएको र खुलासा गरिएका छन ।	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"ग"	लेखाँकन मापदण्डहरु **सबै (All)** वित्तीय प्रतिवेदनहरुमा प्रयोग गरिएको र **देशको *कानूनी संरचनासँग*** मिलेको र प्रतिवेदन अवधिमा निश्चितता **(Consistency)** विश्वस्त तुल्याएको छ । **मापदण्डहरु** वार्षिक वित्तीय प्रतिवेदनहरु तयार गर्न प्रयोग गरिएको र खुलासा गरिएका छन ।	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	**प्रदेश स्तर बजेटरी एकाई**	सम्पन्न भएको अन्तिम आर्थिक वर्ष

२९.३.२.लेखाँकन मापदण्डसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको अन्तिम आर्थिक वर्ष **२०७८।७९**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि मुख्य आधारः** " लेखाँकन मापदण्डहरु अन्तरराष्ट्रिय मापदण्डहरु अनुसार मिल्ने गरी **सबै (All)** वित्तीय प्रतिवेदनहरुमा प्रयोग गरिएको छ । **अधिकाँश (Most)** अन्तरराष्ट्रिय मापदण्डहरु राष्ट्रिय मापदण्डहरुमा समाहित (Consolidated) गरिएको छ । अन्तरराष्ट्रिय र राष्ट्रिय मापदण्डहरु बीचको भिन्नताहरुको खुलासा गरिएको छ र भएका भिन्नता (**Gaps**) व्याख्या गरिएको छ । वार्षिक वित्तीय	**मापदण्ड पूरा नगरेको**

	प्रतिवेदनहरु तयार गर्न मापदण्डहरु प्रयोग गरिएको र प्रतिवेदनमा **नोटस (Notes)** मा खुलासा गरिएका छन । *"*	
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	महालेखा नियन्त्रक कार्यालयले तयार गरेको **Nepal Public Sector Accounting Standard २०७०** को प्रावधान अनुसार लेखामान तयार गरिएको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारीत सार्वजनिक वित्तीय विवरणको प्रस्तुतीकरण तरीकाको व्यवस्था गर्नको लागि नेपाल सरकारले २०६६।५।३० मा नै स्वीकृत गरी नेपालमा लागू गर्ने निर्णय भैसकेको छ । International Federation of Accountants-IFAC ले Cash Basis International Public Sector Accounting Standards मा आधारीत प्रस्तुत लेखामान तयार गरिएको हुँदा अन्तरराष्टिय लेखामानमा आधारीत रही प्रस्तुत लेखामान तयार गरी तीनै तहको सरकारमा लागू हुने प्रावधान गरिएको छ । प्रदेशको लागि तयार गरिएको **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** को दफा ५ (२) अनुसार पनि प्रदेशले एकीकृत वित्तीय विवरण तयार गर्दा नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने प्रावधान राखिएको छ । तर **प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९** प्रतिवेदन (पेज ९६ देखि १००) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण (२०७७।७८) को *लेखानीति प्रदेशको लागि केही कुराहरु खुलासा* गरेपनि *नेपाल सार्वजनिक क्षेत्र लेखामानको अनिवार्य लेखानीति र नोटस् टु एकाउन्टको आधारमा* सो वार्षिक विवरण तयार गरिएको देखिदैन । त्यसैले लेखाँकन मापदण्डहरु अन्तरराष्ट्रिय मापदण्डहरु अनुसार राष्ट्रिय मापदण्ड अनुसार मिल्ने गरी बनाएको भएता पनि प्रदेश १ को सबै वित्तीय प्रतिवेदनहरुमा यस्को प्रयोग गरिएको देखिंदैन र सो अनुसार गर्नुपर्ने खुलासाहरु पनि गरेको देखिएन ।	

२९.३.३. लेखाँकन मापदण्डसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
२९.३. लेखाँकन मापदण्ड	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको आधार मापदण्ड :** *"*लेखाँकन मापदण्डहरु अन्तरराष्ट्रिय मापदण्डहरु अनुसार मिल्ने गरी **सबै (All)** वित्तीय प्रतिवेदनहरुमा प्रयोग गरिएको छ। **अधिकाँश (Most)** अन्तरराष्ट्रिय मापदण्डहरु राष्ट्रिय मापदण्डहरुमा समाहित (Consolidated) गरिएको छ । अन्तरराष्ट्रिय र राष्ट्रिय मापदण्डहरु बीचको भिन्नताहरुको खुलासा गरिएको छ र भएका भिन्नता (**Gaps**) व्याख्या गरिएको छ । वार्षिक वित्तीय प्रतिवेदनहरु तयार गर्न मापदण्डहरु प्रयोग गरिएको र	**"घ"**	लेखाँकन मापदण्डहरु **सबै (All)** वित्तीय प्रतिवेदनहरुमा प्रयोग गरिएको र **देशको *कानूनी संरचनासँग*** मिलेको र प्रतिवेदन अवधिमा निश्चितता **(Consistency)** विश्वस्त तुल्याएको छ । **मापदण्डहरु** वार्षिक वित्तीय प्रतिवेदनहरु तयार गर्न प्रयोग गरिएको र खुलासा गरिएका भए अंक **"ग"** । अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको अवस्थामा अंक **"घ"**	महालेखा नियन्त्रक कार्यालयको **Nepal Public Sector Accounting Standard २०७०, प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** **प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९, *वेवसाईट*** *www.oag.gov.np*

	प्रतिवेदनमा **नोटस (Notes)** मा खुलासा गरिएका छन ।"			
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक २९.३ को लागि "ख" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड २९.३.२ मा यस सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । सो खण्डमा उल्लिखित प्रमाण तथा आधार अनुसार **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८** अनुसार प्रदेशले एकीकृत वित्तीय विवरण तयार गर्दा नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने देखिएको र नेपाल सार्वजनिक क्षेत्र लेखामान अन्तरराष्ट्रिय लेखामानमा आधारीत रही तयार गरिएको भएपनि प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण (२०७७।७८) को *लेखानीति प्रदेशको लागि केही कुराहरु खुलासा* गरेपनि *नेपाल सार्वजनिक क्षेत्र लेखामानको अनिवार्य लेखानीति र नोटस् टु एकाउन्टको आधारमा* सो वार्षिक विवरण तयार गरिएको देखिदैन । यसले गर्दा प्रस्तुत सुचकको कुनै पनि मापदण्ड **"क"** "ख" **र "ग" को स्तरमा कामहरु भएको नदेखिएकोले "ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको अवस्था भएको देखिएकोले यस सुचकको लागि अंक **"घ"** निर्धारण गरिएको छ ।			

***

अन्तिम मसौदा

परिच्छेद ४.७

बाह्य छानबिन र लेखापरीक्षण (External scruity and audit) :

यस सुचकले बाह्य लेखापरीक्षणको विशेषताहरु परीक्षण गर्दछ । यसमा **चार पाटाहरु** छन र समष्टिगत अंकको लागि **M1(ML)** पद्दति प्रयोग गरिन्छ ।

सुचक ३० : बाह्य लेखापरीक्षण (External Audit)

३०.१. लेखापरीक्षणको क्षेत्र (कभरेज) र मापदण्डहरु (Audit coverage and standards)

लेखापरीक्षणको कार्यक्षेत्र भन्नाले उल्लिखित वर्षमा लेखापरीक्षण गरिएका एकाईहरु र बजेटको श्रोतहरुको साथै गैरबजेटरी कोष तथा स्वायत्त निकायहरु पनि पर्दछन । लेखापरीक्षण कार्यले राजस्व, खर्च, सम्पति र दायित्वहरु समेटदछ, यस्को कुरा वित्तीय प्रतिवेदनहरुमा प्रतिबिम्बित नगरेपनि यसमा समावेश गरिन्छ । लेखामानको पालनाले प्रतिवेदनहरुमा देखिएका प्रणालीगत र सार्वजनिक वित्तीय व्यवस्थापनमा देखिएका समस्याहरु आँकलन गर्नुपर्दछ । प्रतिवेदनहरुले गुणस्तर कायम गर्ने प्रतिबद्धता गरेको हुनुपर्ने जुन मुख्यतया वित्तीय प्रतिवेदनहरुको महत्व माथि प्रकाश गर्नु पर्दछ। लेखापरीक्षकले वित्तीय विवरणहरु माथिको टिप्पणी तयार गर्ने गरेको, कारोवारको नियमितता र औचित्वको आधार तथा वित्तीय विवरणहरुको बारेमा राय प्रदान गरेको, कारोवारको नियमितता र सार्वजनिक खरिदको कार्यलाई समेत समावेश गरिन्छ । लेखापरीक्षकले लेखापरीक्षण मापदण्ड अनुसार वित्तीय विवरणहरु भए नभएको पालना गराउनु पर्ने र अवस्था प्रतिवेदनमा जनाउनुपर्नेछ । यसको साथै गुणस्तर परीक्षणको लागि समकक्षी पुनरावलोकन (Peer Review) वा पेशागत नियामक निकायले पनि पुनरावलोकन गर्ने व्यवस्था रहेको हुनुपर्नेछ ।

३०.१.१. लेखापरीक्षणको क्षेत्र (कभरेज) र मापदण्डहरुसम्बन्धी मापदण्ड र आधार

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
“क”	विगतमा सम्पन्न तीन आर्थिक वर्षहरुको अवधिमा नेपाल लेखामान **(NPSAS)** अनुसार **सबै (All)** प्रदेश स्तरीय निकायहरुको राजस्व, खर्च, सम्पतिहरु र दायित्वहरु वित्तीय प्रतिवेदनहरुमा समावेश र लेखापरीक्षण गरिएको छ । कुनै सम्बन्धीत गम्भीर **(material)** मामिलाहरु र प्रणालीगत र नियन्त्रण जोखिमहरु लेखापरीक्षणले उजागर **(Highlighted)** गरिएको छ ।	**प्रदेश स्तर**	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
“ख”	विगतमा सम्पन्न तीन आर्थिक वर्षहरुको अवधिमा नेपाल लेखामान **(NPSAS)** अनुसार **सबै (All)** प्रदेश स्तरीय निकायहरुको **अधिकाँश (Most)** कूल खर्च र राजस्व लेखापरीक्षण गरिएको छ । कुनै सम्बन्धीत गम्भीर **(material)** मामिलाहरु र प्रणालीगत र नियन्त्रण जोखिमहरु लेखापरीक्षणले उजागर **(Highlighted)** गरेको छ ।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
“ग”	विगतमा सम्पन्न तीन आर्थिक वर्षहरुको अवधिमा नेपाल लेखामान **(NPSAS)** अनुसार **सबै (All)** प्रदेश स्तरीय निकायहरुको **बहुसँख्यक (Majority)** कूल खर्च र राजस्व	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

	लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणले सम्बन्धीत महत्वपूर्ण मामिलाहरु **उजागर (Highlighted)** गरेको छ ।		
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

३०.१.२. लेखापरीक्षणको क्षेत्र (कभरेज) र मापदण्डहरु सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
मुल्याँकन हुने समय, अघिल्लो आर्थिक वर्ष समेटेको **२०७७७८**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *“* विगतमा सम्पन्न तीन आर्थिक वर्षहरुको अवधिमा नेपाल लेखामान **(NPSAS)** अनुसार **सबै (All)** प्रदेश स्तरीय निकायहरुको राजस्व, खर्च, सम्पतिहरु र दायित्वहरु वित्तीय प्रतिवेदनहरुमा समावेश र लेखापरीक्षण गरिएको छ । कुनै सम्बन्धीत गम्भीर **(material)** मामिलाहरु र प्रणालीगत र नियन्त्रण जोखिमहरु लेखापरीक्षणले उजागर **(Highlighted)** गरिएको छ। *”*	**मापदण्ड आँशिक रुपमा पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	सुचक २९.३.२. मा उल्लेख भएनुसार **महालेखा नियन्त्रक कार्यालयले** तयार गरेको **Nepal Public Sector Accounting Standard (NPSAS) २०७०** वित्तीय विवरणको प्रस्तुतीकरण तरीकाको व्यवस्था गर्नको लागि नेपाल सरकारले २०६६।५।३० मा नै स्वीकृत गरी नेपालमा लागू गर्ने निर्णय भैसकेको छ । **प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ ले पनि** प्रदेशले एकीकृत वित्तीय विवरण तयार गर्दा नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने प्रावधान राखिएको छ। तर **प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९** प्रतिवेदन (पेज ९६ देखि १००) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण (**२०७७७८**) को *लेखानीति प्रदेशको लागि केही कुराहरु खुलासा* गरेपनि *नेपाल सार्वजनिक क्षेत्र लेखामानको अनिवार्य लेखानीति र नोटस् टु एकाउन्टको आधारमा* सो वार्षिक विवरण तयार गरिएको देखिदैन र लेखामान अनुसार गर्नुपर्ने खुलासाहरु पनि गरेको देखिएन । त्यसैले नेपाल लेखामान **(NPSAS)** अनुसार वित्तीय प्रतिवेदनहरु पूर्ण नभएको हुँदा र अन्तिम लेखापरीक्षण पनि सो अनुसार गर्न सकिएको देखिँदैन । त्यसकारण नेपाल लेखामानको आधारमा गम्भीर मामिलाहरु र प्रणालीगत र नियन्त्रण जोखिमहरु लेखापरीक्षणले उजागर गर्न सक्ने अवस्था नै आउन सकेको देखिएन ।	

३०.१.३.लेखापरीक्षणको क्षेत्र (कभरेज) र मापदण्डहरुसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
३०.१. बैक खाता समायोजन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *“* विगतमा सम्पन्न तीन आर्थिक वर्षहरुको अवधिमा नेपाल लेखामान **(NPSAS)** अनुसार **सबै (All)** प्रदेश स्तरीय निकायहरुको राजस्व, खर्च, सम्पतिहरु र	**“घ”**	विगतमा सम्पन्न तीन आर्थिक वर्षहरुको अवधिमा नेपाल लेखामान अनुसार **सबै** प्रदेश स्तरीय निकायहरुको **बहुसँख्यक** कूल खर्च र राजस्व लेखापरीक्षण गरिएको छ ।	**महालेखा नियन्त्रक कार्यालयको Nepal Public Sector Accounting Standard (NPSAS)२०७०,** प्रदेश आर्थिक

	दायित्वहरु वित्तीय प्रतिवेदनहरुमा समावेश र लेखापरीक्षण गरिएको छ। कुनै सम्बन्धीत गम्भीर **(material)** मामिलाहरु र प्रणालीगत र नियन्त्रण जोखिमहरु लेखापरीक्षणले उजागर **(Highlighted)** गरिएको छ।"		लेखापरीक्षणले सम्बन्धीत महत्वपूर्ण मामिलाहरु **उजागर (Highlighted)** गरेको भए **"ग"** निर्धारण गर्ने र यस्तो काम नै नभएको भए अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको आधारमा **"घ"।**	कार्यविधि नियमावली २०७५, **प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक ३०.१. को लागि "घ" अंक र स्तर निर्धारण गरिएको छ।** माथि खण्ड ३०.१.२ मा यस सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ। जस अनुसार नेपाल लेखामान भए पनि **Nepal Public Sector Accounting Standard (NPSAS) २०७०** अनुसार वित्तीय विवरणको प्रस्तुतीकरण हुन सकेको छैन। प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण (**२०७७।७८**) को *लेखानीति प्रदेशको लागि केही कुराहरु खुलासा* गरेपनि *नेपाल सार्वजनिक क्षेत्र लेखामानको अनिवार्य लेखानीति र नोटस् टु एकाउन्टको आधारमा* सो वार्षिक विवरण तयार गरिएको देखिदैन। त्यसैले नेपाल लेखामान **(NPSAS)** अनुसार वित्तीय प्रतिवेदनहरु पूर्ण नभएको हुँदा र अन्तिम लेखापरीक्षण पनि सो अनुसार गर्न नसकिएको अवस्था भएको देखिएकोले प्रस्तुत सुचकमा उल्लिखित कुनै काम नभएको हुँदा सो आधारमा यस सुचकको लागि मापदण्ड अनुसार अंक **"घ"** निर्धारण गरिएको छ।			

३०.२. लेखापरीक्षण प्रतिवेदनहरु प्रदेश सभामा प्रस्तुती (Submission of audit reports to the legislature- Provincial Assembly)

लेखापरीक्षण प्रतिवेदनहरु पेश गरेकोमा ढिलाई भएको मापन अवधिको अन्त्यबाट गरिन्छ। यसको लागि वित्तीय लेखापरीक्षण समावेश भएकोमा ढिलाईको मापन कार्य लेखापरीक्षण नगरिएको वित्तीय प्रतिवेदनहरु बाह्य लेखापरीक्षकले प्राप्त गरेको मितिबाट गणना गरिन्छ। लेखापरीक्षण प्रतिवेदन सरकारको विभिन्न एकाईहरुलाई छुट्टाछुट्टै दिने अवस्थामा सबै निकायहरुको समग्र ढिलाई वेटेड एभरेजमा भएको आधारमा ढिलाईको आधारमा मापन गरिन्छ , आम्दानी वा खर्चको जुन बढी छ सो आधारमा कायम गरिन्छ।

३०.२.१. लेखापरीक्षण प्रतिवेदनहरु प्रदेश सभामा प्रस्तुतीसम्बन्धी मापदण्ड र आधार

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
"क"	विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुको लागि महालेखापरीक्षकको कार्यालयले वित्तीय प्रतिवेदनहरु प्राप्ती भएको **तीन महिना** भित्र प्रदेश सभामा लेखापरीक्षक प्रतिवेदनहरु प्रस्तुत गरिएको छ।	**प्रदेश स्तर**	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ख"	विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुको लागि महालेखापरीक्षकको कार्यालयले वित्तीय प्रतिवेदनहरु प्राप्ती भएको **६ महिना** भित्र प्रदेश सभामा लेखापरीक्षक प्रतिवेदनहरु प्रस्तुत गरिएको छ।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

अन्तिम मसौदा

“ग”	विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुको लागि महालेखापरीक्षकको कार्यालयले वित्तीय प्रतिवेदनहरु प्राप्ती भएको ९ **महिना** भित्र प्रदेश सभामा लेखापरीक्षक प्रतिवेदनहरु प्रस्तुत गरिएको छ ।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

३०.२.२.लेखापरीक्षण प्रतिवेदनहरु प्रदेश सभामा प्रस्तुतीसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको तीन आर्थिक वर्ष २०७५।७६ २०७६।७७ **२०७७।७८**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *“* विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुको लागि महालेखापरीक्षकको कार्यालयले वित्तीय प्रतिवेदनहरु प्राप्ती भएको **तीन महिना** भित्र प्रदेश सभामा लेखापरीक्षक प्रतिवेदनहरु प्रस्तुत गरिएको छ । *”*	**मापदण्ड आँशिक रुपमा पूरा गरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुको लागि महालेखापरीक्षकको कार्यालयले वित्तीय प्रतिवेदनहरु प्रदेश सभामा पेश गरेको विषयमा सम्बन्धीत आर्थिक वर्षहरु २०७५।७६, २०७६।७७ र २०७७।७८ को मलेपको कार्यालयको प्रतिवेदन प्रस्तुत मिति स्पष्ट गर्नुपर्दछ । महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०७५।७६ को प्रतिवेदन प्रदेश प्रमुख समक्ष मिति २०७७।३।३१ मा पेश गरेको देखिन्छ । आर्थिक वर्ष २०७६।७७ को मलेपको प्रतिवेदन प्रदेश प्रमुख समक्ष मिति २०७८।५।४ मा पेश गरेको देखिन्छ । त्यस्तै आर्थिक वर्ष २०७७।७८ को मलेप प्रतिवेदन प्रदेश प्रमुख समक्ष २०७९।३।२९ मा पेश गरेको देखिन्छ । **प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९** प्रतिवेदन (पेज ९६ देखि १००) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण (२०७७।७८) कार्तिक मसान्तमा पेश गरेको भनिएको हुँदा सो आधारमा गणना गर्दा आर्थिक वर्षहरु २०७५।७६, २०७६।७७ र २०७७।७८ को मलेपको कार्यालयको प्रतिवेदनहरु क्रमशः ८ महिना, १० महिना र ८ महिना पछि पेश भएको देखिन्छ । *मलेपको प्रतिवेदन २०७८ (पेज ७२) मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५,२०७७ र २०७८ प्रदेश सभामा क्रमशः २०७६।४।२०, २०७७।४।९ तथा २०७८।११।१५ मा पेश भएको भनी उल्लेख भएको देखिन्छ ।* सार्वजनिक लेखा समिति (सालेस) को तेश्रो वार्षिक प्रतिवेदन २०७८ मा मलेपको प्रतिवेदन पेश भएको सन्दर्भमा पुष्टी गर्दा सार्वजनिक लेखा समितिमा २०७५।७६ को प्रतिवेदन २०७७।४।१० मा बसेको सो समितिको ३७ सौं बैठकमा पेश गरेको र निर्णय गरेको देखिंदा सो प्रतिवेदन सालेसमा पेश हुन प्रदेश प्रमुख समक्ष मिति २०७७।३।३१ को हिसावले **करीब ११** दिन लागेको देखिन्छ (पेज ४) । सालेसको २०७६।७७, तथा चौथो प्रतिवेदन २०७९ मा यस्तो विवरण उल्लेख गरेको देखिएन । तर आर्थिक विवरण पेश गरेको वित्तीय प्रतिवेदनहरु लेखापरीक्षण सम्पन्न गरी प्रदेश प्रमुख समक्ष झण्डै सरदरमा ९ महिना पछि पेश हुने गरेको देखिएकोमा प्रदेश प्रमुख समक्ष पेश गरेको लगत्तै सालेसमा पठाउने देखिएकोले झण्डै ९ महिना भित्र सालेसमा मलेपको प्रतिवेदन पेश हुने गरेको आँकलन गर्न सकिन्छ ।	

३०.२.३.लेखापरीक्षण प्रतिवेदनहरु प्रदेश सभामा प्रस्तुतीसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
३०.२. लेखापरीक्षण प्रतिवेदनहरु प्रदेश सभामा प्रस्तुती	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** " विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुको लागि महालेखापरीक्षकको कार्यालयले वित्तीय प्रतिवेदनहरु प्राप्ती भएको **तीन महिना** भित्र प्रदेश सभामा लेखापरीक्षक प्रतिवेदनहरु प्रस्तुत गरिएको छ। "	**"ग"**	विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुको लागि महालेखापरीक्षकको कार्यालयले वित्तीय प्रतिवेदनहरु प्राप्ती भएको ९ **महिना** भित्र प्रदेश सभामा लेखापरीक्षक प्रतिवेदनहरु प्रस्तुत गरिएको छ।	**प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९**
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक ३०.२. को लागि "घ" अंक र स्तर निर्धारण गरिएको छ।** माथि खण्ड ३०.२.२ मा यस सुचक सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ। सो खण्डमा उल्लिखित विवरण अनुसार सरदरमा मलेपको लेखापरीक्षण प्रतिवेदन सालेसमा करिब ९ महिनामा पेश हुने गरेको देखिएको छ। यस आधारमा प्रस्तुत सुचकले अंक **"ग"** को स्तर वा मापदण्ड पूरा गर्ने देखिएकोले सो आधारमा यस सुचकको लागि अंक **"ग"** निर्धारण गरिएको छ।			

अन्तिम मस्यौदा

३०.३. बाह्य लेखापरीक्षण अनुगमन (External Audit follow-up)

अनुगमनको प्रभावकारी प्रमाण भन्नाले कार्यकारिणीले औपचारिक रुपमा लिखीत जवाफ दिदैं लेखापरीक्षणको निष्कर्ष वा कैफियतहरुलाई गरिएको संबोधन तथा व्यवस्थापन पत्र (Management Letter) ले पनि संकेत गर्दछ। लेखापरीक्षण गरिएको निकायहरुले लेखापरीक्षणको सिफारिश, कैफियत वा प्रश्नहरुको फर्स्यौट गरिएको प्रमाण हुनुपर्नेछ।

३०.३.१. बाह्य लेखापरीक्षण अनुगमनसम्बन्धी मापदण्ड र आधार

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुका अवधिमा कार्यपालिका वा लेखापरिक्षण गरिएको निकायले अनुगमन गर्न अपेक्षा गरिएको लेखापरीक्षणको प्रभावकारी र सामयिक रुपमा अनुगमन गरेको स्पष्ट प्रमाण रहेको	**प्रदेश स्तर**	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ख"	विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुका अवधिमा कार्यपालिका वा लेखापरिक्षण गरिएको निकायले अनुगमन गर्न अपेक्षा गरिएको लेखापरीक्षणको *औपचारिक, समष्टि र सामयिक* रुपमा प्रत्युत्तर **(Response)** दिएको	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ग"	विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुका अवधिमा कार्यपालिका वा लेखापरिक्षण गरिएको निकायले अनुगमन	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

	गर्न अपेक्षा गरिएको लेखापरीक्षणको **औपचारिक प्रत्युत्तर (Response)** दिएको		
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

३०.३.२. बाह्य लेखापरीक्षण अनुगमनसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको तीन आर्थिक वर्ष २०७५।७६ २०७६।७७ **२०७७।७८**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** " विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुका अवधिमा कार्यपालिका वा लेखापरिक्षण गरिएको निकायले अनुगमन गर्न अपेक्षा गरिएको लेखापरीक्षणको प्रभावकारी र सामयिक रुपमा अनुगमन गरेको स्पष्ट प्रमाण रहेको "	**मापदण्ड पूरा नगरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	विगत ३ आर्थिक वर्षहरुमा लेखापरीक्षण गरिएको निकायले गरेको अनुगमन तथा फर्स्यौटको अवस्थमा मलेपको प्रतिवेदन कार्यान्वयनको स्थितिको फर्स्यौट खण्डमा उल्लेख गरिएको देखिन्छ । विगत ३ वर्षको अनुगमनको अवस्था तीन आर्थिक वर्षको तपसिल बमोजिम रहेको देखिन्छ : महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ प्रदेश नं. १ को वेरुजु फछ्र्यौटको अवस्था हेर्दा प्रदेशको सरकारी कारोबार तर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको १८४ ईकाईको लेखापरीक्षण भएकोमा १२१ इकाईको बेरुजु रहेकोमा १७ इकाईको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा ४ र लगती दफा ४७ बाट रु.३ करोड ५१ लाख २८ हजार फछ्र्यौट भएको र बाँकी १०४ इकाईको प्रतिक्रिया प्राप्त भए तापनि फछ्र्यौट हुन नसकि शुरु बेरुजू नै कायम भएको छ । यसरी वेरुजु फर्स्यौटमा अनुगमन गर्ने कार्य सक्रिय रहेको देखिदैन । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ प्रदेशको सरकारी कारोबार तर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको १६८ ईकाईको लेखापरीक्षण भएकोमा ११२ इकाईको बेरुजु रहेकोमा ४६ इकाईको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा १८ र लगती दफा १५६ बाट रु.८७ करोड ३५ लाख ९१ हजार फछ्र्यौट भएको र बाँकी ६६ इकाईको प्रतिक्रिया प्राप्त नभएकोले शुरु बेरुजू नै कायम भएको छ । **प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९** प्रदेशको सरकारी कारोबार तर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको २०२ ईकाईको लेखापरीक्षण भएकोमा १५१ इकाईको बेरुजु रहेकोमा ३ इकाईको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा १ र लगती दफा ६ बाट ६ करोड २५ लाख ६९ हजार फछ्र्यौट भएको छ । बाँकी ६६ इकाईको प्रतिक्रिया प्राप्त नभएकोले शुरु बेरुजू नै कायम भएको छ । यसरी विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुका अवधिमा कार्यपालिका वा लेखापरिक्षण गरिएको निकायले लेखापरीक्षणको प्रभावकारी र सामयिक रुपमा अनुगमन गर्न नसकेको स्पष्ट हुन्छ । मलेपको वेरुजु वा कैफियतको जवाफ नै नदिने प्रबृत्तिले वेरुजु फर्स्यौटमा प्राय सबै निकायहरु उदासिन रहेको र कानून बमोजिमको जवाफदेहिता तथा उत्तरदायित्व वहन गर्न सकेको देखिँदैन ।	

३०.३.३. बाह्य लेखापरीक्षण अनुगमनसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
३०.३. बाह्य लेखापरीक्षण अनुगमन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *"* विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुका अवधिमा कार्यपालिका वा लेखापरिक्षण गरिएको निकायले अनुगमन गर्न अपेक्षा गरिएको लेखापरीक्षणको प्रभावकारी र सामयिक रुपमा अनुगमन गरेको स्पष्ट प्रमाण रहेका *"*	**"घ"**	विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुका अवधिमा कार्यपालिका वा लेखापरिक्षण गरिएको निकायले अनुगमन गर्न अपेक्षा गरिएको लेखापरीक्षणको **औपचारिक प्रत्युत्तर (Response)** दिएको अवस्थामा अंक **"ग"** र अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको अवस्थामा अंक **"घ" ।**	महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ प्रदेश १ महालेखापरीक्षकको चौथो प्रतिवेदन २०७९
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक ३०.३. को लागि "घ" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड ३०.३.२ मा यस सुचक सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । सो खण्डमा उल्लिखित विवरण अनुसार विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुका अवधिमा कार्यपालिका वा लेखापरिक्षण गरिएको निकायले लेखापरीक्षणको प्रभावकारी र सामयिक रुपमा अनुगमन गर्न नसकेको स्पष्ट हुन्छ । मलेपको वेरुजु वा कैफियतको जवाफ नै नदिने र वेरुजु फर्स्यौटमा सक्रियता नभएको प्रबृत्तिले वेरुजु फर्स्यौटमा प्राय सबै निकायहरु उदासिन रहेको र कानून बमोजिमको जवाफदेहिता तथा उत्तरदायित्व वहन गर्न सकेको देखिंदैन । यस आधारमा प्रस्तुत सुचकले अंक **"ग"** को स्तर वा मापदण्ड पूरा गर्ने नदेखिएकोले सो आधारमा यस सुचकको लागि अंक **"घ"** निर्धारण गरिएको छ ।			

३०.४. सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता (Supreme Audit Institution independence)

स्वतन्त्रता वित्तीय जवाफदेहिता प्रणाली विश्वसनीय र प्रभावकारी बनाउन आवश्यक हुन्छ । यसको लागि संविधान वा तुलनात्मक कानूनी संरचनामा समावेश भएको हुनुपर्दछ । स्वतन्त्रताको कुरा संस्थाको प्रमुखको नियुक्ती र अवकाश, संस्थाको लेखापरीक्षणको कार्यको योजना र कार्यान्वयनको हस्तक्षेप हुन नहुने कुरामा ध्यान दिनुपर्दछ ।

यसको लागि सो संस्थाको बजेट स्वीकृती र खर्च कार्यविधिहरुमा हस्तक्षेप हुन नहुने प्रावधान हुनुपर्दछ भने संस्थाले वित्तीय, पालना र कार्यसम्पादन लेखापरीक्षणहरु जस्ता पूर्ण कार्यहरु गर्नु स्वतन्त्र रुपमा पाउनु पर्दछ । त्यस्तै उक्त संस्थालाई कागजातहरु, अभिलेख र सुचनामा सहज पहुँच हुनुपर्ने र रोकावट हुनुहुंदैन ।

३०.४.१. सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रतासम्बन्धी मापदण्ड र स्तर

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	सर्वोच्च लेखापरीक्षण संस्था नियुक्तीको कार्यविधि, प्रमुखको पदमुक्ती, लेखापरीक्षण कार्य लगाउने योजना, *प्रतिवेदनहरु प्रकाशित गर्ने व्यवस्था,* संस्थाको बजेट स्वीकृती र कार्यान्वयनको सम्बन्धमा कार्यपालिकाबाट स्वतन्त्र रुपमा संचालन हुन्छ । स्वतन्त्रता कानूनले नै विश्वस्त तुल्याएको छ । सर्वोच्च लेखापरीक्षण संस्थालाई अभिलेख, कागजात र सुचनामा बिनारोकावट र समयमा नै पहुँच रहेको छ ।	**प्रदेश स्तर**	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ख"	सर्वोच्च लेखापरीक्षण संस्था नियुक्तीको कार्यविधि, प्रमुखको पदमुक्ती, लेखापरीक्षण कार्य लगाउने योजना,संस्थाको बजेट स्वीकृती र कार्यान्वयनको सम्बन्धमा कार्यपालिकाबाट स्वतन्त्र रुपमा संचालन हुन्छ । सर्वोच्च लेखापरीक्षण संस्थालाई ***अधिकाँश*** *(* ***Most****) लेखापरीक्षण गरिएको निकायहरुको* लागि अभिलेख, कागजात र सुचनामा बिनारोकावट र समयमा नै पहुँच रहेको छ ।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ग"	सर्वोच्च लेखापरीक्षण संस्था नियुक्तीको कार्यविधि, प्रमुखको पदमुक्ती र संस्थाको बजेट कार्यान्वयनको सम्बन्धमा कार्यपालिकाबाट स्वतन्त्र रुपमा संचालन हुन्छ । सर्वोच्च लेखापरीक्षण संस्थालाई ***बहुसँख्यक*** *(* ***Majority****) माग गरिएको* अभिलेख, कागजात र सुचनामा बिनारोकावट र समयमा नै पहुँच रहेको छ ।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

३०.४.२.सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रतासम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको तीन आर्थिक वर्ष २०७५।७६ २०७६।७७ **२०७७।७८**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *"* सर्वोच्च लेखापरीक्षण संस्था नियुक्तीको कार्यविधि, प्रमुखको पदमुक्ती, लेखापरीक्षण कार्य लगाउने योजना, *प्रतिवेदनहरु प्रकाशित गर्ने व्यवस्था,* संस्थाको बजेट स्वीकृती र कार्यान्वयनको सम्बन्धमा कार्यपालिकाबाट स्वतन्त्र रुपमा संचालन हुन्छ। स्वतन्त्रता कानूनले नै विश्वस्त तुल्याएको छ। सर्वोच्च लेखापरीक्षण संस्थालाई अभिलेख, कागजात र सुचनामा बिनारोकावट र समयमा नै पहुँच रहेको छ।*"*	**मापदण्ड पूरा गरेको**

सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ (प्रदेश १)** को दफा ३६ अनुसार प्रदेशका सबै कार्यालयले सबै प्रकारको आयव्यय तथा कारोवारको लेखा तथा वित्तीय विवरण महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने प्रावधान गरिएको छ । यसको लागि नेपालको संविधान २०७२ को धारा २४० मा महालेखा परीक्षकको व्यवस्था गरी राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्ने र निजको पदावधि नियुक्तिको मितिले छ वर्षको हुने प्रावधान रहेको छ । समयावधि निश्चित हुनाको साथै निजको पद रिक्त हुने अवस्था पनि किटान गरिएको छ । निजको पद रिक्त हुन निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, उमेर पैंसट्ठी वर्ष पूरा भएमा,निजको विरुद्ध महाभियोगको प्रस्ताव पारित भएमा, शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा, वा निजको मृत्यु भएमा हुन सक्ने गरि निश्चित अवस्थामा बाहेक निकाल्न सकिने अवस्था देखिंदैन । त्यस्तै कार्यपालिकाबाट स्वतन्त्र राख्न महालेखा परीक्षकको पारिश्रमिक र सेवाका शर्त संघीय कानून बमोजिम हुने व्यवस्था छ भने निज महालेखा परीक्षक आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन नगरिने प्रावधानले पनि निजको कार्य र वित्तीय स्वतन्त्रता रहेको छ. **त्यस्तै संविधानको धारार २४१**.(३) मा महालेखा परीक्षकलाई कामका लागि लेखा सम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुने तथा महालेखा परीक्षक वा त्यसका कुनै कर्मचारीले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु पर्ने प्रावधान संविधानमा नै गएिको छ । यसको साथै निजको पारिश्रमिक तथा सुविधाहरु संघीय सञ्चित कोषमाथि व्ययभार हुने प्रावधान राखिएको र यस्को लागि संघीय संसदको स्वीकृति आवश्यक समेत नपर्ने छ गरिएको छ । यस्ता प्रावधानहरुले महालेखापरीक्षक पूर्ण स्वतन्त्र र खर्चको लागि कसैको भर पर्नुपर्ने अवस्था रहेको छैन । यसकारण महालेखापरीक्षण पूर्ण स्वतन्त्र रहेको देखिन्छ ।

३०.४.३.सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रतासम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
३०.४. सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** “ सर्वोच्च लेखापरीक्षण संस्था नियुक्तीको कार्यविधि, प्रमुखको पदमुक्ती, लेखापरीक्षण कार्य लगाउने योजना, *प्रतिवेदनहरु प्रकाशित गर्ने व्यवस्था,* संस्थाको बजेट स्वीकृती र कार्यान्वयनको सम्बन्धमा कार्यपालिकाबाट स्वतन्त्र रुपमा संचालन हुन्छ । स्वतन्त्रता कानूनले नै विश्वस्त तुल्याएको छ । सर्वोच्च लेखापरीक्षण संस्थालाई अभिलेख, कागजात र सुचनामा	**“क”**	“ सर्वोच्च लेखापरीक्षण संस्था नियुक्तीको कार्यविधि, प्रमुखको पदमुक्ती, लेखापरीक्षण कार्य लगाउने योजना, *प्रतिवेदनहरु प्रकाशित गर्ने व्यवस्था,* संस्थाको बजेट स्वीकृती र कार्यान्वयनको सम्बन्धमा कार्यपालिकाबाट स्वतन्त्र रुपमा संचालन हुन्छ । स्वतन्त्रता कानूनले नै विश्वस्त तुल्याएको छ । सर्वोच्च लेखापरीक्षण	**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ (प्रदेश १), नेपालको संविधान २०७२ को धारा २४० तथा २४१**

	बिनारोकावट र समयमा नै पहुँच रहेको छ।”		संस्थालाई अभिलेख, कागजात र सुचनामा बिनारोकावट र समयमा नै पहुँच रहेको छ।”	
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक ३०.४. को लागि “क” अंक र स्तर निर्धारण गरिएको छ।** माथि खण्ड ३०.४.२ मा यस सुचक सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । सो खण्डमा उल्लिखित विवरण अनुसार सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा रहेको महालेखापरीक्षकको नियुक्ती संविधानमा नै स्पष्ट गरिएको, पदमुक्तीको स्पष्ट आधार रहेको, निजको पारिश्रमिक र सुविधा तथा कार्यालयको खर्च संसदले बजेट स्वीकृत नगरे पनि संचित कोषमाथिको व्ययभारको रुपमा राखिएकोले कार्यपालिकाको भर कुनै पनि अवस्थामा पर्नुपर्ने अवस्था रहेको छैन। *प्रतिवेदनहरु प्रकाशित गर्ने व्यवस्था रहेको र* अभिलेख, कागजात र सुचनामा बिनारोकावट र समयमा नै पहुँच हुने संविधानमा नै व्यवस्था रहेकोले यस सुचकको सम्पूर्ण आधारहरु पूरा गरेकोले यस सुचकको लागि अंक **“क”** निर्धारण गरिएको छ।			

सुचक ३१: लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीन (Legislative scrutiny of audit reports)

यस सुचकले प्रदेश सरकारको लेखापरीक्षण गरिएको वित्तीय प्रतिवेदनहरुको संसदीय छानबीनमा केन्द्रीत रहन्छ। साथै संस्थागत इकाईहरु जस्को संसदलाई लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने कानूनी आवश्यकता रहेको छ , तिनीहरुको अभिभावक **(Parent)** संस्था वा नियन्त्रण गर्ने इकाईले प्रश्नहरुको जवाफ दिनुपर्ने र उनीहरुको तर्फबाट कारवाही गर्नुपर्ने हुन्छ। यस सुचकको चार पाटाहरु छन र सुचकको समष्टिगत अंकको लागि **M2(AV)** पद्दति प्रयोग गरिन्छ । स्वीकृत गरेको बजेट कार्यान्वयन माथि संसद (प्रदेश सभा) को छानबीनको अधिकार अभ्यास गर्न प्रमुख भूमिका रहन्छ। संसदीय समिति वा आयोग मार्फत बाह्य लेखापरीक्षणको प्रतिवेदनहरुको विषयमा छलफल गरी सो को जाँच गरिन्छ । कार्यपालिकाले औपचारिक रुपमा जवाफ प्रस्तुत गर्नु अघि यस्तो छलफल आवश्यक छ किनकि सुधारात्मक कदमहरु कुनै पनि समयमा लिन सकिन्छ।

३१.१.लेखापरीक्षण प्रतिवेदन छानबीनको समय (Timing of audit report scrutiny)

लेखापरीक्षण प्रतिवेदनको छानबीनको लागि सर्वप्रथम प्राथमिकता अन्तिम पूरा भएको प्रतिवेदन अवधिलाई दिनुपर्दछ । यसको साथै बेरुजु फर्स्यौटको काम गर्न निर्देशन दिएकोमा सो को पालनाको कार्य कमजोर रहेको लेखापरीक्षण गरिएको निकायहरुलाई केन्द्रीत गर्नुपर्नेछ। यसरी गरिने मुल्याँकन असल अभ्यासको तत्वहरुलाई ध्यानदिनु पर्दछ, न कि प्रतिवेदन छानबीन गर्नमा ढिलाई गरेको कार्यलाई आधार मान्नु हुँदैन।

३१.१.१.लेखापरीक्षण प्रतिवेदन छानबीनको समयसम्बन्धी मापदण्ड र आधार

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
“क”	लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको ***तीन महिना भित्र*** संसद (प्रदेश सभा) ले वार्षिक वित्तीय प्रतिवेदनहरु माथिको लेखापरीक्षण प्रतिवेदनहरुको छानबीन सम्पन्न गरेको छ।	**प्रदेश स्तर**	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
“ख”	लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको **६*महिना भित्र*** संसद (प्रदेश सभा) ले वार्षिक वित्तीय प्रतिवेदनहरु	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

	माथिको लेखापरीक्षण प्रतिवेदनहरुको छानबीन सम्पन्न गरेको छ ।		
"ग"	लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको **१२*महिना भित्र*** संसद (प्रदेश सभा) ले वार्षिक वित्तीय प्रतिवेदनहरु माथिको लेखापरीक्षण प्रतिवेदनहरुको छानबीन सम्पन्न गरेको छ ।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

३१.१.२.लेखापरीक्षण प्रतिवेदन छानबीनको समयसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	**सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड**	**मापदण्ड पूरा गरे नगरेको**
सम्पन्न भएको तीन आर्थिक वर्ष २०७५।७६ २०७६।७७ **२०७७।७८**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** *"* लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको ***तीन महिना भित्र*** संसद (प्रदेश सभा) ले वार्षिक वित्तीय प्रतिवेदनहरु माथिको लेखापरीक्षण प्रतिवेदनहरुको छानबीन सम्पन्न गरेको छ ।*"*	**मापदण्ड पूरा नगरेको**
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ (पेज ७२)** मा प्रदेश १ मा प्रतिवेदन कार्यान्वयन स्थितिको सम्बन्धमा समिक्षा गर्दै लेखापरीक्षण ऐन २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभा समक्ष पेश गर्ने व्यवस्था छ । महालेखापरीक्षक कार्यालयको वार्षिक प्रतिवेदन २०७५,२०७७ र २०७८ प्रदेश सभामा क्रमश: २०७६।४।२०, २०७७।४।९ तथा २०७८।११।१५ मा पेश भएको भनी उल्लेख गरेको देखिन्छ । सो आधारमा अध्ययन गर्दा **सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन २०७६।७७** मा उल्लेख भएनुसार समितिको बैठकका निर्णयहरु (पेज ३ देखि१३) जम्मा ३० वटा बैठकहरु बसी निर्णय गरेको देखिन्छ । सो समितिको बैठक मिति २०७६।४।९ मा शुरु गरि तीसौं बैठक २०७७।३।२९ सम्म पनि निरन्तर चलेको देखिएकोमा **१२ महिनामा** पनि सो प्रतिवेदन माथिको छानबीन पूरा भएको देखिंदैन । अझै पनि सचिवहरुलाई निर्देशन दिने निर्णय भएको देखिन्छ । **सार्वजनिक लेखा समितिको तेश्रो वार्षिक प्रतिवेदन २०७८** मा उल्लेख भएनुसार समितिले २०७७।७८ आर्थिक वर्षमा बैठक बसी विभिन्न निर्णयहरु (पेज ४ देखी ७) मलेपको बेरुजुसँग सम्बन्धीत बेरुजुहरु सम्बन्धी छलफल ३७ सौं बैठकबाट शुरु गरी सो आर्थिक वर्षमा ४५ औं बैठक बसी जम्मा ९ वटा बैठकहरु बसी निर्णय गरेको देखिन्छ । सो समितिको बैठक मिति २०७७।४।१० मा शुरु गरि ४६ औं बैठक २०७८।३।१६ सम्म चलेको देखिन्छ । सो ११ **महिनाको अवधिमा** पनि सो प्रतिवेदन माथिको छानबीन पूरा भएको देखिंदैन । सो प्रतिवेदनको प्रकरण २.२. (ख) मा २०७४।७५ को मलेपको प्रतिवेदनमा औंल्याएको वेरुजु फर्स्यौट नगरेको र प्रगति प्रतिवेदन पनि पेश नगरेको भनी टिप्पणी गरिएको देखिएकोले मलेपको वेरुजु प्रतिवेदन माथिको छानबीन १२ महिना भन्दा बढी लागेको देखिएको छ । **सार्वजनिक लेखा समितिको चौथो वार्षिक प्रतिवेदन २०७९** मा उल्लेख भएनुसार समितिले २०७८।७९ आर्थिक वर्षमा बैठक बसी विभिन्न निर्णयहरु (पेज ५ देखी ७) मलेपको बेरुजुसँग	

अन्तिम मस्यौदा

	सम्बन्धीत बेरुजुहरु सम्बन्धी छलफल ३७ सौं बैठक २०७८।११।२९ बाट शुरु गरी सो आर्थिक वर्षमा ४८ औं बैठकबाट मलेपको बेरुजुसम्बन्धी छलफल शुरु गरेको देखिन्छ । उल्लिखित आर्थिक वर्षमा ५१ औं बैठक २०७९।३।२० मा बसी जम्मा ४ वटा बैठकहरु बसी निर्णय गरेको देखिन्छ । सो प्रतिवेदनको प्रकरण २.३. (ग) पेज ६ मा बिभिन्न आर्थिक वर्षको बेरुजु फर्स्यौटको प्रगति सन्तोषजनक नभएको हुँदा बाँकी वेरुजु रकम चाँडो भन्दा चाँडो फर्स्यौट गर्न निर्देशन दिएको देखिंदा मलेपको प्रतिवेदनमा औल्याएको विभिन्न आर्थिक वर्षहरुमा उठाईएको वेरुजुको छानबीन सम्पन्न नभएको पुष्टी हुन्छ ।

३१.१.३.लेखापरीक्षण प्रतिवेदन छानबीनको समयसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
३१.१.लेखापरीक्षण प्रतिवेदन छानबीनको समय	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि : "** लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको ***तीन महिना भित्र*** संसद (प्रदेश सभा) ले वार्षिक वित्तीय प्रतिवेदनहरु माथिको लेखापरीक्षण प्रतिवेदनहरुको छानबीन सम्पन्न गरेको छ ।**"**	**"घ"**	लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको १२ महिना भित्र संसद (प्रदेश सभा) ले वार्षिक वित्तीय प्रतिवेदनहरु माथिको लेखापरीक्षण प्रतिवेदनहरुको छानबीन सम्पन्न गरेको भए अंक "ग", अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको भए अंक **"घ"**	प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९, सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन २०७६।७७, सार्वजनिक लेखा समितिको तेश्रो वार्षिक प्रतिवेदन २०७८, सार्वजनिक लेखा समितिको चौथो वार्षिक प्रतिवेदन २०७९
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक ३१.१ को लागि "घ" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड ३१.१.२ मा यस सुचक सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । सो खण्डमा उल्लिखित विवरण अनुसार सार्वजनिक लेखा समितिको चौथो वार्षिक प्रतिवेदन २०७९ को ५१ औं बैठक २०७९।३।२० मा बसी *बिभिन्न आर्थिक वर्षको बेरुजु फर्स्यौटको प्रगति सन्तोषजनक नभएको हुँदा बाँकी वेरुजु रकम चाँडो भन्दा चाँडो फर्स्यौट गर्न निर्देशन दिएको* मलेपको प्रतिवेदनमा औल्याएको देखिंदा कुनै पनि आर्थिक वर्षहरुको वेरुजुको छानबीन सम्पन्न नभएको पुष्टी हुन्छ । यसैकारणले गर्दा यस सुचकको लागि अंक **"घ"** निर्धारण गरिएको छ ।			

३१.२.लेखापरीक्षण निष्कर्षहरु बारे सुनवाई (Hearings on audit findings)

मुख्य निष्कर्षहरुको सुनवाईको समयमा महालेखापरीक्षकको कार्यालयको प्रतिनिधिहरु प्रतिवेदनमा औल्याईएको कैफियतहरु र निष्कर्षको बारेमा स्पष्ट गर्नको लागि तथा लेखापरीक्षण गरिएको निकायलाई प्रत्युत्तर दिन र सुधारका कार्ययोजना पेश गर्न समावेश गर्नुपर्दछ। केही (A Few) भन्नाले राय परामर्शको डिस्क्लेमर वा विपरीत वा बेरुजु सहीतको मुल्यको आधारमा सरकारको एकाईहरुको १० देखि २५ प्रतिशत बीचको मुल्य भएको।

३१.२.१.लेखापरीक्षण निष्कर्षहरु बारे सुनवाईसम्बन्धी मापदण्ड र स्तर

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
“क”	**सबै** (All) लेखापरीक्षण भएका निकायहरु जस्को लागि डिस्क्लेमर वा विपरीत लेखापरीक्षण विचार वा गुणात्मक टिप्पणी प्राप्त भएको छ, सो सम्बन्धमा जिम्मेवार पदाधिकारीहरुसँग ***नियमित रुपमा*** लेखापरीक्षण प्रतिवेदनको मुख्य निष्कर्ष र सिफारिशहरु (Key Findings) सम्बन्धमा गहन सुनवाई भएको।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
“ख”	**अधिकाँश** (Most) लेखापरीक्षण भएका निकायहरु जस्को लागि डिस्क्लेमर वा विपरीत लेखापरीक्षण विचार वा गुणात्मक टिप्पणी प्राप्त भएको छ, सो सम्बन्धमा जिम्मेवार पदाधिकारीहरुसँग लेखापरीक्षण प्रतिवेदनको मुख्य निष्कर्ष र सिफारिशहरु (Key Findings) सम्बन्धमा गहन सुनवाई भएको।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
“ग”	**केही** (A Few) लेखापरीक्षण भएका निकायहरु सम्बन्धमा लेखापरीक्षण प्रतिवेदनको मुख्य निष्कर्ष र सिफारिशहरु (Key Findings) सम्बन्धमा गहन सुनवाई समय समय हुने गरेको वा आर्थिक मामिला तथा योजना मन्त्रालयका पदाधिकारीहरुसँग मात्र सुनवाई भएको।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

३१.२.२. लेखापरीक्षण निष्कर्षहरु बारे सुनवाईसम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको तीन आर्थिक वर्ष २०७५।७६ २०७६।७७ **२०७७।७८**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि : “ सबै** (All) लेखापरीक्षण भएका निकायहरु जस्को लागि डिस्क्लेमर वा विपरीत लेखापरीक्षण विचार वा गुणात्मक टिप्पणी प्राप्त भएको छ, सो सम्बन्धमा जिम्मेवार पदाधिकारीहरुसँग ***नियमित रुपमा*** लेखापरीक्षण प्रतिवेदनको मुख्य निष्कर्ष र सिफारिशहरु (Key Findings) सम्बन्धमा गहन सुनवाई भएको। ”	**मापदण्ड पूरा नगरेको**

सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु २०७७,२०७८ र २०७९** मा गुणात्मक टिप्पणी गरेको देखिन्छ । महालेखापरीक्षकले उल्लिखित प्रतिवेदनहरुको लागि पेश गरेको प्रतिवेदनको आवरण पत्रको व्यहोरामा नै कैफियत सहीतको राय भनी उल्लेख गर्ने गरेको देखिन्छ । महालेखापरीक्षकको उक्त प्रतिवेदन उपर प्रदेश १ को प्रदेश सभामा समयमा नै बेरुजुको प्रतिवेदनहरु पुगेको देखिन्छ । माथि सुचक नम्बर ३१.१.२ मा प्रदेश सभाको सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदनहरु प्रस्तुत गरिएकोमा सो प्रतिवेदनहरुले जिम्मेवार सचिव तथा पदाधिकारीहरुसँग नियमित रुपमा सुनवाई गरिएको देखिएन । आर्थिक वर्ष २०७६।७७ मा बजेट हाराहारीको श्रोत सुनिश्चितताको नाममा बजेट प्रतिबद्धता जस्ता गम्भीर बजेट अनुशासन बाहिरको काम हुँदा, अनुदान फिर्ता नहुँदा, स्वीकृत मापदण्ड विपरीत सवारी साधन खरिद, २०७६।७७ मा दरबन्दी वेगर करार सेवा शुल्कको बजेट चार करोड भएकोमा चौबिस करोड भन्दा बढी खर्च गरी बजेटको तुलनामा अत्यधिक बढी खर्च गरि बजेटको अनुशासन पालना नगर्दा , मलेपको कार्यालयबाट आव २०७७।७८ को कुल बेरुजु १ अर्ब ४८ करोड औल्याएकोमा आलेपले देखाएको बेरुजु करिब ९ करोड मात्र औंल्याएकोमा यति ठुलो रकमको वेरुजु सम्बन्धमा सो समितिमा छलफल भएको अवस्था देखिंदैन । **सार्वजनिक लेखा समितिको चौथो वार्षिक प्रतिवेदन २०७९** को ५१ औं बैठक २०७९।३।२० मा बसी बिभिन्न आर्थिक वर्षको बेरुजु फर्स्यौटको प्रगति सन्तोषजनक नभएको हुँदा बाँकी वेरुजु रकम चाँडो भन्दा चाँडो फर्स्यौट गर्न निर्देशन सम्म दिएको देखिंन्छ तर यस सुचकको माग अनुसार आर्थिक वर्षहरुको वेरुजुको छानबीन सम्पन्न भएको पुष्टी हुँदैन । त्यस्तै जिम्मेवार पदाधिकारीहरुसँग ***नियमित रुपमा*** लेखापरीक्षण प्रतिवेदनको मुख्य निष्कर्ष र सिफारिशहरु सम्बन्धमा गहन सुनवाई भएको देखिएन ।

३१.२.३. लेखापरीक्षण निष्कर्षहरु बारे सुनवाईसम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
३१.२.लेखापरीक्षण निष्कर्षहरु बारे सुनवाई	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि : *"* सबै** (All) लेखापरीक्षण भएका निकायहरु जस्को लागि डिस्क्लेमर वा विपरीत लेखापरीक्षण विचार वा गुणात्मक टिप्पणी प्राप्त भएको छ, सो सम्बन्धमा जिम्मेवार पदाधिकारीहरुसँग ***नियमित रुपमा*** लेखापरीक्षण प्रतिवेदनको मुख्य निष्कर्ष र सिफारिशहरु (Key Findings) सम्बन्धमा गहन सुनवाई भएको । *"*	**"घ"**	केही लेखापरीक्षण भएका निकायहरु सम्बन्धमा लेखापरीक्षण प्रतिवेदनको मुख्य निष्कर्ष र सिफारिशहरु सम्बन्धमा गहन सुनवाई समय समय हुने गरेको वा आर्थिक मामिला तथा योजना मन्त्रालयका पदाधिकारीहरुसँग मात्र सुनवाई भएकोमा "ग" अंक र अंक "ग" को लागि आवश्यक परेको भन्दा	महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु २०७७,२०७८ र २०७९ तथा सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन २०७६।७७, सार्वजनिक लेखा समितिको तेश्रो वार्षिक प्रतिवेदन २०७८, सार्वजनिक लेखा समितिको चौथो वार्षिक प्रतिवेदन २०७९

			कम कार्यसम्पादन भएको अवस्थामा अंक “घ” ।	
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक ३१.२ को लागि “घ” अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड **३१.२.२** मा यस सुचक सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । सो खण्डमा उल्लिखित विवरण अनुसार प्रदेश सभाको सार्वजनिक लेखासमितिको ३ आर्थिक वर्षहरुको प्रतिवेदनमा उल्लिखित समितिको निर्णयहरुले लेखापरीक्षण प्रतिवेदनको मुख्य निष्कर्ष र सिफारिशहरु सम्बन्धमा गहन सुनवाई समय समय पनि हुने गरेको देखिएन र समितिले आर्थिक मामिला तथा योजना मन्त्रालयका पदाधिकारीहरुसँग मात्र पनि यस्तो गहन सुनवाई गरिएको समितिको उल्लिखित प्रतिवेदनहरुमा देखिएन । त्यसैले यस सुचकको कुनै पनि मापदण्ड पूर्ण रुपमा भएको नदेखिएकोले प्रस्तुत सुचकको लागि अंक **“घ”** निर्धारण गरिएको छ ।			

३१.३.संसदले लेखापरीक्षण सम्बन्धमा गर्ने सिफारिशहरु (Recommendations on audit by the legislature)

कार्यपालिकाले प्रदेश सभा वा समितिले गरेको कार्य वा लगाएको प्रतिबन्धलाई पालना गरेको र सो सम्बन्धमा अनुगमन प्रणाली स्थापित भएको र सिफारिशहरु उपयुक्त रुपमा कार्यपालिकाले विचार गरेको हुनुपर्दछ । प्रणालीगत रुपमा भन्नाले सिफारिशहरु अस्तित्वमा रहेको पत्ता लगाउने (Tracking), कारवाही गरे नगरेको सम्बन्धमा अभिलेख गर्ने हुनुपर्दछ । त्यस्तै प्रदेश सभा वा समितिलाई कार्यपालिकाले पछिको सुनवाईमा सिफारिशहरु कार्यान्वयन भए नभएको सुचित गर्नुपर्ने व्यवस्था हुनुपर्नेछ ।

३१.३.१.संसदले लेखापरीक्षण सम्बन्धमा गर्ने सिफारिशहरुसम्बन्धी मापदण्ड र आधार

अंक (Score) को स्तर	**अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता**	**समावेश गर्ने निकायको क्षेत्र (Coverage)**	**तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)**
“क”	कार्यपालिकाले कार्यान्वयन गर्नुपर्ने कार्यहरु सम्बन्धमा संसद (प्रदेश सभा) ले सिफारिशहरु जारी गरेको र तिनीहरुको कार्यान्वयन सम्बन्धमा प्रणालीबद्ध रुपमा अनुगमन **(Follow up)** गरेको ।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
“ख”	कार्यपालिकाले कार्यान्वयन गर्नुपर्ने कार्यहरु सम्बन्धमा संसद (प्रदेश सभा) ले सिफारिशहरु जारी गरेको र तिनीहरुको कार्यान्वयन सम्बन्धमा अनुगमन **(Follow up)** गरेको ।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
“ग”	कार्यपालिकाले कार्यान्वयन गर्नुपर्ने कार्यहरु सम्बन्धमा संसद (प्रदेश सभा) ले सिफारिशहरु जारी गरेको	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
“घ”	अंक **“ग”** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

३१.३.२.संसदले लेखापरीक्षण सम्बन्धमा गर्ने सिफारिशहरु सम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको तीन आर्थिक वर्ष २०७५।७६ २०७६।७७ **२०७७।७८**	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** " कार्यपालिकाले कार्यान्वयन गर्नुपर्ने कार्यहरु सम्बन्धमा संसद (प्रदेश सभा) ले सिफारिशहरु जारी गरेको र तिनीहरुको कार्यान्वयन सम्बन्धमा प्रणालीबद्ध रुपमा अनुगमन (Follow up) गरेको ।"	मापदण्ड आँशिक रुपमा पूरा नगरेको
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	प्रदेश सभाको वेवसाईट (assembly.p1.gov.np) मा प्रकाशित सुचना अनुसार प्रदेश सभाका गतिविधिहरु लगायत अन्य विशेषताहरुको अध्ययन गर्दा प्रदेश सभाले विधायत पारीत गरेको विवरण बाहेक कार्यपालिकाले कार्यान्वयन गर्नुपर्ने सिफारिशहरु जारी गरेको देखिएन । त्यस्तै सार्वजनिक लेखा समितिले पेश गरेको वार्षिक प्रतिवेदनहरुमा प्रदेश सरकारका निकायहरुलाई प्रमाण कागजात माग गर्ने गरेको, स्पष्ट गर्न लेखेको र कार्यान्वयनको सिफारिश भएपनि सो **समितिको चौथो वार्षिक प्रतिवेदन २०७९** मा उल्लिखित विवरणहरु अनुसार सरकारको तर्फबाट सो सम्बन्धमा आवश्यक चासो राखेको देखिएन । त्यस्तै गरेको केही सिफारिशहरु भएको देखिएता पनि कार्यान्वयन सम्बन्धमा प्रणालीबद्ध अनुगमनको योजना र अनुगमन गरेको देखिएन ।	

३१.३.३.संसदले लेखापरीक्षण सम्बन्धमा गर्ने सिफारिशहरु सम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु	अंक निर्धारण (स्तर)	सुचकको आवश्यकता	सुचना श्रोत
३१.३.संसदले लेखापरीक्षण सम्बन्धमा गर्ने सिफारिशहरु	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** " कार्यपालिकाले कार्यान्वयन गर्नुपर्ने कार्यहरु सम्बन्धमा संसद (प्रदेश सभा) ले सिफारिशहरु जारी गरेको र तिनीहरुको कार्यान्वयन सम्बन्धमा प्रणालीबद्ध रुपमा अनुगमन **(Follow up)** गरेको ।"	**"ग"**	कार्यपालिकाले कार्यान्वयन गर्नुपर्ने कार्यहरु सम्बन्धमा संसद (प्रदेश सभा) ले सिफारिशहरु जारी गरेको	प्रदेश सभा सचिवालयको वेवसाईट assembly.p1.gov.np, सार्वजनिक लेखा समितिको चौथो वार्षिक प्रतिवेदन २०७९
सुचकको उल्लिखित अंक प्राप्तीको पुष्टयाई र व्याख्या	**सुचक ३१.३ को लागि "ग" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड ३१.३.२ मा यस सुचक सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । सो खण्डमा उल्लिखित विवरण अनुसार कार्यपालिकाले कार्यान्वयन गर्नुपर्ने कार्यहरु सम्बन्धमा संसद (प्रदेश सभा) ले *सिफारिशहरु जारी गरेको* देखिएको तर अनुगमन गर्ने प्रणालीबद्ध कार्यव्यवस्था गरेको देखिंदैन । यसर्थ प्रमाण कागजातको आधारमा यस सुचकले सम्पूर्ण आधारहरु पूरा गरेको नदेखिएको र उल्लिखित सीमित आधार मात्र पूरा गरेको देखिएकोले यस सुचकको लागि अंक **"ग"** निर्धारण गरिएको छ ।			

३१.४.लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीनको पारदर्शिता (Transparency of legislative scrutiny of audit reports)

सर्वसाधारणलाई पहुँचको आधारमा छानबीनको पारदर्शिता मापन गरिन्छ । यसको लागि समितिको सुनवाई खुला रुपमा गर्ने गर्दा पारदर्शिता र समितिको कामको नागरिकलाई सुचना हुनु आवश्यक छ । खुल्ला गर्दा समितिमा सर्वसाधारणको सदस्यहरुलाई बोल्नको लागि आमन्त्रण गर्ने, आम संचारको माध्यम टेलिभिजन तथा रेडियोबाट समितिको भईरहेको काम कारवाही बारेमा थाहा हुने कुरा एकीन गरिनु पर्दछ ।

३१.४.१. लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीनको पारदर्शितासम्बन्धी मापदण्ड र आधार

अंक (Score) को स्तर	अंक प्रदान गर्न आवश्यक न्यूनतम योग्यता	समावेश गर्ने निकायको क्षेत्र (Coverage)	तथ्याँक लिनुपर्ने समय अवधि (वर्ष)
"क"	राष्ट्रिय सुरक्षा वा त्यस्तै प्रकारको संवेदनशील छलफलहरु जस्ता निसिद्ध गरिएका सीमित परिस्थितिहरु सम्बन्धी अपवादका अवस्थामा बाहेक सबै सुनवाईहरु **(All Hearings)** सार्वजनिक रुपमा संचालन गरिएको । समितिका प्रतिवेदनहरु संसदको पूर्ण बैठक **(Full Chambers)** मा छलफल गरिने र अफिसियल वेबसाईट वा सर्वसाधारणलाई सहजै पहुँच हुने अन्य माध्यममा प्रकाशित गरिएको ।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ख"	राष्ट्रिय सुरक्षा वा मिल्दो प्रकारको संवेदनशील छलफलहरु जस्ता केही (**A Few**) अपवादका अवस्थामा बाहेक सुनवाईहरु **(Hearings)** सार्वजनिक रुपमा संचालन गरिएको । समितिका प्रतिवेदनहरु संसदको पूर्ण बैठक **(Full Chambers)** मा उपलब्ध गराईएको र अफिसियल वेबसाईट वा सर्वसाधारणलाई सहजै पहुँच हुने अन्य माध्यममा प्रकाशित गरिएको ।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"ग"	*समितिका प्रतिवेदनहरु* अफिसियल वेबसाईट वा सर्वसाधारणलाई सहजै पहुँच हुने अन्य माध्यममा प्रकाशित गरिएको ।	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष
"घ"	अंक **"ग"** को लागि आवश्यक परेको भन्दा कम कार्यसम्पादन भएको	प्रदेश स्तर	सम्पन्न भएको अन्तिम तीन आर्थिक वर्ष

३१.४.२. लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीनको पारदर्शितासम्बन्धी सुचकको अवस्था तथा आधार, प्रमाणहरु

अवधि	सुचकको अवस्था तथा परीक्षणको आधार र मापदण्ड	मापदण्ड पूरा गरे नगरेको
सम्पन्न भएको तीन	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** " राष्ट्रिय सुरक्षा वा त्यस्तै प्रकारको संवेदनशील छलफलहरु जस्ता निसिद्ध गरिएका सीमित परिस्थितिहरु सम्बन्धी अपवादका अवस्थामा बाहेक सबै सुनवाईहरु **(All**	मापदण्ड पूरा नगरेको

आर्थिक वर्ष २०७५।७६ २०७६।७७ **२०७७।७८**	**Hearings)** सार्वजनिक रुपमा संचालन गरिएको । समितिका प्रतिवेदनहरु संसदको पूर्ण बैठक **(Full Chambers)** मा छलफल गरिने र अफिसियल वेबसाईट वा सर्वसाधारणलाई सहजै पहुँच हुने अन्य माध्यममा प्रकाशित गरिएको ।"	
सुचकको लागि सम्पुष्टी गर्ने प्रमाण र आधार	**प्रदेश नं. १ को प्रदेश सभा नियमावली २०७४** (प्रथम संशोधन २०७५।१२।१०) को प्रकरण १९३ मा प्रदेश सभामा प्रवेश नियमित गराउने अधिकारको उल्लेख भएको छ । सो प्रावधान अनुसार सभा वा समितिका बैठकहरु सामान्यत खुला रहने प्रावधान गरिएकोछ । कार्यव्यवस्था परामर्श, विशेषाधिकार र आचरण अनुगमन समिति बाहेक अन्य समितिको लागि प्रवेश नियमित गर्न सभामुखले आवश्यकतानुसार प्रवेशको व्यवस्था गरिएको देखिन्छ । **सार्वजनिक लेखा समितिको चौथो वार्षिक प्रतिवेदन २०७९** को बुँदा १.५ को समितिको कार्य प्रक्रियामा बैठक संचालन सम्बन्धमा सचिवालयको हातामा सुचना टाँस गर्ने तथा प्रत्येक सदस्यहरुलाई एस एम एस वा टेलिफोन मार्फत सुचना दिने व्यवस्था उल्लेख गरिएको छ । समितिका प्रतिवेदनहरु संसदको पूर्ण बैठकमा छलफल गरिने सामान्यत: देखिएता पनि कोरम पुर्याएर पनि बैठक संचालन हुने व्यवस्था समेत रहेको छ (पेज ४) । त्यस्तै अफिसियल वेबसाईट (assembly.p1.gov.np) बाट सर्वसाधारणलाई पहुँच हुने व्यवस्था रहेको तर अन्य माध्यममा प्रकाशित गरिएको देखिएन ।	

३१.४.३. लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीनको पारदर्शिता सम्बन्धी अंक निर्धारण तथा मापनको आधार तथा अंक प्रदान गरिएको आधारको व्याख्या :

सुचक	**अंक प्रदान गर्न प्रयोग गरिएको परीक्षण आधारहरु**	**अंक निर्धारण (स्तर)**	**सुचकको आवश्यकता**	**सुचना श्रोत**
३१.४.लेखा परीक्षण प्रतिवेदनहरु को संसदीय छानबीनको पारदर्शिता	**प्रस्तुत सुचकको पूर्ण अंक प्राप्तीको लागि :** " राष्ट्रिय सुरक्षा वा त्यस्तै प्रकारको संवेदनशील छलफलहरु जस्ता निसिद्ध गरिएका सीमित परिस्थितिहरु सम्बन्धी अपवादका अवस्थामा बाहेक सबै सुनवाईहरु (All Hearings) सार्वजनिक रुपमा संचालन गरिएको । समितिका प्रतिवेदनहरु संसदको पूर्ण बैठक (Full Chambers) मा छलफल गरिने र अफिसियल वेबसाईट वा सर्वसाधारणलाई सहजै पहुँच हुने अन्य माध्यममा प्रकाशित गरिएको ।"	**"ख"**	राष्ट्रिय सुरक्षा वा मिल्दो प्रकारको संवेदनशील छलफलहरु जस्ता केही (ब ँभध) अपवादका अवस्थामा बाहेक सुनवाईहरु सार्वजनिक रुपमा संचालन गरिएको । समितिका प्रतिवेदनहरु संसदको पूर्ण बैठक मा उपलब्ध गराईएको र अफिसियल वेबसाईट वा सर्वसाधारणलाई सहजै पहुँच हुने अन्य माध्यममा प्रकाशित गरिएको ।	प्रदेश नं. १ को प्रदेश सभा नियमावली २०७४, सार्वजनिक लेखा समितिको चौथो वार्षिक प्रतिवेदन २०७९, प्रदेश सभा सचिवालयको वेवसाईट assembly.p1.gov.np
सुचकको उल्लिखित अंक प्राप्तीको	**सुचक ३१.४. को लागि "ख" अंक र स्तर निर्धारण गरिएको छ ।** माथि खण्ड ३१.४.२ मा यस सुचक सम्बन्धी आधार तथा प्रमाणहरु उल्लिखित गरिएको छ । सो खण्डमा उल्लिखित विवरण अनुसार केही अपवादका अवस्थामा बाहेक सुनवाईहरु सार्वजनिक रुपमा संचालन गरिएको बुझिन्छ । समितिका प्रतिवेदनहरु संसदको पूर्ण बैठक मा उपलब्ध गराईएको र अफिसियल वेबसाईटबाट सर्वसाधारणलाई सहजै पहुँच			

पुष्टयाई र व्याख्या	हुने व्यवस्था रहेको र प्रदेश सभा तथा समितिहरुका सबै प्रतिवेदन तथा काम कारवाहीहरु प्रदेश सभा सचिवालयको वेवसाईट assembly.p1.gov.np मा उपलब्ध रहेकोले यस सुचकको लागि अंक **“ख”** निर्धारण गरिएको छ।

***

अन्तिम मसौदा

परिच्छेद ५

सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको विश्लेषणको निष्कर्ष

८.१.सार्वजनिक वित्तीय व्यवस्थापन कार्यसम्पादनको एकीकृत परीक्षण : यस प्रतिवेदनको माथि परिच्छेद ४.१ देखि परिच्छेद ४.७ सम्म प्रदेश १ को सार्वजनिक वित्तीय व्यवस्थापनका पेफाको आधारभूत सुचकहरुको विश्लेषण र परीक्षणको आधारमा समग्र सुचकहरुको वास्तविक अंक र मापदण्डको आधार यस परिच्छेदमा प्रस्तुत गरिएको छ । यसको लागि पेफाको Framework for assessing public Financial management (October 2019 2nd Edition) को मार्गदर्शन अनुसार तयार गरिएको छ। सो आधारमा माथि उल्लिखित सबै सुचकहरुको अन्तिम अंक स्तर तपसिल बमोजिम रहेको छ।

प्रदेश १ सरकार
सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी सुचकहरुको विश्लेषणको आधारमा
परिच्छेद ४.१ अंक गणना तथा मापदण्ड स्तर निर्धारण गरिएको साराँश तालिका

नं.	सुचकको आधार (PILLARS)	नं.	मुख्य सुचकहरु	नं.	उपसुचकहरु	मापन सुचक M1/M2	मापदण्ड अनुसार गणना तथा स्तर निर्धारण गरिएको अंक स्तर				पेफा गणना तालिका अनुसार कायम हुने अन्तीम अंक स्तर
							“क”	**“ख”**	**“ग”**	**“घ”**	
१	बजेटको भरपर्दोपना	१	समग्र खर्चको अवस्था	१.०	समग्र खर्चको अवस्था	M1				“घ”	“घ”
		२	खर्चका संरचनाको खर्च स्थिति	२.१.	कार्यहरुको आधारमा खर्चको संरचना रकम	M1 (WL)				“घ”	“घ”
				२.२	आर्थिक वर्गिकरणको आधारमा खर्चको संरचना रकम	M1 (WL)				“घ”	
				२.३	आकष्मिक कोष कार्यहरुको आधारमा खर्चको संरचना रकम	M1 (WL)				“घ”	
२	सार्वजनिक वित्तको पारदर्शिता	४	बजेटको वर्गिकरणका आधार	४.०	बजेटको वर्गिकरणका आधार		“क”				“क”
		५	बजेटको औपचारिक कागजात	५.०	बजेटको औपचारिक कागजात		“क”				“क”
		६	प्रदेश सरकारको वित्तीय प्रतिवेदन बाहिरका कार्यहरु	६.१	वित्तीय प्रतिवेदनहरु बाहिरका खर्चहरु		“क”				“क”
				६.२	वित्तीय प्रतिवेदनहरु बाहिरका राजस्वहरु		“क”				
				६.३	गैरबजेटरी एकाईहरुको वित्तीय प्रतिवेदनहरु			“ख”			
		७	पालिकाहरुका रकम हस्तान्तरण प्रणाली	७.१	पालिकाहरुका रकम हस्तान्तरण प्रणाली	M2	“क”				“क”
				७.२	हस्तान्तरण सुचनाको समयबद्धता		“क”				
		८	सेवा प्रवाह गर्ने निकायको कार्यसम्पादन सुचना	८.१	सेवा प्रवाहको लागि कार्यसम्पादन योजनाहरु	M2 (AV)	“क”				“ख+”
				८.२	सेवा प्रवाहको लागि कार्यसम्पादन प्राप्त गरेका	M2 (AV)	“क”				
				८.३	सेवा प्रवाह गर्ने एकाईले प्राप्त गरेको साधनहरु	M2 (AV)	“क”				

				८.४	सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकन	M2 (AV)			“ग”		
		९	वित्त सुचनामा नागरिकको पहुँच	९.०	वित्त सुचनामा नागरिकको पहुँच					“घ”	“घ”
३	सम्पति र दायित्वहरुको व्यवस्थापन	१०	वित्तीय जोखिमको प्रतिवेदन	१०.१	सार्वजनिक संस्थानहरुको अनुगमन	M2 (AV)			“ग”		“घ+”
				१०.२	स्थानीय तहहरुको अनुगमन	M2 (AV)			“ग”		
				१०.३	आकष्मिक दायित्वहरु र अन्य वित्तीय जोखिमहरु	M2 (AV)				“घ”	
		११	सार्वजनिक लगानी व्यवस्थापन	११.१	लगानी प्रस्तावहरुको आर्थिक विश्लेषण	M2 (AV)				“घ”	“ग”
				११.२	लगानी आयोजना छनौट गर्ने	M2 (AV)			“ग”		
				११.३	लगानी आयोजना लागत तयार गर्ने	M2 (AV)		“ख”			
				११.४	लगानी आयोजना अनुगमन	M2 (AV)			“ग”		
		१२	सार्वजनिक सम्पति व्यवस्थापन	१२.१	वित्तीय सम्पति अनुगमन	M2 (AV)				“घ”	“घ+”
				१२.२	गैरवित्तीय सम्पति अनुगमन	M2 (AV)			“ग”		
				१२.३	सम्पति विक्रीको पारदर्शिता	M2 (AV)				“घ”	
		१३	ऋण व्यवस्थापन आदिको सुचकहरुको स्थिति	१३.१	ऋण र जमानतको अभिलेख र प्रतिवेदन	M2 (AV)				“घ”	“घ”
				१३.२	ऋण र जमानतको स्वीकृती	M2 (AV)				“घ”	
				१३.३	ऋण व्यवस्थापन रणनीति	M2 (AV)				“घ”	
४	नीतिमा आधारीत वित्तीय रणनीति र बजेट	१४	प्रदेश स्तरीय समष्टि आर्थिक र वित्त प्रक्षेपणको अवस्था	१४.१	समष्टिगत आर्थिक प्रक्षेपण	M2 (AV)			“ग”		“घ+”
				१४.२	वित्त प्रक्षेपण	M2 (AV)			“ग”		
				१४.३	समष्टिवित्त संवेदनशील विश्लेषण	M2 (AV)				“घ”	
		१५	वित्त रणनीति	१५.१	नीति प्रस्तावहरुको वित्त प्रभाव	M2 (AV)				“घ”	“घ”
				१५.२	वित्त नीतिको पालना	M2 (AV)				“घ”	
				१५.३	वित्त उपलब्धीको प्रतिवेदन	M2 (AV)				“घ”	
		१६	बजेट खर्चमा मध्यमकालिन खर्चको सन्दभ	१६.१	मध्यमकालिन खर्च अनुमान	M2 (AV)	“क”				“ख+”
				१६.२	मध्यमकालिन खर्च सीमा	M2 (AV)	“क”				
				१६.३	रणनीतिक योजनाहरु र मध्यमकालिन बजेटको झुकाव	M2 (AV)	“क”				
				१६.४	अघिल्लो वर्षको अनुमानसँग बजेटको तादाम्यता	M2 (AV)				“घ”	
		१७	बजेट तयारी प्रकृया	१७.१	बजेट क्यालेण्डर	M2 (AV)		“ख”			“ख”
				१७.२	बजेट तयारी मार्गदर्शन	M2 (AV)	“क”				

				१७.३	प्रदेश सभामा बजेटको प्रस्तुतीकरण	M2 (AV)			“ग”		
		१८	बजेटको संसदीय छानबीन	१८.१	बजेट छानबीनको क्षेत्र	M1 (WL)				“घ”	“ख”
				१८.२	बजेट छानबीनको लागि व्यवस्थापकीय कार्यविधि	M1 (WL)		“ख”			
				१८.३	बजेट स्वीकृतीको समयावधी	M1 (WL)	“क”				
				१८.४	कार्यपालिकाले बजेट समायोजनको नियमहरु	M1 (WL)	“क”				
५	बजेटको कार्यान्वयनमा नियन्त्रण र प्रक्षेपण	१९	राजस्व प्रशासन	१९.१	राजस्व उपायहरुको लागि अधिकार र दायित्वहरु					“घ”	“घ+”
				१९.२	राजस्व जोखिम व्यवस्थापन					“घ”	
				१९.३	राजस्व लेखापरीक्षण र अनुसन्धान					“घ”	
				१९.४	राजस्व बक्यौता अनुगमन		“क”				
		२०	राजस्वको लेखा	२०.१	राजस्व संकलनसम्बन्धी सुचना	M1 (WL)	“क”				“ख”
				२०.२	राजस्व संकलनको हस्तान्तरण	M1 (WL)	“क”				
				२०.३	राजस्व खाताहरुको समायोजन	M1 (WL)				“घ”	
		२१	आर्थिक वर्षमा श्रोत बाँडफाँटको प्रक्षेपण	२१.१	नगद मौज्दातको एकत्रिकरण	M2 (AV)			“ग”		“ग”
				२१.२	नगद प्रक्षेपण तथा अनुगमन	M2 (AV)			“ग”		
				२१.३	प्रतिबद्धता सीमाहरु बारेमा सुचना	M2 (AV)			“ग”		
				२१.४	आर्थिक वर्षभित्र बजेट समायोजनको महत्व	M2 (AV)			“ग”		
		२२	खर्च बक्यौता	२२.१	खर्च वक्यौताको स्टक	M1 (AV)			“ग”		“घ+”
				२२.२	खर्च वक्यौताको अनुगमन	M1 (AV)				“घ”	
		२३	पेरोल नियन्त्रण	२३.१	कर्मचारी अभिलेख र पेरोलको एकीकृत विवरण					“घ”	“घ+”
				२३.२	पेरोल परिवर्तनको व्यवस्थापन					“घ”	
				२३.३	पेरोलको आन्तरिक नियन्त्रण					“घ”	
				२३.४	पेरोल लेखापरीक्षण		“क”				
		२४	खरिद व्यवस्थापन	२४.१	खरिद अनुगमन	M2 (V)			“ग”		“ख”
				२४.२	खरिद विधि	M2 (V)			“ग”		
				२४.३	खरिद सुचनामा सर्वसाधारणको पहुँच	M2 (V)		“ख”			
				२४.४	खरिद गुनासो व्यवस्थापन	M2 (V)	“क”				
		२५	आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रण	२५.१	आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रण	M2 (AV)	“क”				“ख”
				२५.२	खर्चको प्रतिबद्धता नियन्त्रणहरुको प्रभावकारिता	M2 (AV)			“ग”		
				२५.३	भुक्तानी नियम र कार्यविधिको पालना	M2 (AV)			“ग”		
		२६		२६.१	आन्तरिक लेखापरीक्षणको समेटेको क्षेत्र	M1 (WL)	“क”				“ग+”

			आन्तरिक लेखापरीक्षण	२६.२	लेखापरीक्षणको प्रकृति र प्रयोग गरिएको मापदण्ड	M1 (WL)			“ग”		
				२६.३	आन्तरिक लेखापरीक्षणको कार्यान्वयन र प्रतिवेदन	M1 (WL)			“ग”		
				२६.४	आन्तरिक लेखापरीक्षणलाई प्रत्युत्तर	M1 (WL)				“घ”	
६	लेखाँकन र प्रतिवेदन	२७	वित्तीय तथ्याँकको भरपर्दोपना	२७.१	बैक खाता समायोजन			“ख”			“ग”
				२७.२	उञ्राती खाताहरु				“ग”		
				२७.३	पेश्की खाता				“ग”		
				२७.४	वित्तीय तथ्याँक भरपर्दोपना प्रक्रिया					“घ”	
		२८	आवधिक बजेट प्रतिवेदन	२८.१	प्रतिवेदनहरुको कभरेज र तुलनात्मकता				“ग”		“घ+”
				२८.२	आवधिक बजेट प्रतिवेदन समय					“घ”	
				२८.३	आवधिक बजेट प्रतिवेदनहरुको शुद्धता				“ग”		
		२९	वार्षिक वित्तीय प्रतिवेदनहरु	२९.१	वार्षिक वित्तीय प्रतिवेदनहरुको पूर्णता	M1 (WL)		“ख”			“ग+”
				२९.२	बाह्य लेखापरीक्षणको लागि प्रतिवेदनहरुको प्रस्तुती	M1 (WL)		“ख”			
				२९.३	लेखाँकन मापदण्ड	M1 (WL)				“घ”	
७	बाह्य छानबिन र लेखापरीक्षण	३०	बाह्य लेखापरीक्षण	३०.१	लेखापरीक्षणको क्षेत्र (कभरेज) र मापदण्डहरु	M1 (ML)				“घ”	“ग”
				३०.२	लेखापरीक्षण प्रतिवेदनहरु प्रदेश सभामा प्रस्तुती	M1 (ML)			“ग”		
				३०.३	बाह्य लेखापरीक्षण अनुगमन	M1 (ML)				“घ”	
				३०.४	सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता	M1 (ML)	“क”				
		३१	लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीन	३१.१	लेखापरीक्षण प्रतिवेदन छानबीनको समय	M2 (AV)				“घ”	“घ+”
				३१.२	लेखापरीक्षण निष्कर्षहरु बारे सुनवाइ	M2 (AV)				“घ”	
				३१.३	संसदले लेखापरीक्षण सम्बन्धमा गर्ने सिफारिशहरु	M2 (AV)			“ग”		
				३१.४	लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीनको पारदर्शिता	M2 (AV)		“ख”			

श्रोत : पेफाको Framework for assessing public Financial management (October 2019 2nd Edition)

माथि तयार गरिएको सुचकहरुको अन्तिम स्थितिलाई रेखाचित्रमा तल प्रस्तुत गरिएको छ ।

प्रदेश १ को सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी सुचकहरुको स्थिति रेखाचित्र



प्रदेश सहयोग कार्यक्रमका तर्फवाट सुरेश प्रधान, वरिष्ठ सार्वजनिक वित्तीय व्यवस्थापन विज्ञ,२०७९।८।१

८.२.आन्तरिक नियन्त्रण संरचनाको प्रभावकारिता : प्रदेश १ सरकारको सार्वजनिक वित्तीय व्यवस्थापनको सुचकहरु, सुचकहरुको वर्तमान अवस्थाको विवरण माथि प्रकरण ८.१ म प्रस्तुत भैसकेको छ । कतिपय सुचकहरुमा पेफा सुचकको मापदण्डको आधारमा राम्रो देखिएको भएता पनि अधिकाँश सुचकहरु सुधार गरिनु पर्ने देखिएको छ । वित्तीय व्यवस्थापनको कार्य भएकोले निःसन्देह सो कारोवारसँग सम्बन्धीत निकायहरुको भूमिका स्थापित गर्नुपर्दछ । त्यसैले सुचकहरुको समग्र ७ वटा आधारहरु (पिलरहरु) को आधारमा उल्लिखित सुचकहरुको कार्यसम्पादन प्रभावकारिताको स्थितिको अवलोकन गर्दा कैफियतहरु वा समस्याहरु आएकोमा कुन निकायहरु समग्रमा जिम्मेवार रहेको छ, सो एकीन हुनु आवश्यक छ । यस अर्थमा सो कार्य प्रवाह वा कार्यप्रणालीमा संलग्न निकायहरुको आन्तरिक नियन्त्रण संरचनाको जानकारी आवश्यक देखिन्छ । उल्लिखित सुचकहरुको कार्यान्वयनको लागि तपसिल बमोजिम आन्तरिक संरचना रहेकोले सो को प्रभावकारिता ल्याउनु आवश्यक छ ।

सम्बन्धीत क्षेत्र	निकाय	प्रभावकारिताको स्थिति
बजेटको भरपर्दोपना	**आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग, विषयगत मन्त्रालयहरु तथा बजेटरी निकायहरु**	बजेट निर्माण भएपनि खर्च हुने कुराको प्रत्याभूति हुन सकेको देखिदैन । कानूनले निर्धारीत गरेको समयमा आयव्यय प्रस्तुत गर्ने प्रणाली स्थापना भै बजेटको तयारी सम्बन्धमा आर्थिक कार्यविधिसम्बन्धी कानून बनेको अवस्था छ । तर विषयगत मन्त्रालय तथा बजेटरी निकायहरुले बजेट र विनियोजनको तयारीको लागि खर्च हुनसक्ने रकम मात्र विनियोजन हुनुपर्नेमा सो अनुसार गरे नगरेको आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले आयोजना बैंकको सुचीमा रहेको र मध्यकालिन खर्च संरचना अनुसार जाँच परीक्षण प्रभावकारी हुन नसकेकोले बजेट खर्च हुन कठिन भएको ।
सार्वजनिक वित्तको पारदर्शिता	आर्थिक मामिला तथा योजना मन्त्रालय, विषयगत मन्त्रालयहरु तथा बजेटरी निकायहरु, प्रदेश लेखा नियन्त्रक कार्यालय	बजेटको विशेषतामा आधारभूत र अतिरिक्त तत्वहरुको आधारहरु स्पष्ट हुने व्यवस्था नगरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले पर्याप्त भूमिका खेल्न नसकेको र बजेट भन्दा बाहिरका खर्च र राजस्वको आधारहरुसम्बन्धमा सो मन्त्रालयले पर्याप्त आधार सिर्जना गर्न नसकेको । त्यस्तै वित्त सुचनामा नागरिकको पहुँच, पारदर्शिता र सहभागिताको स्थिति कमजोर रहनुमा आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानूनमा *प्रतिफलको उत्पादित परिमाण तथा प्राप्त उपलब्धी (Output and Outcome) को* सुचना र पारदर्शिताको स्पष्ट व्यवस्था गर्न नसकिएको । यस्को लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालयले पर्याप्त कार्य गर्न नसकेको ।
सम्पति र दायित्वहरुको व्यवस्थापन	आर्थिक मामिला तथा योजना मन्त्रालय, विषयगत मन्त्रालयहरु तथा बजेटरी निकायहरु, प्रदेश योजना आयोग	वित्त जोखिमहरु तथा *गैरबजेटरी एकाई समेतको आकष्मिक दायित्वहरु पहिचान गर्ने र* एकीकृत प्रतिवेदनमा समावेश हुने कार्य प्रभावकारी देखिएको छैन । यस्तै मुख्य लगानी आयोजनाहरुको स्थापित राष्ट्रिय तथा प्रादेशिक मार्गदर्शन अनुसार *आर्थिक विश्लेषण नगरिएको तथा उपलब्धी वा परिणामहरु प्रकाशित* गर्ने कार्य भएको नदेखिएकोले आयोजना, बजेट तथा कार्यक्रम निर्माण मनोगत रुपमा हुने गरेकोले आयोजना बैंकको आधारमा बजेट तथा कार्यक्रम निर्माण गर्ने कार्य हुन सकेको देखिंदैन । यसको लागि विशेषतः क्षेत्रगत मन्त्रालयहरु र बजेटरी निकायहरुलाई

		जिम्मेवार बनाउन सकिएको देखिएन भने आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगको पनि पुनरावलोकन गर्ने भूमिका स्थापित हुन नसकेको देखिन्छ । अतः प्रभावकारी बनाउन ती निकायहरुको बीचको समन्वय संयन्त्र निर्माण गर्नु आवश्यक छ ।
नीतिमा आधारीत वित्तीय रणनीति र बजेट	आर्थिक मामिला तथा योजना मन्त्रालय, विषयगत मन्त्रालयहरु तथा बजेटरी निकायहरु, प्रदेश योजना आयोग	वित्त नीतिमा परिमाणात्मक उद्देश्यहरु, लक्ष्यहरु वा नीतिगत सुचक जस्तै वित्त सन्तुलन, सरकारको समष्टिगत खर्च वा राजस्वहरु वा वित्तीय सम्पति र दायित्वहरुको स्टक आदिको औपचारिक विवरण वा योजना, मध्यकालिन खर्च संरचना लगायत वार्षिक बजेट पुस्तीका वा कागजात वा ऐन मार्फत स्थापित वित्त नियमहरु स्पष्ट रुपमा नतोकिएकोले नीतिको पालना बजेट मार्फत हुन सक्ने अवस्था छैन । नीतिको उद्देश्य लक्ष्य हासिल गर्नको लागि बजेट कार्यक्रम र आयोजनामा रुपान्तरण गर्न सकिएको नदेखिंदा लक्षित आर्थिक उद्देश्य हासिल हुन सकेको देखिंदैन । यसको लागि विशेषतः क्षेत्रगत मन्त्रालयहरु र बजेटरी निकायहरुलाई जिम्मेवार बनाउन सकिएको देखिएन भने आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगको पनि पुनरावलोकन गर्ने भूमिका स्थापित हुन नसकेको देखिन्छ । अतः प्रभावकारी बनाउन ती निकायहरुको बीचको *समन्वय संयन्त्र निर्माण* गर्नु आवश्यक छ ।
बजेटको कार्यान्वयनमा नियन्त्रण र प्रक्षेपण	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धीत कार्यकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय	• भुक्तानीकर्ता करदाताहरुको लागि समष्टिगत र अद्यावधिक सुचना प्राप्त गर्ने संयन्त्रको अभावको साथै राजस्वको लागि मुल्याँकन र पालना गर्ने जोखिमहरुको प्राथमिकतासम्बन्धी नीति र मार्गदर्शन जारी समेत भएको छैन । यसको लागि मुलतः आर्थिक मामिला तथा योजना मन्त्रालयले सक्रियता गर्नु आवश्यक छ । प्रतिबद्धता सीमाहरुसम्बन्धी सुचना, आर्थिक वर्षभित्र बजेट समायोजनको कार्य पटक पटक भएकोले बजेट तर्जुमा कार्य प्रभावकारी नभएको र खर्च बक्यौताको अनुगमन, नगद प्रवाहको विवरणको कार्यपनि प्रभावकारी नभएको हुँदा यसको लागि तीन निकायहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग र प्रदेश लेखा नियन्त्रक कार्यालयले समन्वयमा काम गर्नुपर्दछ । • *पेरोलसम्बन्धी कार्य बजेट नियन्त्रण, डाटा एकरुपता र मासिक समायोजन* पेरोल र कर्मचारी अभिलेखहरु अद्यावधिक हुन सकेको देखिंदैन । यसको लागि सम्बन्धीत कार्यकारी मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको भूमिका स्थापित गरिनु आवश्यक छ । • *खरिद कार्यको करार सम्झौताको डाटावेश वा अभिलेखहरु उपयुक्त हुन सकेको देखिंदैन यसको लागि* कार्यकारी मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले पर्याप्त भूमिका निर्वाह गरिनु पर्दछ । • आन्तरिक लेखापरीक्षणको समेटेको क्षेत्रमा गुणात्मकता आउन नसकेको र आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता हुन सकेको देखिंदैन यसको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको

		कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धीत कार्यकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको समन्वय नदेखिएकोले सो कार्य प्रभावकारी बनाउनु पर्दछ ।
वित्तीय तथ्याँकको भरपर्दोपना	आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धीत कार्यकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय	• बजेट खर्च र राजस्वको विवरण तयारी, हिसाब मिलान र प्रतिवेदनको कार्य आवश्यकतानुसार साप्ताहिक, मासिक र आवधिक रुपमा बैंक समायोजनको कार्य नियमित हुन नसकेको, पेश्की बेरुजुहरु बढदै गएको देखिएको र नेपाल सार्वजनिक क्षेत्र लेखामान पूर्ण रुपमा लागू हुन नसकेका अवस्थामा आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धीत कार्यकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको समन्वय नदेखिएकोले सो कार्य प्रभावकारी बनाउनु पर्दछ । • त्यस्तै आवधिक बजेट प्रतिवेदन तथा वित्तीय तथ्याँक भरपर्दोपना कमजोर रहेको अवस्था रहेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धीत कार्यकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको समन्वय नदेखिएकोले सो कार्य प्रभावकारी बनाउनु पर्दछ ।
बाह्य छानबिन र लेखापरीक्षण	प्रदेश सभा तथा समितिहरु (विशेष गरी सार्वजनिक लेखा समिति), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय	• नेपाल लेखामानको आधारमा गम्भीर मामिलाहरु र प्रणालीगत र नियन्त्रण जोखिमहरु लेखापरीक्षणले उजागर गर्न नसकेको र वित्तीय प्रतिवेदनहरु लेखापरीक्षण सम्पन्न गरी प्रदेश सभामा पेश गर्न ढिलाई भएको , कार्यपालिका वा लेखापरिक्षण गरिएको निकायले लेखापरीक्षणको प्रभावकारी र सामयिक रुपमा अनुगमन गर्न नसकेको र मलेपको वेरुजु वा कैफियतको जवाफ नै नदिने प्रबृत्तिले जवाफदेहिता तथा उत्तरदायित्व वहन गर्न सक्ने अवस्था आउन सकेको छैन त्यस्तै मलेपको वेरुजु वा कैफियतको जवाफ नै नदिने र वेरुजु फर्स्यौटमा उदासिन रहेको अवस्था छ । प्रदेश सभाको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन पेश गरेपनि गम्भीर कैफियतहरु तथा बेरुजुहरुमा निर्णायक ठहर गरी कार्यपालिकालाई जवाफदेहिता तुल्याउन नसकेको देखिन्छ । यसको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सभा तथा समितिहरु (विशेष गरी सार्वजनिक लेखा समिति), आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको भूमिका प्रभावकारी बनाउनु आवश्यक छ ।

८.३.सार्वजनिक वित्तीय व्यवस्थापनको सबल र दुर्वल पक्षहरु :

सार्वजनिक वित्तीय व्यवस्थापनको माथि प्रस्तुत मापदण्ड आधार तथा निर्धारण गरिएको अंक लगायत तथ्याँक र व्याख्यात्मक टिप्पणीको आधारमा प्रदेश १ को हालसम्मको कार्यान्वयन अवस्थाको आधारमा सुचकहरुको सबल र दुर्बल पक्षहरु संक्षेपमा तपसिल बमोजिम औल्याउन सकिन्छ ।

सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रहरु	**सबल पक्षहरु**	**दुर्वल पक्षहरु**
बजेटको भरपर्दोपना	• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को निर्माणले कार्यक्रम तथा बजेट निर्माण र विनियोजन ऐन ल्याउनको साथै आधार सिर्जना गरेको • व्यय अनुमानको विवरण तयारी र बहुआर्थिक वर्षको तथ्याँक समावेश • मध्यकालिन खर्च संरचनाको तयारीले बजेट आयतनको पूर्व जानकारी हुने अवस्था रहेको • निकायको साथै खर्चको संरचना, आर्थिक वर्गिकरण अनुसार बजेटको अध्ययन गर्न सकिने	• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बनेपनि नियमावली निर्माण भै नसकेकोले पुरानो नियमावली अनुसार नै काम गर्दा तादाम्यता कायम गर्न कठिनाई • व्यय अनुमानको विवरणको तीन आर्थिक वर्षको बजेट खर्च र अनुमानित विवरण प्रस्तुती तथा प्रदेश लेखा नियन्त्रक कार्यालयको केन्द्रीय आर्थिक विवरण अनुसार मिलान हुनपर्ने • आयोजना बैंकको तयारी बिना मध्यकालिन खर्च संरचना बनाएको देखिंदा बजेट तर्जुमा र आयोजना तयारी कार्यमा प्रभावकारीता ल्याउन कठिन • खर्च संरचनाको निकायगत एकीकृत विवरण तयार गर्न कठिन जस्तै आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट छरिएर रहेकोले खर्चको अनुमानित विवरणमा नै एकीकृत बजेट र खर्च तयार गर्न सकिने हुनुपर्ने
सार्वजनिक वित्तको पारदर्शिता	• अन्तरराष्ट्रिय मुद्रा कोषको सरकारी वित्त तथ्याँक र संयुक्त राष्ट्र संघको सरकारको कार्यको वर्गिकरण (COFOG) अनुसार नै खाचासुची तयार भएकोले बजेट खर्च परिमाण एकीन गर्न सहज र एकरुपता हुने भएको • **महालेखा नियन्त्रक कार्यालयको *नेपालको सरकारी लेखा फारामहरु २०७६*** *तथा* एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४, **आर्थिक मामिला तथा योजना मन्त्रालय, बिराटनगर,** २०७७।७८ को व्यय अनुमानको विवरण , **प्रदेश लेखा नियन्त्रक कार्यालय**को एकीकृत आर्थिक विवरणको कारणबाट बजेट तयारी लेखाँकन तथा प्रतिवेदन तयार गर्ने कार्य स्थापित भएको	• खाचासुचीको मुल अवस्था यथावत हुने गरी प्रदेश अनुकुल खातासुचीको थप आधारहरु नभएकोले प्रदेशको विशेषता अनुसार वित्तीय अवस्था एकीन गर्न सकिने अवस्था नरहेको • खर्चको विवरण, आर्थिक विवरणको विषयवस्तु र सामयिक प्रस्तुती गर्ने, लेखाँकनको माध्यमबाट प्रतिवेदन नै तयारी गर्ने काम अद्यावधिक हुन नसकेको । • बजेटको आधारभूत र अतिरिक्त तत्वहरुको आधारहरु स्पष्ट हुने गरी बजेटको तर्जुमा हुने कार्य औपचारिक रुपमा प्रकाशन गर्ने कार्य हुन नसकेको । • वित्तीय प्रतिवेदनहरु बाहिरका खर्च र राजस्वको आधारहरुसम्बन्धी निर्देशिका तयार नभएकोले मार्गदर्शनको अभावमा एकीन गर्न कठिनाई

अन्तिम मसौदा

	● बजेटको आधारभूत र अतिरिक्त तत्वहरुको आधारहरु सिर्जना हुने गरी बजेटको तर्जुमा हुने कार्यको प्रणाली स्थापना भएको ● वित्तीय प्रतिवेदनहरु बाहिरका खर्च र राजस्वहरु खासै नभएको ● गैरबजेटरी एकाईहरुको वित्तीय प्रतिवेदनहरुको आधारमा खासै समस्या नरहेको ● पालिकाहरुका रकम हस्तान्तरण प्रणाली पारदर्शी भएको देखिएको र समयमा नै तालिकाबद्ध तरिकाले हस्तान्तरण हुने प्रणालीले अनुदानको कार्य खर्च गर्न निश्चितता देखिएको । ● सेवा प्रवाह गर्ने निकायहरुको कार्य वा कार्यक्रमको आधारमा वर्गिकरण गरी प्रायः (Most) जसो मन्त्रालयहरुको लागि *प्रतिफलको उत्पादित परिमाण तथा प्राप्त उपलब्धी (Output and Outcome) को* सुचना वार्षिक रुपमा प्रकाशन गर्ने प्रणाली शुरु गरिएको ।	● गैरबजेटरी निकायहरु बढदै जाँदा गर्नुपर्ने वित्तीय प्रतिवेदनको मार्गदर्शनको अभावमा भविष्यमा समस्या हुन सक्ने ● वित्त सुचनामा नागरिकको पहुँचको अवस्था राम्रोसँग स्थापित हुन नसकेकोले बजेट खर्च तथा पारदर्शिताको दृष्टिकोणले प्रभावकारी नरहेको, सुसुचित हुने तथा सहभागिताको स्थिति कमजोर रहेको देखिएको । ● सेवा प्रवाह गर्ने निकायहरुको कार्य वा कार्यक्रमको आधारमा वर्गिकरण गरी *प्रतिफलको उत्पादित परिमाण तथा प्राप्त उपलब्धी (Output and Outcome) को* सुचना आवधिक रुपमा हुन नसकेकोले भौतिक र वित्तीय प्रगति विवरण मापन गर्न कठिन भएको तथा कार्यसम्पादन मापनको कार्य हुन नसकेको ।
सम्पति र दायित्वहरुको व्यवस्थापन	● प्रदेश सरकार अन्तर्गत परेको स्थानीय तहकरुको वित्तीय स्थितिको एकीकृत प्रतिवेदन वार्षिक रुपमा प्रदेशको केन्द्रीय विवरणमा समावेश भएकोले प्रदेश स्तरीय वित्तीय विवरण जानकारी गर्न सकिने ● मुख्य लगानी आयोजनाहरुको आगामी तीन वर्षको लागि चालु तथा पूँजीगत लागत समेतको वर्ष वर्ष छुट्टिने गरी लागतको वाँडफाँट गरी बजेट पुस्तीकामा समावेश गरेकोले बजेटको दायित्व र प्रक्षेपणको कार्य सरल हुने देखिएको ● मुख्य लगानी आयोजनाहरुको *कार्यान्वयन सुचना* बजेट पुस्तीका वा अन्य प्रतिवेदनहरुमा वार्षिक रुपमा प्रकाशित भएको व्ययको अनुमान विवरणमा नै तीन वर्षको खर्चको विवरणले कार्यान्वयन सुचना एकीन हुने गरेको ।	● वित्त जोखिमहरु समष्टिगत *आर्थिक अवस्थाहरु, पालिकाहरुको वित्तीय अवस्थाहरु वा सार्वजनिक संस्थानहरुको वित्तीय अवस्था, प्रदेश सरकारको आफ्नै कार्यक्रम र क्रियाकलापहरुको साथै गैरबजेटरी एकाई समेतको आकष्मिक दायित्वहरु (Contingent Liabilities) बाट सिर्जना* हुने अवस्थामा समाधान गरिने उपायहरु एकीन गर्न सकिने आधारहरुको मार्गदर्शनको अभावमा सम्पति र दायित्वको व्यवस्थापनको कार्यमा कठिनाई हुने देखिएको । ● सार्वजनिक संस्थान क्षेत्रको **वित्तीय कार्यसम्पादनको एकीकृत प्रतिवेदन** एउटै मात्र प्रदेश लगानी प्राधिकरण भएपनि सो प्राधिकरणको वित्तीय प्रतिवेदनहरु उल्लिखित समयमा पेश भएको नदेखिएको र *वित्तीय कार्यसम्पादनको एकीकृत प्रतिवेदन समेत वार्षिक रुपमा प्रकाशित भएको नदेखिंदा एकीकृत प्रतिवेदन शुद्ध र पूर्ण हुने अवस्था नदेखिएको ।* ● स्थानीय सरकारहरुको लागि **लेखापरीक्षण नगरिएको *वार्षिक वित्तीय स्थिति र कार्यसम्पादनको प्रतिवेदनहरु*** आर्थिक वर्ष समाप्त भएको तोएिको अवधिभित्र **प्रकाशित हुने र मातहतका सरकारहरुको वित्तीय स्थितिको एकीकृत प्रतिवेदन वार्षिक रुपमा प्रकाशित** हुने प्रावधान नरहेकोले

		प्रदेश एकीकृत प्रतिवेदन तयार गर्न कठिनाई रहेको । ● **आकष्मिक दायित्वहरु र अन्य वित्त जोखिमहरु**को परिमाण तथा एकत्रित सुचना वार्षिक रुपमा प्रतिवेदन तयार र प्रकाशित गर्ने प्रणाली स्थापित नभएकोले प्रदेश सरकारको वास्तविक दायित्व र जोखिमहरु एकीन गर्न नसक्ने अवस्था रहेकोले व्यवस्थापन गर्न तथा वित्तीय व्यवस्थापन गर्न कठिनाई हुने देखिएको ● सबै मुख्य लगानी आयोजनाहरुको स्थापित राष्ट्रिय तथा प्रादेशिक मार्गदर्शन अनुसार *आर्थिक विश्लेषण नगरिएको तथा उपलब्धी वा परिणामहरु प्रकाशित* गर्ने गरिएको नदेखिएको तथा विश्लेषण गर्ने कार्य स्पोन्सोरिग निकाय भन्दा फरक निकायले पुनरावलोकन गर्ने प्रणाली समेत नगरिएको हुँदा आयोजना तथा कार्यक्रम निर्माण मनोगत वा हचुवाको भरमा हुने गरेको देखिन्छ । ● आयोजनाको छनौट गर्नको लागि आर्थिक विश्लेषण गरेको, सम्भाव्यता अध्ययन गरेको, तथा आयोजना बैंकमा समावेश गर्न लगानी रकम एकीन गर्न नसकेकोले वस्तुगत रुपमा आयोजनाको संरचना अनुसार तर्जुमा हुन नसकेकोले आयोजनाको क्रियाकलापहरु व्यवस्थित हुन नसकेको । ● मुख्य लगानी आयोजनाहरुको सम्पूर्ण जीवन चक्र लागत प्रक्षेपणहरु वर्ष वर्ष छुट्टिने गरी लागतको वाँडफाँट गरी बजेट पुस्तीकामा समावेश नगरेकोको कारणले बजेट तथा दायित्व निर्धारणमा समस्या रहेको । ● प्रदेश सरकारले आफ्नो मातहतमा रहेको स्थीर सम्पतिको उपयोग र उमेरको सम्बन्धमा आँशिक सुचना भएपनि प्रदेशमा वित्तीय सम्पतिको वर्गिकरणको नभएको र स्थीर सम्पतिको उपयोग र उमेरको सुचना संकलन समेत भएको नदेखिएको हुँदा वित्तीय सम्पतिको वर्गिकरण यथार्थ नभएको ।
नीतिमा आधारीत वित्तीय रणनीति र बजेट	● प्रदेश स्तरीय समष्टि आर्थिक र वित्त प्रक्षेपण गरिएकोले बजेट तथा खर्चको लागि नीतिमा आधारीत बजेट तर्जुमा गर्न शुरु भएको ● मध्यमकालीन खर्च संरचनामा ३ आर्थिक वर्षको खर्चको अनुमान समावेश गरिएको हुँदा सो अनुसार मन्त्रालयगत आधारमा कार्य कार्यक्रम लक्ष्य सहीत उल्लिखित अवधिको ३ वर्षको *बजेट अनुमान* प्रस्तुत गर्न सकिने अवस्था रहेको	● व्ययको अनुमान विवरण (खर्च शिर्षकगत र श्रोतगत समेत) सबै (All) प्रस्तावित परिवर्तनहरुको वित्त प्रभावको अनुमान तयार नगरिएकोले परिवर्तनको प्रभाव अनुमान गर्न नसकिने अवस्था भएकोले आयप्राप्तीको निश्चितताको अभावमा खर्च गर्ने कार्यमा पनि समस्या हुने देखिएको ।

अन्तिम मसौदा

	● मन्त्रालयगत रणनीतिक योजनाहरु स्वीकृत मध्यमकालिन बजेट अनुमानहरुमा गरिएको खर्च नीति प्रस्तावहरु रणनीतिक योजनाहरुसंग तादाम्य (align) गर्ने गरि प्रणाली विकास गरिएकोले नीतिमा आधारीत बजेटको आधारशिला तयार गरिएको ● प्रदेश सरकारको आयव्यय प्रस्तुत गर्ने बजेट क्यालेण्डर स्पष्ट रहेको र सो तालिका पालना गरिएको हुँदा बजेट प्रस्तुतीको निश्चितता रहेको । ● आर्थिक वर्षहरुमा व्यवस्थापिकाले वर्ष शुरु हुनुभन्दा अघि नै वार्षिक बजेट स्वीकृत गर्ने प्रणाली स्थापित भएकोले कार्यान्वयनको लागि बजेट सुनिश्चितता हुने अवस्था रहेको ● प्रदेश सरकारले वर्ष भित्र (In Year) बजेट समायोजन गर्ने प्रणाली रहेकोले आर्थिक वर्षको बीचमा बजेटको सामयिक नियन्त्रण गर्न सघाउ पुग्ने अवस्था रहेको ।	● वित्त नीतिमा परिमाणात्मक उद्देश्यहरु, लक्ष्यहरु वा नीतिगत सुचक जस्तै वित्त सन्तुलन, सरकारको समष्टिगत खर्च वा राजस्वहरु वा वित्तीय सम्पति र दायित्वहरुको स्टक आदिको औपचारिक विवरण वा योजना, वार्षिक बजेट पुस्तीका वा कागजात वा ऐन मार्फत स्थापित वित्त नियमहरु स्पष्ट रुपमा नतोकिएकोले नीतिको पूर्णता हुन नसकेको । ● ***बजेटसंगै वित्त*** रणनीतिको तोकिएको उदेश्यहरु र लक्ष्यहरुको प्रगति, **विचलन भएको भए सो को कारण** सहीतको व्याख्या तथा सो *फरक परेको विषयलाई संबोधन गर्न* ***कानून बमोजिम कार्ययोजना*** *तयार नगरेको हुँदा वित्त रणनीति पूर्णरुपमा आउन नसकेकोले आयप्राप्तीको निश्चितता गर्न कठिन हुने ।* ● मन्त्रालयगत स्तरमा गत *मध्यमकालिन बजेट र वर्तमान मध्यमकालिन बजेट* बीच भएका कुनै पनि परिवर्तन भएका खर्च लागतहरुको लागि व्याख्या प्रदान गर्नुपर्नेमा नगरिएकोले मध्यकालीन संरचना औपचारिकताको रुपमा सीमित हुने संभावना रहेकोले आगामी आर्थिक वर्षहरुको बजेट सीमा निर्धारणमा अन्यौल रहेको ● बजेट प्रस्ताव, विनियोजन लगायत *वित्त नीतिहरु, मध्यमकालिन वित्त प्रक्षेपण र मध्यमकालिन प्राथमिकताहरुको साथै खर्च र राजस्वको विस्तृत कुराहरुमा* प्रदेश सभाले पुनरावलोकन गरेको प्रतिवेदन नदेखिएकोले यथार्थमा सरकारले प्रस्तुत गरेको बजेट नै पारीत हुने अवस्था रहेकोले बजेट प्रणालीमा संसदीय नियन्त्रण रहने अवस्था रहेको देखिएन
बजेटको कार्यान्वयनमा नियन्त्रण र प्रक्षेपण	● राजस्व उठती हुन बाँकी स्टक आर्थिक वर्षको कुल राजस्व संकलनको वक्यौताको प्रतिशत निकै कम रहेकोले तोकिएको सीमा भित्र राख्न सफल रहेको ● राजस्व संकलनसम्बन्धी सुचनाको आधार तथा राजस्व खाताहरुको समायोजनको कार्यप्रणाली विकास भएको देखिएको ● कर्मचारीहरुको सेवा शर्त तथा पेरोल नियन्त्रणका कानूनहरु पर्याप्त रहेको र यसले परीक्षण गर्ने आधारहरु स्पष्ट गरेको ● पेरोलको वार्षिक लेखापरीक्षणको सुदृढ प्रणाली रहेको	● भुक्तानीकर्ता (Payers) करदाताहरुको लागि समष्टिगत र अद्यावधिक सुचना प्राप्त गर्ने बहु माध्यम सजिलो पहुँचको साथै गुनासो प्रकृया र कार्यविधिहरुको अधिकार प्रदान गरिएको नदेखिएकोले सरोकारवाला मैत्री राजस्व व्यवस्थापन हुन नसकेको ● राजस्व संकलन गर्ने निकायहरुले राजस्वको लागि मुल्याँकन र पालना गर्ने जोखिमहरुको प्राथमिकताको लागि समष्टिगत, संरचनात्मक र क्रमबद्ध एप्रोचहरु सम्बन्धमा कुनै नीति नियम तथा मार्गदर्शन जारी समेत भएको देखिंदैन ● प्रतिबद्धता सीमाहरु बारेमा सुचना पर्याप्त भएको नदेखिएको

अन्तिम मसौदा

	● *खरिद गरिने खरिद कार्य, खरिदको मुल्य र कामको प्रकृति अनुसार प्रतिस्पर्धात्मक विधि अपनाउनको लागि विद्युतीय खरिदको रकम सीमा तोकिएको, प्याकजिग मिलाएर मालसामान, निर्माण कार्य र सेवासम्बन्धी* खरिद कार्यको खरिद विधिको डाटा शुद्ध र पूर्ण बनाउने प्रयास भएको । ● खरिद गुनासो व्यवस्थापनको लागि सार्वजनिक खरिद कानूनको व्यवस्था भएकोले सरोकारवालाहरुले पारदर्शी र न्यायसंगत तथा जवाफदेहिता स्थापित भएको महशुस गर्न सकिने अवस्था रहेको छ । ● प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको कार्यमा तदारुकता देखाएको हुँदा सबै निकायहरुको वित्तीय कारोवार समेटेको हुँदा आर्थिक अनुशासन कायम गर्ने वातावरण सिर्जना भएको ● आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने परिपाटी स्थापना गरिएको कारणले निकायहरुको शासकीय सुशासनको लागि मार्गदर्शन गरेको छ ।	● आर्थिक वर्षभित्र बजेट समायोजनको कार्य पटक पटक भएकोले बजेट तर्जुमा कार्य प्रभावकारी नभएको । ● खर्च बक्यौताको अनुगमन हुन नसकेको । ● नगद प्रवाहको विवरण पेश गर्ने तथा सो अनुसार बजेटको समायोजन वा नियन्त्रण गर्ने कार्यहरु प्रभावकारी हुन नसकेको । ● *स्वीकृत कर्मचारी सुची, व्यक्तिगत डाटावेश र पेरोलसम्बन्धी कार्य बजेट नियन्त्रण, डाटा एकरुपता र मासिक समायोजन विश्वस्त तुल्याउन प्रत्यक्ष जोडन नसकिएको* ● पेरोल र कर्मचारी अभिलेखहरुमा भएको आवश्यक परिवर्तन भुक्तानीको समयमा मासिक रुपमा अद्यावधिक हुन नसकेको ● *खरिद गरिने खरिद कार्य, खरिदको मुल्य र करार प्राप्त गर्नेको परिचय सहीत करार सम्झौताको डाटावेश वा अभिलेखहरु कायम गरिएको छ । मालसामान, निर्माण कार्य र सेवासम्बन्धी* ***सबै (All)*** *खरिद विधिको* ***डाटा शुद्ध र पूर्ण*** ● *करार प्राप्त गर्नेको परिचय सहीत करार सम्झौताको डाटावेश वा अभिलेखहरु कायम गर्न सकिएको ।* ● आन्तरिक लेखापरीक्षणको परीक्षण नियमिततामा सीमित रहेकोले परिणाम र प्रभावकारितामा गुणात्मकता आउन जरुरी देखिन्छ । आन्तरिक लेखापरीक्षणको सामयिक प्रतिवेदन नहुँदा वित्तीय कारोवारमा सामयिक सुधारको अपेक्षा पूरा गर्न कठिन हुने देखिएको । त्यस्तै महालेखापरीक्षकको कार्यालयले औल्याएको गम्भीर प्रकृतिको वेरुजुहरु आलेपले उठाएको नदेखिएकोले गुणात्मकता र परीक्षणको स्तरमा सुधार हुन सकेको देखिएन । ● आन्तरिक नियन्त्रण प्रणालीको कार्यालयपिच्छे हुनुपर्नेमा सो अनुसार कार्यको कार्यप्रवाह सहित यस्तो प्रणाली निकायहरुमा लागू भएको नदेखिएको र यस्ले गर्दा पनि आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको देखिएन ।
वित्तीय तथ्याँकको भरपर्दोपना	● प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणालीको प्रयोगले बजेट तर्जुमा तथा एकल खाता कोषको विद्युतीय प्रयोगले बजेट निकासा तथा खर्च तथा राजस्व व्यवस्थापन सुचना प्रणालीको प्रयोगले प्रदेशको बजेट निकासा खर्च तथा प्रतिवेदनको	● साप्ताहिक रुपमा बैंक समायोजन नहुने भएको र मासिक रुपमा मात्र बैंक समायोजन विवरण तयार गर्ने प्रावधान भएकोले प्रतिवेदनको रुपमा नै प्रकाशित हुने व्यवस्था नदेखिएकोले बैंकको समायोजनको कार्य नियमित भए नभएको कठिन ।

अन्तिम मस्यौदा

	कार्य सहज सरल तथा कुशल हुन गएको र बैंक समायोजनको कार्यमा सुगमता आएको । ● उज्राती खाताहरु (Suspense Account) र हिसाव मिलान गर्ने कामहरु नभएको हुँदा वर्तमान लेखाप्रणालीले सम्पूर्ण रुपमा समावेश गरेको ● पेश्की रकमको नियमितता गर्ने कानून लागू रहेको र सो को कार्यान्वियन हुने व्यवस्था रहेको । ● प्रदेशमा अर्धवार्षिक तथा वार्षिक रुपमा आवधिक बजेट प्रतिवेदन पेश हुने व्यवस्थाले बजेटको कार्यान्वयन अवस्थाको सुसुचित हुने अवस्था सिर्जना भएको ● आर्थिक विवरण वार्षिक रुपमा तयार भै प्रतिवेदनमा *राजस्व अनुदान र वित्तीय व्यवस्थाको साथै चालु तथा पूँजीगत खर्च ऋण तथा शेयर लगानी* जस्ता खर्चको विवरणहरु समेत समावेश भएकोले ढाँचा तयार भएकोले समष्टिमा प्रतिवेदन गर्न सकिने अवस्था रहेको ● एकीकृत वित्तीय प्रतिवेदनहरु बाह्य लेखापरीक्षणको लागि आर्थिक वर्ष सम्पन्न भएको **६ महिना भित्र प्रस्तुत** गर्ने प्रणाली संस्थागत भएको	● बजेट तथा खर्चको लागि हिसाब मिलानमा समस्या नभएपनि राजस्वको हिसाव मिलानको कार्यमा समयमा बाँडफाँट गरेको देखिएन । यसले गर्दा राजस्वको यथार्थपरक हिसाव एकीन हुन सक्ने अवस्था रहेको देखिंदैन । ● पेश्कीको लागि कानूनी व्यवस्था भएपनि मासिक रुपमा समायोजन गरी फर्स्यौट गर्ने प्रणाली प्रभावकारिता नभएको हुँदा पेश्की बेरुजुहरु बढदै गएको । ● वित्तीय तथ्याँक भरपर्दोपना कमजोर रहेको देखिन्छ । तथ्याँकको पहुँच, परिवर्तन गर्न निषेध र अभिलेखित गरिनु पर्नेमा सो अनुसार काम हुन सकेको देखिंदैन । ● आवधिक बजेट प्रतिवेदनको विषयवस्तु तथा प्रकाशन समयको साथै सम्प्रेषण गर्ने कार्य प्रभावकारी हुन सकेको छैन । मासिक तथा त्रैमासिक बजेट कार्यान्वयन प्रतिवेदन कार्य हुन सकेको छैन । ● नेपाल सार्वजनिक क्षेत्र लेखामान पूर्ण रुपमा लागू हुन नसकेकोले वित्तीय विवरणहरु तुलना गर्न तथा एकरुपता कायम गर्न कठिन हुने गरेको
बाह्य छानबिन र लेखापरीक्षण	● प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरण *लेखानीति प्रदेशको लागि खुलासा* गर्ने प्रणाली स्थापित भएकोले लेखामानको आधार सिर्जना हुने देखिएको ● सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यको निर्वाध रुपमा कार्यान्वयन गर्न सकिने गरी कार्यपालिकाबाट स्वतन्त्र रुपमा संचालन गर्न सकिने अवस्था रहेको ● लेखापरीक्षण प्रतिवेदन संसद (प्रदेश सभा) समक्ष छानबीनको लागि प्रस्तुत हुने प्रणाली स्थापना भएको ● प्रदेश सभामा लेखापरीक्षण प्रतिवेदन पेश हुने र सार्वजनिक लेखा समितिमा छलफल गरी सरकारका निकायहरुलाई जिम्मेवारी बनाउने कार्य शुरु भएको र सो समितिले कैफियत तथा वेरुजुहरुको सम्बन्धमा छलफल गरी सो को प्रतिवेदन प्रकाशित गर्ने अभ्यास रहेको ।	● नेपाल लेखामान **(NPSAS)** अनुसार वित्तीय प्रतिवेदनहरु पूर्ण नभएको र सो आधारमा गम्भीर मामिलाहरु र प्रणालीगत र नियन्त्रण जोखिमहरु लेखापरीक्षणले उजागर गर्न सक्ने अवस्था आउन सकेको देखिदैन ● आर्थिक विवरण पेश गरेको वित्तीय प्रतिवेदनहरु लेखापरीक्षण सम्पन्न गरी प्रदेश सभामा पेश हुने कार्यमा ढिलाई हुने अवस्था देखिएको ● विगतमा *सम्पन्न भएको तीन आर्थिक* वर्षहरुका अवधिमा कार्यपालिका वा लेखापरिक्षण गरिएकोमा निकायले लेखापरीक्षणको प्रभावकारी र सामयिक रुपमा अनुगमन गर्न नसकेको र मलेपको वेरुजु वा कैफियतको जवाफ नै नदिने प्रबृत्तिले वेरुजु फर्स्यौटमा प्राय सबै निकायहरु उदासिन रहेको र कानून बमोजिमको जवाफदेहिता तथा उत्तरदायित्व वहन गर्न सक्ने अवस्था आउन सक्ने देखिंदैन । ● मलेपको वेरुजु वा कैफियतको जवाफ नै नदिने र वेरुजु फर्स्यौटमा सक्रियता नभएको प्रबृत्तिले

		वेरुजु फर्स्यौटमा प्राय सबै निकायहरु उदासिन रहेको र कानून बमोजिमको जवाफदेहिता तथा उत्तरदायित्व वहन गर्न सकेको देखिंदैन ● प्रदेश सभाको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन पेश गरेपनि गम्भीर कैफियतहरु तथा बेरुजुहरुमा निर्णायक ठहर गरी कार्यपालिकालाई जवाफदेहिता तुल्याउन नसकेको ।

***

परिच्छेद : ६

प्रदेश १ सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार प्रकृया

सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी सुचकहरुको विश्लेषणको आधारमा कायम गरिएको अंक गणना तथा अवस्था परिच्छेद ५ मा प्रस्तुत गरिसकिएको छ । सार्वजनिक वित्तीय व्यवस्थापनको चक्रको समेत प्रतिबिम्बित हुने गरी परीक्षण र विश्लेषणको आधारमा सुचकहरुको कमजोर तथा सबल पक्षहरु सम्बन्धीत सुचकहरुको मापदण्ड र उपलब्ध प्रमाण कागजातको आधारमा सम्बन्धीत खण्डहरुमा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा सुचकहरुको सम्बन्धमा उच्चतम मापदण्ड पूरा गर्न तथा अंक प्राप्त गर्नको साथै समग्रमा प्रदेश १ सरकारको सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रका गर्नुपर्ने सुधारका कार्यहरु प्रस्तुत गरिएको छ ।

६.१. सार्वजनिक वित्तीय व्यवस्थापन सुधार : यस परिच्छेदमा प्रदेश १ सरकारले उल्लिखित सुचकहरुको आधारमा सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा समग्रमा तपसिल बमोजिमको सुधार गर्नुपर्ने देखिन्छ :

१.बजेटको भरपर्दोपन : सरकारले प्रत्येक आर्थिक वर्षमा प्रस्तुत गर्ने आय व्ययको विवरण अनुसार समग्रमा बजेटले लक्षित गरेको वार्षिक कार्यक्रम र उद्देश्यहरु हासिल गर्नको लागि बजेट यथार्थ बन्नु पर्दछ । बजेट यथार्थ भएको आधारमा खर्च पनि सम्पूर्ण रुपमा हुनुपर्दछ । प्रस्तुत सुचकहरुको विश्लेषणको नतिजा हेर्दा बजेट तयारीको सम्बन्धमा व्यापक सुधार गर्नुपर्ने देखिएको छ ।

बजेटको भरपर्दोपनाको आश्वस्त हुनको लागि प्रदेश १ सरकारले आय व्ययको अनुमान गर्दा वास्तविक र वस्तुगत आधार लिनु आवश्यक छ । प्रदेशको समग्र खर्च अवस्था संतोषजनक नभएको , प्रशासनिक कार्यक्रमिक तथा पूँजीगत खर्चको आधारहरु पनि समग्रसँग तादाम्यता गर्नुपर्ने अवस्था देखिएको छ । यसको लागि सम्बन्धीत बजेटरी निकायहरुको बजेट समिति र तालुक मन्त्रालयहरुले बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा ९ र दफा १० को बजेट प्रस्ताव र छलफल तथा विनियोजनको लागि गर्नुपर्ने आधारभूत कार्य सम्पन्न गरेर मात्र पेश गर्नुपर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ । प्रस्तुत सुचकको सुधारको लागि सरकारले बजेट विनियोजन गरिएको रकम कम्तीमा ९० देखि ९५ प्रतिशत खर्च गरी बजेटमा समावेश गरिएको रकम खर्च हुने आधार सिर्जना गर्नु आवश्यक छ यस्को लागि तपसिल बमोजिमको सुधार कार्य गर्नु अपरिहार्य छ :

- **खर्चको मापदण्ड** : प्रदेशका सबै मन्त्रालयहरुले मन्त्रालयगत रुपमा खर्चको मापदण्ड तयार गरेर मात्र कार्यक्रम तथा बजेटको लागत अनुमान तयार गरी वास्तविक लागतको आधारमा बजेटको प्रस्ताव र विनियोजन गर्ने प्रणाली अनिवार्य गर्नुपर्दछ । यसले कार्यक्रम बजेट यथार्थ हुने र खरिद व्यवस्थापनमा समेत सहयोग पुग्नेछ ।
- **आयोजना बैंक** : राष्ट्रिय योजना आयोगले तयार गरेको आयोजना बैंक तयार गर्ने मार्गदर्शन अनुसार मात्र आयोजना बैंक विषयगत मन्त्रालयमा तयार गरी सो मार्गदर्शन अनुसार आयोजनाको संरचना तथा ढाँचा तयार

गरी आयोजना चक्र पूरा भएको आयोजनाहरुको सूची तयार गरी सो सूचीमा प्राथमिकता तोकी बजेट प्रस्ताव र विनियोजन गर्नुपर्दछ । यसबाट आयोजनाको समय र लागत बढने परिस्थितिलाई धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ ।

- **मध्यकालीन खर्च संरचना** : चालु पूँजीगत तथा वित्तीय व्यवस्था सबै प्रकृतिको खर्चको लागि मध्यकालीन **खर्च** संरचना तयार गरी आवधिक योजनाले परिलक्षित गरेको लैगिंक, जलवायु, गरिबी निवारण, दिगो विकास आदि आधारहरुको समेत प्रक्षेपण हुने गरी आयोजना बैंकमा परेको कार्यक्रम र बजेट मात्र समावेश गर्नुपर्दछ ।
- **पूर्व प्रतिबद्धता भएको बजेट** : आगामी आर्थिक वर्षमा खर्च हुन सक्ने रकम तथा पूर्व प्रतिबद्धता भएको बजेट र सम्झौता रकममा खर्च गरेर मात्र बजेटमा समावेश गर्नुपर्दछ ।
- **आकष्मिक कोष:** बजेटमा आकष्मिक कोषको रकमको लागि सम्भाव्य क्षेत्र र कार्यप्रकृति ध्यानमा राखेर अनुमान गर्नुपर्दछ । आकष्मिक कोषमा रहने रकम र खर्चको आधारहरु पनि स्पष्ट गर्नु आवश्यक देखिन्छ । परीक्षण अवधिमा यस्तो कोषको खर्च प्रभावकारी नभएको वा प्रायः जसो खर्च नै नभएको अवस्था रहेकोले यस सम्बन्धमा आवश्यक मार्गदर्शन तयार गर्नु आवश्यक छ ।
- **प्रदेश सभामा बजेट तथा कार्यक्रमको नीतिसँगै आयोजनाहरुको संक्षिप्त विवरण** : प्रदेश सभामा बजेट तथा कार्यक्रमको नीतिको प्रस्तुतीसँगै प्रतिबद्धता भैसकेको, प्राथमिकतामा परेका आयोजनाको साथै नीति कार्यान्वयनको लागि संचालन गरिने आयोजनाहरुको संक्षिप्त विवरण पेश हुने व्यवस्था गरिएमा मन्त्रीपरिषद र कार्यकारी मन्त्रालयहरुले आफूखुशी आयोजना वा कार्यक्रमहरु बजेटमा समावेश गर्ने परिपाटी धेरै हदसम्म रोक्न सकिने र प्रदेश सभाको नियन्त्रण रहने संसदीय प्रणाली कायम गर्न सकिन्छ । यसको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ मा उल्लिखित प्रावधानहरु गरिनु आवश्यक छ ।

२. **सार्वजनिक वित्तको पारदर्शिताः** सुशासनको लागि सार्वजनिक वित्त पारदर्शी हुनुपर्दछ । यसको लागि सुचकमा समावेश भएका विषयहरुको सम्बन्धमा तपसिल बमोजिमको सुधारहरु गरिनु पर्दछ :

- **बजेटको वर्गिकरणका आधारहरु** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४, नेपालको सरकारी लेखा फारामहरु २०७६ समेत लागू भएको हुँदा समग्रमा राष्ट्रिय अनुकुल बजेटको तर्जुमा, कार्यान्वयन र प्रतिवेदनहरु तयार गर्ने कार्य भएता पनि बजेट तर्जुमा गर्दा सम्बन्ध राखिने लैगिक उत्तरदायी बजेट , जलवायु परिवर्तन, गरिबी निवारण, दिगो विकास, आवधिक योजनाको रणनीतिक स्तम्भ आदिको आधारमा बजेट तथा खर्च भएको एकीन गर्न सकिने देखिदैन । यस सम्बन्धमा प्रत्येक विषयको क्रियाकलापहरु परिभाषित गरी *प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली, कम्प्युटीकृत सरकारी लेखा प्रणाली, भुक्तानी आदेशको ढाँचा परिवर्तन* गरी विद्युतीय कोष हस्तान्तरणको सफ्टवेयरमा परिमार्जन गरिनु पर्दछ । सो आधारमा व्ययको अनुमानित विवरण साथै ती विषयहरुको प्रतिवेदनहरु (बजेट, खर्च र भौतिक भारहरुको आधारमा) संलग्न गरी प्रदेश सभामा अनिवार्य रुपमा पेश गर्ने व्यवस्था गरिनुपर्दछ । यसको लागि पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा संशोधन गरिनु आवश्यक छ ।
- **बजेटको औपचारिक कागजात :** *बजेट कागजातको* ***आधारभूत तत्वहरुको*** *रुपमा रहेको ४ वटा तत्वहरु तथा* **अतिरिक्त तत्वहरुको रहेको** साथै *८ वटा अतिरिक्त तत्वहरुको समेत परीक्षण* गर्नुपर्ने जाँचसुचीको रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट तर्जुमा निर्देशिकामा समावेश गरी सबै कार्यकारी मन्त्रालयहरुलाई बजेट तर्जुमाको समयमा पठाई सो को परीक्षण आधार पनि तय गर्नुपर्दछ । यसको लागि सो मन्त्रालयले बजेट तर्जुमा निर्देशिका परिमार्जन गर्नु पर्दछ ।
- **प्रदेश सरकारको वित्तीय प्रतिवेदन बाहिरका कार्यहरु र वित्तीय प्रतिवेदनहरु बाहिरका खर्चहरु** : यस सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले मार्गदर्शन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयको साथै सबै कार्यकारी मन्त्रालयहरुलाई लेखाँकन गर्ने कार्यहरु तथा प्रक्रिया र प्रतिवेदनको खाका सहीत तयारी गर्ने तरिकाको बारेमा निर्देशन जानकारी गराउनु पर्दछ ।

- **वित्तीय प्रतिवेदनहरु बाहिरका राजस्वहरुः** यस सम्बन्धमा भविष्यमा राजस्वहरुको समायोजन गर्ने विषयहरु समावेश गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्देशिका तयार गरी सबै विषयगत मन्त्रालयहरु तथा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई प्रतिवेदनको खाका सहीत तयारी गर्ने निर्देशन गर्नु पर्दछ ।
- **गैरबजेटरी एकाईहरुको वित्तीय प्रतिवेदनहरु :** यस सम्बन्धमा हाल प्रदेशमा समस्या देखिएको छैन । त्यसैले भविष्यमा गैरबजेटरी एकाईहरुको वित्तीय प्रतिवेदनहरु सरकारको वित्तीय प्रतिवेदनमा समावेश गर्ने कुराहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानूनमा समावेश गर्नु आवश्यक छ । यसको साथै नेपाल सार्वजनिक क्षेत्र लेखामानको सम्बन्धीत लेखामान लागू गरिनु पर्दछ ।
- **पालिकाहरुका रकम हस्तान्तरण प्रणाली :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४,बजेट वक्तव्य लगायतको माध्यमबाट हस्तान्तरण हुने प्रकृया समयमा नै गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयले बजेट स्वीकृत हुनासाथ वेभसाईटमा प्रकाशित गर्ने र पत्राचार मार्फत जानकारी दिने प्रकृया निरन्तर गर्नुपर्दछ ।
- **हस्तान्तरण सुचनाको समयबद्धता :** प्रदेश १ को आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट बक्तव्य, व्यय अनुमानको विवरण वेभसाईट *www.moeap.p1.gov.np* मा प्रकाशन गर्ने कार्य निरन्तरता दिनुपर्दछ । सम्बन्धीत पालिकाका प्रमुखलाई पत्राचार वा फ्याक्स र ईमेल मार्फत पनि जानकारी हुने व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।
- **सेवा प्रवाहको लागि कार्यसम्पादन योजनाहरु :** *प्रदेश १ सरकारले वार्षिक रुपमा यस्तो विकास कार्यक्रम प्रकाशन गर्ने गरेको कार्यलाई निरन्तरता दिनुपर्दछ । वेवसाईट वा सार्वजनिक सुचना मार्फत जानकारी हुने प्रणाली स्थापित गरिनुपर्दछ ।*
- **सेवा प्रवाहको लागि कार्यसम्पादन प्राप्त गरेको :** आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट बक्तव्य, व्यय अनुमानको विवरण वेभसाईट *www.moeap.p1.gov.np* मा प्रकाशन गर्ने कार्य तथा स्थानीय तहले बजेट पूर्व नै प्रदेश १ सरकारबाट प्राप्त हुने अनुदानको रकम सीमाको जानकारी हुने व्यवस्था निरन्तर गर्नु आवश्यक छ ।
- **सेवा प्रवाह गर्ने एकाईले प्राप्त गरेको साधनहरु :** वार्षिक आर्थिक विवरणमा समेत अग्रस्थानका निकायहरुको लागि बजेट, निकासा, श्रोत, खर्च, बाँकी जस्ता विवरण सो प्रतिवेदनमा समावेश गरी महालेखापरीक्षकको कार्यालयमा पेश गर्ने गरेको कार्यलाई निरन्तरता दिनु पर्दछ। प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली अनुसार बाँडफाँट गरिएको रकमहरु यथाशिघ्र ती निकायहरुलाई जानकारी हुने व्यवस्था गर्नु पर्दछ ।
- **सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकन :** सेवा प्रवाहको कार्यसम्पादन मुल्याँकन स्वतन्त्र रुपमा मुल्याँकन हुनुपर्नेमा त्यस्तो मुल्याँकन सरकारी निकाय बाहेकको **तेश्रो पक्षको मुल्याँकन** गरेको र प्रकाशन गर्ने कार्यलाई औपचारिक रुपमा समावेश गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत हुनु आवश्यक छ ।
- **वित्त सुचनामा नागरिकको पहुँच :** वित्त सुचनामा नागरिकको पहुँचको मापनको लागि आधारभूत तत्वहरु (५) र अतिरिक्त तत्वहरु (४) गरी नौ प्रकारको सुचनाहरु समयमा नै उपलब्ध गराउन र बजेट कागजात तथा वार्षिक वित्तीय प्रतिवेदनहरुका साथ उपलब्ध हुने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्ने व्यवस्था हुनु आवश्यक छ ।

३.सम्पति र दायित्वहरुको व्यवस्थापन : सरकारको सम्पति र दायित्वको पूर्ण जानकारी प्रदेश सरकारले तयार गर्ने सम्बन्धीत प्रतिवेदनहरुमा प्रतिबिम्बित हुनुपर्दछ । यसको लागि प्रस्तुत सुचक अन्तर्गतको तपसिल बमोजिमको सुचकहरुको प्रावधानहरुमा निम्न सुधार गरिनु आवश्यक देखिन्छ :

- **वित्तीय जोखिमको प्रतिवेदन :** प्रदेश सरकारले सार्वजनिक संस्थानहरुको लागि लेखापरीक्षण गरिएको वार्षिक **वित्तीय प्रतिवेदनहरु** आर्थिक वर्ष समाप्त भएको ६ वा ९ महिना भित्र **प्रकाशित भएको** हुनुपर्ने तथा सार्वजनिक

संस्थान क्षेत्रको **वित्तीय कार्यसम्पादनको एकीकृत प्रतिवेदन** वार्षिक रुपमा प्रकाशित हुने गरेको हुनुपर्ने भएकोमा प्रदेश १ को सरकार एउटै मात्र प्रदेश लगानी प्राधिकरण भएकोमा सो प्राधिकरणको वित्तीय प्रतिवेदनहरु उल्लिखित समयमा पेश भएको नदेखिएको र *वित्तीय कार्यसम्पादनको एकीकृत प्रतिवेदन समेत वार्षिक रुपमा प्रकाशित भएको नदेखिएकोले सो संस्था र भविष्यमा गठन हुने यस्ता संस्थाहरुको वित्तीय प्रतिवेदन सरकारको समग्र वित्तीय प्रतिवेदन हुने व्यवस्था गरिनु पर्दछ ।*

- **स्थानीय तहहरुको अनुगमन :** स्थानीय तहहरुको **लेखापरीक्षण भएको वित्तीय प्रतिवेदनहरु** ९ महिना भित्र र एकीकृत प्रतिवेदन वार्षिक रुपमा प्रकाशन हुनुपर्ने भनिएको देखिंदा उक्त अवस्थाहरु स्थानीय तहहरुले पूरा गर्ने अवस्था देखिएन । प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गर्ने प्रदेश संचित कोषको वार्षिक विवरण र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा पुष मसान्तसम्म तयार गरिने एकीकृत वार्षिक प्रतिवेदन **लेखापरीक्षण पूर्वको प्रतिवेदन** हुने भएको, प्रदेशले क्षेत्रभित्रको स्थानीय तहहरुको छुट्टै वार्षिक प्रतिवेदन पनि तयार गरेको देखिएन । यसको लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन तथा स्थानीय सरकार संचालन ऐनमा अनुगमन गर्न सक्ने प्रावधान गरिनु आवश्यक छ ।
- **आकष्मिक दायित्वहरु र अन्य वित्तीय जोखिमहरु:** आकष्मिक दायित्वहरु र अन्य वित्त जोखिमहरुको परिमाण तथा एकत्रित सुचना वार्षिक रुपमा प्रतिवेदन तयार र प्रकाशित गर्ने व्यवस्था रहेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले यस्ता कार्यमा गरिएको खर्चहरु वित्तीय प्रतिवेदनमा समावेश गर्ने निर्देशन जारी गर्नु आवश्यक छ ।
- **सार्वजनिक लगानी व्यवस्थापन :** प्रदेश १ मा आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग, प्रदेश लगानी प्राधिकरणले वेबसाईट मार्फत केही मार्गदर्शन जारी गरिएको, आर्थिक विश्लेषण लगायत प्राथमिकीकरण आधार प्रकाशन भएको तथा लगानी प्राधिकरणले आयोजनाको सुची समेत तयार गरेको भएता पनि सुचकको मापदण्ड तथा आधारले माग गरे अनुसारको *आर्थिक विश्लेषण गर्ने, परिणाम प्रकाशन गर्ने र तेश्रो पक्ष वा फरक निकायले सो कार्यको पुनरावलोकन* गर्ने मुख्य तीन सुचक रहेकोमा केही उपलब्धीहरु भएता पनि सो कुरा अवधारणा मात्र तयार गरी वास्तविक सुचकको मापदण्ड वा आधार कुनै पनि पूरा गरेको देखिंदैन । सो सम्बन्धमा सम्बन्धीत सबै निकायहरुले उल्लिखित तीन सुचकहरुको आधारमा मात्र लगानी व्यवस्थापन गर्ने प्रणाली स्थापित गरिनु आवश्यक छ ।
- **लगानी आयोजना छनौट गर्ने :** आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रकाशित गरेको व्ययको अनुमानित विवरणमा सबै निकायहरुको प्राथमिकता तोकिएको देखिएता पनि प्रदेशमा *आयोजना बैंकको मार्गदर्शन आन्तरिकीकरण* गरेको समेत देखिएन । आयोजना बैंकको अवधारणा अनुसार पूर्ण तयारी बिना नै प्राथमिकीकरण गरेको देखिएको हुँदा आयोजना बैंकका सबै अवयवहरु तयार गरी आयोजना संरचना तयार गरी वास्तविक सुचकको मापदण्ड वा आधारमा प्राथमिकता गर्ने कार्यमा प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय र विषयगत मन्त्रालयहरुले गर्नुपर्दछ ।
- **लगानी आयोजना लागत तयार गर्ने:** आयोजना बैंकको मार्गदर्शन अनुसार आयोजनाहरुको जीवन चक्र सहीतको विवरण समावेश भएको आयोजना बैंक पुस्तीका प्रकाशन गरिनु आवश्यक छ । यसको लागि खर्चको मापदण्ड, प्राथमिकीकरणका आधार तथा आयोजना संरचनाको विवरणहरुको आधारमा समेत ध्यानमा राखी वास्तविक लागत पनि तयार गर्नुपर्दछ । कार्यगत मन्त्रालयहरुले खर्चको मापदण्ड र अन्य विषयगत नर्मस अनुसार लगानी आयोजनाको लागत तयार गरिनु आवश्यक छ ।
- **लगानी आयोजना अनुगमन :** मुख्य लगानी आयोजनाहरुको कुल लागत र भौतिक प्रगति कार्यान्वयन गर्ने सरकारी एकाईले *कार्यान्वयनको चरणमा* अनुगमन गरेको हुनुपर्नेमा त्यस्तो अनुगमन भएको नदेखिएको र अनुगमन प्रतिवेदन पनि गर्ने अभ्यास भएको देखिएन । आयोजनाहरुको कार्यान्वयनको सुचना व्ययको अनुमानित विवरण, मध्यमकालिन खर्च योजना र वार्षिक विकास कार्यक्रममा समावेश भएको देखिए पनि

प्रतिवेदन दिने र मापदण्ड पालनाको अवस्था अनुसार प्रतिवेदनहरु प्रकाशित गर्ने प्रावधान भएको नदेखिएकोले सम्बन्धीत कार्यकारी मन्त्रालयहरु तथा प्रदेश योजना आयोगले अनुगमनको मार्गदर्शन तयार गरी नियमित रुपमा प्रतिवेदन हुने गर्नुपर्दछ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून अनुसार मन्त्रालयस्तरमा सचिवले गर्ने मासिक बैठकमा यस्तो अनुगमन प्रतिवेदन पेश हुने व्यवस्था गर्नु आवश्यक छ।

- **सार्वजनिक सम्पति व्यवस्थापन :** प्रदेश सरकारले आफ्नो कार्यक्षेत्र भित्र स्थीर सम्पतिहरुको उपयोग र उमेरको सम्बन्धमा सुचना संकलन गर्ने गरेको नदेखिएको र वित्तीय सम्पतिको वर्गिकरण समेत भएको देखिएन । त्यस्तै सरकारले गैरवित्तीय सम्पति अनुगमन समेत गरेको जस्मा स्थीर सम्पतिहरु, जग्गा र सम्बन्धीत भए खानी (Subsoil) सम्पतिहरु त्यस्ता सम्पतिहरुको उपयोग र उमेरको सुचना राख्ने तथा कम्तीमा वार्षिक रुपमा प्रकाशित गर्ने र लेखाँकन गर्ने कार्य गर्नुपर्दछ। यसको लागि सम्पति वर्गिकरण गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरी महालेखा नियन्त्रक कार्यालय मार्फत पुनःवर्गिकरण हुने प्रावधान गर्नु आवश्यक देखिन्छ । त्यस्तै ती निकायहरुले सम्पति विक्रीको पारदर्शितासम्बन्धी मापदण्ड पालना गर्नुपर्दछ। त्यस्तै वित्तीय सम्पति र गैर वित्तीय सम्पति अन्तर्गत उत्पादन नगरिएका सम्पतिहरुको सम्बन्धमा कानून तथा लेखा ढाँचामा व्यवस्था गरि हस्तान्तरण तथा विक्री व्यवस्था र प्रतिवेदनको कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयबाट गर्नु आवश्यक देखिन्छ।
- **ऋण व्यवस्थापनका सुचकहरुको लागि** ऋण र जमानतको अभिलेख पूरा, दुरुस्त, अद्यावधिक र *मासिक* रुपमा मिलान गर्ने, व्यवस्थापन गर्ने र तथ्याँक प्रतिवेदनहरुले ऋण सेवा, स्टक र संचालनको *त्रैमासिक* रुपमा उत्पादन गर्ने भनिएको भएता पनि आन्तरिक ऋण र जमानतसम्बन्धी कार्य *प्रदेशमा भएको नदेखिएको* हुँदा *अन्य सुचकहरुमा वर्गिकरण गर्न सकिने अवस्था नभए पनि भविष्यमा ऋण व्यवस्थापनको सुचकहरु विकास गर्नु आवश्यक छ। यसको लागि प्रदेश सरकारले* **ऋण र जमानतसम्बन्धी कानूनको स्वीकृती गरी** ऋणसम्बन्धी व्यवस्थापन गर्ने निकाय पनि तोकिनु आवश्यक छ। त्यस्तै सरकारले **ऋण व्यवस्थापन रणनीति** समेत तर्जुमा मध्यकालिन ऋण व्यवस्थापन रणनीति तयार गरी प्रदेश सभालाई वार्षिक प्रतिवेदन गर्ने र ऋणसम्बन्धी वार्षिक योजना समेत पठाउने कार्य प्रणाली शुरु गर्नुपर्दछ।

४ : **नीति योजना र वित्तीय रणनीतिलाई बजेटको अन्तरसम्बन्ध :** बजेट र नीति योजना तथा वित्तीय रणनीतिको गहिरो र यथार्थ सम्बन्ध स्थापित भएमात्र सरकारको लक्षीत उद्देश्य हासिल गर्न सकिन्छ । यसको लागि नीतिमा आधारीत वित्तीय रणनीति र बजेटको लागि प्रदेश सरकारले प्रदेश सभामा पेश गरेको व्यय अनुमानको विवरणको साथै मुख्य समष्टिगत आर्थिक सुचकहरुको प्रक्षेपणको साथै अन्तरनिहीत अनुमानहरु समावेश गरी वार्षिक रुपमा अद्यावधिक हुनुपर्दछ। यसको लागि बजेट वर्ष र त्यसपछिका २ वर्षको अवधिको लागि प्रक्षेपण गर्ने र त्यस्तो प्रक्षेपणलाई तयार गर्ने निकाय भन्दा *अर्को निकायले पुनरावलोकन गरेको हुनुपर्ने* व्यवस्था गर्नुपर्दछ। यसको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक सक्रियता देखाउनु आवश्यक छ।

- **वित्त प्रक्षेपणको कार्य व्ययको अनुमानित विवरण साथ तयार गरिनुपर्दछ। यसको लागि** *बजेट वर्ष र त्यसपछिको दुई आर्थिक वर्षको लागि मुख्य वित्त सुचकहरुको प्रक्षेपण गरी राजस्वको प्रकार, एकीकृत कृषि र बजेटको मौज्दात समेत प्रक्षेपण* हुनुपर्ने र खर्च अनुमानको विवरणमा समावेश हुनुपर्नेमा सो समावेश भएको देखिंदैन। त्यसैले *समष्टि वित्त प्रक्षेपणले वैकल्पिक समष्टिगत अनुमानहरुको असरको गुणात्मक मुल्याँकन* समावेश गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलले गर्नु आवश्यक छ । त्यस्तै आर्थिक सर्भेक्षणहरुमा सरकारको **वित्त रणनीति समावेश गर्ने र त्यस्तो वित्त नीतिको** गुणात्मक उद्देश्यहरु हासिल हुने गरी सो मन्त्रालयले पालना गर्नु गराउनु आवश्यक देखिन्छ। यसको लागि **वित्त उपलब्धीको प्रतिवेदन हुने व्यवस्था पनि बजेट बक्तव्यमा समावेश हुने र समिक्षा गरेको सुचना हुनु आवश्यक रहेको** छ।
- **बजेट खर्चमा मध्यमकालिन खर्चको सन्दर्भ :** प्रदेश १ सरकारको सबै मन्त्रालयहरुको लागि रणनीतिक योजनाहरु तयार गरिएको र लागत तयार भएको देखिएको भएता पनि सुचकको माग अनुसार व्ययको अनुमानित विवरणमा

बजेट पुस्तीकाले मन्त्रालयगत स्तरमा गत *मध्यमकालिन बजेट र वर्तमान मध्यमकालिन बजेट* बीच भएका **सबै** परिवर्तन भएका खर्च लागतहरुको लागि व्याख्या गर्नुपर्नेमा भएको नदेखिएकोले मध्यमकालीन खर्च संरचनामा परिवर्तन गर्नुपर्ने अवस्था र कारणको व्याख्या गरी सार्वजनिक रुपमा सुचित हुने व्यवस्था गर्नु आवश्यक छ । यसको लागि कार्यकारी मन्त्रालयहरुले बजेट तयार गर्दा परिवर्तन भएको कारणहरु समावेश गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले जाँच गर्ने प्रणाली स्थापित गरिनुपर्दछ । यसो नगरेमा मन्त्रालयगत बजेटको सीमामा पुनरावलोकन गरिनु आवश्यक छ ।

- **बजेट तयारी प्रकृया :** प्रदेश सभामा बजेटको प्रस्तुतीकरण *अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८* अनुसार **असार १ गते पेश गर्ने कानूनी प्रावधान भएकोले** प्रदेश १ सरकारको आर्थिक वर्ष शुरु हुनु १ (एक) महिना अघि मात्र बजेट पारीत हुने गरेको देखिन्छ । मापदण्ड अनुसार २ महिना अघि पारीत गर्नको लागि उल्लिखित ऐनहरुमा सुधार गर्नु पर्दछ ।
- **बजेटको संसदीय छानबीन बजेटको संसदीय छानबीन :** प्रदेश १ सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशस्तरको बजेटको लागि आयव्यय विवरण सहीत *वित्त नीतिहरु, मध्यमकालिन वित्त प्रक्षेपण र मध्यमकालिन प्राथमिकताहरुको साथै खर्च र राजस्वको विस्तृत कुराहरु* समेत प्रदेश सभामा पेश गरेको देखिन्छ । सो सभामा बजेट सम्बन्धमा छलफल भएता पनि संलग्न अन्य विवरणहरुमा छलफल, छानबीन र पुनरावलोकन भएको प्रतिवेदन गर्ने व्यवस्था भएको नदेखिएकोले प्रदेश सभाले त्यस्तो विवरणहरु पनि *छानबीन गरेको प्रतिवेदन* सार्वजनिक गरी तथ्य कुरा समावेश गर्नु आवश्यक छ ।
- **बजेट छानबीनको लागि व्यवस्थापकीय कार्यविधि :** प्रदेश सभाले पारीत गरेको व्यवस्थापकीय *कार्यविधिमा सर्वसाधारणसँग छलफल (Consultation) को लागि प्रावधान राखेको हुनुपर्नेमा नराखिएको तथा सर्वसाधारणसँग छलफल गर्ने कार्यहरु गरेको देखिंदैन । सर्वसाधारणको बजेटमा सहभागिता गराउने कार्य समावेश हुनु आवश्यक छ । यसको लागि सो कार्यविधि संशोधन गरी सर्वसाधारणलाई बजेट छलफलमा सहभागिता गराउने कार्य प्रदेश सभा र सम्बन्धीत समितिबाट गराउनु अति आवश्यक देखिएको छ ।*

५ : बजेटको कार्यान्वयनमा नियन्त्रण र प्रक्षेपण : बजेट कार्यान्वयन सफलतापूर्वक सम्पन्न हुने आधारहरुको संकेत गर्ने सुचकहरुको सम्बन्धमा तपसिल बमोजिमको सुधार गरिनु आवश्यक देखिन्छ ।

- **राजस्व उपायहरुको लागि अधिकार र दायित्वहरु :** राजस्व संकलनको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र राजस्व संकलनसम्बन्धी निकायहरुले भुक्तानीकर्ता (Payers) करदाताहरुको लागि समष्टिगत र अद्यावधिक सुचना प्राप्त गर्ने बहु माध्यम (Multiple Channels) हरुको प्रयोग गरि सजिलो पहुँचको साथै गुनासो प्रकृया र कार्यविधिहरुको अधिकार प्रदान गरिएको नदेखिएकोले सो सम्बन्धमा नीति नियम तथा मार्गदर्शन जारी गर्न आवश्यक छ ।
- **राजस्व जोखिम व्यवस्थापन :** *राजस्व संकलन गर्ने निकायहरुले प्राकृतिक श्रोत तथा अन्य श्रोतबाट प्राप्त हुने राजस्वको लागि मुल्याँकन र पालना गर्ने जोखिमहरुको प्राथमिकताको लागि समष्टिगत, संरचनात्मक र क्रमबद्ध एप्रोचहरु प्रयोग गरेको नदेखिएकोले सो* सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले नीति नियम तथा मार्गदर्शन जारी गर्नु आवश्यक देखिन्छ ।
- राजस्व लेखापरीक्षण र अनुसन्धान : *राजस्वको लेखापरीक्षण र अनुसन्धानको कार्यहरु प्रकाशित कागजात (म्यअगभलतभम) अनुसारको परिपालना (ऋफउब्बिलअभ) सुधार योजना अनुसार व्यवस्थित गरेको र प्रतिवेदन गर्ने कुराको पालना गरेको र योजना गरिएको सबै लेखापरीक्षण र अनुसन्धानहरुको सबै (बँ) कामहरु पूरा गर्नको लागि* नीति नियम तथा मार्गदर्शन जारी भएको नदेखिएकोले आर्थिक मामिला तथा योजना मन्त्रालयले सो सम्बन्धमा आवश्यक कागजात तयार गरी सो को लेखापरीक्षण र अनुसन्धान हुने व्यवस्था गरिनु आवश्यक छ ।

- राजस्व खाताहरुको समायोजनः प्रदेश १ को प्रदेश लेखा नियन्त्रक कार्यालयको खातामा नै रकम जम्मा हुने भएकोले सो कार्यालयले राजस्व रकमको हस्तान्तरणको स्थिति पनि दैनिक रुपमा हेर्न सकिने र डाउनलोड गर्न सकिने भएकोले हालको चःक्ष्व प्रणालीले अद्यावधिक राजस्वको विवरण एकत्रित रुपमा नै तयार गर्न सकिन्छ । तर सो कार्यालयले *त्रैमासिक रुपमा राजस्वको समायोजन गर्ने अभ्यास गरेको नदेखिएकोले औपचारिक रुपमा समायोजनको विवरण तयार गरी प्रतिवेदन दिने कार्य व्यवहारमा उतार्न आवश्यक छ ।*
- **नगद मौज्दातको एकत्रीकरणः** प्रदेश १ को प्रदेश लेखा नियन्त्रक कार्यालयको खातामा नै रकम जम्मा हुने भएकोले सो कार्यालयले राजस्व रकमको हस्तान्तरणको स्थिति पनि बैकबाट **दैनिक रुपमा हेर्न सकिने र डाउनलोड गर्न सकिने** भएको भएता पनि राजस्व प्राप्त गर्ने निकायहरुले *कार्यालयमा नगद प्राप्त गरेको रकम* सोही दिन जम्मा हुन नसक्ने अवस्था भएमा सो को व्यवस्थापन गर्ने र सकेसम्म दैनिक रुपमा एकत्रीकरण गर्ने कार्यको अभ्यास गरी सो को अवस्था औपचारिक रुपमा राख्ने व्यवस्था हुनु आवश्यक देखिन्छ । यसको लागि राजस्वसम्बन्धी निर्देशिकामा समेत आवश्यक परिमार्जन गरी राजस्व संकलन गर्ने निकाय तथा सम्बन्धीत बैंकहरुलाई आवश्यक निर्देशन हुन जरुरी छ ।
- **नगद प्रक्षेपण तथा अनुगमन :** प्रदेश १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ मा बजेट प्रस्तावको लागि छलफलको आधार तयार गर्दा नगद प्रवाह योजना समेतको छलफल गर्ने प्रावधान रहेको र स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा मासिक नगद प्रवाह विवरण समेत तयार गर्नुपर्ने प्रावधान राखिएको छ । सो को तयारीको लागि नेपालको सरकारी लेखा फारामहरु २०७६ मा खर्चको मासिक बाँडफाँट तथा नगद योजनाको ढाँचा भएको साथै प्रदेश एकल खाता कोष प्रणाली संचालन पुस्तिका २०७५ ले पनि मासिक नगद प्रवाह विवरण अनुगमनको प्रावधान राखेको छ । त्यसैले उल्लिखित प्रावधान अनुसार बजेट प्रस्ताव, बजेट तथा कार्यक्रम स्वीकृती र निकासा खर्चको समयमा सो नगद प्रक्षेपण तथा अनुगमन कार्य सम्बन्धीत कार्यकारी मन्त्रालयहरु, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले आ आफ्नो कार्यक्षेत्र अनुसार अनुगमन गर्ने कार्य प्रभावकारी बनाउन पर्दछ ।
- **प्रतिबद्धता सीमाहरु :** *बजेटरी एकाईहरुले बजेट विनियोजन र नगद वा प्रतिबद्धता जारी गरिएको आधारमा* ***कम्तीमा ६ महिना*** *अघि खर्चको योजना र प्रतिबद्ध गर्न सक्षम हुनुपर्ने व्यवस्था अनुसार गरेको नदेखिएको हुँदा सम्बन्धीत बजेटरी निकायहरु तथा* प्रदेश लेखा नियन्त्रक कार्यालयले एकल खाता कोष मार्फत निकासा खर्च गर्दा खर्च गर्ने बजेटरी निकायहरुको वास्तविक नगद आन्तरिक र बाह्य प्रवाहको रुपमा मासिक रुपमा अद्यावधिक रुपमा तयार गर्ने कार्य प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।
- **आर्थिक वर्षभित्र बजेट समायोजन :** आर्थिक वर्षभित्र बजेट बाँडफाँट बारेमा एक वर्षमा *दुईपल्ट भन्दा बढी नगरिएको* र *पारदर्शी तथा प्रक्षेपण गर्ने* तरिकाले गरिएको सुचकको अवस्था प्राप्त गर्नको लागि प्रत्येक आर्थिक वर्षको फागुन मसान्तमा बजेट खर्च नभएको अवस्थामा समर्पण गराउने र आवश्यकतानुसार रकमान्तर गरी पुनः बजेट बाँडफाँट गर्ने व्यवस्था गरी बारम्बार रकमान्तर गर्ने कार्य रोक्न आर्थिक मामिला तथा योजना मन्त्रालयले परिपत्र जारी गरी सम्बन्धीत कार्यकारी मन्त्रालय र बजेटरी निकायहरुलाई निर्देशन गरी बजेट समयोजनको कार्य निश्चित समयमा मात्र हुने कार्य पालना हुन आवश्यक छ ।
- **खर्च वक्यौताको अनुगमनः** भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (मलेप फानं.२२१) प्रमाणित भए अनुसार आगामी वर्षमा भुक्तानी दिने सकिने प्रावधान सम्म भएको देखिएको तर प्रस्तुत सुचकको मापदण्ड बमोजिम आर्थिक वर्षभित्र तोकिएको समयमा खर्च बक्यौता सम्बन्धी तथ्याँक जारी गर्नुपर्ने र अनुगमन गर्ने कानूनी व्यवस्था रहेको नदेखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानूनमा यस्तो प्रावधान समावेश गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धीत मन्त्रालयहरुले मासिक रुपमा सो को अनुगमन गर्ने कार्य हुने व्यवस्था गर्नु आवश्यक छ ।
- **कर्मचारी अभिलेख र पेरोलको एकीकृत विवरण** : यस सम्बन्धी सुचक अनुसार बजेट डाटा, पेरोल र कर्मचारीको एकीकृत रुपमा परीक्षण गर्नुपर्ने, भुक्तानी गरेको प्रत्येक अवधिको कर्मचारीको सुची कर्मचारी

डाटावेशमा हुनुपर्ने, यस्तो सुची बजेट बाँडफाँटको आधारसँग स्वीकृत कर्मचारी सुची, व्यक्तिगत अभिलेख वा कर्मचारी फाईलसँग सम्बन्धीत गरी सो कार्यको नियन्त्रणले कर्मचारी रोजगार र प्रबर्द्धनको कार्य कर्मचारीको बजेट बाँडफाँट अनुसार भुक्तानी गरिएको समयमा नै विश्वस्थ तुल्याउनु पर्ने अवस्था हुन्छ । यसको लागि छुट्टाछुट्टै रुपमा काम गरिएको भएता पनि डाटा एकरुपता र मासिक समायोजनको कार्यसँग प्रत्यक्ष रुपमा जोडिएको हुनुपर्नेमा सो अनुसार प्रत्यक्ष समायोजन हुने कार्य भएको नदेखिएकोले सो सम्बन्धमा पेरोल एकीकृतसम्बन्धमा कर्मचारीहरुको विद्युतीय प्रणाली मार्फत समायोजन हुने गरी सफ्टवेयर निर्माण गरी लागू गरिनु आवश्यक छ । यसको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आवश्यक व्यवस्थापन गर्नुपर्ने देखिन्छ । माथि उल्लिखित विद्युतीय प्रणालीमा नै **पेरोल परिवर्तनको समयमा नै** *पेरोल र कर्मचारी अभिलेखहरुमा आवश्यक परिवर्तन भुक्तानीको समय वा कम्तीमा मासिक रुपमा अद्यावधिक हुने कार्य गर्नुपर्दछ । यसको साथै* **पेरोलको आन्तरिक नियन्त्रणको सन्दर्भमा** *अभिलेख र पेरोल परिवर्तन गर्ने अख्तियारी र आधारहरु डाटालाई उच्च एकीकृत गर्ने कार्य गर्न स्पष्ट र पर्याप्त रहेको* कानूनी व्यवस्था रहेको देखिएको भएता पनि सुचकको माग अनुसार *डाटाको पूर्ण एकीकृत गर्ने कार्य विश्वस्त तुल्याउन सो पेरोलसम्बन्धी विद्युतीय प्रणालीको विकास गर्ने समयमा ध्यान दिनुपर्दछ । यसको लागि आन्तरिक तथा अन्तिम लेखापरीक्षणको समयमा जाँच हुने व्यवस्था गरिनु आवश्यक* छ **।**

- **खरिद अनुगमन :** खरिद गरिने मालसामान, निर्माण कार्य र सेवासम्बन्धी खरिद कार्य, खरिदको मुल्य र करार प्राप्त गर्नेको परिचय सहीत करार सम्झौताको डाटावेश वा अभिलेखहरु शुद्ध र पूर्ण रहेको र प्रतिस्पर्धात्मक खरिद विधि अनुसार काम भएको अभिलेख *सुचकले माग गरे अनुसारको पूर्ण रुपमा खरिद विधिको विवरण उपलब्ध हुने डाटावेश भएको देखिंदैन । त्यसैले सो सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बजेट कार्यान्वयनको सम्बन्धमा परिचालन र अनुगमन गर्न सक्ने गरी सबै कार्यकारी मन्त्रालय तथा बजेटरी निकायहरुले अभिलेखहरु तयार गरी डाटावेशमा राख्नको लागि खरिद सम्बन्धमा एक विद्युतीय सुचना प्रणाली प्रदेश लेखा नियन्त्रक कार्यालयले संचालन र व्यवस्थापन गर्ने व्यवस्था गर्न तथा सबै बजेटरी निकायहरुले सो प्रणालीमा प्रविष्टी गर्ने कार्य गराउने प्रणाली विकास गर्नुपर्दछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालयले सो सम्बन्धमा प्रणाली विकास गरी प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत कार्यान्वियन हुने व्यवस्था गरिनु आवश्यक छ । यसै विद्युतीय सुचना प्रणाली मार्फत* खरिद सुचनामा सर्वसाधारणको पहुँच हुने व्यवस्था गर्न पनि आवश्यक देखिन्छ ।
- **खर्चको प्रतिबद्धता नियन्त्रणहरुको प्रभावकारिता :** समष्टिगत खर्च प्रतिबद्धता नियन्त्रणहरु र स्वीकृत बजेट वाँडफाँटहरु र प्रक्षेपित नगद उपलब्धतालाई गरिएको प्रतिबद्धताहरु प्रभावकारीरुपमा गरिनुपर्नेमा वहुवर्षिय आयोजनाहरुको दायित्व सिर्जना भएको ४४ अर्ब ३१ करोड ५२ लखा रहेकोमा सो दायित्व रकम २०७७।७ को कुल बजेटभन्दा बढी देखिएकोले प्रदेश सरकारको योजना छनौट तथा श्रोत व्यवस्थापनमा तालमेलको स्थिति नदेखिएको भनी कैफियत देखिएको छ । सो सम्बन्धमा *मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयले नियन्त्रण गर्नुपर्ने तथा कार्यकारी मन्त्रालयहरुले* पनि बजेटको सीमाभित्र कार्यक्रम तथा आयोजनाहरु संचालन गर्ने प्रणाली पालना गर्नु आवश्यक छ ।
- **भुक्तानी नियम र कार्यविधिको पालना :** सबै मन्त्रालयहरु तथा निकायहरुमा प्रशासनिक खर्च, कार्यक्रम खर्च तथा खरिद कार्यमा कैफियत र वेरुजुहरु देखिएको छ । यसरी प्रदेश १ का सबैजसो मन्त्रालयहरुको *भुक्तानीहरुमा नियमित भुक्तानी कार्यविधिहरुको कानूनी व्यवस्था गरिएको भएता पनि सो को पर्याप्त पालना गरिएको नदेखिएकोले नेपाल सरकारको लेखा निर्देशिका २०७३ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून अनुसार भुक्तानी गर्ने गराउने प्रणाली बजेटरी निकायहरुले गरी सो को आन्तरिक र अन्तिम लेखापरीक्षणको समयमा परीक्षण हुने कार्य प्रभावकारी बनाउन आवश्यक छ । सो प्रणाली र निर्देशिका पालना नगर्ने पदाधिकारीहरुलाई तालुक निकाय र वेरुजु भएमा प्रदेश सभा सार्वजनिक लेखा समितिले दण्ड गर्ने व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।*
- **आन्तरिक लेखापरीक्षण : प्रदेश १ महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९** को दफा १४ (पेज ९) मा प्रदेश सरकारका निकायहरुले आन्तरिक नियन्त्रण प्रणाली पूर्ण रुपमा लागू नगरेको भनी टिप्पणी गरेको छ । साथै पेशागत मापदण्ड पूरा गर्ने र उच्च जोखिमका क्षेत्रहरुमा आलेप केन्द्रीत गर्ने कार्य हुन

नसकेको र आन्तरिक लेखापरीक्षण क्रियाकलापहरु प्राथमिक रुपमा वित्तीय परिपालनामा केन्द्रीत रहेको देखिएको भनी मुल्याँकन गरेको हुँदा आन्तरिक लेखापरीक्षणमा संलग्न रहेको कर्मचारीहरुको क्षमता र दक्षता विकास हुने गरी प्रशिक्षणको व्यवस्था गर्नुपर्दछ। यसको साथै **आन्तरिक लेखापरीक्षणको कार्यान्वयन र प्रतिवेदन उपर** आलेप गरिएका कार्यालयहरुको आलेप बेरुजुहरुको सम्बन्धमा राय प्रतिक्रिया तथा सो आधारमा असूल वा नियमित भएको विवरण हुने गरेको देखिंदैन। यसको साथै ती कार्यालयहरुले **आन्तरिक लेखापरीक्षणलाई प्रत्युत्तर** दिने कार्य समेत गरेको नदेखिएकोले निकासा खर्चसँग आवधिक वेरुजुको प्रत्युत्तर दिएको वा प्रगति भएको प्रतिवेदन बजेटरी निकायहरुले दिने प्रणालीसँग आवद्ध गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले उचित समायोजन र व्यवस्थापन गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तोकिनु आवश्यक देखिन्छ। यसबाट अन्तिम लेखापरीक्षण अगावै आर्थिक कारोवारमा देखिएको कैफियतहरु समयमा नै समाधान गर्न र अन्तिम लेखापरीक्षण प्रभावकारी बनाउन सकिन्छ।

६.लेखाँकन र प्रतिवेदनः यस सम्बन्धी वित्तीय सुचकहरुको तपसिल बमोजिमको सुधार गर्नु आवश्यक छ :

- **बैक खाता समायोजन :** *प्रदेश सरकारका **सबै** सक्रिय वैंक खाताहरुको समष्टिगत र विस्तृत रुपमा कम्तीमा साप्ताहिक रुपमा बैंक समायोजन गर्ने प्रणाली हुनुपर्ने प्रावधानहरु पालना भएको देखिंदैन। कार्यकारी मन्त्रालयहरु र मातहतका बजेटरी निकायहरुले* प्रदेश लेखा नियन्त्रक कार्यालयमा बैंक समायोजन विवरण पठाउने र प्रलेनिकाले पनि अनुगमन गर्ने परिपाटी गर्नु आवश्यक छ। **उज्राती खाताहरुको रुपमा रहेको** संघीय सरकारबाट प्राप्त अनुदान रकम खर्च नभई बाँकी रहेको जस्ता रकमको मिलान गर्ने कार्यमा पनि प्रलेनिकाले अनुगमन गरी समायोजन वा फर्स्यौट गर्नु आवश्यक देखिन्छ।
- **पेश्की खाता :** पेश्की खाताको समायोजन कम्तीमा **मासिक** रुपमा गर्ने प्रावधान पालना गरिएको देखिएन। अतः कानून अनुसार प्रत्येक महिनाको ७ गते भित्र पेश्कीको विवरण माथि आर्थिक प्रशासन प्रमुख र निकाय प्रमुखले समिक्षा गरी फर्स्यौटको कारवाही गर्नुपर्ने व्यवस्था भएकोमा सो नगरेको अवस्था भएमा कार्यकारी मन्त्रालयहरुले मातहतका बजेटरी निकायहरु र सबै निकायहरुको पेश्की फर्स्यौटको विवरण माग गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले अनुगमन गर्ने कार्य प्रत्येक महिनामा गर्ने प्रणाली स्थापित गरिनु पर्दछ। यस कार्यको समिक्षा मन्त्रालयस्तरमा सचिवले र प्रमुख सचिवले समेत गर्ने प्रणाली स्थापना गरिनुपर्दछ। यसो गरिएमा पेश्कीको समस्या निकै हदसम्म नियन्त्रण गर्न सकिन्छ।
- **वित्तीय तथ्याँक भरपर्दोपना प्रक्रिया :** यसको लागि वित्तीय अभिलेखहरु पहुँच र परिवर्तन गर्न निषेध र अभिलेखित गरिएको हुनुपर्ने, अडीट ट्रायलमा परिणाम देखिने तथा वित्तीय तथ्याँक भरपर्दोपना पुष्टी गर्नको लागि संचालन गर्ने निकाय, एकाई वा टीमको व्यवस्था हुनुपर्नेमा प्रदेश स्तरमा यस्तो तथ्याँक बैंकको स्थापना गरिएको अवस्था देखिएन। त्यसैले यसमा सुधार गर्नको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयमा कुशल विद्युतीय वित्तीय व्यवस्थापन प्रणाली बनाई तथ्याँक प्रशोधनको कार्य प्रभावकारी बनाउन आवश्यक देखिन्छ।
- **आवधिक बजेट प्रतिवेदनहरुमा कभरेज र तुलनात्मकता कायम गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयले** बजेटको अर्ध वार्षिक समीक्षा प्रतिवेदन र **वार्षिक प्रतिवेदन तयार गरी** समष्टिमा दुई आर्थिक वर्षको तुलनात्मक तथ्याँकहरु समावेश गरी प्रारम्भिक बजेटसंग खर्चको तुलना गरेको देखाएको भएता पनि प्रदेश सरकार भित्र विकेन्द्रीत एकाईले हस्तान्तरणबाट गरिएको खर्च तथा बजेट अनुमानको **सबै** आईटमहरु सुचनामा समावेश भएको पनि देखिंदैन। त्यसैले मुख्य प्रशासकीय शीर्षकहरुको लागि प्रत्यक्ष तुलना गर्न सकिने अवस्थाको लागि सो मन्त्रालयले सबै बजेट आईटमहरु समावेश गरी प्रतिवेदन तयार गर्ने कार्य गर्नु अति आवश्यक छ। यसको साथै **आवधिक बजेट प्रतिवेदन समयको सम्बन्धमा** सुचकको मापदण्ड अनुसार *मासिक र त्रैमासिक रुपमा बजेट कार्यान्वयन प्रतिवेदन* तयार गर्ने सुचकको आवश्यकता पूरा गर्ने गरी सो मन्त्रालयले प्रतिवेदन तयार गर्ने समय पनि ध्यान दिनु आवश्यक छ।

- **वार्षिक वित्तीय प्रतिवेदनहरु :** वार्षिक वित्तीय प्रतिवेदनहरुको पूर्णताको लागि प्रदेश सरकारको बजेटरी वित्तीय प्रतिवेदनहरु वार्षिक रुपमा तयार गरी स्वीकृत बजेटसँग तुलनायोग्य रहनु पर्नेमा राजस्व, खर्च, वित्तीय र *दृश्यात्मक भौतिक* सम्पतिहरु, वित्तीय दायित्वहरु, जमानतहरु र दीर्घकालिन दायित्वहरुसम्बन्धी सुचना समावेश भएको देखिएता पनि समायोजित नगद प्रवाह विवरण समावेश भएको नदेखिएकोले सो समेत समावेश गरी क्षेत्रगत मन्त्रालयहरुले प्रलेनिकालाई पठाउने र प्रलेनिकाले सो को समायोजित विवरण समेत वार्षिक वित्तीय प्रतिवेदनहरुमा समावेश हुने व्यवस्था गर्नु आवश्यक छ ।
- **बाह्य लेखापरीक्षणको लागि प्रतिवेदनहरुको प्रस्तुती :** प्रदेश सरकार स्तरीय बजेटरी एकाईहरुको लागि वित्तीय प्रतिवेदनहरु बाह्य लेखापरीक्षणको लागि आर्थिक वर्ष सम्पन्न भएको **३ महिना भित्र** प्रस्तुत गरेमा उच्च अंक प्राप्त गर्ने भएकोमा प्रलेनिका तथा बजेटरी निकायहरुले सो अवधि भित्र कार्य गरेको देखिएन । विद्युतीय प्रविधि प्रयोग गरी सबै बजेटरी निकायहरु तथा प्रदेश लेखा नियन्त्रक कार्यालयले ३ महिनाभित्र पेश गर्ने प्रयास गरिनु आवश्यक छ ।
- **लेखाँकन मापदण्ड :** लेखाँकन मापदण्डहरु अन्तरराष्ट्रिय मापदण्डहरु अनुसार मिल्ने गरी **सबै** वित्तीय प्रतिवेदनहरुमा प्रयोग गर्नु पर्नेमा *प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको प्रदेश संचित कोषको वार्षिक आर्थिक विवरणको लेखानीति प्रदेशको लागि केही कुराहरु खुलासा गरेपनि नेपाल सार्वजनिक क्षेत्र लेखामानको अनिवार्य लेखानीति र नोटस् टु एकाउन्टको आधारमा सो वार्षिक विवरण तयार गरिएको देखिदैन । यसको लागि सम्बन्धीत बजेटरी निकायहरु तथा प्रलेनिकाले लेखामान अनुसार प्रतिवेदन तयार गर्ने कार्य व्यवहारमा उतार्नु आवश्यक छ ।*
- **बाह्य लेखापरीक्षण :** लेखापरीक्षणको क्षेत्र (कभरेज) र मापदण्डहरुको आधारमा सबै प्रदेश स्तरीय निकायहरुको राजस्व, खर्च, सम्पतिहरु र दायित्वहरु वित्तीय प्रतिवेदनहरुमा समावेश गरेको र कुनै गम्भीर मामिलाहरु र प्रणालीगत र नियन्त्रण जोखिमहरु लेखापरीक्षणले उजागर गर्नुपर्नेमा नेपाल लेखामान **(NPSAS)** अनुसार वित्तीय प्रतिवेदनहरु पूर्ण नभएको अवस्था भएकोले अन्तिम लेखापरीक्षण पनि सो अनुसार गर्न नसकिएको अवस्था भएको देखिएकोले प्रस्तुत सुचकमा उल्लिखित अवस्थाहरु पूर्ण नभएको देखिंदा नेपाल लेखामान अनुसार वित्तीय प्रतिवेदन तयारी र सो को लेखापरीक्षण हुने कार्य गर्नु अति आवश्यक रहेको छ । बजेटरी निकायहरु र प्रलेनिकाले यस तर्फ सक्रियता देखाउनु पर्दछ ।
- **लेखापरीक्षण प्रतिवेदनहरु प्रदेश सभामा प्रस्तुती :** महालेखापरीक्षकको कार्यालयले वित्तीय प्रतिवेदनहरु प्राप्ती भएको **तीन महिना** भित्र प्रदेश सभामा लेखापरीक्षक प्रतिवेदनहरु प्रस्तुत गरेको नदेखिएकोले मलेपको लेखापरीक्षण प्रतिवेदन तोएिको समयमा पेश गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक पहल गर्नु पर्दछ ।
- **बाह्य लेखापरीक्षण अनुगमन :** कार्यपालिका वा लेखापरिक्षण गरिएको निकायले लेखापरीक्षणको प्रभावकारी र सामयिक रुपमा अनुगमन गर्न नसकेको कुरा मलेपको वेरुजु वा कैफियतको जवाफ नै नदिने र वेरुजु फर्स्यौटमा सक्रियता नदिने प्रबृत्तिले वेरुजु फर्स्यौटमा प्राय सबै निकायहरु उदासिन रहेको र कानून बमोजिमको जवाफदेहिता तथा उत्तरदायित्व वहन गर्न नसकेको हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको प्रावधान अनुसार लेखा पेश नगर्ने प्रमाण बिना खर्च गर्ने पदाधिकारीहरुलाई दण्ड दिनु आवश्यक छ । यसको लागि प्रदेश सभाको सार्वजनिक लेखा समितिले आवश्यक ध्यान दिनुपर्दछ ।
- **लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीन : लेखापरीक्षण प्रतिवेदन छानबीनको समय** लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको ***तीन महिना भित्र*** संसद (प्रदेश सभा) ले वार्षिक वित्तीय प्रतिवेदनहरु माथिको लेखापरीक्षण प्रतिवेदनहरुको छानबीन सम्पन्न गर्नुपर्नेमा छानबीनको कार्य तोकिएको समयमा गर्नको लागि प्रदेश सभाले सार्वजनिक लेखा समितिको बैठकको समयतालिका तयार गरी सो अनुसार लेखापरीक्षणको बेरुजु छानबीनको कार्य समयमा नै सम्पन्न गर्न बैठक पिच्छे प्रगति समिक्षा पेश गर्ने व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

- **लेखापरीक्षण निष्कर्षहरु बारे सुनवाई : सबै** (All) लेखापरीक्षण भएका निकायहरुको लागि गुणात्मक टिप्पणी प्राप्त भएको भएता पनि ***नियमित रुपमा*** लेखापरीक्षण प्रतिवेदनको मुख्य निष्कर्ष र सिफारिशहरु सम्बन्धमा गहन सुनवाई भएको नदेखिएकोले सार्वजनिक लेखा समितिको बैठक व्यवस्थित गरी तोकिएको समयमा सुनवाई हुने व्यवस्थाको लागि प्रदेश सभा र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले सक्रियता देखाउनु आवश्यक छ ।
- **संसदले लेखापरीक्षण सम्बन्धमा गर्ने सिफारिशहरु :** कार्यपालिकाले प्रदेश सभा वा समितिले गरेको कार्य वा लगाएको प्रतिबन्धलाई पालना गरेको सम्बन्धमा अनुगमन प्रणाली स्थापित भएको हुनुपर्नेमा सिफारिशहरुको अस्तित्व पत्ता लगाउने, कारवाही गरे नगरेको सम्बन्धमा अभिलेख गर्ने, प्रणालीबद्ध रुपमा अनुगमन गरेको देखिंदैन । प्रदेश सभा तथा सो सभाको सार्वजनिक लेखा समितिले नियमित रुपमा क्षेत्रगत मन्त्रालयका सबै सचिवहरुसँग नियमित रुपमा सिफारिशहरु कार्यान्वयनको अवस्था बारे प्रगति विवरण पेश गर्ने व्यवस्था मिलाउनु पर्दछ ।
- **लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीनको पारदर्शिता :** निसिद्ध गरिएका सीमित परिस्थितिहरु बाहेक सबै सुनवाईहरु सार्वजनिक रुपमा संचालन हुने व्यवस्था प्रदेश सभाले गर्नुपर्दछ र प्रदेश सभाको पूर्ण बैठक छलफल, अफिसियल वेबसाईटबाट जानकारीको साथै सर्वसाधारणलाई सहजै पहुँच हुने अन्य माध्यममा प्रकाशित हुने कार्यमा प्रदेश सभा तथा समितिहरु सचेत हुन आवश्यक छ ।

६.२. हालसालै र निरन्तर भईरहेको सुधारका कार्यहरुः प्रादेशिक संरचनाहरु विकास भएको ५ वर्षको अवधिमा सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा तत्कालिन संघीय प्रणालीका सम्पूर्ण तत्वहरु तथा कार्यप्रणालीको स्थापना गर्नुपर्ने भएकोले अझैपनि वित्तीय व्यवस्थापनको संस्कार विकास गर्नु आवश्यक रहेको छ । विगत ५ वर्षमा भएको वित्तीय व्यवस्थापनको आधारभूत पक्षहरु विकास भई कार्यान्वयन पनि भईरहेको छ । संविधान बमोजिम आय व्यय पेश गर्ने कार्य स्थापित भैसकेको छ । आवधिक योजना, वार्षिक विकास कार्यक्रम, मध्यकालीन खर्च संरचना, बार्षिक बजेट, राजस्व प्रणाली लगायत व्ययको अनुमानित विवरण तयार भएको छ । संघीय सरकारको सबै आवश्यक आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून, सार्वजनिक खरिद ऐन तथा अन्य व्यवस्थाहरु पनि प्रदेश स्तरमा व्यवहारमा आएको छ । समग्रमा भन्दा सार्वजनिक वित्तीय व्यवस्थापनको सबै पक्षहरुमा प्रदेशले सुधारको कार्यहरु गरिरहेको देखिन्छ । प्रदेश सरकारले नेपाल सरकारका नीति योजना तथा आयोजनासम्बन्धी निर्देशनको साथै वित्तीय र आर्थिक नीतिहरु पालना गर्नुपर्ने हुँदा सो सम्बन्धमा प्रदेशमा पनि अद्यावधिक काम हुने व्यवस्था गर्नु आवश्यक छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन बनेपनि सो को नियमावली तयार भै सकेको अवस्था नदेखिएकोले सो सम्बन्धमा आवश्यक कार्य गर्नु पर्दछ । आयोजना तयारी र संरचना, आयोजना बैंकको अवधारणा, आन्तरिक नियन्त्रण प्रणालीको स्थापना, मध्यकालिन खर्च संरचनाहरुको सम्बन्धमा कामहरु भएपनि कार्यसम्पादन तथा परिणाम आएको नदेखिएकोले यस क्षेत्रको सुधारको कार्य गर्नु आवश्यक छ । आयोजनाहरुको बैंक तयारी गर्न तथा अनुगमन र मुल्याँकन गर्ने कार्यमा प्रदेश योजना आयोग तथा क्षेत्रगत मन्त्रालयहरुको भूमिका महत्वपूर्ण हुने भएकोले राष्ट्रिय परिप्रेक्ष्यमा भएका मार्गदर्शन र अभ्यासहरुलाई व्यवहारमा उतार्ने प्रयास गर्नु आवश्यक देखिन्छ ।

***

अनुसुचीहरु
अनुसुची १: कार्यसम्पादन सुचकहरुको सुचकगत अंक गणना तालिका

प्रदेश १ सरकार

सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी सुचकहरुको विश्लेषणको आधारमा अंक गणना तथा मापदण्ड स्तर निर्धारण गरिएको साराँश तालिका

नं.	सुचकको आधार - PILLARS	नं.	मुख्य सुचकहरु	नं.	उपसुचकहरु	मापन सुचक M1/M2	मापदण्ड अनुसार गणना तथा स्तर निर्धारण गरिएको अंक स्तर				पेफा गणना तालिका अनुसार कायम हुने अन्तीम अंक स्तर
							“क”	**“ख”**	**“ग”**	**“घ”**	
१	बजेटको भरपर्दोपना	१	समग्र खर्चको अवस्था	१.०	समग्र खर्चको अवस्था	:ज्ञ				“घ”	“घ”
		२	खर्चका संरचनाको खर्च स्थिति	२.१.	कार्यहरुको आधारमा खर्चको संरचना रकम	M1 (WL)				“घ”	“घ”
				२.२	आर्थिक वर्गिकरणको आधारमा खर्चको संरचना रकम	M1 (WL)				“घ”	
				२.३	आकष्मिक कोष कार्यहरुको आधारमा खर्चको संरचना रकम	M1 (WL)				“घ”	
२	सार्वजनिक वित्तको पारदर्शिता	४	बजेटको वर्गिकरणका आधार	४.०	बजेटको वर्गिकरणका आधार		“क”				“क”
		५	बजेटको औपचारिक कागजात	५.०	बजेटको औपचारिक कागजात		“क”				“क”
		६	प्रदेश सरकारको वित्तीय प्रतिवेदन बाहिरका कार्यहरु	६.१	वित्तीय प्रतिवेदनहरु बाहिरका खर्चहरु		“क”				“क”
				६.२	वित्तीय प्रतिवेदनहरु बाहिरका राजस्वहरु		“क”				
				६.३	गैरबजेटरी एकाईहरुको वित्तीय प्रतिवेदनहरु			“ख”			
		७	पालिकाहरुका रकम हस्तान्तरण प्रणाली	७.१	पालिकाहरुका रकम हस्तान्तरण प्रणाली	M2	“क”				“क”
				७.२	हस्तान्तरण सुचनाको समयबद्धता		“क”				
		८	सेवा प्रवाह गर्ने निकायको	८.१	सेवा प्रवाहको लागि कार्यसम्पादन योजनाहरु	M2 (AV)	“क”				“ख+”

			कार्यसम्पादन सुचना	८.२	सेवा प्रवाहको लागि कार्यसम्पादन प्राप्त गरेका	M2 (AV)	“क”				
				८.३	सेवा प्रवाह गर्ने एकाईले प्राप्त गरेको साधनहरु	M2 (AV)	“क”				
				८.४	सेवा प्रवाहको लागि कार्यसम्पादन मुल्याँकन	M2 (AV)			“ग”		
		९	वित्त सुचनामा नागरिकको पहुँच	९.०	वित्त सुचनामा नागरिकको पहुँच					“घ”	“घ”
३	सम्पति र दायित्वहरुको व्यवस्थापन	१०	वित्तीय जोखिमको प्रतिवेदन	१०.१	सार्वजनिक संस्थानहरुको अनुगमन	M2 (AV)			“ग”		“घ+”
				१०.२	स्थानीय तहहरुको अनुगमन	M2 (AV)			“ग”		
				१०.३	आकष्मिक दायित्वहरु र अन्य वित्तीय जोखिमहरु	M2 (AV)				“घ”	
		११	सार्वजनिक लगानी व्यवस्थापन	११.१	लगानी प्रस्तावहरुको आर्थिक विश्लेषण	M2 (AV)				“घ”	“ग”
				११.२	लगानी आयोजना छनौट गर्ने	M2 (AV)			“ग”		
				११.३	लगानी आयोजना लागत तयार गर्ने	M2 (AV)		“ख”			
				११.४	लगानी आयोजना अनुगमन	M2 (AV)			“ग”		
		१२	सार्वजनिक सम्पति व्यवस्थापन	१२.१	वित्तीय सम्पति अनुगमन	M2 (AV)				“घ”	“घ+”
				१२.२	गैरवित्तीय सम्पति अनुगमन	M2 (AV)			“ग”		
				१२.३	सम्पति विक्रीको पारदर्शिता	M2 (AV)				“घ”	
		१३	ऋण व्यवस्थापन आदिको सुचकहरुको स्थिति	१३.१	ऋण र जमानतको अभिलेख र प्रतिवेदन	M2 (AV)				“घ”	“घ”
				१३.२	ऋण र जमानतको स्वीकृती	M2 (AV)				“घ”	

अन्तिम मस्यौदा

				१३.३	ऋण व्यवस्थापन रणनीति	M2 (AV)				"घ"	
४	नीतिमा आधारीत वित्तीय रणनीति र बजेट	१४	प्रदेश स्तरीय समष्टि आर्थिक र वित्त प्रक्षेपणको अवस्था	१४.१	समष्टिगत आर्थिक प्रक्षेपण	M2 (AV)			"ग"		"घ+"
				१४.२	वित्त प्रक्षेपण	M2 (AV)			"ग"		
				१४.३	समष्टिवित्त संवेदनशील विश्लेषण	M2 (AV)				"घ"	
		१५	वित्त रणनीति	१५.१	नीति प्रस्तावहरुको वित्त प्रभाव	M2 (AV)				"घ"	"घ"
				१५.२	वित्त नीतिको पालना	M2 (AV)				"घ"	
				१५.३	वित्त उपलब्धीको प्रतिवेदन	M2 (AV)				"घ"	
		१६	बजेट खर्चमा मध्यमकालिन खर्चको सन्दभ	१६.१	मध्यमकालिन खर्च अनुमान	M2 (AV)	"क"				"ख+"
				१६.२	मध्यमकालिन खर्च सीमा	M2 (AV)	"क"				
				१६.३	रणनीतिक योजनाहरु र मध्यमकालिन बजेटको झुकाव	M2 (AV)	"क"				
				१६.४	अघिल्लो वर्षको अनुमानसँग बजेटको तादाम्यता	M2 (AV)				"घ"	
		१७	बजेट तयारी प्रकृया	१७.१	बजेट क्यालेण्डर	M2 (AV)		"ख"			"ख"
				१७.२	बजेट तयारी मार्गदर्शन	M2 (AV)	"क"				
				१७.३	प्रदेश सभामा बजेटको प्रस्तुतीकरण	M2 (AV)			"ग"		
		१८	बजेटको संसदीय छानबीन	१८.१	बजेट छानबीनको क्षेत्र	M1 (WL)				"घ"	"ख"
				१८.२	बजेट छानबीनको लागि व्यवस्थापकीय कार्यविधि	M1 (WL)		"ख"			

अन्तिम मस्यौदा

				१८.३	बजेट स्वीकृतीको समयावधी	M1 (WL)	“क”				
				१८.४	कार्यपालिकाले बजेट समायोजनको नियमहरु	M1 (WL)	“क”				
५	बजेटको कार्यान्वयनमा नियन्त्रण र प्रक्षेपण	१९	राजस्व प्रशासन	१९.१	राजस्व उपायहरुको लागि अधिकार र दायित्वहरु					“घ”	“घ+”
				१९.२	राजस्व जोखिम व्यवस्थापन					“घ”	
				१९.३	राजस्व लेखापरीक्षण र अनुसन्धान					“घ”	
				१९.४	राजस्व बक्यौता अनुगमन		“क”				
		२०	राजस्वको लेखा	२०.१	राजस्व संकलनसम्बन्धी सुचना	M1 (WL)	“क”				“ख”
				२०.२	राजस्व संकलनको हस्तान्तरण	M1 (WL)	“क”				
				२०.३	राजस्व खाताहरुको समायोजन	M1 (WL)				“घ”	
		२१	आर्थिक वर्षमा श्रोत बाँडफाँटको प्रक्षेपण	२१.१	नगद मौज्दातको एकत्रिकरण	M2 (AV)			“ग”		“ग”
				२१.२	नगद प्रक्षेपण तथा अनुगमन	M2 (AV)			“ग”		
				२१.३	प्रतिबद्धता सीमाहरु बारेमा सुचना	M2 (AV)			“ग”		
				२१.४	आर्थिक वर्षभित्र बजेट समायोजनको महत्व	M2 (AV)			“ग”		
		२२	खर्च बक्यौता	२२.१	खर्च वक्यौताको स्टक	M1 (AV)			“ग”		“घ+”
				२२.२	खर्च वक्यौताको अनुगमन	M1 (AV)				“घ”	
		२३	पेरोल नियन्त्रण	२३.१	कर्मचारी अभिलेख र पेरोलको एकीकृत विवरण					“घ”	“घ+”
				२३.२	पेरोल परिवर्तनको व्यवस्थापन					“घ”	
				२३.३	पेरोलको आन्तरिक नियन्त्रण					“घ”	
				२३.४	पेरोल लेखापरीक्षण		“क”				
		२४		२४.१	खरिद अनुगमन	M2 (V)			“ग”		“ख”

अन्तिम मस्यौदा

			खरिद व्यवस्थापन	२४.२	खरिद विधि	M2 (V)			“ग”		
				२४.३	खरिद सुचनामा सर्वसाधारणको पहुँच	M2 (V)		“ख”			
				२४.४	खरिद गुनासो व्यवस्थापन	M2 (V)	“क”				
		२५	आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रण	२५.१	आन्तरिक नियन्त्रण र तलब बाहेकका खर्चहरुको नियन्त्रण	M2 (AV)	“क”				“ख”
				२५.२	खर्चको प्रतिबद्धता नियन्त्रणहरुको प्रभावकारिता	M2 (AV)			“ग”		
				२५.३	भुक्तानी नियम र कार्यविधिको पालना	M2 (AV)			“ग”		
		२६	आन्तरिक लेखापरीक्षण	२६.१	आन्तरिक लेखापरीक्षणको समेटेको क्षेत्र	M1 (WL)	“क”				“ग+”
				२६.२	लेखापरीक्षणको प्रकृति र प्रयोग गरिएको मापदण्ड	M1 (WL)			“ग”		
				२६.३	आन्तरिक लेखापरीक्षणको कार्यान्वयन र प्रतिवेदन	M1 (WL)			“ग”		
				२६.४	आन्तरिक लेखापरीक्षणलाई प्रत्युत्तर	M1 (WL)				“घ”	
६	लेखाँकन र प्रतिवेदन	२७	वित्तीय तथ्याँकको भरपर्दोपना	२७.१	बैक खाता समायोजन			“ख”			“ग”
				२७.२	उच्चाती खाताहरु				“ग”		
				२७.३	पेश्की खाता				“ग”		
				२७.४	वित्तीय तथ्याँक भरपर्दोपना प्रक्रिया					“घ”	
		२८	आवधिक बजेट प्रतिवेदन	२८.१	प्रतिवेदनहरुको कभरेज र तुलनात्मकता				“ग”		“घ+”
				२८.२	आवधिक बजेट प्रतिवेदन समय					“घ”	
				२८.३	आवधिक बजेट प्रतिवेदनहरुको शुद्धता				“ग”		
		२९	वार्षिक वित्तीय प्रतिवेदनहरु	२९.१	वार्षिक वित्तीय प्रतिवेदनहरुको पूर्णता	M1 (WL)		“ख”			“ग+”
				२९.२	बाह्य लेखापरीक्षणको लागि प्रतिवेदनहरुको प्रस्तुती	M1		“ख”			

						(WL)					
				२९.३	लेखाँकन मापदण्ड	M1 (WL)				“घ”	
७	बाह्य छानबिन र लेखापरीक्षण	३०	बाह्य लेखापरीक्षण	३०.१	लेखापरीक्षणको क्षेत्र (कभरेज) र मापदण्डहरु	M1 (ML)				“घ”	“ग”
				३०.२	लेखापरीक्षण प्रतिवेदनहरु प्रदेश सभामा प्रस्तुती	M1 (ML)			“ग”		
				३०.३	बाह्य लेखापरीक्षण अनुगमन	M1 (ML)				“घ”	
				३०.४	सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता	M1 (ML)	“क”				
		३१	लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीन	३१.१	लेखापरीक्षण प्रतिवेदन छानबीनको समय	M2 (AV)				“घ”	“घ+”
				३१.२	लेखापरीक्षण निष्कर्षहरु बारे सुनवाइ	M2 (AV)				“घ”	
				३१.३	संसदले लेखापरीक्षण सम्बन्धमा गर्ने सिफारिशहरु	M2 (AV)			“ग”		
				३१.४	लेखापरीक्षण प्रतिवेदनहरुको संसदीय छानबीनको पारदर्शिता	M2 (AV)		“ख”			

श्रोत : पेफाको Framework for assessing public Financial management (October 2019 2nd Edition)

अनुसुची २ : सुचकगत अंक निर्धारणको समष्टिगत तालिका

एकल सुचक बाहेक बहुसुचकहरुको एकमुष्ट परीक्षण गर्नको लागि तपसिल बमोजिमको तीन प्रकारको सुचकहरुको अंक गणना तालिका रहेको छ। एक सुचक अन्तर्गत बहुसुचक रहेको अवस्थामा प्रस्तुत सुचक स्तर निर्धारण तालिकाको आधारमा उपसुचकहरुको सुचकगत अंक निर्धारणलाई समष्टिमा परिवर्तन गरी (Overall) अंक निर्धारण गर्नुपर्दछ।

2-Dimensional indicators		
Dimension scores		Overall M2(AV) score
घ	घ	घ
घ	ग	घ+
घ	ख	ग
घ	क	ग+
ग	ग	ग
ग	ख	ग+
ग	क	ख
ख	ख	ख
ख	क	ख+
क	क	क

अन्तिम मसौदा

3-Dimensional indicators			
Dimension scores			Overall M2(AV) score
घ	घ	घ	घ
घ	घ	ग	घ+
घ	घ	ख	घ+
घ	घ	क	ग
घ	ग	ग	घ+
घ	ग	ख	ग
घ	ग	क	ग+
घ	ख	ख	ग+
घ	ख	क	ख
घ	क	क	ख
ग	ग	ग	ग
ग	ग	ख	ग+
ग	ग	क	ख
ग	ख	ख	ख
ग	ख	क	ख
ग	क	क	ख+
ख	ख	ख	ख
ख	ख	क	ख+
ख	क	क	क

क	क 4-Dimensional indicators	क		क
Dimension scores				Overall M2(AV) scores
घ	घ	घ	घ	घ
घ	घ	घ	ग	घ
घ	घ	घ	ख	घ+
घ	घ	घ	क	घ+
घ	घ	ग	ग	घ+
घ	घ	ग	ख	घ+
घ	घ	ग	क	ग
घ	घ	ख	ख	ग
घ	घ	ख	क	ग+
घ	घ	क	क	ग+
घ	ग	ग	ग	घ+
घ	ग	ग	ख	ग
घ	ग	ग	क	ग+
घ	ग	ख	ख	ग+
घ	ग	ख	क	ग+
घ	ग	क	क	ख
घ	ख	ख	ख	ग+
घ	ख	ख	क	ख
घ	ख	क	क	ख
घ	क	क	क	ख+
ग	ग	ग	ग	ग
ग	ग	ग	ख	ग+
ग	ग	ग	क	ग+
ग	ग	ख	ख	ग+
ग	ग	ख	क	ख
ग	ग	क	क	ख
ग	ख	ख	ख	ख
ग	ख	ख	क	ख
ग	ख	क	क	ख+
ग	क	क	क	ख+
ख	ख	ख	ख	ख
ख	ख	ख	क	ख+
ख	ख	क	क	ख+
ख	क	क	क	क
क	क	क	क	क

श्रोत : पेफाको Framework for assessing public Financial management (October 2019 2nd Edition)

अन्तिम मसौदा

अनुसुची ३: सुचनाको श्रोतहरु (सन्दर्भ सामाग्रीहरु)

- आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १, प्रदेश नं. १ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, बिराटनगर, मोरङ्ग
- आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८, प्रदेश नं १ प्रदेश सरकारद्धारा प्रकाशित प्रदेश राजपत्र, चैत्र २३, २०७८, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश योजना आयोग, मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७६।७७ - २०७८।७९), प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश योजना आयोग, मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७७।७८ - २०७९।८०), प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश योजना आयोग, प्रदेश स्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, राजस्व दाखिला तथा अनुदान फिर्ता दाखिला तथा आय व्ययको आवधिक विवरण पेश गर्ने सम्बन्धमा, प.सं. २०७७।७८, च.नं.१ मिति २०७७।४।१ को परिपत्र, moeap.p1.gov.np , प्रदेश सरकार, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९, प्रदेश नं. १ बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, आ.व. २०७८।७९ को वार्षिक प्रतिवेदन, श्रावण २०७९, प्रदेश सरकार, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, आर्थिक सर्भेक्षण २०७७।७८, २०७८ जेष्ठ, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, आर्थिक सर्भेक्षण २०७८।७९, २०७९ जेष्ठ, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, आर्थिक सर्भेक्षण २०७६।७७, २०७७ जेष्ठ, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, आर्थिक सर्भेक्षण २०७६।७७, २०७७ जेष्ठ, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, आर्थिक वर्ष २०७४।७५ देखि २०७७।७८ सम्मको बजेट बक्तव्य संग्रह, २०७७ श्रावण, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, आर्थिक वर्ष २०७७।७८ को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन, moeap.p1.gov.np ,प्रदेश सरकार, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, आर्थिक वर्ष २०७९।८० को बजेट सीमा तथा मार्गदर्शन सम्बन्धमा परिपत्र, प.सं. २०७८।७९, च.नं.८४८ मिति २०७९।१।२५ को परिपत्र, moeap.p1.gov.np , प्रदेश सरकार, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, आर्थिक वर्ष २०७९।८० को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन,प.सं. २०७९।८०, च.नं.२ मिति २०७९।४।१ को परिपत्र, moeap.p1.gov.np , प्रदेश सरकार, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, आर्थिक वर्ष २०७८।७९ को बजेट सीमा तथा मार्गदर्शन सम्बन्धमा परिपत्र, प.सं. २०७८।७९, च.नं.८४८ मिति २०७९।१।२५ को परिपत्र, moeap.p1.gov.np , प्रदेश सरकार, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग

- आर्थिक मामिला तथा योजना मन्त्रालय, व्यय अनुमानको साराँश, आर्थिक वर्ष २०७५।७६, moeap.p1.gov.np , प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, व्यय अनुमानको साराँश, आर्थिक वर्ष २०७६।७७, moeap.p1.gov.np , प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, व्यय अनुमानको विवरण, (खर्च शीर्षकगत र श्रोतगत समेत) आर्थिक वर्ष २०७७।७८, moeap.p1.gov.np , प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, व्यय अनुमानको विवरण, (खर्च शीर्षकगत र श्रोतगत समेत) आर्थिक वर्ष २०७८।७९, moeap.p1.gov.np , प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय, व्यय अनुमानको विवरण, (खर्च शीर्षकगत र श्रोतगत समेत) आर्थिक वर्ष २०७८।७९, moeap.p1.gov.np ,प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय,आर्थिक वर्ष २०७९।८० को बजेट बक्तव्य, २०७९, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- आर्थिक मामिला तथा योजना मन्त्रालय,आर्थिक वर्ष २०७८।७९ को बजेट बक्तव्य, २०७८, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- महालेखा नियन्त्रक कार्यालय, राजस्व व्यवस्थापन सुचना प्रणाली (Revenue Management Information System (RIMS)) संचालन पुस्तीका २०७५, असार २०७५, अनाम नगर काठमाडौं
- महालेखा नियन्त्रक कार्यालय, सरकारी लेखा प्रणाली (Computerized Government Accounting System (CGAS)) संचालन पुस्तीका २०७५, अनाम नगर काठमाडौं
- महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली प्रयोगकर्ता म्यानुएल, २०७७ श्रावण, अनाम नगर काठमाडौं
- महालेखा नियन्त्रक कार्यालय, प्रदेश एकल खाता कोष प्रणाली संचालन पुस्तीका २०७५, अनाम नगर काठमाडौं
- महालेखा नियन्त्रक कार्यालय, एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४, अनाम नगर काठमाडौं
- महालेखापरीक्षकको कार्यालय, महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन २०७५, अनाम नगर काठमाडौं
- महालेखापरीक्षकको कार्यालय, महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन २०७७, अनाम नगर काठमाडौं
- महालेखापरीक्षकको कार्यालय, महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन २०७८, अनाम नगर काठमाडौं
- महालेखापरीक्षकको कार्यालय, महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन २०७९, अनाम नगर काठमाडौं
- मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, प्रदेश सरकार, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- नेपाल कानून आयोग, सार्वजनिक खरिद नियमावली २०६४, www.lawcommission.gov.np, सिंहदरबार, काठमाडौं
- नेपाल कानून आयोग, सार्वजनिक खरिद ऐन २०६३, www.lawcommission.gov.np, सिंह दरबार, काठमाडौं
- नेपाल कानून आयोग, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, www.lawcommission.gov.np, सिंहदरबार, काठमाडौं
- नेपाल कानून आयोग, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, www.lawcommission.gov.np, सिंहदरबार, काठमाडौं
- नेपाल कानून आयोग, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, www.lawcommission.gov.np, सिंहदरबार, काठमाडौं

- नेपाल कानून आयोग, निजामती सेवा नियमावली २०५०, www.lawcommission.gov.np, सिंह दरबार, काठमाडौं
- नेपाल कानून आयोग, निजामती सेवा ऐन २०४९, www.lawcommission.gov.np, सिंह दरबार, काठमाडौं
- नेपाल कानून आयोग, कर्मचारी समायोजन ऐन २०७५,www.lawcommission.gov.np, सिंह दरबार, काठमाडौं
- न्याय प्रशासन तथा विधायत समिति, आर्थिक वर्ष २०७८।७९ को वार्षिक प्रगति प्रतिवेदन २०७९, प्रदेश सभा,प्रदेश नं. १ बिराटनगर, मोरङ्ग
- प्रदेश सभा सचिवालय, प्रदेश विनियोजन विधेयक, २०७९, प्रदेश सभा, प्रदेश नं. १ बिराटनगर, मोरङ्ग
- प्रदेश सभा, सार्वजनिक लेखा समिति बार्षिक प्रतिवेदन २०७६।७७ प्रदेश सभा सचिवालय,*website:assembly.p1.gov.np* प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश सभा, सार्वजनिक लेखा समितिको चौथो बार्षिक प्रतिवेदन २०७९, आर्थिक वर्ष २०७८।७९ प्रदेश सभा सचिवालय,*website:assembly.p1.gov.np* प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश सभा, सार्वजनिक लेखा समितिको तेश्रो बार्षिक प्रतिवेदन २०७८, प्रदेश सभा सचिवालय,*website:assembly.p1.gov.np* प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश सभा, प्रदेश सभा स्मारिका २०७६, प्रदेश सभा सचिवालय,*website:assembly.p1.gov.np* प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश सभा, प्रदेश नं.१ को प्रदेश सभा नियमावली, २०७४, प्रदेश सभा सचिवालय,*website:assembly.p1.gov.np* प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश लेखा नियन्त्रक कार्यालय, आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन २०७६, प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश लेखा नियन्त्रक कार्यालय, आन्तरिक लेखापरीक्षण निर्देशिका २०७६, प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश लेखा नियन्त्रक कार्यालय, आर्थिक वर्ष २०७५।७६ को आन्तरिक लेखापरीक्षण बेरुजुको एकीकृत बार्षिक प्रतिवेदन, प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश लेखा नियन्त्रक कार्यालय, आर्थिक वर्ष २०७७।७८ को आन्तरिक लेखापरीक्षण बेरुजुको एकीकृत बार्षिक प्रतिवेदन, प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश लेखा नियन्त्रक कार्यालय, आर्थिक वर्ष २०७६।७७ को आन्तरिक लेखापरीक्षण बेरुजुको एकीकृत बार्षिक प्रतिवेदन, प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश संचित कोषको आर्थिक विवरण आर्थिक वर्ष २०७७।७८, प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश संचित कोषको आर्थिक विवरण आर्थिक वर्ष २०७६।७७, प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश संचित कोषको आर्थिक विवरण आर्थिक वर्ष २०७५।७६, प्रदेश नं.१, विराटनगर, मोरङ्ग
- प्रदेश योजना आयोग, सुचना चित्र (Infrographic) प्रथम आवधिक योजना, **“स्वच्छ समुन्नत र सुखी प्रदेश”**, आर्थिक वर्ष २०७६।७७ - २०८०।८१, प्रदेश सरकार, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- प्रदेश योजना आयोग, वार्षिक विकास कार्यक्रम (आर्थिक वर्ष २०७७।७८), २०७७, प्रदेश सरकार, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग
- प्रदेश योजना आयोग, प्रथम आवधिक योजना (२०७६।७७ देखि २०८०।८१ सम्म), प्रदेश सरकार, प्रदेश नं. १, बिराटनगर, मोरङ्ग

- National Planning Commission, National Project Bank-Guidelines for Identification, Appraisal, Selection and Prioritization of Projects,2020 Singha Durbar, Kathmandu
- PEFA Secretariat, Framework for assessing public financial management, October 2019, 1818 H Street NW, Washington DC 20433, USA
- PEFA Secretariat, PEFA Handbook Volume II: PEFA Assessment Fieldguide, December 2018, 1818 H Street NW, Washington DC 20433, USA
- PEFA Secretariat, Public Expenditure and Financial Accountability (PEFA) Assessment-Nepal PFM Performance Assessment II, As Of FY 2013/14, Website:www.pefa.gov.np, May 2015, FCGO Building, Anamnagar, Kathmandu

***

अन्तिम मसौदा